ऋषिकल्प दुर्गाप्रसाद दवाडी

स्मृतिग्रन्थ

प्रकाशिका

श्रीमती छाया देवी दवाडी

ऋषिकल्प दुर्गाप्रसाद दवाडी

स्मृतिग्रन्थ

प्रकाशिका :

श्रीमती छाया देवी दवाडी

वैशाख २०७९

ऋषिकल्प दुर्गाप्रसाद दवाडी स्मृतिग्रन्थ

सम्पादक : कमलेश दवाडी

संयोजन : अवतार सुवेदी
विश्वनाथ दवाडी
पशुपति दवाडी

प्रकाशन सहयोगी :

गंगादेवी शर्मा
विजया शर्मा दवाडी
मनीषा दवाडी
ईशान दवाडी
सुशीला आचार्य
श्रीधरी दवाडी
आकृति दवाडी

प्रकाशक : श्रीमती छाया देवी दवाडी

प्रकाशन मिति : २०७९ वैशाख

सर्वाधिकार : प्रकाशकमा

जम्मा पेज : ४०८+२४+४

प्रति : ५०१ प्रति

कम्प्युटर : प्रमिला पोखेल

मुद्रण : सनातन प्रेस, नयाँबानेश्वर, काठमाडौँ ९८४१७५६३४४
presssanatan@gmail.com

Rhishikalpa Durga Prasad Dawadi
Smritigrantha

प्रकाशकीय

दवाडी गुरुको जन्म वि.सं १९८५ माघ ४ गते कास्कीकोटमा भएको हो । उहाँले चौरासी वर्षे जीवनकाल वैदिक सनातन धर्म संस्कृति र संस्कृत शिक्षाका लागि नै दिनु भयो । आफ्नो जन्मस्थलमा पितासँगै प्रारम्भिक अध्ययन प्राप्त गरेर लामो समय विद्यानगरी काशीमा भूतभावन विश्वनाथको भक्तिमा रत रही ज्ञानार्जन गर्नुभयो । चिरकालसम्म विद्याव्यसन गरेर नेपाल जननीको सेवा गर्नका लागि पवित्र पाशुपत क्षेत्र काठमाडौँमा आएर प्राध्यापन गर्नुभयो । पवित्र वागमती गङ्गाको नित्य सेवन गर्नुभयो । आफूले पनि ज्ञानका धाराले पखालिदिएर कैयौं जिज्ञासुलाई सुशील बनाइदिनु भयो । नम्रताले सबैको हृदयमा धर्मको विजयीपताका लहराइदिनुभयो भने समस्त श्रीधारण गरेर लोककल्याणका लागि निरन्तर लागिरहनुभयो । अज्ञानरूपी अन्धकारलाई सूर्योदय भएसरी हटाइदिनु भयो । त्यसैले त वहाँका शिष्यप्रशिष्यले अज्ञानको भारलाई सहजै हटाएर बोधगगनमा खगराजसरी उड्न सकेका छन् । कृशकाय आकृति रहे तापनि मनीषाको जाज्वल्यमान तेजका कारण अज्ञानको लेश पनि बाँकी राख्नुभएन । ईशको निरन्तर भक्ति गर्नुभयो । अनि ज्ञानको दीप सर्वत्र बालिरहनु भयो । ईश्वर सृजित सृष्टिमा सदा आस्तिक रही शकुनवत् रमण गर्नुभयो । अज्ञान र दुर्गुणको रणलाई जित्नुभयो ज्ञानको रश्मी सर्वत्र फैलाएर भगवती विन्दुवासिनीको भक्तराज बन्नुभयो । यस्ता गुरुकी अर्धाङ्गिनी भएर वहाँलाई जीवनपर्यन्त छायासरी साथ दिन पाएकोमा म भगवान्लाई कोटिशः नमन गर्दछु । साथै यो स्मृतिग्रन्थपुष्प सभक्ति वहाँमा नै चढाउँछु ।

श्रीमती छाया देवी दवाडी

सम्पादकीय

स्मृ आध्याने धातुमा क्तिन् प्रत्यय गरेर स्मृति शब्द निष्पन्न भएको छ। कुनै उद्‌बोधकको सहकारले अनुभूत वस्तुलाई फेरि सम्झिने संस्काराधीन ज्ञानभेद नै स्मृति हो। यसै अर्थमा पनि प्रातःस्मरणीय गुरु प्रा.डा. दुर्गाप्रसाद दवाडीको स्मरण गराउने उद्‌बोधक यो ग्रन्थ हो। धर्मशासनशास्त्र अनि वेदार्थको अनुभव पाएका मुनिहरूद्वारा प्रणीत वाक्य रूप शास्त्र पनि स्मृति नै हो। यथा-

'वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्।' (मनुस्मृति)

आजीवन वैदिक ज्ञानप्रवाहरूपी गङ्गा प्रवाहित गराउनु भएको गुरुको साहचर्यजनित अनुभवलाई लिपिबद्ध गरेर लेख उपलब्ध गराइदिनु हुने सम्पूर्ण व्यक्तित्वहरूको स्मृति सँगालो नै यो स्मृतिग्रन्थको स्वरूप हो। यसका माध्यमबाट पाठकलाई दवाडी गुरुको व्यक्तित्वको स्मरण र अनुकरण गर्न सहज हुनेछ भन्नु नै यसको मूल प्रयोजन हो। धार्मिक, सामाजिक, शैक्षिक क्षेत्रमा नै जीवन सुम्पिनुभएका दवाडीको जीवनका विविध पक्षको चिन्तन यस ग्रन्थका माध्यमबाट हुने नै छ। वि.सं. १९८५ मा जन्मेर चौरासी वर्षको जीवनयात्रामा प्राध्यापनका माध्यमबाट वैदिक ज्ञानपरम्परालाई निरन्तर अगाडि बढाउनु भएका दवाडी गुरु सबैका लागि प्रेरणाका स्रोत हुनुहुन्थ्यो। परोपकारी र नम्र स्वभावका ज्ञाननिधि दुर्गाप्रसाद दवाडीको जीवनी, व्यक्तित्व र उहाँसँगका आत्मीय क्षणलाई जीवन्त पार्दै विभिन्न महानुभावहरूले प्रस्तुत गर्नुभएका संस्मरणात्मक लेख समेटी यो ग्रन्थ तयार पारिएको छ। यसका लागि वहाँहरूप्रति हार्दिक आभार व्यक्त गरिन्छ। वैदिक सनातन धर्मको पथ निरन्तर रत रहनुभएका दवाडी गुरुको देन, व्यक्तित्व र कृतित्वको खोज, अनुसन्धान र विवेचना आगामी दिनमा पनि जिज्ञासुवर्गबाट हुनेछ नै। त्यसै क्रममा एक मनीषिको व्यक्तित्वका विविध आयामलाई एकै सूत्रमा उनेर श्रद्धापुष्प चढाउने प्रयासको परिणति यो स्मृतिग्रन्थ हो। गुरुको आदर्शचरित्र आगामी पुस्ताका लागि मार्गदर्शक बन्न सक्ने भएकाले पनि यो स्मृतिग्रन्थ तयार पारिएको हो।

दवाडी गुरुसँग अत्यन्त नजिक रहेका र अतिशय श्रद्धा गर्ने सत्पुरुषहरूको निरन्तर साथ सहयोगले यो कृति आज यस अवस्थामा आएको हो । प्रा.डा. मोतीलाल पराजुलीको अग्रसरतामा जीवन-वृत्त तयार पारेर लेखक महानुभावहरूलाई पत्र पठाई लेखरचना सङ्कलन गरिएको हो । जीवनका कुनै क्षणमा वहाँको सामीप्य पाउने महानुभावहरूले आफ्नो श्रद्धासहितका रचना तयार पार्नुभएकाले कुनै न कुनै रूपमा तथ्यहरू पुनरावृत भएकाले लेखको मूल मर्म फरक नपर्ने गरी आवश्यक परिमार्जनको प्रयत्न गरिएको छ। ग्रन्थलाई स्वमतिले भ्याएसम्म पठनीय र सङ्कलनीय बनाउने प्रयास गरेको भएपनि कमीकमजोरी र त्रुटीमा विद्वज्जनहरूसँग क्षमायाचना गरिन्छ ।

स्मृतिग्रन्थका लागि लेख सङ्कलनदेखि सम्पादनसम्म प्रत्यक्ष र परोक्ष सहयोग गर्नुहुने सुधी जनहरूप्रति हार्दिक आभार व्यक्त गरिन्छ । दवाडी गुरुको जीवनीमा आलोक पुऱ्याउन श्री अवतार सुवेदीले गर्नुभएको सहयोग स्मरणीय छ। स्मृतिग्रन्थको सङ्कलनमा सहयोग पुऱ्याउनु हुने डा. श्री प्रेमराज न्यौपाने धन्यवादका पात्र हुनुहुन्छ। साथै टङ्कणमा सहयोग पुऱ्याउनु हुने श्री जितु खड्का र स्मृतिग्रन्थमा समावेश गरिएका सामाग्री र यसको साजसज्जा, चित्रावली संयोजन, मुद्रणलगायतमा सहयोग गर्नुहुने श्री दीनदयाल रेग्मी र सनातन प्रेसलाई धन्यवाद टक्र्याउँदछौं ।

वैदिक संस्कार, संस्कृति र ज्ञानपरम्पराका क्षेत्रमा गुरुको अवसानले रिक्तता त ल्याएको छ नै साथमा पुरातन कालेदेखि चलिआएको सनातन ज्ञान प्रवाहलाई कायमै राखि राख्न पनि प्रेरणा दिइरहेको छ । यसै सिलसिलामा प्रविधिको माध्यमबाट www.dawadiguru.com वेभसाइटबाट पनि श्रद्धापुष्प पुष्प प्रस्तुत गरिएको छ । यो प्राविधिक सहयोग गर्नुहुने श्री मोहन उपाध्यायलाई धेरैधेरै धन्यवाद छ । विभिन्न माध्यमबाट ग्रन्थ प्रकाशनलाई सुगम बनाउने र यस कार्यमा अनवरत लाग्नुहुने सबैको तर्फबाट यो ग्रन्थपुष्प सभक्ति गुरुमा नै चढाइएको छ ।

सम्पादक

विषयसूची

शीर्षक	लेखक	पृष्ठ
१. सम्झनाको आलोकमा ...	विश्वनाथ दवाडी	१
२. वेदप्राच्यदर्शनधर्मकर्मसिद्धान्तः...	डा. काशीराज सुवेदी	६१
३. मित्राय श्रद्धाञ्जलिमर्पयामि	प्रा.डा.ऋषिराम पोखरेल	१२७
४. आस्तिक्यमूर्तिर्गुरु	प्रा. दुर्गाप्रसादो दाहाल	१२९
५. विद्यानिधिं तं प्रणमामि	डा. लक्ष्मीकान्तः पन्थी	१३१
६. श्रद्धासुमन	प्रा.शिवहरि मरहट्टा	१३२
७. आचारैकनिलय दुर्गाप्रसाद दवाडी	प्रा.डा. दीर्घराज घिमिरे	१३४
८. प्रा.डा. दुर्गाप्रसाद दवाडी : एक...	प्रा.डा.ऋषिराम पोखरेल	१३६
९. खरानीले ढाकिएको फिलुङ्गो...	प्रा.डा. राजाराम सुवेदी	१४०
१०. संस्कृतशिक्षामा प्रा.डा.दुर्गाप्रसाद...	प्रा.डा.विष्णुप्रसाद देवकोटा	१४२
११. आदर्श सन्त प्राध्यापक दुर्गाप्रसाद...	प्रा. विद्यानाथ उपाध्याय भट्ट	१४८
१२. श्रद्धासुमन - दवाडी गुरुप्रति	प्रा.डा. माधवशरण उपाध्याय	१५२
१३. स्वर्गीय दवाडी गुरुको सम्झना	प्रा.डा. सुधन पौडेल	१५४
१४. प्रा.डा. दुर्गाप्रसाद दवाडीको...	प्रा. दिनेशराज पन्त	१६१
१५. वैदिक संस्कृतिका संवर्धक...	प्रा. रामहरि दाहाल	१६३
१६. दुई शब्द	प्रा. बलराम गौतम	१६८
१७. सनातन धर्मका सन्दर्भमा...	डा. जनार्दन शर्मा	१७०
१८. अनि त म पनि गुरुको चेलो बनें	प्रा.डा. जीवन अधिकारी	१७४
१९. शत शत नमन	डा. अलका आत्रेय चूडाल	१७९
२०. प्रा.डा.दुर्गाप्रसाद दवाडी र...	प्रा. डा. दामोदर ज्ञवाली	१८३
२१. "सन्त गुरु" दुर्गाप्रसाद दवाडी...	डा. हरिहर प्रदीप घिमिरे	१९१
२२. नेपाल-संस्कृत-परिषद्मा र...	डा. प्रमोदवर्धन कौण्डिन्न्यायन	१९६
२३. आदरणीय दवाडी गुरुप्रति सश्रद्धा...	प्रा. पुरुषोत्तम दाहाल	२०४
२४. प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूको...	रामप्रसाद दाहाल	२०७
२५. वैदिक सनातन परम्पराका...	प्रा. पद्मप्रसाद भट्टराई	२०९
२६. एउटा विद्वान्को सम्झनामा...	डा. बद्री पोखेल	२१६
२७. मातृशक्तिका सम्मानकर्ता...	रमा भट्टराई	२२५

२८. महर्षि प्रा.डा. दुर्गाप्रसाद दवाडी डा. प्रेमराज न्यौपाने २३०
२९. धर्मका प्रतिमूर्ति दवाडी ठूलावा डा. शान्तिकृष्ण अधिकारी २४२
३०. सनातन धर्मको परिपालनमा... सह प्रा. चतुर्भुज पौडेल २४६
३१. प्रा.दुर्गाप्रसाद दवाडी मेरो स्मृतिमा डा.नवराज कट्टेल २४८
३२. हिन्दूधर्म र दर्शनका सच्चा अनुयायी...अग्निधर पौडेल २५३
३३. संस्मरणको आलोकमा स्व.... पूर्णप्रसाद अधिकारी २५७
३४. ऋषिकल्प गुरु दुर्गाप्रसाद दवाडी हरिप्रसाद पाण्डेय २६१
३५. मेरो सम्झनामा दवाडी हजुरबा ! अवतार सुवेदी २६५
३६. सन्त जीवन र उच्च व्यक्तित्व नारायण मरासिनी २७१
३७. धर्मशास्त्रका मर्मज्ञ एवं आचार... वासुदेव मरासिनी २७५
३८. संस्कृत वाङ्मयका अविश्रान्त... मोदनाथ खनाल २८२
३९. मेरो अनुभवमा दुर्गाप्रसाद दवाडी नीलकण्ठ भट्टराई २८६
४०. स्वर्गीय प्रा.डा. दुर्गाप्रसाद दवाडी..ध्रुवमणि ज्ञवाली २८९
४१. शिक्षाका पारसमणि डा.दुर्गा... वलराम पोखरेल २९४
४२. स्व. प्रा.डा. दुर्गाप्रसाद दवाडी... प्रेमराज अधिकारी ३००
४३. दवाडी गुरुप्रति शब्द पुष्प डा. यमनाथ तिमिल्सिना ३०४
४४. श्री महापुरुषको सम्झना छाया देवी दवाडी ३०८
४५. वसिष्ठ कुलका तपस्वी स्व. ... ईश्वरीप्रसाद दवाडी ३१७
४६. गुरुको सम्झना पूर्णभद्र उपाध्याय ३१९
४७. श्रोत्रिय ब्रह्मनिष्ठ गुरु गंगाधर तिमिल्सिना ३२२
४८. युगरेखाको मापनमा एक मनीषी सूर्यप्रकाश शर्मा ३२९
४९. गणेशजीको पैसा गंगादेवी शर्मा ३३४
५०. श्री दुर्गाप्रसाद दवाडीको... भीष्मप्रसाद पौडेल ३३८
५१. नातिनीको आँखाबाट हजुरबुबा शकुन शर्मा ३४१
५२. मेरा गुरु मेरा पिताजी पशुपति दवाडी ३४३
५३. आदरणीय बुबाप्रति समर्पण विजया शर्मा दवाडी ३४७
५४. बुबा समान ससुरा बुबा श्रीधरी दवाडी ३५१
५५. हजुरबुबाको सान्निध्य कमलेश दवाडी ३५४
५६. धर्मका प्रतिमूर्ति मेरा हजुरबुबा आकृति दवाडी ३६०
परिशिष्ट ३६३

सम्भनाको आलोकमा मनीषि प्रा. दुर्गाप्रसाद दवाडी

✍ विश्वनाथ दवाडी

१. विषयप्रवेश

वागर्थाविवसंपृक्तौ वागर्थाप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वती परमेश्वरौ ॥ (रघुवंश)

कुसुमस्तवकस्येव द्वयिवृत्तिर्मनस्विनः ।
मूर्ध्नि वा सर्वलोकस्य शीर्यते वन एव वा ॥ (नीतिशतक भर्तृहरि)

मनस्वीहरूको चरित्र त्यो फूल जस्तो हुन्छ, जो कि त सबै मानिसहरूको शिरमा शोभायमान हुन्छ कि त एकान्तमै झरेर ओइलाउँछ । गुणग्राहीहरूले महत्त्व बुझेर शिरमा शोभित गराउँदा पनि फूलमा कुनै किसिमको दम्भ झल्किँदैन, न त एकान्त वनमा अपहेलित हुँदा उसमा कुनै किसिमको नैराश्यले घर बनाउँछ । स्वकीय स्वभावलाई सुमनले परित्याग नगरेजस्तै मनस्वीजनहरू पनि प्रशंसा या निन्दा, लाभ वा हानि, जय वा पराजय जेजस्ता परिस्थितिहरूमा पनि समान भावमा राख्दछन् । आफूभित्रको सुगन्ध, कोमलता र मृदुभावलाई आफ्नो स्वभावमा उतारिरहन्छन् ।

कवि राजर्षि भतृहरि नीतिशतकको सुरुवातमै लेख्छन्-

"बोद्धारो मत्सरग्रस्ताः" अर्थात् बुझेकाहरू, विद्वान्‌हरू, चेतनशीलहरू मत्सरग्रस्त हुन्छन् । "विद्या ददाति विनयम्" केवल श्लोकमै सीमित रहेका धेरै उदाहरणहरू हाम्रै समाजमा भेटिन्छन् । पठितजनहरू झन् उग्र अहंकारले ग्रसित हुन्छन् । आकलझुकल कहीँकतै अत्यन्त दुर्लभजनहरूमा मात्रै "विद्या ददाति विनयम्" को झल्को भेटिन्छ । प्राध्यापक दुर्गाप्रसाद दवाडी तिनै दुर्लभ मणिहरूमा एक हुनुहुन्थ्यो तर घमण्ड र आत्माश्लाघाको ज्वारभाटा उहाँको व्यवहारमा कहिल्यै उर्लेन । सदा शान्त र धीर महासागरको साकार स्वरूप हुनुहुन्थ्यो दवाडी गुरु ।

हामीले वेद, पुराण र उपनिषद्का विभिन्न प्रसङ्गहरूमा महर्षि वशिष्ठ, दधिचीहरूका चरित्रहरूलाई सुन्दै र मनन गर्दै आएका छौं । हाम्रै अगाडि, हाम्रै माझमा ती महर्षिहरू आए भने कस्तो हुन्थ्यो कुन्नि हामीलाई थाहा छैन । तर, दवाडी गुरुसँग सङ्गत गर्ने सर्वसाधारण ग्रामीण मानिस र विद्वज्जनहरू सबैले एउटा कुरा चाहिँ अवश्य महसुस गर्थे- त्यो सरलता, त्यो आत्मीयता, त्यो निश्छलता । गाउँघरबाट उपचारका क्रममा काठमाडौं आएका ग्रामीण आफन्तजनहरूमा गुरुले प्रकट गरेको त्यो आत्मीयता र प्रेमले पुलकित नहुने को हुन्थ्यो र ? अनि गुरुसँग केही सिक्ने अभिलाषाले आएका जिज्ञासुजनहरूमा गुरुले दर्साउने हार्दिकता र अभिमानरहित मार्गदर्शनले धन्नधन्य नहुने विद्यार्थी को हुन्थ्यो र ? शास्त्र मन्थन र शङ्का-उपशङ्का शास्त्रीय गुत्थीहरू फुकाउन पाल्नुभएका विद्वज्जनहरूमा दवाडी गुरु ज्ञानका महासागरका रूपमा प्रकट भइदिंदा उदेक पर्दै नफर्किएका ज्ञानपिपासुहरू को हुन्थे र ? साक्षात सरस्वतीको प्रसादका रूपमा रहनुभएका ६ वटा विषयका आचार्य गुरु “विद्या समस्ताद् तव देवी भेदाः” प्रमाणले पनि दुर्गाप्रसाद नै हुनुहुन्थ्यो । कास्कीगुह्यकालीकाका पाउमै यस धरामा जन्मेर भगवान् विश्वनाथका काखमा ज्ञान आर्जन गरेर भगवान् पशुपतिनाथका पाउमा प्राण विसर्जन गर्नु भएका दवाडी गुरुले शिवसायुज्य प्राप्त गर्नुभएका थियो ।

२. पृष्ठभूमि

कश्यप ऋषिको तपोस्थल काश्यपकुट्ट : कास्कीकोट

वर्तमान कास्कीकोटदेखि पूर्वोत्तर चुचुरो वा रुमाल झाँक्रीको थान भएको पर्वतको टाकुरीलाई प्रमुख कास्की मान्नुपर्ने इतिहासकार प्रा. राजाराम सुवेदीको ठहर छ । (सुवेदी, २०६०) हाल त्यस ठाउँलाई थामको गरो वा थामहो पनि भनिन्छ, जहाँ प्राचीन कुटीको भग्नावशेष छ ।

ऋषि कश्यपले गण्डकी (सेती) को अवतरण धरामा गराएका आधारमा सेतीलाई काश्यपी पनि भनिन्छ । त्यही काश्यपीको अपभ्रंश रूप ‘कासकी’ भएको ठहर सुवेदीको छ । त्यसरी गण्डकीलाई अवतरण गराउँदा ऋषि कश्यपले कालीदेवीको स्थापना गराई आराधना गरेका थिए । त्यो आराधना गुप्ततन्त्रविधिले

गरेको हुँदा कास्कीकोट कालिकालाई गुप्तकालिका भनिन्छ । पछि कास्कीमा रजपूतखस राजाले राज्य गर्न थालेपछि उनै गुप्त कालिकाको कालिकातन्त्रले पूजा गर्न थाले । कास्की गुप्त कालिका र गोरखकाली दिदीबहिनी हुन् ।

३. कास्की राज्यको स्थापना

विक्रमको सोह्रौं शताब्दीको आरम्भमा कास्की राज्यको स्थापना भएको थियो । गण्डकी प्रश्रवण क्षेत्रको चौविसी राज्य समूहमा पर्ने कास्की राज्य महत्त्वपूर्ण थियो । कास्कीभन्दा पहिलेको इतिहास र शाहवंशको विकास स्पष्ट छैन । कास्की, लम्जुङ् र गोरखा राज्यका शासकका आदि पुरुष कास्की राज्यका कुलमण्डन शाह हुन् । उनले चर्चेको राज्य कास्कीबाटै लम्जुङ, गोरखा र नेपालको वर्तमान कालसम्म गुल्जार भएको थियो । कास्कीकोटमा पहिले घले थर भएका जातिको हुकुमी शासन थियो । राक्से र कोल्ह गुरुङलाई जगतिखान (कुलमण्डन) ले अपदस्त गरी आफू राजा भएका थिए । (जगमान गुरुङ, २०३५)

कास्की राज्य स्थापना कालदेखि नै स्वतन्त्र थियो तापनि आफ्नो सुरक्षा र रवाफका निम्ति एउटा वात्साह (वादशाह) मान्नुपर्छ भन्ने चलन थियो । त्यसो हुनाले राजा कुलमण्डन शाहले दिल्लीको वादशाह मान्दथे भन्ने लोक इतिहास प्रचलित छ । त्यही वादशाहले उनलाई 'शाह' पदवी दिएको भनिँदै छ । वि. सं.१५१६ देखि १५३१ सम्म रुकमुद्दिन बार्बाक बंगालका नवाव तथा दिल्लीमा वि. सं. १५४६ मा सिकन्दर लोदीको राज्यारोहण भएको बुझिन्छ । राजा कुलमण्डनलाई शाहको उपाधि उनी वा उनकै पूर्ववर्ति वादशाहले दिएको अनुमान हुन्छ ।

मध्यकालीन भारतका मुख्य सहरहरूमा मुसलमान शासकहरूको चकचकी हुनाले र उनीहरूले आफूलाई 'खाँ' बाट 'शाह' लेख्न थालेका हुनाले कुलमण्डनले पनि आफूलाई त्यही अनुकरण गरी 'शाह' लेखेका हुन् कि भन्ने अड्कल गरिन्छ । 'खान' लेखे पनि 'शाह' लेखे पनि त्यो पद हो, जात होइन । सामन्त हो, स्वतन्त्र होइन जसले आफ्नो छत्रमाथि अर्काको संरक्षण छ भन्ने प्रतीक बुझिन्थ्यो । मध्यकालीन अँध्यारो युगमा यस्तै वातावरण व्याप्त थियो । (सुवेदी, ऐ)

कास्की राज्यका प्रथम राजा को थिए भन्ने सन्दर्भमा इतिहासकारहरूले विभिन्न मत प्रकट गरेका छन् । कास्कीमा जगति खानभन्दा अगाडि पनि राजा विचित्र खान भएको चर्चा इतिहासकारहरूले गरेका छन् । स्याङ्जा नुवाकोटका राजा मिञ्चाखानका कान्छा छोरा विचित्र खानले आफ्ना बुबाको राज्यदेखि दक्षिणपट्टिको खड्गामकोटमा राजधानी बनाएका र पछि उनका छोरा जगति राजसेन खान (कुलमण्डल) भएको कुरा इतिहासकारहरूले अनुमान गरेका छन् । राजा कुलमण्डन शाह, राजा जलाल शाह, राजा राज शाह, राजा नारायण शाही, राजा नर शाही (नारायण शाही), राजा शिव शाही, राजा जिदल शाही, राजा प्रताप शाही (जस्मत् शाहदेव) र राजा सिद्धिनारायण शाहीले कास्कीमा राज्य गरेको इतिहास पाइन्छ । स्वतन्त्र कास्की राज्यका अन्तिम र प्रसिद्ध राजा सिद्धिनारायण शाही हुन् । वि. सं. १८४२ मा कास्की राज्य नेपाल अधिराज्यमा विलय भएपछि कास्कीकोटका राजाहरू सधैँका लागि मुगलानतिर भासिए ।

कास्की जिल्लाको पश्चिमतर्फ कास्कीकोट पर्दछ । हाल कास्कीकोटमा कालिका मन्दिर, मौलो (नाथ) भग्न दरवार, काहाल बजाउने ढुङ्गो, रानी स्वाँरो, गाइने बारी, सार्की टारी, राजारानीले घाम ताप्ने ढुङ्गो, न्याय दिने ढुङ्गो, झाँक्रीको थान, भैरव थान आदि ऐतिहासिक ठाउँहरू छन् । कास्कीकोटदेखि पश्चिमपट्टि प्रशस्त भग्नावषेश भएको खड्गाउँकोट छ । त्यहाँ उपाध्याय अधिकारीहरू पूजारी छन् । उनीहरूलाई गुठी पनि दिइएको छ ।

खड्गाउँकोट कास्कीकोटभन्दा पनि प्राचीन मानिएको छ । कास्कीअन्तर्गत खड्गाउँकोटको अख्तियार कुँवर क्षत्रीलाई मात्र रहन्छ भने पुजारीमा अधिकारी ब्राह्मणलाई नियुक्त गरिएको छ । यस प्रसङ्गमा अधिकारी बाह्मणलाई उल्लेख गर्ने विशेष कारण छ । पुरोहित्याइँ गर्ने कुनै नैष्ठिक ब्राह्मणहरू नभएपछि अधिकारी उपाध्याय बाह्मणले आफ्नै झोलीका देउता 'दवाडी' थरका भान्जालाई कास्कीकोटमा ल्याएर गुठी दिई घरजम गराइदिए । तिनै भान्जाका सन्तानहरू फैलिँदै गएर कास्कीकोट भगवती गुह्यकालीनका पाउमा दवाडी गाउँ नै तयार भएको लोक इतिहास भेटिएको छ । तर, यस प्रसङ्गमा कुन समयमा कुन अधिकारी व्यक्तिले आफ्ना कुन भान्जालाई कास्कीमा लिएर आए भन्ने तथ्य फेला पार्न सकिएको छैन ।

४. कास्कीकोटमा दवाडीहरूको आगमन र दुर्गाप्रसादको पुर्ख्यौली

खड्गामकोटका पुजारी अधिकारी उपाध्याय बाह्मणहरू रहेका र अद्यापि पनि नवदुर्गामा अधिकारी बाह्मणहरूले नै देवीको पूजा गर्दै आइरहेको भेटिन्छ। यिनै अधिकारी ब्राह्मणका पुर्खाहरूले पुरोहित्याइँका लागि आफ्नै दवाडी थर भएका भान्जालाई कास्कीकोटकै पाउमा घरजम बसाली गुठी प्रदान गरेको प्रसङ्ग माथि पनि आइसक्यो । यसै प्रसङ्गमा दवाडीहरूको वंशलतालाई हेर्दा डोटीका दवाडा गाउँबाट आएका ब्राह्मणहरूलाई दवाडी भन्ने गरिएको र दवाडीको हाल प्राप्त हुन आएको वंशावलीलाई केलाएर हेर्दा मूल पुरुष हासुपाध्या हुँदै नरपति पाध्यासम्म आइपुग्दा बीस पुस्ता पुगेको भेटिएको छ । नरपतिका दुई छोरा अगन्धर र देवभक्तमध्ये देवभक्तका मात्रै सन्तान भए । देवभक्तका एकमात्र छोरा सेतूपाध्याका पाँच छोरा भए यी पाँच छोरामध्ये दुर्गाप्रसाद ठूलाकान्छा छोरा हुनुहुन्थ्यो ।

५. दुर्गाप्रसादको धरावतरण र बाल्यकाल

कास्कीकोट भगवती गुह्यकालीका पाउमा पण्डित सेतूपाध्या दवाडी तथा मधी देवीका आठ सन्तानहरूमध्ये छैठौँ सन्तानका रूपमा दुर्गाप्रसादले यस धरामा वि. सं. १९८५ माघ ४ गते पाइला टेक्नुभयो । पञ्चायत कालको गण्डकी अञ्चल कास्की जिल्ला कास्कीकोट गा. वि. स. वडा नं ५ अन्तर्गत रहेको यो ठाउँ हाल पोखरा महानगरपालिका वडा नं २४ अन्तर्गत पर्दथ्यो ।

पण्डित सेतूपाध्याको पहिलो विवाह कास्कीकोटको दक्षिणपट्टि रहेको चैनपुरकी तुलसीदेवीसँग भएको थियो । उनको अल्पायुमै निधन भएकाले कुनै सन्तान भएनन् । तत्पश्चात् दोस्रो विवाह नर्मदादेवीसँग भयो । उनीबाट एकमात्र पुत्री चन्द्रकलाको जन्म भएको केही वर्षपछि नर्मदादेवीको पनि अल्पायुमै निधन भयो । तत्पश्चात् अधिकारी गाउँकी मधीदेवीसँग सेतु पाध्याको तेस्रो विवाह भयो ।

पण्डित सेतु पाध्याको मुख्य पेशा कृषि भए पनि उहाँ त्यस समयका केही पढेलेखेका गण्यमान्यहरूमध्ये एक गुरु पुरोहित हुनुहुन्थ्यो । पुरोहित्याइँ र फलित ज्योतिषमा उहाँको दखल थियो । काठको फलेकमा रातो माटोको धुलो

राखेर गणना गर्ने चिना टिपनको फलादेश गर्न सिपालु सेतु पाध्याको प्रख्याती त्यो भेकभरि फैलिएको थियो । वरिपरिका गाउँघरका मानिसहरू मात्र नभएर यदाकदा दिनभरिको बाटो हिँडेर आएका मानिसहरूले पनि उहाँसँग आफ्नो समस्या बिसाउँथे र उचित मार्गदर्शन पाएर सन्तुष्ट भई फर्कन्थे । झारफुक र तान्त्रिक विद्यामा समेत पोख्त सेतु पाध्याबाट त्यस भेकका मानिसहरूले निकै सहयोग र राहत पाएका थिए ।

कास्कीकोटको डाँडो वरिपरिका अरू डाँडाहरूभन्दा विशेष अग्लो छ । कास्कीकोट दरबारबाट चारैतिर हेर्दा सातवटा डाँडाहरूसम्म देख्न सकिन्छ । त्यसै त पोखराको नजिक छ कास्कीकोट, पानी पर्न थाल्छ । हुरीबतास आएर असिना पर्नु त्यहाँको सामान्य दैनिकी हो । यसको मुख्य मार चाहिँ किसानहरूलाई पर्दछ । मुख्य पेसा कृषि भएर पनि बाली भित्र्याउने समयमा विशेष गरी कार्तिक मङ्सिर महिनाको धान काट्ने र भित्र्याउने समयमा असिना परेर काट्न ठिक्क परेको धान सबै स्वाहा भएका घटना यहाँ सामान्य हुने गर्छन् । असिनाले धान नझारेका वर्ष कास्कीकोट क्षेत्रका किसानहरूले वर्ष दिनभरि भात खान पाउँथे भने असिनाले बाली नासेको वर्षमा भने मकै, कोदोको भरमै वर्ष गुजार्नुपर्थ्यो । तर, पण्डित सेतु पाध्याले यजमानी र ज्योतिषी काममा पनि दक्षता प्राप्त गर्नु भएको हुनाले परिवारमा वर्षभरि नै दुवै छाक भात खान कुनै कष्ट थिएन । दुर्गाप्रसादको बाल्यकाल र खानपान यस अर्थले कष्टप्रद थिएन, अभावमय थिएन भन्न सकिन्छ ।

६. अक्षरारम्भ

पण्डित सेतु पाध्या आफैँ स्वाध्यायबाट पण्डित्याइँ गर्न सिपालु बन्नुभएको थियो । शिक्षाको चेतना भएको हुनाले आफ्ना सन्तानहरूलाई साक्षर गराउँदै चण्डी, लघु कौमुदी, अमरकोश आदि पढाउने गर्नुहुन्थ्यो । फुर्सदको समयमा केटाकेटीहरूलाई पाठ घोकाउने र शिक्षा दिने गर्नुहुन्थ्यो । दुर्गाप्रसाद नाबालकै छँदा उहाँका अग्रजहरूले पिताजीबाट पाएको पाठ कण्ठस्थ गर्दै गरेको सुन्नुहुन्थ्यो । पिताजी सेतु पाध्या सन्तानहरूलाई पाठ दिएपछि आफ्ना घरायसी काममा लाग्नुहुन्थ्यो । धेरैजसो यजमानी गर्न टाढाटाढासम्म जाने गर्नुहुन्थ्यो । फुर्सद पाएपछि आफूले दिएको पाठ सोध्ने पनि गर्नुहुन्थ्यो । बालक

दुर्गाप्रसाद सानै भएकाले पिताजीबाट पढ्नलेख्न थालिसक्नुभएको थिएन । तर, दाजुहरूलाई पिताजीले पाठ सोध्दा उहाँको ध्यान त्यतातिर आकृष्ट हुन्थ्यो । खेल्दै गरेको बालकले पिताजी र दाजुहरूको व्यवहार नियालेर हेर्ने र चासो दिने क्रममा दाजुहरूले पाठ बुझाउन नसक्दा वा अकमकिँदा साना दुर्गाप्रसादले तोते बोलीमै दाजुहरूभन्दा अगाडि "यसो भन न" भनेर पाठ भनिदिने गर्नुहुन्थ्यो । छोराको पठनपाठनप्रतिको लगाव र तीक्ष्ण स्मरण शक्तिबाट प्रभावित हुनुभएका सेतूपाध्याले दुर्गाप्रसादलाई पाँच वर्ष पुगेपछि परम्परागत चलनअनुसार वसन्तपञ्चमी (सरस्वतीपूजा) का दिन अक्षरारम्भ गराइदिनुभयो । आफ्नै पिताजी सेतूपाध्याका मुखारविन्दबाट अक्षरारम्भको थालनी गर्नुभएका दुर्गाप्रसादले आफ्नो प्रत्युत्पन्न मति चाहिँ सानै अवस्थाबाट देखाउन थाल्नुभएको हो । तर, आफू सधैँ घर बस्न नपाउने, धेरैजसो टाढाटाढाका यजमानहरूकहाँ कर्मकाण्डका निम्ति धाइरहनुपर्ने बाध्यताका कारण पण्डित सेतूपाध्याले आफ्ना सन्तानहरूको पठनपाठनमा भने धेरै समय दिन सक्नुभएको थिएन । त्यस बेला पढेलेखेका मानिसहरूको कमी भएका कारण पनि उहाँ टाढाटाढासम्म यजमानी गर्न जानुपर्ने हुन्थ्यो । आफूले प्रयाप्त समय सन्तानहरूको पढाइमा दिन नपाएको चिन्ताले भने सेतूपाध्यालाई लखेटिरहन्थ्यो । वि. सं. १९९४ सालमा आठ वर्ष उमेर पुगेका दुर्गाप्रसादको उपनयन संस्कार सम्पन्न गराइसकेपछि छोरामा देखिएको अध्ययनप्रतिको लगाव र लगनशीलताले पण्डित सेतूपाध्यालाई उचित शिक्षाको अवसर जुटाइदिने रहरले घचघच्याइरहन्थ्यो । आफू धेरैजसो घरबाहिर हुने र भने जति समय छोराको पढाइका निम्ति दिन नसक्ने भएपछि के गर्ने होला भन्ने चिन्ताले उहाँलाई सताइरहन्थ्यो । फेरि आफ्ना सन्तानलाई धेरै टाढा पठाउन पनि मनले नमान्ने तर दुर्गाप्रसादको मेधावी शक्ति देख्दा भने सके बनारस नत्र भने पोखरा त पठाउने अठोट उहाँले गर्नुभयो । पोखरा पठाउँदा पनि बेलाबेलामा घर आउने, घरायसी परिपञ्चले छोराको पढाइमा विघ्न पर्न सक्ने आशङ्काले छोरालाई बनारस नै पढाउने अठोट सेतूपाध्याले गर्नुभयो ।

७ काशी प्रस्थान

दुर्गाप्रसाद दवाडी नौ वर्षको हुँदा पिताजी सेतूपाध्याले काशी लिएर जाने निर्णय गरेपछि यात्राको तयारी सुरु भयो । त्यो समयमा कास्कीबाट

भैरहवासम्म हिंडेर जानुपर्थ्यो । यातायातको साधन थिएन । कास्कीबाट फुस्रे खोला, मटानी खान, सानो भुमे, नाउँडाँडा, सानो उकाली, ठूलो उकाली, राम्दीको पुल हुँदै बटौली (बुटवल) भैरहवासम्म हिंडेर जानुपर्थ्यो । भारत पुगेपछि मात्र यातायातको साधन पाइन्थ्यो । हिँड्ने बाटो पनि सजिलो थिएन । साह्रै विकट थियो । पहाडको उकालो आरालो भीर पाखा पार गर्दै हिँड्नु नौ वर्षको बालकका लागि चानचुने कुरो थिएन । कहिले पिताजीले बुइ बोक्नुहुन्थ्यो, कतै डोऱ्याउनुहुन्थ्यो । समथर बाटो आउँदा भने अलि सजिलो हुन्थ्यो । उकालो चढ्दा गोडा फतक्क गल्थ्ये । ओरालो झर्दा घुँडा करकरी दुख्थे । पिताजीका साथ र हौसला नभएको भए दुर्गाप्रसादका लागि त्यत्रो लामो यात्रा असाध्य हुन्थ्यो । बुटवल पुगेर भैरहवामा पाइला टेक्दा भने घरबाट हिंडेको चार दिन भइसकेको थियो । सुनौलीबाट कच्ची बाटो नौतनवा पुगेपछि त्यहाँबाट रेलको यात्राद्वारा गोरखपुर हुँदै दुर्गाप्रसाद पिताजीका साथमा बनारस पुग्नुभएको थियो ।

बनारस पहिलादेखि नै नेपालीहरूका लागि धार्मिक, शैक्षिक तथा राजनीतिक केन्द्र रहँदै आएको थियो । बनारसमा प्रायः नेपालीहरू अध्ययन गर्न र जीवनको उत्तरार्धमा काशीबासका लागि जाने जाने चलन धेरै पहिलेदेखि नै थियो । पण्डित सेतूपाध्याकी आफ्नी फुपू काशीबासका लागि त्यहीँ हुनुहुन्थ्यो । छोरा दुर्गाप्रसादलाई फुपूको जिम्मा लगाएर केही दिन गङ्गास्नान, विश्वनाथ दर्शन गरी पिताजी सेतूपाध्या कास्कीकोट फर्कनुभयो । एक त नौ वर्षका बालक त्यसमा पनि काशीबास बसेकी बूढी फुपूसँग दुर्गाप्रसादको रहनसहन मिलेन । फुपूले दुर्गाप्रसादलाई पढ्नका लागि गुरुकहाँ जाने व्यवस्था मिलाइदिनुभएको थियो । नयाँ ठाउँ, नयाँ भाषा, नयाँ मानिस भए पनि केही महिनामै दुर्गाप्रसादले त्यहाँको वस्तुस्थिति र भाषा बुझ्न थाल्नुभयो । फुपूसँग केही महिना बसेपछि आफूले पढ्ने अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रम सञ्चालित थियो । अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रमका दैनिकीमा बालक दुर्गाप्रसाद अभ्यस्त हुन थाल्नुभयो । प्रातःकालको सूर्योदयअघि ब्रह्ममुहूर्तमै उठेर गङ्गास्नान गर्न भागीरथी जानुपर्ने नित्य नियम थियो । भागीरथीको घाटमा स्नान, सन्ध्यावन्दन आदि पूरा गरी फर्केर मन्दिरमा आएपछि भगवती अन्नपूर्णाको स्तुतिगान गर्ने काम हुन्थ्यो । तत्पश्चात् नौ बजेसम्म अनिवार्य रूपमा वेद पढ्नुपर्ने नियम थियो । वेदपाठपछि एघार बजेसम्म व्याकरणको पाठ चल्थ्यो । तत्पश्चात्

बल्ल भोजनको समय हुन्थ्यो । माता अन्नपूर्णाको प्रसादका रूपमा भोजन गर्न पाइन्थ्यो । भोजन गरेको एक घण्टा समय जति आफूखुसी आराम गरेपछि चाहिँ व्याकरणका गुरु अध्यापनका निम्ति आउनुहुन्थ्यो । उहाँबाट चार बजेसम्म व्याकरणको अध्ययन गरेपछि एकडेढ घण्टा खेल्न पाइन्थ्यो । खेल्ने समय त थियो तर खेल मैदान थिएन । खेलमैदानको त कुरै छोडौं, कतै खेल्न मिल्ने खुला स्थान नै थिएन । केवल घरैघर । विकल्प एउटै मात्र थियो । दुर्गाप्रसाद पाठ घोकेर बस्नुहुन्थ्यो । यस्तैमा सायङ्काल भइहाल्थ्यो । कमण्डलु, आसन र दण्ड लिएर सन्ध्यावन्दन गरेपछि आश्रमका मुख्य स्वामीलाई दण्डवत् गर्न जाने नियम थियो । तत् पश्चात् एक आधा घण्टा जति मुन्सीजी (कायस्थ शिक्षक) द्वारा हिन्दी, गणित आदिको शिक्षा दिने व्यवस्था थियो । रातको आठ बजेतिर मन्दिरको आरतीमा अनिवार्य एक घण्टा व्यतीत गरेपछि मात्र बेलुकाको भोजन प्राप्त हुन्थ्यो । कहिलेकाहीँ मन्दिरका निर्माता आएका खण्डमा भगवत् भजनमा एक घण्टा जति अतिरिक्त बस्नुपर्थ्यो । स्वयम् मन्दिर निर्माताले पुरी, तरकारी आदि भोजनको व्यवस्था गराउने हुनाले अनिवार्य रूपमा सम्मिलित हुनुपर्ने व्यवस्था थियो । यी सबै कार्य सम्पन्न भएपछि सामान्यतया दस बजेपछि सुत्ने अवसर पाइन्थ्यो ।

८. विश्व राजनीतिमा रुचि

दिवा ११-१२ बजे भोजन पश्चात् खाली समयमा खेल्ने ठाउँ थिएन । रामानुग्रह नामको व्यक्तिले पटनाबाट प्रकाशित हुने 'आर्यवर्त' पत्रिका त्यहीं राख्ने गर्दथे । खाली समयमा दुर्गाप्रसाद त्यही पत्रिका पढ्ने गर्नुहुन्थ्यो । सन् १९३२-१९३९ सम्मको जापान-चीन युद्धको समाचार, युरोपमा हिटलरको आक्रमण, पोलेण्डलाई रुस र जर्मनीले आधा-आधा पारेको खबर आदि पढ्दापढ्दै दुर्गाप्रसादलाई विश्वराजनीति, महायुद्धको पृष्ठभूमि, विश्व साम्राज्यवादको असर आदि कुरामा जानकारी मात्र प्राप्त भएन, ती घटनाहरूप्रति चासोसमेत बढ्न गयो । सामान्यतया संस्कृतका विद्वान्हरू वर्तमान विश्वप्रति अनभिज्ञ रहने गरेको पाइए तापनि दुर्गाप्रसादमा आफ्नो समयको विश्वसम्बन्धी गहिरो जानकारी र रुचि थियो । दैनिक रूपमा पत्रिका पढ्दापढ्दै विश्वराजनीतिमा गहिरो दखल समेत उहाँले प्राप्त गर्नुभयो । निरन्तर रूपमा दैनिक केही न केही स्वदेशी तथा विश्वसमाचार पढ्ने बानी उहाँमा त्यही समयबाट बसेको रहेछ । संयोग कस्तो परेछ भने मध्यमा (एस. एल. सी.) को नतिजा प्रकाशित

भएकै दिन त्यहाँको 'आज' समाचारपत्रमा 'क्रिट द्विपमे जर्मनीके छतरी फौज उतरी' शीर्षकको समाचार छापिएको प्रसङ्ग दुर्गाप्रसादले पछिसम्म पनि सुनाउने गर्नुहुन्थ्यो । यसरी दुर्गाप्रसाद काशीमा पढ्दै गर्दा एसिया, युरोप आदि महादेशका जनता, त्यहाँको राजनीति, आर्थिक स्थिति, सैन्य शक्ति आदिका विषयमा ज्ञान बढ्दै जान थाल्यो । त्यही समयमा जर्मनीले आक्रमण गर्दै रुसको राजधानीसम्म पुगेको तर शीतकालीन समय भएकाले कब्जा गर्न नसकेर फर्कन परेको आदि इत्यादि समाचारले गर्दा पनि समाचारपत्र पढ्ने रुचि बढ्न गएको हो । दुर्गाप्रसाद काशीमा पढ्दै गर्दा भारतमा महात्मा गान्धीको नेतृत्वमा 'भारत छोडो' आन्दोलन चलिरहेको थियो । पत्रपत्रिकामा छापिएका खबरबाहेक समसामयिक परिवेश समेत उहाँले सानैबाट बुझ्न थाल्नुभएको थियो । भारतका परम्परागत उद्योगधन्दाहरू अंग्रेजहरूले बन्द गराइदिएका थिए । जेजति औद्योगिक उत्पादनहरू बजारमा पाइन्थे ती सबै विदेशी हुने गर्दथे । सलाइदेखि कपडासम्म बेलायतबाट आउँथ्यो । साइकल जापानबाट आउँथ्यो । यी कुरा दवाडी गुरु पछाडिसम्म बताइरहनुहुन्थ्यो । सायद भारतको यही परालम्वन हटाउनका लागि महात्मा गान्धीले दण्डीमार्च र चर्खा आन्दोलन चलाएका थिए ।

९. अध्ययनमा रुचि र साथीहरूबाट प्रताडना

अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रममा आवासीय विद्यार्थीका रूपमा भर्ना भएपछि दुर्गाप्रसाद दवाडीको अध्ययनमा झन्झन् रुचि बढ्न थाल्यो । पढाइमा सधैं जागरुक दुर्गाप्रसादले गुरुबाट पाएका सबै पाठहरू कण्ठस्थ पारेर सुनाउने गर्नुहुन्थ्यो । आश्रममा सानाठूला सबै उमेरका विद्यार्थीहरू थिए । प्रायः विद्यार्थीहरू स्थानीय क्षेत्रकै थिए भने दुर्गाप्रसाद मात्र परदेशी हुनुहुन्थ्यो । सुरुका दिनहरू भाषामा कठिनाइ भए पनि गुरुले दिएका सबै पाठहरू भोलिपल्ट कण्ठस्थ सुनाउने उहाँको बानी थियो । गुरुले दिएका पाठहरू कण्ठस्थ सुनाउन उहाँ सधैं तत्पर हुनुहुन्थ्यो । त्यसैले गुरुहरू पनि उहाँसँग सन्तुष्ट हुनुहुन्थ्यो । दुर्गाप्रसादभन्दा बढी उमेर भएका तर पाठ नबुझाउने छात्रहरूलाई गुरुहरू दुर्गाप्रसादको उदाहरण दिएर हप्काउने गर्नुहुन्थ्यो । समयसमयमा उनीहरूले सजायँ पनि पाइरहन्थे । त्यसैले ती हुर्केका र पाठ नबुझाउने विद्यार्थीहरू दुर्गाप्रसादलाई गुरुसमक्ष पाठ नबुझाउन दवाव दिन्थे । तर साथीहरूले जतिसुकै

धम्क्याए पनि गुरुहरूलाई पाठ सुनाउन भने दुर्गाप्रसादले छोड्नु भएन। आफूले भनेको नटेर्ने दुर्गाप्रसादलाई ती साथीहरूले एक दिन आश्रममा गुरु नभएको मौका पारेर तीन तलाबाट तल खसालीदिए। फलस्वरूप अगाडिका दुइटा दाँत भाँचिए भने काँधबाट हातको जोर्नी फुस्कियो। जोर्नी फुस्किएको हात लिएर उहाँले धेरै समय बिताउनुपऱ्यो। आफू बालक, माया दया गर्ने कोही नभएको र साथमा खर्च पनि नभएपछि अस्पतालमा लगेर उपचार गरिदिने पनि कोही भएनन्। तर, कोही नभएकाहरूका भगवान् हुन्छन् भनेजस्तै भो। एक दिन एक जना नाईले दुर्गाप्रसादको झुन्डिएको हात देखेर नजिक आए, हात समाए अनि कट्याक्क पार्दै खुस्किएको जोनीलाई पहिलेकै स्थानमा ल्याइदिए। त्यसपछि भने उहाँको हात राम्ररी चल्ने भो तर पनि पहिलेको जस्तो दुरुस्त नदेखिएर केही टेढो नै देखिन्थ्यो। पछिसम्म पनि दुर्गाप्रसादलाई उहाँका आफन्तहरूले सोध्दा घटनाको बेलीविस्तार लगाउनुहुन्थ्यो।

माथि नै उल्लेख गरियो दुर्गाप्रसाद पढाइमा साह्रै लगनशील हुनुहुन्थ्यो। जतिखेर पनि पढेर नै बस्ने बानी पछिसम्म पनि रहिरह्यो। वृद्धावस्थासम्म पनि आफ्नो नित्य पाठपूजा आदिबाट निवृत्त भएपछि कुनै न कुनै ग्रन्थ पल्टाइहाल्ने बानी उहाँको थियो। प्राप्त भएसम्म दैनिक रूपमा खबरपत्रिका पढ्ने बानी त्यहीँ अन्नपूर्णाब्रह्मचर्याश्रममा बसेको लतले काम गरेको हुनुपर्छ।

आश्रममा खेलकुदका लागि खुल्ला ठाउँ नहुनु पनि उहाँका लागि वरदान नै सावित भयो। फुर्सदको समयमा गुरुहरूले दिनुभएका पाठहरू कण्ठस्थ गर्ने, खबर पत्रिका पढ्ने बानी देखेर गुरुहरू तथा सबै विद्यार्थीहरूले उहाँको प्रशंसा गर्थे। यही प्रेरणा र प्रशंसा पनि उहाँका लागि यौटा हौसला बन्न पुग्यो। जीवनभरिका लागि ऊर्जा बन्न पुग्यो। हुन पनि गुरुहरू दुर्गाप्रसादको लगनशीलता र पठनपाठनप्रतिको लगावलाई उदाहरण बनाएर अन्य विद्यार्थीहरूलाई सम्झाउने गर्नुहुन्थ्यो। लगनशील र जेहेनदार विद्यार्थीलाई हौसला बढाउन बेलाबेलामा गुरुहरूले पुरस्कार स्वरूप अतिरिक्त कापी, कलम दिने व्यवस्थासमेत गर्नुभएको थियो। यसरी पुरस्कारसमेत पाउँदा अझ पढौँ, अझ लेखौँ भन्ने उत्साह उहाँमा बढ्दै गयो। त्यसमाथि अन्य विद्यार्थीहरूका अगाडि गुरुहरूले आफ्नो प्रशंसा गरिदिँदा त्यो प्रशंसाले उहाँलाई उच्च मनोबलका साथमा अध्ययनमा लाग्न अभिप्रेरित गरिरह्यो।

ऋषिकुलमा वेद, व्याकरण, अमरकोश, ज्योतिषको पढाइ त हुन्थ्यो नै त्यसका अतिरिक्त मुन्सीद्वारा पढाइने आधुनिक विषयहरू जस्तै हिन्दी, गणित, अर्थशास्त्र, अङ्ग्रेजी आदिको ज्ञानार्जन गर्ने अवसर पनि जुट्दै गयो । त्यस समयमा साधारण विद्यालय कक्षा एकदेखि दससम्म हुने भए पनि संस्कृत गुरुकुलको पढाइ प्रथमा अनि मध्यमा हुँदै अगाडि बढ्थ्यो । प्रथमा चार वर्ष लाग्ने आठ कक्षा सरह हुन्थ्यो । त्यसपछि मध्यमा चाहिँ दस कक्षा सरह दुई वर्षको हुन्थ्यो । उत्तर मध्यमा चाहिँ प्रवीणता प्रमाणपत्र तह सरहको सम्पूर्ण मध्यमा हुने गर्दथ्यो । परीक्षा मूल्याङ्कनको शैली चाहिँ प्रथमा परीक्षा कुनै योग्य गुरुको मातहतमा रहेर दिनुपर्थ्यो । गुरुकुलमा पढे पनि औपचारिक मूल्याङ्कन चाहिँ गुरुद्वारा नै हुने गर्थ्यो । दुर्गाप्रसादले सन् १९४१ (वि. सं. १९९७) मा भागवत् चतुर्वेदी गुरुको मातहतमा प्रथमा परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गर्नुभयो ।

वि. सं. १९९४ सालमा पिताजीका साथमा वनारस पढ्न आउनुभएका दुर्गाप्रसाद एकै चोटी वि. सं. २००० मा मात्र कास्की फर्किनुभयो । केटाकेटी मान्छे एक्लै फर्किने कुरा भएन । कास्कीकोटबाट काशी तीर्थयात्रामा गएका तीर्थयात्रीहरू घर फर्कने क्रममा उनीहरूकै साथ लागेर ६ वर्षपछि मात्र घर फर्कने अवसर जुऱ्यो । यसरी ६ वर्षसम्म काशीमा बस्दा दुर्गाप्रसादले सम्पूर्ण रूपमा नेपाली भाषा बिर्सिसक्नुभएछ । घर आउँदा आमा र छोराको अवस्था उल्लेख गर्न लायकको थियो । ६ वर्षपछि घर फर्केको छोरोलाई अँगालो हालेर आमा बलिन्द्र धारा रुने । आमा आफ्नै सुरमा छोरालाई सुम्सुम्याउँदै केके भन्दै रुँदै गर्न थाल्नुभएछ । तर दुर्गाप्रसादले नेपाली बुझ्नै सक्नुभएनछ । छोरा हिन्दीमा बोल्ने आमा नेपालीमा बोल्ने । छोराले बोलेको आमाले नबुझ्ने, आमाले बोलेको छोराले नबुझ्ने । अनौठो वातावरण सिर्जना हुन पुगेछ । अब चाहिँ पिताजी सेतूपाध्याले साँच्चिकै सेतुको काम गर्नुभएछ ।

ब्रह्मचर्याश्रमको कडा नियममा बाँधिएका दुर्गाप्रसाद घर आउँदा मकै खाँदा पनि धोती फेरेर खान थाल्नुभएछ । सबैले त्यो घटनालाई अनौठो रूपमा लिएछन् । त्यसो त भात खाँदा धोती फेर्ने त्यो समाजमा छँदै थियो । तर पनि भातबाहेक अन्य खानेकुरा खाँदासमेत धोती फेरेको कुराले चाहिँ एउटा एउटा

अनौठो कहानी बन्न पुगेछ । यस पटकको विदामा उहाँ लगभग चार महिना घर बस्नुभयो । त्यस अवधिमा विस्मृत भएको तर मानसपटलमा सानै छँदादेखि रहेको नेपाली पूर्ण रूपमा बोल्ने गर्नुभएछ । विस्तारै काशी जाने समय पनि आएछ । आमा रुन थाल्नु भएछ । आमालाई आफ्ना छोराछोरी जति धेरै भए पनि माया र ममताको कमी कहाँ हुन्छ र ! जाने बेला आमाले नजा छोरा यही बस् भन्नुभएछ । जिन्दगीमा केही बन्नलाई पढ्नुपर्छ भन्ने चेतनाको ज्योति खुलिसकेका दुर्गाप्रसादले म फेरि एक वर्षको छुट्टीमा आइहाल्छु । यस पटक त बाटो नदेखेको हुनाले एक्लै आउन सकिनँ । फेरि म अब १५ वर्षको लाठे पनि भइसकेँ । अब जाँदा पनि त्यही बाटोबाट जाने भएकाले पछि एक्लै पनि आउनसक्छु । आदि इत्यादि कुराबाट आमाको मन बुझाई उहाँ बनारसतिर लाग्नुभएछ ।

त्यसबेला नेपालमा बालविवाहको प्रचलन थियो । सानै भए पनि काम गर्ने सदस्य घरमा थपिँदा ठूलो भरथेग हुन्थ्यो । खेतीपातीलाई सहयोग हुन्थ्यो । एकातिर कृषिकार्यमा सहयोग पुग्ने कुरा त छँदै थियो । त्यसमाथि सामाजिक रीतिरिवाजमा कन्या पर नसर्दै छोरीको बिहे गरिदिनुपर्छ भन्ने धारणा व्याप्त थियो । छोराको पनि ११-१२ वर्षमै बिहे गर्ने चलन थियो । दुर्गाप्रसादका दाजुहरूको पनि एघार बाह्र वर्षमै बिहे भइसकेको थियो । त्यसैले आमाले पढ्न जानुपर्दैन, विवाह गर्नुपर्छ भन्नुहुन्थ्यो । तर दुर्गाप्रसादमा चेतना अभिवृद्धि भइसकेको थियो । साथमा पढाइको रस पनि बसिसकेको थियो । आमालाई अब अर्को चोटी आउँदा विवाह गरौँला भनेर सम्झाइबुझाइ गरी उहाँ काशीतिर लाग्नुभएछ ।

१०. काशी पुनर्गमन

दुर्गाप्रसाद चार महिना घर बसेर दोस्रो पटक काशी जाँदै हुनुहुन्थ्यो । पन्ध वर्षको लाठेलाई नौ वर्षको बालकलाई जस्तो कठिनाइ भएन । यो पटकको यात्रा त्यसो त बुटवलसम्मको पैदल यात्रा छँदै थियो । साथमा डाँडा उकाली ओरालीहरू छँदै थिए । तर पनि बाटोको अनुमान र पहिले चिनारी भइसकेको बाटो भएकाले यो पटक चाहिँ मन आत्तिएन ।

काशीमा सरासर अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रममा पुग्दा त त्यहाँ त

ऋषिकुलको अस्तित्वसम्म छैन । गुरुचेला कोही हुनुहुन्न । एक क्षण त उहाँ रणभुल्ल पर्नुभएछ । पछि शोधपुछ गरेपछि पत्ता लाग्यो ऋषिकुल त ठाउँ अभावले गर्दा ६ कोश परको शिवपुर भन्ने ठाउँमा सरेछ । माथि नै प्रसङ्ग आइसक्यो । फुर्सदको समयमा वटुकहरूले खेल्ने ठाउँसमेत थिएन त्यहाँ । त्यो स्थान घरैघरले भरिएको भएर पठनपाठनले उपयुक्त थिएन पनि । त्यसैले शिवपुरमा आश्रमको स्थानान्तरण भएछ । गुरु पनि सर्नुभएछ । त्यसो त शिवपुरको व्रह्मचायाश्रम वाराणसीबाट बाहिर भने पर्दैनथ्यो । वाराणसीको २५ कोशको वृत्तलाई काशी भनिन्छ । त्यहाँभित्र मरेकाहरू मुक्त हुन्छन् भन्ने मान्यता छ । "वाराणस्यां मरणे लभते मुक्ति" भन्ने प्रमाण नै छ । अन्नपूर्णा मन्दिर परिसरबाट शिवपुरमा सरेको यो क्षेत्र पनि वाराणसीको अन्तिम घेरोभित्र नै पर्थ्यो । तुलनात्मक रूपमा पहिलेको ठाउँभन्दा शिवपुरको आश्रमको क्षेत्रफल विशाल थियो । सन् १९८७ मा ज्येष्ठ सुपुत्र विश्वनाथलाई देखाउन दुर्गाप्रसाद त्यस आश्रममा जानुभएको थियो । विशेष गरी आँपको बगैंचा आश्रम परिसरभित्रै थियो । अम्बा, मेवा, केरा, कागती, कटहर आदिका वृक्षहरू पनि थिए । लगभग २५ जना विद्यार्थीलाई खाना पकाउने र अन्य व्यवस्थापकीय कार्यका लागि एक भण्डारी र अध्यापन कार्यका लागि एक जना स्वनामधन्य गुरु नन्दकिशोर त्रिपाठीको समेत व्यवस्था थियो । त्यसबेला आश्रमलाई सम्पूर्ण मध्यमाको मात्र शिक्षण अनुमति प्राप्त थियो ।

एक भण्डारी र एक शिक्षकको व्यवस्था भएको त्यस ब्रह्मचार्याश्रममा विद्यार्थीहरूले खाना खाएको भाँडा भने आफैँ माझ्नुपर्थ्यो । जमिन धेरै भए पनि आश्रम दान दातव्यले नै चलेको थियो । नियुक्त भएका भण्डारीका पाँच जना सन्तान पनि थिए । तिनीहरूको खानपान पनि यसै आश्रमको आम्दानीबाट चलाउनु उनको बाध्यता थियो । विद्यार्थीको खान्कीबाटै आफू स्वयं, श्रीमती र सन्तानहरूको उदर पुरण गर्नुपर्थ्यो । त्यसैले भण्डारी साना तथा सोझा विद्यार्थीलाई पेटभर खान दिँदैनथे । फेरि कहिलेकाहीँ धेरै रोटी माग्दा विद्यार्थीहरूले मागे भने गालीगलौज मात्र होइन, पिट्नसमेत पछि पर्दैनथे । त्यसको मारमा आफ्ना आफन्त कोही नभएका परदेशी नेपाली विद्यार्थी दुर्गाप्रसाद पर्दथे । बढ्दो उमेरमा भोको पेटले दिन बिताउन गाह्रो हुनेहुँदा फलफूल फलेका समयमा तिनै फलफूलले भोक मेटाउनुहुन्थ्यो । फलफूल नभएका समयमा

बोटका कलिला मुना, फूल र कच्चा दानाहरू नै चपाउने गर्नुहुन्थ्यो । आफूले भोक मार्न गरेका यिनै प्रयत्नहरूको अनुभवले होला दुर्गाप्रसाद जब त्यहीँ आश्रममा अध्यापकका रूपमा नियुक्त हुनुभयो त्यहाँ पढ्न बसेका विद्यार्थीहरू र आगन्तुकहरूको खानपिनमा बडो चासो दिनुहुन्थ्यो । सोधीसोधी चासो दिईदिई खाना थप्न लगाउनुहुन्थ्यो । पछि काठमाडौँको बसाइमा समेत घरमा आएका पाहुनाहरूलाई सोधीसोधी खुवाउने बानी दुर्गाप्रसादको थियो । अतिथि, विद्यार्थी, गुरुजन आदिले संकोचवश आधा पेट खाएर त उठेनन् भनेर उहाँलाई चिन्ता लाग्थ्यो । घरमा आएका पाहुनाहरूलाई श्रीमतीले खाना खुवाइरहेको समयमा आफू आएर खाना थप्न आग्रह गर्नुहुन्थ्यो । साथै आफ्नो घरमा जुनसुकै समयमा आएका भए पनि आगन्तुकहरूको खानपानमा उहाँको चासो रहन्थ्यो । यो बानी दुर्गाप्रसादको जीवनको अन्तिम क्षणसम्म पनि रह्यो । उहाँलाई भेट्न वा केही जिज्ञासा समाधान गर्न आउने जोसुकैलाई पनि केही न केही नखुवाइकन जान नदिने स्वभाव दुर्गाप्रसादको थियो । कोहीकोही आगन्तुक त भर्खरै भोजन गरेर आएका हुन्थे वा तुरुन्तै फर्कने खालका पनि हुन्थे । उनीहरूलाई समेत घरमा फलफूल, काजु, किसमिस, नरिवल, मिश्री, चिया आदि खुवाएर पठाउने बानी थियो । कहिलेकाहीँ आगन्तुकहरूले नाइँ भनेर नमान्दा पनि जिद्धी गरेको देख्दा श्रीमतीले खान्न भन्दाभन्दै पनि किन जबर्जस्ती गर्नुहुन्छ ? भनेर गुनासो पनि गर्नुहुन्थ्यो । दुर्गाप्रसादले सम्झाउँदै भन्नुहुन्थ्यो, “गंगाकी आमा (उहाँ आफ्नी पत्नीलाई नामले नबोलाई जेठी छोरी ‘गंगा’ की माता भएकाले ‘गंगाकी आमा’ भनेर बोलाउनुहुन्थ्यो) । अहिले नै हो, हामीले दिन पाउने भनेको पछि बुढेसकाल लागेपछि छोराबुहारीको अधीनमा परेपछि दिन चाहँदाचाहँदै पनि दिन पाइँदैन । फेरि यो सम्पत्ति मर्दा साथै जाने पनि होइन । दिएको आफ्नो हो, लिएको आफ्नो होइन । त्यसैले घरमा आएका अतिथिलाई जतिसक्दो तृप्त पार्न सक्यो, त्यसको धर्म नै आफ्नो हो । यो सम्पत्ति आफ्नो होइन, आफूसँग परलोक पनि जाँदैन । त्यसैले जतिसक्दो दिनु नै आफ्नो हो । भोकाको उदर तृप्त हुँदा त्यसले आशिक दिन्छ, त्यो नै कल्याणको बाटो हो, गृहस्थ धर्म हो । सञ्चयले धन, धर्म बढ्ने होइन यो त बाँड्दा बढ्छ । मौरीले सञ्चय गरेको मह अरूले नै खाइदिए जस्तै सञ्चय गरेको धन पराइका हातमा पनि पर्न सक्छ । त्यसैले आफ्नो जीवनकालमा जतिसक्दो दान गर्नुपर्छ त्यसैले नै वृद्धि

हुन्छ । भगवान्ले माथिबाट देखाएका छन् आवश्यक परेका बेला चाहिएको बेला उनले नै पुऱ्याउँछन् । नत्र 'आफू ताक्छ मूढो बन्चरो ताक्छ घुँडो' हुन्छ । यसरी बाल्यकालको त्यो दुःखले दुर्गाप्रसादलाई जीवनभरिका लागि मार्गदर्शन गरिरह्यो ।

११. मुरलीधर गुरुको आगमन र शिक्षण पेसा आरम्भ

सन् १९४६ वि. स. २००३ मा शिवपुरस्थित अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रममा व्याकरणाचार्य तथा साहित्याचार्य उत्तीर्ण नवयुवक शिक्षक श्री मुरलीधर पाण्डेयको आगमन भयो । उहाँ अत्यन्त धार्मिक, नैष्ठिक, सदाचारी, दयालु, मनकारी, संयमी तथा परोपकारी हुनुहुन्थ्यो । उहाँको नैतिक, निष्कपट व्यवहार, स्नान, जप, पूजापाठ, शुद्धता, आचार आदिको प्रत्यक्ष प्रभाव छात्राहरूमा पर्दथ्यो । दुर्गाप्रसादमा पनि मुरलीधर गुरुको गहिरो प्रभाव पऱ्यो । गुरुसँग दुर्गाप्रसादका धेरै स्वभावहरू मिल्न गए । सन् १९४७ (वि. सं. २००४) मा सम्पूर्ण मध्यमा उत्तीर्ण गरेपछि दुर्गाप्रसाद त्यस आश्रमबाट अलग्गिनुपर्ने अवस्था आयो । तर, मुरलीधर गुरुले उहाँलाई वेदाध्ययनका लागि उप-शिक्षकका रूपमा त्यहीँ राख्नुभयो, अलग हुनुपरेन । दुर्गाप्रसादले आफूले अध्ययन गरेको अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रममै पढाउन आरम्भ गर्नुभयो ।

अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रम धनी संस्था थिएन । केही दाताको दान र केही स्थानीय व्यक्तिको सहयोगबाट आश्रम सञ्चालित थियो । एक पटक काशी जनपदको नजिक मिर्जापुर खडखडियाका उदार दाता एवम् भूमिपति पं. प्रेमनाथ त्रिपाठीले पच्चीस बोरा चामल आश्रमका लागि दिने वचन दिनुभएछ । चामल लिन मुरलीधर गुरु एवं दुर्गाप्रसाद उहाँको घरसम्म जानुपर्ने भएछ । बडे गुरु नन्दकिशोर त्रिपाठीले आश्रम छोडिसकेको हुनाले त्यसको व्यवस्थापनको जिम्मा मुरलीधर गुरुमा आएको थियो । तसर्थ दुवै जना शिवपुरबाट अरौरा भन्ने ठाउँसम्म सवारी साधनमा जानुभयो । सायंकालमा त्यहीँ बास बसी त्यहाँबाट खडखडियासम्म जानका लागि भने सवारी साधनको व्यवस्था थिएन, पैदलै हिँड्नुपर्थ्यो । लगभग ४-५ कोशको बाटो छ भन्ने सामान्य जानकारी उहाँहरूले पाउनुभयो । ग्रीष्मको समय थियो । ब्रह्ममुहूर्तमै उठेर ४:३० भित्रै सङ्क्षिप्त सन्ध्योपासन गरेर दुवै जना बिहानको आठ बजेसम्म खडखडिया पुगिएला भन्ने

हिसाबले हिँड्नुभयो । विन्ध्यपर्वतको पत्थरिलो बाटो थियो । स-साना झाडी भएको जङ्गल थियो । उकाली-ओराली भने धेरै थिएन । तर, हिँड्दा-हिँड्दा दस बजिसकेको थियो । गन्तव्यमा पुगिएन । घाँटी सुक्यो । उखुम गर्मी छ । साथमा पिउने पानी पनि छैन । लगभग ११ बजेको समयमा पानीको स्रोत भएका ठाउँमा पुग्नुभयो । २-४ वटा ठूला रुख र चौतारो पनि थियो । त्यहीँ बसेर स्नान सन्ध्या गर्ने काम भयो । यस्तैमा अर्को दिशाबाट बरियाँत आइपुग्यो । उनीहरू पनि छहारी र चौतारो अनि पानीको उपलब्धता भएको हुनाले विश्राम गर्न थाले । बरियाँतका मानिसहरूले देखे दुई पण्डितहरूले केही खाएका छैनन् । "तपाइँहरूले केही खानुभएन । यस्तो गर्मी छ, कसरी हिँड्नुहुन्छ ?" भनेर प्रश्न पनि गरे । "चार घण्टाको बाटो छ भन्ने लागेर बिहानै हिँड्दा साथमा केही खानेकुरा पनि बोकिएन" भन्ने उत्तर पाएपछि बरियाँतीहरूले आफुसँग भएको खानेकुरा गुरुहरूलाई दिन खोजे । तर, मुरलीधर गुरुले बिनामूल्य भोक लागे पनि नखाने भन्ने व्रत लिनु भएको रहेछ । बारातीहरूले पनि हामीसँग भएको खानेकुरा कुनै एक व्यक्तिको होइन, सामुहिक हो, कसले पैसा लिने ? त्यसैले सित्तैमा भोजन गर्नुहोस् भनेर अड्डी लिन थाले । अन्त्यमा केही निग्रहका रूपमा मूल्य दिई गुरुद्वयले सातु र गुँड खानुभयो । लगभग दुई बजेपछि घाम केही मधुरो भयो । अब भने सबै जना आ-आफ्नो बाटो लागे ।

यस घटनाबाट दुर्गाप्रसादले जीवनभरका लागि बिनामूल्य आएको कुनै वस्तु ग्रहण गर्नु हुँदैन भन्ने पाठ गुरुबाट सिक्नुभयो । यो पाठलाई दुर्गाप्रसादले जीवनभरि पालना पनि गर्नुभयो ।

सबै जना आ-आफ्नो बाटो लागेपछि हिँड्दा-हिँड्दै पाँच बजिसक्यो गन्तव्यमा अझै पुगिँदैन । बाटो सोध्नलाई बाटामा कोही भेटिँदा पनि भेटिएन । बाटो नचिनेर बाटो बिराएको पनि हुन सक्थ्यो । साँझ पऱ्यो । वनको ठाउँ जङ्गली हिँस्रक जनावरको डर पनि लाग्न थाल्यो । गन्तव्यको कुनै ठेगान छैन । कुनै अलि अग्लो रूखको फेदमा पुगेर बास बस्ने निधो भयो । साथै सन्ध्या गर्नुपर्ने । पानी पनि छैन, के गर्ने ? मुरलीधर गुरुले आपत् परेमा मानसिक सन्ध्या र धुलोको अर्घ्य दिने शास्त्रीय विधान छ भन्नु भएकाले त्यसै गर्नुभयो ।

धुल्यर्घ्य दिएर सन्ध्या सम्पन्न भयो । खानेकुरा केही नभएपछि सुत्ने तरखर गर्न थालियो ।

जङ्गलको ठाउँ छ, भूइँमा सुत्न डर लाग्यो । चामल भर्न भनेर साथमा ल्याएको २५ वटा बोरा थिए, इनारबाट झिकेर पानी खानका लागि साथमा लोहोटा र डोरी पनि थियो । भूँइमा नसुती रुख चढेर रुखका चेपमा बोरा विछ्याएर डोरीले आफूलाई रुखका हाँगालाई बाँधेर निदाउने योजना बन्यो । निद्रामा झुलेका बेला केही गरी रुखबाट खसेमा, मर्ने अवस्था आएमा ज्यूदोले मर्नेको कानमा राम राम भन्ने सल्लाह पनि भयो । तर रुखमा निदाउन सक्ने कुरा पनि भएन । बिहान तीन बजे दुवैजना रुखबाट ओर्लिएर फेदमा बोरा बिछ्याएर पल्टेपछि भुसुक्क निदाउनु भयो । दिन भरिको हिंडाइ, गलित जिउ र रातीको अप्ठेरो बसाइले बिहानको आठ बजेसम्म सुताइदिएछ । चराचुरुङ्गीको कलरव र मानिसहरू बोलेको आवाजले जब निद्रा खुल्यो । को बोल्छ ? भनेर हेर्दा ग्रामीण महिलाहरू रहेछन् । मरूवा फुल्ने समय भएकोले त्यसको फूल टिप्न उनीहरू आएका रहेछन् । उनीहरूसँग बाटो सोध्न खोज्दा बनको माझमा अपरिचित पुरुषहरू देखेमा महिलाहरू भागेछन् । जे होस्, गाउँ नजिकै रहेछ, बेलुका रात भएको हुनाले नदेखेर वनमा बास बसिएछ भन्ने कुराको महसुस भएपछि उहाँहरू हिंडन् थाल्नुभयो । हिंड्दै गर्दा बाटोमै पानीको स्रोत भेटियो । त्यहीं नित्यकर्म पूरा गरेपछि दश बजेतिर खडखडिया पुग्दा पं. प्रेमनाथजीले स्वागत गर्नुभयो । घरमा प्रशस्त गाईहरू थिए । दूध दहीको कुनै कमी थिएन । खानपिन गरिसकेपछि केहीबेर आराम गर्दा २५ बोरा चामल गाडामा राखिपनि सकिएको थियो । गुरुद्वयलाई पंण्डित प्रेमनाथले हाँसीखुशी विदाइ दिनुभयो । मुरलीधर गुरुबाट दुर्गाप्रसादले आपद् धर्मका ज्ञान पनि पाउनुभयो ।

१२. सिपाही बन्ने लहड

मुरलीधर पाण्डेय, नाताले गुरु भए पनि उहाँ दुर्गाप्रसाद भन्दा जम्मा दुईवर्ष मात्रै जेठा हुनुहुन्थ्यो । समवयस्क दुवैको आचार विचार खानपान, दृष्टिकोण लगभग उस्तै थियो । दुवै जनामा कसरी विद्वान् बन्ने भन्ने ध्येय थियो । दुवैजना पढाउँदै र साथमा पढ्दै पनि गर्न थाल्नुभयो । भारतमा अंग्रेजहरूको शासन थियो । प्राइभेट परीक्षा दिने चलन पनि थियो । यसैको प्रभावले दुवै जनाले आइ.ए.को परीक्षा प्राइभेट परीक्षार्थीको रूपमा दिनुभयो । तर विडम्बना मुरलीधर गुरु उत्तीर्ण हुनुभयो, दुर्गाप्रसाद अनुत्तीर्ण हुनुभयो । युवक दुर्गाप्रसादमा यो असफलताले निकै गहिरो नैराश्यता पो ल्याइदियो । 'जोसमा होस्' हुँदैन भनेझैं नैराश्यका साथमा विद्रोहले

मनलाई प्रभाव पार्‍यो । यति विघ्न मिहिनेत र दुःख गरेर पढेको संस्कृत जगत् प्रतिनै उहाँमा विद्रोहमा भावना जाग्यो । झोँकै झोँकमा सिपाही बन्ने लहडले उहाँलाई उचाल्यो । भर्ना हुन इलाहावाद पनि पुग्नुभयो । छाती नपाउनुभयो । गल्लावाला आयो । शिरदेखि पुछारसम्म हेर्‍यो । टुप्पी पालेको छ, धोती लगाएको छ । ब्राह्मण भेष छ । "पढ्न छाडेर तलाई राइफल पड्काउने भूत चड्यो भनेर फड्कार्‍यो, पढाइको महत्त्व बुझायो मायाले सम्झायो अन्त्यमा पूर्व जीवनमा फिर्ता पठायो । गल्लावाला दुर्गाप्रसादका लागि ठूलो मार्गदर्शक बनेर झुल्कियो । आइ.ए. प्राइभेट परीक्षामा असफल भएका झोँकमा पढाइलाई नै तिलाञ्जली दिएर सिपाहीमा भर्ती हुन पुगेको नवयुवकलाई एउटा सिपाहीले नै पढाइको महिमा बोध गराएपछि दुर्गाप्रसादमा बेहोस् भएको मान्छे होस् फर्केजस्तो चेतनाको सञ्चार भयो, कसरी म सिपाहीमा भर्ना हुन आएँ भन्ने भावले आफूलाई अचम्मित पार्‍यो । जे होस्, होस् खुल्यो, झल्याँस्स ब्युँझिएपछि फेरि पठनपाठनतर्फ दुर्गाप्रसाद मोडिनुभयो ।

सानैदेखि पढ्नमा रुची भएको साथै ऋषिकुल ब्रह्मचर्याश्रमको कठोर नियममा बाँधिएको अनि मुरलीधर गुरुको सत्प्रेरणामा उत्प्रेरित दुर्गाप्रसादले आफूलाई पुनः पठनपाठनमै व्यस्त राख्नुभयो । आइ.ए असफल भएर सिपाहीमा भर्ती हुन गएपछिको पुनर्जीवनमा उहाँले झन् उर्जावान् भएर डटेर पढ्न थाल्नुभो । यसै क्रममा सन् १९५० मा व्याकरण शास्त्री, सन् १९५३ मा व्याकरण आचार्य, सन् १९५५ मा विशिष्ट वेदान्त शास्त्री, सन् १९५८ मा वेदान्तमा आचार्य र सन् १९६३ मा दर्शन आचार्य उत्तीर्ण गर्नुभयो । यसका साथमा समानान्तर रूपमा आधुनिक शिक्षातर्फ सन् १९५१ मा हाइस्कुल, सन् १९५६ मा आइ.ए सन् १९५९ मा वि.ए., सन् १९६१ मा हिन्दी एम्.ए. पूरा गर्नुभयो । सन् १९७७ मा आचार्य तहको आगम विषयमा स्वर्णपदक समेत प्राप्त गर्नुभयो ।

१३. विवाह

दोस्रो पल्ट वाराणसी आएको दुई वर्ष पश्चात् छुट्टिमा घर फर्कदा धान रोप्ने समय परेको थियो । सत्र वर्षे लोर्के ठिटो धान रोप्ने समयमा घर आएको छ । सबैजना खेतखेतमा बाउसे गर्न जाँदा घरको तन्नेरी छोरोले घर रुँघेर बस्ने कुरापनि आएन । त्यसैले कास्कीकोटबाट बेँसीफाँट (पामे) मा जाँदा बाउसे र रोपाहाको काम समेत दुर्गाप्रसादले सिक्नुभयो । सानैबाट भारततिर गएर बसेपनि

घरमा आएपछि जानीनजानी काम गर्न थालेपछि विस्तारै खेतीपातीका काममा पनि बानी पर्दै गयो ।

छोरो परदेशमा भएपनि विहे गरिदिन पाए खेतीपातीमा बुहारीबाट सहयोग पाइने आसले हो वा छोराको विहे गरिदिने जिम्मेवारीबाट मुक्ति पाउने चाहनाले हो दुर्गाप्रसाद प्रत्येकपटक घर आउँदा बुबाआमाबाट विहे गर्ने दवावमा पर्न थाल्नुभयो । अकारण यस्तो दबाब आएको थिएन । गाउँका अन्य दौंतरीको तुलनामा दुर्गाप्रसादको विवाह गर्न ढिलो भइरहेको थियो । एक त घरमा भन्दा परदेशमै बसाइ बढि भएको अनि छुट्टिमा घर आउँदा प्रायः कि खेत रोप्ने चटारोको समय कि दशैंको चाडवाडको समय पर्ने हुनाले विहे गर्ने लगन जुरेकै थिएन । तर समय आएपछि पं. अग्निधर तिम्सेनाकी पुत्री छाया देवीसँग वि.सं. २००७ सालमा दुर्गाप्रसादको विहे सम्पन्न भयो । विहे गर्दा दुर्गाप्रसाद २२ वर्षका हुनुहुन्थ्यो भने छायाँदेवी १२ वर्षकी ससुरा पं. अग्निधरका कान्छा भाइ आवाल ब्रह्मचारी हुनुहुन्थ्यो । उहाँले जरको भोटो तथा काठको कौपिन लगाउनुहुन्थयो । जटा पाल्नुहुन्थ्यो । पुरोहित कुलमा जन्मेका अग्निधर पनि सानैमा पढ्न बनारसनै पुगेका थिए । त्यहिँबाट उनी आसामको ह्याप्लुङ् भन्ने ठाउँमा महन्त (पूजारी) भएका थिए । विवाहको महिनादिन पछि दुर्गाप्रसाद अध्ययनार्थ पुनः वाराणसी फर्कनुभयो ।

१४. पथप्रदर्शक दुर्गाप्रसादः-

सानैदेखि अध्ययनमा रुची राख्ने दुर्गाप्रसाद आफूँ मात्रै विद्यालयमा रमाउनु भएन बरु आफ्ना दाजुभाइ इष्टमित्रलाई समेत विद्याको रस चखाउन उद्दत हुनुभयो । उहाँले सवैप्रथम काका (कान्छा बा) का छोरा तारानाथ दवाडीलाई वि.सं. २०१० मा काशी लिएर जानुभयो र आफैंले पढाउने अन्नपूर्णऋषिकुलब्रह्मचर्याश्रममा भर्ना गरिदिनुभयो । त्यसपछि क्रमशः ईश्वरी दवाडी, प्रेमनाथ दवाडी, ठाकुरप्रसाद दवाडी, हरिप्रसाद पौडेल, दामोदर पौडेल, गंगाधर तिमसेना, कृष्णप्रसादकृष्ण तिमसेना, पूर्ण भद्र तिमसेना, चन्द्रकान्त दवाडी आदि थुप्रै छात्रलाई बनारस लगेर आफैंसँग राखेर शिक्षा दिलाउनुभयो । त्यसमध्ये धेरैले शिक्षक बनेर शिक्षाको ज्योति छर्ने काम गरे भने कोही मन्दिर पूजारी भएर देश विदेश पुगे । दुर्गाप्रसाद सधैं "विद्या वन्ध्या छुँदिनन्" भनेर भन्नुहुन्थ्यो । हो पनि, त्यसै अनुरूप नै ती सबै शिक्षार्थीहरूले आफूले हाँसिल गरेको विद्या अनुरूप जीवन विताउन सफल देखिन्दछन् । दुर्गाप्रसाद

सबैलाई विद्या आर्जन गर्न सधैँ प्रेरणा दिनुहुन्थ्यो । तर पूर्वजन्मको संस्कारले पनि काम गर्दो रहेछ । दुर्गाप्रसादमा आत्मचेतना थियो, अध्ययनमा लगाव थियो, निरन्तरता थियो, समर्पण थियो । त्यसमाथि माता सरस्वतीको कृपा थियो । दुर्गाप्रसादले काशीमा विद्याध्ययनमा लाग्नुभएका भाइछोरा भतिजाहरू सबैमा त्यो चेतना र लगनशीलताको उत्कर्ष थिएन । वेलावेलामा उनीहरू घर फर्कन्थे । कतिपय विद्यार्थीहरू आफूलाई मन लागेको बेलामा त्यहाँ जाने र केही महिना बसेर फर्कने गर्ने थाले । यसले गुरुकुलको व्यवस्थापनमा असहजको अवस्था सृजना हुन पुग्यो । ब्रह्मचर्याश्रमको व्यवस्थापनमा प्रतिकुलता नहोस् भन्ने मनसायले दुर्गाप्रसादले आश्रम बाहिर नै बस्ने र पढाउने समयमा मात्रै त्यहाँ जाने क्रमको थालनी गर्नुभयो । यसले आश्रमको आर्थिक बोझ कम हुन थाल्यो । तर अब त्यस आश्रमबाट प्राप्त हुने पारिश्रमिकबाट मात्रै आफू र आफ्नो आश्रममा बस्ने सबै विद्यार्थीहरूलाई भोजनको व्यवस्था गर्न धौ धौ पर्न थाल्यो । अन्य आयका स्रोतहरूको खोजी गर्ने क्रम पनि शुरु भयो । यसरी विद्यार्थीका रूपमा वि.सं. १९९४ मा प्रवेश गरेका दुर्गाप्रसादले वि.सं. २००४ (सन् १९४७ देखि लगभग आठ वर्ष सम्म सन् १९५७) सम्म त्यहीँ पढाउनुभयो ।

माथिका प्रसङ्गहरूमा पनि उल्लेख भइसकेको छ, दुर्गाप्रसादमा ज्ञानको भोक जागेको थियो । पढेर विद्वान् बन्नुपर्छ, सधैँ ज्ञानको खोजीमा लागिरहनुपर्छ भन्ने प्रेरणा त्यहींका गुरुहरूबाट पाउनुभएको थियो । गुरु लालविहारी शास्त्री, मुरलीधर पाण्डेय जस्ता गुरुहरूको प्रेरणा र सान्निध्यबाट दुर्गाप्रसादमा ज्ञानपिपासा झन् बढेर गयो । सन् १९४६ मा मुरलीधर गुरुको सान्निध्यले उहाँमा जीवनका लागि मार्गदर्शन प्राप्त भइरह्यो । विद्यालाई निरन्तरता दिन कुनै न कुनै परीक्षाको तयारी गरिरहनुपर्छ भन्ने दुर्गाप्रसादको धारणा थियो । परीक्षाका तयारीका लागि पढिन्छ भन्ने कुरामा दुर्गाप्रसाद विश्वास गर्नुहुन्थ्यो । व्याकरणाचार्य मुरलीधर पाण्डेयको साथ पाएका दुर्गाप्रसादले उहाँकै मार्गदर्शन र प्रेरणाले व्याकरणमा शास्त्री उत्तीर्ण गर्नुभयो । गुरुकै साथ र निर्देशनले दुवै जनाले कहिले सँगै र कहिले अघिपछि गर्दै आधुनिक शिक्षातर्फ एस्.एल.सी., प्रवीणता प्रमाणपत्र, स्नातक र हिन्दी विषयमा चाँहि स्नातकोत्तर तह समेत उत्तीर्ण गर्नुभयो ।

पढ्ने कुराले दुर्गाप्रसादलाई कतिसम्म मोहनी लगाएको रहेछ भन्ने यौटा

उदाहरण यहाँ छ। आफूले अध्यापन गराउँदै आएको अन्नपूर्णऋषिकुलब्रह्मचर्याश्रममा बिहानीपख अध्ययन गरेर दुर्गाप्रसादले दिवा कलेजमा पढ्न थाल्नुभएछ। यो कुरा गुरुकुलका अधिकारीलाई मन परेन। दुर्गाप्रसादले 'म आफ्नो पढाउने सबै कार्य बिहान बेलुका जसरी पनि पूर्ण गरेर छात्रहरूलाई सन्तुष्ट बनाउँछु' भन्दा पनि अधिकारीहरूलाई चित्त नबुझेपछि उहाँले ऋषिकुल ब्रह्मचर्याश्रम छोडेर त्यहीं नजिकैको राजा गर्भ शाहको जगाको सानो कुटियामा बस्न थाल्नुभएछ। यसरी अब सानै भए पनि नियमित आयको स्रोत बन्द भएपछि उहाँले वैद्यका घरमा पूजा गरिदिन थाल्नुभएछ। त्यसवापत दैनिक १ रुपियाँ र १ गिलास दूध पारिश्रमिकको रूपमा पाउन थाल्नुभयो। साथमा उनै वैद्यका र अन्य व्यक्तिका छोराछोरीहरूलाई ट्युसन पनि पढाउन थाल्नुभयो। यसरी आफूसँग आश्रित नेपालका छात्रहरूलाई भोजनको व्यवस्था गर्नुभयो। विस्तारै पछि काशीका विभिन्न आवासीय विद्यालयहरूमा सबै छात्रहरूलाई पढ्न र खानपानको व्यवस्था मिलाइदिनुभयो। नेपालबाट छात्रहरू आउनेजाने प्रक्रियापनि सधैँ चलिरहने भएकाले उहाँसँग २/३ विद्यार्थीहरूको साथ कहिल्यै छुटेन।

१५. नेपाली धर्मशाला र नेपाली विद्यालय

त्यसै समयमा बनारस मंगलगौरीमा गुरु कृष्णप्रसाद ढुङ्गाना र गोविन्द सुवेदीले नेपाली महाविद्यालय चलाउनुभएको थियो। प्राचार्य कृष्णप्रसाद ढुङ्गाना हुनुहुन्थ्यो जो आवाल ब्रह्मचारी हुनुहुन्थ्यो भने गोविन्दप्रसाद सुवेदी चाहिँ गृहस्थ हुनुहुन्थ्यो। त्यस समयमा नेपाली छात्रावास, नेपाली धर्मशाला, जगदम्बा धर्शाला, दुर्गा धर्मशाला बनाउन र जग्गा किन्न ती दुई गुरुहरूको ठूलो योगदान थियो। ढुङ्गाना गुरुले आफूले पाउने तलब १२०-३०० सम्पूर्ण त्यहीँ लगाउनु हुन्थ्यो। साथै प्राध्यापक गंगाधर बास्तोला, राधाकृष्ण अधिकारी, मुकुन्द शर्मा, पद्मनाथ निरौला, केशव शर्मा बास्तोला, दुर्गाप्रसाद दवाडी, चन्द्रकान्त भट्टराई पनि त्यहिँ कार्यरत हुनुहुन्थ्यो। प्राचार्य कृष्णप्रसाद ढुङ्गाना आपसी सहमतीमा त्यहाँ पढाउने गुरुहरूलाई आवश्यक खर्च दिएर बाँकी तलब र नेपालका धर्म परायण तीर्थ यात्री र घरानाहरूको दान दातव्यले नै त्यहाँ जग्गा किनेर ती भवनहरू बनाउनु भएको हो। यसमा जगदम्बा धर्मशाला चाहिँ रानी जगदम्बाको दानले बनेको हो। यो धर्मशाला अरु धर्मशालाहरूको तुलनात्रममा सुविधायुक्त पनि छ।

यसरी त्यहाँ पढ्ने नेपाली विद्यार्थीहरूलाई प्रोत्साहन दिने वातावरण तयार भएको थियो । राम्रा अक्षर लेख्ने विद्यार्थीहरूलाई कलम-कापी पुरस्कार दिने, पाठ कण्ठस्थ सुनाउने विद्यार्थीहरूलाई नगद पुरस्कार दिने, विभिन्न शैक्षिक प्रतियोगिता, हिज्जे, वादविवाद, शास्त्र परिचर्चा, श्लोक अन्ताक्षरी आदि आदि कार्यक्रमहरूको माध्यमद्वारा विद्यार्थीहरूलाई प्रोत्साहन दिने कार्य गरिन्थ्यो । दुर्गाप्रसादले आफूलाई अन्य ठाउँमा गरेको कामले खान पुग्ने भएकाले यहाँबाट प्राप्त हुने सबै तलब विद्यालयाई समर्पित गर्नुभएको थियो ।

१६. विद्यालय शिक्षक र सरकारी अधिकृत

पढ्दै परीक्षा दिँदै र बाँच्नका लागि पूजापाठ, ट्यूसन आदि गर्दै आउनु भएका दुर्गाप्रसादले शिवपुरबाट साइकलमा एक डेढ घण्टा जति समय लाग्ने आयर भन्ने ठाउँमा माध्यमिक विद्यालयमा हिन्दी विषय पढाउने अवसर पाउनुभयो । त्यहाँ उहाँको निरन्तरता २०२५ वि.सं. मा त्रिभुवन विश्वविद्यालयमा संस्कृत दर्शन विभागमा प्रवेश पाउने समयसम्म रह्यो । संस्कृत विषयको ज्ञान, धार्मिक निष्ठा र आचरणमा रहेका दुर्गाप्रसादले साधारण विद्यालयमा आफ्नो भिन्न प्रभाव छोड्नुभएको थियो । उहाँको आचरणले त्यहाँका विद्यार्थी र शिक्षकमा कौतुहलता जगायो । धोती-कुर्ताको पहिरान, लामो टुप्पी, सरल स्वभाव, दयालु र करुण रसले घनिभूत, मर्यादित र नैष्ठिक व्यवहारले उहाँले सबैको ध्यान खिच्न सफल हुनुभएको थियो । एक आदर्श शिक्षकको रूपमा । उहाँको उपस्थितीले विद्यालय हाता भित्रको सरस्वती मन्दिरमा सफाइ तथा नित्य पूजा हुन थाल्यो । सधैँ सरस्वती मन्दिरको दर्शन गरेपछि मात्र अध्यापन कक्षमा छिर्ने उहाँको दैनिकी देखेपछि विद्यार्थीहरूले पनि त्यसै गर्न थाले । परीक्षाका दिनहरूमा लाइन लागेर विद्यार्थीहरूले सरस्वतीको दर्शन गरेपछि मात्र परीक्षाहलमा जाने गर्थे । विहानी प्रार्थनामा दुर्गाप्रसादले विद्यार्थीहरूलाई केही न केही प्रेरणामूलक मन्तव्य दिने गर्नुहुन्थ्यो ।

यसै बीचमा दुर्गाप्रसाद लोकसेवाको परीक्षामा पनि सम्मिलित हुनुभयो । उत्तीर्ण हुन सम्भव छैन भन्ने लागेको भएपनि नतिजा राम्रो आइदिँदा साथीहरूसँग उहाँको सल्लाह भयो । “सरकारी अफिसरको जागिर ठूलो कुरा हो, यसकालागि मानिसहरू ठूलो मिहिनेत गर्छन् पछि छोराछोरी पढाउन लेखाउन पनि सजिलो हुन्छ”

भनेर सबैले सम्झाएर उहाँलाई विदाइ गरे । सन् १९६३-८-२ (वि.सं. २०२० भाद्र शुक्ल दशमी) का दिन आफू पोष्टिङ् भएको पडरौना डायरीमा समेत उतार्नुएको छ । डायरी हिन्दीमा लेखिएको छ ।

"म पडरौनामा छु । यहाँ आउनुको कथा विचित्रको छ । लोकसेवा आयोगबाट निर्वाचित भएको सूचना प्राप्त भयो । साथीहरू, इष्टमित्रहरू, गुरुजन तथा स्वयं विश्वनाथको आज्ञा भयो । "जाऊ" आज अस्वीकार गर्न सकिन । आउन पाएको थिइन, ब्रह्महत्या जस्तो भयो । मेरा पूर्वाधिकारीलाई हटाउनु पऱ्यो । अवधविहारी ओझाको स्थानमा नियुक्ति भयो । मानस मन्थन चलिरह्यो । दुइ दिन पछि नै फेरी काशी गएँ । साथीहरूसँग परामर्श गरेँ । शिकायत गरेँ । मनमनै राजिनामा दिने निश्चय गरेँ । वाराणसीका वृद्ध पण्डित वासुदेवजीसँग पनि सोधेको थिएँ । उहाँले भन्नुभो, "वडो भयङ्कर समय छ । अर्थको प्रधानता छ । कहिल्यै पनि नछोड्नु । पैसा रह्यो भने वृद्धावस्थामा काशीवास गरौँला पिताका लागि पनि चिन्तित हुनुपर्ने आवश्यकता छैन । उहाँको पुण्य रहेछ भने काशीमा देहत्याग हुनेनै छ नत्र करौडौं उपायद्वारा पनि संभव छैन । तिम्रा सन्तान के खाएर बाँच्लान् ? "गुरुजी लालविहारीजी दुधनाथजी सबैको यही आदेश थियो । अन्तमा गुरुजी (मुरलीधर) ले अवश्य भन्नुभयो कि आफ्नो हृदयसँग सोध, त्यसले ने निर्णय दिन्छ, त्यही ठिक हो ।"

पाँच पृष्ठ जति यस्तै यस्तै दोधारका कुराहरू दुर्गाप्रसादले आफ्नो डायरीमा हिन्दीमा लेख्नुभएको छ । (डायरीका केही अंशहरूलाई दुर्गाप्रसादका हस्तलिखित नमूनाका पृष्ठहरूमा समावेश गरिएको छ) अन्तमा निकै मानसिक द्वन्द्वपछि दुर्गाप्रसादले अधिकृतको पदबाट राजिनामा दिनुभयो । यसै बीचमा आयरको हिन्दी विद्यालय पनि छोडिदिनुभयो । यसरी दिनहरू बित्दै जाँदा चार वर्ष बिते ।

१७. निराशाका दिनहरू:

कार्तिक शुक्ल १, सं २०२४/३/११ मा लेखिएको डायरीबाट दुर्गाप्रसादको मानसिक उथलपुथल थाहा लाग्छ । जीवनका केही थोरै क्षण कति महत्त्वपूर्ण हुन्छन् । जब भावनाहरू हृदयमा अट्दैनन् यिनलाई लिपीबद्ध गर्ने रहर हुँदो रहेछ । यस्ता क्षणहरू तब आउँछन्, जब या त पूर्णतः असम्भवित सफलता प्राप्त हुने गर्छन अथवा असफलता । कहिँ कहिँ यसैको पृष्ठमा मैले आफ्नो सफलताको उमङ्गहरू एवं त्यसबाट उत्पन्न हुने स्वात्म प्रतिक्रियाहरूको उल्लेख गरेको छु ।

अन्तमा मैले त्यो स्थानलाई छाडिदिएँ, यद्यपि भगवान शंकरको आदेश थिएन। जे भयो त्यसको लागि कुनै शोक छैन। जीवन हो, बाटो विराउने डर त रहन्छ नै। कति गल्ती होलान्, कुनै सीमा छ र ? साँच्चै नै 'To do error is human nature' (त्रुटि गर्नु मानव स्वभाव हो) को यो उक्ति अत्यन्त यथार्थ छ। आज म लेख्न बस्दै गर्दा केही यस्तै परिस्थितिबाट गुज्रदैं छु। नारायण पार्कमा छु, राजेन्द्रको घरमा। पडरौना छोडेर म पछुताएको थिए। त्यसपछि आएर तीन वर्षसम्म पत्नी पनि मेरै साथमा रहिन्। यसवेला उनी घरमा छिन्। उनी माथि मेरो बडो ममता छ। अब त मेरा तीन सन्तानहरू पनि छन्। उनीहरूको स्मृति बराबर आइरहन्छ, वात्सल्यपूर्ण। पथच्यूत जस्तो भइरहेको छु। लेख्नु के थियो, के लेख्दै छु। अँ, म भन्दै थिएँ, पडरौना छोडेपछि म नेपाल धाउन शुरु गरैं। पुग्नासाथ प्रशासन सेवाको सूचना निस्कियो, आवेदन दिएँ। भदौमा फेरि गएँ, परीक्षा छुटिसकेछ। मङ्सिरमा पुनः गएर परीक्षा दिएँ, राजनीतिमा अनुत्तीर्ण भएँ। पुनः आवेदन पत्र भर्नका लागि राधाकृष्णजीलाई लेखैं, भरिदिनुभयो। परीक्षा दिएँ जेठ २०२३ मा। तर फेरि अनुत्तीर्ण भएँ। यसै समयमा त्रि.वि.वि.को व्याकरण, दर्शन वेदान्तका लागि प्राध्यापक पदमा आवेदन दिएँ। जेठ २०२४ मा अन्तर्वार्ता भयो, फेरि अनुत्तीर्ण भएँ। त्यसबेलासम्म हिन्दी विषयको प्राध्यापक पदमा पद्मकन्या कलेजमा विज्ञापन प्रकाशित भयो। फेरि राधाकृष्णजीलाई लेखैं। उहाँले काम गरिदिनुभयो। २०२४-६-२१ मा अन्तर्वार्ता भयो। दुवैमा असफल भएँ। आज ४-११-६७(इ.सं) हो जब यसलाई पुनः लेख्दैछु। हिजोबाट आजको परिस्थिति बलदिए झैं भएको छ। म के हुँ स्वयंले नबुझेको अवस्था छ। यसपल्ट मैले वडो परिश्रम गरेको थिएँ। गुह्येश्वरीको मन्दिरमा नौ दिनसम्म चण्डी पाठ गरैं। सप्तमीको दिनमा दक्षिणकाली दर्शन गरैं। शोभा भगवतीको पनि दर्शन गरैं, तर पनि फेरि त्यस्तै नै छ। के देव दर्शनको कुनै महत्त्व हुँदैन र ? के पुण्यकार्यले केही गर्दैन र ? के कर्म निस्फल छ ? यस्तो त हुन सक्दैन। प्रतिदिन पशुपतिनाथलाई जल चढाउँदै गरैं। तर भाग्यमा जे थियो, त्यो भयो । रौं मात्र यताउता भएन। अब फेरि दर्शनको विज्ञापन निक्लिएको छ, त्रिभुवनमा। राधाकृष्णजीका उपरनै निर्भर छ, आवेदन गर्ने वा नगर्ने विषयमा। मैले त लेखेर छोडिदिएको छु। ठिकै छ, जे हुने हो, भै जाओस्। तर पनि विधिको कस्तो विचित्र विधान छ। असफलता एक हैन, दुई हैन, पाँच पाँच असफलता एक साथ। मलाई असफलता मिलेको थियो-

इन्टरमा । तर यस्तो किसिमको त हैन जस्तो यस पटक मिल्दै छ । भगवान्सँग पनि के भनूँ ? मेरा दुष्कृत नै त यहाँ परिरहेको छ । तर भगवान् यो त बताइदिनुहोस् कि मेरा दृष्कृत के ? हजुर त महान् हुनुहुन्छ । के त्यसले हजुरको गौरवलाई पनि धुमिल गराउन सक्छ र ?"

धेरै प्रयास गरेपछि यस पटकको दर्शन विषयको उप-प्राध्यापक परीक्षामा भने दुर्गाप्रसाद उत्तीर्ण हुनुभयो र २०२५-३-१२ वि.सं. मा त्रिभुवन विश्वविद्यालयमा नियुक्ति पत्र पाउनुभयो ।

१८. सन्तान सुख

दुर्गाप्रसाद र छायादेवीको परिणय २००७ सालमा भएपनि २०१९ माघ महिना नभइ सन्तानको पहिलो सुख प्राप्त भएन । एक त १२ वर्षकी बालिका विवाह गरेर ल्याएको अनि लगत्तै पुन काशी फर्कनु परेकाले हुन सक्छ । फेरि एक वर्ष बिराएर मात्र घर फर्कने भएकाले पनि ढिलो भएको हुनसक्छ । तर विवाह भएको १२ वर्षसम्म पनि सन्तान नहुँदा घरमा अर्को विवाह गर्नुपर्ने दबाब त नपर्ने कुरै भएन । सेतूपाध्याय स्वयंले तीन विवाह गर्नुभएको थियो । जेठा छोरा रामप्रसादको पनि दुई विवाह भएको थिए । त्यस समयमा बहुविवाहलाई सामान्य रूपमा नै लिइन्थ्यो । तर बनारस बसेर पढेका दुर्गाप्रसाद त्यसका लागि राजी हुनुहुन्थेन र उहाँ राम मर्यादा पुरुषको चरित्रबाट प्रभावित हुनुहुन्थ्यो । जे होस् अन्ततः पहिलो सन्तानका रूपमा कास्कीकोटमा २०१९ माघ महिनामा जेठी छोरी गंगाको जन्म भयो । त्यसको दुईवर्षपछि वाराणसीमा द्वितीय सन्तानको रूपमा छोरी सुशीलाको जन्म भयो भने त्यसको दुई वर्षपछि बनारसमै तृतीय सन्तानको रूपमा छोरा विश्वनाथको जन्म भयो । त्यसको तीन वर्षपछि चौथो सन्तानका रूपमा छोरा पशुपतिको जन्म भयो ।

१९. आय आर्जन

दुर्गाप्रसादले २००४(१९४६) पछि पढाउन आफैले पढेकै अन्नपूर्णब्रह्मचर्य आश्रम शिवपुरमा सहायक शिक्षकका रूपमा वेद पढाउन थाल्नुभएको कुरा पहिले नै आइसकेको छ । त्यो संस्था पनि धनी नभएकाले महिनाको रु ३० जीविकाका लागि दिइन्थ्यो । त्यो पनि समयमा पाउन गाह्रो थियो । तर त्यहीं वास र खानपिन भएकाले सहज नै मान्नुपर्छ । आर्थिक दृष्टिले कमजोर संस्थाले आफूलाई जीवित राख्न साह्रै गाह्रो थियो । रासनकार्ड (कण्ट्रोल) को जमाना थियो । कार्डबाट

आउने अन्न गहुँ, चामल आदि महगोंमा बाहिर बेचेर सस्तो जौ किनेर त्यसको रोटी विद्यार्थीहरूलाई दिएर चलाउनु परेको थियो । यस्तोमा तलब बेलामा पाउने कुरै भएन । तर धार्मिक दान परायण श्रद्धालु व्यक्तिले दिएको दानको आधारमा संस्था चलेको थियो । श्रद्धालु जनले आफ्ना पितृको श्राद्धका दिन, वार्षिकी, जन्मदिन आदिमा ब्राह्मण भोजनका रूपमा दिने द्रव्य तथा जिन्सी दानले काम चलेको थियो । पढाउन थालेको ३-४ वर्ष पछि दुर्गाप्रसाद त्यहाँ आवासीय गुरुबाट डे स्कलर गुरु बन्नुभयो अर्थात् आश्रम बाहिर बस्न थाल्नुभयो । यसले संस्थालाई पनि आर्थिक भार केही कम भयो भने उहाँलाई पनि बाँकी समयमा आफ्नो अध्ययन र अतिरिक्त आय आर्जन गर्ने बाटो खुल्यो । यसरी आफूले कमाएर खर्च गरेर बचेको पैसा घर फर्कदा आफ्ना पिताजीलाई उहाँले दिने गर्नुहुन्थ्यो । समयक्रमसँगै २०११ सालमा उहाँहरू छुट्टिनु भयो । त्यसबेला सँगै छँदा कमाएको रकमबाट उहाँले रु चालिसका दरले दाजुभाइहरूलाई बाँडिदिनु भयो । आफ्नो कमाइ नबाँडेका भए पनि हुन्थ्यो । कसैलाई केही थाहा हुँदैनथ्यो । तर सँगै कमाएको सबैजसो कमाइ साझा हुन्छ भन्ने उहाँको मान्यता र काशीमा पाएको धार्मिक शिक्षाले दुर्गाप्रसादमा उदारता पैदा गरेको थियो ।

यसपछिका वर्षहरूमा काशीबाट विदामा घर फर्किदा आफ्नो कमाइबाट बचेको पैसा एक हजारदेखि दुई हजारसम्म आफ्ना पितालाई दिनुहुन्थ्यो । पिताजीले त्यसको सदुपयोग गरिदिनु हुन्थ्यो । कास्की डाँडाको तिवारीको गह्रो डेढ हल (लगभग ४ रोपनी जग्गा) र बेंसी ताल गह्रो डेढ हल (४ रोपनी जग्गा) त्यही पैसाले उहाँका पिता सेतूपाध्याले दुर्गाप्रसादका नाममा किनिदिनु भएको हो । छुट्टिए पछि मातापिता उहाँसँगै बस्नु भएको थियो । दुर्गाप्रसाद यातायातका दृष्टिले आइजाई गर्न कठिन भएका कारण १-२ दुई वर्ष बिराएर मात्र घर फर्कनु हुन्थ्यो । पिता भने विभिन्न बहानामा छोरालाई घर बोलाउनु हुन्थ्यो । यसमा उहाँकी माता मधी देवीको विशेष आग्रह हुन्थ्यो । अरु सन्तानलाई सधैं आँखा अगाडि देखे पनि एक सन्तानलाई देख्न नपाउँदा आमाको मन दुख्थ्यो । के भयो होला ? बिरामी पऱ्यो अथवा अन्य केही भयो कि ? आदि चिन्ता लाग्दथ्यो । पिता सेतूपाध्या पनि विभिन्न बहाना बनाई उहाँलाई चिठ्ठी लेखेर बोलाउनु हुन्थ्यो ।

२०. मातृवियोग र काशी पुनर्गमनः-

यस्तैमा २०१५ साल आषाढ महिनामा मधी देवीको स्वर्गारोहण भएछ ।

पिताले टाढाको कुरा भएकाले तिम्री आमा साह्रै विरामी छन् तुरुन्त आऊ तिमीलाई देख्न मन गरेकी छन् भनेर चिठी पठाउनु भयो । तर दुर्गाप्रसादले पिताले यसभन्दा अघि पनि विभिन्न बहाना गरी बोलाउने भएकाले दशैँमा मात्रै घर जान्छु भनी दशैँमा मात्र आउनु भयो । आफ्नी आमाको अन्तिम मुख पनि हेर्न नपाउनु भएकाले उहाँलाई साह्रै दुःख लाग्यो र ठाडो किरिया गर्नुभयो । वर्ष दिनसम्म वार्षिकी बार्नु भयो । यसको सूचना आफूले पढाउने गुरुकुल आश्रमलाई पत्रद्वारा दिनुभयो ।

वर्ष दिनपछि पत्नी छाया देवी र पिताका साथै अन्य भाइहरूले अब काशी नजानु यहीँ जागिर गरे हुन्छ भनेर धेरै सम्झाए । त्यस बेलासम्म दुर्गाप्रसादले व्याकरण र वेदान्तमा आचार्य गरिसक्नु भएको थियो । दुर्गाप्रसादले पनि हुन्छ विचार गरौँला तर त्यहाँका सामान तथा मुख्य कुरा लब्धाङ्कपत्र लिन त जानु पऱ्यो भनेर काशीतर्फ लाग्नुभयो ।

त्यहाँ पुगेपछि साथीभाइसँग सरसल्लाह गर्दा गाउँमा गएर के हुन्छ ? जीविका पनि छैन यहाँ जीविका पनि राम्रो पाइन्छ । अझ अध्ययन गरेर विद्वान् पनि बन्न सकिन्छ । अझ योग्य बनेर फर्कंदा राम्रो अवसर पाउन सकिन्छ भन्ने सल्लाह दुर्गाप्रसादलाई राम्रै लाग्यो । आश्रममा नयाँ अध्यापक आइसकेका थिए । छात्रहरूलाई नपढाइ त्यतिकै राख्ने कुरा पनि भएन । दुर्गाप्रसादले तुरुन्तै जीविका पाउने कुरा पनि भएन । केही दिनको मिहिनेत र साथीहरूको सहयोगमा वैद्यनामक एक सज्जन सेठको घरमा बिहानीको पूजा गरिदिने काम पाइयो । दिनको १ रूपैँया दक्षिणा र एक गिलास दूध पारिश्रमिक यहाँ पाइयो ।

आधुनिक शिक्षतर्फ B.A. को विद्यार्थी पनि भएकाले ट्यूसन पढाउन पनि खोज्नु भयो । तत्पश्चात् अरु केही घरमा बच्चाहरूलाई ट्युसन पढाउने व्यवस्था भयो । दुर्गाप्रसादले विभिन्न स्थानमा रोजगारीका लागि आवेदन पनि दिनुभयो । जसको फलस्वरूप शिवपुरबाट साइकलको यात्राबाट करिब एक डेढ घण्टामा पुगिने आयर भन्ने स्थानमा हिन्दी विषयको शिक्षकका रूपमा नियुक्ति पाउनु भयो ।

२१. नेपाल–काठमाडौँ आगमन

२०२५/३/१२ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर संस्कृत विभाग अन्तर्गत दर्शन विषयमा नियुक्ति पाएको मितिले छ महिनासम्म क्षेत्रपाटीमा शिष्य कृष्ण तिमसेनाका साथ दुर्गाप्रसाद बस्नु भयो भने त्यसपछि त्रिपुरेश्वर क्वार्टर जहाँ अहिले

World Trade Center छ त्यहाँ बस्न थाल्नु भयो ।

काशीमा प्रातः स्नान गंगा वा इनारमा मध्ये एक रोज्ने गुरुलाई त्रिपुरेश्वरबाट वाग्मती स्नान गर्न नजिक पनि भयो । त्यस समयमा पशुपति मन्दिरमा भट्ट (पुजारी) का रूपमा रावल अनन्त कृष्ण सोमयाजी नियुक्त हुनुभएको थियो । अब युवक भट्ट पाठ लगाउन दुर्गाप्रसादको वास त्रिपुरेश्वरमा आउनुहुन्थ्यो । साथै योगी नरहरिनाथ पनि धार्मिक सरसल्लाहका लागि आउनुहुन्थ्यो । कतिपटक त शास्त्रचर्चा गर्दागर्दै राति ढिलो भएकाले त्यहीँ वास पनि बस्नु भएको थियो । त्यसबेला पृथ्वी राजमार्ग बन्ने क्रममा रहेकाले दशैंमा बुबाको हातको टीका लगाउन हवाइजहाज (डकोटा) बाट यात्रा गर्नुहुन्थ्यो । शहरीकरण भैसकेको थिएन । त्रिपुरेश्वरदेखि कालिमाटी सडकका दुवैतर्फ फाट्टफुट्ट केही घर थिए भने बाँकी खेतमा कृषकहरूले खेती लगाउँथे । दुर्गाप्रसादका छोराछोरीहरू साँझपख प्रायः मातासँग कहिलेकाहीँ पितासँग पनि त्रिपुरेश्वरको त्रिभुवनको शालिक नजिक गएर खेल्ने गर्थे । साह्रै रमाइलो वातावरण थियो । त्यसबेला दुर्गाप्रसाद सायद भारतमा बस्दाको संस्कारले हो कि के हो सायं कालमा पनि वाग्मतीमा गएर नित्य स्नान गर्नु हुन्थ्यो । कहिलेकाहीँ केटाकेटीहरू पनि उहाँको साथ लागेर वाग्मतीमा जान्थे र त्यहीँ खेलेर आनन्द लिन्थे । वाग्मती आजको जस्तो प्रदूषित थिएन । त्यहाँको जल सङ्लो थियो । कतिपयले जाल हालेर माछा समातेको देखिन्थ्यो । त्रिपुरेश्वरमा एउटै तर ठूलो कोठा थियो त्यसैमा भान्छा, बस्ने सुत्ने सबैं गर्नु पर्थ्यो । २०२६ साल कार्तिकमा कान्छा छोरा पशुपतिको जन्म त्यहीँ त्रिपुरेश्वरमा भयो ।

२२. प्राध्यापक आवास गृह सुन्दरीघाट त्रि.वि., दक्षिणकाली मार्ग

२०२८ सालमा दुर्गा गुरु सपरिवार प्रोफेसर आवास गृहमा सर्नुभयो । त्यस समयमा यो ठाउँ दुर्गम नै थियो । एउटा सलाई किन्नुपऱ्यो भने पनि कालिमाटी बजार आउनु पर्दथ्यो । कालिमाटीबाट ल्याए पनि खाद्यान्न चामल आदि ल्याउन कठिन थियो । असनका आशाराम भन्ने व्यापारीले ठेलागाडीमा चामल ल्याएर बेच्दथे । त्यो समयमा पाथीले चामल भर्ने गरिन्थ्यो । ३० पाथी अट्ने जुटको बोरामा चामल लिइन्थ्यो । पाहुनाहरू पनि धेरै लाग्ने भएकाले एक बोरा (३० पाथी) चामलले मुस्किलले एक महिना पुग्दथ्यो । पञ्चायतकालमा राजदरबारबाट गुरुहरूलाई नवरात्रमा विभिन्न मठ-मन्दिरमा पाठ गर्न पठाइन्थ्यो । त्यसमध्ये

दुर्गाप्रसाद पनि एक सदस्य हुनुहुन्थ्यो । साथै राजाले लगाएका महायज्ञमा पनि उहाँ धेरै पटक सम्मिलित हुनु भएको थियो । क्वाटर तयार भैसक्यो, पानी बिजुली पनि जोडिसकियो भनेर त्यहाँका कार्यालयले धेरै पटक अनुरोध गरेपछि त्यहाँबाट दुर्गाप्रसाद सपरिवार कीर्तिपुर आवास गृहमा सर्नु भएको थियो । त्यस त्रिपुरेश्वर आवासमा त्रिलोकचन्द्र मजपुरिया, राधाकृष्ण अधिकारी, राम विलास पाण्डेय, लोकराज बराल, कृष्णेश्वर वर्मा आदि प्राध्यापकहरू केही दिनको अन्तरमा कीर्तिपुरस्थित त्रि.वि प्राध्यापकको आवासगृहमा सरेका छन् । राधाकृष्ण अधिकारी, बाबुराम पोखेल, दुर्गाप्रसाद दवाडी र वासुदेव त्रिपाठी चारजना एउटै बीचमा रहेको ब्लक (जोडिएको छानो) मा बस्नु भएको हो । कीर्तिपुरमा भर्खरै स्थापना भएको त्रिभुवन विश्वविद्यालय विस्तारको क्रममा थियो । विभिन्न विभागहरू खोल्ने क्रम द्रुतगतिमा चलायमान थियो । कीर्तिपुर आएको केही समय पश्चात् संस्कृत अध्ययन संस्थागत रूपमा विस्तार भयो । यसको भवन काठमाडौँ प्रदर्शनीमार्गमा बन्यो । यातायातको सुविधा राम्रो थिएन । कीर्तिपुरबाट रत्नपार्क जम्मा दुईवटा बस मात्र सञ्चालन हुन्थ्यो । बाटो एक लेनको थियो । नर्कट झाडी झाडी बीचबाट यातायात साधन चल्थे । दुर्गा गुरुलाई पहिला त्रिपुरेश्वरबाट कीर्तिपुर आउनु पर्थ्यो भने कीर्तिपुर सरेको केही समयपछि फेरि संस्कृत अध्ययन संस्थानको रूपमा संस्कृत विभाग प्रदर्शनीमार्गमा सरेपछि कीर्तिपुरबाट त्यतातिर धाउनु पर्ने बाध्यता भयो । धेरै जसो त राधाकृष्ण, बाबुराम, दुर्गाप्रसाद दवाडी साधनको अनुपलब्धताले हिँडेर नै ओहोरदोहोर गर्नुहुन्थ्यो । कहिलेकाहीँ गाडि पाइएमा भाडा साह्रै सस्तो १० पैसा मात्र थियो । जुन आज भन्यो भन्ने मानिसलाई पत्याउनै गाह्रो हुन्छ । त्यसो त दुर्गाप्रसादको मासिक तलब रु ६०० मात्र थियो । त्यसअनुसार तुलनात्मक रूपमा ठिकै मान्नुपर्छ अहिलेको समयसँग तुलना गर्दा । कीर्तिपुरको आवास गृह तुलनात्मक रूपमा त्यस समयमा निर्मित आवास गृहभन्दा सुविधाजनक थियो- १ बैठक कोठा, २ वटा शयन कक्ष, १ स्नानगृह र १ भान्सा कोठा साथै करेसा बारीका रूपमा एक-डेढ रोपनी जग्गा । यहाँ सरेपछि दुर्गा गुरुलाई पूजापाठ, पठन पाठन, अतिथि सत्कार आदि सबै कार्यमा सहजता भएको थियो । त्यस बेला मानिसमा धार्मिक भावना प्रबल थियो । उहाँका गाउँघरका मानिस तीर्थयात्रालाई पशुपति दक्षिणकाली, बूढानीलकण्ठ आदि दर्शन र उपचारका लागि काठमाडौँ आउने लर्को लाग्न थाल्यो । होटलहरू भएपनि त्यसबेला मानिसहरू होटलमा

खानु हुँदैन, जात जान्छ, चोखो हुँदैन भन्थे, तिनीहरू सोध्दै खोज्दै आवास गृहमा आइपुग्थे । कालिमाटीदेखि यता कीर्तिपुरसम्म त नर्कटको झाडी झाडी लड्दै आउनुपर्थ्यो । कतिपय त बाटो बिराएर १२ बजे राति आइपुग्दथे । उनीहरू साह्रो कष्टले आइपुगेका हुन्थे । जति राति आएपनि जुनसुकै समयमा आएपनि उनीहरूले होटलमा नखाने भएकाले भोकै हुन्थे । गुरुआमाले ती सबैलाई भात पकाएर खुवाउनुहुन्थ्यो । खाना दिंदा दुर्गाप्रसाद पनि त्यहीँ आएर उनीहरूले संकोच माने कि भनेर उनीहरूले पुग्यो पुग्यो भन्दा पनि थप्न लगाउनु हुन्थ्यो । कतिपयले त खाएर धेरै भएकाले खाना छोडिदिन्थे । खाना खाएपछि सन्तुष्ट भएर उनीहरूले आशिर्वाद पनि दिन्थे । त्यो आशिर्वाद लागेर नै हुनुपर्छ अहिले दुर्गाप्रसादका सबै सन्तान नाति नातिनाले राम्रो प्रगति गरेका छन् पिताजीको सत् मार्गमा हिँडेका छन् ।

काठमाडौं सडक मार्गले जोडिएपछि केही वर्ष त काठमाडौं आउने गाउँलेको ताँती नै लाग्यो । विशेष गरी सत्बीज छर्ने र शिवरात्रीमा तीर्थयात्रीको चाप धेरै पर्दथ्यो । एक पटक त गन्दा १०० जनासम्म कीर्तिपुर आवास गृहमा यात्रीहरू आएका थिए । बाहिर आँगनमा र घरपछाडि पनि आगोमा भात पकाएर उनीहरूले खाएका थिए । चार कोठा र वरण्डामा पनि घञ्चमञ्च सुतेर रात बिताएका थिए । यसरी तीर्थयात्री आएर बस्दा र उनीहरूलाई खाना खुवाउँदा दुर्गाप्रसाद र गुरुआमा साह्रै खुशी मान्नुहुन्थ्यो । जाने बेलामा उनीहरूले दिने आशिष नै सबैभन्दा ठूलो उपहार हुन्थ्यो । दुर्गाप्रसादले यात्रीहरू काठमाडौंका बारेमा अनभिज्ञ पनि भएकाले विभिन्न मठ मन्दिरको दर्शन गर्न साथमा गएर अझ सहजता बनाइदिनु हुन्थ्यो । साथै विरामीहरू पनि रोगको उपचार गर्न काठमाडौं आउँथे । कतिपयलाई उपचारको क्रममा रगतको आवश्यकता पर्दथ्यो । ब्लडबैंक शोधभर्ना रगत नदिई रगत दिंदैनथ्यो । त्यस्तो अवस्थामा दुर्गाप्रसादले आफ्नो रगत दिन पनि पछि पर्नुहुन्नथ्यो । तर उनीहरूलाई घरमा मैले रगत दिएको नभन्नु भनेर वाचा गराउनु हुन्थ्यो । यो कुरा दुर्गाप्रसादका सन्तति र धर्मपत्नी गाउँमा जाँदा उनीहरूले बताएपछि बल्ल रगत दिएको कुरा थाहा हुन्थ्यो । "तपाईंलाई धेरै दौडधूप गर्नुपर्छ व्रत बस्नुपर्छ कमजोर होइन्छ यसरी रगत दिने नगर्नुस्" भन्दा उहाँले "मलाई केही हुँदैन । गाउँबाट आएका उनीहरू त्यसै त कमजोर छन् । त्यसमा पनि बिरामीको हेरचाह गर्दा झन् उनीहरू नै बिरामी भए अप्ठ्यारो पर्छ । परोपकारभन्दा ठूलो धर्म अरु केही हुँदैन । उनीहरूको आशिष र भगवान्का

कृपाले मलाई केही हुँदैन ।" यसो गर्नाले सन्ततिलाई र हाम्रो पनि कल्याण हुन्छ। 'परोपकाराय सतां विभूतये' मानव सेवा धर्मजस्तो ठूलो अरू कुनै धर्म हुँदैन आदि इत्यादि कुराले आफ्ना सन्ततिहरूलाई दुर्गाप्रसादले सम्झाउनुहुन्थ्यो । सन्ततिहरू पनि पिताजीका कुरामा विश्वस्त हुने गर्दथे। शायद दुर्गाप्रसादको काशीका गुरु त्रय करपात्री महाराज, लाल विहारी शास्त्री, मुरलीधर पाण्डेय गुरुको संगतले उहाँलाई यस्तो बनाएको हुनुपर्दछ। यसैको प्रभाव उहाँका सन्ततिहरूको मस्तिष्कमा पनि परेको हुनुपर्छ। छोरा विश्वनाथ, पशुपति, नाति कमलेश, नातिनी मनीषा र आकृति आफैले आवश्यक समयमा रगत दान गर्न पछि परेका छैनन्। अझ पनि पिताजीको आध्यात्मिकताको प्रभाव उहाँका सबै सन्तानमा परेको छ । त्यसमा पनि कनिष्ठ पुत्र पशुपतिमा विशेष परेको छ।

२३. पञ्चाङ्ग पूजनको सुरुवात

कास्कीकोटमा बुबा सेतूपाध्याले पञ्चाङ्ग देवता पूज्नुहुन्थ्यो । दुर्गाप्रसाद चाहिँ काठमाडौँ आएको ४ वर्ष पछि त्रि.वि आवास गृहमा स्थान पनि पर्याप्त भएपछि राधाकृष्ण अधिकारी गुरुसँग भएका एकजोर अधिक पञ्चाङ्ग ल्याएर दैनिक पूज्न थाल्नुभयो (त्यो क्रम आजका मितिसम्म जारी नै छ। त्रिपुरेश्वरमा एउटै कोठा, त्यहीँ सबै कुरा गर्नुपर्ने भएकाले पञ्चाङ्गको पूजनको मर्यादा राख्न गाह्रो हुने भएकाले कीर्तिपुर आएपछि मात्र यसको सुरुवात भएको थियो। करपात्री स्वामीको निष्ठाको प्रभावमा परेका दुर्गाप्रसादको वचन सत्य पनि थियो । प्रा.ऋषिराम पोखेल गुरु कीर्तिपुर प्राध्यापक आवासगृहमा ६ वर्ष बस्नुभयो भने दुर्गा गुरु२४ वर्ष बस्नुभयो। दुर्गा गुरुले सदा आफ्नै हातले बटारेको जनै लगाउनु हुन्थ्यो, जनै बटार्न पुरानो विधिअनुसार धेरै समय लाग्दथ्यो। यसमा आमाले साह्रै परिश्रम गर्नुपर्थ्यो। आमाले जनै संगल्दै गर्दा ऋषिराम गुरु टुप्लुक्क आइपुग्नु भयो । उहाँले एकै पटकमा एक फाले जनै बनाउने तरिका सिकाइ दिनुभयो। नत्र भने दुईजना नभैकन जनै बनाउन सकिन्नथ्यो । साह्रै ठूलो गुन लगाएको कुरा गुरुआमाले पछिसम्म सम्झनु हुन्थ्यो ।

चक्रपथ निर्माणको समय थियो । ऋषिराम गुरु मोटरसाइकलमा क्याम्पस ओहोरदोहोर गर्नुहुन्थ्यो भने सँगै बस्ने दुर्गाप्रसाद, राधाकृष्ण, बाबुराम गुरु बसमा यात्रा गर्नुहुन्थ्यो। यसै क्रममा एक दिनको कुरा हो। बल्खु चोकमा मोटरसाइकल

भर्खरै दुर्घटना भएको दृश्य बसबाट देखियो । मानिस जम्मा भएका थिए । यातायातका साधनहरू बस, आदि नरोकिएर हुइँक्याउँदै थिए । सबैलाई झमेलामा परिन्छ भन्ने कुराले हो कि वा कमाउनको हतारोले हो बेफुर्सदी थिए । दुर्गाप्रसाद पनि त्यही बसमा क्याम्पस जाँदै हुनुहुन्थ्यो । उहाँलाई शङ्का लाग्यो । मानिसहरूको भीडमा मोटरसाइकल चढ्ने मान्छे देखेर उहाँले गाडी बल गरेर रोक्न लगाउनु भयो । ओर्लेर गएर हेर्दा त ऋषिराम गुरु पो हुनुहुँदो रहेछ । उहाँको खुट्टाको नलिहाड दुर्घटनामा दुई ठाउँमा भाँचिएर तर्लङ्ग झुण्डिएको रहेछ । दुर्गाप्रसादले अरु केहीको प्रवाह नगरी हत्तपत्त ट्याक्सीमा चढाएर ऋषिराम गुरुलाई अस्पताल पुऱ्याउनु भयो । पुलिस केस हो पुलिस नआई हुँदैन भनेर आलटाल भैरहेको अवस्थामा पुलिस आउञ्जेल जे पनि हुन सक्छ त्यसैले पहिला घाइतेको उपचार गर्नुपर्छ भनेर उहाँले तत्परता लिनुभएको थियो र समयमै ऋषिराम गुरुले उपचार पाउनु भएको थियो ।

२४. त्यो टिकटिके घडी

बाबुराम पोखरेल गुरुका छोरा दिनेश पोखेलको एस्.एल्.सी.को समय आइरहेको थियो । समय याद रहेन । अहिले उहाँ पुलिसको महानिरीक्षक डा. सेवाबाट उमेरका हदले गर्दा निवृत्त पनि भै सक्नु भएको छ । त्यस बेला अहिले जस्तो डिजिटल घडी पनि थिएन । दम दिनुपर्ने टिकटिके घडी हुन्थ्यो । प्राध्यापक भए पनि घडी किन्ने सामर्थ्य कसैको थिएन । शायद २० जनाको आवासगृहमा मुस्किलले ३-४ जनासँग मात्र घडी थियो । दुर्गा गुरुसँग हातेघडी त थिएन तर काशीबाट ल्याएको टिकटिके ठूलो स्वरले आवाज आउने घडी थियो । आवश्यकता बुझेर त्यो घडी उहाँले दिनेशलाई दिनुभएको थियो । नभन्दै दिनेश पोखेल एस.एल.सी. प्रथम श्रेणीमा उत्तीर्ण हुनुभयो र पछि छात्रवृत्तिमा पढ्न रूड्की जानुभयो । त्यो सौहार्दको बाबुराम गुरुले पछिसम्म पनि उल्लेख गर्नुहुन्थ्यो । दुर्गाप्रसाद गुरु र उहाँ एक परिवारका रूपमा रहनु भएको थियो । बाबुराम गुरुलाई दुर्गाप्रसादका सन्ततिहरू सानाबाको रूपमा सम्बोधन गर्दथे । बाबुराम पोखरेल गुरुका सन्ततिहरू ठूलाबा भनेर दुर्गाप्रसादलाई सम्बोधन गर्दथे ।

२५. जेलको यात्रा

राधाकृष्ण गुरु र बाबुराम गुरु कोटेश्वर र बानेश्वरमा घर बनाएर सरी सक्नुभएको थियो । राधाकृष्ण गुरुले आफ्नो क्वाटरमा विदुर पौडेल (पूर्व उपकुलपति ने.सं.वि.)

लाई ल्याएर राखिदिनु भएको थियो । एक त विदुर गुरु खरो प्रजातन्त्रवादी त्यसमा पनि नियम मिचेर क्वाटरमा बस्न आउनु भएकाले त्रि.वि. प्रशासनको आँखी बन्नु भएको थियो । कहिले धारा काट्ने त कहिले बिजुली काट्ने प्रशासनका मानिस आउँथे । जेनतेन प्रकारले काटिहाल्न सकेका थिएनन् । गुरुले त्रि.वि. बाट म.सं वि. बन्नुभन्दा पहिला नै हामी यहाँ बसेकाले र पहिला ननिकाल्ने अनि अहिले आएर विदुर गुरुलाई निकाल्न खोज्ने ? निकाल्न पाइँदैन, साथै आवास गृहमा पहिला कोही पनि बस्न नआउँदा बसिदिन अनुरोध गरी पठाएका पत्र देखाउँदै अब जा भन्न पाइदैन । त्यसो हो भने वाल्मीकि क्याम्पस पनि त्रि.वि.कै हो किन दिएको त ? यसमा पनि हाम्रो भाग लाग्छ भन्दै विभिन्न पत्र लेख्दै विदुर गुरुलाई साथ दिनुभएको थियो । यिनै विभिन्न कारणले गर्दा विदुर गुरुलाई प्रशासनले निकाल्न सकेन । पाकिस्तानमा बेनजिर भुट्टोलाई फाँसी दिएको विरोधमा भएको आन्दोलन बढ्दै गएर वि. सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको स्थापना भयो । २०४६ सालमा प्रजातन्त्रवादीलाई धरपकड गर्ने काममा पञ्चायतले तीव्रता दिँदा विदुर गुरुलाई पनि पक्रिएर पुलिसले लग्यो । उहाँलाई छुटाउन जाउँ भन्दा अहिलेका प्रजातन्त्रका हिमायती गुरुहरू आफूलाई पनि त्यहीँ थुनिदिने डरले कोही पनि जान मानेनन् । तर त्यसमा माधवशरण उपाध्याय गुरुले दुर्गाप्रसादको साथ दिनुभयो । जेलमा थुनिदिए पनि थुनोस् आफ्ना सहकर्मी छिमेकीलाई अप्ठ्यारो पर्दा हात बाँधेर बस्नु हुँदैन, अधर्म हुन्छ भन्ने उहाँको सिद्धान्तले जमानीमा विदुर गुरुलाई रिहा गरिएको थियो । त्यसो त दुर्गा गुरुको आदर्श राजा नभएको देशमा बस्नु हुँदैन, क्षत्रिय राजा अभिषिञ्चित देशमै धर्मको रक्षा हुन्छ भन्ने हो । भारतमा पनि धार्मिक व्यक्तिहरूले तर्पण गर्दा नेपालका राजालाई तर्पण दिन्थे भन्ने कुरा गुरुआमा आफ्ना सन्ततिलाई सुनाउनुहुन्थ्यो । पिताजी सेतूपाध्यायको वि.सं. २०४१ सालमा स्वर्गारोहण भएपछि दुर्गाप्रसादले राजा महेन्द्रलाई दैनिक तर्पण गर्नुहुन्थ्यो ।

२६. दैनिक वाग्मती स्नान

दुर्गाप्रसादको दैनिकी शास्त्र मर्यादित हुन्थ्यो । "निपानादुद्धृतं पुण्यं ततः प्रस्रवणोदकम् । ततोऽपि सारसं पुण्यं ततो नादेयमुच्यते । तीर्थतोयं ततः पुण्यं गङ्गातोयं ततोऽधिकम् ।" सिद्धान्तका अनुयायी दुर्गाप्रसादले बिरामी पर्दा वा यात्रामा हुँदा बाहेक १०-१५ दिनजति धाराको पानीले स्नानगृहमा प्रातःस्नान गर्नुभयो होला अन्यथा सधैं नदी, तलाउ, झरना, इनार आदिमा स्नान गर्नु भएको हो । मुग्लिन वा

नारायणघाटमा गाडी खाना खान रोक्दा उहाँ स्नान गर्न नारायणी, त्रिशूलीतर्फ दौडनु हुन्थ्यो । एकाध पटक त गाडी नै छुटेको थियो । काशीबाट काठमाडौं आएपछि नित्य वाग्मती स्नान गर्ने दुर्गाप्रसादको नियम थियो । त्रिपुरेश्वरबाट कीर्तिपुर सरेपछि समय बित्दै जाँदा विस्तारै वाग्मती प्रदूषित हुन थाल्यो तर दुर्गाप्रसादले वाग्मतीको स्नान त्याग्नुभएन ।

वाग्मती विस्तारै ढलमती बन्न पुग्यो । अगाडिदेखि नै ग्रहण, संक्रान्ति आदि विशेष अवसरमा चारै सन्तानलाई अनिवार्य रूपमा वाग्मती नदीमा नुहाउन लैजानु हुन्थ्यो । २०२८ देखि २०५४ सालसम्म वाग्मतीमै श्रावणीस्नान भयो । यो लामो काल खण्डमा दुर्गाप्रसादलाई विभिन्न समयमा श्रावणीमा साथ दिनेहरू जस्तै वाल्मीकि विद्यापीठका गुरुहरू लगायत विभिन्न व्यक्तिहरू विष्णुप्रसाद ज्ञवाली, राधाकृष्ण अधिकारी, बाबुराम पोखेल, विदुरप्रसाद पौडेल, ऋषीश्वर पौडेल, भीष्म प्रसाद पौडेल, माधवशरण उपाध्याय, नारायण प्रसाद तिमिल्सेना, नारद पौडेल, धुव्र पौडेल, शान्तिकृष्ण अधिकारी, अवतार सुवेदी, बलराम गौतम, रामप्रसाद अधिकारी, नवराज सापकोटा, नेत्रप्रसाद पौडेल, उपेन्द्र सुवेदी, प्रेमराज न्यौपाने आदि हुनुहुन्थ्यो । गङ्गास्नान गर्न पाउँदा बालक केटाकेटीहरू पनि साह्रै माउँथे । यो ब्राह्मणको कर्तव्य पनि हो । ब्राह्मणवर्गको सबैभन्दा महत्त्वपूर्ण पर्व हो । त्यो बालमस्तिष्कमा परेको प्रभावले पनि अवतार सुवेदी, उपेन्द्र सुवेदी, नाति कमलेश दवाडी, ज्येष्ठ सुपुत्र विश्वनाथ, आक्कल झुक्कल नाति कमलेशका साथीहरू पनि श्रावणीका लागि कहिले मातातीर्थ, कहिले गोदावरी कुण्ड, नौधारा र केही वर्षदेखि नियमित श्रावणीका स्नानका लागि स्वच्छ जल खोज्दाखोज्दै सुन्दरीजलमा पुग्दैछन् । यसमा समयक्रमले गर्दा केही गुरुहरूले स्नानमा जान छोड्नु भयो भने केही नवीन गुरुको प्रवेश पनि भएको छ ।

दुर्गाप्रसाद गुरु अनिवार्य अवकाश र कनिष्ठ पुत्र पशुपति दवाडीको विवाह (२०५४) पछि कीर्तिपुर ट्याङ्लाफाँट घरमा बस्नु थाल्नुभयो । ट्याङ्ला गएपछि वाग्मती पर पनि पर्‍यो प्रदूषण पनि धेरै थियो, अब भने घरको इनारमा स्नान गर्न थाल्नु भयो । कान्छो छोरा पशुपति पोखरामा रोजगारीको व्यवस्था भएर त्यहीं घरबारको व्यवस्था भएपछि उहाँ केही समय पोखरा पनि बस्नु भयो । पोखरामा इनारबाट पानी आउँदैन इनार पनि छैन । त्यसैले ३० मिनेटको बाटो हिँडेर नै गण्डकी स्नान गर्न सेती नदी तटमा जानुहुन्थ्यो । धाराको पानीमा नुहाउनु भएन ।

शायद वाराणसीबाट पडोरौनामा अधिकृतको जागिर पाएर त्यहाँ जाँदा इनार नभएको र धाराको पानीमा नुहाउन पर्ने र काशी पनि छुट्ने भएकाले त्यो जागिर छोडिदिनु भएको हो भन्ने अनुमान लगाउन सकिन्छ। अद्यापि आफ्ना हजुरबुबाको संस्कारको प्रभावले गर्दा नाति कमलेश पोखरामा जाँदा सधैं गण्डकी स्नान गर्न जान्छन्। गण्डकी स्नान गर्दाको आनन्द गृहस्नानमा छैन भन्छन्। दुर्गाप्रसाद आफ्ना ज्येष्ठ पौत्र कमलेशका गायत्री गुरु पनि हुनुहुन्छ।

२७. पुस्तक प्रेम र अध्ययनशीलता

दुर्गाप्रसादलाई पुस्तक पढ्न पाए पछि समय वितेको थाहै हुन्नथ्यो। उहाँको शयन कक्ष भनेको पुस्तकालय वा पुस्तकालय भनेको शयन कक्ष थियो। खाना खाएर सुतेपछि रात्रीमा जतिबेला उठे पनि खाटबाट तल ओर्लेर पुस्तक पढ्न थाल्नुहुन्थ्यो। पुस्तक पढ्दा पढ्दै त्यही निदाउनु हुन्थ्यो। फेरि ब्युँझेपछि पुनः पुस्तक पढ्न थाल्नु हुन्थ्यो। उहाँ कोठाको बत्ति लगभग रातभर नै बल्दथ्यो। नजिकका छिमेकीहरू दुर्गा गुरुको घरमा त चोर लाग्ने कुरै छैन, जतिखेर पनि बत्ति बलेकै हुन्छ त्यसैले चोर अरु घरतिर आँखा लगाउँछ, उहाँको घरमा होइन भन्दथे। हुन पनि एक समय कीर्तिपुर ट्याङ्लामा चोरको साह्रै विगविगी बढेको थियो। त्यस समयको कुरा हो यो।

दुर्गाप्रसाद बेलाबेलामा तीर्थयात्रा जाँदा होस् वा आफ्ना चारै सन्तानलाई बनारस लिएर जाँदा पुस्तक किन्ने गर्नुहुन्थ्यो। यसरी पटकै पिच्छे पुस्तक ल्याउँदा ल्याउँदा दुर्गाप्रसादको घर एउटा पुस्तकालय नै बनिसकेको छ। विशेष गरी उहाँका रोजाईमा शास्त्रीय धर्म, संस्कृति र संस्कृतका पुस्तक नै पर्दथे। सधैं सधैं पुस्तक मात्र किन्ने अब त तपाईं बुढो पनि हुनुभयो कस्ले पढ्छ यी पुस्तक भनेर धर्मपत्नीले सोद्धा तिमीहरू बुझ्दैनौं म पछि मेरा छोरा तथा नातिनातिनाले पढ्छन् भनेर सम्झाउनु हुन्थ्यो। नभन्दै उहाँको बोली खेर गएन। नाति कमलेशले अहिले आचार्य विशिष्ट श्रेणीमा गरिसकेका छन्। पुस्तक अब टुहुरा हुँदैनन्। उनको रुचि आधुनिक शिक्षा, तन्त्र शिक्षा र संस्कृत वाङ्मयमा बराबर रूपमा रहेको छ।

२८. विद्यार्थी र जिज्ञासुका बीच दुर्गाप्रसाद

काशीमा पढ्न गएका केही वर्षपछि नै विद्याधन सबै धनमा प्रधान हो भन्ने बुझेकाले दुर्गाप्रसादले आफ्ना भेगका दाजुभाइ, साथी, इष्टमित्र आदि जो पढ्ने

उमेरका थिए तिनीहरूलाई आफ्ना साथमा ल्याएर पढ्न बनारस पुऱ्याउनु भएको थियो। उनीहरूलाई आफूसँगै राखेर हुन्छ वा छात्रावासको व्यवस्था गरेर हुन्छ पढ्न प्रोत्साहित गर्नु भएको थियो। गुरुकुलमा गुरु नभएका समयमा अग्रज छात्रले अनुज छात्रलाई पाठ लगाइदिएको देखेका दुर्गा गुरुले पनि आफ्ना गाउँले दाजुभाइलाई सुरुमा भाषा सिकाउने र आधारभूत शिक्षा दिने कार्य आफैले गर्नुभएको थियो। जसले उनीहरूलाई नौलो परिवेशमा घुलमिल हुन सहज भएको थियो। अर्को कुरा उहाँ आफू पढेको पढै गर्दा अनुजहरूले पनि यसरी पढ्नुपर्छ भन्ने शिक्षा स्वतः पाएका थिए। गुरुसँग सोध्न धक लागेका कुरा उहाँसँग सोध्न उनीहरूलाई पनि सहज भएको थियो। काशीमा पढ्दै पढाउँदै गर्नुभएका गुरु दुर्गाप्रसादले २०२५ मा त्रि.वि. मा नियुक्ति पूर्व आयरमा हिन्दी पढाउन थालेको पनि १० वर्ष भैसकेको थियो। यहाँ काठमाडौँमा सर्वदर्शन विषयमा नियुक्ति भएपछि बल्ल संस्कृत पढाउने समय आएको थियो। १० वर्षसम्म अर्कै विषय पढाएर अब नवीन विषय पढाउन पहिले पढेको विषय तरोताज गर्न समय लाग्ने नै भयो। सधैं पठनमा नै ध्यान केन्द्रित गरेका गुरुलाई कठिन त भएन। तर पहिला परीक्षा उत्तीर्णलाई पढेको र अब पढाउनु पर्नेमा केही फरक त अवश्य पर्ने नै भयो।

संस्कृत पढ्ने छात्र आयस्तर कमजोर भएका हुन्छन्। उनीहरू संस्कृत पढ्दै नेपाली एम.ए गर्ने धेरै हुन्छन्। दुर्गाप्रसाद गुरु आफ्ना सन्ततिसँग भन्नुहुन्थ्यो "विद्यार्थीले कतिको पढे, मलाई थाहा छैन। तर उनीहरूलाई पढाउन आफूले धेरै मेहनत गरेर पढेँ। जसले गर्दा संस्कृत विद्यामा लगभग शून्यमा पुगेको म अहिले केही जान्ने भएको छु।" यसरी आफ्ना सन्तानलाई पनि पढ्न सधैँ हौसला दिनुहुन्थ्यो दुर्गाप्रसाद। उहाँ मलाई विद्वान् बनाउने श्रेय मेरा विद्यार्थीलाई नै जान्छ भन्नुहुन्थ्यो।

त्रिपुरेश्वरबाट कीर्तिपुर सरेपछि उहाँ राति अबेर गरेर क्वार्टरमा आउनुहुन्थ्यो। शायद पशुपतिका अर्चक रावल अनन्त कृष्णलाई उहाँकै आवासमा पढाएर आउँदा ढिलो भएको हुनुपर्छ। पशुपतिबाट कीर्तिपुर आउजाउ गर्न अर्चकलाई कठिन भयो भन्दा बरु आफै उनकै आवासमा गएर पढाइदिन थाल्नु भएको थियो। साथै आचार्य तहका विद्यार्थीहरू नेपाली एम.ए. गर्न कीर्तिपुर बस्ने र वाल्मीकि आउजाउँ गर्न समय र खर्चले पनि कठिन भएकाले कतिपय त आवासगृहमा साँझ पढ्न आउने गर्दथे। उहाँ त्यसरी आउने विद्यार्थीलाई साह्रै स्नेहपूर्वक पढाइदिनुहुन्थ्यो।

विद्यापीठमै पढ्न आओ भनेर कहिल्यै भन्नुभएन । जसरी पनि विद्यादान गर्नु ठूलो दान हो । यसले आफूलाई पनि धनी बनाउँछ, विद्या बढाउँछ । विद्याधनं सर्वधनं प्रधानम् पनि उहाँको आशय थियो । विद्यादानं सर्वदानं प्रधानम् भन्नुहुन्थ्यो । पछि अनुसन्धान, पि.एच.डी. का लागि पनि गुरुहरू घरमा आउनुहुन्थ्यो । वडो सहृदयका साथ उहाँहरूका जिज्ञासालाई समाधान गरिदिनुहुन्थ्यो । दुर्गाप्रसादले कतिपयलाई हुबहु लेखाउनु नै हुन्थ्यो । केही खोजेर लेख्नुपर्ने अवस्थामा उहाँहरू त्यही उघ्रेर बस्नुहुन्थ्यो भने दुर्गाप्रसादले पुस्तक हेर्दै लेख्दै गरेको उहाँका घरका सदस्यहरू सबैले देखि आएको कुरा हो । छात्र, गुरुहरू गएपछि सन्तति तथा धर्मपत्नीले तपाई किन यसरी रातदिन नभनी उनीहरूको लेखिदिने काम गर्नुहुन्छ, निर्देशन गरेपछि उनीहरू पनि विद्वान् छन् लेखिहाल्छन् यसमा तपाईंलाई के फाइदा छ ? भनेर प्रश्न गर्दा उहाँले आफूले जानेको विद्या अरूलाई सिकाउँदा कतिपय नयाँ कुरा यसै माध्यमबाट आफूले जानिन्छ, सिकिन्छ । गरेको कार्यमा उत्कृष्टता दिनुपर्छ यसले पछि अरु यसै विषयमा जान खोज्ने जिज्ञासुको जिज्ञासा समाधान गर्न सरल हुन्छ । मेरो नाम नभए पनि जसले यो पढ्छ उसले त्यस सम्बन्धमा नयाँ कुरा सिक्न पाउँछ । यसमा मेरो स्वार्थ पनि छ माथि ईश्वरले यो कुरा देखिराखेका छन् । यसको प्रतिफल अन्य कुनै माध्यमबाट पाइन्छ । जसको उपकार गऱ्यो त्यसैबाट आफ्नो पनि उपकारको कल्पना गर्नुहुँदैन । यसको लेखाजोखा राख्ने अर्कै छ । यसमा तिमीहरूको पनि कल्याण लुकेको छ भन्नुहुन्थ्यो । शायद यसरी अरुको कल्याण गर्दा आफ्नो झन् धेरै कल्याण हुन्छ भन्ने मान्यता राख्ने व्यक्ति आजको संसारमा साह्रै दुर्लभ छन् । यसको प्रभाव दुर्गाप्रसादका सन्ततिहरूमा गहिरो रूपमा परेको छ । यस्ता कल्याणकारी व्यक्ति विश्वमा थोरै छन् । दुर्गाप्रसादको डायरी पल्टाउँदा मुरलीधर पाण्डेय गुरु र लालविहारी शास्त्री यसका प्रत्यक्ष उदाहरण हुन् । उनीहरूबाट नै दुर्गाप्रसाद प्रभावित भएको हुनुपर्छ । दवाडीले एउटा घटना उल्लेख गर्नुभएको छ । गुरु दुर्गाप्रसादको उदारता सम्बन्धमा यसले थप जानकारी गराउने कुराको विचार छ ।

संस्कृत क्षेत्रमा लब्धप्रतिष्ठित कुनै गुरुले लेखनका लागि प्रस्ताव ल्याउनु भयो दुर्गाप्रसादले सहज रूपमा त्यसलाई स्वीकार्नु भयो । लेखन कार्य चल्दै गयो । दुर्गाप्रसादले भन्ने र उहाँले लेख्ने करिब एक वर्षको समयमा पुस्तक तयार भयो । छापियो पनि तर लेखकको स्थानमा दुर्गाप्रसादको नाम थिएन । यसै पुस्तकको

आधारमा ती विद्वान् प्राध्यापकको अन्तर्वार्तामा सफल पनि भए । यो कुरा धेरैलाई थाहा थिएन । तर यस बीचमा कहीँ आफ्नो व्यक्तिगत परिचय (वायोडाटा) दिनुपर्ने क्रममा दुर्गाप्रसादले सहलेखनमा त्यो पुस्तक प्रेसमा गएको भनेर उल्लेख गर्नु भएको थियो । यस विषयमा ज्येष्ठ सुपुत्र विश्वनाथले जिज्ञासा राख्दा उहाँले बाबु मेरो नाम नभएर केही भएको छैन । संस्कृतका पहिलेका विद्वान्हरूले पुस्तकमा आफ्नो नाम लेख्दै लेख्दैनथे । सर्व कल्याणका लागि लेख्थे । त्यस्तै तिमीले पनि सम्झ, ती विद्वान्सँग दुर्भावना नराख । मेरो नाम नभएपनि राम्रो कुरा पाठकले पाएका छन् । सर्वजनहिताय यो पुस्तक आउनु ठूलो कुरा हो अन्य गौण कुरा हुन् आदि इत्यादि । त्यस्तै विद्यावारिधि गर्ने शोधार्थीको शोधग्रन्थ पनि आफूले सकेसम्म उत्कृष्ट पार्ने प्रयत्न उहाँले गर्नुहुन्थ्यो । यो केवल उपाधिका लागि मात्र नभएर नयाँ कुराको खोज पनि हो भन्ने उहाँको धारणा रहन्थ्यो । अहिले उहाँको नातिले आफ्ना हजुरबुबाका नामका ग्रन्थ नभए पनि ती शोधग्रन्थ पढ्दा हजुरबुबाको ज्ञानलाई आत्मसात् गर्न पाएको छु । मेरा धेरै जिज्ञासाहरू यी थेसिसहरूले समाधान गराएका छन् भन्दछन् । नाम ठूलो कुरा होइन ज्ञाननै ठूलो कुरा हो । नाति कमलेशले हजुरबुबाको संगत धेरै गर्न नपाए पनि यिनै शोधग्रन्थले मलाई उहाँसँग साक्षात्कार गराइरहेको छ भन्छन् ।

२९ दुर्गाप्रसादका तीन आदर्शपुरुष : लालविहारी शास्त्री, करपात्री जी महाराज, मुरलीधर पाण्डेय

दुर्गाप्रसादमा धर्म परायणता, नैष्ठिकता, सरलता, स्वधर्माचरणमा दृढता, मानवता, सहृदयता, सदा सहयोगका लागि तत्परता आदि इत्यादि गुण कसरी समाहित भए भन्ने कुरा वडो जिज्ञासाको विषय बन्न सक्छ । उहाँले विद्यार्थी जीवनमा डायरी लेख्ने गर्नु भएको रहेछ । तिनलाई पल्टाएर हेर्दा धेरै कुरा खुल्न आउँछन् । उखान नै प्रसिद्ध छ, "केटाकेटीको बान कार्तिकको तान" । कलिलो उमेर लागेको बानी भनौँ वा संगत, संस्कार कति भित्री रूपमा गडेको छ त्यसले जीवनभर पछ्याई राख्ने रहेछ । नौ वर्षमा अन्नपूर्णा मन्दिर परिसरमा रहेको अन्नपूर्ण गुरुकुल ब्रह्मचर्याश्रम नै उहाँको पहिलो औपचारिक विद्याध्ययन स्थान रह्यो । काशीको धार्मिक तथा ज्ञानार्जन स्थानको केन्द्रमा नै पहिलो प्रवेशले उहाँको बाल्य मस्तिष्कमा गहिरो छाप पर्‍यो । त्यहाँ बेलाबेलामा आउने सिद्ध साधु, सन्न्यासी,

गुरु आदिको सामीप्यता पनि नजानिकनै दुर्गाप्रसादलाई स्वतः उपलब्ध भयो । उनीहरूका कुरा, आचरण, विचार, पहिरन, आदिले पनि उहाँलाई निकै प्रभाव पारेको देखिन्छ ।

क) लालविहारी शास्त्री :

विशेषतः मानवतावादी आबाल ब्रह्मचारी गुरु लालविहारी शास्त्री जसले मानवताको रक्षा गर्न जिन्दगीभर विवाह नगर्ने संकल्प गर्नु भएको थियो । विवाह गर्दा घरपरिवार बालबच्चातर्फ अनिवार्य रूपमा ध्यान जान्छ, जसले मानवताको धर्मरक्षा गर्नमा जीवन अर्पण गर्न बाधा उत्पन्न हुन्छ । आफूलाई मानव कल्याणको रक्षामा एकत्रित गर्न सकिँदैन । आजीवन गृहस्थ नरहेपछि आफ्नो ध्येयमा कतै कसैबाट व्यवधान आउँदैन । उहाँले मानवताको अभिवृद्धिका लागि मानव संघ अभियान चलाउनु भएको थियो । आजको युगमा आसुरी भावनाको वृद्धि रोक्नलाई मानवतावादी भावना विजयी हुनु आवश्यक छ भन्ने लालविहारी शास्त्रीको मान्यता थियो । उहाँको योजनाअनुसार प्रत्येक छात्र वा विद्वान्‌ले हाम्रा शास्त्रीय ग्रन्थको गहन अध्ययन गरून् । यी सबै ग्रन्थको अध्ययन कुनै एक व्यक्तिबाट सम्भव छैन । अतः सम्पूर्ण संस्कृत वाङ्मय, चार वेद, अठार पुराण, उपपुराण, स्मृतिशास्त्र, वेद, वेदका छ अङ्ग, साहित्य, काव्य, धर्मशास्त्र, दर्शन आदि विधाहरू मध्ये जस जसलाई जुन जुन विषय रुचिकर लाग्छ उसले त्यो विषय विशेष अध्ययन गरेर त्यसमा विज्ञान, आचार, काल, उपासना, ज्ञान, योग, उपचार, चिकित्सा, अर्थशास्त्र, मानवता, नीतिशास्त्र सम्बन्धी आदि क्षेत्रमा जुन विशेष रुचिकर विषय छन् तिनको सामूहिक अध्ययनमा अथवा मासिक उपवेशनमा उपस्थित गरुन् । प्रत्येक व्यक्तिले आफ्नो अध्ययनको क्षेत्र निश्चित गरोस् । व्यक्तिले आफ्नो विषय, अध्ययनका लागि दोस्रो विषयमा त्यसले भनिएको कुरा विषयानुसार अङ्कित गर्दै रहोस् । यसप्रकार प्रत्येक व्यक्तिले एउटा शोधग्रन्थ तयार पारोस् । हाम्रा सबै शास्त्रहरू मानवताका व्याख्यान हुन् । यसरी सबै शास्त्रको अन्वेषणात्मक अध्ययनका साथसाथ मानवताको पनि उपकार हुन्छ । यसका लागि शास्त्रीजीले 'मानव' नामक पत्रिकाको प्रकाशनको थालनी पनि गर्नुभएको थियो । यस पत्रिकाको प्रकाशक सदस्यका रूपमा दुर्गाप्रसादले पनि केही समय कार्य गर्नुभएको थियो । यसका ग्राहक संस्कृतप्रेमी गुरु वा छात्र थिए, जुन व्यक्तिहरू आर्थिक दृष्टिले कमजोर पनि थिए । पत्रिकाको प्रकाशनको निरन्तरताका लागि आफू त्यसको ग्राहक बन्दै अरु आफूजस्तै संस्कृतवाङ्मयप्रेमीलाई पनि ग्राहक बनाउनु पर्‍यो ।

शुभ कार्यको थालनी त भएको थियो तर आर्थिक स्रोत जुटाउने कार्य कठिन भएको हुनाले 'मानव' पत्रिका मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक् हुँदै अन्तमा यसको प्रकाशन नै बन्द भयो । यसका सदस्यहरू जीविकाका लागि चारैतिर तितरवितर हुँदा यस्तो भएको थियो । त्यसपछि शास्त्रीजीले 'वैदिक' पत्रिका चलाउनु भयो, यसमा साधकका जिज्ञासालाई शास्त्रीय मान्यताका आधारमा समाधान गरिन्थ्यो । यो पत्रिका भने उहाँको जीवनपर्यन्त चल्यो । शास्त्रीजी आयुर्वेदाचार्य पनि हुनु भएकाले निःशुल्क रूपमा बिरामीहरूको उपचार गर्नुहुन्थ्यो । उहाँसँग दुर्गाप्रसादका ज्येष्ठ सुपुत्रले पनि आफ्नो स्वास्थ्य उपचार गर्ने अवसर पाउनुभएको थियो । उहाँ मीरघाटमा बस्नुहुन्थ्यो । उहाँले धर्मरक्षार्थ आफ्नो जीवन उत्सर्ग गर्नुभयो ।

(ख) स्वामी करपात्री महाराजजी

दण्डी स्वामी करपात्रीले वैदिक धर्मकर्मसम्बन्धी दर्जनौं पुस्तक लेख्नु भयो । यसमा स्वामीजीको मुख्य चार सूत्र छन् । १. धर्मको जय होस् २. अधर्मको नाश होस् ३. प्राणी मात्रमा सद्भाव होस् ४. विश्वको कल्याण होस् । शास्त्रीय मान्यतालाई धूमिल पार्ने चेष्टा विभिन्न कालखण्डमा विभिन्न विधर्मीले गरेका छन् । अनेकौं खण्डन गरेका छन् । ती सबैको खण्डन मण्डन ग्रन्थाकारमा स्वामीले गर्नुभएको छ । उहाँका कृतिमा विधर्मीका कुकर्मको खण्डनका साथ स्वधर्मको मण्डन गरिएको पाइन्छ । वेदार्थपारिजात, रामराज्य, क्या सम्भोग से समाधि ? आदि दर्जनौं पुस्तक, त्यसका साक्षात् उदाहरण हुन् । मन्दिर दर्शन, परिवेश र त्यसको मर्यादा राख्नुपर्छ भन्ने सिद्धान्तमा स्वामीको अडान थियो । यसै प्रसङ्गमा काशी विश्वनाथ मन्दिरमा पनि सबैले प्रवेश गरेर मूर्ति स्पर्श गर्नुहुँदैन । निश्चित अर्चकले मात्र स्पर्श गर्ने र अरूले सबैले दर्शन गर्ने व्यवस्था कायम गर्नुपर्छ भन्ने उहाँको मान्यता थियो । भारत स्वतन्त्र भएपश्चात् प्रायः सबै ठाउँमा सबैलाई मन्दिर प्रवेश गर्न दिने लहर आयो । काशी विश्वनाथ मन्दिर पनि यसमा अछुतो रहन सकेन । त्यसको विरोध गर्न करपात्री स्वामी र उहाँका अनुयायीहरू (त्यसमा दुर्गाप्रसाद पनि एक हुनुहुन्थ्यो) ले प्रवेश रोक्न मन्दिरको ढोकामा सुतेर विरोध जनाए । भित्र प्रवेश गर्ने भए हामीमाथि कुल्चेर जाओ नत्र जान पाइँदैन । तर सरकार त्यसको विरोधमा खडा थियो । ती सबैलाई गिरफ्तार गरियो र मन्दिरको मर्यादाको उल्लङ्घन भयो । तत्पश्चात् करपात्री स्वामीले नर्मदाबाट शास्त्रविधिअनुसार अनुष्ठानपूर्वक बाणलिङ्ग

ल्याएर त्यसमा भगवान् विश्वनाथको प्रतिष्ठा गराउनु भयो र छुट्टै विश्वनाथ मन्दिर बनाउनुभयो । यहाँ आज पनि स्वामीद्वारा निर्धारित शास्त्र विधिद्वारा पूजा अर्चना गरिन्छ । तथा सबै दर्शनार्थीलाई मन्दिरको गर्भ बाहिर समान दर्शन पूजाको अधिकार प्राप्त छ । आफ्ना सन्ततिलाई काशीका मन्दिरहरू दर्शन गराउँदा पनि दुर्गाप्रसादले पुरानो मन्दिरको दर्शन नगराई नयाँ विश्वनाथ दर्शन गराउनु हुन्थ्यो । एकचोटी सन्ततिहरूले जिद्दी गर्दा ल तिमीहरू दर्शन गर भनेर आफू बाहिर नै बस्नु भयो । त्यहाँ सबैले गर्भमा गएर शिवजीलाई छोएर पूजा गर्ने अधिकार रहेछ । त्यसो गर्दा मूर्तिको मर्यादा नरहने कुरा उहाँका सन्ततिहरूलाई महसुस भयो । काठमाडौँ पशुपतिनाथको दर्शनजस्तै अर्चक बाहेक अरूलाई मूर्ति स्पर्शको अधिकार नदिनु उचित हो । कालान्तरमा काशीमा पनि यस्तै व्यवस्था हुनु आवश्यक देखिन्छ ।

दुर्गाप्रसादसँग काशी गएका समयमा केदारनाथलाई आफ्नो वासस्थान बनाएर बसेका वृद्ध तथा जीर्ण कृश शरीरका स्वामी करपात्रीको चरणस्पर्श गर्ने सौभाग्य ज्येष्ठ सुपुत्र विश्वनाथ दवाडीलाई पनि मिलेको थियो ।

करपात्री स्वामीले दिनमा एकपटक साँझ सूर्यास्तभन्दा अगाडि आफ्नो हत्केलामा जति एक पटकमा अटाउँछ त्यति भोजन ग्रहण गर्नुहुन्थ्यो । कर (हात) नै पात्र (भाडो) अर्थात् अझ कुनै भाडामा राखेर नखाने हातलाई नै खाने भाँडो बनाएकोले उहाँको नाम करपात्री रहेको कुरा दुर्गाप्रसादले आफ्ना सन्ततिहरूलाई जानकारी गराउनु भएको हो ।

(ग) मुरलीधर पाण्डेयसँगको संगत

मुरलीधर पाण्डेय दुर्गाप्रसादका आफ्ना आदर्श पात्र मध्येमा सबैभन्दा बढी श्रद्धाका पात्र हुनुहुन्थ्यो अथवा आफ्ना श्रद्धेय व्यक्ति मध्ये श्रेष्ठ मुरलीधर गुरु हुनुहुन्थ्यो भन्ने मान्यता राख्नुहुन्थ्यो । किनभने स्वधर्म, पालन रक्षा सबैको मुख्य उद्देश्य हो । सन्न्यासी र ब्रह्मचारीलाई त्यो पालना गर्न कठिन हुँदैन । अन्यको दायित्व रहँदैन । तर गृहस्थ धर्मको पालना गर्दै त्यस सिद्धान्तलाई अघि बढाउनु अझ ठूलो कुरा हो । मुरलीधर गुरु सदा सर्वदा अरुको कल्याण गर्न तत्पर हुनुहुन्थ्यो । उहाँ अत्यन्त सरल, सहृदयी, अरूलाई आफ्ना कारणबाट कुनै पनि दुःख नपुगोस् भन्ने कुरामा अत्यन्त सजग हुनुहुन्थ्यो । उहाँले आफ्नो विश्वविद्यालयीय जीवनमा धेरै

विद्यार्थी, अनुसन्धाता, शोधार्थीहरूलाई ठूलो सहयोग गर्नु भएको थियो । मुरलीधर गुरुले आफ्नो शिष्यहरूलाई धर्ममार्गमा हिड्नका लागि केवल मौखिक उपदेश मात्र दिनुभएन आफ्नो आचरणद्वारा पनि उपदेश दिएर धर्मको धेरै सेवा गर्नु भएको छ । "क्षुरस्य धारा निशिता दुरत्यया" को पालना गर्नु भएको छ, लाल विहारी शास्त्री 'रामो विग्रहवान् धर्मः' अनुसार साक्षात् धर्मस्वरूप हुनुहुन्छ भने मुरलीधर गुरु त्यहाँ भन्दा बढेर हुनुहुन्छ । मुरलीधर गुरुलाई भरतको उपमा दिन सकिन्छ । रामले वनमा राक्षसहरूको संहार गरेर ऋषिको धर्मरक्षा गर्नु भएको थियो । भरतले अयोध्यामा नै रहेर कठोर व्रतको पालना गरेका थिए ।

त्यसैले भरतलाई "रामादपि हि तं मन्यते धर्मतो बलवत्तरम्" भन्न सकिन्छ । त्यस्तै मुरलीधर गुरु हुनुहुन्थ्यो । कहिले पनि जस्तै कठिन परिस्थितिमा पनि उहाँ धर्ममार्गबाट विचलित हुनुभएन । एकपुत्रशोक जस्तो क्षण विपत्तिमा पर्दा पनि विचलित हुनुभएन । दुर्गाप्रसादको २००३ देखि २०६३ सम्म मुरलीधर गुरुसँग प्रत्यक्ष र अप्रत्यक्ष सम्बन्ध (पत्राचार) रहेको थियो । दुर्गाप्रसादको डायरी पल्टाउँदा यो रहस्य उद्घाटित भयो । उहाँले खाना खाँदा बलि चढाएको खाद्यवस्तु भँगेराले आएर अगाडि खान्थ्यो । सबैमाथि उहाँको प्रेमभाव थियो । कसैको अहित वा हिंसा उहाँबाट कहिल्यै भएन । यो त्यसको प्रत्यक्ष प्रमाण हो ।

२०४१ सालमा पशुपति दर्शनार्थ मुरलीधर सपत्नीक काठमाडौँ त्रि.वि. आवास गृहमा आउनु भएको थियो । उहाँले दुर्गाप्रसादकी धर्मपत्नीले पकाएको भोजन ग्रहण नगरेर गुरुआमाले नै छुट्टै पकाउनु भएको थियो । दुर्गाप्रसादका सन्ततिहरू आज पनि भोजन गर्दा सिलाएका वस्त्र नलगाई उपर्ना र धोतीमै रहनुहुन्छ । दुर्गाप्रसाद कहाँ भोजन नगर्ने स्वयंपाक्य बाहेक अरू कुनै व्यक्ति अरू हुँदैनथ्यो । मुरलीधर गुरुको त्यो नैतिकताले ज्येष्ठ सुपुत्र विश्वनाथलाई आजसम्म पनि प्रभाव पारेको कुरा बताउनुहुन्छ । एक पटक विश्वनाथ, पीताम्बर दवाडी र स्वयं दुर्गाप्रसाद काशी जाँदा गुरुको घरमा प्रातः भोजनको निमन्त्रणा आयो । दुर्गाप्रसाद छोराहरूको साथमा मंगलागौरीबाट तुलसीघाट जानुभयो । दुर्गाप्रसादका घरतिर कर्म नचलेका वा कन्याको हातको भोजन (भात, दाल) ग्रहण गर्ने चलन थिएन । कीर्तिपुर आउँदा मुरलीधर गुरुको आचरण देखेका ज्येष्ठ सुपुत्रलाई कुनै द्विविधा पनि थिएन । तर भान्सामा त गुरूपुत्रीले भोजन (दाल, भात) पस्कन

लागिन् । कहिल्यै कर्म नचलेको कन्याको हातको भोजन नगरेको । विश्वनाथले भोजन ग्रहण गर्नुभएन । त्यस अवस्थामा गुरुआमा केही आवेशमा आउनुभयो । तर मुरलीधर गुरु चाहिँ तिम्रो यो निष्ठा देखेर म प्रसन्न भएँ भन्दै सहजता पूर्वक लिँदै पुरि, तरकारीको व्यवस्था गराउजु भयो । विश्वनाथले बासँग हामीलाई यस्तो कडा नियममा राख्नेले किन गुरुकोमा यस्तो भन्दै जिज्ञासा गर्दा पिताले यो गुरुको प्रसादका रूपमा मैले ग्रहण गरको हुँ भन्नुभयो । पछि बुझ्दा गुरुआमाको अस्वस्थता (तापको एलर्जी) यसको मुख्य कारण रहेछ । गुरूपुत्रीहरूले पनि नित्य स्नान गरेर चोखा वस्त्र लगाई भोजन बनाउने रहेछन् । यो एक बाध्यात्मक अवस्था रहेछ ।

३०. यज्ञ–यागादिमा संलग्नता

गुरुले जीवनकालमा यज्ञ गर्ने र गराउने दुवै गर्नुभयो । राजा वीरेन्द्रले पशुपति वेद विद्याश्रम गौशालामा गराएको रुद्रयज्ञमा उहाँ सहभागी हुनुभएको थियो । साथै राजा ज्ञानेन्द्रले हनुमानढोकामा गराएको सहस्रचण्डी यज्ञमा आचार्यत्व ग्रहण गर्नु भएको थियो । त्यस्तै अग्निहोत्री तीर्थराज आचार्यले गर्नुभएको सोमयज्ञमा पनि सहभागी हुनुहुन्थ्यो । २०५७ सालमा पोखरा विन्ध्यवासिनी विराट महायज्ञमा सह-आचार्यको रूपमा सम्मिलित हुनुभएको थियो । २०५९ सालमा लक्ष्मीकान्त ध्वज जोशीद्वारा काष्ठमण्डपमा आयोजित महारुद्रयज्ञको आचार्यत्व पनि ग्रहण गर्नुभएको थियो । यसमा उहाँको “महायज्ञ एक संक्षिप्त परिचय” भन्ने पुस्तिका पनि छापेर बाँडिएको थियो । भूपालमानसिंह कार्कीद्वारा २०५२ सालमा विराटनगरमा सम्पन्न रुद्रयज्ञमा अध्वर्युको रूपमा हुनुहुन्थ्यो र उनैले विराटनगरमै २०५३ सालमा गराएको अतिरुद्रयज्ञमा तथा कोटिहोम ब्रह्माका रूपमा समेत वरण हुनुभएको थियो । त्यस्तै कास्की रोहटेपानीमा अग्निधर शर्माले आफू र आफ्ना दाजुभाइहरूलाई सन्तान भएनन् भनी गराएको हरिवंश पुराणमा आचार्यत्व वरण गर्नुभएको थियो । त्यस पछि सबै दाजुभाइका सन्तान भएको थिए । कास्कीकै तोरीपानीमा पनि सप्ताह भन्नुभएको थियो । काठमाडौँमा भने वैदिक गुरु दामोदर कोइरालाज्यूले दुर्गाप्रसादलाई भागवत सप्ताह भन्न लगाउनु भएको थियो । दामोदर गुरुको घरमा सप्ताह वाचन गरे पछि काठमाडौँमा उहाँले १५ वटा जति सप्ताह-नवाह वाचन गर्नु भएको थियो । अझ भनौ यो सप्ताहले उहाँको वाचकत्वको नैष्ठिकताको परिचय सबैमा गराएको थियो । त्यसपछि दुर्गाप्रसादले वैदिक गुरु सोमनाथ पौडेलकोमा भागवत सप्ताह

वाचन गर्नुभयो । त्यस्तै हरि शङ्कर, कुमार पाण्डे, रमेश शर्मा, डा. बद्री पोखेलको घरहरूमा देवी भागवत नवाह वाचन गर्नु भएको थियो । ब्राह्मणका छ कर्मयज्ञ गर्ने गराउने, दान लिने दिने, पढ्ने पढाउनेमा दुर्गाप्रसाद संलग्न हुनुभएको थियो । ज्येष्ठ सुपुत्र विश्वनाथ दवाडी ६-७ वर्षको हुँदा कास्कीघरमा दुर्गाप्रसादले धान्य पर्व लगाउनु भएको थियो । मंसिर महिना हुनुपर्छ । पामे (बेँसी, फाँट) बाट एक डेढ घण्टाको उकालो बोकेर धान ल्याइएको थियो । १०८ गाई दान दिइएको थियो । त्यस्तै २०५५ सालमा काठमाडौँमा सप्ताह गर्न घर थिएन, कास्की छोडी सकिएको थियो । त्यसैले पटिहानी चितवनमा उहाँका कान्छा भाइ चन्द्रकान्त दवाडीको घरमा दुर्गाप्रसादले सप्ताह लगाउनु भएको थियो । वाचकका रूपमा वेदान्तका सहप्राध्यापक चतुर्भुज पौडेल गुरु हुनुहुन्थ्यो । साथै २०६९ वैशाखमा गरिएको दुर्गाप्रसाद स्वयंको चौरासी पूजामा पनि आचार्यत्व चतुर्भुज गुरुले नै गर्नु भएको थियो । चौरासी पूजाका साथ दम्पती तुलादान, त्यस समयसम्म गरिँदै आएका समस्त व्रतहरूको उद्यापन साथै पशुपति पुत्र नाति ईशानको व्रतबन्ध पनि गरिएको थियो । चौरासी पूजामा सबै कुराबाट निवृत्ति हो, प्रवृत्ति हैन भन्ने उहाँको धारणा थियो । चौरासी पूजामा उपहारको निषेध गर्नु भएको थियो । यो पूजामा दान दिने मात्र हो उपहार ग्रहण गर्ने होइन तर व्रत उपवासको उद्यापन गरे पनि व्रत उपवास बस्ने क्रम भने छाड्नु भएन, जीवनपर्यन्त बस्नुभयो । दुर्गाप्रसादले कर्मकाण्ड गरेर हिंडेको चाहिँ उहाँका सन्ततिले देखेनन् । एकाध पटक छिमेकीहरूले अनुरोध गर्दा व्रतबन्ध, रुद्री आदि चाहिँ गराउनु भएको थियो । तर श्राद्ध चाहिँ कसैकोमा गएर गराउनु भएन । दुर्गाप्रसादले यजमानी कार्य गर्नु भएन अथवा अझ भनौं उहाँका यजमान नै थिएनन् । बनाउने प्रयास पनि गर्नु भएन ।

३१. विद्वत् सभा

जुनानाथ पण्डित गुरु बडागुरुज्यू भएको केही समय पश्चात विद्वत् सभाको गठन भएको थियो । सनातन हिन्दू वर्णाश्रम धर्मप्रतिबद्ध गुरुहरूको संलग्नताको यसको गठन भएको थियो । बुद्धिसागर पराजुली, लोकनाथ ढकाल, रोहिणीप्रसाद भट्टराई, सोमनाथ पौडेल, राधाकृष्ण अधिकारी, शिवराज आचार्य, दामोदर कोइराला, विष्णुप्रसाद ज्ञवाली, मधुसुदन रिसाल, दुर्गाप्रसाद दवाडी आदि गुरुहरूको यसमा प्रत्यक्ष संलग्नता थियो । यस संस्थाले आजको युगमा धर्म र धर्मको नाममा स्थापना भएका विभिन्न विदेशी संस्था संघ, समिति, पेशेवर धर्मप्रदर्शक, आधुनिक योगेश्वर,

महर्षि महेश, गुरुदेव, भगवान्‌हरूका नामका संघ, संस्था, समिति यिनका अभिकर्ता (एजेन्ट) हरूबाट सभा गोष्ठी, सम्मेलन, रेडियो, पुस्तिका पर्चा आदि विभिन्न साधनहरूद्वारा धर्मप्रचारको नाममा शास्त्रीय कुराहरूमा शास्त्रविरुद्ध कपोलकल्पित कुराहरू मिसाई आफ्नो निहित स्वार्थपूर्ति गर्न, धनसंग्रह गर्न, धर्मको रूपलाई विकृत पारी वास्तविक अनादि वैदिक सनातन वर्णाश्रम धर्म (हिन्दुधर्म) लाई प्रदूषित पार्न र हाम्रो प्राचीन परम्पराबाट च्युत गराई आफ्नो श्रेष्ठता स्थापित गर्न धर्मको मुखुण्डो लगाएर प्रचार गर्ने काम भएकाले यसबाट साधारण जनतामा वैदिक सनातन वर्णाश्रम (हिन्दु) धर्मका मूलभूत कुराहरूमा भ्रम पार्दै धर्मबाट च्युत हुने सम्भावना देखिएकाले त्यसको निवारणार्थ यस विद्वत् सभाले शास्त्रीय वचनको पालना गर्दै सर्वसाधारण जनता, गुरु पुरोहितलाई सजग गराउन यसको स्थापना भएको थियो । यस विद्वत् सभाले परिआउने विभिन्न समस्याको शास्त्रीय समाधान खाजेर जनतालाई सूचित गराउने कार्य गरेको थियो । यो संस्था जुनानाथ गुरु, बुद्धिसागर गुरु परलोक गए पश्चात् पनि धेरै समय सम्म क्रियाशील रह्यो । यसले विद्वत्‌सभाको सन्देश ५ भाग सम्म प्रकाशित गरेको थियो । यसमा दुर्गाप्रसादले सदस्य, सचिव, कोषाध्यक्ष आदिको रूपमा आफ्नो योगदान दिनु भएको थियो । वयोवृद्ध गुरुहरूको परलोक गमन विस्तारै हुँदै जाँदा यो संस्था पछि आफै विभिन्न कारणले गर्दा विलुप्त भयो ।

३२. पितृ सेवा तथा दुःख (बरखि)

दुर्गाप्रसाद पितृभक्त हुनुहुन्थ्यो । उहाँका पिता सेतूपाध्याय आफू स्वयं पुरोहित पण्डित भएकाले उमेर हुँदासम्म अथवा खुट्टा चलिञ्जेल कसैको भर पर्नु परेन । बरु छोराहरूलाई आवश्यक परेको खण्डमा सहयोग गर्नु भएको थियो । पचहत्तर वर्षको भएपछि आफ्नो घरबाट धेरै परका यजमानकहाँ जान सक्नु भएन । तर पनि नजिकका घरमा गएर कार्य गर्दै आउनु भएको थियो । तर पिताजी कमजोर भएको बुझेर दुर्गाप्रसादले उहाँलाई आफूसँगै काठमाडौँ ल्याउनु भएको थियो । उहाँलाई मनपर्ने कुराहरू सोधी ल्याइदिनु हुन्थ्यो । गुरुआमाले पनि आफ्ना सन्ततिलाई हजुरबुबालाई तिमीहरूले पनि तेल मालिस गरिदेओ उहाँ खुसी भएर आशिर्वाद दिनुहुन्छ, भन्नुहुन्थ्यो । दुर्गाप्रसादका सन्ततिहरूमा केटाकेटी भएपनि हजुरबुबालाई तेल मालिस गरिदिन्थे । तेल लगाएर ढोग गर्दा उहाँ केटाकेटीलाई

आशिष दिनु हुँदा साह्रै रमाइलो मान्दथे । काठमाडौँमा हिउँदमा जाडो निकै हुने भएकाले प्रायः दशैँमा दुर्गाप्रसाद सपरिवार कास्कीकोट घर जानुहुन्थ्यो । त्यसो त कास्कीका दुर्गाप्रसादका अरु दाजुभाइले पनि टीका लगाउन पर्ने सबैलाई यहाँ आउनु भन्दा त्यहाँ जान सजिलो भएकाले सबै जानुहुन्थ्यो । दशैँमा सबैसँग टीका लगाउन पाउँदा भेटघाट हुँदा को खुसी हुँदैन र ? सेतूपाध्यासँग टीका थाप्न उहाँका शिष्य, यजमान आदि थुप्रै जना आउँदथे । दशैँको बिदा सकिएपछि दुर्गाप्रसाद काठमाडौँ सपरिवार फर्कनुहुन्थ्यो भने काठमाडौँमा जाडो सुरु हुने भएकाले वृद्ध सेतूपाध्या उतै बस्नु हुन्थ्यो । चैत वैशाखमा फेरि उहाँलाई छोरा दुर्गाप्रसादले काठमाडौँ ल्याउनुहुन्थ्यो । यो क्रम धेरै वर्षसम्म चलिरह्यो । सेतूपाध्याको मोतिबिन्दुको अप्रेसन वीर अस्पतालमा गरिएको थियो । अहिले जस्तो सजिलो प्रविधि, एक डेढ घण्टामा अप्रेसन, १५ मिनेटपछि डिस्चार्ज हुने अवस्था थिएन । अप्रेसन पछि तीन दिनसम्म, सेतूपाध्यालाई अस्पतालमा नै राख्नुपर्‍यो । घरमै चोखो गरि पकाएको रोटी सब्जीले काम चलाइएको थियो । अप्रेसन गरेको दश वर्षपछि सेतूपाध्या अलि अशक्त हुँदै जानु भयो । स्नानगृहमा लगेर आफ्नै हातले दुर्गाप्रसादले पिताजीलाई नुहाइदिनु हुन्थ्यो र बाहिर घाममा जप गर्न राखिदिनु हुन्थ्यो । सेतूपाध्याले जीर्ण शरीर हुँदा पनि सन्ध्या, भागवत तथा गीता पाठ नित्य गर्नुहुन्थ्यो । त्यसमा आवश्यक सहयोग घरका सबै सदस्यले गर्दथे तर दुर्गाप्रसादले नै सकेसम्म आफैँ गर्नुहुन्थ्यो । आफ्ना मातापिताको कस्तो सेवा गर्नुपर्छ भन्ने कुरा दुर्गाप्रसादका सन्ततिले पिताजीबाट सिकेका हुन् । दुर्गाप्रसाद एक आदर्श पुत्र हुनुहुन्थ्यो । उहाँको कथनि र करणि एउटै हुन्थ्यो । जसले उहाँका चारै सन्तानलाई सत्मार्गमा हिंड्न आजसम्म पनि मार्गदर्शन गरिरहेको छ ।

जातस्य हि ध्रुवो मृत्यु ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहारार्थे न त्वं शोचितुमर्हसि ।

२०४१ साल भाद्र शुक्ल सप्तमी तिथि प्रातः ७ बजे आवास गृह बाहिर तुलसी मठका समीपमा सेतूपाध्याले इहलोक छोडेर परलोक जानुभयो । त्यसबेला शव वाहनको प्रयोग पनि आइसकेको थियो तर दुर्गाप्रसादले काँधमा नै आर्यघाट पुर्‍याउने निर्णय लिनुभएको थियो । मृत्युपश्चात् शवको स्पृश्यतामा विशेष ध्यान पुर्‍याउनु पर्छ, शववाहनमा त्यो सम्भव हुँदैन । शव बोक्ने दुई नातिले धोती लगाएका

थिए भने अन्यले गम्छा लगाएर खालि खुट्टाले आर्यघाट पुऱ्याएका थिए । हिंडेर डेढ घण्टाको बाटो भएकाले आलोपालो गरिएको थियो । तर दुर्गाप्रसादले बाँसको अग्रभाग कन्धा नछोडिकन पशुपति पुऱ्याउनु भयो । सहृदयी मलामी यात्रीले गुरु यो ५६ वर्ष उमेरमा यस्तो जिद्दी नगरौँ । यसपछि १३ दिनसम्म, क्रिया पनि बस्नुपर्छ अस्वस्थ्य भइयो भने, विघ्न हुन्छ आदि इत्यादि सम्झाउँदा शव बोकेर एक पाइला हिंड्दा पनि यज्ञ गरे बराबर फल प्राप्त हुन्छ । त्यसमा पनि आफ्ना गुरुलाई कन्धा दिन पाउनु सौभाग्य हो, पछि चाहेर पनि पाइँदैन यो पुण्यको कार्य हो । यस्तो वचन सुनेका कनिष्ठ पुत्र पशुपति अहिले पनि पोखरामा कोही आफन्तको शवयात्रामा सम्मिलित हुँदा कन्धा दिन छुटाउँदैनन् । त्यसो त अहिले सबैतिर शववाहनको उपयोग हुन थालेको छ । धार्मिक शास्त्रीय विश्वासमा पहिरो गएको छ ।

पिताजी सेतूपाध्याको दाह संस्कार सिद्धिँदा साँझको सात बज्यो । त्यहीँबाट ट्याक्सी रिजर्भ गरेर दुर्गाप्रसाद आफ्नी धर्मपत्नीका साथमा घरतर्फ लाग्नुभयो भने उहाँका दुई छोराहरू आवास गृह फर्किए ।

सधैँ वाग्मती नित्य स्नान जप गरेर फर्कन एक डेढ घण्टा लगाउने दुर्गाप्रसादले त्यो एक वर्ष २० मिनटमै फर्कनुहुन्थ्यो । त्यसबेला उहाँका सन्ततिमा त्यसको कारण सोध्ने बुद्धि पनि आएन, आवश्यकता पनि थिएन शायद । निर्णय सिन्धुको वचन-

प्रमीतौ पितरौ यस्य देहस्तस्याशुचिर्भवेत् ।
न दैवं नापि वा पित्र्यं यावत् पूर्णे न वत्सर : ॥ लाई नै प्रमाण मानेर होला-
सूतके मृतके कुर्यात्प्राणायाममन्त्रकम् ।
तथा मार्जनमन्त्रास्तु मनसोच्चार्य मार्जयेत् ।
गायत्रीं सम्यगुच्चार्यसूर्यायार्घ्यं निवेदयेत् ॥

यो वचनअनुसार सन्ध्या गरेको हुनाले त्यति चाँडै फर्किनु भएको अनुमान लगाउन सकिन्छ । वर्षदिनसम्म पञ्चाङ्ग पूजन भएन । गर्न पनि लगाउनु भएन । साँझको सन्ध्या पनि ४-५ मिनटको मात्रै हुन्थ्यो । आजकल गुरुहरू १३ दिनपछि पुरै सन्ध्या गर्नुपर्छ भन्दछन् । घरको मूल पुरुषको अशौचमा हुँदा यी कुराहरू वर्जित हुन्छन् भन्ने उहाँको शास्त्रीय मान्यता थियो । ज्येष्ठपुत्र विश्वनाथले पनि पिताजीको आशौचमा त्यसै गर्नुभयो ।

३३. तीर्थ यात्रा/तीर्थाटन/व्रत

बाल्यकालको खेल्ने, दौडने, उफ्रने समय वित्दा न वित्दै केवल नौ वर्षको उमेरमा नेपालीहरूको माझ प्रसिद्ध तीर्थ मन्दिरै मन्दिरको शहर र शिक्षाको प्रमुख केन्द्र काशी पुगेका दुर्गाप्रसादको लगभग ४० वर्ष उमेरसम्म नेपाल ओहोर दोहोर र बसाइलाई पनि गाभ्दा त्यहीँ व्यतीत थियो । काशीका कुनाकाप्चा गल्लीभित्रका, घरभित्रका आदि सबै मठमन्दिर कहाँ कुन ठाउँमा केका मठमन्दिर छन् सबै जान्नु भएको थियो । दुर्गाप्रसादले आफ्ना चारै सन्तानलाई काशी दर्शन गराउँदा एकदिन बिहान चार घण्टा लागेको थियो । यी सबै मन्दिरहरू काशीका गल्ली भित्रका थिए । त्यस्तै ठूलो बाटो रिक्सा वा अटोबाट दर्शन गर्न जाँदा पनि लगभग ४ घण्टा लागेको थियो । यति गर्दा पनि सारनाथ अलिक पर भएकाले अर्को दिन दर्शन गरिएको थियो ।

दुर्गाप्रसादले आफ्ना पिताजी सेतूपाध्यालाई पनि लिएर भारतका विभिन्न तीर्थस्थल चार धाम, बद्रीनाथ, गंगोत्तरी, केदारनाथ, गोमुख, जगन्नाथ, द्वारका, प्रयाग आदि ठाउँमा जानु भएको थियो भने पिताजीको स्वर्गारोहणको वर्षदिनपछि आफ्ना चारै दाजुभाइका साथ गया गएर पिण्डदान गर्नु भएको थियो । तत्पश्चात् विभिन्न मितिमा कहिले गाउँले दाजुभाइ त कहिले वाल्मीकि क्याम्पसका सहकर्मी त कहिले छिमेकीका साथमा आफ्नी धर्मपत्नीलाई लिएर भारतका विभिन्न तीर्थस्थल पुग्नु भएको थियो । यस्तो तीर्थयात्रा १५ दिनदेखि एक डेढ महिनासम्मको हुन्थ्यो । कतिपय तीर्थस्थल विभिन्न तीर्थयात्रीहरूसँग पटक पटक जाँदा दोहरिएका तेहरिएका पनि थिए । तीर्थयात्रामा जाँदा सातु, तिल वा सिलामको छोप, सुख्खा फ़ल (काजु, किसमिस, छोडा, बदाम) आदि, डाक्टरलाई सोधेर आवश्यक औषधि र केही अनुभव अनुसार आफ्नै आयुर्वेदिक औषधि काठमाडौँबाट साथमा लिएर जानुहुन्थ्यो । यात्रामा कसैलाई केही अप्ठ्यारो पर्दा यी औषधीहरूले ठूलो काम दिएका थिए । भारतमा बसेकाले भाषाको पनि सहज पहुँच हुनाले गाडी कहीँ रोक्दा र रातमा वासका लागि पनि आफैँ अघि सरेर यथाशक्य व्यवस्था मिलाउनु हुन्थ्यो ।

उहाँले भारतका लगभग सबै तीर्थस्थलको दर्शन गर्नु भएको थियो । अमरनाथ यात्रा निकै कठिन हिमक्षेत्रमा पर्छ । मुरलीधर गुरुले म तिमीलाई साथ

दिएर जान सक्दिन अरु कोही चिनेका मानिस पनि छैनन् तिमी पनि नजाऊ भनेर सम्झाउँदा दुर्गाप्रसादले अहिले गुरु यहाँ भएकाले र अनुसन्धान गर्नु पर्ने कार्य विशेषले यहाँ आएको हुँ। अब फेरी पुनः यस ठाउँमा आउने सम्भावना पनि छैन। अहिले अमरनाथको दर्शन गरिन भने जिन्दगीभर गर्न पाउने छैन। भगवान् र गुरुको आशिर्वाद मलाई छ, केही हुँदैन अनुमति दिनुहोला भनेर विनित आग्रह गरेपछि सहृदयी गुरुले स्वीकृति दिनुभएको थियो। यो कुरा दुर्गाप्रसादले आफ्ना पिताजीका कुरा सुनाउने प्रसङ्गमा ज्येष्ठ सुपुत्रलाई बताउनु भएको हो।

दुर्गाप्रसादले भारतका दर्शन गरेका तीर्थस्थलहरू- गया, गंगा सागर, वैद्यनाथ धाम, चारैवटा कुम्भ मेला, प्रयाग, द्वारका, जगन्नाथ, कन्याकुमारी, वैष्णवदेवी, यमुनोत्तरी, गङ्गोत्तरी, केदारनाथ, बद्रीनाथ, गौमुख, हरिद्वार, हृषीकेश, अमृतसर, कुरुक्षेत्र, मथुरा, वृन्दावन, नैमिषारण्य, चित्रकूट, विन्ध्याचल, कान्यकुब्ज, विन्ध्याचल, अयोध्या, गोरखपुर, परशुराम कुण्ड, कामाक्षी/कामाख्या आदि हुन्।

दुर्गाप्रसादसँग बनारस जाँदा आउँदा यात्रामा कस्तो आहार विहार गर्नुपर्छ भन्ने सामान्य जानकारी उहाँका सुपुत्रलाई प्रत्यक्ष रूपमा भएको थियो। तर जब परशुराम कुण्डको १२ दिनको तीर्थयात्रामा दुर्गाप्रसाद, उहाँकी धर्मपत्नीसहित तीर्थयात्रा सम्पन्न भयो तब मात्र तीर्थयात्रामा उहाँको आचरण कस्तो हुँदो रहेछ प्रत्यक्ष जान्ने अवसर ज्येष्ठ सुपुत्रले पाउनुभएको थियो। तीर्थयात्राका लागि ठूलो आरामदायी भोल्भो बसको व्यवस्था गरिएको थियो। त्यसैले आफ्नो अनुकूल अनुसार स्नान, संध्या, खानपिन, वासस्थानलाई कुनै समस्या परेन।

उहाँले यो १२ दिनको यात्रामा बसभित्र कुनै पनि खानेकुरा ग्रहण गर्नु भएन। तीर्थयात्री सबैले पवित्र र चोखो खानेकुरा घरबाटै लिएर गएका थिए। बसमा बेलाबेलामा ती खानेकुरा पालैपालो सबैले बाड्थे। तर दुर्गाप्रसादले ती चोखा/पवित्र भएपनि बसभित्र कहिल्यै लिनु भएन। लघुशङ्का गर्न पनि पानी भएको स्थानमा रोक्न लगाउनु हुन्थ्यो। जनै कानमा राख्दै पानीले मूत्र भागलाई पखालेर हातखुट्टा धोएपछि कुल्ला गर्नुहुन्थ्यो। यो क्रम पुरै यात्रा भर रह्यो। पूर्ण स्नान गरेपनि अन्य यात्री र समयलाई ख्याल राख्दै सन्ध्या जप भने संक्षिप्त रूपमा गर्नुहुन्थ्यो। तर रात्रीको सन्ध्या वास बस्ने ठाउँमा अरु सहयात्रीहरूलाई कुनै असुविधा नहुने भएकाले नित्य जस्तै पुरै गर्नुहुन्थ्यो। काशी, टिष्टा, ब्रह्मपुत्र जस्ता

तीर्थस्थलमा भने अनुरोध गरेरै पनि स्नान गर्नु भएको थियो । त्यही निहुँले अन्य इच्छुक यात्रीले पनि आफ्नो रुचि अनुसार अभिषेक गर्ने, हात मुख धुने वा पूर्ण स्नान गरेका थिए । खाना पकाएर खाँदा घरको जस्तै नियम पुऱ्याइएको थियो ।

नेपालका तीर्थ स्थलहरूमध्ये सल्यानकोट भगवती, वराह क्षेत्र, जानकी मन्दिर, त्रिवेणी, सोमेश्वर, गोद्दक, मुक्तिनाथ, रिडी रुरु क्षेत्र, वाग्लुङ् कालिका, मनकामना, गोरखा, दामोदर कुण्ड, आदि तीर्थ गर्नु भएको थियो । तिब्बतको मानसरोवर पनि पुग्नु भएको थियो ।

दामोदर कुण्ड

नेपालको दामोदर कुण्ड साह्रै कठिन तीर्थस्थलको रूपमा मानिन्थ्यो त्यस समय । तर हाल यारासम्म मोटर जाने बाटो बनेकाले दुई दिन पैदल यात्रा गरेपछि, त्यहाँ पुग्न सकिने भएको छ ।

२०६१-२-३० गते पोखराबाट दामोदर कुण्ड जाने निधो भएपछि गुरुआमालाई खुट्टा सुन्निने भएकाले भाइ कनिष्ठ पुत्र पशुपतिलाई साथमा लिएर जाने निधो दुर्गाप्रसादले गर्नु भएको थियो । तर ईश्वरी दवाडी (साहिला बाका छोराले) यात्रा कठिन छ तपाईं वृद्ध हुनुहुन्छ ठूलो छोरा विश्वनाथलाई लानुपर्छ भन्ने सल्लाह दिएपछि ज्येष्ठ सुपुत्र विश्वनाथले पिताजीसँग दामोदर कुण्डको दर्शन गर्ने अवसर पाउनुभएको थियो । यसबेला बेनी जोमसोमको मोटर जाने बाटो बन्दै थियो । बिहान शुक्लागण्डकीको स्नान गरेपछि कालीगण्डकी स्नान गर्ने एकैदिन दुई तीर्थको स्नान हुन्छ भनेर केही नखाई पोखराबाट जोमसोम पुगेर हवाई जहाजबाट ओर्लेपछि कालीगण्डकीको स्नान भएको थियो । ताङ्वे, समर, घमी, यारा लगायतका ठाउँहरू यात्रा गरेपछि सायङ्कालमा विद्यालयहरूमा वास बस्नुभयो । घमीको उकालो ३० मिनेट जति बाँकी रहँदा दुर्गाप्रसादलाई लेक लाग्यो । औषधि खुवाएर मुस्किलले घमी पुऱ्याइएको थियो । राति ज्वरो पनि आयो । ज्वरोको औषधि खुवाएर सुताइयो । साथमा भएका तीर्थयात्रीहरू लगायत ज्येष्ठ सुपुत्रलाई पनि साह्रै डर लागेको थियो । हिंड्न सक्नु भएन भने के गर्ने ? तर भगवान्को कृपा भोलिपल्ट विहान उठ्दा ज्वरो लेक सबै चङ्गा भै सकेको थियो । सबैभन्दा अगाडि अगाडि हिंड्ने दुर्गाप्रसाद नै हुनुभयो । साँझ याराको

बसाइ भयो । प्रदोष व्रत भएकाले सायंकालमा याराको सानो खोल्सामा गएर स्नान र त्यहीँ एउटा ढुङ्गोलाई शिवजी बनाएर पूजा गर्नुभयो दुर्गाप्रसादले । उचाइको बाटो कठिन थियो । त्यहाँ माथि दामोदर कुण्डसम्म कुनै गाउँ थिएन । बाटो बिराउन पनि सकिन्थ्यो लेक लाग्ने डर पनि थियो । त्यसैले सात जनालाई सातवटै घोडा र दुई सयस व्यवस्था गरी १२ बजेतिर खाना खाएर तीर्थयात्रीहरू बाटो लागे । साँझ ठाँटी (बस्ने टहरो) मा पुग्दा भारतीय तीर्थयात्री र स्थानीय तीर्थयात्रीले ठाँटी भरिएको थियो । केही तीर्थयात्री टेन्ट लगाएर बसेका थिए । दुर्गाप्रसादहरूसँग टेन्ट पनि थिएन । अलि पर पहराको छेउमा सुतेर रात बित्यो । भोलिपल्ट तीन बजे दामोदर कुण्ड पुग्यो तीर्थयात्राको टोली । बाटोमा हिँड्दा प्रातःस्नान सधैं दुर्गाप्रसादले जति चिसो भए पनि पूर्ण स्नान गर्नुहुन्थ्यो र ज्येष्ठ सुपुत्रलाई पनि त्यसै गर्न प्रेरित गर्नुहुन्थ्यो । यसरी स्नान र त्यहीँ बगेको हिमाली पानी पिउँदा स्वास्थ्यमा केही हानि गर्दैन यो दिव्यस्थान हो भन्नुहुन्थ्यो । यसले गर्दागर्दै तीर्थयात्रीहरूको शरीर त्यहींको हावापानीमा अभ्यस्त भएको हुनुपर्छ । दामोदर कुण्डमा पुगेपछि अब त सबै सातै जनाले पूर्ण स्नान गर्नुपर्ने भयो । त्यही भनेर गएको कसरी जाडो छ भनेर स्नान नगर्ने ? दुर्गाप्रसादका पिता पुत्र बाटोमा सबै ठाउँमा सँगै स्नान गर्ने गरेका हुनाले कुनै समस्या परेन । तर अन्य सदस्यहरूले त्यही मात्र पूर्णस्नान गर्दा केही अस्वस्थ अनुभव गरे पनि साथमा भएका औषधिका सहयोगले त्यति गाह्रो भने भएन । दामोदर कुण्डमा भने ४ वटा ठाँटी थिए । राति बस्नलाई कुनै समस्या परेन । त्यहीँ भारतीय तीर्थयात्रीबाट यहाँभन्दा माथि अर्को पनि दामोदर कुण्ड छ भन्ने जानकारी प्राप्त भयो । भोलिपल्ट बिहान त्यहीँ स्नान गरेर माथिल्लो दामोदर कुण्डको पनि दर्शन गरि त्यही फर्कियौँ । अर्को दिन फेरि दामोदर कुण्डमै स्नान गरी तीर्थयात्राको टोली फर्कियो । यस प्रकार तीन दिन दामोदर कुण्डमा स्नान गर्ने सुअवसर तीर्थयात्रीहरूलाई मिलेको थियो । मुख्य मुख्य तीर्थस्थलमा सम्भव भएसम्म तीन दिनको स्नानलाई बढी महत्त्व दिएको कुरा पनि दुर्गाप्रसादबाट अरु तीर्थयात्रीले थाहा पाए । यारामा आएर बासको व्यवस्था भयो । घोडा पनि त्यहीँ छोडियो । हिँड्दा खुट्टामा ईश्वरी दवाडीको समस्या आएकोले उहाँलाई पाङ्ग्रे गाउँबाट घोडामा चढाएर ५ जना पैदल अर्को नयाँ बाटोबाट ताङ्गेमा वास बसेर भोलिपल्ट छुसाङ्ग टोली आइपुग्यो । नयाँ बाटोबाट आउँदा एक दिन चाँडो भयो । छुसाङ्गबाट जोमसोम आइपुगियो । प्लेन तीन दिनदेखि पोखराबाट आएको थिएन ।

यात्रीहरू कुरेर बसेका थिए । प्लेन आए पनि दुर्गाप्रसादहरूको पालोको ठेगान थिएन । त्यसैले त्यहाँबाट पैदल नै हिँडियो । बाटो बन्दै गरेकाले कहीँ ट्र्याक्टर कहीँ पैदल कहीँ जीपबाट यात्रा गर्दै साँझ लेतेमा वास बसियो । अर्को दिन तातोपानीमा बस्ने व्यवस्था भयो । तातोपानीमा कुण्डमा धेरैबेर बसेर नुहाउने क्रम चल्यो । तातोपानीमा बस्दा वाथ रोग, हड्डीको जोर्नीको रोग सञ्चो हुन्छ भनेर धेरै मानिस नुहाउँन आउँदा रहेछन् । त्यहाँबाट पनि कहीँ हिँड्दै कहीँ डम्फर चढ्दै एक डेढ बजे गलेश्वर दर्शन गरेर अर्को डम्फरबाट २ बजे बेनी पुगियो । त्यहाँबाट साँझमा पोखरा घर आइपुगियो । अहिले त सजिलै सवारी साधनबाट यारासम्म पुगिन्छ । त्यसैले मुक्तिनाथको दामोदरकुण्डको यात्रा धेरै सजिलो भएको छ ।

३४. व्रत

दुर्गाप्रसाद दवाडीको बाल्यकाल संस्कृतिक तथा धार्मिक नगरी काशीमा वितेको थियो । त्यहाँको धार्मिक र सांस्कृतिक प्रभाव उहाँमा परेको प्रष्ट देख्न सकिन्थ्यो । प्रदोष व्रतमा एक छाक अन्न मात्र सायङ्कालमा शिवजीको पूजापछि खाने गर्नुहुन्थ्यो । यो व्रत उहाँको जीवनको अन्तकालसम्म पनि छुटेन । जीवनको अन्तिम क्षणमा अघिल्लो प्रदोष व्रतका दिन आफैँ साइकल चढेर पशुपति पुग्नुभएको थियो भने दोस्रो प्रदोष व्रतमा उहाँको पार्थिव शरीर पुगेको थियो । एकादशी व्रतमा बेलुका मात्र फलाहार गर्नुहुन्थ्यो । निर्जला एकादशीमा पानी पनि नखाइ उहाँले व्रत गर्नुहुन्थ्यो । यो व्रत आज पनि दुवै छोराहरू, नातिहरू सबैले निर्जल नै व्रत बस्ने गरेको देखिन्छ । कहिलेकाहीँ निर्जलाको भोलिपल्ट नै प्रदोष व्रत पर्थ्यो । यस्तोमा पनि दुईदिनसम्म उहाँ व्रत बस्न सक्नुहुन्थ्यो । तर साह्रै कठिन भने हुन्थ्यो । अक्षय तृतीयाको दिन घरमा ब्राह्मण बोलाइ जौको सातु र सर्वत खान दिने, दान गर्ने गर्नुहुन्थ्यो । अक्षय तृतीयाको दिन गरेका दान धर्म अक्षय हुन्छन् । कहिले नाश हुँदैनन् भनेर आफ्ना सन्ततिहरूलाई दुर्गाप्रसादले बताउनु हुन्थ्यो । कृष्ण अष्टमीको रात्री १२ बजे कृष्णपूजा गरेपछि मात्र फलाहार गर्नुहुन्थ्यो । यसमा धर्मपत्नीले पनि दुर्गाप्रसादलाई साथ दिनुहुन्थ्यो । पूर्णिमामा श्रीयन्त्रमा राजराजेश्वरीको पूजा माता पिता र ज्येष्ठ सुपुत्र भएर गर्नुहुन्थ्यो । पछि ज्येष्ठ सुपुत्रको विवाहका धेरै पश्चात् दुर्गाप्रसाद दम्पत्तिले ज्येष्ठ सुपुत्र र बुहारी विजयालाई यो व्रत थमाएर आफूहरूले उद्यापन गर्नुभयो । दुर्गाप्रसाद शारदीय नवरात्र र वासन्तिक नवरात्रमा सदा नवदुर्गा

पूजा र सप्तशतीको पाठ गर्नुहुन्थ्यो । यो क्रम छोरा र नाति सबैमा आजका मितिसम्म पनि चल्दै छ । दुवै नवरात्रका तीन दिन सरस्वती शयन भनेर पुस्तकलाई नयाँ वस्त्रले छोपेर पूजा गर्नुहुन्थ्यो । यो तीन दिनलाई अनध्याय मानिन्थ्यो । पढ्ने लेख्ने काम हुँदैनथ्यो । परिवारसँग तास खेल्नुहुन्थ्यो । तासका खेल देखाउनुहुन्थ्यो । परिवारलाई पिताको यो रूप देख्दा अचम्म लाग्थ्यो । दुर्गाप्रसाद रामनवमीमा दिनको १२ बजे रामको पूजा गरी फलाहार गर्नुहुन्थ्यो । माघे संक्रान्तिमा सकेसम्म देवघाटमा स्नान गर्न दुर्गाप्रसाद दम्पत्ति जानुहुन्थ्यो एकाध पटक दुवै भाइ छोरा पनि सँगै जानुभएको थियो । माघे संक्रान्तिका दिन तरुल, घ्यू, चाकु आदि खाने र दान दिने गर्नुहुन्थ्यो । प्रत्येक बाह्रवर्षे गोदावरी मेला, पनौति मेलामा नुहाउन पनि सन्ततिहरूलाई साथ लिएर जानुहुन्थ्यो । शिवरात्रीमा वनारसमा हुँदा रातभर काशीका सबै शिव मन्दिरको दर्शन गरेर जागाराम बस्नु हुन्थ्यो । काठमाडौँमा सपत्नी रातभर पशुपतिमा दियो बालेर जागाराम बस्नुहुन्थ्यो । शिवरात्रीमा आएका सबै नागा बाबा र अरु साधु सन्तको दर्शन गर्न भन्नुहुन्थ्यो यीमध्ये कुनै एक रूपमा स्वयं शिवजी आउनुहुन्छ भन्दै आफ्ना सन्ततिलाई दुर्गाप्रसाद प्रेरित गर्नुहुन्थ्यो । त्यसैको प्रभावले होला नाति कमलेश र छोरा विश्वनाथ सधैँ यस बेला पशुपति नाथको दर्शन गर्ने गर्नुभएको छ । दुर्गाप्रसाद प्रत्येक सूर्यग्रहण तथा चन्द्रग्रहणमा नदी स्नान गर्नुहुन्थ्यो एकाध दुई पटक अनुकूल नमिलेर कीर्तिपुर ट्याङ्गलाका इनारमै भएपनि स्नान गर्नु भएको थियो । प्रत्येक श्रावणीमा नदीमा स्नान गरि घरमा आएर जनै मन्त्रदा दिनको ३-४ बज्थ्यो । यो प्रक्रिया अहिले पनि छोरा नातिले निरन्तरता दिइराख्नु भएको छ । तिहारको औँसीमा सरस्वती जगाउने भन्दै पुस्तक पाठ गर्नुहुन्थ्यो र आफ्ना सन्ततिलाई पनि त्यसमा प्रेरित गर्नुहुन्थ्यो । हरिबोधनी एकादशीका दिन व्रत बसी सायंकाल तुलसीको हवन गरी आहुति दिनुहुन्थ्यो । फागु पूर्णिमाका दिन श्रीमतीसहित सन्ततिहरूलाई अबिर लगाइदिएर होली पर्व मनाउनु हुन्थ्यो । घरमा दिउँसो मिष्ठान्न पाक्दथ्यो । यो दिन नसा (भाङ) खान छुट थियो ।

३५. धन आर्जन र सम्पत्ति

नौ वर्षको उमेरमा ज्ञान आर्जनका लागि काशी पुगेका दुर्गा प्रसादको बाल मस्तिष्कमा त्यहाँ धार्मिक वातावरण विशेष गरेर स्वामी करपात्री, लाल विहारी शास्त्री र जीवन भर सम्पर्कमा हुनुभएका गुरु मुरलीधरहरूको आचारण, व्यवहार,

निष्ठा, सहृदयता, आदिले विशेष प्रभाव पारेको थियो । धन आर्जनमा पनि उहाँले असत्‌को मार्ग अपनाउनु भएन । कसैसँग माग्नु, छलकपट गर्नु, अनैतिक तरिकाले ढाँटेर, झुक्याएर, ठगेर केही प्राप्त गर्ने कार्य कहिल्यै गर्नु भएन । तिमी आफ्नो सत्मार्गमा हिँड त्यसबाट कहिल्यै विचलित नहोउ, भगवान्‌को शरणमा जाऊ, सर्वज्ञ ईश्वरनै हुनुहुन्छ । तिमीलाई आवश्यक पर्ने धन, सम्पत्तिको हेरचाह उनले आफैँ गर्दछन् । जस्तोसुकै परिस्थितिमा पनि सुख वा दुःखमा कहिल्यै आत्तिने वा मात्तिने नगर यस्तो धारणा राख्ने दुर्गाप्रसादले २००७ सालमा दाजु भाइ छुट्टिँदा त्यस बेलासम्म आफूले कमाएका धन सबैमा भाईमा बराबर ४०/४० रूपैया बाडिदिनुभएको थियो । तत् पश्चात् एक वा दुई वर्ष विराएर घर फर्कदा २-३ हजार रूपैया आफ्ना पिता सेतूपाध्यालाई दिनुहुन्थ्यो । त्यही रकमले पामे, तिवारीको गह्रो पिताजी सेतूपाध्यायले किनिदिनु भएको थियो । यिनै पैसा जम्मा गरेर वि.सं. २०२० कास्कीमा ढुङ्गाले छाएर धर्मपत्नी छाया देवीले पिताजी सेतूपाध्यायको सरसल्लाहमा घर बनाउनु भएको थियो । तत्पश्चात् चितवनको माडी शीतलपुरमा केही ऋण केही नगद गरेर साढे चार विधा धान खेत किन्नुभएको थियो । २०१८ सालमा दुर्गाप्रसादका दुई भाइ र धर्मपत्नी छाया देवीका माइती खलकका दाजुभाइ चितवन बसाई सरेर जानुभएको थियो । राजा महेन्द्रले यो बसाई बसालेका थिए । पुनर्वास कम्पनीको योजनाअनुसार पहाडमा बाढी पहिरोले बिचल्ली परेका परिवारलाई इजरायल सरकारको प्राविधिक निर्देशनमा तराइका चितवन, नवलपर ासी, बाँके बर्दिया आदि ठाउँमा पुनर्वास योजना लागू भएको थियो । चितवनको गर्मी पहाडमा बसेका मानिसले सहन नसकी पुनः पहाडतर्फ फर्कनेहरूसँग त्यो जग्गा किनिएको थियो । २०२५ सालमा त्रिभुवन विश्वविद्यालयमा स्थायी उपप्राध्यापकको जागिर लागेपछि स्थल मार्गले नजोडिएका काठमाडौँमा हवाई मार्गद्वारा आफ्ना तीन सन्तान र श्रीमती सहित काठमाडौँ आउनुभएको थियो । त्यसबेला अधियाँमा आएको धान, तोरी बेचेर आएको रुपियाँले लगभग वर्षदिन काठमाडौँमा बेसाएर खान पुग्थ्यो । दुर्गाप्रसादको तलब लगभग सबै बचत हुन्थ्यो अरे । पछि सन्तति ठूला हुँदै जाँदा खर्च पनि बढ्यो । पढाइ खर्च, लुगाफाटा, काठमाडौँ दर्शन गर्न आउने अतिथि विरामी आदिले गर्दा केही कठिन अवस्था पनि आएको थियो । तर अतिथि देवो भव, परोपकाराय सतां विभूतये मान्यताका दुर्गाप्रसादलाई यसले कुनै गाह्रो परेन । उनीहरूले दिने आशिर्वचननै धन भयो ।

विश्वविद्यालयको अन्य शैक्षिक कार्य, प्रश्नपत्र निर्माण, मोड्लिङ्ग, उत्तरपुस्तिका परीक्षण, राजाद्वारा लगाइने पाठ, पूजा आदिबाट खर्चको पूर्ति भएको थियो । यता धर्मपत्नीको सुझबुझले पनि ठूलो काम गरेको थियो । त्यसबेला जग्गा जोर्नु नै सम्पत्ति मानिन्थ्यो । विश्वविद्यालयबाट ऋण लिँदै जग्गा जोड्ने काम भएको थियो । आफ्ना विश्वस्तसँग मिलेर जग्गा किनिएको थियो । तर ती विश्वस्तहरूले पिताजीको सोझोपनको अनुचित फाइदा लिएका रहेछन् । धेरै वर्षपछि डोर (नापी)ले जग्गा नापेर लालपूर्जा आफ्नो हातमा आउँदा समान लगानी गरेका जग्गामा पनि उनीहरूको जग्गाको क्षेत्रफल दुर्गाप्रसादले किनेका जगाको भन्दा बढी देखिएको थियो । यो कुरा जानकारीमा आउँदा दुर्गाप्रसादका परिवारका सदस्य सबै आक्रोशित भएका थिए । तर दुर्गाप्रसाद भने शान्त नै रहनुभयो । उहाँले सायद पूर्वजन्ममा मैले उनीहरूको ऋण खाएको थिएँ अहिले त्यसको पूर्ति भयो अथवा आफ्नो कमाइको केही प्रतिशत दान गर्नु पर्थ्यो त्यो मैले नगरेकाले भगवान्ले अर्कै रूपमा दान गराउनुभयो, पिर नगर ईश्वरले माथिबाट देखेका छन् । हाम्रो कल्याणका लागि नै यस्तो भएको हो । आदि इत्यादि कुराले आफ्ना सन्तति र धर्मपत्नीलाई सम्झाउनु हुन्थ्यो ।

नभन्दै आजका मितिमा आउँदासम्म ती सज्जनहरूको भन्दा दुर्गाप्रसादका सन्तानहरू सबैको राम्रो भएको छ । सबै दुर्गाप्रसादका नाति नातिनीले पढाइमा राम्रो प्रगति गरेका छन् । दुई नातिनीहरू छात्रवृत्तिमा चिकित्सा शास्त्र (एम्.वि.वि.एस्) पढ्दै छन् । नातिद्वय पनि छात्रवृत्तिमै पुल्चोक क्याम्पसमा इञ्जिनियर पढेका छन् । साथै उमेरअनुसार संस्कृत शिक्षा ग्रहण गरेर ज्येष्ठ सुपुत्रका छोरा (जेठो नाति) आचार्य विशिष्ट श्रेणीमा उत्तीर्ण भैसकेका छन् । अर्का पनि पढ्दैछन् । कुमार्गमा नलागि हजुरबाको मार्गलाई अनुसरण गरेका छन् । हजुरबाले निश्चल अंगालेको मार्ग देखेका तिनीहरू यस मार्गको अभियन्ता बनेका छन् । दुर्गाप्रसादले भने जस्तै यो भन्दा ठूलो धनसम्पत्ति अरु केही हुन सक्दैन । 'चक्रारपंक्ति इव गच्छति भाग्यपंक्ति' भन्ने संस्कृतको उखान छ । बेलाबेलामा भगवान्ले विभिन्न परीक्षण पनि गर्नुहुन्छ । कहिलेकाहीँ आइपर्ने कठिन परिस्थितिमा उनीहरू अडिग भएर बस्न सकुन्, धैर्य नगुमाउन् । उनीहरू यो मार्गबाट कहिल्यै जस्तोसुकै परिस्थितिमा पनि विचलित नहुनलाई माथिबाट आफ्ना हजुरबुबाको आर्शिवाद पाईरहुन् । यो नै उनीहरूको सम्पत्ति, गहना, विभूषण होओस् ।

३६. महाप्रयाण

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च। तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि।
गीता २-२७

चौरासी वसन्त पार गर्नुभएको दुर्गाप्रसाद गुरुलाई चार वर्ष अघिदेखि प्रदोष व्रतमा ज्येष्ठ सुपुत्रले मोटरसाइकलमा पशुपति लैजाने ल्याउने गर्दथे। अरु बेला केही काम परेका बेला उहाँ साइकलबाटै बजार ओहोरदोहोर गर्नुहुन्थ्यो। २०६९ पौष १० गते प्रदोष व्रत परेको दिन वसन्तपुर नेपाल संस्कृत विश्वविद्यालयको कार्यालयमा परीक्षा सम्बन्धि वैठक थियो। त्यसमा आफू संलग्न हुनुपर्ने भएकाले छोरालाई थाहै नदिई साइकल चढेर पशुपति दर्शन गरि वसन्तपुर जानुभएको थियो। त्यतिबेलासम्म दुर्गाप्रसाद स्वस्थ हुनुहुन्थ्यो। अर्को तर्फ प्रयागमा कुम्भमेला लाग्दै थियो। भीष्मप्रसाद पौडेल गुरुसँग काशीवास एक महिना गर्ने र प्रयाग पनि नुहाउने योजना बनेको थियो। त्यस पुष माघको एक महिने हिउँदे विदामा दुवै छोरा, नाति कमलेश पनि दुर्गाप्रसाद र उहाँकी धर्मपत्नी सँगै काशी दर्शन गर्दै र नाति कमलेशलाई काशी दर्शन परिक्रमा देखाउँदै प्रयागकुम्भ नुहाएर छोराहरू र नाति तीन जना नेपाल फर्कने तथा दुवै पतिपत्नी चाहिँ महिना दिन जति काशीमै बस्ने योजना बनेको थियो। काशी जाने मिति भन्दा १० दिन अघि दुर्गाप्रसाद अलि अस्वथ्य हुनुभयो र भीष्मगुरुलाई त्यो खबर गर्नुभयो। दुर्गाप्रसादको परिवार काशी नजाने भयो। पौष २१ गतेका बिहानसम्म दुर्गाप्रसादले आफ्नो स्नान सन्ध्या जप पाठ पूजा गरिनै रहनुभएको थियो। बिहान खाना खाएको केही समय कौसिमा घाम तापेर बस्नुभयो। एक बजे पेट असाध्य दुख्यो भन्नुभयो। सामान्य उपचार गर्ने मनसायले सिभिल अस्पताल बानेश्वर लगियो। त्यहाँ शनिबार भएकाले मुख्य डाक्टर थिएनन्। उपलब्ध डाक्टरले सलाइन लगाइदिएर आवश्यक औषधि पनि दिए। पेट दुखेको सन्चो भयो। भोलिपल्ट डाक्टर आएपछि विभिन्न परीक्षणका साथमा रक्त परिक्षण पनि भयो। टाइफाइटको शङ्का गरियो र ब्लड कल्चरको लागि रगत लिइयो। इमरजेन्सिबाट अस्पतालको केविनमा सारियो। सधैं आफ्ना नित्य कर्ममा ध्यान दिने दुर्गाप्रसादले अस्पताल पुगेपछि ती सबै कुरा छोड्दिनु भयो। हामीसँग कुरा गर्दा राम्ररी कुरा गर्ने तर खालि भयो कि संस्कृतका विभिन्न श्लोक, वाक्य भन्ने गर्न थाल्नु भयो। कान्छा छोरा पशुपति चितवनको माडी

गएका थिए । त्यताबाट सिधै काठमाडौँ आए र छोरीद्वय गंगा र सुशिलालाई पनि बोलाउन लगाउनु भयो । सुशिला छोरी र बुहारी श्रीधरी पनि २४ गते काठमाडौँ आइपुग्नुभयो । गंगा छोरी भने पिताजीको खबर लिँदै त्यति सिकिस्त बिरामी नभएकाले २-४ दिनपछि घरको व्यवस्था मिलाएर आउँछु भन्नुभयो । कीर्तिपुरमा अवतारसँग प्रायः एक दुई दिनमा छोरा विश्वनाथको सधैँ भेट भइरहन्थ्यो । उहाँको र दुर्गाप्रसादको घर नजिकै पनि छ । सामान्य उपचार पछि घर फर्कि हालिन्छ भनेर अन्य कुनै इष्टमित्रलाई छोरा विश्वनाथले खबर गर्नुभएको थिएन । अवतारले घर आएर दुर्गाप्रसादकी जेठी बुहारीसँग सोद्धा पिताजी अस्पतालमा हुनुहुन्छ भन्ने जानकारी पाउने बित्तिकै अस्पताल जानुभयो र "मलाई यस्तोमा पनि खबर नगर्ने" भन्दै रिसाउनु भयो । यस बीचमा लोकनाथ र छवि गुरु पनि भेट्न आउनु भयो । राजाराम सुवेदी (अवतारका पिता) दम्पति नै पशुपतिको चन्दन लिएर आउनुभयो । उहाँहरूसँग कुरा गर्दा तपाई स्वस्थ नै हुनुहुन्छ । भोलि २५ गते टाईफाइटको रिपोर्ट आएपछि डिस्चार्ज गर्छ आदि कुराहरू गर्दै फर्किनु भयो । आमा, दिदी, बुहारी दिनभर बसेर साँझमा सँधै घर फर्कनु हुन्थ्यो । पीताम्बर दवाडी (ठूला बाका) छोराले पनि सधैँ राति बसेर साथ दिए । २४ गते राति दुर्गाप्रसादले भोलि प्रदोष व्रत हो ? भनेर सोध्नुभयो । बिहान ४ बजेतिर दुर्गाप्रसादलाई अलि गाह्रो भएको जस्तो लाग्यो । छोरा पशुपतिले भेट्न कसैलाई बोलाऊ ? भनेर सोद्धा भो पर्दैन" काश्यां वा पुत्रसन्निधौ" भन्नुभो । साढे छ बजे पीताम्बर दवाडी पनि दुर्गाप्रसादका नङ्‌ र खुट्टा हेर्दै केही हुँदैन भनेर डेरातिर लागे । पीताम्बर दवाडी हिँडेको २० मिनेटपछि दुर्गाप्रसादको श्वास एक्कासी बढेर आयो । पुत्रद्वयलाई गीता, वेद पाठ गर भनेर पितृआज्ञा भयो । कान्छा छोरा पशुपतिलाई भागवतको अन्तिम श्लोक कण्ठ थियो ।

नामसङ्कीर्तनं यस्य सर्वपापप्रणाशनम् । प्रणामो दुःखशमनस्तं नमामि हरिं परम् ।

श्लोक पनि भन्न थाले । डाक्टरले आएर अब अन्तिम अवस्था हो भने पछि ह्वील वेडलाई गुडाउँदै अस्पतालको बाहिर मन्दिर छेउमा ल्याइयो । सुन पानी मुखमा पुत्रद्वयले पालैपालो राख्नुभयो । हरि ॐ ।

कान्छा छोरा रुन थाल्नुभयो । जस्तै कठिन समयमा पनि धैर्यको आवश्यकता हुन्छ । हुने कुरालाई कसैगरि पनि टार्न सकिदैन । यो त अवश्यं भावी घटना थियो । मरणपश्चात् जलाउनुभन्दा अगाडि रुँदा निस्केको आँसु, र्‍याल सिंगान मृत

शरीरले खानुपर्छ भन्ने ज्येष्ठ पुत्र विश्वनाथले सुनेका थिए । भाइलाई नरुन र धैर्य गर्न सम्झाए । आफैँले पनि त्यस्तै गर्न प्रयत्न गरे । यसको पहिलो खबर अवतार र पुत्र कमलेशलाई विश्वनाथले गरे । दुर्गाप्रसादको मान्यता र शास्त्र बमोजिम नै शववाहनको प्रयोग नगरी बाँसमा बाँधेर खालि खुट्टाले पशुपति आर्यघाटमा पुऱ्याइयो । पुत्र द्वयले दुई छेउ कतिपनि नछोडी बोक्नुभयो । पोखराबाट ईश्वरी दवाडी, नवलपरासीबाट हरि दवाडी र दुर्गाप्रसादकी कान्छी भाइबुहारी आइ पुगेपछि शवदाह गरियो ।

दुर्गाप्रसादको काशीमा देहत्याग गर्ने इच्छा थियो । कुम्भ मेलामा जाने र वाराणसीमा एक महिना बस्ने योजना पनि थियो । तर चालिस वर्षको उमेरदेखि प्रदोष व्रतमा नित्य ४४ वर्षसम्म पशुपतिको दर्शन गरेका दुर्गाप्रसादलाई अन्तिम घडीमा पशुपतिले विश्वनाथमा जान दिएनन् । आफैँमा समाहित गरे ।

दाहसंस्कार पश्चात् किरिया गर्न काठमाडौँबाट पोखरा नै जाने भन्ने इष्टमित्र सबैको निर्णय अनुसार पोखराको लागि राति ७ बजे दुर्गाप्रसादको अनन्य भक्त वामदेव वस्ताकोटीको कारमा पुत्रद्वय र अन्य सबै रिजर्भ माइक्रो बसमा पोखरा तिर जानुभयो । प्रायः मानिसको मृत्यु अति कठिन भएको देखिन्छ । धेरै समय थलिएर, विरामी भएर घिटीघिटी हुँदा पनि सास नगएर घरपरिवारका सदस्य पनि आजित परेको देखिएको छ । आफ्ना दीन मातापिताको पनि मृत्यु चाडै आइदिए हुन्थ्यो भन्ने कामना गरेका हुन्छन् । तर दुर्गाप्रसादको भने बोल्दाबोल्दै आफ्नो सम्पूर्ण नित्य कर्म सजिलै गर्न सक्दासक्दै अचानक छोडेर जाँदा आफन्तलाई साह्रै दुःख लाग्दो रहेछ । दैवको लीला बुझिनसक्नु रहेछ । अझ पनि ती दिन सम्झँदा पुत्र पुत्रीको मन भक्कानिएर आउँछ । दुर्गाप्रसादको कसैले पनि सेवा गर्ने मौका पाएनन् । अन्तिम-अन्तिम बेलामा वेद, गीता पाठ गर भन्नु अनि त्यो सुन्दै महाप्रयाणको यात्रा थाल्नु यो नै उत्कृष्ट परलोक गमन हो भन्ने छोरा विश्वनाथलाई लाग्छ । शास्त्रमा पनि यही बताइएको छ । र अन्तमा,

दुर्गाप्रसाद दवाडी सनातन वर्णश्रम धर्मका कट्टर अनुयायी, संरक्षक, पालक, उत्प्रेरक, उपकारक, अध्ययनशील, उपासक, तान्त्रिक, साधक, प्राध्यापक, सेवक, सरल, सहृदयी, नैसर्गिक नैष्ठिक, राजभक्त, दार्शनिक, मातृपितृभक्त, मानव धर्मका अनुयायी, सात्विक व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको विविध विषयमा पकड थियो । उहाँसँग परिचित जुनसुकै व्यक्ति, चाहे शत्रुनै किन नहोस्, उसलाई आफ्नो अवस्था

परिस्थिति अनुसार त्यति धेरै माया स्नेह गर्ने उहाँ बाहेक अर्को कुनै व्यक्ति पनि छ ठान्दैनथ्यो । आज सम्म भेटेका मानिसहरूको पनि यही धारणा रहेको पाइएको छ।

यो अपरिमित समयको कुन कालखण्डमा मान्छे यस धरामा ओर्लन्छ, कति समय व्यतीत गर्छ अनि फेरि कहाँ जान्छ ? यो प्रश्न सदा अनुत्तरित नै छ। कवि शिरोमणि लेखनाथ पौड्यालको 'बुद्धि विनोद' बाट शब्द सापटी लिएर हेर्दा पनि यही प्रश्न दोहोरिरहन्छ,' ।

"कहाँ थियो बास अघि म को थिएँ ?
कसो गरी यो पिंजडा लिँदो भएँ ?
कहाँ छ जानु कुन साथ लीकन ?
तँलाई मालुम् छ कि यो कुरा मन ?

जन्म र मरण आफ्नो इच्छाले नहुने रहेछ तर जहाँसम्म जीवनयापनको सवाल छ, यसलाई कसरी उपयोग गर्ने भन्ने कुरा चाहिँ व्यक्तिको आफ्नो हातमा छ। यही जीवनयापनको शैली वा ढङ्गले मानिसले आफ्नो जीवन सफल पार्ने वा असफल पार्ने भन्ने कुराको निधो गर्दोरहेछ ! जीवनमा के कस्ता कुरा गर्दा यसको सदुपयोग हुने हो अथवा दुरूपयोग हुने हो यो व्यक्तिको सोचाइ र व्यवहारमा भर पर्छ। तर हाम्रो सनातन मान्यता अनुसार जीवनको पूर्ण सदुपयोग भनेको सत्यको पालन गर्दै परोपकार गर्नु हो । "परोपकाराय इदं शरीरम् ।" प्राध्यापक दुर्गाप्रसाद दवाडीले आफ्नो जीवनलाई पूर्ण सदुपयोग गरेर जानुभयो, आफ्ना जीवनलाई सन्ततिलाई मात्र नभएर सम्पूर्ण मानवजगत्लाई नै जिउने कसरी हो ? भन्ने प्रश्नको उत्तर दिएर जानुभयो । दवाडी गुरुले शिवसायुज्य प्राप्त गर्नुभएको छ, उहाँबाट हामी सबैले शिवको कल्याणको बाटोमा हिँड्ने प्रेरणा पाइरहौं । हरिः ॐ तत्सत् !

(दवाडी गुरुको डायरी, परिवारजनको संस्मरण तथा अवतार सुवेदीको विशेष सहयोगमा गुरु प्रा.डा. दुर्गाप्रसाद दवाडीको संस्मरणात्मक आलेख तयार पारिएको हो ।)

◆◆

वेदप्राच्यदर्शनधर्मकर्मसिद्धान्तः (एकमध्ययनम्) : एकसमीक्षा

डा काशीराज सुवेदी

[त्रिभुवनविश्वविद्यालयस्य अध्ययनसंस्थाने विद्यावारिधि (पी.एच.डी) इत्युपाधिहेतु प्रस्तुतः शोधप्रबन्धः

निर्देशकः : डा. श्री मुरलीधर पाण्डेय, प्राचार्य, रणवीर केन्द्रीयसंस्कृतविद्यापीठ, जम्मूतवी, काश्मीर, भारत।

गवेषकः : प्रा. डा.दुर्गा प्रसाद उपाध्याय दवाडी, सहप्राध्यापकः, वाल्मीकिविद्यापीठस्य, प्रदर्शनीमार्गस्थस्य।

प्रस्तुतिदिनांकः २०४१।७।२ [१८ – १० – १९८४ ई.]

प्रस्तुत शोधप्रबन्ध सात भाग र पाँच अध्यायहरूमा विभाजित छ। पहिलो भूमिका भागमा भारतवर्ष कर्मभूमिका रूपमा, भारतमा नै वर्णाश्रमधर्मको व्यवस्थाको सम्भावना, नेपाल विशेष रूपमा धर्मभूमि भएको, वर्णाश्रमव्यवस्थाको रक्षा क्षत्रिय राजाबाट मात्र सम्भव, नेपालका विशेष धार्मिकक्षेत्रहरूको परिचय, नेपालमा धर्मविचारको आवश्यकता यी विषयहरूको विवेचन गरिएको छ।

दोस्रो भाग धर्मकर्मस्वरूपनिरूपण नामक छ जसको पूर्वपीठिकाको रूपमा पहिलो अध्यायको प्रथम खण्डमा धर्मकर्म–शब्दको व्युत्पत्ति, कर्मको विचित्रता, कार्यकारणभावको सिद्धान्त, कर्म र कर्म गर्ने व्यक्तिका सम्बन्धमा विविध विचारहरू, वेद अनुसार धर्मकर्मको स्वरूप, ऋग् आदि वेदहरूमा, उपनिषद्हरूमा र ब्राह्मणहरूमा धर्मकर्मको स्वरूप आदि विषयहरूको विवेचन गरिएकोछ। उत्तरपीठिकाको रूपमा प्रथम अध्यायको दोस्रो खण्डमा सांख्य,योग, पूर्वमीमांसा, उत्तरमीमांसा, चार्वाक, जैन, बौद्ध, व्याकरण र शैवदर्शन अनुसार धर्मकर्मको स्वरूप आदि विषयहरूको विवेचन गरिएकोछ। त्यस प्रसंगमा ती दर्शनहरूका दार्शनिक सिद्धान्तहरू पनि संक्षेपमा प्रस्तुत गरिएको छ।

तेस्रो भाग धर्मकर्मसाधननिरूपण नामक द्वितीय अध्यायका रूपमा छ। त्यसमा वेद, सांख्य, योग, न्याय, पूर्वमीमांसा, उत्तरमीमांसा, चार्वाक, जैन, बौद्ध, व्याकरण र आगम अनुसार धर्मको साधनका विषयमा विचार गरिएको छ।

चतुर्थ भाग तृतीय अध्यायको रूपमा छ जसमा धर्मकर्मका आश्रयको विचार विषय छ । त्यहाँ धर्मको आश्रय पुरुष, शरीर अथवा इन्द्रिय हो भन्ने विषयमा वेद तथा दर्शनहरूका अनुसार विचार गरिएको छ ।

पाँचौं भाग चतुर्थ अध्यायका रूपमा छ जसमा विज्ञान अनुसार धर्मको विचार भन्ने विषय छ। त्यहाँ धर्मको सनातनता, सनातन विशेषणको प्रयोजन, केही सनातन धर्मका मान्यताहरूलाई विज्ञानको कसीमा परीक्षण, धर्मको निर्णयमा वेद नै प्रमाण हुने व्यवस्था आदिको विवेचन गरिएकोछ ।

छैठौं भाग पाँचौं अध्यायको रूपमा र धर्मकर्मको प्रयोजन भन्ने विषयसंग सम्बन्धित छ । त्यसमा वेद, उपनिषद्, चार्वाक, बौद्ध, सांख्य, योग, न्याय, वैशेषिक, पूर्वमीमांसा र उत्तरमीमांसा अनुसार धर्मको फलको विवेचन गरिएकोछ ।

सातौं भाग उपसंहारको रूपमा छ र त्यसमा धर्म एक नै हुन्छ र त्यो सनातन हो, अरू सबै धर्मको रूपमा मानिएका सम्प्रदाय अथवा धर्माभास हुन् भनी विवेचन गर्दै सही बाटो कुन हो भन्ने प्रसंगमा कर्म, उपासना र ज्ञानहरूको समय अनुसार महत्त्व हुन्छ यो दर्शाई जहाँ धर्म छ त्यहाँ विजय हुन्छ भनी विवेचन गरिएकोछ ।

यस प्रकार यस प्रबन्धमा धर्मको विचारको प्रसंगमा सनातन धर्मको स्वरूप प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । हुन त धर्मका सम्बन्धमा अनेकौं निबन्धहरू छन् तर तिनमा धर्मको दार्शनिक र वैज्ञानिक दृष्टिकोणबाट विचार गरिएको पाइन्न । अनि विभिन्न दर्शनहरूमा धर्मको जे-जस्तो स्वरूपको प्रतिपादन भएकोछ त्यो सबै एक ठाउँमा समावेश भएको भेटिन्न । यसरी दार्शनिक, वैचारिक र वैज्ञानिक दृष्टिकोणबाट धर्मकर्मको विचार भन्ने विषय एकै ठाउँमा समावेश गरिएको हुनाले यो प्रबन्ध जिज्ञासु विद्वान्हरूका लागि विशेष रूपमा उपयोगी देखिन्छ ।

धर्मविचारको आवश्यकता

अनादि कालदेखिका कर्महरूको बन्धनमा परेको जीव यो संसारमा जन्म र मृत्युको चक्रमा परीरहन्छ । उसले जस्तो कर्म गरेकोछ त्यस अनुसारको

फल पनि भोग्छ । जीवहरूको कर्मकोफलको भोगका लागि नै ब्रह्माद्वारा अनेक लोकहरूको सृष्टि गरिएकोछ । नाना योनिहरूमा उत्पन्न जीवहरू ती लोकहरूमा गएर आफ्ना कर्महरूको फल भोग्ने गर्छन् । जीवहरू ती लोकहरूमा गएर आफुले गरेका शुभअशुभ कर्महरूको फल मात्र भोग्ने अधिकार पाउँछन्, नयाँ कर्महरू गर्ने अधिकार पाउन्नन् । केवल भूलोकमा त्यसमा पनि खालि भारतवर्षमा नयाँ कर्म गर्ने अवसर पाउँछन् किनकि भारतलाई शास्त्रहरूले कर्मभूमि मानेकाछन् र त्यस अर्थमा भारतको गुणगान गरेकाछन् । भागवत पुराणमा देवताहरूद्वारा भारतमा जन्म लिने मानिसहरूलाई धन्य मानेको उल्लेख पाइन्छ । [१]

भारतवर्षको सीमा र कर्मभूमित्व

हिमालयभन्दा दक्षिण भागमा र समुद्रभन्दा उत्तर भागमा भएको, पूर्वमा ब्रह्मदेश तथा पश्चिममा आर्यायण(ईरान) भएको भूमिभागलाई भारतवर्ष मानिएकोछ । हाम्रा शास्त्रहरूका अनुसार यसलाई नै कर्मभूमि मानिएकोछ । यहाँ मात्र वर्णाश्रमव्यवस्था पाइन्छ । भारतमा ब्राह्मण आदि चार वर्णहरू अहिले पनि पाइन्छन् । शास्त्रमा उल्लेख भएका गर्भाधानदेखि अन्त्येष्टिसम्मका संस्कारहरू गर्ने परम्परा पनि जसोतसो रहेको पाइन्छ । सनातन धर्म पनि सनातन रूपमा रहेकोछ । पञ्च महायज्ञहरूको सम्पादन, वर्ण अनुसार वृत्तिको व्यवस्था, ग्रहण, श्रावणी आदि पर्वहरूमा तीर्थस्नान आदि विधानहरूको पालन भारतमा मात्र सम्भव छ अरू देशहरूमा त्यो सम्भव छैन । अरू देशहरू भोग–भूमि हुन् । हुन त ती देशहरूमा पनि धर्म भनिने केही मार्गहरू छन् जसलाई त्यहाँ रिलिजन भनिन्छ तर ती धर्म भन्न सुहाउने छैनन् ।

युगको ह्रास अनुरूप धर्मको ह्रास

धर्मको स्वरूप युग अनुसार केही मात्रामा परिवर्तन हुन्छ । सत्ययुगमा धर्म चारै पाउले पूर्ण हुन्छ, त्रेतायुगमा धर्मको एक पाउ क्षीण हुन्छ, द्वापर युगमा दुई पाउ क्षीण हुन्छन् र कलि युगमा तीन पाउ क्षीण हुन्छन् ।

नेपाल विशेष रूपमा धर्मभूमि

भारत वर्ष अन्तर्गत अनेक क्षेत्रहरूभन्दा नेपालको धार्मिक दृष्टिबाट बढी

महत्त्व छ । सबै पवित्र नदीहरू प्रायः नेपालबाट उद्गम हुन्छन् । पवित्र तीर्थहरू पनि धेरै नेपालमैं पाइन्छन् । ऐरावती नदीको पावन स्रोत यहीं बगेकोछ जसको क्षेत्र अहिले राप्ती प्रदेश भनिन्छ । काफल भनिने नेपालको विशेष फलको उत्पत्ति ऐरावतीनदी प्रदेशमा भएको वर्णन पुराणहरूमा पाइन्छ ।

नेपालको पश्चिममा कास्की जिल्ला छ जहाँ कश्यप ऋषिले शिवको तपस्या गरी गङ्गालाइ ल्याउने वरदान माग्दा शिवले त्यहाँ नदी दिनुभएको वर्णन पाइन्छ । त्यो नदीको नाम काश्यपी रह्यो । त्यस क्षेत्रमा कश्यपले तपस्या गर्नुभएको हुनाले त्यो क्षेत्रको नाम काश्यपी हुँदै कास्कीमा परिणत भएको मानिन्छ । त्यस क्षेत्रमा नै शिवजीको अङ्गको खरानीबाट उत्पन्न श्वेता नदी(सेती गण्डकी) पनि छन् जसको माहात्म्य पद्मपुराणमा वर्णन गरिएकोछ ।[२] उक्त काश्यपी नदी पछि श्वेता सेती नामले प्रचलित भएका हुन् । कास्कीप्रदेश अहिले पनि काशी जस्तै पवित्र स्थल मानिन्छ । त्यहाँ जनताको बीचमा त्यो प्रदेश लोकप्रसिद्ध पुरानो काशी नामबाट चिनिएको छ ।

शालिग्रामक्षेत्रको महिमा

कास्कीप्रदेशदेखि उत्तरपश्चिम दिशामा शालग्रामक्षेत्र र मुक्तिक्षेत्र छ । प्राचीन कालमा लोकहित गर्नका लागि विष्णु भगवान्ले हिमालयमा तपस्या गर्नुभयो । तपस्याद्वारा तीव्र तेज उत्पन्न हुँदा त्यसको तापले विष्णु भगवान्को मुखबाट पर्याप्त पसिना आयो र त्यो नदीको रूपमा परिणत भयो । त्यस नदीको नाम गण्डकी रह्यो । विष्णु भगवान्को तपबाट प्रसन्न शिवले त्यो तपस्या गरेको क्षेत्र मुक्तिक्षेत्र हुने र त्यसको दर्शन मात्र गरे पनि मुक्ति हुने वर दिनुभयो । त्यस मुक्तिक्षेत्रमा भगवान् शिव शिला रूपमा र विष्णु पनि शालग्रामका रूपमा रहनुभयो । त्यहाँ सबै शिलाहरू शिवरूप अथवा विष्णुरूप छन् ।

त्यस्तै त्रिवेणी क्षेत्र पनि परम पवित्र तीर्थको रूपमा छ । यो त्रिवेणी क्षेत्र नेपालको बुटवल तथा चितवन जिल्ला । को बीचमा पर्ने नवलपरासी जिल्लामा रहेकोछ । यो त्रिवेणी क्षेत्र गण्डकी र देवीका नदीको संगमको रूपमा छ । त्यहाँ त्रिजटेश्वर अथवा जटेश्वर महादेव हुनुहुन्छ । त्यहाँ सालङ्कायन मुनिले तपस्या गरी पुत्रका रूपमा नन्दीलाई पाउनुभयो । यो त्रिवेणी क्षेत्र प्रयागमा रहेको त्रिवेणीभन्दा कत्ति कम छैन ।

काठमाण्डूभन्दा पश्चिममा पाल्पा प्रदेशमा रुरुक्षेत्र छ जहाँ देवदत्त नामक मुनिको तपस्याले आत्तिएका इन्द्रले विघ्न गर्न प्रम्लोचा नामकी अप्सरा पठाएपछि तिनप्रति आकृष्ट भएर रमण गर्दा कन्याको जन्म भएको थियो । जन्मपछि अप्सराले छोडेर जाँदा अनाथ अवस्थामा रहेकी ती कन्यालाई रुरुनामक मृगहरूले पालिएकी हुनाले उनको नाम रुरु रह्यो । युवावस्था आए पनि उनले विवाह नगरी विष्णु भगवान्‌को तपस्यामा लागिरहिन् । तपस्याबाट प्रसन्न भई विष्णु भगवान्‌ले वरदान माग भन्दा उनले तपाईं यस रूपमा नै यहाँ विराजमान हुनुहोस् र यो क्षेत्र मेरै नामबाट प्रसिद्ध रहोस् भनी वरदान मागिन् । विष्णु भगवान्‌ले उनलाई तिम्रो शरीर यहाँ पवित्र तीर्थका रूपमा रहनेछ र यो क्षेत्र तिम्रा नामबाट प्रसिद्ध हुनेछ । जुन मानिस यस क्षेत्रमा तीन रातसम्म बसी स्नान गरेर मेरो दर्शन गर्ला उ मेरो दर्शनबाट पवित्र हुनेछ र उसका सबै ज्ञात र अज्ञात पापहरू नष्ट हुनेछन् भनी वरदान दिनुभयो । यो गण्डकी नदीको तीरमा रहेको क्षेत्र अहिले पनि रुरुक्षेत्र(रिडी) नामले प्रसिद्ध छ । त्यहाँ हृषीकेश भगवान्‌को मूर्ति छ । यो परम पवित्र तीर्थ मानिन्छ ।

वाराहक्षेत्र

काठमाण्डूबाट पूर्वतिर पूर्वाञ्चल प्रदेशमा सुनसरी जिल्ला अन्तर्गत धरानबाट चार योजन (आठ कोश) पर वराहक्षेत्र छ । त्यहाँ सप्तकौशिकी र कोकानदीको संगममा स्नानपछि भगवान् आदिवराहको दर्शन गर्न पाउँदा धार्मिकहरू अहोभाग्य संझन्छन् । सनातन धर्मावलम्बीहरूले चार ओटा क्षेत्रहरूलाई पवित्रतम मान्छन् – हरिहरक्षेत्र, कुरुक्षेत्र, मुक्तिक्षेत्र र वाराहक्षेत्र । वाराहक्षेत्र र मुक्तिक्षेत्र नेपालमैं छन्, हरिहरक्षेत्र पनि देवघाट क्षेत्र हो भन्छन् । त्यहाँ नारायणी र त्रिशूली नदीको संगम भएको छ । उक्त क्षेत्रहरूमा मुक्तिक्षेत्र जस्तै वाराहक्षेत्रको विशेष महिमा छ । कल्याण पत्रिकाको वाराहपुराण विशेषांकमा भारतको उत्तर प्रदेश अन्तर्गत एटा जिल्लाको सोरों नामक स्थान अथवा पाटलिपुत्रको नजिकको क्षेत्र वाराहक्षेत्र भनिएको छ । तर वाराहपुराणमा भएको वर्णनले नेपालको धरानक्षेत्रमा स्थित वाराहक्षेत्रतिर नै संकेत गरेको देखिन्छ । त्यहाँ वराहको अतिप्राचीन मूर्ति छ जसको दर्शन गर्नाले सात जन्मसम्म पवित्र कुलमा जन्म हुन्छ भनिएको छ । त्यस क्षेत्रको जुन स्थिति छ त्यही वाराहपुराणमा उल्लेख भएको पाइन्छ । त्यहीं आदित्यतीर्थ, सोमतीर्थ,

चक्रतीर्थ पनि छन् । कोका र कौशिकी नदीको संगमलाई कोकामुख तीर्थ पनि भनिन्छ । वाराहपुराणमा कौशिकीलाई कोशी भनिएकोछ । विष्णुधाराको उल्लेख छ । वाराहक्षेत्रमा भगवान् वाराहको मूर्ति दक्षिणमुखी छ । वाराहपुराणमा पनि त्यस्तै वर्णन गरिएको छ[३] ।

काष्ठमण्डपको महिमा

काष्ठमण्डप नेपालको राजधानी हो । यो पाशुपत क्षेत्रका रूपमा प्रसिद्ध छ र यहाँ गोकर्णेश्वर पनि हुनुहुन्छ । मन्दराचलको उत्तरभागमा रहेको मुञ्जवान् पर्वतमा तपस्या गरिरहेका नन्दीले प्रसन्न शिवजीबाट अचल भक्ति मात्र वरदान मागेपछि उनी शिवजीका कृपापात्र भई उनकै गणमा मुख्य बने । उनी पनि शिवजी जस्तै त्रिलोचन र चार हातसहित भए । भगवान् शिव अन्तर्धान हुनुभएपछि देवताहरू उहाँलाई खोज्दै श्लेष्मान्तक वनमा पुगे र त्यहाँ पर्वतको शिखरमा पुगेर वरिपरि हेर्दा मृगहरूको बीचमा एक सिङ र एक गोडा भएको मृगका रूपमा शिवलाई देखे । देख्नेबित्तिकै त्यसलाई समाउन इन्द्र, ब्रह्मा र विष्णुले सिङलाई हातले पक्डिए तर शिव त्यो सिङ छोडी अन्तर्धान हुनुभयो आकाशमा गई यो भन्नुभयो - म तिमीहरूको बीचमा शरीरसहित उपीस्थत भएँ, तिमीहरूले सिङमात्र समाउन खोज्यौ र मलाई समाउन सकेनौ । तिमीहरू मलाई शरीरसहित समाएको भए यहाँ धर्म पनि चारै पाउका साथ रहनेथियो । मेरो सिङ यही श्लेष्मान्तक वनमा राख, यसबाट जगत्को कल्याण हुनेछ । यो वन अत्यन्त महत्त्वपूर्ण पवित्र तीर्थ हुनेछ । मेरो प्रभावले व्याप्त यस क्षेत्रमा ठूलो यज्ञ हुनुपर्छ । यहाँ पृथिवीमा भएका जति तीर्थहरू, समुद्र र नदीहरू छन् ती सबै आउनेछन् । पर्वतराज हिमालय अन्तर्गत नेपाल देशमा म प्रकट हुनेछु । त्यहाँ मेरो मूर्तिका चार मुखहरू हुनेछन्,माथिको शिर प्रचण्ड तेजले युक्त हुनेछ । म पशुपति नामले तीनै लोकमा प्रसिद्ध हुनेछु । त्यहीं नागह्रद नामक प्रसिद्ध जलाशय हुनेछ । म त्यस जलाशयमा तीस हजार वर्षसम्म रहनेछु । जब कृष्णले इन्द्रको प्रार्थना अनुसार चक्रले पर्वतहरू खोली दानवहरूलाई प्रहार गर्नुहुन्छ अनि यो प्रदेश म्लेच्छहरूले पूर्ण हुनेछ । पछि धेरै सूर्यवंशीय राजाहरू आएर ती म्लेच्छहरूलाई मारेर यहीं बस्छन् । त्यहाँ ब्राह्मणहरूद्वारा सनातन धर्मको रक्षा गर्नेछन् र स्थायी राज्यको व्यवस्था गर्नेछन् तथा ती सबैले पशुपतिनाथको मूर्तिको पूजा स्थापित गर्नेछन् । त्यसपछि सबै प्रजाहरूले सधैं

मेरो पूजा गर्नेछन् । त्यहाँ जसले मेरो दर्शन गरेर प्रणाम गर्छन् तिनका सबै पापहरू नष्ट हुनेछन् । यसरी शिवजीको वचनबाट यस क्षेत्रको महत्त्व स्पष्ट हुन्छ ।

यसै गरी यहाँ (काठमाण्डूमा) शिवपुरी भन्ने स्थान छ। यो स्थान गंगादेखि उत्तर र अश्विनीमुखभन्दा दक्षिण दिशामा छ । यहाँ वाग्मती नदी बग्छिन् । वाग्वती (वाग्मती)को जल भारगीरथी गंगाभन्दा सयौं गुणा बढी पवित्र छन् । त्यहाँ स्नान मात्र गरेको मानिस पनि मरेपछि विष्णु र इन्द्रलोकको स्पर्श गरी शिवलोकमा जान्छ। तपस्वीहरूका लागि यो क्षेत्र तपोभूमि र सिद्धक्षेत्र मानिन्छ।

पशुपतिनाथबाट पूर्वोत्तर दिशामा वासुकिको स्थान छ। उनले त्यस क्षेत्रमा प्रवेश गर्ने मानिसहरूलाई विघ्न गर्छन् । अतः पशुपतिनाथको दर्शन गर्नुभन्दा पहिले वासुकिको दर्शन गर्नुपर्छ। त्यहीं शैलेश्वरको स्थान, गौरीघाट, उमाकुण्ड पनि छन् ।

वाराहपुराणमा उत्तर गोकर्णेश्वरको माहात्म्य वर्णन गरिएको छ । उत्तरगोकर्णेश्वर पशुपतिनाथभन्दा दुई कोश पर हुनुहुन्छ । मृगरूपी शिवले देवताहरूलाई तिनीहरूले समाएको सिङ त्यहीं स्थापना गर्न अह्राउनुभएको थियो । तीन टुक्रा भएको त्यो सिङलाई देवताहरूले छुट्टाछुट्टै विधिपूर्वक स्थापना गरे । ब्रह्माले स्थापन गर्नुभएको सिङ गोकर्णेश्वर नामले प्रसिद्ध भयो । विष्णुले स्थापना गर्नुभएको सिङ शृङ्गेश्वर नामले प्रसिद्ध भयो । तीन टुक्रा भएका ती सिङहरूमा भगवान् पशुपतिनाथ एक भागबाट रहनुभयो । अर्को भागबाट हिमालयमा जानुभयो । यिनै गोकर्णेश्वरलाई रावणले भाइहरूका साथ आराधना गरेका थिए । आराधनाबाट सन्तुष्ट शिवजीको कृपाले रावणका सबै कामनाहरू पूरा भएका थिए । पछि रावणले इन्द्रद्वारा स्थापित लिङ्गलाई मेघनादद्वारा उखेल्न लगाई लंकातिर लैजान लागे । समुद्रको किनारमा लिङ्ग राखी सन्ध्या गर्न गएको रावणले पछि आएर उठाउन खोज्दा सकेनन् र त्यहीं छोडेर लंकामा गए । उनै दक्षिण गोकर्णेश्वर भए । यसरी पहिले दक्षिण र उत्तर दुवै गोकर्णेश्वर नेपालमा नै थिए । दक्षिणमा जुन गोदावरी तीर्थ भनिन्छ त्यो पनि यहीं छ ।

यति वर्णनबाट धार्मिक दृष्टिबाट नेपालको कति महत्त्व छ भन्ने स्पष्ट छ ।

प्रथमाध्याय : पूर्वपीठिका

१. धर्म शब्दको अर्थ

धर्म शब्दका अनेक अर्थहरू छन्। यो शब्द धारण अर्थ भएको धृ धातुबाट बनेकोछ जसको अर्थ धारण, आश्रय दिनु अथवा पाल्नु हुन्छ। ऋग्वेदमा यो शब्द विशेषण अथवा संज्ञाको रूपमा प्रयोग भएकोछ। प्रायः यो शब्दले धार्मिक विधि अथवा संस्कारहरूलाई जनाउँछ। ऋग्वेदमा नै प्रथम धर्म अथवा सनातन धर्मका रूपमा धर्म शब्द प्रयोग भएकोछ। [१] त्यसको अर्थ कसैले प्राचीन विधिहरू भनेकाछन् तर आदिम अथवा सनातन धर्म नै मान्न उचित देखिन्छ। ध्रुवेण धर्मणा शब्दले अवश्य नै धर्म सनातन भन्ने जनाउँछ। अथर्ववेदमा धार्मिक क्रियाको संस्कारद्वारा अर्जित गुणका अर्थमा प्रयोग भएकोछ। [२] ऐतरेयब्राह्मणमा धर्म शब्द सबै धार्मिक कर्तव्य भन्नका लागि प्रयुक्त छ। [३] छान्दोग्य उपनिषद्मा धर्मको कर्तव्यरूपी अर्थ गरिएकोछ र त्यसका तीन शाखाहरूको कल्पना गरिएकोछ–पहिलो –यज्ञ, अध्ययन, दान अर्थात् गृहस्थ धर्म, दोस्रो–तपस्या अर्थात् तापसधर्म अथवा वानप्रस्थको रूपमा, तेस्रो–ब्रह्मचर्यको रूपमा अर्थात् ङशब्दले मानवहरूका कर्तव्यहरू, विशेष अधिकार हरूको, आर्यजातिका सदस्यहरूका आचारहरू एवं वर्णाश्रमका कर्तव्यहरूको द्योतक वा वाचक हो भन्ने स्पष्ट हुन्छ[४]।

धर्म शब्दको व्युत्पत्ति र अन्य अर्थहरू

धर्म शब्द धृ धातुमा मन् प्रत्यय लागेर बनेकोछ। यहाँ यसद्वारा लोकको धारण हुन्छ भन्ने अर्थमा करणको रूपमा मन् प्रत्यय भएकोछ। लोकलाई धारण गर्छ भन्ने कर्ताको रूपमा पनि मन् प्रत्यय हुन्छ र त्यसले लोकको धारणमा धर्म नै समर्थ हुने जनाउँछ। अवध्वंसन अर्थ भएको धृङ् धातुबाट पनि जसले पापहरूको ध्वंस गर्छ भन्ने अर्थमा पनि धर्म शब्द बन्छ। यसबाट धर्म शब्दले प्रायश्चित्तहरूद्वारा पापहरू नष्ट हुने कुरा व्यक्त हुन्छ। तुदादि गणको अवस्थान अर्थ हुने धृङ् धातुबाट पनि सधैं रहीरहने कहिल्यै नष्ट नहुने पदार्थ रूपमा पनि धर्मको निष्पत्ति हुन्छ। यसबाट धर्मको सनातनता व्यक्त हुन्छ। वस्तुतः यस शब्दले कर्मबाट उत्पन्न हुने अदृष्ट[५], आत्मज्ञान[६], आचार[७], स्वभाव[८], यागादि[९], अहिंसा[१०], न्याय[११] यम[१२] आदि र ज्योतिषअनुसार लग्नबाट नवम स्थान[१३] तथा ईश्वरलाई[१४] समेत जनाउँछ।

कर्मशब्द कृ धातुमा मनिन् प्रत्यय लागेर सिद्ध हुन्छ । त्यस अनुसा्र जे गरिन्छ त्यो कर्म हुन्छ। फल चाहनेले जे गरिन्छ त्यो कर्म हो[१५] । कसैले कर्ताको क्रियाद्वारा जे प्राप्त हुन्छ त्यो कर्म पनि भनेकाछन्। व्याकरण अनुसार कर्ताद्वारा आफुमा रहेको क्रियाको माध्यमबाट फलसंग सम्बन्ध गर्नका लागि इष्ट पदार्थ कर्म हुन्छ। [१६] त्यो कर्म दुइ किसिमको हुन्छ –ईप्सित र अनीप्सित। ईप्सित कर्म तीन प्रकारको हुन्छ–निर्वर्त्य, विकार्य र प्राप्य। अनीप्सित कर्म चार प्रकारको हुन्छ –उदासीनताका साथ प्राप्त, कर्ताले नचाहेको, अरू नामले नचिनिएको र अनन्यपूर्व। [१७]

जुन पहिले नभएको अथवा जन्मपछि व्यक्त हुनेछ त्यो निर्वर्त्य हुन्छ। जस्तै कुम्भकारले घडा बनाउँछ भन्दा न्याय मत अनुसार पहिले नभएको(असत्) घटको जन्म हुन्छ भने सांख्य मत अनुसार (अव्यक्त रहेको) घटको प्रकाश हुन्छ। विकार्य कर्म दुइ प्रकारको हुन्छ –प्रकृति(कारण)को उच्छेद भएर हुने र अर्को गुण आधान गरेर हुने। जस्तै काठको खरानी बनाउँछ भन्दा प्रकृति भएको काठ नष्ट भएर खरानी बन्छ, सुनबाट कुण्डल बनाउँछ भन्दा पिण्ड(डल्लो) का रूपमा रहेको सुनमा अर्को गुण आउँछ अर्थात् आकारमा मात्र परिवर्तन हुन्छ। जहाँ क्रियाद्वारा हुने विकारको कुनै प्रभाव हुँदैन त्यो प्राप्य कर्म हुन्छ। जस्तो कि गाउँमा जान्छ भन्दा गमन कर्मद्वारा गाउँमा कुनै विकार वा परिवर्तन हुँदैन। भात खाँदा विष खान्छ भन्दा विष कर्ताका लागि ईप्सित हुँदैन। त्यो अनीप्सित कर्म हो। अमृतका लागि समुद्रको मन्थन गर्छ भन्दा अमृत संज्ञान्तर अनाख्यात हुन्छ। वैकुण्ठमा शयन गर्छन् भन्दा पहिले अधिकरण हुनाले अनन्यपूर्वकत्व हुन्छ। [१८]

फलार्थीले क्रियाद्वारा जे प्राप्त गर्छ त्यो कर्म हो भनियो। अब फल के होला? यहाँ फल भन्नाले सुख र दुःख हुन्। सुख र दुःख यी दुवै सबै प्राणीले मानस प्रत्यक्षद्वारा अनुभव गरिने परस्परविरोधी दुइ वस्तुहरू हुन्। सुख निरूपाधिकइच्छाको विषय हो। दुःख निरूपाधिक द्वेषको विषय हो। माला, चन्दन, स्त्री आदि विषयहरू सुखका साधन हुनाले इष्ट(इच्छा गरिने) हुन्छन्। विष, काँडा, शत्रु आदि दुःखका साधन हुनाले अनिष्ट भनिन्छन्। जसरी असुर, असित आदि शब्दहरूमा नञ्द्वारा विरोधी भन्ने अर्थ लाग्छ त्यसरी नै अनिष्ट शब्दद्वारा इष्टको विरोधी द्विष्ट भन्ने अर्थ व्यक्त हुन्छ। सुख जस्तै दुःखको

अभाव पनि इष्ट पदको मुख्य अर्थ हुनजान्छ । दुःख जस्तै सुखको अभाव पनि अनिष्ट पदको अर्थ हुन्छ । वेदान्त दर्शन अनुसार आनन्दरूप मोक्ष[१९] सबैका लागि इष्ट हुन्छ भने न्यायवैशेषिक दर्शन अनुसार दुःखको अभावको रूपमा मोक्ष इष्ट हुन्छ।[२०]यस प्रकार सबै शास्त्रका उपदेशहरू इष्टप्राप्ति र अनिष्टको परिहारका लागि गरिएका हुन्छन् । यसरी प्रतिपादित मुख्य इष्टको चाहना गर्ने बुद्धिमान्हरूले त्यसको उपायको खोजी गरेर त्यसको अघि नै द्वैपायन व्यासले धर्मबाट नै अर्थ र काम सिद्ध हुन्छन् मोक्ष पनि त्यसैबाट हुन्छ भन्नुभएको पाइन्छ[२१] ।

धर्म र कर्म यी दुवै शब्दहरूको अभिधेय अर्थको विचार गर्दा दुवै पर्याय भएको सिद्ध हुन्छ । सामान्यतया लौकिक रूपमा फलार्थीहरूले गरिन्छ भन्ने व्युत्पत्ति अनुसार कर्म शब्दको आशय धर्म नै हुन्छ । त्यहाँ फल भनेको इष्ट वस्तु हुन्छ। इष्ट वस्तुका लागि नै सबैको प्रवृत्ति हुन्छ। धर्म शब्दको लोकलाई धारण गर्छ[२२] भन्ने व्युत्पत्ति र धारण गर्नाले धर्म[२३] भनिन्छ, धर्मले प्रजाहरूको धारण गर्छ[२४] भन्ने विद्वान्हरूको भनाईबाट पनि कर्म भन्ने आशय हुन्छ । कर्मद्वारा नै सबैको धारण हुन्छ। कसैले कर्म नगरेमा फल कसरी होला र प्राण रहला ? कुनै मानिस पनि एक छिन काम नगरी बस्न सक्दैन प्रकृतिले उसलाई कर्म गर्न लगाउँछ[२५] ।

कर्म बन्धको रूपमा पनि मानिएकोछ । भगवान् श्रीकृष्णले गीतामा कर्मबन्धको नाश गर्ने उपायको वर्णन गर्नुभएकोछ । जन्म, मृत्यु र जरा आदिले वारंवार पुरुषलाई बन्धनमा पार्ने हुनाले बन्ध भनिन्छ, कर्म नै बन्ध हुँदा कर्मबन्ध हुन्छ। कर्मको फल अवश्य भोग्नुपर्ने हुन्छ[२६] तै पनि फलको इच्छा विना गरिएको कर्म बन्ध गर्ने हुँदैन । मोक्षको चाहना गर्नेहरूले निष्काम भएर चित्तशुद्धिका लागि कर्म गर्नुपर्छ। त्यो कर्म धर्मकै रूपमा हुन्छ । मोक्ष प्रयोजन भएको कर्मयोगमा कर्मको(धर्म) जुन आरम्भ हो त्यसको नाश हुँदैन । भक्तिका साथ गरिएको वेदोक्त धर्मसम्बन्धी कर्मले कर्तालाई महान् भयबाट मुक्त गराउँछ भनी कृष्णले वेदोक्त धर्मलाई कर्मको रूपमा लिनुभएको पाइन्छ[२७] ।

कर्मको विचित्रता

कुनै कर्म गर्नाले पुण्य हुन्छ, कुनै कर्म नगर्दा पनि पुण्य हुन्छ। कुनै कर्म गर्दा पाप हुन्छ, कुनै कर्म नगर्दा पाप हुन्छ । अग्निहोत्र अथवा अश्वमेध गर्दा

पुण्य हुन्छ, मांस नखाए पनि पुण्य हुन्छ।[२८] अथवा दान गर्नाले, सत्य बोल्नाले, अरूको उपकार गर्नाले पुण्य हुन्छ। कुनै कर्महरू नगर्दा पाप हुन्छ जस्तै सन्ध्या आदि नित्य कर्म। नित्य कर्म गर्दा विशेष पुण्य त हुँदैन नगर्दा पाप अवश्य हुन्छ।

कर्मका भेदहरू

विज्ञहरूले कर्महरूको विवेचन धेरै किसिमबाट गरेकाछन्। कसैले श्रुति र स्मृतिद्वारा विहित जुन कर्म छ त्यसलाई र विहित नभएको कर्मलाई अकर्म भनेकाछन्। अरूले वैदिक, श्रौत, स्मार्त कर्मलाई कर्म र तिनको संन्यासलाई अकर्म भनेकाछन्। अर्का थरिले चलनात्मकलाई कर्म र नचलीकन चुप लागेर बस्नुलाई अकर्म मान्छन्। यसरी कर्म र अकर्मको तत्वको निर्णयमा सबै शास्त्रज्ञहरू मोहित भएका देखिन्छन्।[२९] त्यहाँ कर्म तीन किसिमको हुन्छ –कर्म, अकर्म र विकर्म। शास्त्रद्वारा विहित शरीर-इन्द्रिय आदिको व्यापार(क्रियाकलाप) कर्म हो, शास्त्रद्वारा निषिद्ध शरीर-इन्द्रिय आदिको व्यापार (क्रियाकलाप) विकर्म हो भने चुप लागेर बस्नु अकर्म हो भन्ने कसैको आशय छ।[३०] फेरि कर्म सात्विक, राजस र तामस भेदबाट पनि तीन किसिमको हुन्छ। तिनमा श्रुतिस्मृतिले अवश्य गर्नपर्ने भनिएका यज्ञ, तप, दान आदि कर्महरू आसक्ति र रागद्वेषले रहित भएर गरिएको खण्डमा सात्विक कर्म हुन्छन्।[३१] जुन काम फलको चाहना राखी अहंकारसहित भएर गरिन्छ र जसमा बढी परिश्रम गर्नुपर्ने हुन्छ त्यस्तो कर्म राजस हुन्छ।[३२] जुन काम त्यसको अनुबन्ध अर्थात् परिणाम, आफ्ना धन-बल आदिको ह्रास, हिंसा र आफ्नो त्यस काममा क्षमता आदिको विचार विना गरिन्छ त्यो तामस कर्म हुन्छ।[३३]

वैदिक कर्म

कर्मको अर्को भेद श्रुतिलक्षण कर्म र आचारलक्षण कर्मको रूपमा हुन्छ। जुन कर्म वेदले नै कर्तव्य रूपमा बुझाएको हुन्छ त्यो श्रुतिलक्षण कर्म हुन्छ। यस अन्तर्गत सात पाकयज्ञहरू, सात हविर्यज्ञहरू र सात सोमयज्ञहरू हुन्छन्। यी सबै यज्ञहरू कर्तव्य छन् किनकि तीन वर्णका मानिसहरूका जन्मैदेखि तीन थरि ऋण हुन्छन् –देव ऋण, ऋषिऋण र पितृऋण। ब्रह्मचर्य र स्वाध्यायद्वारा ऋषिऋणबाट मुक्ति पाइन्छ, सन्तान जन्माउँदा पितृऋणबाट मुक्ति हुन्छ भने

यज्ञहरू गर्नाले देवऋणबाट मुक्ति हुन्छ ।[३४] वेदको मुख्य विषय नै यज्ञ हो । जुन कर्महरू साक्षात् वेदद्वारा प्रतिपादित छैनन् ती कर्महरू आचारलक्षण अथवा गृह्य कर्म हुन् । त्यस्ता कर्महरू गृह्यसूत्रहरूमा वर्णन गरिएकाछन् । यी दुइ कर्मका भेदहरूका अतिरिक्त अर्को तेस्रो पनि कर्मको भेद हुनसक्छ जसलाई सामयिकाचार भनिन्छ । यसको वर्णन धर्मसूत्रहरूमा पाइन्छ । उक्त तीन कर्महरूलाई श्रौत कर्म, गृह्यकर्म र सामयिकाचारकर्म पनि भन्न सकिन्छ । श्रौत र गृह्य कर्महरूमा सामयिकाचारको पनि अपेक्षा हुन्छ ।

कर्मलाई अर्को प्रकारबाट पनि तीन किसिमको भन्न सकिन्छ, जस्तै – कायिक, वाचिक र मानस ।[३५] यहाँ कायिक शब्दले वाणी र मनका अतिरिक्त शरीर, इन्द्रियहरूद्वारा जानीबुझीकन गरिने शास्त्रविहित अथवा निषिद्ध कर्म जनाउँछ। यी तीनै कर्महरू प्रत्येक फेरि दुइ किसिमका भन्न सकिन्छ –शुभात्मक र अशुभात्मक । कायिक शुभ कर्ममा दान, रक्षण र सेवालाई लिनसकिन्छ । वाचिक शुभ कर्म भनेका सत्य, हित र प्रिय वचन बोल्नु तथा स्वाध्याय गर्नु हुन् । मानस शुभ कर्म दया, लोभ नहुनु र शास्त्र तथा गुरुको वचनमा श्रद्धा हुनु यी हुन् । कायिक अशुभ कर्म हिंसा,स्तेय(चोरी गर्नु) प्रतिषिद्ध मैथुन आदि हुन्। वाचिक अशुभ कर्म असत्य बोल्नु(ढाँट्नु), कठोर र असंगत कुरा गर्नु आदि हुन् । मानस अशुभ कर्म अरूप्रति द्रोह गर्नु, अरूको धनमा लोभ गर्नु, नास्तिक हुनु यी हुन् । यी सबै कर्महरूका पाँच ओटा कारणहरू हुन्छन्–अधिष्ठान, कर्ता, करण, विविध चेष्टा र दैव ।[३६]

कर्मका चार अंगहरूको कल्पना गर्नसकिन्छ–चिकीर्षा(काम गर्ने इच्छा), क्रिया, क्रियाको परिणाम र क्रियामा अहम्भाव । पहिले चिकीर्षा हुन्छ तर सबै चिकीर्षा क्रियाको रूपमा परिणत हुन्छ भन्ने कुनै नियम छैन । चिकीर्षा संस्कारद्वारा हुन्छ, संस्कार पहिले गरिएका कर्मको हुन्छ । संस्कारले मानिसमा इच्छाको उत्पादन गर्छ, । इच्छालाई जित्न सकिन्छ । यसैभएर मानिस कर्म गर्न स्वतन्त्र हुन्छ भनिन्छ । पहिले गरिएका कर्मका संस्कारहरूले मनमा प्रबल चिकीर्षा उत्पन्न गर्नसक्छन् तर मानिसले तिनलाई दमन गर्न अथवा क्रियाको रूपमा ल्याउन स्वतन्त्र हुन्छ । मानिसले आफ्नो विवेकलाई शिथिल नबनाएमा संस्कारहरूले बुद्धिलाई जित्न सक्दैनन् । जसले यौटा अभ्यास गरेकोछ उसले त्यसको विपरीत पनि अभ्यास गर्नसक्छ । यसरी मानिस कर्म गर्नमा स्वतन्त्र

हुन्छ, उसले पुरुषार्थ गर्नसक्छ तर फलको भोग गर्ने कुरामा उ प्रारब्धको अधीन हुन्छ । तथ्य यो छ कि विचारका स्तरहरू अनन्त हुन्छन् जसरी आकाशवाणीका स्तरहरू हुन्छन् । मन जुन स्तरमा हुन्छ त्यस स्तरको अनुरूप उसले विचारहरू ग्रहण गर्छ । जगत्‌को सञ्चालन सर्वेश्वरको इच्छाबाट हुन्छ ।

यहाँ यो प्रश्न उठ्छ कि यदि सबै कुरा निश्चित नै हुन्छ यदभावि न तद् भावि भावि चेन्न तदन्यथा भन्ने हो भने शास्त्रहरूका उपदेशहरूको के अर्थ होला ? मानिसले पुरुषार्थ किन गर्नुपर्‍यो ? विचारका स्तरहरू मध्येमा मन जुन स्तरमा छ त्यस स्तरका विचारहरू उत्पन्न हुन्छन् भन्ने हो भने शास्त्रका नियमहरूका के प्रयोजन रहला ? म यो काम गर्दिन भन्नु पनि व्यर्थ नै होला किन कि पहिलेदेखि निश्चित कुरा हुने नै छ । प्रकृतिले गराउने नै छ । ईश्वर सबैको हृदयमा छ, उसले जे चाहन्छ त्यही गराउँछ[३७] भने शास्त्रहरूको के काम होला ? यो सत्य हो तर सबै नियमहरू जड वस्तुका लागि हुन्, नियन्त्रण चाहिने पनि तिनै हुन् । चेतनलाई नियन्त्रण गर्न सकिन्न । मनले खाली विचारहरू ग्रहण गर्छ भन्नुको तात्पर्य यसले अमुक विचारहरू मात्र ग्रहण गर्ने छ भन्ने होइन । मानिसको पुरुषार्थको उपयोगिता अथवा कर्मको सफलता यसैमा निर्भर हुन्छ । शास्त्रका आदेशहरूको सार्थकता पनि यसैमा हुन्छ । सांख्य, योग र वेदान्त अनुसार त्रिगुणत्मक मायाको कार्य रूपमा विद्यमान मन सात्विक, राजस र तामस हुन्छ । मनलाई सात्विक विचारमा लगाउनोस्, राजस वा तामस विचारहरू आएमा तिनलाई निकाल्नुहोस् । जब मन सात्विक विचारमा रहन्छ त्यस वेलामा राजस र तामस विचारहरू उत्पन्न हुने छैनन् । [३८] कुनै पनि शरीरधारी प्राणीले पूर्ण रूपमा कर्मको त्याग गर्न सक्दैन अतः कर्ता म हूँ भन्ने अहंकारलाई छोड्नुपर्छ । त्यो मनको विषय हो र त्यसमा यो जीव समर्थ हुन्छ । कुनै मानिसले शुद्ध विचार लिन्छ भने त्यसको प्रभाव नजिकका मानिसहरूमा अवश्य पर्छ । किनकि विचारहरूको पनि संक्रमण हुने गर्छ । जान्दछ, इच्छा गर्छ र प्रयत्न गर्छ भने अनुसार मानिसले पहिले विचार गर्छ,त्यसपछि उसमा इच्छा उत्पन्न हुन्छ र त्यसले कार्य सम्पन्न गर्छ । विचार र इच्छापछि क्रिया हुन्छ तर क्रियाको मात्र परिणाम हुन्छ ज्ञान र इच्छाको हुँदैन । क्रिया क्रियाफलको निमित्त कारण हो भन्न सकिन्छ । क्रियाफलको मूल कारण प्रारब्ध भनौं वा पूर्व जन्मको फल भनौं कुरो उस्तै हो, त्यो आफ्नै

कर्म हुन्छ। त्यसैले सबै जना आफ्नो कर्म अनुरूप नै फल पाउँछन् त्यहाँ कर्म सम्पन्न गर्ने व्यक्ति निमित्त मात्र हुन्छ। यद्यपि कुनै मानिस इच्छा नभए पनि जबर्जस्ती कुनै काममा लगाउँदा प्रवृत्त हुन्छ भने त्यहाँ काम अथवा क्रोधलाई कारण मान्न पर्ने हुन्छ। [३९]

सञ्चित आदि कर्मका तीन भेदहरू

अहम्भावका दुई रूप हुन्छन् रागात्मक अहम्भाव र द्वेषात्मक अहम्भाव। यी दुवै रूपहरूबाट संस्कारहरूको संग्रह हुने गर्छ। कर्मप्रति निरपेक्ष भाव भएमा संस्कारहरूको ग्रहण हुँदैन। जुन कर्महरूमा अहम्भाव हुन्छ तिनका शुभ-अशुभ संस्कारहरू आफ्नो फल दर्शाउन चित्तमा सञ्चित हुन्छन्। यस किसिमको यो जन्म तथा पूर्व जन्महरूमा संचित भएका कर्महरूको कोषको नाम सञ्चित हुन्छ। जुन नयाँ क्रियमाण(गर्न लागिएका) कर्महरू छन् तिनका संस्कारहरू क्रियमाण कर्म हुन्छन्। जुन पूर्व जन्महरूमा गरिएका कर्महरूका संस्कारहरूद्वारा यस जन्ममा शुभाशुभ फलको भोग गरिन्छ ती प्रारब्ध कर्म हुन्छन्। कसैले पछि गरिने कर्म पनि हुनाले कर्म चार किसिमको हुन्छ पनि भन्छन्। गरिएका कर्महरूको फल कर्ताले नै भोग्छ भन्ने कुरा सत्य नै हो तर त्यसको भोग गर्ने कर्ताबाहेक अरू पनि हुन्छन्। संसारमा वस्तुहरूको विनिमय भैरहन्छ। जसरी हाम्रा शरीरका परमाणुहरू नजिकका मानिसहरूमा सर्ने गर्छन् त्यसै गरी कर्महरूको पनि विनिमय भैरहन्छ। अतः एक जनाले कर्म गर्छ भने उसको नजिकमा रहेका र सहायकहरूले पनि त्यसको फलको भोग गर्छन्। [४०] परिवारको मुखियाले कुनै पनि कर्म गर्दा परिवारका अन्य सदस्यहरूले उसको कर्मको फल भोगेका हुन्छन्।

कर्महरूको अर्को भेद कृत, कारित र अनुमोदित पनि मान्य छ। फेरि तिनका पनि लोभपूर्वक, क्रोधपूर्वक र मोहपूर्वक भेद हुन्छन्। ती नौ थरि कर्महरूका अझ मृदु, मध्य र अधिमात्र गरी तीन भेद अनि त्यसमा पनि मृदुमृदु, मध्यमृदु र तीव्रमृदु, मृदुमध्य, मध्यम, तीव्रमध्य, मृदुतीव्र, मध्यतीव्र र अधिमात्रतीव्र यसरी तीन भेदले गर्दा एकासी भेद हुनजान्छन्। यसरी कर्महरूको विनिमय हुन्छ। स्थूल वस्तुको विनिमय अथवा संक्रमण समीपताले हुन्छ भने कर्महरूको विनिमय आसक्तिद्वारा, रागद्वारा अथवा द्वेषद्वारा हुन्छ। कर्ममा

सहायक र अनुमोदकहरू पनि कर्मको फल भोग्ने हुन्छन् । किनकि प्रेरक, सहायक र अनुमोदकको कर्तासंग सहानुभूति हुन्छ । कोही मानिस तीर्थयात्रा अथवा अरू कुनै शुभ कर्म गर्दैछ भने त्यस वेलामा उसका प्रेरक, सहायक र अनुमोदकहरू पनि उसले गरेका पुण्यका भागी हुन्छन् तथा त्यसका विरोधी, उत्साह भाँडने र बाधा पुऱ्याउनेहरू यात्रामा भएका अशुभ कर्महरूका भागी हुनजान्छन् । यद्यपि नाभुक्तं क्षीयते कर्म भने अनुसार कर्मको फलको भोग आवश्यक नै हुन्छ तै पनि कुनै द्वन्द्वातीत जीवन्मुक्त पुरुषको शरीर ढलेपछि उसका शुभ कर्महरूको फल सेवकहरूले, अशुभ कर्महरूको फल द्वेष गर्नेहरूले आफ्नो श्रद्धा वा द्वेषको मात्रा अनुरूप पाउँछन् । पितृहरूले पनि कर्मको अंश भोग्न पाउँछन् । अत एव सनातन धर्मका अनुयायीहरूका घरहरूमा प्राय: श्राद्ध र तर्पण आदि गरिएको पाइन्छ । यी कर्मका अंशहरू राग र द्वेषले मात्र बन्छन् भन्ने आवश्यक छैन कर्ताप्रति अरूको राग र द्वेष पनि विनिमयका कारण हुन्छन् । यसै हुनाले अनासक्त महापुरुषको जन्म हुँदा कतिपय पूर्वजहरूको उद्धार हुन्छ । यस कारण मानिसले आफ्नो कर्तव्यपालन गर्दा उसका शुभ-अशुभ कर्महरूको प्रभाव कति जनामा पर्नसक्छ भन्ने ख्याल गर्नुपर्छ । कर्मको दान पनि सम्भव हुन्छ । कर्मफल किन्न पनि सकिन्छ । दक्षिणा लिएर अरूका लागि जप गर्नु यस्तै हो । अनि प्रतिनिधिको रूपमा पनि कर्म सम्भव हुन्छ, प्रतिनिधिले गरेको कर्मको फल प्रतिनिधि राख्ने मानिसले पाउँछ । यसरी आफुले गरेका कर्महरू तथा अरूबाट प्राप्त कर्मका अंशहरूबाट सञ्चित कर्मको संग्रहालय भरिन्छ ।

मानिसले क्षणमा नै यति ठूलो कर्म गर्नसक्छ जसको शुभ अशुभ फल भोग्न हजारौं वर्षको समय पनि थोरै लाग्नसक्छ । कर्महरू शुभ अशुभ दुवै किसिमका हुनसक्छन् । खट्वाङ्ग नामक राजाले क्षणमात्रमा मृत्यु हुनसक्ने बुझेर गरेका कामहरूले पनि मोक्ष प्राप्त गरेकाथिए ।[४१] एक क्षणको नराम्रो कर्मले कल्पौंसम्म नरकमा वास पनि हुनसक्छ ।

मानिसका कर्महरूको मूल्य भाव अनुरूप पनि हुन्छ । कर्महरू त जड हुन्छन्,ती न शुभ हुन्छन् न अशुभ, जस्तो भाव लिएर गरिन्छन् त्यस्तै हुन्छन् । यदि कुनै मानिसले कसैलाई भोक मेटाउन एकै रुपिया दियो भने त्यसको कर्म शुभ हुन्छ, जब उसले त्यति नै रुपिया आफ्नो सेवाका लागि दियो भने त्यो

विनिमय अथवा व्यापारको काम हुनजान्छ। अझ उटपट्याङ काम गर्न अथवा मद्यपान गर्न दिइयो भने त्यो अशुभ कर्म भैदिन्छ। यदि कसैले द्वेषका साथ बालकलाई पिट्छ र अर्कोले शिक्षाका लागि पिट्छ भने दुवैको काम समान देखिए पनि यौटाको कर्म शुभ र अर्काको अशुभ हुन्छ।

यसै गरी मानिसले गरेका कर्महरूको परिणाम पनि भावहरूमा निर्भर हुन्छ। उपेक्षाको भावले दिएको हजार रूपैयाँ पनि श्रद्धाका साथ दिएको कौडीसंग दाँज्न मिल्दैन। त्यसैले त्यस्तो उपेक्षाले दिएको दान राजस अथवा तामस भनिन्छ। शास्त्रको प्रेरणा आदि कारणहरूबाट नै यो कर्तव्य हो भन्ने संझेर फलको आशा नराखी प्रतिउपकार होस् पनि नभनी कुरुक्षेत्र आदि पवित्र तीर्थहरूमा, पुण्यमय सूर्यग्रहण आदि वेलामा, विद्या र तपस्याले सम्पन्न पात्रलाई जुन दान दिइन्छ त्ये सात्विक दान भनिन्छ।[४२]जुन पछि कुनै समयमा दान पाउने मानिसले आफ्नो उपकार गर्ला भन्ने संझेर, अथवा दृष्टार्थ(राम्रो परिणाम देखिएको) स्वर्ग आदि लोकहरूमा जान पाइएला भन्ने संझेर सात्विकभन्दा फरक कसरी यो यति खर्च भयो भन्ने संझेर दान दिइन्छ त्यो राजस दान हुन्छ।[४३]दान दिन नसुहाउने ठाउँमा अर्थात् आफैंले अथवा कुनै दुष्टको संगत भएर पापको कारण हुने अपवित्र ठाउँमा, पुण्य दिने भनी प्रसिद्ध नभएको जुनसुकै अपवित्र वेलामा, अथवा पात्र नभएका विद्या,तपले रहित नट, विट आदिलाई जुन दान दिइन्छ, देश, काल, पात्रहरू हुंदाहुंदै जुन दान संस्कार विना मिठो बोलीबोल्ने, पाउ धुने आदि सत्कार नगरी, पात्रको हेला गर्दै गरिन्छ त्यो दान तामस हुन जान्छ।[४४] यस प्रकार भाव अनुसार कर्मको फल हुन्छ।

वास्तवमा भावना विस्मायिका हुन्छ। कोई मानिस कुनै शिव आदि देवता अथवा कुनै इष्ट वस्तु अथवा शत्रु अथवा अरू कुनै वस्तुको स्वरूपको भावनाका साथ भक्ति, प्रेम, मोह, द्वेष अथवा भयद्वारा बुद्धिको वृत्तिको विषय बनाउँछ र त्यही भावनाद्वारा भावित भएर सधैं त्यसको स्वरूपकै भावना गर्दै अन्तकालमा जुनसुकै भाव अर्थात् शिव, विष्णु आदि देवता अथवा अरू कुनै प्रिय वा अप्रिय वस्तुलाई पहिलेको संस्कारको बलले संझदै चिन्तन गर्दै शरीरलाई छोड्छ त्यसले आफुले चिन्तन गरेको वस्तुको स्वरूपलाई नै पहिलो र त्यसपछिको ध्यानशक्तिको महिमा अनुसार लिन्छ।[४५] यसरी भावुना नामक संस्कारको (कर्मसंस्कारको) महत्त्व स्पष्ट हुन्छ।

अभावको अवस्थामा कष्ट सहनु तपस्या हुँदैन, शक्ति हुँदा नै कष्ट सहँदा तपस्या हुन्छ । तर तपस्याको भावना भएमा अभावको अवस्थामा भएको कष्ट पनि तपस्या बन्नसक्छ । कसैले मलाई केही गरेको छैन, त्यस वेलामा म क्षमाशील अथवा क्रोधरहित भएँ भने त्यो कुनै महत्त्वको विषय भएन किनकि सबै मानिसहरूको स्वभाव यस्तै हुन्छ । यदि कसैले मलाई हानि पुऱ्यायो र त्यो मानिस मभन्दा कमजोर छ, म त्यसलाई दण्ड दिन सक्ने सामर्थ्य राख्छु तै पनि मैले कुनै दण्ड दिइन र माफ गरें भने म क्षमाशील ठहरिन्छु । करोड सम्पत्तिको मालिकले एक हजार दिन्छ र कौडी हुनेले कौडी नै दिन्छ भने निश्चय नै कौडी दिने व्यक्तिको प्रशंसा हुन्छ, त्यसकै दान श्रेष्ठ हुन्छ । यही असल अथवा नराम्रा कर्महरूका विषयमा सिद्धान्त छ ।

सञ्चित कर्मको विचार

सञ्चित कर्मको मात्रा अनन्त र अपार हुन्छ । त्यसको यही एक जन्ममा नै भोग होस् भनौं भने त्यो हुन सक्दैन । त्यसको एक अंश छुट्टिन्छ र त्यही अंश अनुसार शरीर पाइन्छ । सञ्चित कर्मको भण्डारबाट भोगका लागि छुट्टिएको अंशलाई प्रारब्ध कर्म भनिन्छ । जति समयसम्म सञ्चित कर्मको राशिबाट आएको प्रारब्ध कर्मको अंश रहन्छ र भोगद्वारा नष्ट हुँदैन तबसम्म शरीर जीवित रहन्छ, त्यस अंश अनुसार सुख र दुःखका भोगहरू पनि पाइने भैरहन्छन् । यद्यपि कर्मको नाश पनि हुन्छ र योगद्वारा कर्मको नाश स्वाभाविक पनि छ । योग[४६], तपस्या[४७], ज्ञान[४८] र प्रायश्चित्तबाट[४९] पनि कर्मको नाश हुन्छ । त्यस विषयमा कसैले यो भन्छन् – यी ज्ञान आदिद्वारा सञ्चित र क्रियमाण कर्महरूको नाश हुन्छ, प्रारब्ध कर्महरूको नाश हुँदैन । प्रारब्ध कर्महरूको त धनुषको ताँदोबाट छुटेको बाण जस्तै पुग्नुपर्ने ठाउँसम्म नै गति हुन्छ, बीचमा नाश हुँदैन । जीवन्मुक्त पुरुषहरूले पनि प्रारब्ध कर्महरूको फल भोग्नैपर्छ । शास्त्रकारहरूले यस्तो अवस्थाको पनि संकेत गर्नुभएको छ जहाँ प्रारब्ध कर्मको पनि नाश हुन्छ तर त्यो अवस्था अपवादका रूपमा मात्र हुन्छ । जब कुनै व्यक्तिको आफ्नो स्वरूपमा स्थिति अलिकति पनि च्युत हुँदैन, एक पल मात्र पनि शरीरका साथ तादात्म्य हुँदैन, अखण्ड सम्प्रज्ञात समाधि चलिरहन्छ त्यस वेलामा चेतनको स्पर्शले रहित जड(शरीर) नष्ट हुन्छ । यो अवस्था प्रारम्भ भएपछि शरीर २१ दिनसम्म मात्र चेतन रहन्छ, त्यसपछि ढल्छ । किनकि जडको तादात्म्य चेतनका

साथ हुनाले जड त्यसै रहन सक्दैन । एकपटक तादात्म्यशक्तिद्वारा जड शरीर कुनै किसिमबाट २१ दिनसम्म आफ्नो अवस्थामा रहन सक्छ । जस्तै चुलोबाट झिकेको कसौंडीको भात केही समय मात्र तातो रहन्छ ।

यस प्रकार प्रारब्ध कर्म भनेको संचित कर्मबाट वर्तमान जन्मका लागि छुट्टिएको अंश हो । त्यस अवस्थामा प्रारब्ध अनुसार सुरू भएको जन्ममा सञ्चित कर्म सुषुप्त अवस्थामा रहन्छ । कुनै नवीन कर्महरू यदि अति प्रबल रूपमा भए र प्रारब्ध कर्महरूका साथ तिनको सामञ्जस्य पनि हुनसक्यो भने ती नवीन कर्महरूले प्रारब्ध कर्मसंग मिलेर यसै जन्ममा फल दिन सक्छन् । सकाम जप, तप आदिको फल यस जन्ममा यही रीतबाट पाइन्छ । [५०] मानौं, कुनै यौटा कष्ट भइरहेछ । त्यो निश्चय नै पूर्वजन्मको कर्मको फल हो । त्यसको निवारणका लागि शास्त्रहरूमा जप, तप, पुरश्चरण आदिको विधान हुन्छ र विधि पुऱ्याई त्यसको अनुष्ठान गर्दा त्यो कष्ट हटेर जान्छ । यसै गरी अभीष्ट वस्तु पाउनका लागि अनुष्ठानहरू छन्, जस्तो कि पुत्रेष्टि यज्ञ गर्नाले पुत्रको प्राप्ति हुन्छ । यही रीतबाट कुनै अशुभ कर्म(पाप कर्म) भयो भने त्यसको फल भोग्न नपरोस् भनेर प्रायश्चित्तका विधानहरू पनि शास्त्रमा पाइन्छन् । प्रायश्चित्त गर्दा ती फलहरूबाट जोगिन्छ । यसरी प्रारब्ध कर्मको पनि परिवर्तन गर्न सकिन्छ । जुन (प्रारब्ध) हाम्रै कर्महरूबाट बनेकोछ त्यसको परिवर्तन पनि हुनसक्छ । यद्यपि कर्मले नै कर्मको परिहार हुँदैन, सर्वथा नाश पनि हुँदैन । [५१]जस्तो कि कसैले हत्या गऱ्यो, प्रायश्चित्त गर्नाले, अथवा राजाबाट दण्ड पाएमा त्यस हत्याको पापबाट मुक्ति पाइन्छ तर जुन हिंसाका संस्कारहरू हत्या गर्ने मानिसको मन अथवा आत्मामा उत्पन्न भएकाछन् ती प्रायश्चित्तबाट नष्ट हुँदैनन् । [५२] अतः जसले एकपल्ट भने पनि हिंसा गरेकोछ त्यो फेरि पनि हिंसामा लाग्नसक्छ । अब यी संस्कारहरूको पनि परिहार(निवारण) कसरी होला भन्ने प्रश्न उठ्छ । खान नहुने कुरा एकैपटक खाएर छोडे पनि यदि त्यस्तै अनुकूल समय आयो भने त्यसको समाधान प्रारब्धको विधानबाट नै हुन्छ । परमेश्वरको विधान यस्तो छ कि अन्तिम वेलामा प्राणीले जुन जुन भावलाई संभदै मर्छ त्यसको जन्म त्यही योनिमा हुन्छ । परमेश्वर दयालु र न्यायशील पनि हुनुहुन्छ । प्रारब्धको विधानमा नै त्यो दया र न्यायको सामञ्जस्य छ । शास्त्र अनुसार मानिस मर्ने वेलामा जुन अन्तिम भावहरू हुन्छन् तिनै प्रारब्धविधानका केन्द्र बन्छन् । ती

भावहरूलाई केन्द्रमा राखी सञ्चित कर्मका संस्कारहरू एक ठाउँमा जम्मा हुन्छन् र तिनबाट प्रारब्ध बन्छ। जसरी फलामको धुलोको बीचमा राखेको अयस्कान्त मणिले (चुम्बक) फलामका कणहरूलाई तान्छ ती कणहरू जोडिएर कुनै आकार पनि बन्छ त्यसै गरी अन्तिम वेलाका संस्कारहरूले संचित कर्मका संस्कार–हरूलाई तान्छन् र तिनीहरूबाट प्रारब्ध बन्छ। अन्तिम संस्कारहरूबाट प्रारब्धको निर्माणका लागि अन्तिम संस्कारका अनुकूल सामञ्जस्यपूर्ण भएका संचित संस्कारहरू मात्र आकर्षित हुन्छन्। जसरी अयस्कान्तले फलामका कणहरूलाई मात्र तान्छ माटो अथवा सुनका कणहरू तान्दैन। यो प्रारब्ध यौटा मात्र हुँदैन, प्रारब्धहरूको यौटा शृङखला हुन्छ जहाँ अरू पहिलेका योनिहरूका शृंखलामध्येको अन्तिम शृंखला मानिसको जीवन सुरू हुंदा समाप्त हुन्छ। भगवान् दयामय विधान भनेको यही हो कि यो शृंखला जति हुनसक्छ त्यति सानो हुन्छ जसले मानिस कम संख्यामा योनिहरूमा उत्पन्न भएर फेरि मानव जीवन पाउन सकोस्, सञ्चित कर्मबाट बच्ने ठाउँ पाओस्। यदि कुनै योनिमा त्यो शृंखला समाप्त हुने संभावना छ भने त्यस योनिमा जन्म यथासम्भव चाँडै हुन्छ। जस्तो कि भागवतमा नृगको कथा आउँछ, जहाँ उनका शुभ कर्महरू त्यसै बसीरहन्छन् तर अशुभ कर्महरू पहिले नै फलदिन उन्मुख भैदिन्छन् जसले गर्दा ती राजाले छेपारोको जन्म लिएपछि कृष्णको दर्शन पाउँछन्, त्यसले गर्दा उनका सबै अशुभ कर्महरू नष्ट भए र उनी मुक्त भए। यहाँ यो कुरामा ध्यान दिनुपर्छ कि अन्तिम भाव मुख्य हुन्छ तै पनि त्यसका साथ सामञ्जस्य राख्ने संस्कारहरूको शृंखला निकै लामो भयो भने अरू भोगयोनिहरूबाट मानिसको योनिमा आउने कुरा एक शय कोटि कल्पमा पनि हुन सक्दैन। यसै भएर दयामय भगवान्ले संस्कारहरूको शृंखला जति हुनसक्छ त्यति सानो बनाउनुहुन्छ जसले जीव फेरि मानव योनिमा चाँडै आउनसकोस्। यो प्रारब्धको विधानमा दयामयको अहैतुकी कृपा नै कारण हुन्छ। त्यसले गर्दा मानिस नयाँ प्रारब्धमा यथासम्भव यो जन्मका अशुभ संस्कारहरूबाट सुरक्षित हुन्छ तथा ती कार्यहरू सञ्चितमा जान्छन्। त्यस साधनका संस्कारहरू नै त्यस मानिसलाई प्रेरणा दिने गरी रहन्छन्। त्यसको बाटामा रहेका विघ्नहरू हराउँछन्। किनकि निकै परको पूर्वजन्ममा पनि पहिलेको अभ्यासले अर्थात् पहिले कमाएको ज्ञानको संस्कारले मोक्ष पाउन प्रयत्न नगरेको भए पनि अकस्मात् भोगवासनाहरूबाट

छुटाई मोक्षको साधनमा उन्मुख बनाइन्छ। [५३] यस प्रकारको संस्कार भएको प्राणी चाँडै शुभ कर्म गर्ने बन्छ तथा शान्ति पनि पाउँछ। किनकि भगवान्को भक्त कहिल्यै नष्ट हुँदैन। [५४] यसरी भगवान्को कृपा पाएको भक्त पवित्र र धनी व्यक्तिको घरमा जन्म पाएर पूर्व जन्ममा गरिएका शुभ कर्महरूका संस्कारहरूद्वारा फेरि पनि संस्कार पाउँछ र फेरि पनि सम्यक् रूपमा ज्ञान पाउन प्रयत्न गर्छ। अहिलेको नयाँ जन्ममा त्यसका पूर्वजन्मका अभ्यासहरूले उसलाई तान्छन्। अनि उसले पहिलेको शरीरमा रहेको साधनात्मिका बुद्धि पाउँछ र परम सिद्धिका लागि फेरि पनि प्रयत्न गर्छ। [५५] साधनहरू मानव योनिमा मात्र हुन सक्छन्। जसले भगवान्तिर जान एकै पटक भए पनि इच्छा राख्छ त्यसका ती संस्कारहरू भोगका संस्कारहरूभन्दा प्रबल हुन जान्छन्। नयाँ प्रारब्धको विधान हुँदा जब मानिसको विधान(जन्म) हुन्छ त्यस वेलामा उसका ती संस्कारहरू रहीरहन्छन्। यसपछि ती संस्कारहरू निरन्तर बढी नै रहन्छन्। ती (भगवत्संस्कारहरू)सञ्चित कर्म अन्तर्गत रहने सम्भावना पनि रहँदैन। ती भगवत्संस्कारहरू प्रयाणकाल अर्थात् मृत्युको वेलाको संस्कार प्रधान भए पनि सम्मुखमा रहन्छन् र प्रारब्धको शृंखला छोटो हुनजान्छ। यस जन्ममा व्याघात अर्थात् विघ्न गराउने अशुभ संस्कारहरू अधिकांश सञ्चित कर्ममा रहनेछन्। यसरी अध्यात्मको मार्गमा जजसले जति जति बाटो पार गरेकाछन् त्यहाँबाट अझ अगाडि नै पुग्ने गर्छन्। प्रत्येक यात्राको विश्रामपछि सर्वेश्वरको विधान अनुसार उनीहरूलाई अझ बढी बुद्धि र सुविधा मिल्न जान्छ। दयामय, करुणाका सागर प्रभुको यो इच्छा रहन्छ कि जीव उनको चरणमा शीघ्रातिशीघ्र उपस्थित होस् र यो सन्तापपूर्ण संसारबाट मुक्त होस्। यो भगवान् प्रति उन्मुख हुनुको फल हो।

कर्मानुसार शरीरको प्राप्ति

जब मानिसको मर्ने वेला आउँछ त्यही वेलामा उसका प्रयाणकालिक(मृत्यु समयका) संस्कारहरूले प्रारब्धको निर्माण गर्छन् र तिनकै आधारमा भोगशरीरको निर्माण हुन्छ। मृत्युपछि जीवले यातना देह पाउँछ। [५७] जसरी तृणजलौका(घाँसमा रहने जुका)ले अर्को घाँस भेटेपछि मात्र पहिलेको घाँसलाई छोड्छ त्यसरी नै जीव पनि अर्को शरीर लिएपछि मात्र पहिलेको शरीरलाई छोड्छ। [५८]

त्यो जीव कारण सूक्ष्म शरीरमा त रहेकै हुन्छ, स्थूल शरीरलाई छोड्नका लागि उसले भोगशरीर पाउँछ र जीवनभर शरीरयुक्त हुन्छ, त्रिगुणात्मक मायाको राज्यमा रहिञ्जेल उ तीनथरि शरीरले सहित भैरहन्छ। ती तीन शरीर भनेका कारणशरीर, सूक्ष्मशरीर र स्थूलशरीर हुन्। पार्थिव स्थूल शरीरको मृत्यु भएपछि जुन यातना शरीर प्राप्त हुन्छ त्यही वेलामा मृत शरीरलाई जलाएर त्यसको खरानी जलमा प्रवाह गर्ने शास्त्रको आदेश छ। मानिसले शुभ अथवा अशुभ कर्म गर्छ। अशुभ कर्म गरेकोछ भने त्यस वेलामा यमदूतहरू भयंकर रूप लिएर आउँछन्। पाशले बाँधेर पिट्दै सन्तप्तबालुक, वज्रशाल्मलि, असिपत्र आदि अन्धकारपूर्ण वनका मार्गहरूबाट यमपुरमा लैजान्छन्। त्यहाँ यमपुरमा यमराज पनि भयंकर रूपमा देखिन्छन्। मानिसले शुभ कर्म गरेकोछ भने सौम्य रूपमा आउँछन् र सम्मानका साथ लैजान्छन्, तिनका लागि यमराज पनि सौम्य हुन्छन्।[५९] जुन अशुभ कर्म गर्ने मानिसहरूको अशुभ कर्महरूको फल भोग्न यहाँ सम्भव हुँदैन ती नरकमा पुऱ्याइन्छन् र यातनाहरू भोग्छन्। जुन शुभ कर्म गर्ने जीवहरूको शुभ कर्महरूको भोग यो मनुष्यलोकमा हुन सक्ने छैन तिनीहरू आफ्नो शुभ कर्महरूद्वारा अर्जित स्वर्गलोकमा जान्छन्। ती लोकहरूमा जब शुभ र अशुभ कर्महरूको भोग एक सीमामा पुग्छ र यस्तो माध्यमिक अवस्था आउँछ कि तिनको भोग मर्त्य लोकमा पनि हुनसक्ने देखिन्छ त्यस अवस्थामा जीव पृथ्वीमा जन्म लिन आउँछ। यो साधारण कर्महरूको दुइ किसिमको गति हो।

यसै गरी उक्त साधारण कर्महरू गर्नेहरूभन्दा फरक जुन विशिष्ट कर्महरू गर्ने योगीहरू हुन्छन् तिनीहरूका गति पनि दुई किसिमका हुन्छन्। तिनमा एक गति योगभ्रष्टहरूको हुन्छ जो धूम, रात्रि, कृष्णपक्ष र दक्षिणायनका छ महीनाहरूका अधिष्ठात्री देवताहरूद्वारा पुऱ्याइन्छन्। त्यहाँबाट तिनीहरू ब्रह्मलोकमा पुग्छन्।[६०] यसको आशय यो हो कि ती विशिष्ट कर्म गर्ने योगभ्रष्टहरू मृत्युपछि धूमाभिमानिनी देवता, त्यसपछि रात्रि अभिमानिनी देवता अनि कृष्ण पक्षको अभिमानिनी देवता, दक्षिणायनकी अभिमानिनी देवता र मासाभिमानिनी देवताहरूद्वारा पितृलोकमा र त्यसपछि आकाशाभिमानिनी देवता हुँदै चन्द्रलोकमा पुग्छन्।[६१] योगभ्रष्टहरू चन्द्रलोकबाट ब्रह्मलोकमा पनि पुग्छन्।

यद्यपि ब्रह्मलोकमा गएका योगीहरूको ब्रह्मको प्राप्तिबाट मुक्ति हुन्छ तर योगभ्रष्टहरू ब्रह्मलोकमा पुगेर पनि फेरि मर्त्यलोकमा फर्कन्छन् । केवल भगवान्लाई प्राप्त भएर मात्र फेरि फर्कदैनन् । ब्रह्मलोकसहित सबै लोकहरू कालद्वारा परिच्छिन्न(सीमित) हुनाले फेरि फर्किनपर्ने हुन्छन् । किनकि मनुष्यको परिमाणले एक एक युगको हजारपटक आवृत्ति हुँदा चार युगहरू हजार जति ब्रह्माको एक दिन हुन्छ,, त्यति नै रात्रि पनि हुन्छ । यस प्रकारका दिनरातको हिसाबले पक्ष, मास आदिको गणना गर्दा ब्रह्माको पूरा आयु एक शय वर्ष हुन्छ । यसरी कालद्वारा परिच्छिन्न अर्थात् सीमित हुनाले यो लोक अनित्य हुन्छ र त्यस लोकबाट पुनरावृत्ति(फेरि फर्कनुपर्ने)को कुरा युक्तिसंगत नै हुन्छ । [६२]

ब्रह्मलोकमा पुग्ने योगीहरू एक कल्पसम्म त्यहाँ सुखको भोग गर्छन् । कल्पको अन्तमा रात्रि सुरु हुनलाग्दा ब्रह्मा जब सुत्नुहुन्छ तब ब्रह्मलोकमा पुगेका जीवहरू अरू लोकका जीवहरू सरह अव्यक्तमा सुषुप्त रूपमा रहन्छन्[६३] र सृष्टिको प्रारम्भ हुनलाग्दा तिनीहरूले फेरि जन्म लिनुपर्ने हुन्छ । ब्रह्मा सुत्नुभएको वेलामा अव्यक्त अर्थात् प्रकृतिमा शरीर, विषय आदि व्यक्त विषयहरूका रूपमा रहेका भोगभूमिहरू लीन हुन्छन्, दिन सुरू भएर ब्रह्मा उठ्ने वेलामा त्यही अव्यक्तबाट अथवा प्रकृति अथवा ब्रह्माको निदाएको अवस्थाको रूपबाट उत्पन्न हुनजान्छन् र आफ्ना कामहरू गर्न सक्षम हुन्छन् । [६४]यसै गरी पहिलेको कल्पमा रहेको जुन स्थावर-जंगमरूपी प्राणीहरूको समुदाय छ त्यही यो कल्पमा पनि उत्पन्न हुन्छ, प्रत्येक कल्पमा अर्को अर्को हुने होइन । [६५]

यस प्रकार यो संसार आशुविनाशी (चाँडै नाश हुने) भए पनि कर्मको वश भएर फेरि फेरि उत्पन्न हुने भएकाले त्यसै निवृत्त हुँदैन, उत्पन्न भएपछि पनि कर्मको अधीन भै फेरि विलीन हुनाले संसारमा अनेक रूपमा परिवर्तनशील सबै प्राणीहरू स्वतन्त्र हुँदैनन्, (कर्मका) अधीन नै हुन्छन् । साधारण प्राणीहरूको के कुरा गर्नु, ब्रह्मा पनि त्यही कर्मद्वारा ब्रह्माण्डरूपी भाँडाभित्र कुमालेसरी नियन्त्रित हुनुहुन्छ, विष्णु पनि दश अवतार लिनुपर्ने महाकष्टमा पर्नुभएकोछ । रुद्र पनि खप्परको भाँडो लिएर भिक्षाका लागि घुम्नु परेकोछ । त्यही कर्मले सूर्य (सूर्याभिमानी देवता) दिनदिनै आकाशमा घुम्नपरेकोछ । [६६] यसरी नरक र स्वर्गबाट फर्कने जीवहरू सरह ब्रह्मलोकमा पुगेर फर्कने जीवहरू(योगभ्रष्ट)

पनि मर्त्यलोकमा फेरि फर्कन्छन् । जीवहरूको फर्कने क्रम प्रायः यस्तै हुन्छ । दिव्यलोकबाट चन्द्रलोक, त्यसपछि आकाश अनि मेघमा, अथवा नरकबाट आकाश अनि मेघमा त्यसपछि वर्षाद्वारा पृथिवीमा जीवहरू आउँछन् । कुनै ग्रन्थमा आकाशबाट वायु, वायुबाट धूम, धूमबाट अभ्र, अभ्रबाट मेघमा आउँछन् भनिएको पाइन्छ । जलबाट स्थावर शरीरधारीहरूको शरीरमा वनस्पति आदिमा, अथवा व्रीहि(धानको प्रकार), जौ आदि अन्नहरूमा पुगेपछि ती अन्नहरू खाने मानिस आदिको शरीरमा पुगेर वीर्यको रूप लिन्छन् र मानव आदि योनिमा जन्म लिन्छन्[६७] । जीव जलकै मार्गबाट संसारमा आउने हुनाले जललाई जीवन भनिन्छ ।

यो योगभ्रष्ट योगीहरूको यौटा गति भयो । योगीहरूको अर्को गति देवयानको रूपमा हुन्छ । योगीहरू दुइ किसिमका हुन्छन् – युक्त र युञ्जान । [६८]युञ्जान योगीहरूको गति यसअघि भनियो । जो युक्त खालका योगीहरू छन्, जसको चित्तको सर्वथा निरोध भैसकेको छ, असम्प्रज्ञात समाधिको अवस्थामा पुगेकाछन् तर जसमा निरोध हुनुभन्दा पहिले दिव्यलोकका भोगहरू भोग्ने इच्छा थियो तिनीहरूले आफ्नो सूक्ष्म शरीरलाई प्रकृतिमा लीन गराउँदैनन् । तिनीहरू सूक्ष्मशरीरका मन र इन्द्रियहरूका साथ सुषुम्णामार्गबाट स्थूलशरीर छोड्छन् । तिनका शरीरहरू वायवीय हुन्छन् र ती देवताहरूका तेजको अंशले पनि सहित हुन्छन् । तिनीहरू स्थूलशरीर त्याग गरेपछि ज्योतिरूप अग्नि(अर्चि अभिमानिनी देवता)मा पुग्छन्, अर्चि अभिमानिनी देवताबाट शुक्लपक्षाभिमानिनी देवतामा, त्यसबाट उत्तरायणरूप छ महीनाका अभिमानिनी देवतामा, त्यहाँबाट क्रमशः मासाभिमानिनी देवता, वर्षाभिमानिनी देवता, सूर्याभिमानिनी देवता, चन्द्राभिमानिनी देवता हुँदै विद्युदभिमानिनी देवतामा पुग्छन् । त्यहाँबाट तिनीहरू दिव्य पुरुषद्वारा पहिले ब्रह्मलोक त्यसपछि महर्लोक, जनलोक र तपलोकमा पुऱ्याइन्छन् । [६९]जब प्रलयकालमा भगवान् संकर्षणको मुखाग्निद्वारा तीनै लोकहरू भस्म हुन्छन् त्यस बेलामा महर्लोक त्यसको तापले तात्छ र त्यहाँ भएका जीवहरू सत्यलोक अथवा त्यसभन्दा माथिका लोकहरूमा जान्छन् । [७०] ब्रह्मलोक आदि ऊर्ध्वलोकहरूमा अरू कष्टहरूको त अनुभव हुँदैन तर संसारका मानिसहरूको असह्य पीडा देख्दा दया उत्पन्न भएर त्यसबाट कष्टको अनुभव हुन्छ । त्यहाँ रहेका ती महापुरुषहरूको गति कहीं रोकिँदैन ।

दयाका अधीन भएका ती महापुरुषहरू कहिलेकाहीं पृथ्वीमा भएको कुनै धर्मात्मा र अधिकारी व्यक्तिलाई आफ्नो दर्शन दिन्छन् र उनलाई केही उपदेश पनि गर्छन् । कल्पको अन्तमा तिनीहरू ब्रह्म(कार्यब्रह्म)मा लीन हुन्छन् । सृष्टिको आरम्भमा मानस सृष्टिका रूपमा उत्पन्न भएर आफ्ना लोकहरूमा बस्छन् । यो क्रम दुइ परार्ध वर्षसम्म रहन्छ । ब्रह्माको आयु दुइ परार्ध वर्षसम्म नै हुन्छ । महाप्रलयको समयमा तिनीहरू ब्रह्माका साथ सूक्ष्म कारणशरीरले रहित भै मुक्त हुन्छन् । यही रीत अनुसार सगुण ब्रह्मका उपासकहरू पनि त्यो पदमा पुगेर फेरि फर्कदैनन् किन्तु मुक्त हुन्छन् । यसरी योगीहरू र शुभ कर्म गर्नेहरू फेरि नफर्कने अथवा फर्कने हुन्छन् । देवयान मार्गमा गएका योगीहरू फेरि यो लोकमा फर्कदैनन् । पितृयानको मार्गमा गएका सत्कर्म गर्नेहरू फर्कन्छन् । यद्यपि देवयानको मार्गमा गएका केही ब्रह्मलोकमा पुगेर पनि फेरि फर्कने हुन्छन् तर पितृयानको मार्गमा जानेहरू त अवश्य फर्कन्छन् त्यहाँ कोई पनि क्रममुक्तिका भागी हुँदैनन् । देवयानको मार्गमा गएका पनि प्रतीकोपासकहरू तडिल्लोकसम्म पुगेर दिव्यपुरुषद्वारा हिरण्यगर्भपर्यन्त पुऱ्याइएका र पञ्चाग्निका उपासकहरू भोग समाप्त भएपछि फर्कन्छन् नै तैपनि दहर आदिका उपासकहरू भोगका अन्तमा क्रमशः मुक्त नै हुन्छन् । अत एव पितृयानको मार्ग नियम अनुसार नै आवृत्ति(यस लोकमा फर्कनुपर्ने) फल हुनाले निकृष्ट हुन्छ । देवयानको मार्गको फल अनावृत्ति(फेरि यस लोकमा फर्कन नपर्ने) हुनाले अत्यन्त प्रशस्त हुन्छ ।

यी चार गतिहरूका अतिरिक्त जीवका अरू दुई गतिहरू पनि हुन्छन्–एक सद्योमुक्तिको अर्को भगवान्को धाममा पुग्ने किसिमको । सद्योमुक्ति अथवा निर्वाणमुक्ति ज्ञानबाट मात्र हुन्छ । वेदले पनि ज्ञानबाट नै मुक्ति हुन्छ भनेर वारंवार घोषणा गरेकोछ ।[७] ज्ञानको यो स्थिति दुइ प्रकारबाट हुनसक्छ – योग अथवा विचारबाट । जुन योगीले दिव्य लोकका भोगहरूको इच्छा राख्दैन उ आफ्नो शरीरका पञ्च भूतहरूलाई पञ्चमहाभूतको क्रमबाट आआफ्ना कारण पञ्चतन्मात्राहरूमा त्यसपछि अहंकारमा, बुद्धिमा राखी अन्तमा प्रकृतिलाई आफुमा लीन गराएर निर्बीजसमाधिमा स्थित हुन्छ । यसरी असम्प्रज्ञातसमाधिमा स्थित भएपछि फेरि व्युत्थित भएपनि उसलाई कर्मको बन्धन हुँदैन । उसको प्राणमा अधिकार हुन्छ, योगद्वारा उसको कर्माशय क्षीण हुन्छ । शरीरको अन्त हुने वेलामा पनि त्यही स्थितिमा शरीर छोड्छ । अन्तिम समयमा उसको मनमा कुनै संकल्प हुँदैन ।

योगदर्शन अनुसार मन विभु हुन्छ र त्यसको वृत्ति संकोच र विकास गर्ने हुन्छ। त्यस चित्तले शुभ र अशुभ कर्मको अपेक्षा राख्छ। त्यसैले शुभ कर्मबाट सुख र अशुभ कर्मबाट दुःख हुन्छ। शुभ र अशुभ कर्महरूका संस्कार अर्थात् वासनाहरू अनादि हुन्छन्। तथा अनादि कर्मका संस्कारले सहित भएको मन उद्‌बोधकका आधारमा बनेको कुनै संस्कारलाई लिएर मानिसलाई भोग गराउने (सुख–दुःखको अनुभव गराउने) हुन्छ। कर्मका संस्कारहरू अनादि भएको कुरा "मा न भूवं न भूयासम्" (मैले फेरि जन्म लिन नपरोस्) यस किसिमको मानिसको चाहनाबाट सिद्ध हुन्छ। यस्तै पूर्वजन्म नभएको भए मर्छु कि भन्ने डर किन हुन्थ्यो ?अतः यसबाट पूर्वजन्म र त्यसबाट उत्पन्न हुने वासनाको अस्तित्व सिद्ध हुन्छ।[७२] यो कर्महरूको संस्कार अर्थात् वासनाको आश्रय भएको मन(चित्त) परमाणुरूप र नित्य हुन्छ। (माथि विभु भनिएको?) सांख्य दर्शन अनुसार जसरी घडामा र महलमा राखिएको दियोको प्रकाश जसरी संकोच र विकास गर्ने(कम उज्यालो दिने र बढी उज्यालो गर्ने) हुन्छ त्यस्तै यो मन पनि संकोच र विकास गर्ने हुन्छ। योग दर्शन अनुसार त मन विभु हुन्छ त्यसको वृत्ति नै संकोच र विकास गर्ने हुन्छ। त्यो चित्तवृत्तिको संकोच अथवा विकासका लागि शुभ र अशुभ कर्मको अपेक्षा हुन्छ।[७३]मन तबसम्म कर्मका संस्कार हरूको आश्रय हुन्छ जबसम्म साधिकार हुन्छ। जब मनको अधिकार समाप्त हुन्छ तब आश्रयले रहित भएका वासनाहरू त्यहाँ बस्नसक्दैनन्। जस्तोकि कुनै मानिस जबसम्म अधिकार रहन्छ तबसम्म मात्र अधिकृत सरहको काम त्यसले गर्छ। कार्यालयमा भएका कर्मचारीहरूले उसको स्वागत अभिवादन गर्छन्। अधिकार समाप्त भएपछि त कर्मचारीहरूले उसलाई न अभिवादन गर्छन् न उसले अधिकारीको काम गर्छ। त्यही रीतले विवेकख्याति हुनुभन्दा पहिले मन साधिकार हुन्छ। विवेकख्याति भएपछि मनको अधिकार समाप्त हुन्छ। जब मनका अधिकारहरू समाप्त हुन्छन् तब वासनाहरू पनि त्यसमा रहन सक्दैनन्।[७४] त्यो विवेकख्याति योगबाट हुन्छ भन्ने कुरा पछि प्रतिपादन भएर आउनेछ। त्यस अवस्थामा योगद्वारा कर्माशयको नाश हुन्छ भनौं अथवा वासनाको नाश हुन्छ भनौं त्यसबाट कुनै फरक पर्दैन। त्यस्ता योगीको मन स्वतः लयको स्थितिमा रहन्छ। अनि शुभ अथवा अशुभ कर्मको संसर्ग हुँदैन। फलस्वरूप उसका प्राणहरू अनन्तमा लीन हुन्छन्।

ज्ञानको उत्पत्ति त्यसै एकाएक हुने होइन त्यसका लागि श्रवण, मनन र निदिध्यासनको आवश्यकता हुन्छ। श्रवण, मनन र निदिध्यासन तथा यम, नियम आदिको आचरणबाट चित्त शुद्ध भएपछि त्यसमा सत्य वस्तु प्रकट हुन्छ। अनि जगत् स्वप्न झैं अनुभूत हुन्छ। त्यो पनि द्रष्टाकै स्वरूप हो। यसले दृश्यको सत्ता हराएर जान्छ। अधिकार समाप्त भै मन निवृत्त हुनाले विवेकज्ञानको अभ्यासमा पनि जब योगी लिप्सा(पाउने आशा)ले रहित हुन्छ तब निरन्तर विवेकख्याति(प्रकृति र पुरुषको भिन्नताको ज्ञान) हुन्छ। व्युत्थानसंस्कारको बीज भएको विद्या आदिको नाश हुनाले योगीका प्रत्ययान्तरहरू उत्पन्न हुँदैनन्। त्यस अवस्थामा धर्ममेघ समाधि हुन्छ।[७५]त्यस अवस्थामा आत्मस्वरूपको यथार्थ ज्ञान हुन्छ। जब सम्पूर्ण चित्त द्रवीभूत हुन्छ त्यही अवस्थामा आत्माको उपलब्धि हुन्छ। चित्त पूर्ण रूपमा आत्माको रूपमा नभएसम्म यो सम्भव हुँदैन। धर्ममेघ समाधिको यही फल हो। यसमा सञ्चित कर्मका संस्कारहरू छिन्न हुन्छन्, सञ्चित कर्महरू डढेर जान्छन्। क्लेशकर्मको निवृत्ति हुन्छ। कर्तृत्वको अहंकार सर्वथा नष्ट हुन्छ। अहंकारको अभाव हुँदा संस्कारहरू चित्तमा अंकित हुँदैनन्। क्रियमाण कर्महरू हुन छोड्छन्, प्रारब्ध कर्महरू पनि आफ्नो भोगलाई आफैं नाश गर्छन्।[७६] जसरी घडा नष्ट हुँदा घटाकाश महाकाशमा लीन हुन्छ त्यसरी नै प्रारब्ध कर्म नष्ट भएपछि जीवले कैवल्य पाउँछ।[७७]

जसरी ज्ञानद्वारा दृश्यमा अहंभाव बनाउँदा यौटै चित्तको सबै ठाउँमा उपलब्धि(ज्ञान) हुन्छ, भगवद्भाव हुँदा सबैतिर दृश्य र क्रियामा भगवद्भाव हुँदैन। सबै भगवान् नै हुनुहुन्छ, सबैतिर भगवान्कै लीलाहरू छन्, सबै ठाउँमा उनकै प्रेरणा छ,यस्तो भाव हृदयमा स्थिर भएमा कर्तृत्वको अभिमान नष्ट हुन्छ। भगवान्को दर्शन पनि हृदयको त्यस चरम अवस्थामा हुन्छ जब हृदय द्रवीभूत भएर उनको आकार लिन्छ। अत एव त्यस अवस्थामा पनि सञ्चित कर्मको क्षय हुन्छ। यस प्रकार बोधात्मक वृत्ति र भावात्मक वृत्तिको अन्तिम परिपाक यौटै हुन्छ अर्थात् समान हुन्छ। यी दुईमा अन्तर यो छ कि जब ज्ञानीले सम्पूर्ण व्यापक तत्वमा अहंभावको साक्षात्कार गर्छ, सर्वं खल्विदं ब्रह्म(यो सबै ब्रहम हो), अयमात्मा ब्रह्म(यो आत्मा ब्रह्म हो), अहं ब्रह्मास्मि(म ब्रह्म हुँ) भनेर साक्षात्कार गर्छ अनि त्यसका प्राणहरूको उत्क्रमण हुँदैन, उसको प्राण यहीं लीन हुनजान्छ। भक्तले भगवान्को भावना गर्छ, भावको चरम

अवस्थामा उ आत्मविस्मृत भएपनि उसको व्यक्तित्व रहीरहन्छ, फलस्वरूप उ भगवद्धाममा पुग्छ ।

ज्ञान र भक्ति यी दुइका अतिरिक्त मोक्षका लागि अर्को पनि तेस्रो बाटो छ । त्रिभंगललित, अतसीको पुष्पको समान कान्ति भएका, यमुनाको तीरमा रहेको कदमको रुखमा शोभायमान, वनमाली (श्रीकृष्ण)ले यो सरल मार्ग मन पराउँदैनन् उनलाई टेढोमेढो बाटो मन पर्छ । यो तेस्रो बाटोले महान् दार्शनिकहरूको बुद्धिलाई पनि भ्रमित बनाइदिन्छ । क्रियमाण कर्महरू भइरहेकाछन्, कर्तृत्वको अभिमान पनि छ, सञ्चित कति छन् के कुरा गर्नु । यी सवै रहँदारहँदै जीवले मायाको घेरालाई उफ्रेर पार गर्छ र मुक्त हुन्छ, योभन्दा अचम्म के हुनसक्छ । त्यसका सञ्चित कर्महरूको फल कसले भोग्ला ? प्रारब्ध र क्रियमाण कर्महरूको के अवस्था होला कसले उत्तर देला । सुगाले भनेको रामनामबाट गणिका तरेर गई, अजामिल पनि छोराको नामको रूपमा नारायणलाई बोलाउँदा संसारबाट पार भयो । शास्त्रहरू यस किसिमका उदाहरणहरूले भरिएका छन् । भगवान्को श्रीविग्रह, उनको दिव्य लीला, उनकै परम दिव्य नाम, उनका नित्य धामहरू पनि उनीभन्दा भिन्न छैनन् । मृत्यु हुने वेलामा यी चारमध्ये कुनै यौटाको पनि आश्रय लिंदा जीव मायाको घेराबाट पार पुग्छ । भगवान्को नाम, लीला, धाम आदि मायाका अधीन होइनन् । जीवको अन्तिम कालीन संस्कारहरूका साथमा सञ्चित संस्कारहरूको सामञ्जस्य गराई प्रारब्धको निर्माण हुन्छ । अन्तिम संस्कारहरू मायिक हुँदैनन् । मायाको सम्बन्ध नभएका अमायिक संस्कारहरूद्वारा मायासंग सम्बन्ध राख्ने मायिक संस्कारहरू कसरी आकर्षित हुनसक्छन् र ? अमायिक र मायिकको के सामञ्जस्य हुनु ? अतः त्यस अमायिक संस्कारको त्यस वेलामा प्रारब्ध नै बन्दैन, अनि त्यस अवस्थामा क्रियमाणको बन्ने अवसर नै हुँदैन । सञ्चित कर्महरू त्यत्तिकैबस्छन् । भारी बोक्ने नै नभएपछि भारी कहाँ बसोस्, फलस्वरूप सञ्चित कर्महरू त्यसै पतन भएर जान्छन् । अन्तिम संस्कारहरूले त आकर्षण गर्न सक्छन् । तिनीहरूले अमायिकलाई नै आकर्षण गर्छन् । यस प्रकार जीव आफैं भगवान्को धाममा पुग्दैन, भगवान्का पार्षदहरूले उसलाई धाममा पुऱ्याउँछन् ।

जीवनमा जुन काम गर्दै आइएको छ, जुन विषयमा सोच्ने गरिएकोछ अन्तिम वेलामा त्यसकै संझना हुन्छ । त्यो वेलामा बुद्धिले आफ्नो विचारको

काम गर्नसक्दैन । मनको जुन विषयमा प्रबल आसक्ति छ त्यही विषय त्यस वेला संझिन्छ, त्यही कुरा मनमा आउँछ । अतः सावधान भएर पहिलेदेखि भगवान्‌को स्मरण गर्नुपर्छ । जटिल कर्महरूको जालबाट बच्न यही यौटा सरल बाटोछ । हाम्रा शास्त्रहरूले भाव अनुरूप कर्महरूको मूल्याङ्कन गर्छन् । कर्महरूका साथ जीवको सम्बन्ध कर्तृत्वको अहंकार र आसक्तिको माध्यमबाट हुन्छ । कर्महरू प्रति आसक्ति नभएमा, अहंकार विना काम गरिएमा, कर्तृत्वको अहंकार नभएमा अमायिक भावको परिपाक हुन्छ । यही कर्मबन्धनबाट मुक्तिको मार्ग हो ।

यो मानव शरीर यौटा क्षेत्र हो । यहाँ खेती गर्न पर्नेछ । [७८] चौरासी योनिहरूमध्ये मानव योनि श्रेष्ठ छ । किनकि यहाँ खेती गर्नसकिन्छ । यहाँ शरीर भन्नाले चेष्टा,इन्द्रिय र अन्तःकरणसहितको जीवित शरीर भनेर बुझ्नुपर्छ । जसरी खेतमा पटक पटक खेती गरिन्छ त्यसरी मानव शरीरद्वारा वारंवार कर्महरू गर्नसकिन्छ । मानिसको शरीरभन्दा ठूलो महत्त्वको वस्तु कुनै पनि छैन । यो शरीर पाएर पनि जसले शुभ कर्महरूको संचय गर्दैन, यसलाई भोगहरूमा भुलेर त्यत्तिकै गुमाउँछ त्यो मानिसले वैदूर्य मणिबाट बनेको कसौंडीमा चन्दनको दाउरा बालेर लशुनलाई पकाउने जस्तो काम गर्छ,,आँकको जरा भेट्टाउन सुनको हलो लिएर जमीनलाई खोस्रने काम गर्छ,कपूरका बोटहरू काटेर तिनीहरूद्वारा कोदो रोपेको जमीनमा बार बार्छ ।[७९] चौरासी लाख योनिहरूमा जन्मको कारण कर्म नै हो । भौतिक संसारमा यस्तो कुनै कर्म छैन जसको कुनै कारण नहोस् । जुन कार्यको कारण छैन त्यो कार्य नै हुँदैन, जुन कारणबाट कुनै कार्य हुँदैन त्यो कारण पनि हुँदैन । यस प्रकार भौतिक जगत्‌मा कार्यकारणभावको नियम मान्य छ । यही कार्यकारणभावको नियम जब अध्यात्मको जगत्‌मा आउँछ अनि कर्मसिद्धान्तको कुरो आउँछ । कार्यकारणभावको नियम भौतिक जगत्‌को एक निश्चित नियम हो । कारण यदि पूर्ण छ भने कार्य अवश्य हुनुपर्छ । यदि कुनै अति कोमल बालक शीत कालमा नांगै बाहिर घुम्छ भने त्यो अवश्य नै शीतबाट पीडित हुन्छ । यो बालक कोमल छ भनेर शीतले त्यसमाथि दया गर्दैन ।

दाँत र लड्डुहरूको युद्ध भयो भने अवश्य नै लड्डुले हार खान्छ । टाउकोसंग ढुंगाको संघर्ष भयो भने टाउको नै फुट्ने संभावना हुन्छ । कारण

अनुसार परिणाम अवश्य हुनु नै कार्यकारणभावको स्वरूप हो । कारणले कार्यलाई उत्पन्न गर्छ, त्यही कार्य फेरि कारण बनेर अर्को कार्य उत्पन्न गर्छ । जस्तै बीजले अंकुरित भएर रुख उत्पन्न गर्छ, पछि वृक्षले पनि फल फल्दा बीउ उत्पन्न गर्छ । यही चक्र बीजाङ्कुरन्याय नामले प्रसिद्ध छ । कर्मको सिद्धान्त पनि कार्यकारण भाव कै सिद्धान्त हो । कर्मबन्धनबाट कोही मुक्त छैन । महापुरुषहरू पनि कर्मको बन्धनमा पर्छन् । ८० प्रत्येक कर्मको फल अवश्य भोग्नैपर्छ यस किसिमको अवश्यम्भाविता छ । जुन कर्मको फल अहिले पाइएकोछैन त्यो पनि पछि पाइनेछ भन्ने संझनुपर्छ । कर्महरूको यस चक्रलाई नै भाग्य भनिन्छ । कर्मको बन्धनबाट कोही मुक्त हुँदैन, एक कर्मपछि अर्को कर्म हुने परम्परा चलीरहन्छ । जे हुने हो त्यो भइहाल्छ,त्यसलाई कसैले रोक्न सक्दैन, राम्रो वा नराम्रो होस् जे हुन्छ त्यो कार्यकारणभावकै विस्तार(परिणामस्वरूप) हुन्छ । विगतका कारणहरू यस्ता थिए जसले गर्दा अहिले भइरहेका घटना आएका छन् । यस अवस्थामा कार्यकारणभावका विषयमा विचार गर्नैपर्ने हुन्छ कि यो अहिले भइरहेको अर्थात् क्रियमाण कर्म पहिले गरिएको कर्मको कार्य हो अथवा स्वतन्त्र कर्म हो ।

यहाँ कसैले यो भन्छन् कि कार्य अकस्मात् हुन्छ, कार्यले आफ्नो उत्पत्तिका लागि कुनै कारणको अपेक्षा राख्दैन । आगोलाई तातो र पानीलाई चीसो कसले बनायो । यो सबै स्वाभाविक कुरा हो । काँडा तीक्ष्ण कसरी हुन्छ । अतः सबै कुरा आफैं हुन्छ । काँडा आदिमा कारण विना तीखोपना देखिन्छ, पर्वतका गेरुवा आदि धातुरूप द्रव्यहरूमा चित्रविचित्र रंगहरू र ढुंगाहरूमा चिल्लोपना कुनै निमित्त कारण विना हुन्छ । यसको अनुमान यसरी गर्नसकिन्छ – शरीर आदि संस्थानविशेषहरू (विभिन्न कार्यहरू) निमित्त कारण विना उत्पन्न हुन्छन्, उपादान हुनाले । काँडा आदि उपादानहरू निमित्त कारण विना नै तीक्ष्ण हुन्छन् ।

यस विषयमा प्रश्न यो छ – अकस्मात् हुन्छ भन्नुको अर्थ के हो ? त्यहाँ किं शब्द कारण अर्थ भएको स्वीकार गरियो, कस्मात् भन्नाले कारणबाट भन्ने अर्थ लगाउँदा अकस्मात्‌को अर्थ विनाकारण हुने भयो । अब विना कारण भन्नुका पनि दुई अर्थ हुन्छन् – कारण विना हुन्छ भन्ने यौटा अर्थ, अर्को कारणका अतिरिक्त हुन्छ भन्ने । तीमध्येमा कारण विना हुन्छ भन्दा त्यसले

कारणको निषेध गरेको मान्ने अथवा उत्पत्तिको निषेध गरेको भन्ने ? कारणभन्दा भिन्नबाट हुन्छ भन्ने हो भने कारणदेखि भिन्न कि कार्य हुन्छ कि स्वभाव हुन्छ, तेस्रो कुनै हुँदैन । यस आधारमा अकस्मात् हुन्छ भन्दा पाँच पक्षहरू हुनसक्छन् । तर यी पाँच पक्षहरू कार्यको अवधि नियत भएको देखिनाले उपयुक्त हुँदैनन् । किनकि शरीर, घट आदि कार्यहरू केही निश्चित समयसम्म मात्र रहन्छन्, ती नित्य छैनन् । कार्यहरू निश्चित समयसम्म रहने कुरा तब मात्र सही मान्नसकिन्छ जब तिनीहरूको कुनै कारण होस् ।

त्यहाँ प्रथम र द्वितीय पक्षहरू मान्दा यदि कार्यहरूको कुनै कारण छैन अथवा उत्पत्ति मात्र हुन्छ भन्ने हो भने ती कार्यहरू सधैं रहनुपर्ने हो । यदि कार्यहरूको उत्पत्ति हुँदैन भन्ने हो भने तिनीहरूको नाश पनि नहोला यसरी ती नित्य सिद्ध होलान् । यदि तिनीहरूको उत्पत्तिको कारण छैन भन्ने हो भने पनि नित्य नै होलान् । उत्पत्तिको कारण नभएपछि सधैं रहने सम्भावना हुन्छ । कारणको अभाव हुँदा कार्यको पनि अभाव हुन्छ भन्ने मानिएकोछ । यदि कारणको सत्ता(अस्तित्व) छैन तर पनि कार्य छ भन्ने हो भने त्यसको अभाव हुनेछैन । तेस्रो, चौथो, पाँचौं पक्षहरूमा पनि आफुबाटै उत्पत्ति हुँदा आफु हुँदाहुदै कार्यको अभाव कसरी होला ? स्वभावबाटै उत्पत्ति मान्दा पनि स्वभाव नाश हुननसक्ने हुनाले नै कार्य नित्य होला, अलीकबाट उत्पत्ति भने पनि नित्यत्व हुने स्थिति रहन्छ । जब कि जुन पदार्थको कुनै भाव पदार्थ कारण छ भने कारणको नाश हुँदा कार्यको पनि नाश हुन्छ । आफैं अलीकबाट अथवा स्वभावबाट उत्पत्ति भएमा कसको नाशबाट कार्यको नाश भयो भन्न मिल्ला ? स्वयं त उत्पत्तिमा कारण छ त्यसबाट नाश कसरी होला अलीकको कुरा पनि त्यस्तै हुन्छ । यस प्रकार नाश हुन नसक्ने स्थितिबाट कार्यको कादाचित्कत्व(केही समय मात्र रहने विशेषता) सिद्ध हुँदैन । [८२] त्यसैगरी अकस्मात् भन्ने हेतुद्वारा कारणको उत्पत्ति अथवा अस्तित्वको निषेध हुनसक्दैन । न त आफैं हुन्छ, अलीकबाट हुन्छ अथवा स्वभावबाट हुन्छ भन्नसकिन्छ । जगत्मा कार्यकारणभावलाई मानेर नै व्यवहार चलेकोछ । कार्यकारणभाव नहोस् त पानी चाहने मानिसले पानी ल्याउन घडा किन खोज्थ्यो ? घ्यू खान खोज्नेले दही किन मथ्यो ? आधुनिक विज्ञान पनि कार्यकारणभावलाई मानेर नै चलेकोछ । अन्तरिक्ष विमान विना कोई अन्तरिक्षमा जान सक्छ र ? कार्यकारणभाव छैन भने अन्तरिक्षमा पुऱ्याउन

कारण भएको अन्तरिक्षयान नहुँदा पनि सबै मानिस पुग्नसक्ने थिए । यस्तो त छैन । अतः जगत्मा कार्यकारणभाव छ भनेर मान्नैपर्छ ।

जो कुनै निमित्त विना भावहरूको उत्पत्ति हुन्छ, काँडामा तीक्ष्णता देखिनाले भनियो त्यो पनि ठीक छैन । यदि निमित्त विना भावको उत्पत्ति हुन्छ भन्ने हो भने काँडा हुने रुखमा मात्र काँडा हुने थिएनन्, जुनसुकै रुखमा काँडा हुनसक्थे । मयूरको शावक मात्र छिरबिरे नभएर सुगाको बच्चा पनि छिरबिरे होला पक्षी हुनाले । भावहरूमा नियम देखिन्छ, त्यो नियम हेरेर नै कार्यकारणभाव छ भनेर स्वीकार गर्न बाध्य हुनुपर्छ । अर्को कुरा के छ भने सबैले यो शरीर भौतिक हो भनेर मान्छन् । त्यसमा यो शंका उठ्छ कि यो शरीर पूर्वजन्ममा गरिएका कर्महरूले गर्दा पाइएको हो अथवा भूतहरूबाट मात्र मूर्ति बने झैं शरीर बनेको हो? त्यसमा सिद्धान्त यो छ – यसअघिको शरीरमा जुन शारीरिक, वाचिक, मानस दश किसिमको कर्महरू गरियो तिनबाट बनेको अदृष्ट निमित्त भई त्यसद्वारा प्रयोग भएका भूतहरूद्वारा शरीरको उत्पत्ति हुन्छ, स्वतन्त्र भूतहरूबाट मात्र हुँदैन । किनकि न्यायको मत अनुसार कर्मबाट उत्पन्न हुने धर्म, अधर्मरूपी अदृष्ट आत्माका साथ समवाय सम्बन्धले जोडिएको हुन्छ । त्यही अदृष्टद्वारा प्रेरित भएका भूतहरूद्वारा दोस्रो शरीरको उत्पत्ति हुन्छ, स्वतन्त्र भूतहरूबाट उत्पन्न हुने होइन । जसरी शरीरमा भएको जीवले नानाथरिका पदार्थहरू पाउनका लागि नानाथरिका कामहरू गर्छ र तिनको फल पनि पाउँछ, त्यसैगरी अर्को शरीरमा गरिएका कर्महरूको फल नयाँ शरीरको रूपमा पाइन्छ ।[८३]

यद्यपि कर्म चलनात्मक छ र त्यो अर्कै पदार्थ हो आत्माको गुण होइन तथा पुरुषको व्यापारबाट व्यक्त हुन्छ ।[८४] तथापि कृतिको रूपमा त्यो कर्म पुरुषको गुण पनि हो भनेर स्वीकार नै गर्छन् ।[८५] त्यहाँ यो पूर्वपक्ष हुन्छ – कर्मको अपेक्षा नराख्ने परमाणुहरूबाट जसरी बालुवाको स्तूप आदि मूर्त पदार्थको उत्पत्ति हुन्छ त्यसै गरी कर्मको अपेक्षा नराख्ने भूतहरूबाट शरीरको पनि उत्पत्ति हुन्छ । त्यहाँ कर्महरूको के आवश्यकता हुन्छ ? त्यसको उत्तरमा यो भन्नसकिन्छ – शरीरको उत्पत्ति कर्मको निमित्त विना हुन्छ भन्ने हो भने त्यसमा हेतु भन्नु आवश्यक छ । प्रतिज्ञाले मात्र कुनै तथ्य सिद्ध हुनसक्दैन । जसरी शरीरको उत्पत्ति कर्मको निमित्त विना साध्य छ त्यसरी नै बालुवाको स्तूप आदि उदाहरण पनि कर्मको निमित्त विना साध्य हुनुपर्छ, त्यो सिद्ध त छैन । यो साध्यसम हुनाले हेतु हुन

सक्दैन ।[८६] अर्को कुरा यो छ–बालुवाको स्तूप आदि र शरीरको कुनै सादृश्य(समानता) छैन जसले गर्दा स्तूप आदि दृष्टान्तबाट शरीर कर्मको निमित्त विना उत्पन्न हुने तथ्य सिद्ध होस् । बालुवाको स्तूप आदिको उत्पत्तिमा माता–पिताको रज र वीर्य कारण हुँदैनन् अर्थात् जसरी हाम्रो शरीरको उत्पत्तिमा रज र वीर्य कारण हुन्छन् त्यसरी नै स्तूप आदिको निर्माणमा कारण हुँदैनन् । जस्तै धुवाँको उत्पत्तिमा आगो नै कारण हुन्छ, त्यो आगो पर्वतमा होस् अथवा भान्सामा । त्यस्तै शरीरको उत्पत्तिमा जसरी रज र वीर्य कारण हुन्छन् त्यसरी नै बालुवाको स्तूप आदिको कारण हुँदैनन् ।[८७]यहाँ कसैले शंका गर्ला – रज र वीर्य नै शरीरको उत्पत्तिमा कारण हुन्, कर्महरू होइनन् कि ? त्यसको उत्तर यो छ कि –दम्पतिको संयोगले नै सन्तानको उत्पत्ति हुने भए ठीकै थियो तर त्यस्तो अवस्था छैन । [८८] किनभने कति जना यस्ता छन् जो सन्तान जन्मियोस् भनी चाहन्छन् तर तिनका सन्तान जन्मदैनन् । [८९] यस प्रकार कार्यकारणभाव छ र जन्म आदि कर्मसापेक्ष हुन्छन् ।

यदि पूर्वजन्मका कर्महरू यस जन्मका कारण होइनन् भने जीवनको प्रारम्भदेखि नै विषमता किन हुन्छ ? एकसाथ जन्मेका जुम्ल्याहरू कसरी भिन्न रूप र प्रकृतिका हुन्छन् ? जीवनको प्रारम्भमा त तिनीहरूले कुनै पनि विषमता हुने कारणरूप काम गरेका हुँदैनन् । ती दुइमध्ये यौटा पढ्नमा बुद्धिमान् हुन्छ अर्को मन्दबुद्धि हुन्छ जबकि दुवैलाई आफ्नै पिताले पढाइराखेका हुन्छन् । ती दुइका शिक्षक पनि यौटै छन् । दुइ जुम्ल्याहरूको समानतामा कारणको रूपमा कसैले वंशपरम्परा र परिस्थितिलाई दोष दिन्छन् । जुम्ल्याहरूको त वंशपरम्परा र परिस्थिति पनि समानै हुन्छ ।

वंशपरम्परा र परिस्थतिलाई दोष दिने व्यक्तिहरूको यो आशय देखिन्छ कि त्यहाँ कर्ताको दोष छैन, विषमताको कारण वंशपरम्परा अथवा परिस्थिति हुन्छ र त्यसको फल कर्ताले भोग्छ । यो विषम उपन्यास भयो । कर्म यौटाले गर्छ फल अर्काले भोग्छ । कर्ताले त्यस्तो कुन कर्म गरेकोछ जसले गर्दा त्यस्तो वातावरण र परिस्थितिमा कर्ताले जन्म लियो ? आधुनिक विज्ञानसंग पनि यसको उत्तर छैन । सबै आकस्मिक रूपमा हुन्छ भनेर विज्ञानले पनि मान्दैन । सबै कुरा अकस्मात् हुने भए विज्ञानको के आवश्यकता रहन्छ र ?

आधुनिक युगका केही सम्प्रदायहरू जस्तै यहूदीहरू, मुस्लिमहरू र क्रिश्चियनहरू कर्मसिद्धान्तलाई अर्धजरतीय न्याय अनुसार मान्दछन् । उनीहरूको यो आशय छ – यस जन्ममा मानिस परमात्माबाट उत्पन्न भएको हो । आफ्ना कर्महरूले गर्दा उत्पन्न भएको हो अथवा आफैं अर्थात् अकस्मात् नै उत्पन्न भएको हो भनेर सोधेमा तिनीहरूको कुनै उत्तर आउँदैन । तर यस जन्ममा राम्रो आचरण गरेमा मानिस स्वर्गमा जान्छ, पाप कर्म गरेमा नरकमा जान्छ भनेर तिनीहरूले पनि मान्छन् । यो जीवन आकस्मिक भएपनि त्यो परमात्माबाट उत्पन्न अथवा आफैं उत्पन्न हो भन्ने पनि मान्छन् । तर आधुनिक वैज्ञानिक अथवा नास्तिकहरू जस्तै तिनीहरूले मरण पनि निरन्वय(विना कारण?) मान्छन् । तिनीहरूले यस जन्मका कर्मको फल स्वर्ग वा नरकमा पाइन्छ भन्ने पनि मान्छन् । तिनीहरूको मत अनुसार स्वर्ग र नरक अनन्त हुन्छन् । जीवनका सान्त(सीमित) केही कर्महरूको अनन्त फल कसरी हुन्छ यसको प्रतिपादन गर्दैनन् । मरेपछि प्रलयसम्म चितिमा स्थिति, प्रलयपछि परमात्मा समक्ष उपस्थित गराइने, त्यसपछि कर्म अनुसार अनन्त कालसम्म स्थिति हुन्छ भनेर कसरी मान्न सकिन्छ । अर्को कुरा यो छ कि मानिसले यस जन्ममा कैयन राम्रा कामहरू गरेको हुन्छ कैयन नराम्रा कामहरू गरेको हुन्छ । यदि कैयन राम्रा कामहरू अधिक मात्रामा गरेकोछ त्यसको अनन्त स्वर्गरूपी फल पाउने हो भने उसका नराम्रा कामहरूको के हुन्छ ? यदि कैयन नराम्रा कामहरू अधिक मात्रामा गरेको छ भने उसका कम संख्याका राम्रा कामहरूको के अवस्था हुन्छ ? यस प्रकार यी सम्प्रदायहरू कार्यकारणभावको नियमका विपरीत छन् । यदि कर्मको सिद्धान्त कार्यकारणभावको सिद्धान्तमा आधारित छ भने पूर्वजन्म पनि मान्नुपर्छ, पुनर्जन्म पनि मान्नुपर्छ । यदि कार्यकारणभाव सत्य हो भने कर्मसिद्धान्त पनि सत्य नै हो । कर्मसिद्धान्तको सार यो हो – कर्मको फल अवश्य पाइन्छ । मानिसको कठिन समस्या यो छ कि उसले जुन कर्म गर्छ त्यसको कटु फल भोग्न चाहँदैन । यदि कटु फल भोग्न मन छैन भने त्यो फल र फल्ने रुखलाई नष्ट गर्ने प्रयत्न गर्नुपर्छ । उसले त्यो पनि गर्दैन । खालि भोग्न मात्र खोज्दैन यही ठूलो आश्चर्यको कुरो छ । यही भएर अनेक बहाना गरेर कर्मको अपलाप गर्छ । वैज्ञानिकहरू आत्मालाई नमानेर अपलाप गर्छन् भने अरू केहीले मन्दिर, मस्जिद, चर्च आदिमा गएर अपलाप गर्छन् । दान, उपवास

आदिबाट पनि दुष्कर्मको नाश गर्ने प्रयत्न हुन्छ । तर कर्मको नाश कसरी हुन्छ भनेर तिनीहरूले राम्रोसित विचार गरेका हुँदैनन् ।

आत्मालाई प्रायः दर्शनकारहरूले स्वतन्त्र रूपमा कर्ता मानेकाछन्, कर्मलाई होइन । यद्यपि सांख्यले आत्मालाई कर्ता मान्दैन, कर्त्री प्रकृति हो भनेर मान्छ तै पनि त्यहाँ पुरुषलाई नै भोक्ता मानेकोछ । शैव दर्शनमा तीन पदार्थहरू मानिएकाछन् – पति, पशु र पाश । पति शब्दले पशुपति, हर(शिव) जनाउँछ, नामको एक अंशले नामलाई बुझाउँछ (नामैकदेशे नामग्रहणात्) भने अनुसार, सत्यभामालाई सत्या भने जस्तै । उनको स्वरूपलक्षण चाहिँ निर्मल, निरतिशय स्वप्रकाश ज्ञानानन्दात्मक, विभु, नित्य, स्वतन्त्र, शिव हो । पाँच किसिमको कृत्य गर्नु उनको तटस्थ लक्षण हो । पाँच किसिमको कृत्य गर्नाले पतिको कर्तृत्व स्वतः सिद्ध हुन्छ । त्यसको अनुमान गर्ने प्रकार यो छ–स्त्री, पुरुष, नपुंसक आदि भावले नाना किसिमको जगत्को कोई कर्ता छ, जगत् कार्य हुनाले, जसरी घडा कार्य हुनाले त्यसको कर्ता कुमाले भएको अनुमान गरिन्छ । [१०]पशु पनि शरीर र इन्द्रियदेखि भिन्न, नित्य, अनेक, विभु, चैतन्यरूप, अनादि मलले ढाकिएको स्वतन्त्र कर्ता हो । [११]कर्मसिद्धान्त स्वीकार गर्दा कर्मको अधीन हुनाले आत्मा परतन्त्र हुनजान्छ । यसैले भर्तृहरिले भनेकाछन्–जसले ब्रह्मालाई कुमाले जस्तै ब्रह्माण्डरूपी भाँडो बनाउन खटाएकोछ, विष्णुलाई दश अवताररूपी गहन र महान् संकटमा पारेकोछ, शिवलाई खप्पर हातमा लिएर भिक्षा माग्ने बनाएकोछ, सूर्यलाई आकाशमा डुलाएकोछ त्यस्तो कर्मलाई नमस्कार छ । त्यो कर्म सञ्चित, प्रारब्ध र क्रियमाण गरी तीन किसिमको हुन्छ भनी यसअघि भनियो । सञ्चित कर्म भनेको अनादि कालदेखि गर्दैआएको र यस जन्मा पनि गरिएको कर्म हो । सञ्चित कर्मबाट यस जन्ममा भोग गर्न छुटयाइएको कर्महरूको समूह हो । वर्तमान जन्ममा जुन कर्म गरिन्छ त्यो क्रियमाण हो । क्रियमाण कर्म नै एक क्षणपछि सञ्चित हुनजान्छ । त्यसमा क्रियमाण कर्म स्वतन्त्र रूपमा गर्न सकिन्छ वा सकिन्न भन्ने विचार उत्पन्न हुन्छ–यो क्रियमाण कर्म नयाँ र स्वतन्त्र कर्म हो अथवा कुनै पहिले गरिएको कर्मको फलको रूपमा भएको कार्य हो । अथवा यो पनि भन्न सकिन्छ कि–के क्रियमाण नयाँ कारणको रूपमा हुने कर्म हो जसले कार्यको उत्पादन गर्नेछ ? अथवा यो प्राचीन कर्मको परिणामको रूपमा आएको नौलो कार्य हो ?

यस प्रश्नको उत्तर दुई किसिमबाट दिनसकिन्छ । पहिलो प्रकार यो छ कि क्रियमाण कर्म स्वतन्त्र अथवा अकस्मात् (कुनै कारण विना) भएको होइन । यो अनादिकालबाट चल्दैआएको कार्यकारणभावको शृंखलाको यौटा अंश हो । यो क्रियमाण कर्म हेर्दा स्वतन्त्र जस्तो देखिए पनि वास्तवमा पहिले गरेको कर्मको फल नै हो । कर्मसिद्धान्त कार्यकारणभावमा निर्भर छ भनेपछि यसबाहेक अर्को कुनै अर्थ लाग्दैन । यसबाट भाग्यवाद आउँछ ।[९२]

दोस्रो प्रकार यो छ–क्रियमाण स्वतन्त्र कर्म हो । हामी जस्तो चाहन्छौं त्यस्तो गर्नसक्छौं । हामी कुनै बन्धनले बाँधिएका छैनौं । यो पुरुषार्थवादीहरूको सिद्धान्त हो तर यो सिद्धान्त मान्दा कार्यकारणभावको नियममा बाधा हुन्छ ।[९३]

यी बाहेक यस प्रश्नको तेस्रो उत्तर पनि दिनसकिन्छ । कार्यकारणभावको र स्वतन्त्रकर्मको सिद्धान्तको एकतिर विरोध छ भने अर्कोतिर सामञ्जस्य पनि हुन्छ। कायकारणभावको नियम भौतिक जगत्मा चल्छ। भौतिक जगत् परतन्त्र, पराधीन हुन्छ । यो पर भनेको के हो ?कसैले त्यो परमात्मा हो भन्छ, कसैले प्रकृति हो भन्छ, कसैले स्वभाव हो भन्छ, कसैले नियम हो भन्छ। नाम जुनसुकै होस्,संसारमा कुनै यौटा यस्तो पदार्थ छ जसको अधीन यो सारा संसार छ।[९४] वर्तमान विज्ञान पनि त्यो सबैको मालिकलाई आत्माको (Soul) रूपमा होइन चेतनाको (Consciousness) रूपमा मान्छ। मानिस सबैतिरबाट बाँधिएकोछ तर स्वतन्त्र पनि हुनसक्छ । बन्धनहरू स्वाभाविक होइनन्, स्वतन्त्रता नै स्वाभाविक हो। मानव (जीव) तशुद्ध, बुद्ध, मुक्त र स्वतन्त्र स्वभावको हुन्छ।[९५] रोगीलाई हेर्दा रोग कसरी भयो भनेर सोध्न मिल्छ तर स्वस्थ मानिसलाई तिमी कसरी स्वस्थ देखिन्छौ भनेर सोधिन्न। सबैले मोक्ष नै चाहन्छन्, बन्धन कसैलाई मन पर्दैन । मानव योनिमा जन्म आत्मालाई बन्धनबाट मुक्त गराउनाका लागि नै हो । स्वतन्त्रता आत्माको स्वभाव हो परतन्त्रता औपाधिक हो । मानिस मात्र होइन कि पशु–पक्षीहरू पनि बन्धनबाट मुक्त हुन चाहन्छन् । आगो, पानी आदि जड पदार्थहरूमा कार्यकारणभावको नियमलाई तोड्ने शक्ति हुँदैन । चेतन पुरुष त बन्धनलाई तोडेर स्वतन्त्र हुने प्रयत्न गर्छ । जुन वेलादेखि जीवहरू सृष्टिमा आए त्यति वेलादेखि नै स्वतन्त्रताका लागि प्रयत्न गरिरहेका छन्। जीव कर्मको बन्धनबाट मुक्त हुनका लागि नै कर्मद्वारा बद्ध भएकोछ । [९६] कार्यकारणभाव तथा स्वतन्त्र कर्ममध्ये कार्यकारणभाव जड

प्रकृतिको नियम हो । जड प्रकृति कार्यकारणभावको नियमले बाँधिएकोछ । यदि पुरुष स्वतन्त्र नहुँदो हो, पञ्चमहाभूतहरूबाट उत्पन्न हुँदो हो भने त्यो पनि परतन्त्र हुने थियो, कार्यकारणभावको नियमको अधीन हुनेथियो । जबसम्म पुरुषले आफुलाई प्रकृतिभन्दा भिन्न भनेर बुझ्दैन तबसम्म उ कार्यकारणभावको नियममा बाँधिन्छ । [१७]जबसम्म पुरुष प्रकृतिसंग सम्बद्ध हुन्छ तबसम्म उ बद्ध हुन्छ अर्थात् कार्यकारणभावको नियम अनुरूप बद्ध हुन्छ । जब उसले आफ्नो स्वरूपलाई चिन्छ अनि उ बन्धनबाट मुक्त हुन्छ । कर्मको सिद्धान्त यो अर्को पनि छ कि यद्यपि पुरुष पहिले गरेका कर्महरू अनुसार नै उत्पन्न हुन्छ र त्यस कर्म अनुरूप नै फल भोग्छ तैपनि जसरी कोइ मानिस कुनै कामको अधिकार पाएकोछ भने जबसम्म अधिकृतको आसनमा बस्छ तबसम्म त्यही पद अनुरूप काम गर्छ । तर जब त्यो आसनबाट उठेर आफ्नो घरमा आउँछ त्यस वेलामा उसले स्वतन्त्र भएर काम गर्छ ।

पूर्वजन्मको कर्म अनुसारको फल त्यसको भोग हुने वेलामा भोग्ने कुरा छ, तर काम गर्ने वेलामा आफ्नो विवेक प्रयोग गर्ने विषयमा मानिस स्वतन्त्र नै हुन्छ । यस किसिमको स्वतन्त्रता पनि कर्मसिद्धान्तमा छ । कर्म अर्को प्रकारबाट दुई किसिमको भन्नसकिन्छ–वैयक्तिक र सामाजिक । केवल व्यक्तिसंग सम्बन्धितं कर्म वैयक्तिक हो । जब भोक लाग्दा हामी केही खान्छौ अथवा तिर्खा लाग्दा हामी पानी पिउँछौ र अघाउँछौ, अनि हामीलाई काम गर्ने शक्ति आउँछ ।

पूर्वजन्मको कर्म अनुसारको फल त्यसको भोग हुने वेलामा भोग्ने कुरा छ, तर काम गर्ने वेलामा आफ्नो विवेक प्रयोग गर्ने विषयमा मानिस स्वतन्त्र नै हुन्छ । यस किसिमको स्वतन्त्रता पनि कर्मसिद्धान्तमा छ । कर्म अर्को प्रकारबाट दुई किसिमको भन्नसकिन्छ–वैयक्तिक र सामाजिक । केवल व्यक्तिसंग सम्बन्धित कर्म वैयक्तिक हो । जब भोक लाग्दा हामी केही खान्छौ अथवा तिर्खा लाग्दा हामी पानी पिउँछौ र अघाउँछौ, अनि हामीलाई काम गर्ने शक्ति आउँछ । खाएको कुरा पचेपछि फेरि भोक लाग्छ । यो अवश्य हुन्छ । यसको एक चक्र छ । ई कर्महरूले कुनै समस्या उत्पन्न गर्दैनन् । जब हामी समाजसंग सम्बन्धित कुनै कामहरू गर्छौं–जस्तै कसैले अर्काको कुनै वस्तु उसको आज्ञा विना लिन्छ, समातेर बाँधिएको कुनै दोषी मानिसले रक्षकहरूलाई

पिट्छ, डाका गर्छ अथवा दुराचार गर्छ त्यस्तै अरू कामहरू पनि गर्छ जस्तै धारा राख्ने, अस्पतालको स्थापना गर्छ, यस्ता कर्महरूको सम्वन्ध कर्तासंग मात्र हुँदैन समाजसंग पनि हुन्छ ।

सामाजिक कर्महरूमा कर्मसिद्धान्तको जटिलता वढी हुन्छ। हामी अर्कोसंग रिसाउँछौं र त्यसलाई पिटिहाल्छौं । भोकाएको मानिसले चोर्न पनि सक्छ । [९८] जब कसैले चोर्छ अथवा कसैलाई पिट्छ भने त्यस अवस्थामा पिटाई खाने अथवा वस्तु चोरिएको मानिसले पिट्ने लाई बदलामा पिटेन अथवा अभियोग लगाएर मुद्दा गरेन भने कर्मको चक्र रोकिन्छ। क्रोध उत्पन्न हुन्छ र त्यसलाई रोक्न पनि सकिन्छ । भोक लाग्यो भने त्यसलाई केही कमाएर अथवा सेवा गरेर शान्त पार्न सकिन्छ। यी काम र क्रोध रजोगुणबाट उत्पन्न हुन्। अभ्यास रवैराग्यद्वारा यी दुर्भावहरूलाई रोक्नसकिन्छ। मैत्री, करुणा, मुदिता र उपेक्षाको अभ्यास गर्नुपर्छ । सुखीहरू प्रति मित्रता, दुःखीहरू प्रति करुणा, पुण्यशील अर्थात् धार्मिकहरू प्रति मुदिता र पापीहरू प्रति उपेक्षाको भावना गर्नुपर्छ । यसरी गर्दैजाँदा उसको शुक्ल धर्म हुनजान्छ। तव उ स्वतन्त्र हुन्छ र उसलाई कर्मका बन्धनहरूले रोक्नसक्दैनन्। काम आदिका वेगहरू आफ्ना वशमा भए भने कर्मको चक्र रोकिन्छ। मानिस नै काम आदिको वशमा भयो भने त कर्मको चक्र चलि नै रहन्छ । यसरी मानिस कर्म गर्न स्वतन्त्र छ अलिकति पराधीन पनि हुन्छ। देशको भेद अथवा कालको भेदले स्वतन्त्रता अथवा परतन्त्रता हुने विषयमा कुनै विरोध हुँदैन । पूर्ण स्वतन्त्रता ईश्वरको मात्र हुन्छ जीवको हुँदैन, जीव कर्मको अधीन हुन्छ।

शैवदर्शन अनुसार कर्म पाँच किसिमका पाशहरूमध्ये एक हो । पाश अन्तर्गत आणव, तिरोधायकशक्ति, विन्दु, माया र कर्म पर्छन्। यी पाँच पाशहरू मध्येमा चार चाँहि शैवदर्शनमा जड पदार्थ मानिन्छन्। तिरोधायकशक्ति चाहिँ चिद्रूप भए पनि पाशप्रति अनुग्रह गर्ने हुनाले पाश भनेर व्यवहार गरिन्छ । [९९] त्यस्तै पाशको भेद अन्तर्गतको कर्म पनि शिवानन्दको अभिव्यक्तिको विरोधी हुन्छ । शैवहरूले कर्मको अस्तित्व अनुमानद्वारा सिद्ध गर्छन् । अनुमान यस प्रकार छ–प्राणीको सुख र दुःखको भोग कुनै वस्तुको अधीन छ, अस्वाभाविक हुनाले, पाकजरूपत्व जस्तै । इष्टापूर्त आदि कर्महरू फलको उत्पत्ति हुनुभन्दा पहिलेको क्षणमा रहने व्यापारहरू(कर्महरू) हुन्, फलको उत्पत्ति हुनुभन्दा पहिले

नष्ट भैकन तिनको(कर्मफल) जनक(कारण) हुनाले, कृषि र चिकित्सा जस्तै।[१००] शैव दर्शन अनुसार पनि कर्म तीन प्रकारको हुन्छ–मानस, कायिक र वाचिक। मनद्वारा गरिने कर्म मानस हो–त्यो इष्टदेवताको ध्यान वा परस्त्रीको हरणको इच्छाको रूपमा हुनसक्छ। वाचिक कर्म बोलीबाट हुन्छ, मन्त्रको जप होस् वा अरूको निन्दाको रूपमा। कायिक कर्म देवताको पूजा अथवा गम्यागमनको रूपमा हुनसक्छ।

त्यस्तै कारण तीन अनुसार कर्मकोफल सुख,दुःख आदि पनि आध्यात्मिक, आधिदैविक र आधिभौतिक भेदले तीन प्रकारको हुन्छ। तिनमध्ये चित्त प्रसन्न हुनु, उद्वेग हुनु आदि आध्यात्मिक फलहरू हुन्। चन्दन आदिको लेप गर्नु, खड्ग आदिबाट आघात हुनु आदिबाट हुने सुख वा दुःख आधिभौतिक फल हो। मनपर्ने वा नपर्ने वर्षा,घामआदिबाट हुने सुविधा, असुविधाको अनुभव आधिदैविक फल हो। शैवहरूले चाहिं लौकिक, वैदिक, आध्यात्मिक, आधिमार्गिक र मान्त्र भेदले कर्म पाँच किसिमको भनेकाछन्। तिनमा लोकमा प्रतिष्ठित अथवा निन्दित इनार,कुवा आदिको निर्माण अथवा अभक्ष्य कुरा खानु आदि लौकिक कर्म हुन्। यो कर्म निवृत्तिकलाले व्याप्त अध्वावधि भोगको र त्यसको कारण शरीर आदिको जनक(उत्पत्तिको कारण) हुन्छ। जुन प्रतिष्ठाकलामा व्याप्त भएको अध्वावधिभोगको जनक हुन्छ र ज्योतिष्टोम आदि यज्ञहरूको अनुष्ठानबाट हुन्छ त्यो वैदिक हो। आध्यात्मिक कर्म विद्या कलाले व्याप्त अध्वावधि भोगको जनक हुन्छ र वैराग्य आदिबाट उत्पन्न हुन्छ। आधिमार्गिक कर्म शान्तिकलाले व्याप्त अध्वावधिभोगको जनक र योग आदिबाट सम्भव हुन्छ। मान्त्र कर्म शान्तिबाट अतीत कलाले व्याप्त अध्वावधिभोगको जनक र विज्ञानजन्य हुन्छ। यो सबै पाँच किसिमको कर्म सुख,दुःख आदिको कारण हुन्छ र इनलाई शैवहरूले पाशको रूपमा मान्छन्।[१०१]

यी कर्महरूकै आधारमा माया सिद्ध हुन्छ। कर्म नभएमा माया पनि हुनेथिएन। मायाबाट नै एकतीस तत्वहरू साक्षात् अथवा परम्परा अनुसार उत्पन्न हुन्छन्। मायाका कला, राग, काल, नियति र विद्या यी पाँच कञ्चुकहरू हुन्छन्। तिनमा भोगको इयत्तापरिच्छेदात्मक(यति समयसम्म भनेर) गणनाको कारण बन्ने काल,जुन लव,त्रुटिको अनुभवको विशेष्य हुन्छ, त्यो मायाको पहिलो विकार हो। कसैले मायाको पहिलो विकार कलालाई मान्छन्। कलाको

कञ्चुकले आवृत(ढाकिएको) शिव(जीवरूप भै) सर्वकर्ता भए पनि किञ्चित् कर्ता हुन्छ, घट,पट आदिको परिमित कर्ता हुन्छ। उही विद्याको कञ्चुकले आवृत हुँदा सर्वज्ञ भएर पनि किञ्चिज्ज्ञ(केही मात्र जान्ने) हुनजान्छ। रागकञ्चुकले ढाकिंदा पूर्णकाम(कामना पूरा भएको) भएर पनि कामी हुन्छ, रागले युक्त हुन्छ। काल कञ्चुकले गर्दा सधैं विद्यमान भएपनि म अहिले विद्यमान छु भनेर कालद्वारा सीमित हुन्छ। नियति कञ्चुकले गर्दा स्वतन्त्र हुँदाहुँदै कर्मको अधीन हुन्छ। यस प्रकार शैव दर्शन अनुसार जीव कर्मको अधीन, कर्ता र भोक्ता दुवै हुन्छ। यो काल तीन किसिमको हुन्छ–सृष्टिकाल, स्थितिकाल र संहारकाल।[१०२]

धर्मकर्मको स्वरूप

उक्त तीनै कालहरूमा सनातन धर्म रहन्छ भनेर पहिले भनियो र त्यो स्थिति नेपालमा छ। पवित्रतम यो देश नेपाल अरू देशहरूलाई जितेर रहेकोछ भन्ने मेरो मात्र भनाइ होइन अरू देशका निवासीहरूले पनि यही भन्छन्। त्यस्तो कसरी भयो त ? अरू देशहरूमा हिन्दु धर्मलाई राजधर्मको मान्यता दिइएको छैन। संसारभरिमा हिन्दु राष्ट्र मानिएको यौटा देश नेपाल मात्र छ। अरू देशहरूमा दोस्रो तेस्रो पुरुषार्थ अर्थ र कामको प्रधानता छ हाम्रो देशमा धर्म प्रधान छ। हाम्रो देशमा धर्मराज्य छ, त्यसै भएर विश्वका मानिसहरू धर्म भनेको के हो ? सनातन धर्म कस्तो छ ? हिन्दुत्व भनेको के हो ? भनेर बुझ्न हाम्रै मुखतिर हेर्छन्। हाम्रो देश नेपाल सृष्टिकालदेखि नै धर्मपालनमा उत्तम रहिआएकोछ कसरी भयो त ? अरू देशहरूमा हिन्दु धर्मलाई राजधर्मको मान्यता दिइएकोछैन। संसारभरिमा हिन्दु राष्ट्र मानिएको यौटा देश नेपाल मात्र छ। अरू देशहरूमा दोस्रो तेस्रो पुरुषार्थ अर्थ र कामको प्रधानता छ हाम्रो देशमा धर्म प्रधान छ। हाम्रो देशमा धर्मराज्य छ, त्यसै भएर विश्वका मानिसहरू धर्म भनेको के हो ? सनातन धर्म कस्तो छ ? हिन्दुत्व भनेको के हो ? भनेर बुझ्न हाम्रै मुखतिर हेर्छन्। हाम्रो देश नेपाल सृष्टिकालदेखि नै धर्मपालनमा उत्तम रहिआएकोछ,यही नेपाल सबै देशहरूभन्दा उत्कृष्ट हुनमा कारण छ। धर्मको बाटो छोडेर स्वेच्छाचारी भएर हिंडने मानिसहरूभन्दा त पशुहरू नै श्रेष्ठ हुन्छन् किनकि तिनीहरूले आफ्नो धर्मलाई छोड्दैनन्। अतः त्यस्ता मानिसहरूको तुलना पशुसंग गर्न पनि सुहाउँदैन।[१०३] यद्यपि भौतिक दृष्टिले हेर्दा अरू देशहरू

नेपालभन्दा उत्कृष्ट देखिन्छन् तर आध्यात्मिक, आधिदैविक शक्तिको दृष्टिबाट नेपाल अहिले पनि अरू राष्ट्रहरूलाई शिक्षा दिन समर्थ छ। [१०४]अत: यहाँ धर्मको प्रचार अत्यन्त आवश्यक छ।

शास्त्रकारहरूले धर्मको स्वरूप भन्दा वेदद्वारा प्रतिपादित श्रेयको साधन भन्दै यज्ञ, दान, होम, द्रव्य, गुणलाई मात्र धर्म स्वीकार गरेका छैनन् किन्तु अयन्तु परमो धर्मो यद्योगेनात्मदर्शनम् (योगद्वारा आत्माको दर्शन गर्नु नै परम धर्म हो) भन्ने याज्ञवल्क्यको भनाइ अनुसार आत्मज्ञानलाई पनि धर्म मानेकाछन्। त्यहाँ शास्त्रकारहरूको यो आशय भान हुन्छ कि वेद तीन काण्डहरूमा विभाजित छ–कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड। यी तीन काण्डहरूमा परस्पर भेद भएपनि परस्परमा सम्बन्ध पनि रहेको छ।

त्यहाँ कर्महरू श्रौत, गार्ह्य र स्मार्त भेदले तीन किसिमका हुन्छन् भनी पहिले भनियो। यसबाट त्यहाँ कर्म, ज्ञान र भक्तिलाई धर्म शब्द प्रयोग भएको पाइन्छ र शास्त्रकारको त्यस किसिमको व्यवहार पनि देखिन्छ। तिनमा श्रौतकर्महरू आधानसिद्ध गार्हपत्य, आहवनीय, दक्षिणाग्नि र त्रेताग्निद्वारा साध्य हुन्छन्। अग्निहोत्र, दर्शपूर्णमास, ज्योतिष्टोम आदि श्रौत कर्म अथवा धर्महरू हुन्। त्यहाँ वेद अनुसार धर्मको स्वरूप चाहिं त्रेताग्निद्वारा साध्य भैकन श्रुतिद्वारा बोध गराइएको र लौकिक फलको जनक कर्मविशेष भन्ने हुन्छ। औपासनाग्निद्वारा साध्य हुने उपनयन, विवाह आदि कर्महरू गार्ह्य कर्म हुन्। कुशकण्डिका आदि संस्कारद्वारा संस्कृत लौकिक अग्निद्वारा साध्य कर्महरू स्मार्त अथवा पौराणिक हुन्। रुद्रयाग, विष्णुयाग, चण्डीयाग आदि पनि यस्तै खालका कर्महरू हुन्। लोकमा इनीहरूलाई सामयिक आचार कर्म भन्न सकिन्छ। पौरुषेयी व्यवस्थाका विषयमा पहिले नै भनिएको छ।

जब ज्ञानचक्षु महर्षिहरूले पछि आउने समयमा श्रौत र स्मार्त कर्महरूको अनुष्ठानमा लोकको श्रद्धामा न्यूनता आउने देख्नुभयो अनि पुराणहरूमा भनिएका कर्महरूको अनुष्ठानद्वारा लोकले आफ्ना अभिलाषाहरू पूरा गरोस् भन्ने विचारले पौराणिक र स्मार्त कर्महरूको प्रवर्तन गराउनुभयो। जसले जुन देवतालाई आराध्य रूपमा अथवा आफुले चाहेको फल दिने भनेर निश्चय गरेकोछ उसले उनै उनै देवतालाई कर्महरूद्वारा सन्तुष्ट बनाई चाहेको फलको भोग गरोस्

भन्ने पुराणहरूका प्रवर्तक ऋषिहरूको आशय बुझिन्छ। जस्तोकि कसैले रुद्र, कसैले विष्णु र कसैले देवीको आराधना गर्छन्। वास्तवमा त जुनसुकै रूपमा उनै परमेश्वरको पूजा हुन्छ, प्रत्येक मानिसको छुट्टाछुट्टै रहेको विचित्र रुचि अनुसार फल दिन एउटै देव(परमेश्वर) अनेक रूपमा रहनुभएको छ। १०५

यसमा यो शंका हुन्छ कि स्मार्त कर्म अथवा धर्महरू वेदद्वारा विहित हुन् अथवा होइनन् ? यदि वेदविहित होइनन् भने यी कसरी पौरुषेय हुन्छन् ? किनकि पौरुषेयी व्यवस्था कै समय छ। सामयिक आचारहरू स्मार्त धर्म हुन्। यदि ती वेदद्वारा विहित होइनन् भने ती कसरी कर्तव्य हुनसक्छन् जबकि धर्मको लक्षण नै चोदनालक्षणोऽर्थो धर्मः(वेदद्वारा प्रतिपादित कर्म नै धर्म हो) छ। यसको उत्तर यस प्रकार दिनसकिन्छ–धेरै किसिमका स्मार्त कर्महरूका सम्बन्धमा श्रौत, गार्हर्य कर्मको जस्तो प्रत्यक्ष श्रुति (प्रत्यक्षविधि) वेदहरूमा छैन तर ती कर्महरूको प्रत्यक्ष विधिको बल अनुसार नै अनुष्ठान हुनुपर्ने नियम छैन।

धेरै थरीका श्रौत कर्महरूमा प्रत्यक्ष विधि नभए पनि कल्पित विधिको बलबाट अनुष्ठान स्वीकार गरिएको हुन्छ। जस्तो कि दर्शपूर्णमास यागमा आग्नेय याग हुन्छ। जस्तो कि 'दर्शपूर्णमासाभ्यां यजेत' (दर्श र पूर्णमास यज्ञद्वारा इष्टको आराधना गर) भन्ने श्रुति छ तर 'आग्नेयेन यजेत' (आग्नेयद्वारा आराधना गर) भन्ने श्रुति छैन तर दर्शपूर्णमास याग अन्तर्गत आग्नेय याग गरिन्छ। यो याग कल्पित हुन्छ। त्यसको उत्पत्तिवाक्य भनेको "यदाग्नेयोऽष्टाकपालोऽमावस्यायां पौर्णमास्याञ्चाच्युतो भवति" (आग्नेय अष्टाकपाल अमावस्या र पूर्णिमामा अच्युत हुन्छ) भन्ने श्रुति छ। यहाँ यागबोधक शब्द छैन, विधायक शब्द पनि छैन तैपनि याग गरिन्छ। श्रौतयागहरूमा यस्ता अनेकौं उदाहरणहरू भेटिन्छन्–"अग्निहोत्रं जुहोति, सूक्तवाकेन प्रस्तरं प्रहरति, अक्ताः शर्करा उपदधाति"(अग्निहोत्र होम गर्छ, सूक्तवाकद्वारा प्रस्तरमा प्रहार गर्छ, अक्त शर्करा राख्छ) आदि। यी वाक्यहरूमा वर्तमान कालको बोधक लट्लकार छ, विधिबोधक लिङ् लकार छैन तै पनि विधिको कल्पना गरेर विधायक स्वीकार गरिन्छ।

कुनै प्रसंगमा अर्थवादवाक्यबाट पनि विधिको कल्पना गरिन्छ। जस्तै– "औदुम्बरो यूपो भवति, ऊर्ग्वा उदुम्बरः, उर्क् पशवः, ऊर्जैवास्या, ऊर्जं पशूनाप्नोति, उर्जोऽवरुध्ये" (उदुम्बरको यूप हुन्छ, ऊर्क् उदुम्बर(डुम्री) हो, ऊर्क्

पशुहरू हुन्, ऊर्क् नै आस्या हो, उर्क्बाट पशुहरू पाउँछ, त्यसैमा अडिन्छ) भन्ने स्तुतिरूप अर्थवादवाक्यको पनि उदुम्बरप्रति विधायकत्व हुन्छ । यसै गरी स्मृतिहरूमा भनिएका स्मृत्याचारहरूको पनि स्मृतिहरू श्रुतिमूलक हुनाले श्रुतिको परिकल्पनाका आधारमा तिनीहरूको प्रामाण्य र विधायकत्व स्वीकार गरिन्छ। शिष्टाचारका विषयमा पनि त्यस्तो विधिको कल्पना गरिन्छ। जबसम्म शिष्टाचारको विरुद्ध कुनै श्रौत अथवा स्मार्त प्रमाण भेटिन्न तबसम्म त्यो आचार प्रमाण हुन्छ। देशाचार र कुलाचारका सम्बन्धमा पनि यही व्यवस्था छ। जबसम्म देशाचार र कुलाचारको विरुद्ध कुनै श्रौत अथवा स्मार्त प्रमाण भेटिन्न तबसम्म त्यो आचार पनि धर्म हुन्छ र त्यो गर्नैपर्छ भन्नुपर्छ।

धर्मका विषयमा श्रुतिलाई नै परम प्रमाण मानिएको हुँदा यदि श्रुतिको विरोध हुन्छ अथवा त्यसलाई अनुसरण गर्ने स्मृतिको विरोध हुन्छ भने त्यो कर्म प्रमाण हुँदैन र कर्तव्य पनि हुँदैन । यसै गरी जति पनि अहिले पुराणहरूद्वारा प्रतिपादित धर्महरू याग आदि छन्, जस्तै “सप्ताहयज्ञेन कलौ पुनन्ति ते” आदि (तिनीहरू कलियुगमा सप्ताहयज्ञद्वारा पवित्र हुन्छन्), तिनीहरूका विधायक श्रुतिहरूको अभाव भएपनि कल्पित श्रुति अनुसार ती प्रमाण हुन्छन्। पुराणका वचनहरूका आधारमा श्रुतिको कल्पना गरी तिनको प्रामाण्य हुन्छ । त्यसमा यो प्रश्न उठ्छ कि अहिले लोकमा भइरहेका शतचण्डी, सहस्रचण्डी आदि यागहरूको नामको विधान कुन प्रमाणको आधारमा कसरी गर्ने ?त्यसमा यो भन्न सकिन्छ कि–मीमांसामा चारओटा निमित्तहरूबाट नाम सिद्ध हुने भनिएकोछ–१) मत्वर्थलक्षणाका आधारमा –जस्तै–उद्भिदा यजेत पशुकामः इत्यादिमा, २) वाक्यभेदका आधारमा–चित्रया यजेत पशुकामः इत्यादिमा, ३) तत्प्रख्य शास्त्रबाट–अग्निहोत्रं जुहोति इत्यादिमा, ४) त्यसको व्यपदेशबाट–श्येनेनाभिचरन् यजेत इत्यादिमा । यसरी श्रौतयागहरूमा नियम भएपनि याज्ञिकहरूले सोमयाग, आग्नेययाग, उपांशुयाग आदि कर्मका नामहरूको व्यवहार गर्छन्। ई नामहरू पूर्वोक्त प्रमाणहरूबाट सिद्ध गर्नसकिन्न। ज्योतिष्टोम शब्दको तत्प्रख्य शास्त्रका आधारमा नामत्व सिद्ध गर्न सकिन्छ सोमशब्दको सकिन्न, त्यस अवस्थामा सोमेन यजेत भनेका ठाउँमा मत्वर्थलक्षणा विना शाब्दबोध होला । यस्तै–‘यदाग्नेयोऽष्टाकपाल’ मा पनि तत्प्रख्य शास्त्रद्वारा अग्निको प्राप्ति स्वीकार गरी आग्नेय शब्दको नामत्व मान्ने हो भने आग्नेय

शब्दको आग्नेय अधिकरणमा गुणसमर्पकत्वको सिद्धान्त भंग होला । अतः यस किसिमका नामहरूको व्यवहारको मूल कारण याज्ञिकहरूको प्रसिद्धि मात्र हो भन्नुपर्छ । सोम द्रव्य हुनाले सोमयाग, अग्नि देवता हुनाले आग्नेययाग, उपांशुद्वारा गरिने हुनाले उपांशुयाग यस प्रकार याज्ञिक प्रसिद्धिका आधार कै आधारमा उपपत्ति हुनसक्छ । यस्तै रुद्र देवता हुनाले रुद्रयाग हुनसक्छ । यहाँ तत्प्रख्य शास्त्रबाट नै नाम सिद्ध हुन्छ भन्न सकिन्न ।

तत्प्रख्य रूपमा अभिमत रुद्रको मन्त्रमा रुद्र शब्द जस्तै शङ्कर, मयस्कर आदि शब्द पनि हुनाले शङ्करयाग, मयस्कर याग आदि व्यवहार पनि हुनसक्छ। त्यो इष्ट छैन, किनकि त्यस्तो व्यवहार नहुनु नै प्रतिबन्धक छ। अतः रुद्र देवता हुनाले रुद्रयाग भन्ने प्रसिद्ध छ । यस्तै विष्णु देवता हुनाले विष्णुयाग भन्ने नाम पनि सिद्ध हुन्छ । यसै गरी एक हप्तामा पूर्ण हुनाले सप्ताहयज्ञ नाम पनि सिद्ध हुन्छ । हरिहर देवता हुनाले हरिहरात्मक याग भन्ने नाम पनि सिद्ध हुन्छ। यसैगरी हाम्रा देशमा प्रचलित चूडाकर्म, उपनयन, वेदारम्भ, समापवर्तन, रुद्रयागको पनि आआफ्ना नामअनुसार यागको रूपमा प्रसिद्धिका आधारमा सिद्धि हुन्छ । यस प्रकार कतै द्रव्य, कतै देवता, कतै काललाई आधार बनाएर नाम अनुसार उपपत्ति हुन्छ,, त्यस्तै कहीं कर्म र देवताका आधारमा नाम ठहरिन्छ । कतै अरू नै गुणलाई लिएर याज्ञिक व्यवहार हुनसक्छ, मीमांसामा भनिएका चार प्रमाणहरूका आधारमा मात्र हुने होइन । यसैबाट पुरोडाश याग र पशुयागको व्यवहारको पनि व्याख्या भयो ।

वास्तवमा मीमांसकको दृष्टिले विचार गर्ने हो भने अहिले गरिँदै आएका रुद्र आदि देवतासंग सम्बन्धित कर्महरूलाई याग भन्न मिल्दैन । इनको यजति भन्ने चोदनाद्वारा प्रतिपादित भन्ने गुण नै छैन । यहाँ वैदिकहरूको प्रसिद्धि कै शरण लिनुपर्ने हुन्छ । वैदिक अथवा मीमांसकहरूले उपनयन अथवा विवाहमा गरिने होमहरूलाई तिनीहरूमा उद्देश र त्याग भएको हुनाले याग भन्छन् उपनयनयाग, विवाहयाग आदि । श्रौत कर्म अग्निहोत्रको पनि देवताको उद्देशले द्रव्यको त्यागरूपी पदार्थले विशिष्ट हुनाले अग्निहोत्रयाग शब्दको व्यवहार गर्ने कुरामा कसैको सम्मति छैन । यसैले यस किसिमका स्थलहरूमा जसरी रुद्रयाग, विष्णुयाग आदिको जसरी उपपत्ति हुन्छ त्यसरी नै सप्ताहयागको पनि

उपपत्ति हुन्छ । यही रीतले हरिहरयागको पनि हरिहरात्मक याग भन्ने उपपत्ति हुनाले नाम असंगत भन्न मिल्दैन । यसरी नै चौल, उपनयन, वेदारम्भ र समापवर्तनको पनि उपपत्तिको ऊह गर्नुपर्छ । यौटै कुण्डमा हरिहरात्मक यागको अनुष्ठान कसरी हुन्छ ?यौटै वेदीमा चौल, उपनयन, वेदारम्भ र समापवर्तन आदि कर्मको होम कसरी हुन्छ ? जब हरिको आराधना होमद्वारा हुन्छ त्यहाँ पुरुषसूक्तका मन्त्रहरूको प्रयोग हुन्छ र जब हरको आराधना होमद्वारा हुन्छ त्यहाँ रुद्राध्यायका मन्त्रहरूको प्रयोग गरिन्छ । तब रुद्रयाग र विष्णुयाग पनि हुन्छ । यसै गरी चौलहोम, उपनयनहोम, वेदारम्भहोम र समापवर्तन होम पनि होला, एकवेदीहोम कसरी हुनसक्छ ? यसमा यो भन्नसकिन्छ–दर्शपूर्णमासमा आग्नेय याग छ, त्यो प्रकृति हो । यदि यसको विकृति पनि अग्निदैवत हो भने आग्नेय याग कै याज्यापुरोनुवाक्या मन्त्रहरूले नै वैकृत आग्नेय याग गर्न लागिएमा दार्शपौर्णमासीय याग गरियो भन्दा त्यो कसैका लागि मान्य होला र ? त्यस्तो व्यवहार त कसैले गर्दैन । त्यस्तै प्रकृत भएको हरिहरात्मक कर्म रुद्राध्याय र पुरुषसूक्तद्वारा गर्दा त्यो न रुद्रयाग न विष्णुयाग होला, किन्तु तीभन्दा विलक्षण नै कर्म होला । त्यसो हुँदा त्यो एकै कुण्डमा अनुष्ठान गर्न किन नहोला ?त्यसै गरी चौलहोम, उपनयनहोम, वेदारम्भहोम र समापवर्तन होमहरू छुट्टाछुट्टै होमकर्महरू होइनन् किन्तु तिनीहरूभन्दा विलक्षण कर्म हुन् भनेपछि तिनीहरू यौटै वेदीमा अनुष्ठान गर्न किन नमिल्ला ? विभिन्न देवताहरूको यौटै कुण्डमा होम कसरी हुनसक्छ ? विभिन्न कर्महरूको यौटै वेदीमा आहुति कसरी हुनसक्छ भनेर शंका गर्नसकिन्न । पूर्णिमा अथवा औंसीमा अनेक देवताहरूको यौटै आहवनीयमा होमहरू सम्पन्न गरिन्छन् । यहाँ हरि र हरको देवतात्व व्यासज्यवृत्ति हुनाले अग्नीषोमीय याग आदि जस्तै हुनमा अनुपपत्ति केही हुँदैन । यसै गरी चौल, उपनयन, वेदारम्भ र समापवर्तन कर्म पनि व्यासज्यवृत्ति हुनाले त्यसमा अनुपपत्तिको कुरा हुँदैन । यहाँ विशेष यो छ –श्रौत कर्महरूमा विधिद्वारा प्रतिपादन हुने देवता स्वीकार गरिन्छ, कतै तद्धितद्वारा देवताको विधि हुन्छ, कतै चतुर्थी विभक्तिद्वारा र कतै मान्त्रवर्णिक देवताको विधि हुन्छ । हरि र हरको यस किसिमको विधि पाइन्न तर हरिहरक्षेत्र आदिमा हरिहरात्मक देवता प्रसिद्ध तथा उनको पूजा भइरहेको हुनाले उनको आराधनाका लागि शिष्टहरूले चलाउनुभएको होला । यस आधारमा हरिहरको देवतात्व व्यासज्यवृत्ति

भएकोमानिन्छ । यही रीतले चौल, उपनयन, वेदारम्भ र समापवर्तनको कर्म पनि व्यासज्यवृत्ति हो भनी कास्कीप्रदेशका निवासी शिष्टहरूले चलाएको हुनाले मानिन्छ । नत्र काठमाण्डू आदि प्रदेशमा उपनयन, वेदारम्भ र समापवर्तन कर्महरू एकै दिनमा गर्न कसरी सम्भव हुन्थ्यो ? जबकि तीनओटा शुभकर्महरू एक वर्षभित्रका महिना र दिनमा गर्ननहुने भनेर निषेध गरिएकोछ । अर्को **फलकर्मदेशकालद्रव्यदेवतागुणसामान्ये, तद्भेदे भेदः**(फल, कर्म, देश, काल, द्रव्य र देवताको गुणमा समानता भएमा, त्यसको भेद हुँदा भेद हुन्छ)यी दुई कात्यायनका श्रौतसूत्रहरूमा फल, कर्म आदिको भेद भएमा कर्मको भेद हुन्छ, नभएमा हुँदैन भनिएकोछ । यसमा कसैले **अप्रवृत्तकर्मालौकिकोऽर्थसंयोगात्** भन्नेकात्यायनको सूत्रको आधारमा प्रकृति कर्मको रूपमा रहेको चौलका लागि प्रयुक्त होम समाप्त भएपछि फेरि उपनयनका लागि प्रयुक्त होम गर्दा अग्नि लौकिक होला भन्छन् । यसको उत्तरमा यो भन्न सकिन्छ – चौल, उपनयन, वेदारम्भ र समापवर्तन कर्महरू समाप्त नभई अप्रवृत्तकर्मा कसरी हुनसक्ला ? ती चौल आदि कर्महरू व्यासज्यवृत्ति भए पनि त्यस किसिमका मन्त्रहरू उपलब्ध नहुनाले चौल, उपनयन आदि कर्मका मन्त्रहरू तथा तिनका होमहरूलाई तिनका अङ्गका रूपमा अतिदेश गरी यी कर्महरू गर्नुपर्छ भन्ने यस्ता कर्महरू गर्दैआएका हाम्रा पूर्वजहरूको आशय हो । त्यहाँ चौलहोम समाप्त भए पनि प्रकृत प्रयोग समाप्त नभएको हुँदा अग्निको लौकिकत्व कसरी हुनसक्ला ? अवश्य नै चौलोपयुक्त होमपछि प्रणीताविमोक आदि कर्म हुँदैन, समापवर्तनको होम समाप्त भएपछि नै रुद्रहोम हुन्छ । यदि त्यस दिनमा नै रुद्रयाग पनि गरियो भने त्यसपछि नै प्रणीताविमोक आदि कर्महरू हुन्छन् । त्यस कारण चौल,उपनयन, वेदारम्भ, समापवर्तन र रुद्रयाग यी कर्महरू दोषरहित, शास्त्रीय हुनाले, शिष्टाचार अन्तर्गत स्वीकृत हुनाले, आआफ्ना अभीष्ट सिद्ध गर्न सहायक हुनाले र निन्दित पनि नहुनाले स्वीकार गर्न उचित नै हुन्छ ।[१०६] अर्को कुरा यो छ, यो कर्म अग्निस्थापनाको विधि अनुसार कर्मपात्रको निर्माणदेखि सुरू भएर चतुःस्वस्तिसम्मको होमकर्म समाप्त गरेर,त्यसपछि चौल उपनयन आदि कर्महरू सकेर फेरि चतुःस्वस्तिदेखि अग्निस्थापनाको विधि अनुसार नै गरिने हुनाले यो यौटै कर्म हुन्छ । अनि अघिल्लो दिन पनि पूर्वाह्णको विधि पनि चौल आदिलाई एकै कर्म मानेर गरिन्छ। नान्दीश्राद्ध आदि पनि एक नै हुन्छ। तिनलाई धेरै कर्म कसरी मान्न सकिन्छ र ?

जब कर्म अनुसार नै जन्म, जन्म अनुसार नै भावहरू हुन्छन् भन्ने मानिन्छ तब आधुनिक युगमा कर्मसाङ्कर्य किन देखिन्छ भन्ने प्रश्न उठ्छ। किन ब्राह्मणले शूद्रले गर्ने काम गर्दैछ र किन शूद्रले ब्राह्मणभन्दा पनि श्रेष्ठ कर्म गर्न कम्मर कस्दैछ ? यस विषयमा विचार गरिन्छ। कर्मसाङ्कर्यका तीन ओटा कारणहरू हुन सक्छन् – वर्णसङ्कर हुनु, आरूढपतन हुनु र मिश्र संस्कारहरू। मानिसहरूमा कसको बल बढी हुने, कसको कम हुने भन्ने कुरोको निधो समयले नै गर्छ। कलियुगमा तमोगुणको प्रधानता हुन्छ, अतः यसमा पापको खोलो वेगका साथ बग्छ, पतिव्रताको नियमको ह्रास हुँदैगएकोछ। मानिसहरूमा कामवासना अत्यधिक बढ्दैछ। अहिले जनपदहरू अट्टशूल(अन्नको बेचबिखन गर्ने) बनेकाछन्, ब्राह्मण आदि द्विज जातिहरू शिवशूल(वेदादि शास्त्र बेच्ने) भएकाछन्, नारीहरू शरीर बेच्ने भएकाछन्।[१०७] परस्त्रीसेवन साधारण कुरा मान्न थालिएकोछ। यदि असल कुलमा जन्मेकी ब्राह्मणीले शूद्र आदि उपपतिसंग बसेर सन्तान जन्माई भने उसबाट जन्मेको सन्तानले पूर्ण ब्राह्मणको गुण र कर्म कसरी पाउला ? यदि संसर्गको प्रभावले उसका केही कर्महरू ब्राह्मणकै समान भए भने पनि कुनै कामहरू शूद्रकै सरह हुनसक्छन्। यसै गरी शूद्र स्त्रीमा ब्राह्मणबाट जन्मेको सन्तान पनि विलक्षण नै हुन्छ त्यो न ब्राह्मण सरह हुन्छ र शूद्र सरह। यसरी वर्णसंकरताका कारण कर्मसाङ्कर्य अवश्य हुन्छ।

यस्तै आरूढपतनबाट पनि कर्मसाङ्कर्य हुन सक्छ। यसअघि संस्कारहरूको प्रवलता अनुसार कर्मको भोग हुन्छ भनियो।

जस्तो संस्कार भोगका लागि प्रबल भएर आउँछ त्यही किसिमको कर्मको भोग हुन्छ। मानिसले जीवनमा अनेक थरि कामहरू गर्छ। प्रकृति त्रिगुणात्मक भैकन जगत्को कारण पनि भएकोहुनाले त्यसको सृष्टि अन्तर्गत हुने मानवीय कर्महरू पनि सात्विक, राजस र तामस गरी तीन किसिमका हुन्छन्। ती तीन किसिमका कर्महरूमध्ये जुन कर्महरू प्रबल हुन्छन् तिनीहरू नै प्रारब्ध बनेर फल दिन अघि सर्छन्। अति प्रबल पाप होस् अथवा पुण्य होस्, त्यसको फल यही जन्ममा चाँडै नै हामीले भोग्न पाउँछौं।[१०८]सात्विक स्वभावका र सात्विक कर्म गर्ने मानिसहरू ऊर्ध्वलोक स्वर्ग आदिमा जान्छन्। राजस स्वभावका र राजस कर्म गर्नेहरू बीचको मृत्युलोकमा रहन्छन्। तामस स्वभाव भएका र तामस कर्म गर्नेहरू तलका लोकहरूमा जान्छन्। अर्थात् मोक्षको चाहना भएर

सत्व गुणद्वारा उत्पन्न सत् र असत् वस्तुको विवेकरूपी ज्ञान र ज्ञानको कार्य परमेश्वरको उपासना आदिमा लागिराख्ने जो मानिसहरू छन् ती सत्वस्थ हुन्छन् र ऊर्ध्वलोक ब्रह्मलोक, विष्णुलोक आदि स्थानहरूमा जान्छन् । रजोगुणद्वारा हुने काम, संकल्प आदिले सहित ज्ञान र त्यसको कार्य श्रौत,स्मार्त आदि कर्महरूमा भोगको इच्छा राखी जो प्रवृत्त हुन्छन् त्यस्ता राजस पुरुषहरू बीचमा अर्थात् ब्रह्मलोक र तिर्यग्लोकको बीचमा पर्ने देवलोक अथवा मनुष्यलोकमा रहन्छन् जहाँबाट जानेआउने भइरहन्छ । तमोगुण प्रधान भएको अज्ञानमा एवं सत् र असत् (राम्रो वा नराम्रो) भन्ने विवेक विना गरिने काममा जो लागेका छन् ती तामस मानिसहरू कर्तव्य र अकर्तव्य कर्म विवेकले रहित हुनाले तल अर्थात् तिर्यग्लोकमा जान्छन् । [१०९]

यसरी तीन किसिमका कर्महरूमध्येमा जुन कर्महरू बलवान् हुन्छन् तिनीहरू नै मृत्यु हुने वेलामा प्रारब्ध बनेर चित्तरूपी आकाशमा रहन्छन् र त्यही अनुसार जन्म हुन्छ । [११०] त्यस्तै मृत्यु हुने वेलामा सामान्यतया कर्षण र आकर्षणद्वारा(मृत्यु अनिवार्य हुनाले त्यसको वेगले, अर्कोतिर आफ्नो शरीर, परिवार आदिका प्रति मोहका कारण तानातान हुनाले) सूक्ष्म शरीर दुर्बल हुनजान्छ । त्यो सूक्ष्म शरीर दुर्बल भएको अवस्थामा जीवनका प्रबल खालका कर्महरू मात्र आश्रित हुन्छन् । जीव ती कर्महरूद्वारा भावित भएर ती कर्म अनुसारको योनिमा जन्म लिन पुग्छ । जस्तो कि -कुनै मानिसले केही श्रेष्ठ(उत्तम) कर्महरू गरेकोछ र केही अधम(नराम्रा) कामहरू पनि गरेकोछ । यदि अधम कर्महरू प्रबल भए भने पहिले तिनकै फल भोग्न पर्ने हुन्छ । जस्तै कुनै ब्राह्मणले (असल कुलमा जन्मेको मानिसले) आफ्नो वर्ण अनुसारका सुहाउँदा धेरै कर्महरू गर्‍यो अनि प्रारब्धवश शूद्रलाई सुहाउने केही काम पनि गर्‍यो भने र मृत्यु हुने वेलासम्म शूद्रका कर्महरू प्रबल भए भने उसको जन्म शूद्रको घरमा हुन्छ । त्यो शूद्र योनिमा पनि पूर्वजन्ममा कमाएका ब्राह्मणलाई सुहाउने कर्महरू र तिनका संस्कारहरूले गर्दा उ साधारण शूद्रहरूभन्दा विशेष हुनजान्छ । शूद्रको जन्म गराउने कर्महरूको फल भोगीसकेपछि पूर्वजन्ममा गरिएका ब्राह्मणका कर्महरू फेरि प्रबल भए भने उंसको जन्म अब ब्राह्मणको घरमा हुनेछ । यस्तो प्रायः आरूढपतनका कारण हुन्छ । यसको उदाहरण जडभरत हुन् । अघिल्ला जन्ममा राजर्षि रहेका उनी वनमा तपस्या गरीरहेको

अवस्थामा भएपनि मृगको छावाको पालन गर्न थाल्छन् र मोहवश भएर मृत्यु हुने वेलामा त्यसैलाई संझन्छन्[१११] र अर्को जन्ममा मृग हुन पुग्छन् । [११२]त्यो मृग योनिमा पूर्वजन्ममा गरिएको भगवान्को आराधना र तपस्याले गर्दा पूर्वजन्मको संझना भैरह्यो उनी धेरै पछुताए । [११३] त्यस बेलामा खिन्न भएका मृगको शरीर लिएका भरतले मृगीको रूपमा रहेकी आमालाई छोडेर कालन्जर भन्ने स्थानबाट मुनिहरूलाई मन पर्ने नेपालको शालग्रामक्षेत्र भनिने पुलस्त्यपुलहाश्रममा आए । [११४]त्यहाँ पनि मृत्यु पर्खदै,अरूको संगतदेखि निकै उद्विग्न बन्दै एक्लै रहेर सुकेका घाँसपातहरू खाँदै प्रारब्ध कर्मको क्षयको विचार गर्दै अन्तमा गण्डकीको जलमा आफ्नो शरीर भिजाई मृगशरीरको त्याग गरे । [११५] अर्को पटक उनी परम पवित्र ब्राह्मणको घरमा जन्म लिन पुगे । [११६] त्यस जन्ममा पनि भगवत्कृपा हुनाले उनलाई पूर्वजन्मको कुरा संझना भैरह्यो । उनले समाजमा आफुलाई बौलाहा, मूर्ख, अन्धो, बहिरोको रूपमा देखाए । साथमा जसका गुणहरू सुन्दा, संझदा, कीर्तन गर्दा सबै किसिमका कर्महरू ध्वस्त हुन्छन् त्यस्ता भगवान् नारायणको चरणकमलयुगललाई हृदयमा ध्यान गर्दै हिंड्नथाले । [११७] त्यस जन्ममा उनले राजा रहूगणलाई तत्वज्ञानको उपदेश गरे र आफु पनि मुक्त भए । यसरी कुनै वेलामा भएको आफ्नो आश्रम सुहाउँदो कर्म बिग्रिदा पनि आरूढपतन(माथि पुगेको व्यक्ति तल झर्ने अवस्था) हुनसक्छ र त्यसबाट कर्मसाङ्कर्य पनि हुनसक्छ । राजा भरतले मृगको जन्म हुँदा पनि साधारण मृगभन्दा उच्चतम स्थिति पाएका थिए । जहाँ ब्राह्मणवाहेक अरू जातिका मानिसहरूमा ब्राह्मण सरहका गुण, कर्म र स्वभाव देखिन्छन् त्यहाँ आरूढपतन नै कारण हुन्छ ।

यहाँ कर्ममा युगको प्रभाव पनि बिर्सन हुँदैन । अरू सत्य, त्रेता आदि युगहरूमा धर्मको प्रधानता थियो भने कलियुगमा अर्थ र कामको प्रधानता हुन्छ। त्यसले गर्दा यसमा सदाचार, योगमार्ग र तपस्या सबै हराउँदै जान्छन् । यो युग तमो–गुणप्रधान छ अतः यसमा देश,काल, सम्बन्धहरू प्रायः विरुद्ध हुन्छन् जसले सत्पुरुषहरूद्वारा पनि पापकर्महरू हुनजान्छन् । यस कारण कलियुगमा आरूढपतनको सम्भावना बढी नै हुन्छ । अहिले मानिसहरू शठ एवं दुष्कर्म गर्ने हुँदै गएका–छन्, सज्जनहरू दुःख पाउने, दुष्टहरू रमाउने अवस्था छ। यो पृथ्वी स्पर्श गर्न र हेर्न लायक पनि नहुने स्थिति छ। मानिसहरूले कुकर्म गर्दै जानाले सबै वस्तुहरूको सार हराउँदै गएको छ । सबै वस्तुहरू सार हराएर

बीजबिना भुसमात्र भएजस्ता छन् । अन्नमा पहिले जुन किसिमको शक्ति हुन्थ्यो त्यो अहिले पाइन्न । दूध, घ्यूको अवस्था पनि त्यस्तै छ । तीर्थहरूमा नास्तिक नै बसेकाछन्, त्यसले गर्दा तीर्थहरूको पनि सार हराएकोछ । काम, क्रोध र लोभले ग्रस्त मानिसहरू साधुको भेष लिएर तपस्याको स्वाङ गर्दैछन् । यसबाट तपस्याको महत्त्व पनि हराउँदैछ । ब्राह्मणहरू अन्नपातको लोभमा परेर घरघरमा जुनसुकै मानिसकहाँ गएर कथा भटयाउँदैछन् । यसले कथाको महिमा पनि घट्दै–गएकोछ । यो युगको धर्म(स्वभाव) हो भनेर नजिकै रहेका भगवान्ले पनि उपेक्षा गर्नुभएकोछ । [११८]यस युगमा आरूढपतनको सम्भावना बढी छ त्यसो हुँदा कर्मसाङ्कर्य पनि बढी नै देखिन्छ ।

कर्मसाङ्कर्यको तेस्रो कारण मिश्रित संस्कारहरू हुन् । त्रिगुणात्मक प्रकृतिका सबै कार्यहरू त्रिगुणात्मक हुन्छन् । तिनमा पनि सृष्टिको वेलामा गुणहरूको विषमता हुन्छ । तीन गुणहरू सत्व, रज र तमको रूपमा छन् । त्यहाँ सत्व लघु र प्रकाशक छ, रज गुण उपष्टम्भक र चल छ, तम गुण गुरु र आवरण गर्ने हुन्छ । यी गुणहरू क्रमैले प्रीति(सुख), अप्रीति(दुःख) र विषाद(मोह) रूपमा रहेकाछन् र इनले प्रकाश, प्रवृत्ति र नियमनको काम गर्छन् । इनीहरू परस्परमा कहिले अर्कोलाई दबाउने, कहिले साथ लिने गर्छन् । कुनै कारणले यौटा बलियो भएमा त्यसले अर्कोलाई दबाएर आफ्नो काम गर्छ । जस्तो कि सत्व गुणले रज र तमलाई जितेर आफ्नो शान्त वृत्ति दर्शाउँछ, रजले सत्व र तमलाई जितेर आफ्नो घोर वृत्तिलाई प्रस्तुत गर्छ तथा तमले सत्व र रजलाई जितेर आफ्नो मूढ वृत्तिलाई व्यक्त गर्छ । यसरी यी तीन गुणहरू परस्पर आश्रय गर्ने, मिलेर रहने वा अर्कोलाई उत्पन्न गर्ने भएर रहन्छन् । [११९]

भूलोकमा होस् वा पातालमा वा स्वर्गमा होस् अथवा ब्रह्मा आदि देवताको रूपमा होस्, प्रकृतिबाट आएका यी तीन गुणहरूको सम्बन्ध नभएको कुनै पनि वस्तु तीनै लोकमा कतै छैन । त्रिगुणात्मक मायाको कार्य हुनाले यो जगत् त्रिगुणात्मक नै छ । [१२०]यसरी सबै जगत् त्रिगुणात्मक भएपछि यी तीन गुणहरूलाई पार गर्नसक्ने मानिसको मात्र मोक्ष हुनेहुन्छ । तिनलाई पार गर्न मुख्य कारण ज्ञान हुन्छ,, ज्ञान हुनका लागि सत्व अर्थात् मन शुद्ध हुनुपर्छ, मन शुद्ध सत्कर्मले हुन्छ । यसै भएर कुरु कर्मैव तस्मात् त्वं पूर्वैः पूर्वतरैः कृतम्

(अघिअघिका मानिसहरूले गरे जस्तै तिमीले पनि कर्म नै गर) भन्ने अवस्था हुन्छ । सबै कर्म गर्ने त्रिगुणात्मिका प्रकृतिले हो तर अहंकारलाई अंगालेर मानिसले आफुलाई कर्ता ठान्दछ। त्यस अवस्थामा अहंकाररहित भएर वैदिक र लौकिक कर्महरू गर्दा मोक्ष हुने हुनाले मोक्ष चाहने ब्राह्मण आदिले आआफ्ना गुणहरूको अनुरूप जुन जुन कर्महरू गर्नपर्ने भनी तोकिएकाछन् ती ती कर्महरू गर्नुपर्छ, अरू कर्महरू गर्ने होइन। किनभने, ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रहरूका लागि तिनीहरूका स्वभाव अनुसार उत्पन्न गुणहरूका आधारमा कर्महरू बाँडिएकाछन्। अर्थात् ब्राह्मण आदिका कर्महरू तिनीहरूको स्वभावबाट उत्पन्न सत्व आदि गुणहरूका आधारमा निर्धारित छन् । स्वभावप्रभव भन्नाले आफ्नो जातिमा जन्मका लागि कारण बन्ने उत्तम, मध्यम, निकृष्ट र अतिनिकृष्ट लक्षण भएका र क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रहरूले नियमपूर्वक जुन जुन कर्महरू गर्न आवश्यक छन् तिनलाई शास्त्रमा वर्णन गरिएकोछ । [१२१]

सत्य आदि अघिका युगहरूमा मानिसहरूमा भावको गम्भीरता थियो र त्यस वेला कुनै यौटा भाव नै प्रबल हुन्थ्यो। मानिसहरूको मन, वचन र कर्ममा एकता थियो र तिनीहरूको प्रकृति पनि एकै किसिमको थियो। तर कलियुगमा भावको गम्भीरता कम भएको र देशकालको संसर्गको प्रभाव हुँदा कर्मका संस्कारहरू तीन गुणहरूले मिश्रित हुन्छन् । मानिसहरूमा सात्विक संस्कार हरूका साथमा राजस,तामस संस्कारहरू पनि प्रबल भएर रहेका हुन्छन्। हुन त भोगको आयतन (स्थान) शरीर नै हो त्यसमापनि स्थूल शरीर नै विशेष रूपमा हो तै पनि मनद्वारा पनि भोग हुने कुरा मानिन्छ। शरीरमा रोग भएमा त्यसलाई व्याधिर मनमा कुनै रोग भएमा आधि भनिन्छ'। यस आधारमा मिश्र संस्कारहरू दुइ किसिमका हुन्छन् – शरीरद्वारा उपभोग गरिने र मनद्वारा उपभोग गरिने। शरीरद्वारा गरिएका कर्मको फलको भोग प्रायः शरीरद्वारा हुन्छ, जस्तो कि अतिकामुक व्यक्तिको वेश्या आदिको संसर्गबाट उत्पन्न कुष्ठ आदि अथवा नपुंसकता,अर्श आदि रोगहरूको भोग शरीरद्वारा नै हुन्छ । मनद्वारा गरिएका कर्मको फलको भोग प्रायः मनद्वारा हुन्छ । जस्तै नराम्रो विचारको रूपमा गरिएको मानसिक पापको फल मानसिक दुःख वा चिन्ताको रूपमा हुन्छ । मानसिक दुःख सूक्ष्म शरीरद्वारा भोग्य पनि भन्न सकिन्छ । व्यभिचार होस् अथवा हत्या यस्ता शारीर कुकर्मको फल स्थूल शरीरद्वारा नै भोग्नपर्ने हुन्छ ।

अत: सात्विक, राजस र तामस यी तीन किसिमका कर्महरूमध्येमा जुन कर्महरू स्थूलशरीरद्वारा भोग्न योग्य छन् तिनको बल अनुसार मातापिताबाट उत्पन्न हुने स्थूल शरीर पाइन्छ। जुन कर्महरूको फल सूक्ष्मशरीरद्वारा भोग्न योग्य हुन्छ तिनीहरू अनुसार मानिसको चित्तवृत्ति हुन्छ। यसरी कर्म अनुसार जन्म र त्यही अनुसार चित्तवृत्ति हुन्छ। जस्तै – कुनै मानिसका मिश्रित कर्महरू मध्ये स्थूल शरीरद्वारा भोग्न मिल्ने कर्महरू सात्विक रहे तर सूक्ष्मशरीरद्वारा भोगिने कर्महरू चाहिं तामस भए भने उसको स्थूल शरीर ब्राह्मण मातापिताबाट जन्म भएर बन्छ भने तर उसको आचरण शूद्रजस्तै तामस हुनेछ। त्यस्तै यदि कसैको स्थूलशरीरले भोगिने कर्महरू तामस भए तर सूक्ष्मशरीरले भोगिने कर्महरू सात्विक भएभने उसको जन्म शूद्र मातापिताबाट हुन्छ किन्तु उसको आचरण ब्राह्मण सरह सात्विक हुनेछ। अहिले कलिको प्रभावले गर्दा मिश्रित कर्म भएका मानिस नै बढी छन् त्यस कारण निम्न वर्णहरूमा असल आचरण भएका मानिस देखिन्छन् अनि उच्च वर्णका मानिसहरूमा दुराचारीहरू पनि भेटिन्छन्।

वर्तमान समयमा पाइने कर्मसाङ्कर्यका कारणहरू इनै हुन्। कर्मसंकर नै बढी भएको यस युगमा कसरी व्यवस्था होला भन्ने शंका उठ्नु स्वाभाविक हो। आदर्श वर्णव्यवस्थाको बीजको रक्षा होस् भनेर कुनै उपाय त गर्नैपर्ने हुन्छ। बीजको रक्षा भएमा परिस्थिति अनुकूल हुँदा धर्मको पुन: प्रतिष्ठा पनि हुनसक्छ। यसका लागि पनि नेपाल देश नै अग्रसर होला भन्ने भान हुन्छ। यहाँ क्षत्रिय राजा छन्। यही राज्य हिन्दू राष्ट्रका रूपमा प्रसिद्ध छ। यहीं ब्राह्मण र गाइहरूको प्रतिष्ठा छ। गाइको वध गर्दा राजाबाट दण्डको व्यवस्था छ। वर्णाश्रमको पनि व्यवस्था छ। यहाँ राजाले भन्छन् – यो मुलुक साना दु:खले अर्जिएको होइन, ठूलै दु:ख बेहोर्नु परेकोछ। यहाँ चार वर्ण र छत्तीस जातहरू रहेकाछन्। यी सबैको यो देश बगैंचाको रूपमा रहेकोछ। यहाँ सबै जनता फूल हुन्। यो देश शुद्ध आर्यहरूको भूमि हो। कसैले आफ्नो कुलको धर्म छोड्न हुँदैन। [१२२]

व्यवस्थाका लागि जसको स्थूल शरीर उच्च कर्मको छ उसका लागि जुन उच्च वर्णका स्थूलशरीरसम्बन्धी कर्महरू छन् ती गर्न लगाउने। त्यस्तै जसको सूक्ष्मशरीर उन्नत खालको छ उसबाट सूक्ष्मशरीरसम्बन्धी उन्नत कर्महरू

गराउने । जस्तै कोही ब्राह्मण कुलमा जन्मेको तर बुद्धि नभएकोछ भने त्यसका साथ स्थूलशरीरसंग सम्बन्धित संगै बस्ने आदि गर्न सकिन्छ तर नीतिको उपदेश आदि सूक्ष्मशरीरसंग सम्बन्धित कर्महरू गर्न मिल्दैन । त्यसको सूक्ष्मशरीर निम्न स्तरको छ, अतः उसलाई अभ्युदय र निःश्रेयसका साधनरूप शास्त्रीय उपासना आदि गराउन मिल्दैन । यसै गरी जुन शूद्र शुद्ध विचार भएकोछ त्यसका लागि नीतिको शिक्षा आदि वेदबाहेकका सूक्ष्मशरीरद्वारा सम्पादन हुने कर्महरू गराउने । शूद्र योनिमा जन्मेका विदुरले नीतिको शिक्षण गरेको पाइन्छ । उसका साथ भोजन आदि त गर्न मिल्दैन किनभने उसको स्थूल शरीर शूद्रबाट उत्पन्न हुनाले अपूर्ण नै छ । त्यस्तो मानिस यदि ज्ञानी र सच्चरित्र छ भने उसले नीतिको शिक्षा दिन मिल्छ । क्षत्ता विदुरले नीतिको उपदेश गरे पनि ब्रह्मविद्याको उपदेश गर्ने कुरा उठ्दा ब्राह्मणलाई बोलाउन भने आफैंले भनेनन् । [१२३]

केही संस्मरणहरू

१. हाम्रो बाल्यकाल वाराणसीमा पिताजी, माताजीका साथ रह्यो । पिताजी विद्वत्ताका साथ सामाजिक क्रियाकलापमा संलग्नता एवं धार्मिक आस्थाका कारण त्यस समयमा बनारसमा रहने नेपाली समुदायमा प्रतिष्ठित व्यक्तित्व बन्नुभएको थियो । बनारसमा रहने अथवा त्यहाँ अध्ययन अथवा अन्य काम लिएर आउने धेरै नेपालीहरू पिताजीको सम्पर्कमा आइ रहनुहुन्थ्यो । त्यस्तै कतिपय विद्यानुरागी व्यक्तिहरूले वहाँको संगत रुचाउनु हुन्थ्यो । पिताजी त्यहीं वाराणसीमा अध्ययनपछि तत्कालीन वाराणसेय संस्कृत विश्वविद्यालयमा नेपाली विभागको अध्यक्षका रूपमा कार्यरत भै नेपालीहरूको विशिष्ट संस्था विद्या धर्म प्रचारिणी समितिको कार्यकारिणी समितिको सदस्यका साथ त्यस अन्तर्गतको नेपाली संस्कृत महाविद्यालयको अध्यक्षका रूपमा पनि सामाजिक सेवामा तत्पर हुनुहुन्थ्यो । सम्भवतः विद्यार्थी जीवनको अवस्थामा नै पिताजी र गुरु श्री दुर्गाप्रसाद दवाडीज्यूको परिचय वहाँकै घनिष्ठ मित्र पं.कृष्णप्रसाद ढुंगानाज्यूको माध्यमबाट आरम्भ भै क्रमशः गहिरो मित्रताको रूपमा परिणत भएको थियो । त्यो मित्रताबाट दुवै जना सामाजिक क्षेत्रमा सक्रिय योगदान गर्न सक्षम हुनुभएको थियो ।

२. मैले सम्झे अनुसार त्यस वेला उहाँ (पं. दुर्गाप्र. दवाडीज्यू) अन्नपूर्ण संस्कृत गुरुकुलमा अध्यापन गर्दै हुनुहुन्थ्यो र बिदाको बेलामा आफ्ना मित्रहरूको भेटघाट एवं सामाजिक सेवाको सन्दर्भमा हाम्रो घरमा पनि आइरहनु हुन्थ्यो र पिताजी प्रति विशेष सद्भावका साथ हामी बालबालिकाहरू प्रति पनि छोराछोरी सरह स्नेह व्यक्त गर्ने र अध्ययनको क्षेत्रमा प्रेरणा पनि दिने गर्नुहुन्थ्यो । पछि गएर वहाँले केही वर्षसम्म नेपाली संस्कृत महाविद्यालयमा पनि अध्यापन गर्नुभएको थियो । पिताजी जस्तै वहाँ पनि काशीमा नै दुःखम्सुखम् गर्दै बस्ने विचार गर्नुभएको थियो । तर बदलिंदो परिस्थितिमा बनारसमा नेपालीहरू प्रति बढेको उपेक्षाभावले गर्दा उच्च शिक्षासम्पन्न वहाँको जीवन त्यहाँभन्दा नेपालमा नै सुखमय हुने विचार गरी वहाँलाई पिताजीले विशेष आग्रहका साथ आफ्नो देश नेपालको सेवामा समर्पित हुन अनुरोध गर्नुभएको थियो । यथार्थलाई स्वीकार गर्दै नेपालमा आउनुभएपछि उहाँ पहिले त्रिभुवन विश्वविद्यालय अन्तर्गत संस्कृत अध्ययन संस्थानको उपप्राध्यापक, सहप्राध्यापक हुँदै पछि नेपाल संस्कृत विश्वविद्यालयमा महिमामय प्राध्यापक पदमा कार्यरत रही विशिष्ट विद्वान्को रूपमा सम्मान प्राप्त गर्नुभयो ।

३. त्यस समयमा वाराणसीमा रहेको धर्मनिर्णयदात्री नेपाली विद्वत् समितिको कार्यमा उहाँको योगदान थियो ।

४. २०२३ सालमा योगी नरहरिनाथको संयोजकत्वमा नेपालमा संस्कृत विश्वविद्यालयको स्थापनाका लागि भएको सम्मेलनमा पनि सक्रिय सहभागिता रहेको थियो ।

५. त्रिभुवन विश्वविद्यालय एवं महेन्द्र संस्कृत विश्वविद्यालयको प्रतिनिधित्व गर्दै नेपाल र भारतका विभिन्न सभाहरूमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको छ ।

६. काशीमा कुनै विशेष सुविधा नभएको सामान्य जीवन बिताएर पनि नव्यव्याकरण, आगम, शांकरवेदान्त, सर्वदर्शन विषयहरूमा आचार्य परीक्षा र संस्कृत विषयमा एम्. ए. परीक्षा उत्तीर्ण गर्नुभएको कुरा महत्त्वपूर्ण छ ।

७. त्रिभुवन विश्वविद्यालयको संस्कृत अध्ययन संस्थानमा विद्यावारिधि उपाधिका लागि आफ्ना सम्मान्य गुरु एवं निर्देशक डा. मुरलीधर पाण्डेयको

निर्देशकत्वमा प्रस्तुत शोधनिबन्ध "वेदप्राच्यदर्शनधर्मकर्मसिद्धान्तः" पूर्वीय दर्शन तथा धर्मकर्मसम्बन्धी महत्त्वपूर्ण विषयहरूको मन्थन गरी विशेष विचारहरू प्रस्तुत गरिएकोछ । प्रस्तुत शोधप्रबन्ध सात भाग र पाँच अध्यायहरूमा विभाजित छ । पहिलो भूमिका भागमा भारतवर्ष कर्मभूमिका रूपमा, भारतमा नै वर्णाश्रमधर्मको व्यवस्थाको सम्भावना, नेपाल विशेष रूपमा धर्मभूमि भएको, वर्णाश्रमव्यवस्थाको रक्षा क्षत्रिय राजाबाट मात्र सम्भव, नेपालका विशेष धार्मिकक्षेत्रहरूको परिचय, नेपालमा धर्मविचारको आवश्यकता यी विषयहरूको विवेचन गरिएको छ ।

दोस्रो भाग धर्मकर्मस्वरूपनिरूपण नामक छ जसको पूर्वपीठिकाको रूपमा पहिलो अध्यायको प्रथम खण्डमा धर्मकर्म–शब्दको व्युत्पत्ति, कर्मको विचित्रता, कार्यकारणभावको सिद्धान्त, कर्म र कर्म गर्ने व्यक्तिका सम्बन्धमा विविध विचारहरू, वेद अनुसार धर्मकर्मको स्वरूप, ऋग् आदि वेदहरूमा, उपनिषदहरूमा र ब्राह्मणहरूमा धर्मकर्मको स्वरूप आदि विषयहरूको विवेचन गरिएकोछ । उत्तरपीठिकाको रूपमा प्रथम अध्यायको दोस्रो खण्डमा सांख्य,योग, पूर्वमीमांसा, उत्तरमीमांसा, चार्वाक, जैन, बौद्ध, व्याकरण र शैवदर्शन अनुसार धर्मकर्मको स्वरूप आदि विषयहरूको विवेचन गरिएकोछ । त्यस प्रसंगमा ती दर्शनहरूका दार्शनिक सिद्धान्तहरू पनि संक्षेपमा प्रस्तुत गरिएको छ ।

तेस्रो भाग धर्मकर्मसाधननिरूपण नामक द्वितीय अध्यायका रूपमा छ । त्यसमा वेद, सांख्य, योग, न्याय, पूर्वमीमांसा, उत्तरमीमांसा, चार्वाक, जैन, बौद्ध, व्याकरण र आगम अनुसार धर्मको साधनका विषयमा विचार गरिएको छ ।

चतुर्थ भाग तृतीय अध्यायको रूपमा छ जसमा धर्मकर्मका आश्रयको विचार विषय छ । त्यहाँ धर्मको आश्रय पुरुष, शरीर अथवा इन्द्रिय हो ? भन्ने विषयमा वेद तथा दर्शनहरूका अनुसार विचार गरिएको छ ।

पाँचौं भाग चतुर्थ अध्यायका रूपमा छ जसमा विज्ञान अनुसार धर्मको विचार भन्ने विषय छ । त्यहाँ धर्मको सनातनता, सनातन विशेषणको प्रयोजन, केही सनातन धर्मका मान्यताहरूलाई विज्ञानको कसीमा परीक्षण, धर्मको निर्णयमा वेद नै प्रमाण हुने व्यवस्था आदिको विवेचन गरिएको छ ।

छैठौं भाग पाँचौं अध्यायको रूपमा र धर्मकर्मको प्रयोजन भन्ने विषयसंग सम्बन्धित छ । त्यसमा वेद, उपनिषद्, चार्वाक, बौद्ध, सांख्य, योग, न्याय, वैशेषिक, पूर्वमीमांसा र उत्तरमीमांसा अनुसार धर्मको फलको विवेचन गरिएको छ ।

सातौं भाग उपसंहारको रूपमा छ र त्यसमा धर्म एक नै हुन्छ र त्यो सनातन हो, अरू सबै धर्मको रूपमा मानिएका सम्प्रदाय अथवा धर्माभास हुन् भनी विवेचन गर्दै सही बाटो कुन हो भन्ने प्रसंगमा कर्म, उपासना र ज्ञानहरूको समय अनुसार महत्त्व हुन्छ यो दर्शाई जहाँ धर्म छ त्यहाँ विजय हुन्छ भनी विवेचन गरिएको छ ।

यसप्रकार यस प्रबन्धमा धर्मको विचारको प्रसंगमा सनातन धर्मको स्वरूप प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । हुन त धर्मका सम्बन्धमा अनेकौं निबन्धहरू छन् तर तिनमा धर्मको दार्शनिक र वैज्ञानिक दृष्टिकोणबाट विचार गरिएको पाइन्न । अनि विभिन्न दर्शनहरूमा धर्मको जेजस्तो स्वरूपको प्रतिपादन भएकोछ त्यो सबै एक ठाउँमा समावेश भएको भेटिन्न । यसरी दार्शनिक, वैचारिक र वैज्ञानिक दृष्टिकोणबाट धर्मकर्मको विचार भन्ने विषय एकै ठाउँमा समावेश गरिएको हुनाले यो प्रबन्ध जिज्ञासु विद्वान्हरूका लागि विशेष रूपमा उपयोगी देखिन्छ ।

सन्दर्भ सामाग्री

१. गायन्ति देवाः किल गीतकानि धन्यास्तु ये भारतभूमिभागे । विष्णुपुराणम् अहो अमीषां किमकारि शोभनं प्रसन्न एषां स्विदुत स्वयं हरिः । यैर्जन्म लब्धं नृषु भारताजिरे ... । भागवतम् । ।

२. तीर्थादस्मात् परं तीर्थं श्वेतोद्भवमनुत्तमम् । यत्र श्वेता नदी जाता मत्पृष्ठोदरभस्मना । । ..... । । – पद्मपुराणम्, उत्तरखण्डः ।

३. अन्यच्च ते प्रवक्ष्यामि तच्छ्रृणुष्व वसुन्धरे । तस्मिन् कोकामुखे रम्ये तिष्ठामि दक्षिणामुखः । ।–वाराहपुराण १४० अध्याय, श्लो. ८७ ।

१. यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् ।

२. ऋतं सत्यं तपो राष्ट्रं श्रमो धर्मश्च कर्म च । भूतं भविष्यदुच्छिष्टं वीर्यं लक्ष्मीर्वलं बले । ।–अथर्ववेदे ९ । ९ । १७

३. धर्मस्य गोप्ता जनीति तमभ्युत्कृष्टमेवंविदभिषेक्ष्यन्नेतमार्चाभिमन्त्रयेत् ।–ऐतरेयब्राह्मणे

७ । १७

४. त्रयो धर्मस्कन्धाः यज्ञोऽध्ययनं दानमिति प्रथमस्तप एवेति, द्वितीयो ब्रह्मचार्याचार्यकुलवासी, तृतीयोऽ त्यन्तमात्मानमाचार्यकुलवसादयन् सर्व एते पुण्यलोका भवन्ति ब्रह्मसंस्थोऽमृतत्वमेति ।। –छान्दोग्योपनिषदि २ । २३

६. सर्वेषामपि चैतेषामात्मज्ञानं परं स्मृतम् । तद् ध्यग्र्यं सर्वविद्यानां प्राप्यते ह्यमृतं यतः ।। –मनुस्मृतिः १२ । ८५

७. आचारः परमो धर्मः श्रुत्युक्तः: स्मार्त एव च । तस्मादस्मिन् सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः ।। –मनुस्मृतौ १ । १०८

८. स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा । कर्तुं नेच्छसि यन्मोहात् करिष्यस्यवशोऽपि तत् ।। –गीता १८ ।

९. अथ को धर्मः किं तस्य लक्षणमिति चेदुच्यते यागादिरेव धर्मः । –अर्थसंग्रहे ।

१०. वर्षे वर्षेऽश्मेधेन यो यजेत शतं समाः । मांसानि च न खादेद् यस्तयोः पुण्यफलं समम् ।। –मनुः ५ । ५३

११. स्वराष्ट्रे न्यायवृत्तः स्याद् भृशदण्डश्च शत्रुषु । सुहृत्स्वजिह्मः स्निग्धेषु ब्राह्मणेषु क्षमान्वितः ।। –मनुः ७ । ३२

१२. यमान् सेवेत सततं न नित्यं नियमान् बुधः । यमान् पतत्यकुर्वाणो नियमान् केवलान् भजन् ।। –मनुस्मृतौ ४ । २०४

१३. गुर्वाख्यं धर्मसंज्ञं नवममिह शुभं स्यात्तपोमार्गसंज्ञम् ।। –जातकालंकारः

१४. त्वां ब्रह्म केचिदवयन्त्युत धर्ममेके. एकं परं सदसतोः पुरुषं परेशम् ।।–भागवते ८ । १२ । ९ कर्म शब्दको व्युत्पत्ति

१५. क्रियते फलार्थिभिरिति कर्म, धर्माधर्मात्मकं बीजाङ्कुरवत् प्रवाहरूपेणानादि । –सर्वदर्शनसंग्रहे माधवाचार्यः ।

१६. कर्तुरीप्सिततमं कर्म ।–अष्टाध्याय्यां पाणिनिः (१।४।४९ कर्तुः क्रियया आप्तुमिष्टतमं कारकं कर्मसंज्ञं स्यात् ।–सिद्धान्तकौमुद्यां वृत्तिः ।

१७. निर्वर्त्यञ्च विकार्यञ्च प्राप्यञ्चेति त्रिधा स्मृतम् । तच्चेप्सिततमं कर्म चतुर्धान्यत्तु कल्पितम् । औदासीन्येन यत् प्राप्तम् यच्च कर्तुरनीप्सितम् । संज्ञान्तरैरनाख्यातं यच्चाप्यनन्यपूर्वकम् ।।

१८. यदसज्जायते सद् वा जन्मना यत् प्रकाशते । तन्निर्वर्त्यं, विकार्यञ्च द्वेधा कर्म व्यवस्थितम् ।

प्रकृत्युच्छेदसम्भूतं किञ्चित् काष्ठादिभस्मवत् । किञ्चिद् गुणान्तराधानात् सुवर्णादि विकारवत् ।।

क्रियाकृतविकाराणां सिद्धिर्यत्र न दृश्यते । दर्शनादनुमानाद् वा तत् प्राप्यमिति कथ्यते ।।

१९. मोक्षस्यानन्दरूपत्वम् –निरतिशयसुखञ्च ब्रह्मैव, आनन्दो ब्रह्मेति व्याख्यानात् ।

२०. दुःखाभावस्य मोक्षत्वम्–यथोक्तमुपस्कारे–अशेषविशेषगुणध्वंसावधिकदुःखप्रागभावो वा मुक्तिः। (वैशेषिकसूत्रे १।१।३)

२१. ऊर्ध्वबाहुर्विरौम्येष न हि कश्चित् शृणोति माम्। धर्मादर्थश्च कामश्च स किमर्थं न सेव्यते।। –व्यासः

२२. लोकं धरति धारयति वा। २३. धारणाद्धर्ममित्याहुः। २४. धर्मो धारयति प्रजाः।

२५. न हि कश्चित् क्षणमपि जातु तिष्ठत्यकर्मकृत्। कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः।। –गीता ३।५

२६. अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्। नाभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि।।

२७. एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां शृणु। बुद्ध्या युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि।।

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते। स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात्।। –गीतायाम् २।३३, ४०

२८. वर्षे वर्षेऽश्वमेधेन यो यजेत शतं समाः। मांसानि च न खादेद् यस्तयोः पुण्यफलं समम्।।–मनुस्मृतौ ५।५३

२९. किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः। तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात्।।–गीतायाम् ४।१६

३०. कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः। अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः।।–तत्रैव ४।१७

३१. नियतं सङ्गरहितमरागद्वेषतः कृतम्। अफलप्रेप्सुना कर्म यत् तत्सात्विकमुच्यते।। –गीतायाम् १८।२३

३२. यत्तु कामेप्सुना कर्म साहङ्कारेण वा पुनः। क्रियते वहुलायासं तद्राजसमुदाहृतम्।।–तत्रैव १८।२४

३३. अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम्। मोहादारभ्यते कर्म यत् तत् तामसमुच्यते।।–तत्रैव १८।२५

३४. ब्रह्मचर्येणर्षिभ्यो यज्ञेन देवेभ्यः प्रजया पितृभ्यः–तैत्तिरीयसंहितायाम् ६।३।१०

३५. शरीरवाङ्मनोभिर्यत् कर्म प्रारभते नरः। न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः।। –गीतायाम् १८।१५

३६. अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम्। विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम्। तत्रैव १८।१४

३७. ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति। भ्रामयन् सर्वभूतानि यन्त्रारूढानि मायया।।–गीता १८।६१

३८. रजस्तमश्चाभिभूय सत्वं भवति भारत। रजः सत्वं तमश्चैव तमः सत्वं रजस्तथा।।–गीता १४।१०

३९. न तु देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः। यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते॥ यस्य नाहङ्कृतो भावो बुद्धिर्यस्य न लिप्यते। हत्वाऽपि स इमान् लोकान् न हन्ति न निबध्यते।।–गीता १८।११, १७

४०. एकः पापानि कुरुते फलं भुङ्क्ते महाजनः। भोक्तारो विप्रमुच्यन्ते कर्ता दोषेण लिप्यते।।–महाभारते उद्योगपर्वणि विदुरनीतौ ३३।४२

४१. खट्वाङ्गो नाम राजर्षिर्ज्ञात्वेयत्तामिहायुषः। मुहूर्तात् सर्वमुत्सृज्य गतवानभयं हरिम्।– भागवते २।१।१३

४२. दातव्यमिति यद् दानं दीयतेऽनुपकारिणे। देशे काले च पात्रे च तद् दानं सात्विकं स्मृतम्।।–गीता १७।२०

४३. यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः। दीयते च परिक्लिष्टं तद् दानं राजसं स्मृतम्। –गीता

४५. यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम्। तं तमेवैति कौन्तेय सदा तद्भावभावितः।। –गीता ८।६

४६. सुखमात्यन्तिकं यत्तद् बुद्धिग्राह्यमतीन्द्रियम्। वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्वतः। यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः। यस्मिन् स्थितो न दुःखेन गुरुणापि विचाल्यते। तं विद्याद् दुःखसंयोगवियोगं योगसंज्ञितम्। स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा।।–गीता ६।२१–२३। दुःखानामाध्यात्मिकादीनां सुखानाञ्च संयोगः संसर्गस्तेन वियोगो यस्य स दुःखसंयोगवियोगस्तमित्यर्थः। सुखदुःखशब्देनात्र शुभाशुभकर्मणी वेदितव्ये। तथा च योगेन शुभाशुभकर्मणां नाशो भवतीत्यायातम्।

४७. तपो विद्या च विप्रस्य निःश्रेयसकरी उभे। तपसा किल्विषं हन्ति विद्ययाऽमृतमश्नुते। –मनुस्मृतौ १२।४

४८. यथैधांसि समिद्धोऽग्निर्भस्मसात् कुरुतेऽर्जुन। ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते तथा।।–गीता ४।३७

भिद्यते हृदयग्रीन्थश्छिद्यन्ते सर्वसंशयाः। क्षीयन्ते चास्य कर्माणि तस्मिन् दृष्टे परावरे।। अत्र गीतायां सर्वकर्माणीत्यस्य शुभान्यशुभानि च विशेषेण प्रारब्धभिन्नानीत्यर्थः कैश्चित् टीकाकारैः कृतः। तथा च सूत्रं – तदधिगमउत्तरपूर्वाद् यमो श्लेषविनाशो तद्व्यपदेशात्। तथा – इतरस्याप्येवमसंश्लेषः पाते तु। इति च। अनारब्धे शुभाशुभकर्मणी नश्यत एव। अत्र सूत्रम् – अनारब्धकार्ये एव तु पूर्वे तदवधेः। ज्ञानोत्पादकदेहारम्भकाणान्तु तद्देहान्तएव विनाशः – तस्य तावदेव चिरं यावन्न विमोक्ष्येऽथ संपत्स्ये। इति श्रुतेः। भोगेन त्वितरे क्षणयित्वा इति सूत्राच्च आधिकारिकाणान्तु यान्येव ज्ञानोत्पादकदेहारम्भकाणि तान्येव देहान्तरारम्भकाण्यपि यथा वशिष्ठायान्तरतमः प्रभृतीनाम्। तथा च सूत्रम् – यावदधिकारमवस्थिति–राधिकारिकाणाम्। अधिकारो नैकदेहारम्भकं बलवत्प्रारब्धफलं कर्म। त सकानामेव नान्येषाम्। अनारब्धफलानि

नश्यन्ति, आरब्धफलानि तु यावद्भागसमाप्तिं तिष्ठन्ति। भोगश्चैकेन देहेनानेकेन वेति न विशेषः। —मधुसूदनी गीतायाम् ४। ३७

४९. पापं प्राय इति प्रोक्तं चित्तं तस्य विशोधनम्। प्रायश्चित्तस्य कृते वाचस्पत्यम् कोषो द्रष्टव्य :।

५०. त्रिभिर्वर्षैस्त्रिभिर्मासैः त्रिभिः पक्षैस्त्रिभिर्दिनैः। अत्युत्कटैः पापपुण्यैरिहैव फलमश्नुते।। — पञ्चतन्त्रे।

५१. कर्मणा कर्मनिर्हारो न ह्यात्यन्तिक इष्यते। अविद्वदधिकारित्वात् प्रायश्चित्तं विमर्शनम्।। — भागवते ६। १। ११

५२. यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम्। तं तमेवैति कौन्तेय सदा तद्भावभावितः।। — गीतायाम् ६। ८

५३. पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशो सः। जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते।। — गीतायाम् ६। ४४

तथा— प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः। शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते।। — गीतायाम् ६। ४१

५४. क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति। कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति।। —गीतायाम् ९। ३१

५५. तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम्। यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन।। — गीतायाम् ६। ४३

५६. सकृदुच्चरितं येन हरिरित्यक्षरद्वयम्। बद्धः परिकरस्तेन मोक्षाय गमनं प्रति॥ ?

५७. प्रायश्चित्तेन्दुशेखरस्य श्लोको दातव्यः।

५८. कर्मजं देहमाश्रित्य पूर्वदेहं समुत्सृजेत्। अङ्गुष्ठमात्रः पुरुषः शमीपत्रं समारुहेत्।
व्रजँस्तिष्ठन् पदैकेन यथैवेकेन गच्छति। यथा तृणजलौकोऽयं देही कर्मानुगोऽवशः।।
— गरुडपुराणे २। ८। ४०—४१

५९. दुरात्मानश्च ताड्यन्ते किङ्करैः पाशवेष्टिताः। सुखेन कृतिनस्तत्र नीयन्ते नाकनायकैः।
दुःखेन पापिनो यान्ति यममार्गं सुदुर्गमम्। पुण्यकर्मरतान् सम्यक् स्नेहान्मित्रवदाचरेत्॥
आहूय पापिनः सर्वान् यमो दण्डेन तर्जयेत्। प्रलयाम्बुसुनिर्घोषो ह्यञ्जनाद्रिसमप्रभः।।
महिषस्थो दुराराध्यो विद्युत्तेजःसमद्युतिः। योजनत्रयविस्तारदेहो रुद्रोऽतिभीषणः॥
लोहदण्डधरो भीमः पाशपाणिर्दुराकृतिः। रक्तनेत्रोऽतिभयदो दर्शनं याति पापिनाम्।।
— गरुडपुराणे २। ५। १७—२२

रामशंकरभट्टाचार्यसम्पादितं चौ.सं.सि. प्रकाशितं प्रथमसंस्करणम्, सं. २०३१।

६०. धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम्। तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते।। — गीतायाम् ८। २५

६१. अथ य इमे ग्राम इष्टापूर्ते दत्तमित्युपासते ते धूममभिसंभवन्ति धूमाद्रात्रिं

रात्रेरपरपक्षमपरपक्षाद् यान् षड् दक्षिणेति मासास्तानेते संवत्सरमभिप्राप्नुवन्ति, मासेभ्यः पितृलोकम्, पितृलोकादाकाशमाकाशाच्चन्द्रमसमेषां सोमो राजा, तद् देवानामन्नं ते देवा भक्षयन्ति । – छान्दोग्योपनिषदि ५ । १० । ४

६२. आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन । मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते । सहस्रयुगपर्यन्तमहर्यद् ब्रह्मणो विदुः । रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ।। – गीतायाम् ८ । १६–१७

६३. विदेहानां प्रत्ययः भवप्रत्ययः। ते हि स्वसंस्कारमात्रोपयोगेन चित्तेन कैवल्यपदमिवानुभवन्तः स्वसंस्कारविपाकं तथाजातीयकमतिवाहयन्ति । तथा प्रकृतिलयाः साधिकारे चेतसि प्रकृतिलीने कैवल्यपदमिवानुभवन्ति यावन्न पुनरावर्तते ऽधिकारवशाच्चित्तमिति । – योगसूत्रे १ । १९भवप्रत्ययो विदेहप्रकृतिलयानामित्यत्र व्यासभाष्यम्

६४. अव्यक्ताद् व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे । रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके । भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते । रात्र्यागमे ऽवशः पार्थ प्रभवत्यहरागमे ।। – गीतायाम् ८ । १८–१९

६५. ऋतञ्च सत्यञ्चाभिद्धात्तपसोऽध्यजायत, ततो रात्र्यजायत,ततः समुद्रो अर्णवः, समुद्रादर्णवादधि संवत्सरो अजायत, अहोरात्राणि विदधद् विश्वस्य मिषतो वशी । सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् । दिवञ्च पृथिवीञ्चान्तरिक्षमथो स्वः ।। इति मन्त्रे यथापूर्वमकल्पयदित्युक्तेः ।

६६. ब्रह्मा येन कुलालवन्नियमितो ब्रह्माण्डभाण्डोदरे............तस्मै नमः कर्मणे ।। – भर्तृहरेः नीतिशतके ९६

६७. तस्मिन् यथासम्पातमुषित्वाथैतमेवाध्वानं पुनर्निवर्तन्ते यथेतमाकाशमाकाशाद् वायुं, वायुर्भूत्वा धूमो भवति, धूमो भूत्वाभ्रं भवति, अभ्रं भूत्वा मेघो भवति, मेघो भूत्वा प्रवर्षति, त इह व्रीहियवा ओषधिवनस्पतयस्तिलमाषा इति जायन्ते ऽतो वै खलु दुनिष्प्रतरं यो यो ह्यन्नमत्ति यो रेतः सिञ्चति तद्भूय एव भवति ।। – छान्दोग्योपनिषदि ५ । १० । ५–६

६८. विष्णुपुराणे खाण्डिल्यकेशिध्वजसंवादे – योगयुक् प्रथमं योगी युञ्जमानोऽभिधीयते । – तत्ववैशारद्याम् योगसूत्रव्याख्यायामुद्धृतम् ।
आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते । योगारूढस्य तस्यैव शमः कारणमुच्यते ।। – गीतायाम् ६ । ३

६९. तद् य इत्थं विदुः । ये चेमेऽरण्ये श्रद्धातप इत्युपासते तेऽर्चिषमभिसम्भवन्त्यर्चिषोऽहर ह्न आपूर्यमाणं पक्षमापूर्यमाणपक्षाद् यान् षडेति मासास्तान् मासेभ्यः संवत्सरं संवत्सरादादित्यमादित्याच्चन्द्रमसं चन्द्रमसो विद्युतं तत्पुरुषा मानवः स एनान् ब्रह्म गमयत्येष देवयानः पन्था ।। — छान्दोग्योपनिषदि ५ । १० । २
तथा – अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् । तत्र प्रयाता गच्छन्ति ब्रह्म

ब्रह्मविदो जनाः ।। – गीतायाम् ८ । २४

७०. चतुर्युगसहस्रं तु ब्रह्मणो दिनमुच्यते । स कल्पो यत्र मनवश्चतुर्दश विशाम्पते । तदन्ते प्रलयस्तावान् ब्राह्मी रात्रिरुदाहृता । त्रयो लोका इमे तत्र कल्पन्ते प्रलयाय हि । एष नैमित्तिकः प्रोक्तः प्रलयो यत्र विश्वसृक् । शेतेऽनन्तासनो विश्वमात्मसात्कृत्य विश्वसृक् ।। द्विपरार्धे त्वतिक्रान्ते ब्रह्मणः परमेष्ठिनः । तदा प्रकृतयः सप्त कल्पन्ते प्रलयाय वै ।। एष प्राकृतिको राजन् प्रलयो यत्र लीयते । आण्डकोशस्तु संघातो विघात उपसादिते ।। यदेवमेतेन विवेकहेतिना मायामयाहंकरणात्मबन्धनम् । छित्वाच्युतात्मानुभवोऽवतिष्ठते तमाहुरात्यन्तिकमङ्ग संप्लवम् ।। नित्यदा सर्वभूतानां ब्रह्मादीनां परन्तप । उत्पत्तिप्रलयावेके सूक्ष्मज्ञाः सम्प्रचक्षते ।। – भागवते १२ स्कन्धे ४ अध्याये

७१. ऋते ज्ञानान्न मुक्तिः । तमेव विदित्वातिमृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय ।। न तस्य प्राणा उत्क्रामन्ते । इहैव प्रविलीयते ।।

७२. तासां वासनानामनादित्वमाशिषो नित्यत्वात् । येयमात्माशीर्मा न भूवं न भूयासमिति सर्वस्य दृश्यते सा न स्वाभाविकी । कस्मात् ? जातमात्रस्यजन्तोरननुभूतमरणधर्मकस्य द्वेषो दुःखानुस्मृतिनिमित्तो मरणत्रासः कथं भवेत् । न च स्वाभाविकं वस्तु निमित्तमुपादत्ते । तस्मादनादिवासनानुविद्धमिदं चित्तं निमित्तवशात्काश्चिदेव वासनाः प्रतिलभ्य पुरुषस्य भोगायोपवर्तत इति ।। – तासामनादित्वं चाशिषो नित्यत्वादिति योगसूत्रे व्यासभाष्ये ५ । १० ।

७३. घटप्रासाददीपकल्पं संकोचविकासि चित्तं शरीरपरिमाणाकारमित्यपरे प्रपन्नाः । "तथा चान्तराभावः संसारश्च युक्तः" । इति । वृत्तिरेवास्य विभुनश्चित्तस्य सङ्कोचविकासिनीत्याचार्यः । तच्च धर्मादिनिमित्तापेक्षम् । – योगसूत्रे व्यासभाष्ये ४ । १०

७४. मनस्तु साधिकारमाश्रयो वासनानाम् । नह्यवसिताधिकारे मनसि निराश्रया वासना स्थातुमुत्सहन्ते ।– योगसूत्रे ४ । ११ व्यासभाष्ये

७५. यदायं ब्राह्मणः प्रसंख्याने ऽप्यकुसीदस्ततोऽपि न किञ्चित् प्रार्थयते । तत्रापि विरक्तस्य सर्वथा विवेकख्यातिरेव भवतीति संस्कारवीज–क्षयान्नास्य प्रत्ययान्तराण्युत्पद्यन्ते । तदास्य धर्ममेघो नाम समाधिर्भवति । – योगसूत्रे – प्रसंख्यानेऽप्यकुसीदस्य सर्वथा विवेकख्यातेर्धर्ममेघः समाधिरिति ४ । २९ सूत्रे व्यासभाष्ये ।

७६. तल्लाभादविद्यादयः क्लेशाः समूलकाषं कषिता भवन्ति । कुशलाकुशलाश्च कर्माशयाः समूलघातं हता भवन्ति,क्लेशकर्मनिवृत्तौ विद्वान् जीवन्नेव मुक्तो भवति । – ततः क्लेशकर्मनिवृत्तिरिति ४ । ३० योगसूत्रे व्यासभाष्ये ।

७७. पुरुषार्थशून्यानां गुणानां प्रतिप्रसवः कैवल्यं स्वरूपप्रतिष्ठा वा चितिशक्तिः । – योगसूत्रे ४ । ३४

७८.इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते । एतद् यो वेत्ति तं प्राहुः क्षेत्रज्ञमिति तद्विदः ।।
— गीतायाम् १३ । १

७९. स्थाल्यां वैदूर्यमय्यां पचति च लशुनं चान्दनैरिन्धनाद्यैः, सौवर्णैर्लाङ्गलाग्रैर्विलिखति वसुधामर्कमूलस्य हेतोः । छित्वा कर्पूरखण्डानि वृतिमिह कुरुते कोद्रवाणां समन्तात्, प्राप्येमां कर्मभूमिं चरति न मनुजो यस्तपो मन्दभाग्यः ।। -इति नीतिशतके १०१ भर्तृहरिः ।

८०अवश्यम्भाविनो भावा भवन्ति महतामपि । नग्नत्वं नीलकण्ठस्य महाहिशयनं हरेः ।। स्फुटम् ।।

८१. अनिमित्ता शरीराद्युत्पत्तिः, कस्मात् कण्टकतैक्ष्ण्यादिदर्शनात्, कण्टकस्य तैक्ष्ण्यम्,पर्वतादिधातूनां चित्रता, ग्राव्णां श्लक्ष्णता । निर्निमित्तं चोपादानं दृष्टम्, तथा शरीरादिसर्गोऽपीति । — अनिमित्ततो भावोत्पत्तिः कण्टकतैक्ष्ण्यादिदर्शनात् ४ । १ । २२ सूत्रे व्यासभाष्ये ।

८२. हेतुभूतिविरोधो न स्वानुपाख्यविधिर्न च । स्वभाववर्णना नैवमवधेर्नियतत्वतः ।। — न्यायकुसुमाञ्जलौ १ । ५

अकस्मादिति किं हेतुनिषेधपरं, भवननिषेधापरे वा स्वातिरिक्तहेतुनिषेधपरं, पारमार्थिकहेतुनिषेधपरं वा । अत्रोभयत्राहेतुकत्वमन्ते चालीक—हेतुकत्वञ्च पर्यवस्यति, स्वभावादित्यर्थपरं वा । स्वं कार्यम् अनुपाख्यमलीकम् । अवधेर्नियतत्वतो नियतावधिककार्यदर्शनात् अनियतावधिकत्वे च कादाचित्कत्वव्याकोप इति भावः । — तत्रैव हरिदासीयायां वृत्तौ ।

८३. पूर्वशरीरे या प्रवृत्तिर्वाग्बुद्धिशरीरारम्भलक्षणा तत् पूर्वकृतं कर्मोक्तम्, तस्य फलं तज्जनितौ धर्माधर्मौ तत्फलस्यानुवन्ध आत्मसमवेतस्यावस्थानं तेन प्रयुक्तेभ्यो भूतेभ्यस्तस्योत्पत्तिः शरीरस्य न स्वतन्त्रेभ्य इति । —पूर्वकृतफलानुवन्धात् तदुत्पत्तिः इति ३ । २ । ६० न्यायसूत्रभाष्ये ।

८४. चलनात्मकं कर्म । —तर्कसंग्रहे ।

८५. वुद्ध्यादयोऽष्टावात्ममात्रगुणाः । बुद्धीच्छाप्रयत्ना नित्या अनित्याश्च । नित्या ईश्वरस्य, अनित्या जीवस्य । —तर्कसंग्रहेऽन्नंभट्टः ।

८६. यथा कर्मनिरपेक्षेभ्यो भूतेभ्यो निर्वृत्ता मूर्तयः सिकतापाषाणगैरिकाञ्जनप्रभृतयः पुरुषार्थकारित्वादुपादीयन्ते तथा कर्मनिरपेक्षेभ्यो भूतेभ्यः शरीरमुत्पन्नं पुरुषार्थकारित्वादुपादीयते । —भूतेभ्यो मूर्त्यूत्पादवत्तदुपादानम् — ३ । २ । ६१ सूत्रे न्यायभाष्ये ।

८७. यथा शरीरोत्पत्तिः कर्मनिमित्ता साध्या तथ सिकताशर्करापाषाण-गैरिकाञ्जनप्रभृतीनामप्यकर्मनिमित्तः सर्गः साध्यः साध्यसमत्वादसाधन—मिति । भूतेभ्यो मूर्त्युत्पादनवदिति चानेन साध्यम् । — तत्रैव न साध्यसमत्वादिति — ३ । २ । ६२ सूत्रे

वात्स्यायनभाष्ये ।

८८. विषमश्चायमुपन्यासः, कस्मात् ? निर्बीजा इमा मूर्तय उत्पद्यन्ते, बीजपूर्विका तु शरीरोत्पत्तिः । मातृपितृशब्देन लोहितरेतसी बीजभूते गृह्येते, तत्र सत्वस्य गर्भवासानुभवनीयं कर्म पित्रोश्च पुत्रफलानुभवनीये कर्मणी मातुर्गर्भाशये शरीरोत्पत्तिं भूतेभ्यः प्रयोजयन्तीत्युपपन्नं बीजानुविधानमिति । – तत्रैव नोत्पत्तिनिमित्तत्वान्मातापित्रोः इति ३ । २ । ६७ सूत्रे वात्स्यायनभाष्ये ।

८९. न सर्वो दम्पत्योः संयोगे गर्भाधानहेतुर्दृश्यते, तत्रासति कर्मणि सति च भवतीत्यनुपपन्नो नियमाभाव इति, कर्मनिरपेक्षेषु शरीरोत्पत्तिहेतुषु नियमः स्यान्नह्यत्र कारणाभाव इति । – तत्रैव प्राप्तौ च नियमात् ३ । २ । ६५ सूत्रे भाष्ये ।

९०. अथ प्रमेयं निरूप्यते– तच्च त्रिविधम्–पशुः, पतिः, पाशश्चेति । ....तत्र पतिशब्देन इन्द्र इत्युक्ते देवेन्द्र इतिवत्, भामेत्युक्ते सत्यभामेतिवच्च नामैकदेशे नामग्रहणात् पशुपतिरिति हर उच्यते । ......तस्य परतत्वस्य स्वरूपलक्षणं पशुपाशप्रमाणागम्यं निर्मल–निरतिशयस्वप्रकाशज्ञानानन्दात्मकंविभुनित्यंस्वतन्त्रंशिवमिति।तस्य पञ्चविधकृत्यकारित्वं तटस्थलक्षणम् । तानि पञ्चविधकृत्यानि सृष्टिस्थितिसंहारतिरोधानानुग्रहाः । तदुक्तं श्रीमन्मृगेन्द्रे–जगज्जन्मस्थितिध्वंसतिरोभावविमुक्तयः । कृत्यं सकारकफलं ज्ञेयमस्यैतदेव हि । ।–इति मृ.प्र. २,श्लोक ३, शैवपरिभाषायां द्वितीयपरिच्छेदे ।

९१. तत्र पशुर्नाम देहेन्द्रियादिव्यतिरिक्तोनित्यश्चिदात्मकोऽनेको विभुरनादिमलात्मको ऽस्वतन्त्रः कर्ता च । अत्र देहेन्द्रियव्यतिरिक्त इत्यनेन देहेन्द्रियप्राणबुद्धचात्मनां निरासः । नित्य इत्यनेन क्षणिकात्मवादस्य, चिदात्मक इत्यनेन जडात्मवादस्य, अनेन इत्यनेन एकात्मवादस्य, विभु–रित्यनेनाणुपरिमाणमध्यमपरिमाणात्मवादयोः, अनादिमलावृतोऽस्वतन्त्र इत्याभ्यामात्मेश्वरवादस्य च व्यावृत्तिः । कर्तेत्यनेन साङ्ख्यात्मवादनिरासः ।–शैवपरिभाषायां तृतीयपरिच्छेदे ।

९२. जानामि धर्मं न च मे प्रवृत्तिः जानाम्यधर्मं न च मे निवृत्तिः । केनापि देवेन हृदिस्थितेन यथा नियुक्तोऽस्मि तथा करोमि । ।

९३. उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीर्दैवेन देयमिति कापुरुषा वदन्ति । दैवं निहत्य कुरु पौरुषमात्मशक्त्या यत्ने कृते यदि न सिध्यति कोऽत्र दोषः । ।

९४. ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् । तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् । ।–ईशोपनिषदि ।

९५. शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि संसारमायापरिवर्जितोऽसि ।

९६. (क) स यथाकामो भवति यत्क्रतुर्भवति, तत्क्रतुर्भवति, तत्कर्म कुरुते, यत्कर्म कुरुते तदभिसम्पद्यते । इति श्रुतिः । । (कुत्रेति द्रष्टव्यम्)

(ख) तत्र जरामरणकृतं दुःखं प्राप्नोति चेतनः पुरुषः । लिङ्गस्याविनिवृत्तेस्तस्माद् दुःखं स्वभावेन ॥ तेन निवृत्तप्रसवामर्थवशात् सप्तरूपविनिवृत्ताम् । प्रकृतिं पश्यति पुरुषः

प्रेक्षकवदवस्थितः स्वच्छः ।।–सांख्यकारिका ५५, ६४

९७. पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान् गुणान् । कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥ – गीतायाम् १३ । २१

तथा –यदा भूतपृथग्भावमेकस्थमनुपश्यति । तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ॥–तत्रैव १३ । ३०

९८. बुभुक्षितः किं न करोति पापं क्षीणा जना निष्करुणा भवन्ति । आख्याहि भद्रे प्रियदर्शनस्य न गङ्गदत्तः पुनरेति कूपम् ।।–पञ्चतन्त्रे ।

९९. अथ पाशपदार्थो निरूप्यते । तत्र पाशत्वं नाम चिदानन्दाभिव्यक्ति-विरोधित्वम् । तत्राणवमलस्याच्छादकतया तिरोधायकशक्तेस्तु तच्चोदयितृत्वे विन्दुमायाभोगभोग्यसम्पादनद्वारा वैषयिकजनकत्वेन च बोध्यम् । अयञ्च पाशः पञ्चविधः । आणवं तिरोधायकशक्तिर्विन्दुर्माया कर्म च । तत्र चत्वारः पदार्थाः जडरूपा तिरोधायकशक्तिस्तु चिद्रूपाऽपि पाशानुग्राहकतया पाश इत्युपचर्यते ।–शैवपरिभाषायां चतुर्थे परिच्छेदे ।

१००. अविशिष्टे तु भोक्तृत्वे भुञ्जते दिवि केचन । केचनावीचिमुख्येषु न स्यादेतदहेतुकम् ॥ यत्तत्र हेतुः कर्मेति मन्तव्यं मुनिपुङ्गवाः । उभयोः कृषिसाम्ये तु कश्चिद् धान्यानि यच्छति । न किञ्चिदपरस्तस्य कर्म कारणकं द्विजाः ।।–पो.मा.प.,श्लो. ३१–३३, शैवपरिभाषायामुद्धृताः ।

१०१. एतच्च कर्म त्रिविधम् मनोवाक्कायरूपकारणभेदात् । तत्र मनोजन्यमिष्टदेवता-नुध्यानपरस्त्रीजिहीर्षादिरूपम् । वाचिकं मन्त्रजप–परापवादादिरूपम् । कायिकं देवतार्चनागम्यागमनादिकम् । तथा तत्र कारणत्रैविध्यात् त्रिविधकर्मकार्यञ्च सुखदुःखादिकमाध्यात्मिकादिभेदेन त्रिविधम् । तत्र चित्तप्रसादोद्वेगादिकमाध्यात्मिकम्, चन्दनानुलेपनखड्गघातादिजन्यमाधिभौतिकम्, अभिमतानभिमतवर्षातपादिजन्य–माधिदैविकम् । तथा लौकिकवैदिकाध्यात्मिकमार्गिकमान्त्रभेदेन पञ्चविधं कर्म । तत्र वापीकूपनिर्माणाभक्ष्यभक्षणादिजनितं निवृत्तिकलाव्याप्ता–ध्वावधिभोगस्य तद्धेतु शरीरादेश्च जनकं लौकिकम् । ज्योतिष्टोमाद्यनुष्ठानजनितं प्रतिष्ठाकलाव्याप्ताध्वावधिभोगजनकं वैदिकम् । वैराग्यादि– जन्यं विद्याकलाव्याप्ताध्वावधिभोगजनकमाध्यात्मिकम् । भोगजन्यं शान्तिकलाव्याप्ताध्वावधिभोगजनकमाधिमार्गिकम् । विज्ञानजन्यं शान्त्यतीतकलाव्याप्ताध्वावधिभोगजनकं मान्त्रम् । तदेतत् पञ्चविधमपि कर्म वैषयिकसुखदुःखादिहेतुतया पाशः ।–शैवपरिभाषायां चतुर्थपरिच्छेदे ।

१०२. एतत्कर्माश्रयत्वेन प्रसिद्धाया मायायाः साक्षात् परम्परया च जातानि फलादीन्येकत्रिंशत्तत्वानि । तत्र भोगेयत्तापरिच्छेदात्मकस्य कलनस्य हेतुः कालः लवत्रुटयादिप्रतीतिविशेष्यो मायायाः प्राथमिको विकारः । केचित्तु कलैव प्रथमो विकार इत्याहु : । अयञ्च सृष्टिकालः, स्थितिकालः, संहारकालश्चेति त्रिविधः ।–शैवपरिभाषायां

तत्रैव ।

१०३. आहारनिद्राभयमैथुनानि सामान्यमेतत् पशुभिर्नराणाम् । धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समानाः ।।

१०४. एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः । स्वं स्व चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।– मनुस्मृतौ २ । २०

१०५. (क) रुचीनां वैचित्र्याद् ऋजुकुटिलनानापथजुषां नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ।।–महिम्नःस्तोत्रे पुष्पदन्तः ।

(ख) यो यो यां यां तनुं भक्तः श्रद्धयाऽर्चितुमिच्छति । तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् । स तया श्रद्धया युक्तस्तस्याराधनमीहते । लभते च ततः कामान् मयैव विहितान् हि तान् ।।–गीतायाम् ७ । २१–२२

१०६. यस विषयमा निर्णयसिन्धुको तृतीय परिच्छेदको उत्तरार्द्धमारहेको आशौचप्रकरणमा महामहोपाध्याय विद्याधर गौडले लेख्नुभएको 'हरिहरयागस्य यागत्वमस्ति न वा' भन्ने लेख दौलतराम गौडद्वारा सम्पादित, ठाकुर प्रसाद एण्ड सन्स वुक्सेलरद्वारा प्रकाशित निर्णयसिन्धुको १२०७ पृष्ठमा हेर्नुहोला ।

१०७. अट्टशूला जनपदाः शिवशूला द्विजातयः । कामिन्यः केशशूलिन्यः संभवन्ति कलौ युगे ।। –पद्मपुराणान्तर्गते भागवतमाहात्म्ये । अट्टमन्नं शिवो वेदः शूलो विक्रय उच्यते । केशो भगमिति प्रोक्तमृषिभिस्तत्वदर्शिभिः ।। – तत्रैव टीकायाम् ।

१०८. त्रिभिर्वर्षैस्त्रिभिर्मासैस्त्रिभिः पक्षैस्त्रिभिर्दिनैः । अत्युत्कटैः पापपुण्यैरिहैव फलमश्नुते ।।

१०९. ऊर्ध्वं गच्छन्ति सत्वस्था मध्ये तिष्ठन्ति राजसाः । जघन्यगुणवृत्तिस्था अधो तिष्ठन्ति तामसाः ।। – गीतायाम् १४ । १८

११०. यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम् । तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ।। – गीतायाम् ८ । ६

१११. एवमघटमानमनोरथाकुलहृदयो मृगदारकाभासेन स्वारब्धकर्मणा योगारम्भणतो विभ्रंशितः स योगतापसो भगवदाराधनलक्षणाच्च कथमितरथा जात्यन्तर एणकुणक आसङ्गः साक्षान्निःश्रेयसप्रतिपक्षतया प्राक्परित्यक्तदुस्त्यजहृदयाभिजातस्य तस्यैवमन्तराय-विहतयोगारम्भणस्य राजर्षेर्भरतस्य तावन्मृगार्भकपोषणपालनप्रीणनलालनानुषङ्गेणाविग-णयत आत्मानमहिरिवाखुविलं दुरतिक्रमः कालः करालरभस आपद्यत । – भागवते ५ । ८ । २६

११२. तदानीमपि पार्श्ववर्तिनमात्मजमिवानुशोचन्तमभिवीक्ष्यमाणो मृग एवाभिनिवेशितमना विसृज्य लोकमिमं सह मृगेण कलेवरं मृतमनु न मृतजन्मानुस्मृतिरितरवन्मृगशरीरमवाप । – तत्रैव ५ । ८ । २७

११३. तत्रापि ह वा आत्मनो मृगत्वकारणं भगवदाराधनसमीहानुभावेनानुस्मृत्य भृशमनुतप्यमान आह । – तत्रैव ५ । ८ । २८

११४. इत्येवं निगूढनिर्वेदो विसृज्य मृगीं मातरं पुनर्भगवत्क्षेत्रमुपशमशीलमुनिगणदयितं

शालग्रामं पुलस्त्यपुलहाश्रमं कालञ्जरात् प्रत्याजगाम । – भागवते ५ । ८ । ३०

११५. तस्मिन्नपि कालं प्रतीक्ष्यमाणः सङ्गाच्च भृशमुद्विग्न आत्मसहचर शुष्कपर्णतृणवीरुधा वर्तमानो मृगत्वनिमित्तावसानमेव गणयन् मृगशरीरं तीर्थोदकक्लिन्नमुत्ससर्ज । – तत्रैव भागवते ५ । ८ । ३१

११६. अथ कस्यचिद् द्विजवरस्याङ्गिरःप्रवरस्य शमदमतपःस्वाध्यायध्ययनत्यागसन्तोषतितिक्षा प्रश्रयविद्यानसूयात्मज्ञानानन्दयुक्तस्यात्मसदृश–श्रुतशीलाचाररूपोदार्यगुणा नव सोदर्या अङ्गजा बभूवुः मिथुनञ्च यवीयस्यां भार्यायाम् । यस्तु तत्र पुमाँस्तं परमभागवतं राजर्षिप्रवरं भरत–मुत्सृष्टर्मगशरीरं चरमशरीरेण विप्रत्वं गतमाहु : । – तत्रैव भागवते ५ । ९ । १–२

११७. तत्रापि स्वजनसङ्गाच्च भृशमुद्विजमानो भगवतः कर्मबन्धविध्वंसन–श्रवण–स्मरण–गुणविवरण–चरणारविन्दयुगलं मनसा विदधदात्मनः प्रतिघातमाशङ्कमानो भगवदनुग्रहेणानुस्मृतपूर्वजन्मावलिरात्मानमुन्मत्तजडान्धबधिरस्वरूपेण दर्शयामास लोकस्य । – तत्रैव भागवते ५ । ९ । ३

११८. शृणुष्वावहिता बाले युगोऽयं दारुणः कलिः । तेन लुप्तः सदाचारो योगमार्गस्तपांसि च ।
जना अघासुरायन्ते शाठचदुष्कर्मकारिणः । इह सन्तो विषीदन्ति प्रहृष्यन्ति ह्यसाधव : ।
धत्ते धैर्यं तु यो धीमान् स धीरः पण्डितोऽथ वा । अंस्पृश्यानवलोक्येयं शेषभारकरी धरा ।
– भागवतमाहात्म्ये १ । ५७–६०

११९. प्रीत्यप्रीतिविषादात्मकाःप्रकाशप्रवृत्तिनियमार्थाः।अन्योन्याभिभवाश्रयाजननमिथुनवृत्तयश्च गुणाः । । सत्त्वं लघु प्रकाशकमिष्टमुपष्टम्भकं चलं च रजः । गुरु वरणकमेव तमः प्रदीपवच्चार्थतो वृत्तिः । । – सांख्यकारिका १२–१३

१२०. न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः । सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात् त्रिभिर्गुणैः । । – गीतायाम् १८ । ४०

१२१. ब्राह्मणक्षत्रियविशां शूद्राणाञ्च परन्तप । कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः । । – गीतायाम् १८ । ४१

१२२. सुखाय चेत्तु स्पृहयत्सु तेषु न सानुदुःखेन ममार्जितोऽयम् । देशोऽस्ति तस्यां प्रतिजातिपुष्पवाटचस्ति सर्वेषु हि चेतनायाम् । शुद्धार्यभूमिर्ननु देश एष चत्वारि जातानि च वर्णभेदाः । षट्त्रिंशदस्या शुभवाटिकाया जह्युर्न केऽपि स्वकुलस्य धर्मम् ॥
गोरक्षशाहवंशमहाकाव्यम्, द्वादशः सर्गः, २१५ पृष्ठम् ।

१२३. शूद्रयोनावहंजातो नातोऽन्यद् वक्तुमुत्सहे । ब्राह्म्यां हि योनिमापन्नः सुगुह्यमपि यो वदेत् । न तेन गर्ह्यो देवानां तस्मादेतद् ब्रवीमि ते । । – महाभारते उद्योगपर्वणि ४१ । ५–६

◆◆

मित्राय श्रद्धाञ्जलिमर्पयामि

प्रा.डा.ऋषिराम पोखरेल

शरनेत्रनभोक्ष्यब्दे (२०२५) वैक्रमे दैवयोगतः ।
पूर्वत्रिभुवनाख्याने विश्वविद्यालये पुरा ॥१॥

तत्राचार्यविभागे नौ मेलनं विधिना कृतम् ।
ततः प्रभृति नौ मैत्री गभीरा शास्त्रचर्चिता ॥२॥

राधाकृष्ण-बाबुराम-दुर्गाप्रसादसंयुता ।
पञ्चाशद्वर्षपर्यन्ता जाता सत्सङ्गरूपिणी ॥३॥

दैवेन तैस्त्रिभिर्हीनो विधिना वञ्चितोऽस्म्यहम् ।
तेनात्यन्तं दुःखितोऽस्मि स्मृत्वा मित्रान् दिवङ्गतान् ॥४॥

मित्रैर्वियुक्तो विधिना च वाञ्चितः स्मरामि मित्रान् सुरलोकभाजः ।
ताँस्ताँन्स्मरँस्तच्चरितान् हृदिस्पृशः श्रद्धाञ्जलिनद्य समर्पयामि ॥५॥

प्राध्यापकस्त्वं गुरुवर्य मित्र दुर्गाप्रसादो नितरां विशुद्धः ।
षढ्ढा कृताचार्य सुधीवरस्त्वं विद्यार्णवत्वं समवाप्य सिद्धः ॥६॥

श्रीविश्वनाथभिधपुत्रवर्य कनिष्ठश्रीमत्पशुपत्सुपुत्रः ।
गङ्गासुशीलादुहितासनाथः सहस्रचन्द्रार्चनशुद्धभावः ॥७॥

सत्कर्मपुण्यार्जित-पौरुषार्थ हे मित्र यातोऽसि दिवं सुकीर्तिः ।
स्वाधीतशास्त्रार्थ-गभीरविद्या-विद्योतितान्तस्करणोऽसि मुक्तः ॥८॥

विकुण्ठभावोऽसि सदाम्बिकायाः पत्युः शिवस्याप्तवरप्रसादः ।
स्मरँस्त्वया सार्धमिहान्तरार्ण-विनोदमाधुर्य-मधुप्रमोदः ॥९॥

शिव प्रियस्त्वंसुतयोः प्रदत्तसुनामसार्थः शिवलोकमाप्य ।
रमँश्च तत्रैव शिवेन साकं श्रद्धाञ्जलिं स्वीकुरु मित्र मेऽद्य ॥१०॥

अन्त्याक्षरी-श्लोक-विनोदकर्ता सखे सदा स्मेरमुखः प्रशान्तः ।
द्विचक्रिकारोहक यात्रिवर्य प्रायः सदा वाग्वतिवारिभक्तः ॥११॥

दुर्गाप्रसादाभिध राष्ट्रसेवी गीर्वाणवाणी समुपासकोऽभूत् ।
मन्मित्रमित्येव ममास्ति दुःखं चेखिद्यते राष्ट्रमणिर्गतोऽसि ॥१२॥

सन्त्यत्रलोके जनदुःखदास्ते धर्मद्विषो दुष्टतराः प्रकामम् ।
न तान् जनः पश्यति कालदुतैर्नीतान् कथम् सज्जनता हि नीता : ॥१३॥

विधेर्विधानं खलु दोषदुष्टं किं वा विधानं हि तथैव जातम् ।
नकश्चिदिष्टेऽत्र विधेर्विधानं प्रमार्ष्टुमित्येव विभावयामि ॥ १४॥

तस्मात् सुतास्तेऽत्र समाश्वसन्तु दैवो बलीयानितिभावयन्तः ।
त्वदन्तरात्मानमतीव शान्तिं सम्भावयन्तो धृतिधारकाः स्युः ॥१५॥

अन्ये च सम्बन्धिजनाः कुटुम्बिनस् त्वत् सत्कृतिं चेतसि धारयन्तः ।
धैर्येण शान्त्या च सदा समेता भवन्तु दैवोऽस्त्वनुकूलकर्मा ॥१६॥

इत्येव सत्प्रार्थनया स्वकीयं मनः समाधाय धृति भजाम ।
हे मित्र दिव्योऽसि दिवङ्गतोऽसि दैवं समासाद्य सुखी भव त्वम् ॥१७॥

तन्मित्र प्राध्यापकवर्य तेऽध स्मरँश्च छिप्रोच्चरितां सुवाचम् ।
आचारनिष्ठाय शिवप्रियाय मित्राय श्रद्धाञ्जलिमर्पयामि ॥१८॥

◆◆

आस्तिक्यमूर्तिर्गुरु

प्रा. दुर्गाप्रसादो दाहाल

नेपालनाम्ना जगति प्रसिद्धा
भूरस्ति तैर्थी वसतिः सुराणाम्
प्राप्तुं जनिं यत्र समेपि मर्त्या
दीर्घं कठोरं तप आचरन्ति ॥१॥

तत्पश्चभूमौ रमणीयभागे
कास्कीति यन्मण्डलमस्ति दिव्यं
यत्र स्थिता पुष्करिणी समस्ते
लोकेपि फेवादिभिराप्तकीर्तिः ॥२॥

यत्पोखरासन्निकटे कवीनां
शिरोमणिः श्रीकविकेसरी च
लब्ध्वा जनिं ख्यातिमवापतुः स्म
पुण्यं स्थलं तत्स्पृहयेन्न को वै ॥३॥

दुर्गाप्रसादो यशसावदातः
थरं दवाड्याख्यमवाप्नुवन् यः
वसिष्ठवंशे भुवनप्रसिद्धे
तस्यां हि कास्क्यां समवाप जन्म ॥४॥

बाल्यात्स वा आस्तिकतां दधानः
संलालितः स्नेहतया जनन्या
व्रतेन बद्धो जनकस्य पार्श्वाद्
द्वयं हि विद्यां विनयञ्च लेभे ॥५॥

पश्चात्त्रिशले स्मरशासनस्य
स्थितेऽविमुक्ते नगरे गतः सः
पुण्यां नदीं विष्णुपदीं विगाह्य
जाज्वल्यमानां धिषणामवाप ॥६॥

विश्वेशभक्त्यापि च तस्य चित्ते
लोकातिगा प्रादुरभून्मनीषा
श्रीभैरवो ढुण्ड्यभिधो गणेशो
देव्यन्नपूर्णा च ददुः प्रसादम् ॥७॥

विद्यास्वरूपान् कृतिनो विशिष्टा-
नुपास्य लब्ध्वा सकलाश्च विद्याः
प्रायः स सर्वाषु विधासु तुल्यां
लब्ध्वा गतिं कृष्टिवरां बभूव ॥८॥

स्वदेशमागत्य बुधेन तेन
प्राध्यापनं पावनकार्यमापे
ख्यातेन तत्कीर्तिपुरेण साकं
वल्मीकजे चापि स देशिकोभूत् ॥९॥

विद्यार्थिनां यो हि हितेच्छुरासीद्
विशुद्धचित्तश्छलदम्भशून्यः
आचारदीप्तो गिरिजासहाय
आसीच्च भक्तः पशुपे ह्यनन्यः ॥१०॥

दृष्टः प्रदोषेत्यसकृन्मया सः
पत्यु पशूनां परिधौ पवित्रे
तद्भक्तिनिष्ठां सुदृढां विलोक्य
चेतो विमुग्धं सुभृशं ममापि ॥११॥

आचारनिष्ठां विमलां समीक्ष्य
जनाः स्मरन्ति स्म मुनिं वसिष्ठम्
घोरे कलौ चापि च केपि सन्तौ
भवन्ति तुल्या ऋषिभिर्विचित्रम् ॥१२॥

विश्वेशमाप्तस्तस्य बहूनि तस्य
यातानि वर्षाणि तथापि चित्ते
करोति वासं नितरां ततो हि
तत्पुण्यगाथात्र मया निबद्धा ॥१३॥

◆◆

विद्यानिधिं तं प्रणमामि

डा. लक्ष्मीकान्तः पन्थी

दुर्गाप्रसादो गुरुरस्ति विद्वान्
स व्याकृतिज्ञोऽपि च दर्शनज्ञः
शैवागमज्ञः शिवभक्त आसीद्
वेदान्तवेत्ताऽपि च तन्त्रवेत्ता ॥१॥

एमे पदे द्वे च स पारगोऽस्ति
साहित्यशास्त्रे विषयद्वये च
एषोऽस्ति विद्योदधिपारगोऽपि
लेखे कवित्वेऽपि च शक्तिमान् सः ॥२॥

कास्कीप्रदेशे खलु यस्य जन्म
नेपालदेशे हिमशैलशोभे
काशीप्रदेशेऽप्यपठत् स विद्वान्
यत्रास्ति विद्यानगरी प्रसिद्धा ॥३॥

साहित्यवेदान्तविचक्षणोऽयं
आसीत् पुराणेऽपि च भारतादौ
ममास्ति विद्योदधिपारकार्ये
निर्देशकोऽयं खलु धर्मशास्त्रे ॥४॥

विद्यालये सँस्कृतविश्वपूर्वे
प्राध्यापकोऽभूत् किल दर्शनस्य
विद्यानिधिं तं प्रणमामि नित्यं
विनीतवाग्वेषचरित्रशीलम् ॥५॥

आसीत् सदाचारणशीलरतः सदैव
दुर्गाप्रसादगुरुसाधुसमः सुशीलः
जीवन् स वेदवसुसम्मित सत्यवादी
सोस्मान् विहाय गतवान् सुरलोकमद्य ॥६॥

◆◆

श्रद्धासुमन

प्रा. शिवहरि मरहट्टा
पूर्व उपकुलपति

गङ्गाका तटको प्रसिद्ध नगरी वाराणसीमा बसी
भाषा, कोष र काव्य, दर्शन पढे जस्ले घुँडा नै धसी ।
कास्की कोट-निवास, विप्रकुलका दुर्गा दवाडीसरि[1]
सादा जीवन उच्च त्यो सरलता राख्लान् अरू के गरी ? ॥

१

प्राक्-शिक्षा गुरु सेतुबाट घरमै पाएर काशी गए
पढ्ने मात्र कहाँ, त्यहाँ गुरु बनी पढ्दै पढाई रहे ।
धेरै वर्ष बसेर कीर्तिपुरको त्यो विश्वविद्यालय
पक्री शिक्षणमा प्रवर्तित बने बन्दै खुवै हर्षित ! ॥

२

शिक्षा नूतन जो चलेपछि भने वाल्मीकि संपीठमा
गर्थे शिक्षण दीर्घ कालतक नै निष्ठा र सद्भावमा ।
जस्का पाणिनि शास्त्र, दर्शन तथा वेदान्त औ तन्त्रका
ती ती उच्च उपाधि भूषण बने आचार्यका रूपका ॥

३

विद्यावारिधिको उपाधि पनि हो अर्को अलङ्कार त
लेख्ने पढ्न पढाउने विषयमा अत्यन्त उत्साहित ।
गोर्खा गाउँसुधार कार्यहरूमा जाँदा मनःकामना
धाएथे दुइपल्ट बिर्सुं कसरी, छन् धेर ती सम्झना ॥

४

गर्थेनन् कहिल्यै कतै पनि कुनै बिझ्ने र दुख्ने कुरा
सत्कर्मी मुनितुल्य जीवन बित्यो[2] कर्तव्य गर्दै पुरा ।

१' जन्म-१९८५ माघ ४

२' देहावसान-२०६९ पुष २५

विद्यावंश-परम्परा सुत दुवै सम्मानले धान्दछन्
बाबाका कृति ग्रन्थराशि ममता राखेर जोगाउँछन् ॥

५

शिक्षा प्राविधिकी पढी रुचिसँगै इन्जिनीयर् भैकन
नाती ती कमलेश आगममुखी आचार्यको धारण ।
गर्नानिम्ति पितामह-प्रभृतिको सत्प्रेरणा छैन र ।
जो हुन् सज्जनबाट प्रेरित हुने संस्कार बिर्सन्छ र ? ॥

६

यात्राभोजन छोहरा नरिवल प्यारो छ मिश्रीसित
लोकाचार र खानपान-विधि के मिल्थे र अर्कासित ।
आस्था साथ प्रदोषको व्रत लिँदै गर्थे शिवाराधन
आफ्ना संस्कृति धर्म- कर्मविधिमा व्याख्या र विश्लेषण ॥

७

हिँड्ने साधन एक साइकल जो दौडाउँदा मार्गमा
तर्सन्थे बटुवा तथापि घटना सुन्नै परेनन् जहाँ ।
चिन्नेले 'मनका सफा सहृदयी भन्थे मनीषी गुणी
यस्ता मानिस पाइँदैन सजिलै धेरै चहारे पनि' ॥

८

नाना ती उपचारले नत कुनै आशा भरोसा दिए
खाँचो धेर अझै छ तैपनि छिटै लागे कता अल्पिए ।
विद्याभ्यास तथा सदाचरण नै जस्का थिए भूषण
ती विद्याधर मान्य दु.प्र. गुरुमा यो शैव श्रद्धार्पण ! ॥

९

सच्चा सात्त्विक धर्मप्राण बुधका व्यक्तित्वको मापन
गर्ने ग्रन्थ प्रकाशनिम्ति घरमा छन् यत्न सुन्दैछु म ।
बन्लान् रक्षित योगदान गुण, यी आशा र विश्वासमा
अर्पें वीरस पद्यपुष्प-दशले कैवल्यको कामना ॥

१०

२०७८ चैत्र १३ आइतबार *डल्लु आवास, स्वयम्भू*

◆◆

आचारैकनिलय दुर्गाप्रसाद दवाडी

प्रा.डा. दीर्घराज घिमिरे

सांसारिक प्राणीमा तुलना सबैको एकै हिसाबमा हुँदैन, त्यो संभव होइन र वस्तुनिष्ठ विशेषता पनि होइन । तथापि केही साधर्म्य र केही वैधर्म्य जहाँपनि हुन्छन्- कुनै वस्तु वा व्यक्तिको विशेषता निरूपणमा वैधर्म्य प्रयोजक हुन्छ, साधर्म्य हुन सक्तैन । प्रयोजक पनि सजातीयमा अन्वेषण हुनुपर्छ, विजातीयमा होइन । मानिसको सजातीय मानिस नै हो, गो अश्वादि पशुवर्ग हुँदैनन् । मानिसका पनि अनेक समुदाय हुन्छन्- जाति समुदाय, व्यावसायिक समुदाय, वर्ग समुदाय आदि ।

यहाँ चर्चा गर्न उत्थापित वर्गविशेष हो- वर्गभित्र पनि व्यक्तिविशेषको व्यक्तिविशेषबाट वा समुदायविशेषबाट वैधर्म्य खोजिनुपर्छ; अनि मात्र अमुकव्यक्ति अमुक अमुक व्यावर्तक धर्मबाट व्यावृत्त हुन्, अतः समाजका विशिष्ट व्यक्ति हुन् भन्न निमित्त बन्दछ, त्यसपछि सम्बन्धित क्षेत्रले विशिष्ट व्यक्ति भन्ने बुझ्दछन् । क्रमशः सामाजिक परिचय उद्भूत हुन्छ, राष्ट्र-राष्ट्रान्तरमा ख्याति हुन्छ- त्यसैमध्येका एक व्यक्ति प्राध्यापक दुर्गाप्रसाद दवाडी हुन् ।

सहचारी वर्गले उनको विशेषता आचारमा इङ्गित गरेको मलाई सम्झना छ । सुनेको कुरा हो कीर्तिपुर विश्वविद्यालय आवासगृहमा रहँदा शीतकाल (हेमन्तशिशिर) ऋतुमा समेत वाग्मतीमा प्रातःस्नान गर्ने, त्यसपछिका कृत्यान्तर भने आवासमा नै हुने होलान् । त्यतिबेला र अहिले पनि वस्तुगति आकलन गर्दा स्नान सम्बन्धि तथ्य जडश्रद्धामा आधारित हो भन्ने मलाई लागेन, किनभने प्रातःस्नान तदुत्तर कर्माधिकार प्रयोजक हो ।

दृष्टफल, अदृष्टफल र दृष्टादृष्टफल सम्पादक कर्म हुन्छन् । यसै लोकमा फल हुने दृष्ट, लोकान्तरमा फल हुने अदृष्ट, दुवैतिर फल हुने दृष्टादृष्ट हुन् । तिनको विवेक यहाँ प्रासङ्गिक होइन- यो त परिचयात्मक प्रस्तुति हो । अवसरान्तरमा प्रसङ्ग मिले कर्मविवेक संभव होला- अब प्रसङ्गतः छोटो प्रस्तुति-

आह्निक कर्ममा पर्ने प्रमुख कृत्य स्नानै हो । अदृष्ट फलाधायी यो होइन 'संभवति दृष्टफले अदृष्टकल्पना अन्याय्या' दृष्टफल हुँदाहुँदै अदृष्यफल कल्पना उचित होइन, त्यसो गर्नु अन्याय हुन जान्छ । जस्तो पनि स्नानबाट मलापहार सामान्यतः होला, चित्तशोधक वा लोकान्तर फलभोगार्थ कर्माधिकार चाहिँ मर्यादा र विधिविहित स्नानमै हुन्छ । स्नान हुँदैमा अदृष्यफलाधायि कर्माधिकारिता आउँदैन- त्यसैले विद्वान् दवाडीको स्नान वाग्मती भएको उक्त प्रसङ्गले हो । कालान्तरमा स्वगृह निर्मितिपछि गृहपरिसरमा कूप निर्माण गरी स्नानादि त्यही हुने गरेको हो भन्ने श्रुतिपथमा आएको हो ।

स्नानसम्बन्धी तथ्यनिर्देशको अभावमा उपरिवर्णित विषय विश्वासार्ह हुँदैन । तदर्थ तथ्यदिग्दर्शन उपयुक्त नै होला । स्नान धेरै किसिमका हुने भएपनि कर्माधिकारलाई स्नानको संक्षिप्त तथ्य, स्नान सामान्यतः तीन किसिममा वर्गीकृत छ। ब्राह्मस्नान- मानुषस्नान- पैशाच स्नान । यो पनि समुद्रगानदी गङ्गानदी-कूप- गृहमा उत्तरोत्तरको अपेक्षा पूर्व-पूर्वका उत्तम हुन् । स्नान दृष्टफलाधायी भएपनि ब्राह्मस्नान मन्त्रोच्चारण र विधिअनुसार हुने हुँदा चित्तशोधक र अदृष्टफलातिशयात्मक हो । मानुषस्नानमा चित्तशोधकतातिशय र अदृष्टफलारम्भकतातिशय रहँदैन, सामान्यतः कर्माधिकारिता रहन्छ । पैशाचस्नान अधम हो । जुन स्नान शौचालयमा हुने गर्छ मन्त्रोच्चारण त्यहाँ गर्नु हुँदैन दोषावह हुन्छ । त्यस्तो स्नानबाट कर्माधिकारिता सर्वथा हुँदैन-बरू अशुद्धिको आधान हुन्छ । त्यसैले अहिले पनि श्रौताचारी शौचालयमा स्नान गर्दैनन् । न बग्ने, दूषित जलाधार, पोखरी आदिको स्नान पनि पैशाचै हो । यस हेतु श्रेयोर्थीले उक्त कुरा विचार गरेर स्नान गर्नुपर्छ । अनि कसरी हुन सक्छ त दवाडीजस्ता श्रौताचारीको जथाभावी स्नान ? वहाँसँग धेरै सम्पर्क नभएपनि एउटै संस्थान भएकाले ज्ञान त हुने नै भयो । एकपटक विराटनगर र फेरि दाङमा सहकार्यको प्रसङ्ग पर्न गयो- विराटनगरको करीब एक महिने बसाइमा वासस्थानबाट एक कोस टाढा पर्ने खोलामा स्नान गर्ने- दाङमा त्यही स्थिति मैले पनि देखेको हो । अरु प्रसङ्गमा कहिले मात्र सहकार्य हुन्थ्यो । वहाँबारे अन्य विविध पक्ष होलान्- अरु विद्वान्बाट आएकै होलान् । यो छोटो संस्मरण वहाँकै पुत्र सहप्राध्यापक विश्वनाथ दवाडीको अनुरोधमा भएको हो । यत्तिकैमा वाक्पुष्परूप अञ्जलि प्रा.डा. दुर्गाप्रसाद दवाडीमा समर्पण ।

प्रा.डा. दुर्गाप्रसाद दवाडी : एक संस्मरण

प्रा.डा.ऋषिराम पोखरेल

१) संयोग र सम्बन्ध

संसारको सार श्रीहरिको संकीर्तन हो । जीवनको सार त्याग र सेवामय जीवनयात्रा हो । यो कुरा सादा जीवन उच्चविचारबाट सम्भव हुन्छ भन्ने कुरा विद्वान मित्र प्रा.डा. दुर्गाप्रसाद दवाडीजीले चरितार्थ गराउनु भयो । त्रियासी वर्ष १ महीनां २१ दिनको जीवन बिताउनु भएका प्रा.डा. दवाडी गुरुलाई मेरो एक सहृदयी आत्मीय मित्रका साथै एउटा आदर्श व्यक्तिका रूपमा समेत मैले मानेको छु । वहाँको जीवनको उर्वरकाल प्रायः भारतको वाराणसीमा नै वितेको थियो भन्दा हुन्छ किनभने वहाँले माध्यामिक स्तरदेखि विद्यावारिधि सम्मको अध्ययन वाराणसीबाटै गर्नुभएको र नव्य व्याकरणमा आचार्य परीक्षा दिँदादेखि नै वाराणसीस्थित श्री अन्नपूर्णागुरुकुलब्रह्मचर्य आश्रममा अध्यापन गर्न सुरु गरी त्यहाँ सात वर्ष पढाएर वाराणसीकै मङ्गलागौरीस्थित नेपाली संस्कृत महाविद्यालयमा करीब १० वर्षको प्राध्यापन गरेपछि लगभग ४० वर्षको उमेरमा काठमाडौं आएर वहाँले २०२५ सालबाट त्रिभुवन विश्वविद्यालय अन्तर्गत आचार्य विभागमा सर्वदर्शन विषयको उपप्राध्यापक पदमा सेवा गर्न आरम्भ गर्नु भएको थियो । सम्भवतः त्यसअघि मेरो वहाँसँग सम्पर्क सम्बन्ध भएको थिएन । वहाँ एकजना विद्वान् व्यक्ति जो कि नव्यव्याकरणाचार्य भएपछि आगम (तन्त्र) मा आचार्य, शाङ्करवेदान्तमा आचार्य, सर्वदर्शनमा आचार्य, संस्कृत एम्.ए. र हिन्दी एम्.ए. समेत ६ विषयमा स्नातकोत्तर तह समुत्तीर्ण हुनुहुन्थ्यो जब कि शुक्लयजुर्वेदको आचार्य समुत्तीर्ण मेरा निम्ति वहाँ बृहस्पति ताराझैं लाग्नुहुन्थ्यो । वहाँ सँगैजस्तो मैले पनि २०२५ वैशाख ७ बाट वहाँले असारबाट त्रि.वि.मा प्रवेश गरेका हौं । त्यसमा पनि दुवैले आचार्य विभागमा नै सेवा गर्थ्यौं । यो हाम्रो सान्निध्य र सहकार्यको सुन्दर संयोग नै थियो । मैले तपस्वी ठानेको गुरुवर मित्र दवाडीज्यूसँग पछि २०२८ ताका म त्रि.वि.प्राध्यापक आवासगृह कीर्तिपुरमा वहाँको साथै बस्न थाले । हामी छिमेकी पनि भयौं ।

२) सहकार्य

आचार्य विभागका अध्यक्ष प्रा.डा.हरिदेव मिश्रका मातहत रहेर प्राध्यापन कार्य गर्दै जाँदा हाम्रो सहयात्राको विस्तार अझबढी हुँदै गयो । आवासगृहमा हामी आचार्य विभागका ४।५ जाना थियौं । पछि डा.बाबुराम पोखरेल पनि (२८ सालको सुरुबाट) पढाउन थालेर आवासगृहमा नै वस्न आउनु भयो । डा. राधाकृष्ण अगाडि नै आवासगृहमा बस्नु भएको थियो । गवेषक आवासमा केही समयसम्म प्रा.डा.शिवराज आचार्य पनि रहनु हुन्थ्यो जो सँग मेरो संस्कृत छात्रावास (२०१६-०२४) बसाइको समय बितेको थियो । तापनि हाम्रो वहाँसँग त्यति प्रगाढ दोस्ती रहेन । वहाँ वेदान्तका, म वेदको, डा.दवाडीजी सर्वदर्शनको, डा.बाबुरामजी पुराणेतिहासको, डा. राधाकृष्ण अधिकारीजी धर्मशास्त्रको, डा. प्रयागराज शर्मा (पण्डित), डा. रामनिवास पाण्डेय र प्रा.विष्णु बहादुर श्रेष्ठ संस्कृतिको, डा.मजुपुरिया विज्ञानको, प्रा.डा.सुर्यनारायण गोप हिन्दीको, डा.श्रीजीवन श्रेष्ठ र प्रा. महेन्द्र गिरी जूलोजीको,डा. वासुदेव त्रिपाठी, डा. हिमांशु थापा, वल्लभमणि दाहाल र डा. चूडामणि बन्धु नेपालीको समेत १६।१७ जना हामी प्राध्यापकहरू प्राय : आपसी हेलमेल भएका सहकर्मी थियौं । तापनि विभाग र विषयगत सन्निकर्षले डा. दवाडी, डा. राधाकृष्ण, डा. बाबुराम र मेरो सहयात्रा अविस्मरणीय रह्यो । फुर्सत भयो कि हामी एकै ठाउँ जम्मा हुन्थ्यौ र कुनै न कुनै शास्त्रीय विषयको चर्चा गर्दथ्यौं । प्रायः जसो दवाडीजी, राधाकृष्ण र मेरो भेट भएपछि अन्ताक्षरी (श्लोकको अथवा अष्टाध्यायी सूत्रको) चल्ने गर्दथ्यो । वाल्मीकि विद्यापीठमा नै हामी दुवै जना (२०४३ वाट म.सं.वि. छुट्टै बनेपछि) पनि हाम्रो यो क्रम चल्दथ्यो ।

३) श्रद्धावान् व्यक्तित्व

नेपाल संस्कृत विद्वत्परिषद् , शास्त्रानुसन्धान परिषद् तथा पाठ्यक्रम निर्माण समिति, आदिमा पनि हाम्रो सहकार्य भै नै रहन्थ्यो । कतिपय असमञ्जस परिस्थितिमा पनि धैर्य, उत्साह र प्रेरणा दिनु हुने सन्त विद्वान् प्रा.डा. दवाडी ज्यू प्राध्यापक आवास गृहमा बस्दा बिहान सबेरै उठेर यदाकदा रातमा पनि गङ्गे हर भन्दै सुन्दरीघाटको वाग्मतीमा नित्य स्नान गर्नु हुन्थ्यो । डा. प्रयागराज र म लगायतले वाग्मती ढलमती भैसकिन् चर्मरोग हुन्छ गुरु अब वाग्मतीमा स्नान

हैन सेचन मात्र गरौं भन्दा पनि वहाँ हाम्रो सल्लाह मान्नु हुन्नथ्यो तर पछि पछि साच्चै नै शरीरमा काला काला धब्बा र बिमिरा आउन थालेपछि बल्ल तल्ल कर बलले वहाँले सुन्दरीघाटको नित्यस्नान छोड्नु भयो तर पनि प्रत्येक प्रदोषको व्रत गर्दै वहाँले पशुपति आर्यघाट गएर वाग्मती स्नान गरी वाग्मतीको जल भगवान् पशुपतिनाथमा चढाउन चाहिँ छोड्नु भएको थिएन । यसरी साह्रै आस्तिक र सदाचारी हुनाले मेरो भाइ डा.बद्री पोखरेलले गुरुसँगै सर्वदर्शन पढी अत्यन्त आदर गर्दथे, उहाँले नै चावहिल भगवान् स्थानको भाइको घरमा श्रीमद्देवीभागवत नवाह यज्ञको आचार्य बनेर देवीभागवत पाठपारायण र व्याख्या सुनाई आमा खोदकुमारी, वैनी मर्णिकर्णिका, मन्दाकिनी र ज्वाईहरू समेतको श्रद्धाको केन्द्र पनि बन्नु भएको थियो । ती नौ दिनसम्म कथा सुन्ने र माईकको व्यवस्था मिलाउने सौभाग्य मैले पनि पाएको थिएँ ।

४) वैदुष्य

प्रा.डा. दुर्गाप्रसाद दवाडी स्वयंमा नै एउटा सर्वतोमुखी विद्वत्ताको प्रतिमूर्ति हुनुहुन्थ्यो । धर्मशास्त्र, मीमांसा, इतिहास, पुराण, धर्म, दर्शन, तन्त्रशास्त्र, व्याकरण लगायत प्राय सवै शास्त्रीय विषयमा गम्भीर अध्ययन भएका डा. दवाडीले लेख्नुभएका लेख रचनाहरू पढ्दा वहाँ सर्वतोमुखी प्रतिभा र स्वाध्याय साधनाका साक्षात् मूर्ति नै भएझैं लाग्दछ । जसले जे कुरा सोध्न आए पनि वहाँले सटीक शास्त्रीय समाधान दिएर सहयोग गर्नुहुन्थ्यो । प्रत्येक प्रदोषमा भगवान् पशुपतिनाथको दर्शन गरी वाल्मीकि विद्यापीठमा पढाएर साँझपख घर (कीर्तिपुर प्राध्यापक आवास) मा पुगेर सन्ध्यावन्दना र शिवपूजा गरेपछि मात्र भोजन गर्नु हुन्थ्यो । उहाँका घरमा प्रायः दर्शन, व्याकरण, तन्त्र र साहित्य पढ्ने विद्यार्थीहरू कुनैदिन पनि खाली हुदैन थिए । पत्रपत्रिकाहरूका अनुरोधअनुसार विभिन्न आयाम र विषयमा शोधपूर्ण लेख लेखी रहने र सधैंजसो कीर्तिपुरदेखि वाल्मीकि क्याम्पससम्म साइकलमा नै यात्रा गर्ने प्रा.डा. दवाडीजीलाई परिश्रमी, उदारमना विद्याव्यसनी धर्मकर्मनिष्ठ मिलनसार विशिष्ट विद्वान्का रूपमा मैले २०२५ सालदेखि जान्दै र विद्यापीठ, विश्वविद्यालय, प्राज्ञिक परिषद्, अनुसन्धान परिषद्, विषय समिति, प्रश्न संशोधनमण्डल लगायतमा समेत सहकार्य गर्दा सुखानुभूति हुन्थ्यो ।

५) उपसंहार

यस्ता सुयोग्य विद्वान्, लेखक, कर्मठ, राष्ट्रसेवक, कर्मनिष्ठ, धर्मप्रेमी, सदाचारी सज्जनको सहकर्मी, साथी र सहृदयी मित्र बन्ने अवसर मैले पाएको थिएँ । यसरी करिब ५० वर्षको सहयात्री एवं सहयोगी, हितैषी, अन्तरङ्ग मित्र विद्वान् साथी गुमाउनु परेकोमा स्वयम्मा गहिरो दुःखको अनुभव भयो भने मैले उहाँको स्वर्गारोहणवाट राष्ट्रले अपूरणीय क्षति सहनुपरेको ठानेको छु । यस क्रममा पतिपरायणा मित्रपत्नी र उहाँको विश्वनाथ नगरीय संस्मरण गराउने ज्येष्ठ सुपुत्र विश्वनाथ दवाडी, भोलाबाबा पशुपतिनाथको सलरता सम्झाउने कनिष्ठ पुत्र पशुपति दवाडी, छोरी गङ्गा, सुशीला लगायत सबै परिवार सदस्य र कुटुम्बहरूप्रति हार्दिक सहानुभूतिपूर्ण समवेदना व्यक्त गर्दै दिवङ्गत मित्रवर प्रा.डा.दुर्गाप्रसाद दवाडीलाई अक्षयशान्तिपूर्ण ब्रह्मसायुज्य प्राप्त होस् भनी विश्वेश्वर भगवान् पशुपतिनाथसँग करवद्ध प्रार्थनासहित वहाँमा हार्दिक श्रद्धान्जलि समर्पण गर्दै प्रस्तुत संस्मरण लघुलेखलाई यहीं उपसंहार गर्दछु ।

जय शिवशङ्कर जय दुर्गे

◆◆

खरानीले ढाकिएको फिलुङ्गो प्रा.डा. दुर्गाप्रसाद दवाडी (१९८५-२०६९)

प्रा.डा. राजाराम सुवेदी

कास्कीकोट गा.वि.स. वार्ड नं. ५ मौला माथिको गाउँमा पिता सेतु दवाडी माता मधीदेवीका गर्भबाट ठूलाकान्छा छोराको रूपमा जन्मेका दुर्गाप्रसाद दवाडी अर्चलेका कवि शिरोमणि लेखनाथ पौडेलका बाजे (१९०१-१९५५) पं. ध्रुव शर्मा भन्दा पनि भारिविद्वान्को नाम हो । आफ्नै गाउँको मौलापाठशालामा बाह्रखरी पढेका दुर्गाप्रसादलाई ९ वर्षको छँदा सेतु दवाडीले डोऱ्याउँदै र कन्धरकुटी हाल्दै आफ्नी बहिनी रहेको ठाउँ बनारस पुऱ्याएर छोडे । त्यहाँ उनले विद्यालय, विद्यापीठ, विश्वविद्यालयको पढाई पूरा गरे । दुर्गाप्रसादले हिन्दीमा १९६१ एम.ए., नव्यव्याकरण १९५३, शाङ्करवेदान्त १९५८, दर्शन १९६३, आगम शास्त्रमा स्नातकोत्तर, वेदप्राच्यदर्शनधर्मकर्मसिद्धान्तमा विद्यावारिधि गरेका थिए । उनले बनारसमा १७ वर्ष पढाएर त्रि.वि.मा २५ वर्ष सेवा गरी ४२ वर्षको शिक्षण अनुभव सँगालेका थिए । महेन्द्र विद्याभूषण "क र ख" प्राप्त दुर्गाप्रसाद दवाडीलाई वनारसबाट नेपालमा प्राध्यापकको रूपमा ल्याउँदा सरदार रुद्रराज पाण्डेले त्यो दवाडी भनेको को हो ? भनी सोद्धामा पं. पद्मप्रसाद भट्टराईले "खरानीले ढाकिएको फिलुङ्गो हो" भन्ने जवाफ दिएका थिए ।

प्रसस्त लेखन र सम्पादन गर्ने सफल प्रा.डा. दुर्गाप्रसाद दवाडीबाट संस्कृतमा २०२३ भन्दापछि जो जोले विद्यावारिधि गरे ती ती व्यक्तिलाई मद्दत मिल्यो तापनि नाउँ उल्लेख गरेनन् । नेपाली र संस्कृति विभागका एक प्राध्यापकले पनि उनैको मद्दतबाट विद्यावारिधि गरे तर नाम उल्लेख गरेनन् । सायद त्यसो गर्नुमा प्रा.डा. दवाडीकै इच्छापूर्वक हुन सक्छ । भगवान् पशुपतिनाथको स्वरूप तथा महिमा २०४४, श्रीमद्भागवत स्तवराजको सम्पादन २०६८ गरेका प्रा.डा. दुर्गाप्रसादका वैदिक संस्कृतमा राष्ट्रवाद २०७६ शरीर विचार नामक कृति प्रकाशित छन् र उनले लेखेका कैयौ कृति अरुका

नाउमा प्रकाशित भएका छन् । त्यो कुरा समयले खोजी गर्नेछ । शिक्षण पेशा रुखो र आयस्रोत सीमित रहँदा कृति लेखी प्रकाशन गर्न गाह्रै पर्छ र त्यस्ता कृति अन्यले लगेका हुनसक्छन् । पुराणवाचन पनि प्रा.डा. दुर्गाप्रसाद दवाडीको सहायक पेशा रह्यो । नेपाल संस्कृतपरिषद् नेपाल प्राध्यापक संघ, नेपाल विद्धत्सभा । धर्मप्रचारिणी समितिका सदस्य रहेका उनी संस्कृतको सर्वदर्शन र पूर्वमीमांसाका विभागाध्यक्ष पनि रहेका थिए । संस्कृतका विभिन्न ठाउँमा गोष्ठी भएका बेला उनी काश्मीर, राजस्थान, गढवाल, वाराणसी र मद्रासमा सहभागी भएका थिए । नेपालका विभिन्न ठाउँमा उनलाई वक्तव्य दिन र लेखनका कार्यको प्रस्ताव आउँथ्यो र ती ती ठाउँमा जाने बस्ने गर्दथे । जातपात, धर्मनिष्ठा, कर्मकाण्ड, नित्यकर्ममा कट्टर प्रा.डा. दुर्गाप्रसाद दवाडी नेपाली पोशाक दौरा सुरुवाल, कमीज सुरुवाल, कमेज धोती, पेटे भोटो धोती लगाउँथे । सेता, पहेंला र रातोगेरु रङका कपडा मन पराउने उनको खाना घिउभात हो । गुनी गाईजस्ता उनी प्रत्येकलाई आफ्नो ज्ञानबलले सन्तुष्ट गराउँथे । सात्विक मतिका उनी परनिन्दा गर्दैनथे ।

◆◆

संस्कृतशिक्षामा प्रा. डा. दुर्गाप्रसाद दवाडी गुरुको योगदान

प्रा.डा.विष्णुप्रसाद देवकोटा

प्रा. दुर्गाप्रसाद गुरु वास्तवमा दुर्गाप्रसाद हुनुहुन्थ्यो । दुर्गा र दुर्गाबाट उपलक्षित भगवान् र भगवतीका सच्चा भक्त एवं शास्त्रपरायण हुनुहुन्थ्यो वहाँ । सनातनधर्मका सच्चा उपासक र शास्त्रविहित कर्मका नित्योपासक । तपस्वी र सादगीका उपासक । आडम्बररहित जीवनशैलीका पालक र आदर्शचरित्र हुनुहुन्थ्यो वहाँ । वहाँको जीवनशैली सादगी र धर्मसांस्कारपरायणताका कारण वहाँ हामी सबैका गुरु हुनुहुन्थ्यो । शास्त्रहरू र सनातन धर्ममा उठेका आशङ्काहरूको समाधान सरलता र सहजतापूर्वक वहाँ गर्नुहुन्थ्यो । यस कारण वहाँ गुरु हुनुहुन्थ्यो । यसै आधारमा सर्ववेदान्तसारमा भनिएको होला-

अविद्याहृदयग्रन्थिबन्धमोक्षो यतो भवेत् ।
तमेव गुरुरित्याहुर्गुरुशब्देन योगिनः ।।

उहाँले पढेका विषयहरू र अन्य धार्मिक र संस्कारगत विषयहरूमा उठेका आशङ्का ग्रन्थिहरू र अविद्याग्रन्थिहरूको मोचनको काम वहाँले गर्नुभएको तथ्य बहुशः देखिएको र अनुभव गरिएको हो । यस कारण वहाँमा गुरुता थियो नै । शिष्यहरूका वित्त, समय र सहयोगका अपहारक गुरुहरू त धेरै हुन्छन् तर, सद्बुद्धि दिने र शिष्यहरूको शङ्कासन्तापको हरण गर्ने गुरुहरूचाहिँ कमै हुन्छन् । दवाडी गुरु कमै मध्येका हुनुहुन्थ्यो । वहाँ असाधारण हुनुहुन्थ्यो । गुरुतामा वहाँलाई अरू सरह मान्नु अपराध हो । यसैकारण गुरुगीतामा भनिएको छ-

गुरौ मानवताबुद्धिं मन्त्रे चाक्षरभावनाम् ।
प्रतिमासु शिलाबुद्धिं कुर्वाणो नरकं व्रजेत् ।।

नरक गएपनि नगए पनि अनादरक चाहिँ भइन्छ नै ।

प्राध्यापक दुर्गाप्रसाद दवाडी गुरुको वि.सं. १९८५ मा भएको जन्मले नेपाल र त्यसको कास्की जिल्लाको कास्कीकोट गा. वि. स.को दवाडी थरलाई विभूषित पारेको हो । वहाँका पिता हुने सौभाग्य सेतु दवाडीलाई प्राप्त भएको हो । वहाँकी आमा मधी दवाडी हुनुहुन्थ्यो । गुरुका पितामह र पितामही देवीभक्त दवाडी र खगेश्वरी दवाडी हुनुहुन्थ्यो । प्रपितामह र प्रपितामही चाहिँ नरपति दवाडी र सुभद्रा दवाडी हुनुहन्थ्यो । गोरो रूप, देवीदेवतामा भक्ति र विद्वन्नरपतिता वहाँमा वहाँहरूबाटै प्राप्त भएका हुन् । आठ वर्षको उमेरमा विधिवत् गरिएको व्रतबन्धपछि प्रारम्भिक शिक्षा घरमा नै आफ्ना पिताजीबाट वहाँले प्राप्त गर्नुभएको हो । एस.एल.सी. वा प्रवेशिका परीक्षा जसलाई हाईस्कूल परीक्षा पनि भनिन्छ उच्चमाध्यमिक शिक्षापरिषद् उत्तरप्रदेशबाट गर्नुभएको हो । स्नातक परीक्षा चाहिँ आगरा विश्वविद्यालयबाट गर्नुभएको हो । यस प्रकारको शिक्षा र यत्ति डिग्रीबाट वहाँको शिक्षापिपासा शान्त भएन र वहाँ पौरस्त्यदर्शन र शास्त्रज्ञानको आकर गभर्नमेण्ट संस्कृत कलेज बनारसतिर लाग्नुभयो । यहाँबाट वहाँले त्यहाँको डीग्री शास्त्री प्राप्त गर्नुभयो । निर्धारित अत्यावश्यक शास्त्रका ज्ञान गरेको छ जसले भन्ने अर्थमा यस डिग्री वाचक शास्त्रिशब्दको अर्थ- "शास्त्राणि ज्ञातत्वेन सन्ति यत्रा" यस शब्दको संस्कृत विग्रह हो । यस विग्रहबाट बुझिने अर्थतात्पर्यलाई वहाँको शास्त्रगत योग्यताले प्रमाणित गर्दथ्यो । त्यसभन्दा उपल्लो तहको डिग्री आचार्यको पनि यति महत्त्वपूर्ण अर्थ प्रतीत हुँदैन, जति शास्त्री यस पदबाट प्रतीत हुन्छ ।

शास्त्री तह उत्तीर्ण गरेपछि वहाँले काशी राजकीय संस्कृत विश्वविद्यालयबाट नै नव्यव्याकरणाचार्य परीक्षा उत्तीर्ण गर्नु भयो । नव्यव्याकरण पाणिनीयाष्टाध्यायीको प्रक्रियामूलक व्याख्यानमा आधारित लक्षणग्रन्थ वा विषय हो । खास गरेर पाणिनीय व्याकरण नै वेदहरूको मुख हो । व्याकरण ज्ञानको अभावमा संस्कृतको जानकार व्यक्ति पनि हास्यास्पद हुन्छ । निघण्टुग्रन्थको भूमिकामा उद्धृत गरिएको छ--

निघण्टुना विना वैद्यो विद्वान् व्याकरणं विना ।
अनभ्यासेन धानुष्कस्त्रयो हास्यस्य भाजनम् ।।

अर्थात् निघण्टुशास्त्र न पढेको वैद्य, व्याकरणज्ञान विनाको संस्कृतका विद्वान् र तालिम नलिएका एवं अभ्यास नगराइएका सैनिकहरू उपहासका पात्र हुन्छन् । यसरी विद्वान्हरूको अगाडि हास्यास्पद नहुनका लागि वहाँले व्याकरण

पढ्नुभएको हो र आचार्यसमेत गर्नुभएको हो । व्याकरण वेदहरूको वदन र सरस्वतीको सदन हो । यस कारण व्याकरणको राम्रो प्रक्रिया ज्ञान भएपछि मात्रै संस्कृतका अन्य विषयहरू र शास्त्रहरू पढ्नुपर्दछ । संस्कृतमा ग्रन्थलेखन र अन्य निबन्धादि लेखन त झन् टाढाको कुरा, व्याकरणज्ञानको अभावमा । यसै कारण ज्योतिषशास्त्रका परमविद्वान् सिद्धान्तशिरोमणिकार गोलप्रशंसामा लेख्नुहुन्छ-

यो वेद वेदवदनं सदनं हि सम्यक् ब्राह्म्याः स वेदमपि वेद किमन्यशास्त्रम् ।
यस्मादतःप्रथममेतदधीत्य धीमान् शास्त्रान्तरस्य भवति श्रवणाधिकारी ।

यसै यथार्थताका कारण दवाडी गुरुमा व्याकरणको राम्रो ज्ञान थियो र यसै आधारमा सर्वप्रथम वहाँले व्याकरणाचार्य गर्नुभएको हो ।

यसपछि वहाँले आगमाचार्य पनि गर्नुभएको हो । यसबाट गुरुले पार्वतीको हृदयमा रहेको भनेर मानिएको सृष्टि, प्रलय, देवपूजादि सबै कुराको साधनाज्ञान, पुरश्चरणको विधि र महत्त्वको ज्ञान,षट्कर्मको साधनाज्ञान, ध्यानयोगको ज्ञान र ग्रहलक्षण आदिको ज्ञान गर्नुभयो । यसले पनि वहाँमा शास्त्रज्ञान र त्यस्को पालना गर्ने व्यावहारिकतामा वृद्धि भयो । जो व्यवहारमा कट्टर रूपमा देखियो । शाङ्करवेदान्ताचार्य र सर्वदर्शनाचार्य परीक्षाहरूले जगत्लाई ब्रह्ममय देख्ने सामर्थ्य र तत्तत् दर्शनको दृष्टि, दृष्टिसाधन र दर्शनाधिकरणको ज्ञान भयो । यिनको अध्ययनबाट वहाँमा पौरस्त्यदर्शनको सम्पूर्णता आयो र गुरु संस्कृतवाङ्मयमूर्ति बन्नुभएको हो । आगरा विश्वविद्यालयबाट हिन्दी र संस्कृतमा एम.ए. समेत वहाँले गर्नुभएको थियो । यसबाट विषयज्ञानमा आधुनिकताको जलप पनि चढेको थियो वहाँमा । त्रिभुवन विश्वविद्यालयबाट आफ्नो विषयमा विद्यावारिधि गरेर वहाँ विद्यारत्नाकर हुनुभयो-आफ्नो विषयमा अधिकृत विशेषज्ञ बन्नुभयो । यसैकारण वहाँले आफ्ना विषयको पाठ्यक्रमनिर्माण, प्रश्नपत्रनिर्माण र संशोधनका साथै अनुसन्धाननिर्देशक र विशेषज्ञसमेत भएर परीक्षार्थी र शोधार्थीहरूको योग्यता परीक्षण र शोधसम्पादन एवं शोधोपस्थापनसमेत गर्नुभएको हो । शाही उच्चशिक्षा आयोगको सदस्य र ने. सं.वि.को वाल्मीकि विद्यापीठको दर्शन विभागको अध्यक्षसमेत भएर प्रशासनमा पनि प्रवीणता प्रदर्शन गर्नुभएको हो । शाही शिक्षा आयोगको संस्कृत टोलीको सदस्य भएर पनि वहाँले निर्भीकता र दक्षतापूर्वक संस्कृतको हितसाधन पनि गर्नुभएको हो । महेन्द्रविद्याभूषण पदक, शिक्षा दिवस पुरस्कार र आगमाचार्य परीक्षामा विशिष्ट

अङ्ग प्राप्त गरेबापत वाराणसेय संस्कृत विश्वविद्यालयबाट कर्णसिंह स्वर्णपदक प्राप्ति वहाँका विभूषणहरू र पुरस्कारहरू हुन् ।

स्वधर्म र स्वसँस्कारका विशेषज्ञ र व्यवहारक भएको नाताले भारतको मद्रासमा भएको विराट हिन्दूसम्मेलनमा नेपालको प्रतिनिधिमण्डलको सदस्य भएर जानुभएको र नेपालको अभिमत र धर्मसम्बन्धी धारणा दृढतापूर्वक राख्नुभएको हो । पाकिस्तानको इस्लामावाद र भारतको राजस्थानमा सम्पन्न सनातनधर्म महासम्मेलनमा नेपालको प्रतिनिधि भएर सनातनधर्म र त्यसको तत्त्वप्रदर्शन दृढताका साथ गर्नु भएको हो । काश्मीरमा सम्पन्न शिक्षासम्बन्धी गोष्ठीमा त्रिभुवन विश्वविद्यालयको प्रतिनिधिका हैसियतले पौरस्त्य शिक्षा र त्यसको महत्त्व तर्कपूर्ण ढङ्गले राख्नुभएको तथ्य प्रतिवेदित थियो । यसरी गुरुमा संस्कारगत, धार्मिक, शैक्षिक र प्रशासनिक योग्यता देखिन्छ । यी विषयहरू संस्कृत वाङ्मयसँग सम्बद्ध भएकाले इनमा सुधार र मन्थन गुरुका योगदानहरू हुन् । आफूले अध्ययन गरेका विषयहरूको गुणस्तरीय प्राध्यापन, संस्कृत विश्वविद्यालयको पाठचकमनिर्माण, प्रश्नपत्रनिर्माण एवं संशोधन र सबै तह र प्रकारका उ.पु.परीक्षण वहाँका योगदानहरू हुन् । यी बाहेक सार्वजनिक जीवनमा आदर्श धार्मिक जीवन र श्रावणी आदिमा त्यसको विधि एवं अनुष्ठानको स्थलगत प्रदर्शन एवं जिज्ञासु प्रशिक्षण वहाँका विशेषता र योगदान हुन् । आफ्नो संस्कारमा अति प्रतिबद्धता र त्यसमा लोकसंग्रहको उत्कटेच्छा वहाँका असाधारणता हुन् । अबका संस्कृतका उत्तराधिकारीहरूमा यो विशेषता सम्भवतः देखिने छैन । टाढाको यातायातका लागि द्विचक्रिकाको उपयोगले वहाँको ठूला साधनान्तरको कयणासामर्थ्य होइन शारीरिक श्रम, वातावरणा प्रदूषण र सुरक्षाको सङ्केत गर्दछ र गर्दछ सादगीको प्रदर्शन । अन्धानुकरण नगर्नुले पनि धेरै अनर्थबाट बचाउँदछ ।

संस्कृतशब्दको रचना नै भूषण अर्थमा भएको छ-सम्परिभ्यां करोतौ भूषणे(६।१।१३७) सूत्र बनाएर । भूषण अर्थमा सम् अथवा परि उपसर्गदेखि कृधातु पर भएमा सुडागम गर्दछ यस सूत्रले । आफ्नो संस्कार र संस्कृति मानिसको भूषण भएजस्तै शुद्ध रूप भएको संस्कृत र त्यसको प्रयोग र व्यवहार पनि मानिसहरूको भूषण नै हो । प्रथमतः इन्द्रनामका वैयाकरण र त्यसपछि तदन्य वैयाकरणहरूले धातुहरूमा प्रत्ययका योगले नाम र क्रियापदहरूको सँस्कार वा व्युत्पादन गर्नुभएकाले यो भाषा संस्कृत भनिएको हो । स्वयं समृद्ध

र अन्य भाषाका शब्दहरूले विकृत न पारेको हुँदा पनि यो भाषा संस्कृत हो । "देवीं वाचमजनयन्त देवास्तां विश्वरूपां पशवो वदन्ति" भनेर ऋग्वेदले संस्कृतलाई अन्य लौकिक भाषाहरूको परममूल र त्यसको पूजनीयता एवं उपयोगिता मानेको छ । यहाँ "पशवः" को अर्थ "मनुष्याः" हो । सर्वाऽऽकर ग्रन्थ महाभारतमा पनि लेखिएको छ-

अनादिनिधना नित्या वागुत्सृष्टा स्वयंभुवा ।
आदौ वेदमयी दिव्या यतःसर्वाःप्रवृत्तयः ।।

अर्थात् कश्यपबाट जन्मेका प्रजाहरूले पहिले वेदहरू र तिनको आधारमा वाणीहरू वा बोलीहरू पाए । यसरी संस्कृतको परममूलता,ज्येष्ठता एवं श्रेष्ठता व्यक्त गरेका छन् आचार्यहरूले । "सरस्वती श्रुतिमती महीयताम्" आदि श्रुतिहरूमा "सरस्वती" शब्दले वाणीलाई नै बताउँदछ । यहाँ पनि संस्कृत वाणीको पूजनीयता व्यक्त गरिएको छ । लौकिक संस्कृतकविहरूद्वारा पनि संस्कृतको व्यापकता, इतरभाषाऽसम्पृक्तता र स्वादुताको प्रशंसा गरिएको छ । जर्मन विद्वान् एच. एच.विल्सन लेख्दछन् --

अमृतं मधुरं सम्यक् संस्कृतं हि ततोऽधिकम् ।
देवभोग्यमिदं यस्माद् देवभाषेति कथ्यते ।।
न जाने विद्यते का सा स्वादुतात्रैव संस्कृते ।
सर्वदैव समुन्मत्ता यया वैदेशिका वयम् ।।

विदेशीहरू मध्ये अर्का संस्कृतका पारखी र वेदभाष्यकार मानिने म्याक्समूलर लेख्दछन्-

जानातु विविधा विद्या जानातु विविधाःकलाः ।
आत्मानं न स जानाति यो न जानाति संस्कृतम् ।।

अर्थात् पूर्वीय सँस्कारको मानिसले आधुनिक विद्या र कला जाने पनि, तिनको अध्ययन गरेर त्यसमा ठूलो विद्वान् भए पनि संस्कृतवाङ्मय पढेको छैन भने त्यसले पौरस्त्य आत्मतत्त्व जान्दैन र आफूलाई पनि चिन्दैन । यसरी सँस्कृतभाषा र त्यसको प्रतिपाद्य पूर्वीय दर्शन, संस्कार र धर्मको जानकारी अत्यावश्यक छ हाम्रा लागि । हाम्रै उन्नति र महत्त्वका लागि संस्कृत पढ्नु अत्यावश्यक हो, संस्कृतको महत्त्वका लागि त्यसको अध्ययन आवश्यक होइन । संस्कृत त आफैं महान् छ, विशाल छ र इतर भाषालाई ऋण दिनसक्ने एवं दिइराखेको छ । संस्कृतसँग हाम्रो रगतको नाता छ । हामी जन्म देखि

मरण सम्म र मरण पछि पनि संस्कृतसंग सम्बद्ध हुन्छौं । हाम्रा विचार खोज रअनुभवहरू संस्कृतमा नै भएकाले ती अष्टादश विद्याहरूको अध्ययन र उपयोग गर्न संस्कृत सबैका लागि अत्यावश्यक छ । नेपालका राष्ट्रिय भाषा र भाषिकाहरू मैथिली, भोजपुरी, मागधी, नेवार र थारु आदिको मूल हो संस्कृतभाषा । संस्कृत भाषारूपी गण्डकी सुके या न रहे उक्त भाषिकाहरूको मूल सुक्नेछ र तिनीहरूको जल, मल समाप्त हुनेछ । संस्कृत-वाङ्मयरूपी विशाल वटवृक्षका हाँगाविँगा होइनन् यी भाषिकाहरू ? संस्कृतको विशाल वटवृक्ष ढले यी भाषिकाहरू ढल्दैनन्? संस्कृत सुके ती भाषाहरू सुक्दैनन् ? यस कारण, संस्कृतको अध्ययन नेपाली सबैका लागि अत्यावश्यक छ भन्नुहुन्थ्यो प्रा. दवाडी गुरु । यस्ता विचारहरू र विचारकलाई धन्यवाद र श्रद्धाञ्जलि ।

संस्कृतवाङ्मयका विज्ञाता सनातनधर्म र सँस्कारका पक्षधर दवाडी गुरु हुनुहुन्थ्यो । वहाँ संस्कृतभाषाका आदर्श हिमायती र उदाहरणीय व्यक्ति हुनुहुन्थ्यो । वहाँले आफ्ना सन्तानलाई संस्कृत नै पढाउनुभयो । आधुनिक विपरीत हावा र वातावरणका विपरीत । वहाँले आफ्ना सन्तानको नाम पूर्वीय सँस्कृति र धर्म अनुसारको नै राख्नुभएको छ । उदाहरणका लागि वहाँका ज्येष्ठ सुपुत्रको नाम विश्वनाथ दवाडी र कनिष्ठ पुत्रको नाम पशुपति दवाडी हो । विश्वनाथजी संस्कृत विद्याकै प्राध्यापक हुनुहुन्छ र वहाँ वाल्मीकि विद्यापीठमा कार्यरत हुनुहुन्छ । गुरुका लागि शिवतत्त्व प्रधान भए पनि निष्कर्षतः प्राणकलाका अधिपति पशुपति नै भएको तथ्य स्विकार्दै कनिष्ठ पुत्रको नाम पशुपति दवाडी राख्नुभएको तथ्य अनुमित हुन्छ । वहाँले छोरीहरूको नाम पनि हाम्रो संस्कृति र परम्परानुसार ने देवीहरूका नामबाट राख्नुभएको छ । यो वहाँको स्वधर्मनिष्ठा र स्वसंस्कारनिष्ठा हो । गुरुको यो निष्ठा अनुकरणीय र पालनीय छ । संस्कृत र त्यसमा निहित मानवीय मूल्यहरूको बोध र आचरण एवं जनप्रशिक्षण दवाडी गुरुका अविस्मरणीय योगदानहरू हुन् । गुरुका विशेषताहरूको यो सानु स्मरणले गुरुलाई प्रसन्न र हामीलाई मङ्गलमय तुल्याओस् । संस्कृतवाङ्मयाकाशको यो देदीप्यमान सूर्य २०६९।९।२५ मा अस्ताई संस्कृत- जगत्लाई त्यसले अनाथ तुल्याएको हो । गुरुका विशेषताहरू र विषयगत योग्यताको क्षतिपूर्ति होस् । अन्त्यमा गुरुका विशेषताहरूलाई सङ्केत गर्ने निम्न लिखित श्लोकको उद्धरण गर्दै गुरुमा हार्दिक श्रद्धाञ्जलि र कृतज्ञता अर्पण गर्दछु--

भक्तिर्भवे न विभवे व्यसनं शास्त्रे न युवतिकामास्त्रे ।
चिन्ता यशसि न वपुसि प्रायःपरिदृश्यते महताम् ।।

◆◆

आदर्श सन्त प्राध्यापक दुर्गाप्रसाद दवाडी

प्रा. विद्यानाथ उपाध्याय भट्ट

"आदर्श सन्त प्राध्यापक" हो यही सम्बोधन श्री दुर्गाप्रसाद दवाडीका निमित्त मलाई उपयुक्त लाग्यो । श्री दवाडी सांसारिक व्यवहारका दृष्टिकोणले शान्त, सौम्य, गम्भीर प्रकृतिका सन्त व्यक्तित्वका धनी हुनुहुन्थ्यो भने उहाँको त्यही व्यक्तित्वको अर्को पाटो चाहिँ एउटा विद्वान् आचार्य र आदर्श प्राध्यापकको थियो । मैले श्री दवाडीलाई आफ्नो कार्यकालमा धेरै समयसम्म ज्यादै नजिकैबाट चिन्ने, जान्ने र मान्ने मौका पाउँदा यही अनुभव गर्न सकेँ ।

पहिले त्रिभुवन विश्वविद्यालयमा र पछि तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयको सेवामा रहँदा शैक्षिक र प्रशासनिक क्रियाकलापका सन्दर्भमा धेरै लामो समय श्री दुर्गाप्रसाद दवाडीका सानिध्यमा सहकार्य गर्नुपरेको थियो । उहाँको बौद्धिक निर्णय गर्ने क्षमता, शैक्षिक समस्याको समाधान पहिल्याउने क्षमता उत्कृष्ट थियो । पठनपाठनको कार्य होस्, अनुसन्धान सम्बन्धिका क्रियाकलाप हुन् या परीक्षा सम्बन्धी कार्य श्री दवाडी बडो दत्तचित्त भएर बुद्धिमानी र इमान्दारीपूर्वक आफ्नो दायित्व पूर्ण गर्नुहुन्थ्यो । यो मैले प्रत्यक्ष अनुभव गरेको हुँ ।

श्रीदुर्गाप्रसाद दवाडी दर्शन शास्त्रका, आगमशास्त्रका राम्रो विद्वान् हुनुहुन्थ्यो । विश्वविद्यालयले दर्शन र आगमको क्षेत्रमा जुनसुकै साना ठूला कार्यहरू सम्पन्न गर्न उहाँलाई नै जिम्मा दिएर ढुक्क हुन पाउँथ्यो र यथासमय सम्पन्न हुन्थे । श्री दवाडी धेरै समय विश्वविद्यालयमा दर्शन शिक्षण समितिमा दर्शन विभागका अध्यक्ष रहनुभयो । उहाँका कार्यकालका उपलब्धि ज्यादै राम्रा र प्रशंसनीय रहे । प्रशसक छात्र र सहकर्मी शिक्षकहरूको उहाँलाई राम्रो सहयोग र सम्मान प्राप्त भयो । उहाँका मात्र नभएर अरु विभागका शिक्षक र छात्र पनि उहाँका सहयोग प्राप्त गरेर प्रसन्न रहन्थे । यो श्री दवाडीको प्रशंसनीय सफलताको पक्ष रह्यो ।

श्री दुर्गाप्रसाद दवाडीले पुरानो शास्त्रीय परम्परा अनुरूप सर्वदर्शानाचार्य परीक्षा उत्तीर्ण गर्नु भएको थियो । आगम विषयको पनि आचार्य हुनुहुन्थ्यो । पछि विद्यावारिधि उपाधिबाट पनि उहाँ विभूषित हुनुभयो । यसले गर्दा श्री दवाडीको आगम विषयका सबै विधाहरू र सबै दर्शनका वाङ्मयमा अवाध गति थियो । त्यतिमात्र होइन धर्मशास्त्रको पनि समुचित ज्ञाता भएकाले उहाँ जिज्ञासुहरू एवं अपेक्षा राख्नेहरूलाई शास्त्रीय मर्यादाको शिक्षण र सल्लाह दिनुहुन्थ्यो । धर्मशास्त्रका व्यवस्था मान्नेहरु पनि उहाँ कहाँ आउँथे । यथोचित सल्लाह पाएर सन्तुष्ट हुन्थे ।

श्री दुर्गाप्रसाद दवाढी आफ्नो धर्म पालन गर्ने कुरामा ज्यादै कट्टर हुनुहुन्थ्यो । गंगा, पुण्य नदीहरूको स्नान, दुरुह तीर्थहरुको भ्रमण, सन्ध्या पूजा गर्ने कार्यहरूमा अलिकति पनि कमी आउन नदिने, त्यस्ता

क्रियाकलापमा आफ्नो स्वास्थ्यलाई पनि उति परवाह नगर्ने मर्यादित पुरुष हुनुहुन्थ्यो । काशीको गङ्गाको सानिध्य त उहाँको ज्यादै प्रिय थियो । उहाँले मानसरोवर, दामोदर कुण्ड, गोसाइँकुण्ड, अमरनाथ आदि दुर्गम तीर्थहरूको पनि भ्रमण गरेर पुण्यार्जन गर्नुभएको मलाई थाहा छ ।

एकपल्टको घटना हो । हामी एउटा गोष्ठीमा भाग लिन मटिहानी गएका थियौं । फर्कदा देवघाट सप्तगण्डकी तीर्थ बाटैमा पर्‍यो र मैले स्ना॑न गरेर जाऔं न त भनेर प्रस्ताव राखैं । श्री दवाडीले तुरुन्त श्रद्धापूर्वक समर्थन गर्नुभयो । बस देवघाट वारी रोकिनासाथ उहाँ एउटा झोला बोकी पुल पार गरेर काली नदीको घाटतिर जानु भयो । हामी त्यहाँ पुग्दा त उहाँ स्नान गरी सन्ध्यामा लाग्नु भएको रहेछ । पछि बसले हतारो गर्‍यो भने स्नान, ध्यान तीर्थमा गर्न नपाइएलाकी भनी दगुरेर जानुभएको रहेछ । उहाँको धर्मनिष्ठा र तीर्थ प्रेम देखेर हामी सबै श्रद्धान्वित भयौं । त्रिभुवन विश्वविद्यालयको क्वाटरमा बस्दा श्री दवाडी धेरैजसो ज्यादै मलिन जल बगेको स्थानमा पनि कुनै घिन वा असजिलो नमानी श्रद्धासाथ स्नान गर्नुहुन्थ्यो । त्यस्ता उहाँका तीर्थाटनका धेरै घटना छन् । जसले भावी पुस्तालाई पनि आफ्ना धार्मिक मर्यादा पालन गर्ने प्रेरणा प्रदान गर्दछन् ।

श्री दुर्गाप्रसाद दवाडी भगवान् पशुपतिका ठूला भक्त हुनुहुन्थ्यो । प्रत्येक प्रदो

षव्रतका दिन घामपानी, शीत, ताप, खराब मौसमको कुनै परवाह नगरी दर्शन गर्न पशुपति पुग्नुहुन्थ्यो र त्यसदिन दिनभर शिवपूजन गरेपछि मात्र शुद्ध आहार ग्रहण गर्नुहुन्थ्यो । कसैका घरमा केही नखाने । जलसम्म पनि प्रायः ग्रहण नगर्ने । संस्कार गरेर काटेर दिएको फल पनि नखाने, गोष्ठीहरूमा पनि पाकेको फल, मेवा, मसला घरै लगेर धोइ पखाली गरेर मात्र खाने उहाँको नियम थियो । यसले गर्दा उहाँलाई आफ्ना घरमा निमन्त्रित गरेर भोजन सत्कार गर्न चाहने प्रियजन मित्रलाई भने अति अप्ठ्यारो अनुभव हुन्थ्यो । मलाई स्वयं धेरैपटक त्यस्तो अनुभव भयो । चारपाच पटक मेरो घर उहाँको आगमनले पवित्र भयो तर जल पनि खुवाउन सकिन र के ही फल पोको पारेर साथै पठाउनु पर्‍यो, तर मलाई उहाँका नियम मान्यता, मर्यादा थाहा भएकाले उहाँप्रति मेरो श्रद्धा झन् झनै बढेर जान्थ्यो ।

श्री दुर्गाप्रसाद दवाडी संस्कृत वाङ्मयका विविध विधाहरूमा समान विद्वत्ता राख्नुहुन्थ्यो । घरमा पनि अध्ययन शास्त्र चिन्तनमा लागिरहने विद्वान् हुनुहुन्थ्यो । संस्कृतको कुनै शास्त्रीय ग्रन्थ लेखियो र प्रकाशित भयो भने किनेर आफ्नो पुस्तकालयमा संग्रहित गरिहाल्ने बानी भएकाले उहाँका सङ्ग्रहमा नभएका संस्कृतका ग्रन्थ कमै हुन्थे । हामी पनि आवश्यक भयो भने श्री दवाडीकै घरमा खो जेर पढ्थ्यौँ र काम चलाउँथ्यौँ । उहाँको पुस्तक प्रेम, अध्ययनमा रुची, शास्त्रीय चिन्तनमा श्रद्धा, धार्मिक विश्वासमा कट्टरता उहाँका विशेष गुण थिए ।

मैले धेरै उहाँसँग सहकार्य गर्ने अवसर पाएँ । विचार विश्लेषण सुनेँ । धेरै कुरा सुन्ने प्रेरणा लिने आफूले पनि केही सुनाउने मौका प्राप्त गरेँ । श्री दवाडीले मेरा पुस्तकमा पनि भूमिकाका केही भाग लेखेर आफ्नो गुणग्राहिताको सुगन्ध अनुभव गर्ने अवसर प्रदान गर्नुभएको छ । त्यसका निमित्त म उहाँको अनुग्रह नै मान्दछु । कति त हाम्रो सह लेखनमा गोष्ठी कार्यपत्र पनि छन् । जसले मेरो अतितका स्मृतिपन आलोकित भएका छन् ।

श्री दुर्गाप्रसाद दवाडी सर्वदर्शन र आगमका पनि विशिष्ट विद्वान् हुनुभएकाले विद्यापीठमा पनि दर्शनका दुरुह विषय शिक्षणका लागि उहाँलाई नै रोजिन्थ्यो । बौद्धदर्शन, जैनदर्शन, पूर्वमीमांसा, तन्त्रका केही कठीन ग्रन्थको अध्यापन गर्ने

अभिभारा उहाँकै जिम्मामा हुन्थ्यो र उहाँले ती विषयहरू अध्यापन गर्दा छात्रहरू पनि सन्तुष्ट नै रहने गर्दथे । यो उहाँको विशेषता हो । श्री दवाडीको विशेषता के हो भने उहाँ छात्रहरूप्रति अलि बढी नै दयावान हुनुहुन्थ्यो । नरम दिलको विद्वान् गुरु छात्रहरूले बढी परिश्रम गरुन् उत्तीर्ण हुन् भन्ने भन्दा पनि उनीहरूका कमजोरीप्रति उति ध्यान नदिएर सबै सफल हुन् भन्ने उहाँको करुणामय भाव हुन्थ्यो ।

नेपालमा संस्कृत शिक्षा अनिवार्य होस् । माथि स्नातकसम्म सबैले संस्कृत पढून् भन्ने सद्अभिप्रायले उहाँ बोल्ने लेख्ने गर्नुहुन्थ्यो । त्यसैले संस्कृत भाषाका पक्षपातीहरू संस्कृतका पक्षमा आफ्ना विचार व्यक्त गराउँदा उहाँलाई नै अघि सार्दथे । उहाँका गोष्ठी कार्यपत्रहरू लेखहरू शास्त्रीय चिन्तनहरू पनि अनेकौं छन् । जो आज पनि सम्बद्ध क्षेत्रमा प्रेरणादायक अभिव्यक्ति बनिरहेका छन् ।

श्री दुर्गाप्रसाद दवाडी आज भौतिक रूपमा पृथ्वीमा हुनुहुन्न उहाँ संस्कृत क्षेत्रमा अहिले पनि एउटा उज्ज्वल मार्गदर्शक प्रकाशस्तम्भका रूपमा जनजनका हृदयमा भावात्मक रूपमा जीवित र सक्रिय हुनुहुन्छ । यो ठूलो कुरो हो । मानिसको शरीर के छ । आज छ भोलि छैन तर उसका कृति गुण उसले गरेका सत्कृत्यहरू वर्षौंसम्म रहिरहन्छन् । उसले देखाएको मार्गमा हिंडेर भविष्यका सन्तति असल र सफल पनि बन्ने गर्दछन् । मनुष्यको मृत्यु हुन्छ शारीरिक दृष्टिले तर ऊ आफ्ना असल कार्यले, आफ्ना सुयसले सदा सदा अमर रहन्छ । श्री दुर्गाप्रसाद दवाडी अत्यन्त धार्मिकव्यक्ति, ज्ञानी विद्वान् पनि भएकाले उहाँ अवश्य परमपदमा पुगुभएको होला । हाम्रो त्यही विश्वास छ र उहाँप्रति हामी सधैं नतमस्तक थियौं, छौं र हुनेछौं भविष्यत्मा पनि । ॐ तत्सत् ।

श्रद्धासुमन - दवाडी गुरुप्रति

प्रा.डा. माधवशरण उपाध्याय

सनातन धर्मप्रति आस्थावान् र व्यवहारमा पनि आजीवन धर्मानुकूल जीवन यापन गर्नुभएका व्याकरण, सर्वदर्शन आदि विभिन्न विषयमा स्नातकोत्तर गरी वाल्मीकि विद्यापीठ काठमाडौँमा सर्वदर्शन विषयमा लामो समय प्राध्यापन गरी शिवसायुज्य प्राप्त गर्नु भएका प्रा. डा. दुर्गाप्रसाद दवाडीको स्मृतिमा लेख लेख्न विश्वनाथ दवाडीको आग्रहअनुरूप गुरुसँगका केही संस्मरण साझा गर्ने उद्देश्यले यो छोटो लेख प्रस्तुत छ ।

वाराणसीमा लामो समय बिताएर आउनुभएको हुनाले र त्यहाँ रहँदा स्वामी करपात्रीजीद्वारा प्रभावित हुनु भएकाले होला उहाँको आचार व्यवहार धर्मसिद्ध शिक्षामण्डलबाट उत्पादित जनशक्तिको आचारसँग धेरै मेल खाने खालको हुनाले म धर्मसङ्घको उत्पादन हुनाले उहाँको र मेरो कतिपय कुरामा निकटता हुन पुग्यो । वि. स. २०४४ भाद्रदेखि वाल्मीकि विद्यापीठमा सेवा प्रवेश गरेपछि दवाडी गुरुसँगको निकटता निकै बढेको हो । यद्यपि उहाँको आचार सनातन धर्मको अनुरूप नै हुन्थ्यो तापनि विभिन्न अवसरमा आफ्नो विनयी स्वभावका कारण तपाइँका गुरुजीले यस्तो अवसरमा के गर्नुहुन्थ्यो भनेर सोध्ने गर्नु हुन्थ्यो । गुरुजीको आचार नै प्रमाण हुन्छ भन्ने निर्णय दिनुहुन्थ्यो ।

आस्तिकताका प्रतिमूर्ति

प्राध्यापक दवाडी गुरुमा आस्तिकता उच्च कोटीको थियो । सनातन धर्म अनुसारको मान्यताको प्रतिकूल वर्णाश्रम धर्मविरुद्ध मान्यतालाई उहाँले कहिल्यै स्वीकार्नु भएन । सामान्यतया उहाँ विनयी एवं सरल स्वभावको हुनुहुन्थ्यो तर जुन कुरा उहाँको मान्यताअनुरूप हुँदैन थियो त्यसमा जोसुकै भए पनि आजीवन सम्झौता नगर्ने दृढता पनि उहाँमा थियो । यस विषयमा एक उदाहरण सम्झना हुन्छ । दवाडी गुरु विद्वत्परिषद् र संस्कृत परिषद् संस्थासँग आबद्ध हुनुहुन्थ्यो । २०४७ सालतिरको कुरा होला, गोमांस भक्षण हिन्दू धर्मानुकूल हो होइन भन्ने प्रश्न उपस्थित भयो । त्यसमा दवाडी गुरु र विद्वत्परिषद्का अन्य गुरुहरूका विचारमा भिन्नता थियो । दवाडी गुरु गोमांस व्यवहार सर्वथा त्याज्य

छ भन्ने पक्षमा हुनुहुन्थ्यो भने अन्य गुरुको विचारमा गोमांस व्यवहार गर्ने पनि हिन्दूधर्मानुयायी हुन सक्छन् भन्ने भयो । यसरी विमति भएपछि दवाडी गुरुले आजीवन त्यो संस्थाबाट आफूलाई अलग्याउनुभयो । यसरी उहाँको निष्ठा सम्बन्धी दृढताको अनुभव गर्ने अवसर पाइएको हो । धर्माचरणमा पनि उहाँमा दृढता थियो । प्रदोषव्रतको नियम उहाँको शरीरले धानुन्जेल रहिरह्यो । विद्यार्थीहरूमा धोती फेरेर दवाडी गुरु आउनुभयो भने आज प्रदोषव्रत रहेछ भन्ने सबैले बुझ्ने गरेको पाइन्थ्यो । कीर्तिपुर प्राध्यापक आवास गृहबाट साइकल चलाएर पशुपति पुग्ने रुद्राभिषेक गर्ने र विद्यापीठमा आएर कक्षा लिएर घर फर्किएर मात्र केही ग्रहण गर्ने उहाँका नियम पक्का थियो ।

संस्कृतमा अगाध आस्था

प्रा. दवाडी गुरु धर्मकर्ममा जति निष्ठावान् हुनुहुन्थ्यो त्यति नै संस्कृत वाङमयमा उहाँको अगाध श्रद्धा थियो । त्यसको प्रमाण थियो उहाँको संस्कृत वाङ्मयका विभिन्न ग्रन्थहरूको संग्रहयुक्त निजी पुस्तकालय । उहाँले आफ्नो दैनिकीबाट जोगाएर पुस्तकहरूको राम्रो संग्रह गर्नुभएको थियो र यथासम्भव अध्ययन पनि गर्नुभएको थियो । दर्शन एवं धर्मशास्त्र विषयका साथै अन्य शास्त्रीय विषयका पुस्तकहरूको संग्रह त्यहाँ विद्यमान थियो । त्यस्तै आफ्ना दुवै पुत्रलाई संस्कृत शिक्षा लिन अभिप्रेरित गरेर उहाँ उदाहरणीय बन्नुभएको थियो । संस्कृत परिषद् संस्थाका माध्यमबाट संस्कृत शिक्षण संस्थाको विस्तारमा पनि उहाँको योगदान अविस्मरणीय थियो । उहाँको विचारमा संस्कृतज्ञको संरक्षण संवर्द्धनमा राष्ट्रले समुचित ध्यान पुऱ्याउनुपर्छ भन्ने थियो । हरेक अवसरमा आफ्ना अभिव्यक्तिमा उहाँ यी कुरा उठाइरहनुहुन्थ्यो । संस्कृतको उत्थान र संस्कृतज्ञको सम्मानका पक्षमा जस्तोसुकै अवसर भए पनि उहाँले आफ्ना कुरा दृढतापूर्वक राख्नुहुन्थ्यो । संस्कृत वाङमयमा सबै कुरा अटाएका छन् । यसको ज्ञानबाट नै समाजको सर्वाङ्गीण विकास सम्भव छ भन्ने मान्यता राख्ने प्राध्यापक दवाडीजीको समग्र जीवन यसै आदर्शलाई पछ्याएर नै व्यतीत भयो ।

अन्यमा यस्ता शिक्षासेवी, संस्कृतानुरागी गुरुवर भौतिक रूपमा नरहनु भए पनि उहाँका आदर्शमय वाणीले उहाँको संगतमा रहेका सबैलाई अभिप्रेरित गरिरहेका छन् भन्दै गुरुको पारलौकिक सद्गतिको निमित्त भूतभावन पशुपतिनाथसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै लेखनीलाई विराम दिन्छु । ◆◆

स्वर्गीय दवाडी गुरुको सम्झना

प्रा.डा. सुधन पौडेल

१. सम्झनाको तरेलीमा दुर्गाप्रसाद दवाडी गुरु

स्वर्गीय प्राध्यापक दुर्गाप्रसाद दवाडी गुरुका बारेमा केही कुरा लेखिदिनका लागि उहाँका सुपुत्र, मेरा सहकर्मी मित्र विश्वनाथजीले धेरै पहिलेदेखि आग्रह गर्नुभएको हो । गुरुको स्मृतिमा विशेषाङ्क निस्कँदै गरेको सुन्दा मेरो मन किनकिन हर्षित छ र विश्वनाथजीको आग्रहलाई पूरा गर्नै पर्छ भन्ने आवाज अन्तरबाट उठिरहेको छ । तर यसो विगतलाई कोट्याएर हेर्छु, दुर्गाप्रसाद दवाडी गुरुसँग मेरो अन्तरङ्ग सम्बन्धका कुनै घटनाहरू मस्तिष्कले टिप्नै सक्दैन । बस्, गुरुलाई कहिलेकहीँ झल्याकझुलुक देख्नु र श्रद्धा प्रकट गर्नुबाहेक उहाँसँग नजिकिएर कुनै काम गर्ने सौभाग्य मलाई प्राप्त भएन । संसार यस्तै छ, कामबिना सम्बन्ध हुँदैन र सम्बन्धबिना धारणा बन्दैन । मेरा स्वर्गवासी पिताजीभन्दा आठ वर्ष जेठा हुनुहुँदो रहेछ, दुर्गा गुरु । २०६१ सालमा म दाङबाट काठमाडौं आउँदा गुरु सेवानिवृत्त हुनुभएको धेरै वर्ष भैसकेको रहेछ । ०६१ सालयता कहिलेकहीँ नेसंविको वसन्तपुर अनुसन्धान केन्द्रमा विद्यावारिधिको आन्तरिक वा बाह्य विशेषज्ञका रूपमा आउने गरेका कृशकाय उहाँलाई देखेको र त्यसअघि २०५२ सालमा वाल्मीकि विद्यापीठमा पढ्ने बेला एक दुई पटक साइकिल चढेर विद्यापीठमा पढाउन आएका उहाँको दर्शन गरेको धमिलो बिम्बबाहेक अरू कुनै सम्झना मसँग छैन । मैले आफ्नो स्मृतिसँग जोड दिएर सोध्दैछु, त्यसो भए के कुनै धारणा नै छैन त दवाडी गुरुका बारेमा मेरो ?

तर लेख्दै जाँदा लाग्दैछ, दुर्गाप्रसाद गुरुसँग मेरो धेरै लामो सम्बन्ध छ । सम्बन्धका अनेकौं सूत्रहरू छन्, अनेकौं पहलू र आयामहरू छन् । दुर्गाप्रसाद गुरुको पसिना बगेको विश्वविद्यालयकै बेतनभोगी हुँ म पनि । उहाँकै जस्तो सामान्य परिवारमा जन्मेका र उहाँले जस्तै वनारसमा पढेका सरल जीवन जिउने संस्कृतसेवी पिताको छोरो म । खै किनकिन, समयको निष्ठुर क्रूरतालाई

नचिनेर हरदम, हरक्षण संस्कृत विश्वविद्यालयमा दुर्गाप्रसाद दवाडीहरूलाई खोजिरहने मान्छे म ! आफूलाई अरूभन्दा भिन्न देखाउन र आदर्शीकरण गर्न खोजेको होइन । मेरो मनमा साँच्चै नै दुर्गाप्रसाद गुरुको आदर्श जीवनप्रति उच्च सम्मान छ। यो जुनीमा म त्यस्तो बन्न सकिनँ, सक्दिनँ र पनि मेरो लक्ष्य त्यस्तै बन्ने हो । एउटा चरण पार गरिसकेपछि बन्छु भनेर बन्न सक्दो रहेनछ मान्छे ! एउटा रेखाबाट अगाडि बढेपछि धेरै सम्भावनाहरू गुमाउँदो रहेछ मान्छे ! म जीवनका शाश्वत सम्भावना गुमाइसकेको हतप्रभ र अन्यमनस्क मान्छे ! मेरो विश्वविद्यालय, मेरो देश र मेरो समाजजस्तै !

यसरी दुर्गाप्रसाद गुरुसँग मेरो लामो सम्बन्ध छ । एउटा सनातन सम्बन्ध, एउटा शाश्वत मनोविज्ञानको सम्बन्ध । र, मलाई लाग्छ, यही सम्बन्ध नै संसारको सबैभन्दा मजबुत सम्बन्ध हो । यसरी दुर्गाप्रसाद गुरुसँग भौतिक संस्पर्श निकै न्यून भए पनि भावनात्मक स्पर्श अत्यन्त बलियो छ मेरो । त्यसैले दुर्गाप्रसाद गुरुलाई सम्झिने मेरो नैसर्गिक अधिकार छ। गुरु ! म यही सम्बन्धको जलधाराका साथ तपाईंलाई हार्दिक श्रद्धाञ्जलि अर्पण गर्छु ।

२. स्वर्गीय गुरुको जीवनयात्रा

मसँग विश्वनाथजीले उपलब्ध गराउनुभएको गुरुको छोटो जीवनवृत्त (बायोडाटा) छ । त्यसअनुसार गुरुको जन्म १९८५ साल माघ ४ गते भएको हो। उहाँको जन्म कास्की जिल्लाको कास्कीकोट गाविस वडा नं. ५ दवाडीथरमा भएको हो । इन्टरनेट हेर्दा थाहा पाइन्छ, यस गाविसमा गुप्तकालीको मन्दिर, कुलमण्डन शाहकालको दरवार र अन्य भग्नावशेषहरू, भूमेस्थान मन्दिर, खड्कगाउँकोट, देउराली मन्दिर आदि ऐतिहासिक तथा धार्मिक महत्त्वका रमणीय स्थलहरू छन् । यहाँबाट पोखरा उपत्यका, फेवाताल र हिमालयको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । देव, दानव र दैत्य लगायत सारा प्राणीका पिता कश्यप ऋषिले यसै ठाउँमा भगवान् शिवको तपस्या गरेको र शिव प्रसन्न भई पर्याप्त जल प्राप्त हुने वरदान दिएकाले शुक्लागण्डकी बगेको प्रसङ्ग पद्मपुराणमा पाइन्छ । यसरी शुक्लागण्डकीको मुहान वा जलाधार क्षेत्रभित्र पर्दो रहेछ यो ठाउँ । स्थानीय बूढापाकाका अनुसार कश्यप ऋषिले तपस्या गरेकाले यस जिल्लाको नाम कास्की भएको हो । यसरी कास्कीको

नामकरणको रहस्य जोडिएको र पश्चिमाञ्चलको इतिहाससँग समेत सम्बन्धित रहेको तर ओझेलमा परेको ठाउँमा जन्म भएको रहेछ गुरु दुर्गाप्रसादको ।

बायोडाटाबाट थाहा हुन्छ, गुरुका पिताको नाम सेतु दवाडी थियो । माताहरू तीनवटी हुनुहुन्थ्यो- मधी, नर्वदा र तुलसी । उहाँ मधीको गर्भबाट जन्मिनुभएको हो । उहाँका हजुरबुबा देवीभक्त र हजुरआमा खगी हुनुहुन्थ्यो । १९९३ सालमा आठ वर्षको उमेर पुग्दा उहाँको व्रतबन्ध भएको रहेछ । हाम्रो प्राचीन परम्परा नै यही हो । आफ्ना पिताबाट घरमै प्रारम्भिक शिक्षा प्राप्त गरेका गुरुले उच्चमाध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशबाट एसएलसी गर्नुभएको थियो भने आगरा विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गर्नुभयो । उहाँले गभर्नमेन्ट संस्कृत कलेज वनारसबाट शास्त्री उत्तीर्ण गरेर संस्कृतको पढाइ अगाडि बढाएको देखिन्छ । उहाँले काशी राजकीय संस्कृत विश्वविद्यालय वाराणसीबाट नव्यव्याकरणाचार्य उत्तीर्ण गर्नुभयो भने वाराणसेय संस्कृत विश्वविद्यालय वनारसबाट आगमाचार्य, शाङ्करवेदान्ताचार्य र सर्वदर्शनाचार्य उत्तीर्ण गर्नुभयो । यसरी गुरुले चारवटा विषयमा आचार्य पूरा गरेको देखिन्छ । पछि उहाँले हिन्दी र संस्कृत विषयमा समेत एमए उत्तीर्ण गर्नुभयो । यसरी छवटा विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका दुर्गागुरु मलाई लाग्छ, नेपालका थोरै विद्वान्‌हरूमध्ये पर्नुहुन्छ । उहाँले पछि त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि समेत हासिल गर्नुभयो । नेसंविको अनुसन्धान प्रकाशबाट थाहा हुन्छ, लक्ष्मीकान्त पन्थी, विष्णुप्रसाद ज्ञवाली, प्रेमराज न्यौपाने, शङ्कर न्यौपाने र टीकाराम न्यौपाने समेत पाँच जनाको विद्यावारिधि अनुसन्धानमा गुरु निर्देशकको भूमिकामा रहनुभयो भने शेखरप्रसाद पण्डित, गोविन्दप्रसाद आचार्य र घनश्याम शर्मा पौडेल यी तीनजनाको शोधविशेषज्ञ रहनुभयो ।

गुरुले आफ्नो अध्यापन कार्यको प्रारम्भ श्रीअन्नपूर्ण गुरुकुल ब्रह्मचर्य आश्रम वनारसबाट गर्नुभएको हो । यहाँ उहाँले सात वर्ष अध्यापन गर्नुभयो । यसपछि उहाँले वनारसकै नेपाली संस्कृत महाविद्यालय मङ्गलागौरीमा १० वर्ष प्राध्यापन गर्नुभयो । २०२५ सालमा उहाँ नेपाल फर्किनुभयो र त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक बन्नुभयो र संस्कृत अध्ययन संस्थान हुँदै वाल्मीकि विद्यापीठको प्राध्यापक बनेर सेवानिवृत्त हुनुभयो ।

तत्कालीन राजा वीरेन्द्रले राष्ट्रिय शिक्षा व्यवस्थाको समीक्षा गरी यसमा ल्याउनु पर्ने आवश्यक सुधारका निमित्त सुझाव प्रस्तुत गर्न २०३९ साल भदौ १ गते माननीय रणधीर सुब्बाको अध्यक्षतामा माननीय मदनबहादुर प्रधान, जगत्मोहन अधिकारी, डा.वल्लभमणि दाहाल र डा. मोहनप्रसाद लाखे सदस्य रहेको 'शाही उच्च शिक्षा आयोग' गठन गरेका थिए । उक्त आयोगअन्तर्गत गठन गरिएका चौधवटा कार्यटोलीमध्येको एक 'संस्कृत कार्य समूह' २०३९ आश्विन १८ गते गठन भएको थियो । उक्त कार्यसमूहका संयोजक प्रा.अम्बिकाप्रसाद अधिकारी हुनुहुन्थ्यो भने सदस्यहरूमा प्रा.डा.हरिदेव मिश्र, प्रा.डा.चूडामणि बन्धु, सहप्रा.दुर्गाप्रसाद दवाडी र उपप्रा.धनवज्र वज्राचार्य हुनुहुन्थ्यो । उक्त समूहद्वारा संस्कृत शिक्षाका क्षेत्रमा मुलुकमा त्यतिखेरसम्म भए गरेका कार्य र भावी योजनाको रूपरेखा तयार पारी प्रतिवेदन पेस गरिएको देखिन्छ । वास्तवमा नेपाल संस्कृत विश्वविद्यालयको वैधानिक भ्रूण यतिखेरै रोपिएको थियो भन्न सकिन्छ । यो प्रसङ्गबाट दवाडी गुरुको संस्कृत शिक्षाको नीतिनिर्माणका क्षेत्रमा समेत महत्त्वपूर्ण योगदान रहेको स्पष्ट हुन्छ ।

उहाँ वाराणसेय संस्कृत विश्वविद्यालय वाराणसीबाट आगमाचार्यलाई प्रदान गरिने कर्णसिंह स्वर्णपदक, महेन्द्र विद्याभूषण क र ख तथा २०४७ सालको शिक्षा पुरस्कारबाट समेत सम्मानित हुनुभएको थियो । उहाँले नेपाल सरकारको प्रतिनिधिका रूपमा संस्कृत, संस्कृति र हिन्दू धर्मसँग सम्बन्धित अनेकौं अन्तर्राष्ट्रिय स्तरका गोष्ठी र सम्मेलनमा भाग लिएको साथै व्याख्यान एवम् कार्यपत्रहरू समेत प्रस्तुत गरेको देखिन्छ । उहाँका दुईवटा कृति र एक दर्जनजति लेखहरू प्रकाशित छन् भने दुईवटा कृति अझै अप्रकाशित छन् । गुरु केही पत्रिकाको सम्पादनका साथै अनेकौं सामाजिक धार्मिक कार्यमा सक्रिय रहेको कुरा पनि जीवनवृत्त हेर्दा थाहा पाइन्छ । अन्ततः ८४ वर्षको उमेरमा २०६९ पौष २५ गते गुरुको जीवनलीला विश्रान्त भएको हो ।

मैले दुर्गाप्रसाद गुरुका बारेमा इन्टरनेटका सामग्री पनि हेरें । उहाँ एक जना सरल अन्तर्मुखी विद्वान् ! मलाई थाहा छ, यस्ता मानिसका बारेमा इन्टर नेटमा खासै सामग्री हुँदैनन् । तर पनि गुरुका बारेमा श्रद्धावश तीन चार जनाले केही सामग्री राख्नुभएको रहेछ । यसमा प्रेमराज अधिकारीजीले दुर्गाप्रसाद

दवाडी गुरुसँग दामोदर कुण्ड जाँदा लेखेको रोचक यात्रा संस्मरण छ । यो यात्रासंस्मरणबाट गुरुका बारेमा धेरै कुरा थाहा हुन्छ । त्यस्तै अर्को उल्लेख्य सामग्री २०६५ मङ्सिर १३ को कान्तिपुर दैनिकको बालकोसेली कोपिलामा प्रकाशित राजेश कोइरालाले लेखेको शब्दचित्र छ । यसमा गुरुले वनारस पढ्ने बेला भोगेका सास्ती र गरेका सङ्घर्षका केही बाछिटाहरू पढ्न पाइन्छ। त्यस्तै अर्को सामग्री आदरणीय प्रा.डा.वेणीमाधव गुरुले लेखेको निर्णयसिन्धु टीकामा दुर्गागुरुको भूमिका पनि इन्टरनेटमा रहेछ । यी सबै सामग्रीले गुरुको बौद्धिक परिचय प्रस्तुत गरेको मैले ठानेँ ।

३. र अन्त्यमा

केही गुरुहरू बितेर गएपछि मलाई लाग्दैछ, नेपाल संस्कृत विश्वविद्यालयमा क्रमशः रात पर्दै गएको छ । झण्डै-झण्डै कृष्णपक्षको पञ्चमी सकिएको छ यहाँ र औंसी आउन धेरै समय बाँकी छैन । कुरा विद्वत्ताको मात्र होइन; कुरा इमान्दारी, नैतिकता, अनुशासन र आदर्शको पनि हो । विद्वान्हरू त अलिअलि अझै पनि बाँकी छन् संस्कृत विश्वविद्यालयमा । तर उनीहरू विश्वविद्यालयको मूलप्रवाहबाट धेरै पर छन् र यहाँ यत्रतत्र सर्वत्र रुखो राजनीतिको दलदलै दलदल मात्र छ । संस्कृत विश्वविद्यालयमा अब तिगडम नजान्ने, खुरुखुरु आफ्नो काम गर्ने र आदर्श जीवन बाँच्नेहरूका लागि खासै ठाउँ छैन भन्दा पनि हुन्छ । देशलाई इमान्दारी, नैतिकता, अनुशासन र आदर्शको पाठ पढाउनुपर्ने ठाउँ नै यतिसारो पथभ्रष्ट भएको छ, यो संस्था आफैले हामीतिर फर्केर एउटा आदर्श र बलियो गुरु खोजिदिन अनुनय विनय गर्दै हात जोरिरहेजस्तो मलाई लागिरहन्छ । तर बाहिरी वातावरणमा यान्त्रिक पूँजीवादको बढोत्तरीसँगै संस्कृत विश्वविद्यालयका सामान्य कर्मचारीदेखि बडेबडे प्राध्यापकसम्ममा पनि अनुशासन, इमान्दारी र नैतिकतातिरको आकर्षणभन्दा लज्जाहीन सामन्ती गुटवाद र स्वार्थी अहङ्कारमाथि नै भर पर्ने मनोभाव बढेर गएको छ । अब आग्रह र सम्मानको भाषा नै बुझ्न छाडेको छ संस्कृत विश्वविद्यालयले । विश्वविद्यालय आफै प्राच्य संस्कृतिको मौलिक आदर्श बिर्सेर बिलखबन्द परेको छ । योगी नरहरिनाथ, अम्बिकाप्रसाद अधिकारी, हरिदेव मिश्र, तोयनाथ पाण्डे, दुर्गाप्रसाद दवाडी, रामेश्वर शर्मा, अमरराज शर्मा,

जागेश्वर ब्राह्मण आदि बितेर गैसकेका र माधवराज गौतम, वेणीमाधव ढकाल, विद्यानाथ उपाध्याय, देवमणि देवकोटा, आचार्य पूर्णचन्द्र ढुङ्गेल, विष्णुप्रसाद देवकोटा आदि अझै जीवितै रहेका सम्पत्तिहरूलाई विश्वविद्यालयको पछिल्लो पुस्ताले चिन्नै छाडेको छ । यो संस्थाका प्रत्येक इँटाहरू कसकसको पसिनाले भिजेका थिए र किन भिजेका थिए भनेर गौर गर्नै छाडेको छ पछिल्लो पुस्ताले । रुखो र ठाडो शब्द प्रयोग नगर्ने हो भने कर्मचारीले टेर्न छाडेका छन् । विद्यार्थीले दुईचारवटा कुर्सी नभाँच्दासम्म प्रशासन र प्राध्यापकले सुन्नै छाडेका छन् र विद्यार्थी पनि वा हुन् वा होइनन् जस्ता लाग्न थालेका छन् । यसलाई कसरी चिर्ने, कसरी हटाउने ? साँच्चै उपायशून्य अवस्थामा पुगिसकेको छ विश्वविद्यालय ! सरल र इमान्दार मान्छेहरू गुनासो गर्नुबाहेक कुनै विकल्प सुझाउन नसक्ने अवस्थामा छन् । अनुशासनहीनताको पराकाष्ठा त यस्तो पो हुँदो रहेछ !

सम्झनामा धेरै गुरुहरू हुनुहुन्छ । कहिलेकहीँ लाग्छ, बाहिर के भैरहेको छ, वास्ता नगरी उहाँहरू जस्तै निःस्पृह, निरभिमान र आत्माराम बनेर हिँडिदिऊँ । बाहिर मास्क र चस्मा लगाएर देखिऊँ र परेका पीरबारे आफैभित्रको परमात्मासँग एकान्तमा कुरा गरूँ । हाँस्नु परे उसैसँग हाँसूँ, रुनु परे उसैसँग रोऊँ । सर्वथा महत्त्वहीन र केही नजानेजस्तो बनेर दुर्गाप्रसाद दवाडी गुरुजस्तै आफ्नै खालको अकिञ्चन अभिनय गरिदिएपछि स्वार्थी तत्त्वहरू 'यससँग लागेर काम छैन' भन्ने सोच्छन् र नजिकै आउँदैनन् । उनीहरू 'यो आँडे छ, यसले खाने खिलाउने गर्दैन' भन्छन् र आफै तर्किन थाल्छन् । हुन पनि कसैले वास्ता गरोस् नगरोस्, सोधोस् नसोधोस्, कुनै मतलबै नगरिदिएपछि सबैलाई हाइसञ्चो । भूतले खाजा खाने बेलामा आफ्नो सामर्थ्यको सीमाभन्दा बाहिर गैसकेको विश्वविद्यालय, यहाँको समाज, यहाँको राजनीति र यहाँका विसङ्गतिहरूबारे कुरा गरेर र चिन्ता लिएर के नै फाइदा छ र ? बोधको एउटा तहमा पुगेपछि निस्सारताको यस्तो अनुभूति आउने गर्छ बेलाबेला । यो मेरो असफलताजन्य कुण्ठाबाट उत्पन्न अभिव्यक्ति हो वा भोगाइको एउटा चरणमा पुगेपछि सबैमा आउने स्वाभाविक अनुभूति हो म भन्न सक्दिनँ । थाहा छैन, बाहिरबाट हेर्दा अत्यन्त अकिञ्चन दुर्गाप्रसाद दवाडी गुरुमा विकसित जीवनशैलीको मूलमा पनि यस्तै बोधले काम गरेको थियो वा

थिएन ? तर मलाई लाग्छ, दुर्गाप्रसाद गुरु र उहाँजस्ता अरूहरूलाई साँच्चै 'गुरु' बनाउने सारतत्त्व उहाँहरूमा रहेको यस्तै सादापन र निःस्पृहता नै हो । हिजो विश्वविद्यालयका धेरै कर्मचारी, प्राध्यापक, विद्यार्थी र शुभचिन्तकहरू उहाँहरूको जस्तो सादापन आफूले कायम गर्न नसके पनि त्यसलाई आदर गर्थे, त्यससामु झुक्थे र त्यसलाई सकेसम्म अनुकरण गर्न खोज्थे । हिजो संस्कृतको मूलप्रवाहमा यस्तो जीवनशैलीको महत्त्व र मूल्यलाई साँच्चै अन्तरहृदयदेखि नै आत्मसात् गरेका मान्छेहरू थिए । उनीहरूलाई थाहा थियो, बाहिरबाट कमजोर तर भित्रबाट सारै बलिया यस्ता मान्छेहरू संस्कृतका गहना हुन् । त्यसैले हिजो संस्कृतक्षेत्र अर्कै थियो । र, आज दुर्गाप्रसाद दवाडीजस्ता गुरुहरू निकै कम छन् र भए पनि उनीहरू गुमनाम छन् । त्यसैले संस्कृत विश्वविद्यालय अर्कै छ । र, हामी केही मान्छेहरू दवाडी गुरुजस्तालाई सम्झेर बस्नेबाहेक केही पनि गर्न नसक्ने अवस्थामा छौं ।

जयतु संस्कृतम्

◆◆

प्रा.डा. दुर्गाप्रसाद दवाडीको सम्झना

प्रा. दिनेशराज पन्त

वि.सं. १९८५ माघ ४ गते कास्कीमा जन्मनुभएका दुर्गाप्रसाद दवाडी संस्कृत वाङ्मयका विविध विधामा उच्च शिक्षा हासिल गरेपछि जीवनभर अध्ययन अध्यापनमा लागिरहनुभयो । नव्यव्याकरणाचार्य, आगमनाचार्य, शाङ्खेदान्तचार्य, सर्वदर्शनाचार्य उहाँले हिन्दी तथा संस्कृतमा एम.ए गर्नुभएको थियो । वाराणसेय संस्कृत विश्वविद्यालयबाट आचार्य र आगरा विश्वविद्यालयबाट संस्कृत एम.ए गर्नुभएका उहाँले त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि (पी.एच.डी) गर्नुभएको थियो । बनारसमा ब्रह्मचर्याश्रम र नेपाली महाविद्यालयमा १७ वर्षको अध्यापन अनुभव गर्नुभएका उहाँले वि.सं. २०२५ मा त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापकबाट अध्यापक सेवा शुरु गर्नुभएको थियो । सोही सेवामा क्रमशः सहप्राध्यापक र प्राध्यापक पदमा रही दर्शन विषयको उन्नतिमा उहाँले ठूलो योगदान दिनुभयो, वाल्मीकि विद्यापीठमा दर्शन विभागको अध्यक्षको रूपमा रहनुभएका उहाँ संस्कृतसँग सम्बन्ध विभिन्न आयोगमा सदस्य हुनुहन्थ्यो । नेपाल र भारतबाट विभिन्न शैक्षिक पुरस्कार प्राप्त गर्नुभएका उहाँले विद्यावारिधि शोधनिर्देशन पनि गर्नुभएको थियो ।

भारतमा भएका विभिन्न गोष्ठीमा नेपालको आधिकारिक प्रतिनिधित्व गर्नुभएका उहाँले केही पुस्तकको रचना गरी प्रकाश गर्नुभएको छ। संस्कृत र संस्कृतिको उन्न्यनमा उहाँको सक्रियता निरन्तर रहिरह्यो । संस्कृत विद्याको उन्नतिको लागि अहर्निश चिन्ता गरिहने उहाँ त्यस्तो चिन्तन गरिरहने अत्यन्त थोरै व्यक्तिमा पर्नुहुन्थ्यो ।

प्रा.डा. दुर्गाप्रसाद दवाडीको सम्झना मलाई आइरहन्छ । वाल्मीकि विद्यापीठमा धेरै वर्षसम्म सँगै सेवा गर्ने मौका मिलेको मलाई दवाडी गुरुको प्रेम सधैंभरी मिलिरह्यो। प्रा.डा. दुर्गाप्रसाद दवाडीको म प्रति विशेष प्रेम भएकोले उहाँ

निर्देशक भएको विद्यावारिधि कार्यक्रममा कहीँ विशेषज्ञ र कहीँ बाह्यपरीक्षकको रूपमा सेवा गर्ने मौका मलाई मिल्यो । मेरो वृत्तिको स्थायित्वप्रति उहाँको चिन्ता सर्वदा देखिन्थ्यो । समाजसेवाको क्षेत्रमा पनि निरन्तर लागिरहनुभएका दवाडी गुरुको वि.सं. २०६९ पौष २५ गते काठमाडौँमा देहावसान भयो । संस्कृत विद्याको उन्नतिमा हामी ठोस ढङ्गले लाग्न सक्यौँ भने दवाडी गुरुप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ भन्ने मैले ठानेको छु ।

◆◆

वैदिक संस्कृतिका संवर्धक ऋषि व्यक्तित्व

प्रा. रामहरि दाहाल
कलश्री

डाँडा, थुम्का, हिमालय, झरना, नदीनाला र तालतलैयाले मनोरम, प्राकृतिक सुषमाको अनुपम थलो नेपालको पहाडी जिल्ला कास्की अन्तर्गत कास्कीकोट गा.वि.स ५ मा पिता सेतु दवाडी र माता मधी दवाडीका पुत्ररत्नका रूपमा जन्मनुभएका दुर्गाप्रसादको व्यक्तित्व वैदिक आर्यसंस्कृति र संस्कृत शिक्षाको सम्वर्धकको रूपमा परिचित छ, जसले वशिष्ठ गोत्रको दवाडी कुललाई गौरवान्वित गराएको छ । आचारनिष्ठता नीतिशास्त्रले भन्छ,- 'आचारहीनं न पुनन्ति वेदाः' आचार पालना नगर्ने व्यक्तिलाई वेदले रक्षा गर्दैन । स्मृतिशास्त्रको त्यस्तै उद्घोष छ, "श्रुतिः स्मृतिः सदाचारः स्वयम च प्रियमात्मन : । सम्यक्सङ्कल्पजः कामो धर्ममूलमिदं स्मृतम् ।" (याज्ञवल्क्यस्मृति आचारध्यायः, ७ औं कारिका) श्रुति, स्मृति, सत्पुरुषद्वारा अनुमोदित व्यवहार, भित्रैदेखि आत्माले रुचाएको, उत्तम सङ्कल्पबाट उत्पन्न इच्छा, यी धर्मका मूल हुन् । यही इज्याचारदमाऽहिंसादानस्वाध्यायकर्मणाम् । अयन्तु परमो लाभो यद् योगेनात्मदर्शनम्" यज्ञ, आचार, इन्द्रियनिग्रह, अहिंसा, दान, स्वाध्याय यी धर्म हुन् । यो भन्दा पनि उत्तम धर्म योगद्वारा आत्मसाक्षात्कार गर्नु हो । महाभारत- "वृत्तं यत्नेन संरक्षेत्" सावधान भई चरित्रको रक्षा गरोस् । शास्त्रले बारम्बार व्यक्तिगत सच्चरित्रमा बल दिएका छन् । यो पूर्व, पश्चिम सबैतिरको सामान्य नियम हो । शास्त्रीय आचार परिपालन गर्ने पुरुष को हुन् त भनेर उदाहरण दिँदा नेपालको परिप्रेक्ष्यमा पछिल्लो समयमा सबैभन्दा अगाडि नाम लिनुपर्ने दवाडी गुरुको हो । जुनसुकै अवस्था (सर्दी, गर्मी, झरी, हिउँद) एकादशी र प्रदोष व्रतको अनुष्ठानमा प्रमाद गरेको देखिएन । स्वाध्यायमा प्रतिबद्ध नभएको देखिएन । शास्त्र पढ्ने मानिस जतिपनि हुन्छन्- रावण, दुर्योधन, शिशुपाल, कंस, जरासन्ध उनीहरूमा शास्त्रअनुसार आचरण देखिएन । धार्मिक, सामाजिक, राजनीतिक, सांस्कृतिक आचरण शुद्ध राखेका छन् भन्न सक्ने स्थिति छैन ।

कसलाई नीतिशास्त्रले महात्मा भन्छ- 'मनस्येकं वचस्येकं कर्मण्येकं महात्मनाम् (भर्तृहरि, नीतिशतकम्)। आचारव्यहारको दृष्टिबाट भन्नुपर्दा उहाँ एक महात्मा नै हुनुहुन्थ्यो। उहाँ प्रचारमा आउन रुचाउनु भएन। तैपनि फूलको सुवास रोकेर रोकिन्छ र ? त्यो स्वतः प्रकट भइहाल्छ। सामाजिक जमघटमा, प्रवचनादिमा, अध्यापनको बेला उहाँले सबैलाई आचारको परिपालनमा जोड दिनुभएको हुन्थ्यो। घर बनिसकेको अवस्थामा, घरमा इनार धारो हुँदाहुँदै, अठसठ्ठी वर्षको अवस्थामा पनि उहाँ वाग्मतीमा नुहाउन पुग्नुभएको देख्ने छँदैछौँ। वाग्मती प्रदूषित भइसक्यो, अब यहाँ स्नान गर्नु ठीक छैन भनेर कति सम्झाएपछि, अनि आफ्नै घरमा सरेपछि यो रोकिएको थियो। परिवार र कुटुम्बी जनलाई सदाचारनिष्ठ बनाउनुभएको छ। उहाँको सदाचारी समाज बनाउने इच्छामा परिवारजनले मलजल गरेको देखिन्छ। उहाँले मान्ने आचार भनेको वैदिक सनातन धर्मको संरक्षण र सम्वर्धन हो र आर्यआदर्शको परिपालन हो। जसमा प्रतिदिन गरिने पञ्चमहायज्ञ बलिवैश्वदेव, पितृतर्पण, देवपूजन, स्वाध्याय र अतिथिसत्कार गुरुवरले आजीवन परिपालन गर्नुभयो। अर्थ र मन शुद्धिका लागि गृहस्थले गर्नैपर्ने पञ्चमहायज्ञको दैनिक अनुष्ठान गरेर उहाँले प्रवचनमा मात्र हैन व्यवहारमा पनि वास्तविक वैदिक सनातन मार्गको निर्देशन प्रस्तुत गर्नुभयो। यस प्रकारका नियमको पूर्ण परिपालन गर्ने मानिस औँलामा गनिने मात्र पाए पनि कुल धन्य हुन्छ। देश धन्य हुन्छ। कुल पवित्रं जननी पवित्रा वसुन्धरा भाग्यवती च येन' त्यसै भनिएको हैन।

ऋणत्रयबाट मुक्ति

मनु, याज्ञवल्क्य आदि स्मृतिकारको मान्यता छ, जन्मदै व्यक्ति तीनथरि ऋण बोकेर आउँछ देवऋण, ऋषिऋण र पितृऋण। शुद्ध कमाएको अन्नधनले यज्ञ, पूजा अनुष्ठान गरी देवताको ऋण तिर्न सक्छ भने स्वाध्यायको प्रतिदिन पाठबाट ऋषिऋण, अनि गुणी तथा पवित्र सन्तान बनाएर पितृऋण तिर्छ। तीनै ऋण तिर्ने प्रयास गुरुले गर्नुभएको देखिन्छ। उहाँले प्रतिदिन वेदपाठ, अध्यापन, शिष्य समूह, पुत्रवर्ग तथा जिज्ञासु व्यक्तिमा ज्ञान प्रदान गरी ऋषिऋण, पञ्चदेवताको अर्चना, नित्यनैमित्तिक कर्मको अनुष्ठान, ब्रह्मचिन्तन, दर्शनको अभ्यास, अनासक्त कर्मयोगलाई जीवनमा उतार्ने जमर्कोद्वारा देवऋण, पितृऋण तिर्न गर्नुभएको प्रयास स्तुत्य मान्नुपर्छ।

विद्यामा अध्ययन, बोध, आचरण र प्रचारको पूर्वको मान्यतालाई गुरुले व्यवहारमा उतार्नुभयो । 'ज्ञानं भारः क्रियां विना'- ज्ञान प्रयोगात्मक भएन भने भार सावित हुन्छ । प्राच्यविद्याका अध्येता व्यक्तिले व्यवहारमा साँच्चै उतारेको पाइन्न । 'पुस्तकस्था तु या विद्या' भनेझैँ, अथवा किताबको माछा पो खान हुँदैन बाहिरको त भइहाल्छ नि, भनेझैँ ठूलठूला जनसमुदायका वेद, उपनिषद्, धर्मशास्त्र र नीतिशास्त्रको उदाहरण जतिनै दिएपनि व्यवहार त्यसको विपरीत भएका पण्डितमान्य वर्ग, उपदेशक वर्ग, सामाजिक अभियन्ता भरमार पाइन्छन् । तर दवाडी गुरु त्यसको अपवाद देखिनुभयो । मन, वचन र कर्मको एकरूपतामा ,शास्त्रीय, मर्यादाको परिपालनको साथै सामाजिक, पारिवारिक मर्यादाको निर्वाहमा उहाँ पूर्ण सफल हुनुभएको सबैसामु छर्लङ्ग छ ।

संस्कृतप्रेम

छ विषयमा आचार्य तह उत्तीर्ण गरी वेदप्राच्यदर्शनधर्मकर्मसिद्धान्तमा विद्यावारिधि समेत गर्नुभएका प्रा.डा. दुर्गाप्रसाद दवाडी गुरुको संस्कृत भाषा, साहित्य र दर्शन प्रति अगाध आस्था थियो । भेट भएको बखत उहाँ जहिले पनि भन्नुहुन्थ्यो- संस्कृतमा नभएको विषय केही छैन । आयुर्वेद र ज्योतिष प्रत्यक्ष लाभकारी विद्या हो । यहीबाट पश्चिमा विद्वान्हरूले अरु शोधखोज गरेर एलोपेथि र आधुनिक गणितको विकास गरेका हुन् । हामीले आफ्नो सम्पत्तिको रक्षा गर्नुपर्छ । चारै वर्णका लागि उपयोगी आचारविचार संस्कृतमा छ । अङ्ग्रेजी त भाषा हो, ज्ञानचाहिँ संस्कृतमै छ । सुरुसुरुमा त लाग्थ्यो- संस्कृतको अध्ययन अध्यापनमा समय बिताउनु भएकाले गुरुले किन यसो भन्नुभएको होला । पछि धेरै अध्ययन नभएपनि अलि अलि पुस्तकपात्रोमा आँखा डुलाउँदै गर्दा थाहा भयो- गुरुले साँच्चै भन्नुभएको रहेछ। संस्कृतमा नभएको कुरा केही छैन। बरु संस्कृतमा भएका ज्ञानका विधि अरुले राम्रोसँग बुझेका छैनन् । पातञ्जल योगदर्शन, सांख्यदर्शन, शाङ्करवेदान्त दर्शन, ज्ञान, कर्मयोग र भक्तियोगका उचाइ, सिद्धि, हठयोग र लययोगका अवस्था र सिद्धि। सावरमन्त्रको सिद्धि, अष्टचक्र साधना, कुण्डलिनी जागरणजस्ता विषय जो जीवलाई शिवमा पुऱ्याउँछन्, त्यो उचाइको साधना र ज्ञानदर्शन पश्चिममा छैन । यही भारतवर्षका विवेकानन्द, दयानन्द, चिन्मय, योगानन्द, रजनीश, सद्‌गुरु, जे कृष्णमूर्ति, आचार्य भक्तिवेदान्तस्वामी

प्रभुपाद, शील ठाकुर भक्तिविनोद, रमणमहर्षि आदिले पश्चिमा मुलुकहरूमा यो दर्शन पुऱ्याएका छन् । पश्चिमाहरू नेपाल भारतमा आई अध्ययन गरेर केही बुझ्दैछन् । हाल त युरोप, अमेरिकाका भूभागमा प्राच्यदर्शन साहित्य पढाउने विभाग नै खोलेर अध्ययन तथा अनुसन्धान गर्दैछन् । ' आर्य वाङ्मयका भाषा, दर्शन तथा साहित्यको केही स्वाद पाउँदैछन् । तर गुरुको समग्र जीवन संस्कृत शिक्षाको प्रचार प्रसार, संरक्षण र संवर्धनमा बित्यो । उहाँले काशीको पञ्चम विश्व संस्कृत सम्मेलनमा सहभागी हुँदा, नेपाल-जर्मन विद्वद्गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दा र नेपाल सरकारद्वारा आयोजित संस्कृत माध्यमिक विद्यालय कार्यशाला गोष्ठीमा सहभागी हुँदा जोडदार रूपमा संस्कृतको विकासका लागि खाका प्रस्तुत गर्नुभएबाट यो तथ्य पुष्टि हुन्छ ।

शिष्यवत्सलता

जानेको विषय राम्रोसँग सिकाउँदा सिक्न खोज्ने र परिश्रम गर्ने विद्यार्थी बढी योग्य पनि हुन् सक्छन् । त्यस्तो भएमा आफ्नो स्तर खस्कन सक्छ भन्ने निम्न सोचाइका व्यक्ति पनि समाजमा भरमार छन् । जसलाई पठित भन्न पनि असहज लाग्छ । सरकारी अनुदानमा निर्भर स्कुल कलेजमा राम्ररी नपढाई निजी विद्यालय, महाविद्यालयहरूमा ध्यान दिएर पढाउने शिक्षक धेरै छन् । उनीहरूले निजी विद्यालयमा झैं सामुदायिक विद्यालयहरूमा पनि पढाएको भए सरकारी स्कुल कलेजको पढाइ ज्ञान, सीप र दक्षताका सम्बन्धमा बारबार विवाद उठ्ने नै थिएन । विद्यालय वादको प्रशिक्षण दिने थलो बन्ने थिएनन् । पार्टीको झण्डा बोक्ने अखडा बन्ने थिएनन् । अनुशासनको पढाइ पुस्तकमा मात्र सीमित हुने थिएन । दक्ष जनशक्ति शिक्षाका लागि विदेश पलायन हुने थिएनन् । गुरुवर्गको शिष्यवर्गप्रति साँच्चैको ममता भएको भए दुई थरि शिक्षा, दुईथरि योग्यता देखिँदैनथ्यो । तर दवाडी गुरुले त्यसो गर्नुभएन । जानेको कुरा खुलस्त रूपमा विद्यार्थीवर्गलाई बताउनुभयो । शास्त्रीय ग्रन्थका भित्री ग्रन्थी सुल्झाइदिनुभयो । सानासाना बालबालिकालाई गुरुवर्ग र अभिभावकले हातै समातेर लेखपढ गराएझैं विषयवस्तु र शुद्धाशुद्ध निर्देशन गरी गरी सिकाउनुभयो । विद्यावारिधि (पि.एच.डी) का शोध प्रबन्धमा पनि अनेकौं सामग्री खोजीखोजी दिनुभयो । त्यसो त उहाँको घर नै पुस्तकालय थियो । विषयवस्तु अपूर्ण नहोस् र शोध

प्रबन्ध उच्च बनोस् भनेर ध्यान दिनुहुन्थ्यो । संशोधन गरिदिनुहुन्थ्यो । यस्तो शिष्यप्रति ममता राख्ने गुरु हालका समयमा अत्यन्तै नै न्यून मिल्छन् । पौरस्त्य दर्शनको यो विशेषता गुरुमा थियो- "सह ना ववतु, सह नौ भुनक्तु, सह वीर्यं करवावहै, तेजास्विनावधीतमस्तु" गुरुचेला सँगै रहौँ, सँगै भोग गरौँ, सँगै कर्म गरौँ र हाम्रो ज्ञान उच्च होस् । यो भावनाको मूर्तरूप दवाडी गुरु हुनुहुन्थ्यो भन्न हच्कनुपर्ने स्थिति देखिएन ।

'न हि कल्याणकृत् कश्चिद् दुर्गतिं तात गच्छति' कल्याण गर्ने व्यक्तिको दुर्गति हुँदैन । यो शास्त्रको पनि, समाजको पनि मान्यता हो । यथार्थ पनि हो । तसर्थ उहाँको आत्माले शान्ति पाएको छ । हामीलाई अभाव खट्कन्छ तर सृष्टिको शाश्वत नियममा दुःख मानिरहेर चल्दैन । 'कीर्तिर्यस्य स जीवति' भनेझैँ गुरुको स्थूलशरीरको अभाव रहेपनि गुरु भावनामा जीवित हुनुहुन्छ । उहाँले दिनुभएको ज्ञान र प्रेरणा सतत छँदैछ । यसलाई परिवारजनका साथमा हामी सबै विद्यार्थीवर्गले आत्मसात् गरेर अगि बढेमा गुरुप्रतिको ऋण तिर्न नसकेपनि संस्कृत र संस्कृतिको सम्वर्धनमा टेवा पुग्नेछ र ब्रह्मलीन प्रत्यगात्माले अझै पनि हामीलाई शुभाशीष प्रदान गर्नेछ भन्ने अपेक्षाका साथ यिनै शब्द श्रद्धासुमन अर्पण गर्दछु ।

◆◆

दुई शब्द

प्रा. बलराम गौतम

प्राच्य विद्याको केन्द्र बनारस भएकोले अधिकांश नेपाली विद्यार्थी त्यहीबाट शिक्षा ग्रहण गर्थे । कास्कीको पोखरामा जन्मिएका दुर्गा प्र. दवाडीको अधिकांश विद्यार्थी जीवन पनि बनारसमै वित्यो । विशिष्ट विद्वत्ता हासिल गरेर गुरु मातृभूमिको सेवा गर्ने स्तुत्य इच्छाले प्रेरित भएर स्वदेश फर्कनुभयो । त्रि.वि.मा 'सर्वदर्शन' विषयको प्राध्यापनकार्य थाल्नु भयो ।

संस्कृतको पठन-पाठन चलेकै थियो । अन्वेषण र अनुसन्धानको क्रममा देशी विद्वानले 'यावत् स्थास्यन्ति' जस्ता उद्‌गार प्रकट गर्दै ऋग्वेद महिमा गाए । उपनिषद्को अध्ययनले पनि जीवन सार्थक भएको कुरा 'दारासिकोइ' जस्ता मुसलमानले समेत व्यक्त गरे । व्याकरण, कोश, धर्म-दर्शन, साहित्य, पुराण आदि अनेकन विद्याका पुस्तक संस्कृतमा छन् । यी विधामा अनेकन अध्येता आजतक संलग्न छन् । चूडानाथबाट शुरु भएको मेरो 'सर्वदर्शन' विषयको अध्ययन दवाडी गुरुको सान्निध्यमा धेरैकाल चलेर पूरा भयो । म यो अवस्थामा आइपुग्न गुरु दवाडी जस्ताको स्तुत्य प्रेरणा हो भन्नेकुरा मान्नैपर्छ । उहाँहरूको सत्प्रेरणाले गर्दा नै 'दर्शन संग्रह' पुस्तक प्रकाशन गर्न सकेको छु ।

संस्कृत वि.वि स्थापनार्थ गुरुको शिक्षा, सभ्य, सुसंस्कृत, मर्मस्पर्शी वाणीले राजा प्रेरित भएकै हुन् । लामो क्रान्ति र धेरै धनजनको खति पश्चात् राजतन्त्र विदा भएर नयाँ विधानको आगमन पश्चात् देशमा गणतन्त्र स्थापित भयो । दवाडी गुरुका अनेकन चेला भए । प्रायः सबै विषय उहाँ पढाउनु हुन्थ्यो । पठन-पाठनमा व्यस्त रहने गुरु विद्यार्थीलाई स्वसन्त न जत्तिकै माया गर्नुहुन्थ्यो । शिक्षण संस्थामा या निवासमा उहाँको सान्निध्यमा कक्षा चलेकै हुन्थ्यो । सादा जीवन उच्च विचारका धनी गुरु बाटोमा पनि संस्कृतमा पढाउदै हिँड्नुहुन्थ्यो ।

धर्म-दर्शनका आदर्श गुरु प्रत्येक प्रदोषमा पशुपतिदर्शन पश्चात् शिक्षालयमा पढाउनु हुन्थ्यो । पढाउदा भोक तिर्खाको बाधा देखिन्थ्यो । वैदिक सनातन आर्य धर्मका अनुयायी गुरुका अनेकन रचना प्रकाशित छन् ।

(धर्म एवं.., वेदीऽखिलो..., आचार्यवान् नावेदविद...श्रोत्रिय.., सर्वधर्मान्..., आचार्य मां.., यस्य देवे..., ज्ञानं कर्म च..., यथाकर्म..., नामसंकीर्तनं.., जस्ता जीवनोपयोगी आधारभूत कुरा यी वाङ्मयमा छन् ।)

गुरुको समय र अहिले धेरै फरक छ। समाज विकृत छ। अनुशासन छैन। सर्वत्र राजनीति व्याप्त छ। अधर्म बलेको छ, देखावटी धर्म फैलिएको छ। नारी भोग्या भएकी छन्, बलिप्रथा बढेर हिंसा उग्र भएको छ। 'मा हिंस्यात्' सिद्धान्त बेकामको भएको छ।

अनावश्यक प्रतिस्पर्धाले विश्व आक्रान्त छ, स्वार्थले मेल-मिलाप हराएर गएको र थिचोमिचो बढेकोले निम्सरोको न्याय छैन।

अव्यवस्था हटाउन सिद्धयार्थ तपस्यारत रहे । उनको मार्ग आज पनि सान्दर्भिक छ । तेरो मेरोको भावना नै झगडाको बीज हो । प्राचीन विषयका साथै आधुनिक (विषय समेटिएका) र व्यावसायिक विषय समेटिएको व्यावसायिक पाठ्यक्रम निर्माण हुनुपर्‍यो । स्वदेशमै रोजगारी दिन सक्नु पर्छ । अन्ध-विश्वासको कारण चलेको रूढी प्रथा समाप्त हुनुपर्छ । महिला अग्रपंक्तिमा आउन सक्नुपर्छ । 'वसुधैव कुटुम्बकम्' मित्रस्य चक्षुषा.., सर्वे भवन्तु.., विश्वतश्चक्षु.., जस्ता आदर्श वाक्यलाई गुरु मानेर उचनिच, भेदभाव, थिचो-मिचो नभएको दार्शनिक चिन्तनयुक्त, यो लोक र परलोक समेत सपार्न सक्ने विचार युक्त विश्व सरकार गठनतर्फ उन्मुख प्रयास नै आजको सत्कर्म हो ।

अन्त्यमा, सदा सर्वदा सुखको अनुभव गरेर आनन्दमा रमाउने समाज निर्माण गर्नुपर्छ। यसैमा गुरुका आत्माले चिर शान्ति पाउला र स्वर्गीय गुरुप्रति सच्चाश्रद्धा-कुसुम अर्पण गरिएको ठहरिएला कि ?

◆◆

सनातन धर्मका सन्दर्भमा दवाडी गुरु

डा. जनार्दन शर्मा
त्रि.वि. केन्द्रीय पुस्तकालय प्रमुख

प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूका बारेमा केही लेख्न खोज्नु मैले नसक्ने कुरा होकी जस्तो लाग्दछ। अर्कोतिर उहाँको बारेमा केही लेख्न पाउनु मेरो जीवनको ठूलो अवसर हो भन्ने पनि लाग्दछ। डा. प्रेम न्यौपानेजीले दवाडीज्यूको जीवन वृत्त ल्याएर दिनुभयो र केही लेख्न पाए हुन्थ्यो भन्नुभयो। हुनत २०२८ साल देखिनै म दवाडीज्यूलाई चिन्दथेँ। जैले देखि मैले त्रिभुवन विश्वविद्यालयमा काम गर्न थालेँ। उहाँ उपप्राध्यापक हुनुहुन्थ्यो भने म १८ वर्षको उमेरको ना.सु. सरह प्रशासनिक कर्मचारी। बाहिरबाट चिनेजाने पनि घनिष्टता थिएन। तर धर्म संस्कार, सनातन तथा आचारसहिंताका सन्दर्भमा यही बाहिरी चिनजाननै काफी थियो। धेरैपछि थाहा पाएँ उहाँ अग्रेजी, संस्कृत र हिन्दी भाषाको ज्ञाता पो हुनुहुँदो रहेछ। अंग्रेजीमा वी.ए. गरिसके र संस्कृत वाङ्मयमा विद्यावारिधिको उच्च शैक्षिक योग्यता हासिल गर्नुभएको रहेछ। पछि मेरा जेठान प्राध्यापक शिवगोपालज्यू सङ्ग कुरा हुंदा उहाँको शालीनता, सौम्यता, र विद्वताबारे झन् प्रष्ट ज्ञान भयो। उहाँ त हिन्दूधर्म र सनातन धर्मका सन्दर्भमा प्रामाणिक व्यक्तित्व हुनुहुँदो रहेछ। धर्म, संस्कार र सनातनका सन्दर्भमा जटिल हुन् आएका विषयमा उहाँ अन्तिम श्रोत व्यक्ति हुनुहुँदो रहेछ। कसैसँग टुङ्गो नलागेका कुरा उहाँबाटै टुङ्गो लाग्ने रहेछ। पछि अझै बुझ्दै गएँ- उहाँ त दर्शन शास्त्रको प्रकाण्ड विद्वान् हुनुहुँदो रहेछ।

अहिलेको महेन्द्र संस्कृत विश्वविद्यालय त्यतिखेर वाल्मीकि विद्यापीठको घेराभित्र सीमित थियो र त्रिभुवन विश्वविद्यालयमै एकाइको रूपमा नारायणहिटी दरबारको दक्षिणपट्टि तीनधारा पाठशालाको रूपमा समेत परिचित थियो। वाराणसीमा प्राध्यापन गरिरहनुभएको पं पद्मप्रसादज्यूलाई राजा महेन्द्रले नेपाल फर्कनुपर्छ र पण्डित राज सोमनाथ सिग्देलज्यूकै हाराहारीमा सम्मान दिलाउने सर्तमा नेपाल फर्काइएको व्यक्तित्व। यिनै भट्टराईज्यूले दवाडीज्यूलाई 'साधु'को

शब्द सम्बोधन गर्नुहुन्थ्यो । प्राध्यापक विष्णुज्ञवाली र पं.दामोदर ज्ञवालीज्यूले पनि दवाडी गुरुलाई निकै आदर सम्मान गर्नुहुन्थ्यो ।

मलाई परीक्षा शाखाका केही धिकृतहरूले उहाँको बारेमा प्रशंसा गर्दै चिनाइदिनु भयो । म जमल भोटाहिटी जाँदा र उहाँ वाल्मीकि विद्यापीठ जाँदा बाटामा आकल झुकल भेट हुन्थ्यो । मैले उहाँलाई भित्र हृदयदेखिनै सम्मान गरेर नमस्कार गर्दथेँ । उहाँ तीनखण्ड निहुरेर नमस्कार फर्काउनुहुन्थ्यो । उहाँको चरम सीमाको नम्रताले मलाई आकर्षण गऱ्यो । उहाँ त्यतिखेर पनि साइकल चढ्नुहुन्थ्यो । गोरो वर्ण, अग्लो, हँसिलो, ज्यादै नम्र हुनाका कारण उहाँ ठीक ब्राह्मण स्वभावको हुनुहुन्थ्यो । ब्राह्मण आचरणमा निश्चल हुनुहुन्थ्यो । उहाँलाई देखेपछि म लेखनाथको यो श्लोक सम्झन्थे र गौरव अनुभव गर्दथेँ । अझै यो विश्व ब्राह्मणले रित्तिएको रहेनछ ।

लोक सारा सहशा कंपाउने
अहो ! उही ब्राह्मण वर्ग हो भने
निरीह कुत्ता सरी हिँड्थ्यो किन ?
तँलाई मालुम छ कि यो कुरा कन ?

हो त नि अहिले जातका ब्राह्मण भएपनि कर्मका ब्राह्मण पाउन कठीन छ । ब्राह्मण वास्तवमा जात होइन । यो त मानव समुदायमा प्राचीन शुद्धता (Primitive purity) का सन्दर्भमा विशिष्ट पदवी हो । विश्वामित्र, नारद, वाल्मीकिले दिएको दवाडी गुरु ब्राह्मण र म पनि जे जस्तो भएपनि पण्डितको नाति तथा छोरा न भएँ । अहिलेको ब्राह्मण खेद्ने समयमा एउटा ब्राह्मणले अर्को सच्चा ब्राह्मणको गुणानुवादन नगरेर चुप लाग्नु भनेको माथिको श्लोक सार्थक पार्नुजस्तो मात्र होला कि भनेर यसरी अभिव्यक्त गर्न मन लाग्यो । ब्राह्मणले अति सहन्छ र सहनुनै उसको धर्म हो । शिक्षाप्रेमी हुन्छ र शिक्षा प्रदान गर्दछ । थोरै भौतिक आवश्यकतामा सन्तुष्ट हुन्छ ब्राह्मण । ब्राह्मण व्यापार गर्दैन र राज्यको शासन गर्दैन । ब्राह्मण अध्ययन सकेपछि अनुसन्धानमा तल्लीन हुन्छ । ब्राह्मण आफ्नो लागि आफैँ धन आर्जन, सञ्चय र सुरक्षा गर्दैन । अरुले वा संस्थाले यो काम गरिदिनुपर्छ । जुनसुकै विषयको ज्ञाता भएपनि सच्चा ब्राह्मण योग र दर्शनमा रुचि राख्ने अनि व्यावहारिकता दर्शाउनेनै हुन्छ । मलाई लाग्छ उहाँमा यी सबैकुरा

थिए । त्यसमाथि पनि दर्शन शास्त्रका प्राध्यापकको सन्दर्भमा उहाँको महत्ता उच्च थियो तर राज्यले त्यो गुणको दोहन गर्न सकेन । म त्रि.वि.वि. को कार्यकारी परिषद्को बैठक तथा यस्तै उच्च बैठक बसेका बेला जताबाट पनि कुरा घुमाएर त्रि.वि.मा दर्शनशास्त्रको विभाग राख्नुपर्‍यो भनेर प्रस्ताव राख्ने गर्थें । किनभने म कर्नाटक विश्वविद्यालयमा स्नातक । स्नात्तकोत्तर पढ्दै गर्दा त्यहाँ रशायन शास्त्र, भौतिक शास्त्र, गणित आदि विषयमा सुरुमै दर्शन शास्त्रका प्राध्यापक ल्याएर अभिमुखीकरण गोष्ठी चलाइन्थ्यो । पुस्तकालय तथा सूचना विज्ञान बारे पनि उच्च कक्षाका विद्यार्थी अनि पी.एच.डी. का विद्यार्थीलाई कसरी पाठ्य सामाग्री र सूचना संग्रह गर्ने भनेर प्रशिक्षण दिइन्थ्यो । यो सबै देखे जानेकोले पुस्तकालय प्रशिक्षण कार्यक्रमगत व्यवहारमा ल्याइयो तर दर्शन शास्त्रको प्रयोगवादी प्रशिक्षण गराउन मेरो वृत्ताले भ्याएन । उपकुलपति, टेक्टर र रजिष्ट्रारले यो कुरा सुनेनन् । दर्शनशास्त्रलाई शिरोधार्य गरेर आ-आफ्नो विषयमा विद्यार्थीले गहन अध्ययन गरेको भए ती विद्यार्थी र प्राध्यापकमा पेशागत संयम (Professional peace) खूब हुन्थ्यो । जस्को महत्वपूर्ण प्रतिफल राष्ट्रिय चरित्रको रूपमा राज्यले पाउँथ्यो । हामीले यसो गर्न सेकनौं र हामी वर्वाद भयौं । दर्शनले जुनसुकै विषयको ठीक राजमार्ग देखाउँछ । तर हामीहरू अन्धाले देखाएको बाटोबाट जाँदै छौं । परिणाम के हुँदैछ र अझै भविष्यमा के हुन्छ होला ? आफैं बुझ्नुस् ।

वि.सं. २०४४ सालमा मैले कीर्तिपुर ट्याङ्लामा घर बनाएँ । दवाडी गुरुत यतै बस्नुहुँदो रहेछ । उही साइकल, उही बोली र अनुहार, उही सरलता ! म त छक्कै परें । भेटघाट, कुराकानी हुँदा म कुरा उप्काउँथे केही सिकिन्छ कि भनेर । उहाँ पनि जटिल विषयलाई सरल ढङ्गले उत्तर दिएर समस्या सुल्भाई दिनुहुन्थ्यो । म सोध्ने गर्दथें- ब्राह्मणहरूले हिमालदेखि समुद्रसम्म र विश्वका कुनाकुनासम्म संगठित हुन मिल्दैन र ? उहाँ भन्नुन्थ्यो त्यसोगर्न सकिन्छ तर त्यसो गर्न ब्राह्मणहरू जन्मिएका छैनन् । त्यसो गर्दा संसार ध्वस्त हुन्छ र साराको पाप पखालेको पानी ब्राह्मणले खानुपर्छ अरु वर्गले जस्तो ब्राह्मण संगठित हुन आवश्यक छैन । सबै वर्गलाई पुरेत चाहिन्छ, सबै वर्गलाई योगी, ध्यानी र ज्ञानी चाहिन्छ । हामीहरू त्यसैले सबैका हौं र नीजरूपमा कसैको होइनौं । उहाँको जवाफले म नतमस्तक भएँ र चुप भएँ । मेरो कुनाभित्र गडेको ब्राह्मणको जातीवाद वेपत्तानै भयो ।

उहाँको आयु ८९ वर्षको रहेछ । वि.सं. १९८५ माघ ४ गते जन्मिएर वि.सं. २०६९ पुस २५ गते स्वर्गारोहण हुनुभएछ । कास्की जिल्लामा जन्मनुभएका सेतु दवाडीका छोरा, देवीभक्त दवाडीका नाती दुर्गाप्रसाद गुरु जन्मस्थानका कारणले पनि शुद्ध, बुद्ध, र प्रबुद्ध हुन पुग्नुभयो । मेरा जेष्ठ पितामम्ह जगत गुरु देवहहि पण्डित भन्नुहुन्थ्यो- भारतीयहरू आफूलाई हरेक क्षेत्रमा उच्च्व तुल्याउन नालान्दा र तक्षशिलाको वर्णन गर्दै संसारको पहिलो गुरुकुल बताउँछन् । सत्य यो हो कि कास्कीमा दशहजार वर्ष पूर्वनै गुरुकुल थियो । बिहान उठ्ने बित्तिकै हिमालय दर्शन गरेर कार्यक्रम सुरु हुन्थ्यो । भारतदेखि नै मानिसहरू गण्डकी नदीलाई यातायातको माध्यम तुल्याएर डुङ्गाको प्रयोग गरेर आउँथे, शिक्षाध्यान गर्थे, जडीबुटी संकलन गर्थे र फर्कन्थे । धेरै ऋषिमुनि र साधक शिद्धहरूको जन्मभूमि नेपालको नाम हिमवत्खण्ड नै हो । राजा दीलिपले गाई चराउने ठाउँ खप्तड हो । कालिदास म्याग्दीमा जन्मे । पाणिनी अर्घाखाची । च्यवन ऋषि यतैका हुन् । शृंङ्गी ऋषि सिस्नेरीका हुन् र धौम्य घुम्जेका भनेर भन्नुहुन्थ्यो । केही प्रमाण छन् पनि जस्लाई अंग्रेजी भाषामा म आफैं प्रकाशन गर्न संलग्न भइरहेछु । समग्रमा भन्नुपर्दा प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूले प्राचीन आर्यसभ्यता र सनातन धर्मको छाया दिएर जानुभयो । धन्य उहाँको दर्शन गर्न पाएर हामी भाग्यमानी बन्यौं । सच्चा ब्राह्मणको आशीर्वाद हामीलाई मिलेको छ ।

◆◆

अनि त म पनि गुरुको चेलो बनें

प्रा.डा. जीवन अधिकारी

म २०४० सालमा उच्च शिक्षामा अध्ययनका लागि वाल्मीकि विद्यापीठमा प्रवेश गरेको सोझो गाउँले केटो। उमेर खाएको भए पनि गाउँभन्दा बाहिरको वातावरणबारे जानकारीशून्य, अनभिज्ञ जीवन बाँचेको मान्छे। सहरिया जिन्दगी कसरी चल्छ भन्ने कुनै पत्तो नपाएको। सडकमा गाडी चलेको देख्दा पनि गाडीमा कुद्ने मान्छेको जागिर नै गाडी चलाउने रहेछ कि भन्ने ठान्थें। साइकल चलाउँने पनि तिनको कामै साइकलमात्रै चलाउँने होला भन्ने लाग्थ्यो। पछि थाहा पाएँ यी त ती साधन चलाएर अर्कै काममा जाँदा रहेछन्। दवाडी गुरु पनि साइकल चलाउनुहुंदो रहेछ।

वाल्मीकि विद्यापीठको मूलद्वारबाट एक दिन साइकलमा खुर्र छिर्दै गरेका दौरा सुरुवाल र ज्वारीकोट लगाएका उमेर अलि खाएकै लाग्ने केही कुप्रो परेझैं देखिने एकजना गुरुमा मेरो दृष्टि पऱ्यो। कुदाएरै साइकल भित्र ल्याउनुभयो उहाँले। एकातिर साइकल अड्याएर माथितिर भऱ्याङ चढ्न लाग्नुभयो। सायद साइकलमा कुद्दा कुदै शरीर केही झुकेको थियो उहाँको। त्यतिबेला शिवहरि मरहट्टा सहायक डीन हुनुहुन्थ्यो। कडा प्रशासनका पारखी मरहट्टा। उहाँको कक्षको बाहिरपट्टि प्राध्यापकहरूको हाजिरी पुस्तिका राखिन्थ्यो। त्यहाँ प्राध्यापकलाई मात्रै छिर्ने अनुमति थियो। विद्यार्थी त भित्रबाट अनुमति नपाई त्यो कक्षमा पुग्नै मुस्किल थियो, सी. डी. ओ. को अपिसमा छिर्दा जस्तै भित्रको अनुमति लिनुपर्ने। खै के भएर हो कुन्नि, म पनि गुरुको पछि लागेर त्यो हाजिरी गर्ने कक्षको ढोकासम्म पुगेछु। पछि डर पनि लाग्यो। गुरु हाजिर गरेर बाहिरिनुभयो, सायद अध्यापनतिर। म पनि आफ्नै धुनमा कतै लागें। उहाँ नै दुर्गाप्रसाद दवाडी गुरु हुनुन्छ भन्ने त मैले धेरै पछिमात्रै थाहा पाएँ।

म शास्त्री तहमा पढ्न थालेपछि सँगै पढ्ने साथी विश्वनाथ दवाडीका पिता उहाँ नै हुनुहुन्छ भन्ने पनि जानकारी भयो। साथीका बुबा भनेपछि स्वतः

श्रद्धाभाव अङ्कुरित भयो । विश्वनाथसँग खै किन हो कुन्नि ?अलि नजिककै सम्बन्ध रह्यो शास्त्री पढ्दा । 'तपाईं' भन्ने गरेको साथी 'तिमी' मा ओर्लिएर 'तँ' को स्तरमा झऱ्यो । अचम्म भयो । मैले सुमन कट्टेल र दिव्यचन्द्र आचार्यलाई पनि 'तँ' भन्ने साथीको तहमा पाएँ । उनीहरू मलाई पनि तँ नै भन्छन् । कहिलेकाहीँ खै किन हो औपचारिक बनाउनका लागि तिमी भन्यो भने पनि कतै गल्ती गरे जस्तो लाग्छ र तँ भन्न सकेकोमा साथीको नातामाथि गौरव जागेर आउँछ । हामीमा अझै पनि 'तँतँ' र 'मम' चल्छ ।

हामी सँगै पढेर शास्त्री उत्तीर्ण भयौं । स्नातकोत्तरका कक्षामा सबै आ-आफ्नै रोजाइका विषयमा लागे । कसैले वाल्मीकिको पढाइलाई निरन्तरता नै दिएनन् । विषय फरक पऱ्यो र पनि हामी उस्तै मित्र रह्यौं । एउटा मीठो आत्मीयता थियो हामीमा ।

पढ्ने बेलाको गाउँले ठिटो, बा आमाका सपना पनि बोकेको, बाहिर रल्लिने समय थिएन । छात्रावासको बसाइले केही अल्लारे बनाएको भए पनि पढाइप्रति त्यति उदासीन थिएनौं हामी । विद्यापीठमा हुने सभा समारोहमा बसेर कुरा सुन्ने गरिन्थ्यो । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू पनि भइरहन्थे केही मात्रामा । पुरस्कार वितरण समारोहमा दवाडी गुरुलाई पनि देख्न पाइन्थ्यो । गोष्ठी पनि भए केही । तिनमा गुरुले कार्यपत्र पनि प्रस्तुत गर्नुहुन्थ्यो । त्यस्ता कार्यक्रम र अन्यत्र पनि उहाँले हाम्रो धर्म र संस्कृतिको पक्षमा जोडदार रूपमा बोलेको पनि सुन्न पाइन्थ्यो । 'जो छ' भन्ने थेगो बीचमा लगाएर कताकति ' अँ' पनि जोड्दै बोल्ने बानी रहेछ गुरुको ।

जहिलेसुकै बोल्दा पनि आफ्ना पिता पुर्खाले मानी आएको सनातन धर्म र संस्कृत, संस्कृतिका बारेमा आफ्ना धारणा राख्ने गर्नुहुन्थ्यो गुरुले । आवाज पुरुषको जस्तो धोद्रो थिएन, कता कता महिला आवाजको नजिक मिल्दो जस्तो तर खिरिलो आवाज, चर्को बोल्ने बानी थियो उहाँको सायद ! उहाँलाई आफ्ना कुरा बुझ्ने गरी सुनाउँन कुने आधुनिक ध्वनियन्त्र, माइक आदि नचाहिने जस्तो ।

समाज परिवर्तको रफ्तारमै थियो । शिक्षापद्धतिमा आएको परिवर्तनले धर्म, संस्कृति र परम्परागत मूल्यमाथि उपेक्षाभाव राखेर पाठ्यक्रम बनाएको

चर्चा यत्रतत्र चलिरहन्थ्यो । गुरुलाई त्यसमा पटक्कै चित्त बुझ्को रहेनछ । जहिलेसुकै बोल्दा पनि त्यसको खुलेर विरोध गर्नुहुन्थ्यो । त्यसलाई स्वीकार गर्नेहरूमाथि व्यङ्ग्यप्रहार गर्नुहुन्थ्यो । सनातन मर्यादाका अनुयायीलाई सुन्दै जुरुक्कै उठेर उहाँको पक्षमा केही बोलिहालुँ जस्तो हुने गरी गर्जिने उहाँको शैली, बडो अनौठोको लाग्थ्यो । जहिलेसम्म गुरुले बोल्ने अवसर पाउनुभयो त्यतिबेलासम्म उहाँले त्यसलाई पछ्याइरहनुभयो । पछि पछि त कार्यक्रमका आयोजकहरू उहाँलाई बोल्न दिन पनि डराउँन थालेको आभास पाइन्थ्यो । समय आफ्नै रफ्तारमा गतिमान् थियो । उहाँको प्रत्यक्ष विद्यार्थी भएर पढ्ने अवसर भने मलाई मिलेन । म साहित्यको विद्यार्थी, उहाँ दर्शनका प्राध्यापक । बाटाहरू भिन्न थिए हाम्रा ।

आचार्य स्तरको दोस्रो वर्षमा अध्ययन गर्दै गर्दा जागिरतिर मोह बढेकाले म संस्कृत मा. वि. रानीपोखरीमा पढाउँदै, पढ्दै गर्न थालें । गुरुसँगको प्रत्यक्षता पातलियो । लामो संघर्षपछि म वाल्मीकिमै अध्यापन गर्ने शिक्षक पनि भएँ । कक्षाका समय फरक परेर पनि भेट कम भयो होला । हामी आ-आफ्नै मार्गमा हिँडिरह्यौं । उहाँ साइकल कुदाइरहनुहुन्थ्यो, म पैताला घोटिरहन्थें ।

२०५९ सालमा आइपुग्दा मलाई गुरुसँग बसेर अध्ययन गर्नुपर्ने बाध्यात्मक स्थिति आइलाग्यो । म विद्यावारिधिको विद्यार्थी थिएँ, तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयको । अनुसन्धान प्रस्ताव दर्ता भएर काम थालेको धेरै वर्ष हुँदा पनि जागिरका कारणले समय दिन नसक्दा मेरो विद्यावारिधि अध्ययन बीचैमा अलपत्र पर्ने हो कि भन्ने स्थितिमा थियो । संयोगले वाल्मीकिमै व्याकरण विषय पढाउने माधवशरण उपाध्याय गुरु शिक्षाध्यक्ष बन्नुभएको बेला थियो । मैले उहाँका सामु राखेको अनुरोधलाई स्वीकार गरेर उहाँले मेरा लागि पन्ध्र महिनाको अध्ययन बिदा स्वीकृत गरिदिनुभएको थियो । यो बिदा नपाएको भए सायद मेरो अनुसन्धान दुर्घटित बन्ने थियो । यो संवेदनशीलतालाई मनन गरेर उहाँबाट बिदा स्वीकृत भएपछि म अनुसन्धान प्रतिवेदनको लेखनमा प्रवृत्त भएको थिएँ । त्यसै समयमा मैले सम्पादन गर्दै गरेको यदुवंशमहाकाव्यमा उपयोग गरिएको दार्शनिक पक्षको विश्लेषणको विशेषज्ञ खोज्दै म दवाडी गुरुका निवासमा पुगेको थिएँ ।

गुरुकहाँ प्रशस्त पुस्तकहरू रहेको व्यवस्थित पुस्तकालय थियो। थियो यस अर्थमा कि उहाँले पुस्तकहरू पढ्दै मिलाउँदै राख्ने गर्नुभएकाले कुन पुस्तक कहाँ छ भन्ने बारेमा उहाँलाई राम्रो हेक्का थियो।मैले कतैबाट उहाँको घरको फोन नम्बर लिएर फोन गरी अनुमति प्राप्त गरेपछि मात्रै त्यहाँ जाने अवसर पाएको थिएँ। घरमा पुगेर गुरुको दर्शन गरें। गुरुकहाँ जाँदा रित्तै जानु हुँदैन भन्ने पनि मेसो आएनछ मलाई। त्यो पनि त्यहीँ पुगेपछि होस खुलेजस्तो भयो। नमिठो पनि लाग्यो। भन्ने पनि के भन्ने? नभन्ने पनि के नभन्ने? भने जस्तो।

म ठान्थें गुरुले मलाई चिन्नुभएको छैन होला। तर, त्यस्तो होइन रहेछ। साहित्य विषयमा पढाउँने राम्रै मान्छ भनेर गुरुले चिन्नुभएको रहेछ। मित्र विश्वनाथले यसमा घिउतेल थपेको हुनुपर्छ। म विद्यार्थी रहँदादेखि नै गुरुले मेरा बारेमा आफूले जानेका र अड्कलेका धेरै कुरा भन्नुभयो। म आफ्नै प्रशंसा गुरुका मुखबाट सुन्दा अलि असजिलो अनुभव गर्न थालें। उहाँजस्ता विद्वान्का सामु हामी सामान्य टापटिपे पण्डितको के नै हैसियत रहन्थ्यो र ? उहाँको ममाथिको आशीर्वाद थियो त्यो।

मैले आफूलाई समस्या परेका कुराको पोटिलिका खोलेर फेहरिस्त दिन थालें। गुरुले 'ऊ त्यो किताब निकाल्नुहोस् त' भन्दै एकपछि अर्को समाधान दिँदै जानुभयो। मैले आफूलाई चाहिने सामग्री जोड्दै गएँ। 'यसलाई यसरी विश्लेषण गर्नुहोस् है' भन्दै गुरुले शैलीको पाटो पनि खुलाइदिनुभयो। मैले यस्तै दुई बसाइमा आफ्नो आवश्यकता पूरा गरें। त्यति सहज र सरल पारामा सहयोग गर्ने संस्कृतका विद्वान्हरू कमै पाएको मान्छे म, उहाँबाट साह्रै नै लाभान्वित भएको छु। विश्वविद्यालयका कक्षामा उहाँसँग पढ्ने अवसर नमिले पनि उहाँसँग यसरी मैले अध्ययन गर्ने मौका पाएँ। उहाँकै मार्गदर्शन अनुसार लेखेर तयार पारिएको दर्शनको विवेचन राम्रो स्तरको रह्यो मेरो शोधप्रबन्धमा। अनि त म पनि गुरुको सच्चा चेलो बन्न पुगें।

मानिसमा गुणै गुणले भरिएको व्यक्ति पाउँन दुर्लभ छ। हामी देवता र राक्षसको बीचका प्राणी हौं। यस अर्थमा हामीमा ती दुबैथरीका गुणहरू मिश्रित छन्। गुणवत्ता राख्ने भनेको पछिल्लो जातिका गुणमा कमी ल्याउँदै अघिल्लो जातिको गुणमा वृद्धि गर्दै लैजान सक्दा हाम्रो पनि जातीय उत्कर्ष हुने हो।

विकास र उत्कर्ष दुबै हाम्रा लक्ष्य हुन् र तिनमा अरूका सद्‌गुण देख्ने र तिनको कदर गर्दै र आफ्नो जीवनमा उतार्न प्रयत्न गर्दै उत्कृष्टतातिरको यात्रामा अनवरत अघि बढिरहने प्रवृत्ति देवत्वतिर उक्लिने मार्गको अनुसर्ता हो ।

हुनसक्छ दुर्गा गुरुमा पनि केही कमी हुँदा हुन् तर सद्‌गुणहरू उहाँमा खचाखच भरिएका थिए जस कारण उहाँले कहिल्यै कसैको कुभलो चिताउनुभएन र उहाँको कुभलो सोच्नेहरूको पनि सदा कल्याणकै कामना गर्नुभयो । सादा जीवन र वैचारिक उच्चता उहाँका गहना हुन् । वैदिक सनातन धर्ममा कहीं कतै घुनपुत्लो लाग्न लागेको सहन नसक्नु उहाँको जीवनको आदर्श हो । अमर्यादित ढङ्गले सनातन धर्मको मूलोच्छेदन गर्न खोज्नेहरूका विरुद्धमा आवाज बुलन्द गर्न उहाँले आजीवन संघर्ष गरिरहनुभयो । उहाँजस्तै आदर्श व्यक्तित्वका धनी सज्जनको बाहुल्य भएको भए हाम्रो धर्म, संस्कार, संस्कृति, मर्यादामाथि यति विघ्न अतिक्रमण हुने थिएन कि भन्ने पनि लाग्दछ । महाप्रयाणको यात्रा सुरु नगर्दासम्म नै गुरुको दैनिक यात्रा साइकलमै चलेको देख्दा अनौठो लाग्थ्यो र उहाँलाई उपाधि दिन मन लाग्थ्यो- 'वैदिक सनातन धर्मका निष्ठावान् साइकल यात्री' भनेर ।

गुरुले आफ्नो संस्कार छोरा र नातिहरूमा सारिदिनुभएको छ। विश्वनाथका पुत्र आज पौरस्त्य वाङ्मयका साधक अनुसन्धाता बनेका छन्। यसमा पिताजीको नै देन हो भन्नेमा विश्वनाथ आज पनि दृढ छन्। गुरुले उनमा स्वावलम्बन र स्वाभिमानको मूल्यबोध राम्ररी गराइदिनुभएको छ । संस्कृतको संरक्षणको जुन तृषा गुरुमा थियो त्यसको परिपूर्ति गर्ने उत्तराधिकारी उहाँले नै तयार पारेर जानुभएको छ । यिनै राम्रा कामको परिणतिस्वरूप दीर्घरोगको सिकार नबनी उहाँको महाप्रयाण भएको हो भन्ने म ठान्दछु । उहाँका सद्‌गुणको अनुसरण गरेर हामीले आफ्नो जीवनलाई विनयशील र सद्‌भावनामय बनाउन सक्यौं भने हामीले उहाँप्रति सच्चा श्रद्धाञ्जलि व्यक्त गरेको ठहरिनेछ । अस्तु !

◆◆

शत शत नमन

डा. अलका आत्रेय चूडाल

बहवो गुरवो लोके शिष्य वित्तापहारकाः ।
क्वचित्तु तत्र दृश्यन्ते शिष्यचित्तापहारकाः ॥

संसारमा शिष्यबाट पैसा लिने धेरै गुरुहरू हुन्छन् । तर शिष्यको मन नै जितेर लिने गुरुहरू केही मात्र हुन्छन् ।

सन् १९९० को दशकको कुरा हुँदो हो । हामी बनारसमा रहँदा म बुबासँग एक पटक नेपालीहरू बसोबास गर्ने मोहल्ला दूधविनायकमा पुगेकी थिएँ । गर्मीको महिना थियो । वार्षिक परीक्षाहरू पनि त्यसैबेला हुन्थे । धेरै नेपाली विद्यार्थीहरू र उनीहरूसँग तिनका अभिभावक पनि त्यस समयमा बनारस आउँथे । त्यो समय बनारसमा धेरै नेपालीहरूको जमघट हुने समय थियो । पहाडी मौसममा बसेका नेपालीहरूलाई जुलाई महिनाको त्यो हपहपी तातेको काशीमा समय बिताउन हम्मे हम्मे परेको हुन्थ्यो । हामी भने त्यो गर्मीमा बानी परिसकेकाले त्यति गाह्रो पर्दैनथ्यो अथवा हामी गर्मी भयो भनेर गुनासो गर्दैनथ्यौं ।

कुन घर भनेर ठीक सम्झना त आउँदैन । ढल्किँदो दिनको समयमा बुबा र म एउटा घर भित्र पस्यौं । भित्र चार कुने चोकबाट अलग अलग कोठामा जाने ढोकाहरू थिए । कोठाहरूबाट नेपाली बोलेको सुनिन्थ्यो । हामी बाबुछोरी दाहिनेतिरको एउटा कोठामा पस्यौं । त्यहाँ धेरैजना थिए । को को थिए अहिले सम्झन्नँ । तर एकजना सरल व्यक्तिसँग बुबाले धेरै बेरसम्म कुरा गर्नुभयो । उहाँ विद्यार्थीहरूको अभिभावकत्व निर्वाह गर्न आउनुभएको जस्तो लाग्थ्यो । उहाँ पनि गर्मीले आत्तिनुभएको थियो । उहाँले मप्रति छोरीलाई जस्तो माया र आदरभाव देखाउनुभयो । म उहाँहरूका कुरा सुनेर बसिरहें । सबै कुरा नबुझेपनि त्यो आत्मीयताले गर्दा मलाई त्यहाँ कुरिरहन असहज भएन । त्यहाँ

एक दुई जना पुरुष र एकजना गोरी अनि कपाल पनि कैलै भएकी किशोरी पनि हुनुहुन्थ्यो । हामी त्यहाँ धेरै बेर बसेर फर्कियौं ।

बनारसबाट काठमाडौंमा फर्किएपछि म वाल्मीकि विद्यापीठमा आचार्य पढ्न भर्ना भएँ । मैले प्राचीन व्याकरणमा शास्त्री गरेको हुँदा त्यहाँ मेरो विषय थिएन । त्यसैले सर्वदर्शन विषयको आचार्य कक्षामा मेरो भर्ना भयो । वाल्मीकि विद्यापीठको माथिल्लो तलाको एउटा सानो कोठामा लगेर बुबाले मलाई सर्वदर्शनका विभागाध्यक्षसँग परिचय गराइदिनुभयो । मलाई सम्झना आयो । मैले बनारसमा भेटेका ती सहृदयी व्यक्ति त अब मेरो गुरु पो हुनुहुँदो रहेछ । अनि मलाई थाहा भयो ती गोरी किशोरी गुरुकी छोरी हुनुहुँदो रहेछ । त्यो दिनदेखि म दुर्गाप्रसाद दवाडी गुरुकी शिष्या भएँ ।

म विद्यार्थी जीवनमा स्कूल क्याम्पस जान नपाएको हुँदा कक्षा कोठामा विद्यार्थीको समूहमा बसेर पढ्ने मेरो अतृप्त रहर थियो । तर सर्वदर्शन विषयमा हामी तीन जना मात्र थियौं । कक्षामा तीनजना विद्यार्थी र गुरुहरू पनि तीनै जना । तीनजना विद्यार्थी र गुरुहरूमा केवल दवाडी गुरु र म मात्र नियमित थियौं । गुरु दिउसो आउनुहुन्थ्यो अनि हामी त्यही सानो कोठामा बसेर पढ्थौं । पछि साथीहरूलाई म आफूले लेखेको कापी सार्न दिन्थैं । मेरो ठुलो समूहमा साथीहरूसँग बसेर पढ्ने धोको पद्मकन्यामा नेपाली एम.ए. पढ्दा मात्र पूरा भयो ।

दवाडी गुरुलाई सम्झँदा धर्ममा निष्ठा राख्ने, विनम्र, मायालु, क्रोधलाई वशमा राख्नु भएको अति सरल व्यक्तिका रूपमा म सम्झन्छु । क्याम्पसमा राजनीति, गफगाफ आदि अनेक गतिविधि हुन्थे । यो समूह र त्यो समूह भन्ने कुरा आउँथ्यो । तर दवाडी गुरुलाई मैले त्यस्ता कुनै गतिविधिमा सामेल भएको, गफिएर बसेको देखिनँ । अनि मलाई उहाँप्रति झन् आदर जाग्थ्यो । गुरु र शिष्यभन्दा पनि हाम्रो सम्बन्ध बाबुछोरीको जस्तो थियो ।

हरेक प्रदोषमा गुरु धोती कुर्ता लगाएर आउनुहुन्थ्यो । त्यो दिन गुरुको उपवास हुन्थ्यो । उहाँ पशुपतिनाथ दर्शन गरेर आउनुहुन्थ्यो । साइकल उहाँको नियमित वाहन थियो । कीर्तिपुरबाट पशुपति अनि वाल्मीकि हुँदै फेरि कीर्तिपुरको यात्रा । किन-किन मलाई गुरुको यो साइकल यात्रा लामो लाग्थ्यो । उहाँले

साइकल नचलाए हुने जस्तो लाग्थ्यो । तर अहिले बल्ल म बुझ्दैछु, त्यो साइकल यात्राले गुरुको शारीरिक व्यायाममा सहयोग गरेको रहेछ । उहाँको शरीरलाई निरोगी बनाउन त्यसै साइकल यात्राको योगदान रहेछ । प्रदोषको दिन गुरुलाई थकित देखेपछि मलाई माया लाग्थ्यो र प्रायः प्रदोषमा हामी पढ्दैनथ्यौँ ।

गुरुको आवास कीर्तिपुरमा थियो । उहाँ गंगा स्नान गर्ने भनेर प्रायः बिहान वाग्मतीमा नुहाउन आउनुहुँदो रहेछ । खास गरी पर्वहरूमा त नबिराईकन । तिनताका वाग्मती साह्रै फोहर थियो । मेरो अबोध मस्तिष्कमा गुरुलाई छालाको रोग लाग्ने हो कि भनेर अत्ति डर लाग्थ्यो । मैले "गुरु वाग्मतीमा ननुहाउनुस् न फोहर छ" भन्दा गुरुले "होइन नदी फोहर हुन्न । उनी पवित्र हुन्छिन्" भन्नुहुन्थ्यो । मैले कति ढिपी गरेँ, कति प्रयास गरेँ, "काठमाडौँको सबै पानी वाग्मती कै पानी त हो" भनेँ तर उहाँ केही गरी पनि सहमत हुनुभएन ।

गुरुको आँखा चिम्लेर पढाउने बानी थियो । उहाँ आँखा चिम्लेर बोली रहनुहुन्थ्यो । म सुनेर लेखिरहन्थेँ । म अरूले पढाएको भन्दा दवाडी गुरुले पढाएको बुझ्थेँ । हुनसक्छ मेरो एक्लै पढ्ने बानीले गर्दा त्यसो हुन गएको हो । बुबापछि संस्कृत शिक्षामा मलाई पढाउने अर्को शिक्षक सम्झनुपर्दा म दवाडी गुरुलाई सम्झन्छु ।

गुरुको उमेर कति थियो मलाई कहिल्यै थाहा भएन । मैले देखेदेखि सँधै उहाँलाई उस्तै देखेँ । न मेरा लागि उहाँ युवा हुनुहुन्थ्यो न त वृद्ध नै । पछि त्यही विभागमा म सहप्राध्यापक भएँ । गुरुले मेरी शिष्या भनेर मेरो सगर्व स्वागत गर्नुभयो । म विभागमा आबद्ध भएको केही समयमै गुरु अवकाशमा जानुभयो । त्यसपछि केही शास्त्रीय छलफलका लागि म धेरै पटक गुरुको आवास कीर्तिपुर पनि गएँ । मलाई दर्शनमा विद्यावारिधि गर्ने जोश चलेको बेला म अनुसन्धान प्रस्ताव लिएर कीर्तिपुर गुरुको घर पुग्थेँ । उहाँ वात्सल्य भावले मलाई सल्लाह सुझाव दिनुहुन्थ्यो ।

"अथातो ब्रह्म जिज्ञासा" देखि शुरू भएको हाम्रो कक्षा अनवरत तीन वर्ष चल्यो । मजस्तो अबोध केटीलाई दर्शनको गहिरो समुद्रमा पौडिन सिकाउने दवाडी गुरु मेरा वास्तविक गुरु हुनुहुन्छ । मेरा केटाकेटी प्रश्नहरूको उत्तर उहाँ झर्को नमानी दिनुहुन्थ्यो । उहाँले नै वेदान्तमा मेरो रुचि जगाइदिनुभयो ।

चार्वक, जैन र बौद्ध सिद्धान्तहरूको रमाइलो खण्डन गर्न सिकाउनुभयो । अप्रत्यक्ष रूपमा पाशुपत र वेदान्ततिर मलाई लानुभयो । म किशोरावस्थामै थिएँ । त्यो किशोर मस्तिष्कले मैले के बुझें हुँला ? मदालसाको उपदेश सुनेर मेरो किशोर मस्तिष्क आत्तिन्थ्यो । त्यसले मलाई अत्यन्त प्रभाव पारेको थियो । अहिले अलि परिपक्व भएपछि लाग्छ फेरि दवाडी गुरुसँग बसेर शास्त्र चर्चा गर्न पाए मैले के कसरी बुझ्थेँ हुँला । अहिले मेरो कार्य क्षेत्र पनि विशुद्ध दर्शन रहेन । दवाडी गुरु पनि हामीलाई छोडेर शिवलोक जानुभयो । गुरुको स्मृतिग्रन्थ निस्कन लागेको कुरा सुनेर खुशी लागेको छ । मैले गुरुका बारेमा थाहा नपाएका थप कुराहरू त्यो पढेर जान्न पाउनेछु । यो पुण्य कार्य गर्न लाग्नुभएका परिवारजनलाई हार्दिक साधुवाद दिन चाहन्छु । मेरो चित्तहरण गर्नुभएका आदरणीय दवाडी गुरुप्रति शत शत नमन गर्दछु । गुरवे नमः !

◆◆

प्रा.डा.दुर्गाप्रसाद दवाडी र उहाँको विद्यावारिधि सुपरिवेक्षण : एक समीक्षा

प्रा. डा. दामोदर ज्ञवाली

ब्रह्मानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिं
द्वन्द्वातीतं गगनसदृशं तत्त्वमस्यादि लक्ष्यम् ।
एकं नित्यं विमलमचलं सर्वधी साक्षिभूतं
भावातीतं त्रिगुणरहितं सद्‌गुरुं तं नमामि ॥

सन्दर्भ

संस्कृतभाषा सबै भाषाको जननी हो । ग्रीक तथा ल्याटीन भाषा भन्दा पनि संस्कृत प्राचीन मानिन्छ । आर्यावर्तान्तर्गतका सबै मुलुकमा संस्कृतको उल्लेखनीय नै रहेको छ । यो भाषा हाम्रो जीवनकै प्रमुख अंगका रूपमा रहेको छ । नामदेखि लिएर जन्मदेखि मृत्युपर्यन्त हामी यसको प्रयोगविना रहन सक्दैनौ । अहिले आएर सम्पूर्ण विश्वले नै यसको आवशयकता र महत्वलाई स्वीकारेको पाइन्छ । यस्तो उच्चस्तरीय र हाम्रो प्राणकै रूपमा रहेको संस्कृतभाषाका प्रकाण्ड विद्वान् प्राज्ञ प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूका सम्बन्धमा दुई शब्द कोर्न पाउँदा लेखक आफूलाई गौरवान्वित ठान्दछ ।

प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूले छ विषयमा स्नातकोत्तर गर्नुभएको तथ्य उहाँके जीवनवृत्तबाट स्पष्ट हुन्छ । नव्यव्याकरण, आगम, शाङ्करवेदान्त र सर्वदर्शनमा आचार्य तथा संस्कृत र हिन्दी विषयमा स्नातकोत्तर पुरा गर्नुभएको देखिन्छ । वाराणसी र आगराबाट उपर्युक्त विषयको अध्ययन पुरा गरेपछि त्रिभुवन विश्वविद्यालयबाट उहाँले विद्यावारिधि अध्ययन गर्नुभएको थियो । यसरी उहाँमा विविध शास्त्रको ज्ञान र सीप रहेको थियो ।

यस लेखमा संस्कृत साहित्यका क्षेत्रमा योगदान पुऱ्याउनुभएका मूर्धन्य विद्वान् प्रा.डा.दुर्गाप्रसाद दवाडीको व्यक्तित्ववारे संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिएको छ । यसका साथै उहाँले विद्यावारिधि तहको अनुसन्धानमा सुपरिवेक्षण

गर्नुभएको अध्ययनमा आधारित एक कृतिको सार सङ्क्षेप समेत प्रस्तुत गरिएको छ ।

विधि र सामग्री

प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूसँग विगतमा भएको प्रत्यक्ष भेटवार्ता र अन्तरक्रियाको संस्मरण, निजका ज्येष्ठ सुपुत्र श्री विश्वनाथ दवाडीसँगको अन्तरक्रिया र उहाँले उपलब्ध गराउनुभएको विवरण तथा गुरुदेवले दुई आध्यात्मिक कृतिमा लेख्नुभएको मन्तव्यका आधारमा यो लेख तयार गरिएको छ । प्रा. दवाडीज्यूले सुपरिवेक्षण गर्नुभएको विद्यावारिधि अध्ययनमा आधारित कृतिलाई समेत लेखको आधार बनाइएको छ ।

संस्कृतका विशिष्ट विद्वान्का रूपमा दवाडी गुरु

प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यू संस्कृतभाषाका विशिष्ट विद्वान् हुनाका साथै उहाँको दिनचर्या श्रीमद्भगवदगीतामा व्यक्त 'योगः कर्मसु कौशलम्'को सिद्धान्तमा आधारित भएको अनुभव गरियो । अध्यात्म चिन्तन र योगसाधना उहाँको दैनिक जीवनका अभिन्न अंग थिए । उहाँ छ विषयमा स्नातकोत्तर तथा विद्यावारिधि प्राप्त विद्वान् हुनुहुन्थ्यो । सबै विधामा उहाँको विशिष्ट प्रतिभा रहेको थियो । उहाँको संस्कृतभाषामा अति नै उच्च स्तरको ज्ञान थियो । यसको प्रमाणका रूपमा दुई आध्यात्मिक तथा धार्मिक कृतिमा संलग्न उहाँका मन्तव्य रहेका छन् । ती कृतिमध्ये यहाँ वेदस्तुति र ईशोपनिषद्लाई लिइएको छ । वेदस्तुतिमा रहेको मन्तव्य सन्दुक १ मा प्रस्तुत गरिएको छ ।

सन्दुक १ः वेदस्तुतिमा रहेको शुभाभिनन्दनम्

वेदान्तसाहित्याद्यनेक शास्त्रविचक्षणैः स्वधर्मरक्षणबद्ध परिकरैः सदाचाररक्षणपरायणैः वाल्मीकिविद्यापीठ पुस्तका-ध्यक्षचरैः सरलस्वभावैः गीर्वाणवाणी सेवनेन पवित्रान्तःकरणैः निम्बार्कवैष्णवदर्शनविचक्षणैः मम सतीर्थ्यैः ज्ञवालीवंशोद्भवैः सुगृहीतनामधेयैः श्रीमद्भिस्तत्रभवद्भिः श्रीखेमराज ज्ञवाली महोदयैः श्रीमद्भागवतपुराणस्य हृदयस्थानभूतस्य वेदस्तुति-खण्डस्याऽनुवादं विधाय नैपालकानां सर्वेषां जनानां महानुपकार कृतः सोऽयमनुवादोऽधिकारिणा विदुषाविहित इति विदुषां मनांस्यावर्जयिष्यतीति नात्र सन्देह इति स्वाकूतमुट्टङ्कयति ।

दुर्गाप्रसादो दवाडीति नामधेयः
२०५८/१०/२५ दिनाङ्केषु

व्याकरण-वेदान्त-सर्वदर्शनागमाचार्यः, हिन्दी-संस्कृत साहित्यरत्नम्, राजनीतिरत्नम्, एम. ए. (हिन्दी, संस्कृत) लब्ध स्वर्णपदकः विद्यावारिधिः, महेन्द्रविद्याभूषणः श्रीमहेन्द्रसंस्कृतविश्वविद्यालयस्य मीमांसा-सर्वदर्शन-बौद्धदर्शन विभागाध्यक्षचरः प्राध्यापकश्च ।

सन्दुक २: ईशोपनिषद्मा रहेको शुभाभिनन्दनम्

विदुषा बाबुहरिणा कृता व्याख्या विराजते ।
संशयस्य तु नाशाय पठनीया प्रयत्नतः ॥
ईशावास्योपनिषदि कृत्वा भूरि परिश्रमम् ।
रचिता विदुषा सम्यागाधित्य शास्त्र संचयम् ॥
कल्याणायैव लोकस्य कृतो ह्येष परिश्रमः ।
नन्दन्त्वनेन कार्येण लोका इति मनीषया ॥
ज्ञवालीवंश जातेन बाबुहरि द्विजेन च ।
कृता व्याख्या प्रशस्यास्ति मतिरीदृशि मामकी ॥

अर्को कृति ईशोपनिषद्मा रहेको उहाँको मन्तव्य कवितात्मक शैलीमा छ । त्यसलाई सन्दुक २ मा प्रस्तुत गरिएको छ ।

बहुभाषिक ज्ञान

संस्कृतभाषाका प्रकाण्ड विद्वान् हुनाका साथै दवाडी गुरुको अंग्रेजीभाषामा पनि उस्तै रुचि र ज्ञान रहेछ । एक दिनको कुरा हो, मैले ब्रिटिश पुस्तकालयबाट भूगोलशास्त्रका दुई पुस्तक लिएर आएको थिएँ । मेरो साथमा उपत्यका बाहिरको चर्चित क्याम्पसमा प्राध्यापनरत भूगोल विषयकै एकजना मित्र हुनुहुन्थ्यो । दवाडी गुरुले मेरो हातमा रहेका पुस्तक तथा अंग्रेजी भाषामा प्रकाशित दैनिक समाचारपत्रमा दृष्टि निुभयो । ती सामग्री हातमा लिएर सर्सर्ती पढ्नुभयो । मेरा मित्रले जिज्ञासा राखनुभयो, "गुरुले कुन विषय प्राध्यापन गर्नुहुन्छ ।" मैले संस्कृत विषय भनी प्रतिक्रिया जनाएँ । उहाँको होश उडचो । नेपाली र हिन्दी भाषा त चिरपरिचित नै भए ।

प्रेरणाका स्रोत

युवा व्यक्तिहरूका निमित्त दवाडी गुरु अजस्र प्रेरणाका स्रोतका रूपमा रहनुभएको थियो। प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङद्वारा सन्तका रूपमा गुरुबाट आशीर्वाद प्राप्त भएको कुराको स्वीकारोक्ति भएको पाइयो। यस्ता महान् व्यक्तित्व र सिद्ध पुरुष हुनुहुन्थ्यो दवाडी गुरु। उहाँ मीमांसा र वेदान्तदर्शनका प्रखर अध्येता हुनुहुन्थ्यो। दवाडी गुरुको साइकल चलाउने ठुलो सोख थियो। उहाँ कीर्तिपुरबाट प्रत्येक दिन वाल्मीकि क्याम्पसमा साइकल चढेर जाने आउने गर्नुहुन्थ्यो। उमेर पाकेको भए तापनि उहाँमा युवामा जस्तो जोस, जाँगर र उर्जा थियो।

शोध निर्देशन/सुपरिवेक्षण

प्रा.डा. दुर्गाप्रसाद दवाडीद्वारा तीनवटा उच्चस्तरीय अनुसन्धानको निर्देशन र सुपरिवेक्षण गरेको देखिन्छ। ती विद्यावारिधि तहको अध्ययनसँग सम्बन्धित रहेका छन्। तीमध्ये यस लेखमा प्रा. विष्णुप्रसाद ज्ञवालीले पुरा गर्नुभएको नेपालविषयक अध्ययनलाई चर्चाको विषय बनाइएको छ।

प्रिय भाइ श्री ध्रुवमणि ज्ञवालीबाट मार्च २७, २०२१ का दिन लेखकलाई कृति प्राप्त भएको थियो। भोलिपल्ट मार्च २८ का दिन त्यस कृतिको सारसङ्क्षेपलाई युट्युबमा पनि राख्ने काम गरियो। Mandavya Kuldevta 166 उक्त सामग्री हेर्न सकिन्छ। सो सामग्रीलाई लेखनद्वारा पनि प्रस्तुत गर्ने इच्छा भएकाले सो कर्म गरिएको छ।

यस अनुसन्धानको शीर्षक पुराणेषु नेपालविषयकं विवेचनात्मकमध्ययनम् रहेको छ। उक्त अध्ययनमा आधारित कृति हालै प्रकाशित भएको छ। यसको विषयवस्तु संस्कृतभाषामा रहेको छ।

अनुवादकर्ताले शोधको संस्कृतभाषामा भएको विषयवस्तु यथावत् राखी प्रत्येक अध्यायको अन्तमा सारसङ्क्षेप नेपाली भाषामा संलग्न गर्नुभएको छ जसले गर्दा संस्कृतभाषा अध्ययन नगरेका व्यक्तिले पनि अध्ययनको सार बुझ्न सक्दछन्। अनुवादकर्ता श्री नवराज पाण्डेय हाल श्रीपरमानन्द संस्कृत गुरुकुल विद्यापीठ, देवघाटमा प्राध्यापनरत हुनुहुन्छ।

समीक्षाअन्तर्गत रहेको कृति जम्मा सात अध्यायमा विभक्त छ । प्रारम्भमा शोधनिर्देशकको मन्तव्य रहेका छ जुन निम्न प्रकार छ :

"सहप्राध्यापकेन पण्डितप्रवरेण विष्णुप्रसाद ज्ञवालीना विद्यावारिध्युपाधि प्राप्तये मन्निर्देशने महता प्रयत्नेन परिश्रमेण प्रातिभज्ञानेन च स्वोपज्ञं पुराणेषु नेपालविषयकं विवेचनात्मकमध्ययनम् इति विषये लिखितः शोधप्रबन्धोऽयं तत्कार्यसमीचिनतयाऽग्रे सारयति ।"

मन्तव्यपश्चात् आशीर्वचन रहेको छ । श्री हरिहर सन्यास आश्रम, देवघाटका पीठाधीश स्वामी ज्ञानानन्द सरस्वतीबाट आशीर्वचनका शब्दहरू प्रस्तुत छन् । यस कृतिको अनुवाद/सम्पादन कार्य विद्वान श्री नवराज पाण्डेयबाट भएको छ । त्यसपछि प्रकाशक थानेश्वरी ज्ञवालीका शब्दहरू अलङ्कृत छन् ।

शोधकार्यको सारसङ्क्षेप अनुसन्धानकर्ताकै शब्दमा संस्कृतभाषामा रहेको छ । छ पृष्ठको शोधकार्यको प्रस्तावना रहेको छ । त्यसपछि श्रीगणेशको वन्दना गरी पुराणहरूलाई भगवान् विष्णुका शरीरका रूपमा व्यक्त गरिएको छ । श्रीमद्भागवत महापुराणान्तर्गत दशमस्कन्धको सताशीयौं अध्यायमा रहेको वेदस्तुतिको अन्तिम श्लोकलाई समावेश गरिएको छ ।

सन्दुक ३: प्रा.दवाडीद्वारा निर्देशित अनुसन्धाता प्रा.डा. विष्णुप्रसाद ज्ञवालीको छोटो चिनारी

प्रा.डा. विष्णुप्रसाद ज्ञवाली तत्कालीन चिदिका ८ र हाल छत्रदेव १ ठुलाखर्कमा जन्मनुभएको हो । उहाँले वाराणसीस्थित वाराणसेय संस्कृत विश्वविद्यालय (हाल सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय) बाट इतिहासपुराण विषयमा आचार्य परीक्षा उत्तीर्ण गर्नुभयो । उहाँले उक्त विश्वविद्यालयमा निकै प्रतिष्ठा प्राप्त गरेका विद्वान प्रा.डा. श्रीकृष्णमणि त्रिपाठीसँग अध्ययन गर्नुभएको थियो । वृन्दावनमा रहँदा उहाँ श्रीनिम्बार्क सम्प्रदायमा दीक्षित हुनुभएको कुरा हाम्रा पूज्य पिता स्व. पं. खेमराज ज्ञवालीज्यूबाट अवगत भएको हो । प्रा. विष्णुप्रसाद ज्ञवालीले अर्घाखाँचीको पुरानो र प्रतिष्ठाप्राप्त श्री महेन्द्र विद्याबोध माध्यमिक विद्यालयमा केही समय अध्यापन गर्नुभएको थियो । सोही अवसरमा लेखकले पनि माध्यमिक तहमा नेपाली र संस्कृत विषय उहाँसँग अध्ययन गर्ने

अवसर प्राप्त गरेको थियो । पछि उहाँले कपिलवस्तुस्थित श्री तौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालयमा पनि अध्यापन गर्नुभएको थियो । पछि काठमाडौंमा आएर श्री वाल्मीकि क्याम्पसमा लामो समयसम्म प्राध्यापन गरेर इतिहासपुराण विषयमा विद्यावारिधि पुरा गर्नुभयो र साही विषयमा प्राध्यापक पदमा सुशोभित हुनुभयो । यसै पदमा कार्यरत रहँदा उहाँ सेवानिवृत्त हुनुभएको हो । यो अनुसन्धाताको सङ्क्षिप्त चिनारी हो ।

प्रस्तुत कृतिमा शोधकार्यको प्रतिवेदनको मूल पाठलाई जम्मा ३७१ पृष्ठमा समायोजन गरिएको देखिन्छ। ग्रन्थको पहिलो अध्यायमा समस्या पहिचान, पुराणहरूको अनुशीलनको आवश्यकता, शोधविधि र अध्ययनको औचित्य तथा पूर्व अध्ययनको समीक्षा रहेको छ । दोस्रो अध्यायमा इतिहासपुराण विषयको विविधता, पुराण शब्दको व्युत्पत्ति र यसको स्रोतका रूपमा वेद, पुराणहरूको संख्या, विष्णुको शरीरका विभिन्न अङ्गका रूपमा पुराण, उपपुराण, औपपुराण, पुराणमा प्रतिपादित विषय, र पुराणका लक्षण मुख्य विषयवस्तु रहेको देखिन्छ ।

पुस्तकको तेस्रो अध्यायमा वेद र पुराणलाई अनुसन्धानका आधारका रूपमा वर्णन गरिएको छ। साथै पुराणलाई हाम्रो राष्ट्रमा विद्यमान संस्कृतिका मूल आधार मानिएको छ । यो यथार्थता पनि हो । यसका अतिरिक्त यस अध्यायमा पुराणको मुख्य विषयवस्तु पनि प्रस्तुत गरिएको छ ।

चौथो अध्यायको विषयवस्तु महर्षि याज्ञवल्क्य, तुलसी र शालिग्राम, रिडी रुरुक्षेत्र, नारद-पुलस्त्य संवाद, पार्वतीको जन्म, पर्वत तथा नदीहरूको वर्णन र ऐरावती नदीको चर्चासँग सम्बन्धित रहेको छ । पाँचौं अध्यायमा पुराणको महत्व, पञ्चम वेदका रूपमा इतिहास र पुराण, शालिग्राम, मुक्तिक्षेत्र, नेपालका प्रमुख धार्मिक-ऐतिहासिक स्थल, किराँतेश्वर, पशुपतिनाथ र वासुकीको चर्चा गरिएको छ ।

अध्याय ६ मा वाल्मीकि आश्रम, हनूमत्तीर्थ, शिवको समाधि भंग, गणेशको पूजनको प्रभावले त्रिपुरासुर विजय, गणेशलीला, रुद्राक्षारण्यको परिचय, रुद्राक्षको उत्पत्ति, पिण्डेश्वरको उत्पत्ति, ब्रह्माको तपश्चर्या, विष्णुको तपस्या, सारस्वत तीर्थको महत्व, कोशी नदीको महत्व तथा विभिन्न देवीदेवताको उल्लेख गरिएको छ । सातौं तथा अन्तिम अध्यायमा अनुसन्धानको उपसंहार

रहेको छ । परिशिष्टमा श्रीमद्भागवत महापुराणको वैशिष्ट्य र गोपीगीतका केही श्लोकहरू प्रस्तुत छन् ।

उपसंहार

यस लेखमा संस्कृत साहित्यका क्षेत्रमा योगदान पुऱ्याउनुभएका मूर्धन्य विद्वान् प्रा. डा. दुर्गाप्रसाद दवाडीको व्यक्तित्ववारे संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिएको छ । यसका साथै उहाँले सुपरिवेक्षण गर्नुभएको प्रा.डा. विष्णुप्रसाद ज्ञवालीज्यूको शोधप्रबन्धमा आधारित कृतिको सारसङ्क्षेप पनि प्रस्तुत गरिएको छ । यस कृतिको अध्ययनले पुराणहरूमा रहेको अनुसन्धानात्मक ज्ञान र सीप तथा पूर्वीय दर्शनमा आधारित अनुसन्धानका विविध पक्षको पहिचान गर्न सहयोग पुग्ने विश्वास लिन सकिन्छ । शोध निर्देशक तथा शोधार्थी दुवै परमपद प्राप्त विशिष्ट विद्वानहरूलाई भावपूर्ण श्रद्धासुमन व्यक्त गर्दै श्रीमद्भागवत महापुराणको दशमस्कन्ध अध्याय ८७ मा रहेको वेदस्तुतिका निम्न दुई श्लोक उद्धरण गर्दै विश्राम लिन चाहन्छु ।

जय जय जह्यजामजित दोषगृभीतगुणां
त्वमसि यदात्मना समवरुद्धसमस्तभगः ।
अगजगदोकसामखिलशक्त्यवबोधक ते
क्वचिदजयाऽऽत्मना च चरतोऽनुचरेन्निगमः ॥
उदरमुपासते य ऋषिवर्त्मसु कूर्पदृशः
परिसरपद्धतिं हृदयमारुणयो दहरम् ।
तत उदगादनन्त तव धाम शिरः परमं
पुनरिह यत् समेत्य न पतन्ति कृतान्तमुखे ॥

कृतज्ञता ज्ञापन

प्रस्तुत लेख तयार गर्ने क्रममा प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूसँग सम्बन्धित आवश्यक सामग्री उपलब्ध गराउनुभएकोमा वाल्मीकि विद्यापीठ, काठमाडौंका सहप्राध्यापक श्री विश्वनाथ दवाडीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यसै गरी अनुसन्धाता प्रा.डा. विष्णुप्रसाद ज्ञवालीज्यूको प्रकाशित कृति उपलब्ध गराएकोमा पूज्य गुरुआमा थानेश्वरी ज्ञवाली तथा प्रिय भाइ तथा नेपाल सरकारका सहसचिव श्री ध्रुवमणि ज्ञवालीप्रति आभार व्यक्त गर्न चाहन्छु ।

सन्दर्भ सामग्री

ज्ञवाली, खेमराज, २०५८. **वेदस्तुति.** काठमाडौं : ज्ञानकुमारी ज्ञवाली ।

ज्ञवाली, बाबुहरि, २०६३. **ईषोपनिषद्.** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ज्ञवाली, विष्णुप्रसाद, २०५८. नेपालविषयकं विवेचनात्मकमध्ययनम्. श्रीनेपाल संस्कृत विश्वविद्यालयमा प्रस्तुत विद्यावारिधिको शोधग्रन्थ ।

दवाडी, दुर्गाप्रसाद, **२०७३. वैदिक संस्कृतिमा राष्ट्रवाद.** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

दवाडी, दुर्गाप्रसाद, **२०७३. श्रीशिवमहिम्नस्तोत्रम् (मूल कृतिसहित नेपाली अनुवाद),** काठमाडौं : विश्वनाथ दवाडी ।

पाण्डेय, नवराज, २०७७. **नेपालविषयकं विवेचनात्मकमध्ययनम्. देवघाटधाम** : थानेश्वरी ज्ञवाली ।

◆◆

ॐ श्री गणेशाय नमः

“सन्त गुरु” दुर्गाप्रसाद दवाडीप्रति श्रद्धासुमन

डा. हरिहर प्रदीप घिमिरे
सिफल काठमाडौं

महेश्वर पशुपतिनाथको स्थूलस्वरूप तपोभूमि नेपालको पश्चिमाञ्चलमा अवस्थित सुमनोहर माछापुच्छ्रे हिमालको काखमा पवित्र श्वेतगङ्गाका जलकणबाट नित्य अभिषिञ्चित महर्षि शरभङ्गकूट (शराङ्गकोट) र प्रजापति कश्यपको तपस्थल कास्कीकोटमा “सन्तगुरु” प्रा.डा दुर्गाप्रसाद दवाडीज्यूको जन्मभएको हो । गुरुले सनातन वैदिक धर्ममा निष्ठावान् मातापिताको सान्निध्यमा प्रारम्भिक शिक्षा र संस्कार प्राप्त गरी द्विजत्व धारण गर्नुभएको थियो । विशेष शिक्षा हासिल गर्ने तीव्र इच्छा भएकोले आमाबुबाको आशीर्वाद साथमा लिएर गुरु विद्यानगरी काशी वाराणसी पुग्नुभयो । वाराणसीमा ब्रह्मचर्यव्रत धारणगरी गुरुकुलीय आचारसंहिताको सम्यक् परिपालना गर्दै मूर्धन्य विद्वान् गुरुहरूका अन्तेवासी बनेर व्याकरण, शाङ्करवेदान्त, सर्वदर्शन, आगमतन्त्र, संस्कृत, हिन्दीजस्ता ६ वटा जटिल र दार्शनिक विषय दखल गर्दै छ वटै विषयमा आचार्य परीक्षा समुत्तीर्ण हुनुभयो । गुरुको त्यस किसिमको गौरवपूर्ण अध्ययनशीलताबाट नेपाल राष्ट्रको गौरव समुज्ज्वल हुनुका साथै भारतीय विद्वान्हरूसमेत आश्चर्यचकित बन्नुभयो । मैले पछिल्लो समयमा गुरुसँग सान्निध्य गर्दा देखेका र अनुभव गरेका गुण र विशेषताहरूबाट विषयगत गहनता, बौद्धिक प्रखरता, व्यवहारिक सरलता, आचारनिष्ठा, सौम्यस्वभाव आदि गुणहरू गुरुमा युवावस्थादेखि नै अविच्छिन्न थिए भन्न सजिलैसंग सकिने ठानेको छु । यी गुणहरूले गुरुको स्वच्छ छविलाई स्वयंप्रकाश गर्दै पनि आएका थिए ।

भगवान् विश्वनाथको विद्यानगरी काशी वाराणसीबाट षडाचार्यगरी मूर्धन्य विद्वत्ता हासिल गरेपश्चात् गुरुले जन्मभूमिप्रतिको आफ्नो दायित्वबोध गरेर स्वदेश फर्किई त्रिभुवन विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयमा सेवा

गर्न थाल्नुभयो । यसक्रममा गुरुले आजीवन देशभित्र र बाहिरसमेत हजारौं विद्यार्थीलाई शिक्षा र संस्कार दिने सेवाप्रदान गरिनै रहनुभयो । शास्त्रीय गहिराईमा पौडिएर सप्रमाण जिज्ञासाको समाधान दिने स्वभावको गुरुको शिक्षा-दीक्षा प्रणाली उपदेशात्मकमात्र नभई स्वयं आचरणमा उतारेर प्रभावित बनाउने किसिमको हुन्थ्यो । गुरुको शिक्षण शैली अपूर्व थियो । वहाँ 'स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः', भन्ने मनुवचनको प्रतिनिधि पात्र नै हुनुहुन्थ्यो ।

प्राध्यापक दुर्गाप्रसाद गुरु पूर्वीयदर्शनका मर्मज्ञ मात्र नभएर सैद्धान्तिक ज्ञानलाई सदाचरणमा सहज रूपान्तराण गर्न र गराउनसक्ने पवित्र ज्ञान-गङ्गाका दोभान पनि हुनुहुन्थ्यो । त्यसकारण वहाँ एक पवित्रज्ञान-तीर्थ मात्र नभई सशक्त कर्मयोगी पनि हुनुहुन्थ्यो । "योगः कर्मसु कौशलम्" (गीता) का अनुशीलनकर्ता गुरुको सान्निध्य पाउँनु मेरा लागि विशिष्ट भाग्यको फल संझिएको छु ।

गुरुका उदात्तचरित्रबाट प्रभावित अनेकौं सौभाग्यशाली विद्यार्थीहरूमध्ये छोटो अवधिको मात्र भएपनि अन्तेवासी नै बनेर कान्छो शिष्य हुने सौभाग्य यस पङ्क्तिकारलाई प्राप्त भएको थियो । साहित्याचार्यको तेस्रो वर्ष बाँकी छँदै मैले वाराणसेय संस्कृत विश्वविद्यालयबाट त्यस अवधिसम्म अध्ययन गरेको प्रमाणपत्र लिई नेपालको त्रिभुवन विश्वविद्यालयबाट पुराण-इतिहासमा आचार्य र त्रिभुवन विश्वविद्यालयकै मानविकी संकायबाट एम.ए. संस्कृत पुरा गरेको थिएँ । त्यसपछि म जीवन निर्वाहको निमित्त बीमा संस्थानको सेवामा प्रवेश गरें । त्यसबेला मलाई प्राज्ञिक समुदायबाट एक्लिनु परेको पीडाबोध भइरहेको पनि थियो । त्यसैबेलामा नेपालमा पराइहरूको योजनामा भैरहेको संस्कार र संस्कृतिप्रतिको घात-प्रतिघातबाट म मर्माहत थिएँ । तसर्थ मैले आफ्नो अध्ययनको आधारमा पौराणिक चेतलाई विन्दुमात्र भएपनि जनसमक्ष पुऱ्याई राष्ट्रलाई सेवा पुऱ्याउने उद्देश्यले "पुराणमा जैविक विविधता" विषयमा शोध प्रस्ताव तयार गरी तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयमा दर्ता गराएँ । त्यसबेलाका अनुसन्धान निर्देशक प्रा.डा वेणीमाधव ढकाल गुरुको परामर्श एवं प्रा.डा. बाबुराम पोखरेल गुरुको निर्देशकत्वमा प्रा.डा दुर्गाप्रसाद दवाडी गुरुलाई विशेषज्ञमा समावेश गर्ने कुरा पारित भएको थियो । यो प्रस्ताव गुरुले

अत्यन्त सौहार्दता साथ स्वीकार गरेर मेरो शैक्षिक एवं बौद्धिक ज्ञानवृक्षको आधारस्तम्भसमेत बन्नुभएको थियो ।

मेरो प्रस्तावित शोधशीर्षकमा स्वीकृति दिने सन्दर्भमा अनुसन्धान परिषद्मा आमन्त्रित डा. जगदीशचन्द्र रेग्मी लगायतका मूर्धन्य विद्वान्हरूका विषयवस्तुपरक जटिल जिज्ञासाहरूको समुचित समाधान दिन सहयोग गरेर प्रस्ताव दर्तादेखि पूर्णताको अवस्थासम्म विशेषज्ञका रूपमा रहनुभएका गुरु दुर्गाप्रसादले दिनुभएको उत्प्रेरणा र मार्गदर्शनबाट वहाँप्रति म अत्यन्त साभार र कृतज्ञ भएको छु । यद्यपि, शोधप्रवन्ध पूरा भइसकेपछि पनि विश्वविद्यालयीय बन्द हड्ताल आदि कतिपय कारणलेगर्दा मेरो 'पुराणमा जैविक चिन्तन' विषयको विद्यावारिधिको पूर्णताको उपलब्धिलाई निर्देशक तथा विशेषज्ञ दुवै गुरुले देहत्याग गरिसक्नु भएको कारण प्रत्यक्ष देख्न पाउनु भएन । त्यो नपाए पनि कान्छो चेलोको सफलता देखेर अवश्यमेव वैकुण्ठलोकमा रहेर आनन्द अनुभव गर्नुभएको होला र सानन्द आशीर्वाद दिइरहनु भएको होला भन्ने विश्वास गरेको छु ।

निर्देशक-प्रधान मानिने अनुसन्धानात्मक विद्यावारिधि अध्ययनमा समग्र अवधिमा म गुरु दवाडीको निजी निवास कीर्तिपुर ट्याङ्लामा २-४ पटक मार्गदर्शन लिन पुगेको थिएं । नीजि पुस्तकालयमा सदा अध्ययनरत वा कुनै अन्य विद्यार्थीको जिज्ञासा-समाधानमा व्यस्त रहनुभएका गुरुले क्रमशः अत्यन्त सौहार्दपूर्ण वात्सल्यता प्रकट गर्दै आफ्नो रुग्ण वार्द्धक्यको प्रवाह नगरी सरलतापूर्वक जिज्ञासाको सप्रमाण समाधान दिनुभएको ताजा अनुभव मेरो मानस पटलमा छ । गुरु रत्तिभर न अल्मलिई, न अल्मलाई उल्झिएका गुत्थी सुल्झाइदिनु भै विद्यार्थीको मनोबल बढाई सहजीकरण गर्नुहुन्थ्यो ।

आजीवन आफ्नो पैतृक संस्कारमा संलग्न गुरु दवाडी वैदिक सनातन संस्कृतिका सिद्धसाधक हुनुहुन्थ्यो । धोती कुर्ता, साइकल, पशुपति दर्शन र प्राध्यापन नै गुरुका स्थायी परिचय (ट्रेडमार्क) बनेका थिए । जाडो गर्मीमा एक नाश अखण्ड प्रदोषव्रत, अनन्य शिवाराधनामा मात्र सिमित नभएर आफ्नो कामलाई राम सम्झिने गुरु समाजलाई सचेत बनाउने किसिमका दार्शनिक कृतिहरू पनि पस्किरहनुहुन्थ्यो । आफ्ना दुवै छोरा र सन्तानहरूलाई आफ्नो

इच्छा बमोजिमको शिक्षा र संस्कारमा खारेर चम्काउन पूर्ण सफल दवाडी गुरु गुरुवर्गमा अनन्य नै हुनुहुन्थ्यो । यी र यस्तै अनेकौं अनुकरणीय सादाजीवन उच्च विचारका मूर्त स्वरूप गुरुमा रहेका मानवीय गुणहरूको जीवन्तता देख्दा मलाई पनि शिव रूप महर्षि दुर्वासाले सन्त राजर्षि अम्बरिषप्रति व्यक्त गरेका व्यास वचन सापटी लिएर कृतज्ञता ज्ञापन गर्नु सान्दर्भिक ठानी प्रस्तुत गरेको छु -

अहो ! अनन्त दासानां महत्त्वं दृष्टमद्य मे
कृतागसोऽपि यद्राजन् ! मङ्गलानि समीहते ॥
दुष्करः को नु साधूनां दुस्त्यजो वा महात्मनाम् ।
यैः सङ्गृहितो भगवान् सात्वतामृषभो हरिः ।
यन्नामः श्रुति मात्रेण पुमान् भवति निर्मलः ।
तस्य तीर्थ पदः किं वा दासानामवशिष्यते । (श्रीमद्भागवत् ९।५।१४-१६)

सदाचारहीन वा भ्रष्टाचारी हुनुका कारणले नै आज विश्व गुरु रहेको यस देशका अधिकांश तथाकथित गुरुहरू आफ्नो गुरुतर गुरुगौरब धारणगर्न नसकेर पाखण्डी विधर्मीका दलालहरूको जुठो-पुरा खाने क्रीतदास वनिरहेका छन् । यस परिप्रेक्षमा सन्त गुरुको समग्र इतिवृत्तले भरिएको स्मारिका गुरुतर गौरवाधायक र प्रेरणाप्रद रहने छ र 'आचारहीनान्न पुनत वेदः' यस व्यासवचन प्रति विद्वान्हरूको आस्था र निष्ठा जाग्ने छ भन्ने मेरो अपेक्षा छ । किनकि त्यो गुरु गुरु हुँदैन जसले शिष्यलाई मृत्यु (अज्ञान) बाट बचाउँन सक्दैन भन्ने वचनलाई आधार मानी जगद्गुरु आदि शंकराचार्यद्वारा प्रतिपादित गुरु स्वरूपको आंशिक आभास सन्तगुरु दवाडीमा रहेको महसुस गरी उक्त शाङ्कर वचन प्रस्तुत गरेको छु -

श्रोत्रियो ब्रह्मनिष्ठो यः प्रशान्तः समदर्शनः । निर्ममो निरहङ्कारो निर्द्वन्द्वो निष्परिग्रहः ।
अविद्याहृदयग्रन्थी बन्धमोक्षौ भवेद्यतः । तमेव गुरुरित्याहु गुरुशब्दार्थवेदिनः ।
-वेदान्त सारसंग्रह : २५५-२५६)

यस परिभाषासँग समेत मेल खाने दवाडी गुरुलाई मैले यस लेखद्वारा "सन्त गुरु" को रूपमा प्रस्तुत गर्ने प्रयास गरेको हूँ ।

गम्भीर दार्शनिक विषयहरूमा स्नातकोत्तर परीक्षामा विशिष्ट स्थान

हासिल गरी 'प्राच्यदर्शन धर्मकर्मसिद्धान्तः" जस्तो जटिल विषयमा अनुसन्धान गरी विद्यावारिधि समेत समुत्तीर्ण "सन्त गुरु" का सदाचारणका बखान वहाँका सहकर्मी मित्रहरू प्रा.डा. बाबुराम पोखरेल, प्रा.डा ऋषिराम पोखरेल आदि वरिष्ठ विद्वान्हरूका मुखबाट पनि सुन्दै आएको छु। वहाँका शिष्टता, सौम्यभाव र शिष्यवत्सलता सम्बन्धमा अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा गुरु दवाडी ब्रम्हलीन हुनुभएको तेह्रौं पुण्यतिथिका अवसरमा मेरा हितैषी मित्र तथा गुरुकै प्रिय शिष्य डा. बद्री पोखेलका यी गुरुभक्तिपरक श्रद्धासुमनहरू सान्दर्भिक भएकाले नमूनाका रूपमा यहाँ साभार प्रस्तुत गरेको छु -

"…….आदरणीय गुरु प्रा.दुर्गाप्रसाद दवाडीको विद्वत्ता, शालीनता, नम्रता र शिष्टताका विषयमा जतिपनि उदाहरण दिन सकिन्छ। ……..गुरु स्वयंपाक्य (आफै वा आफ्नो पत्नीले पकाएको मात्र खाने), …… बिरामी परेको कारण ताक्लाकोटमा पुगेर ३ दिन विश्राम लिई गुरुले लिनु भएका जडीबुटी- टिमुर अदुवा मरिच नै त्यसबेलाका सर्वोषधी थिए ………. औषधीभन्दा पनि गुरुले दिएका उत्साह, आँट र विश्वास …… । ………. गुरु दवाडीले शिष्य प्रतिको स्नेहधारा बगाई रहनुभयो र जाजरकोट र काठमाडौंबीच मैले लेखेका अनुसन्धानमूलक लेख्य सामग्रीलाई अनुगमन मूल्यांकन गरी सहयोगको पराकाष्ठा प्रदर्शन गर्दै मलाई पढ्नै र लेख्दै पर्ने नैतिक बाध्यता सिर्जना गर्नुभयो । फलतः पक्तिकारले आचार्य प्रथम श्रेणीमा प्रथम भई पूरा गर्न सफल भयो । त्यसबाट स्नातकोत्तर तहमा सर्वोत्कृष्ट हुँदा प्रदान गरिने महेन्द्र विद्याभूषण 'ख' समेत प्राप्त भयो (अन्नपूर्ण पोष्ट २०६९।१०।८।२) ।

मेरो शोधग्रन्थ सिंहावलोकन गरी सहमति पत्रमा सहर्ष हस्ताक्षर गरीदिनु भएको अवस्थामा सन्त गुरुसंग मेरो अन्तिम अनुरोध थियो गुरु ! अब मैले के गर्नुपर्ला ? गुरुले भन्नुभयो राष्ट्र र संस्कार- संस्कृतिका बारेमा जे गर्न सक्नु हुन्छ गर्दै जानुस्। मैले कृतज्ञतापूर्वक पादवन्दना गरें र बिदा भएँ। यो नै गुरुसँगको मेरो पछिल्लो बिदाई हुन गएछ। केही समय पछि गुरु परलोक हुनु भएका समाचारहरू फेस.सञ्जाल आदि सञ्चार माध्यममा देख्नुपर्दा निस्तब्धतापूर्वक हार्दिक श्रद्धाञ्जलिका साथ गुरुबाट पाएका सदाचारी शिक्षालाई अनुकरण गर्दै जीवन निर्वाह गर्ने सोचमा रहन थालें। अस्तु !

◆◆

नेपाल-संस्कृत-परिषद्मा र विद्वत्सभामा दवाडी गुरु

डा. प्रमोदवर्धन कौण्डिन्न्यायन

नेपालको गण्डकीप्रदेशमा कास्की जिल्ला अवस्थित छ। पहिले यो कास्की राज्यका रूपमा परिचित थियो । कास्कीका तात्कालिक शासकहरूले संस्कृतशिक्षालाई प्रोत्साहन दिएका थिए । कास्की राज्यका अन्तिम शासक सिद्धिनारायण साहले पण्डितहरू राखेर छात्रावास, पुस्तकालय इत्यादिको व्यवस्था समेत गरेर भूमिदानद्वारा विद्यालयको सञ्चालन गरेको इतिहास छ । कास्कीको अर्घौं पछिसम्म पनि विद्याको केन्द्रका रूपमा परिचित थियो। त्यहाँ पढ्न धेरैतिरबाट विद्यार्थीहरू आउने गर्दथे । पराजुली थरका विद्वान्हरूको गुरुकुल पनि प्रसिद्ध थियो । गत शताब्दीसम्म पनि मानिसहरूले अत्यन्त श्रद्धा गर्ने पं. शिवकुमार रेग्मी जस्ता नैष्ठिक उद्भट विद्वान्हरू भएको यस जिल्लाले विद्याका क्षेत्रमा ख्याति कमाएको थियो ।

यसै कास्की जिल्लाको कास्कीकोट गाउँमा वसिष्ठ गोत्रका दवाडिवंशमा नरपति उपाध्याय दवाडीका प्रपौत्र देवीभक्त दवाडीका पौत्र र सेतु दवाडी तथा मधीदेवीका सुपुत्रका रूपमा दुर्गाप्रसाद दवाडी गुरुको जन्म विक्रमसंवत् १९८५ माघ ४ गते भएको रहेछ। उहाँले प्रारम्भिक शिक्षा प्राप्त गरेपछि अरु अध्ययन वाराणसीमा गएर गर्नुभएको रहेछ । धेरै वर्ष वाराणसीमा बसी संस्कृतको अध्ययन गरेर नव्यव्याकरण, वेदान्त, दर्शन र आगम विषयमा आचार्य उत्तीर्ण गर्नु भएको रहेछ । वाराणसीमै अन्नपूर्ण गुरुकुल ब्रह्मचर्याश्रम तथा नेपाली संस्कृतमहाविद्यालयमा गरी १७ वर्ष अध्यापन पनि गर्नुभएको रहेछ । उहाँले पछि संस्कृत तथा हिन्दी विषयमा एम्.ए. पनि उत्तीर्ण गर्नुभएको रहेछ ।

नेपाल आई २०२५ असारमा उहाँले त्रिभुवन-विश्वविद्यालयको केन्द्रीय महाविद्यालय (कलेज) अन्तर्गतको आचार्यविभागमा उपप्राध्यापक पदमा नियुक्त

भई सर्वदर्शन विषयको आचार्य तहमा प्राध्यापन गर्न थाल्नुभएको रहेछ। यस महाविद्यालयको पठनपाठन प्रारम्भमा त्रिपुरेश्वरमा सञ्चालित भएको थियो भने पछि कीर्तिपुरमा स्थानान्तरित भएको थियो। २०२२ असोजसम्म रामशाहपथमा अवस्थित तात्कालिक राजकीय-संस्कृत-महाविद्यालयमा चल्ने गरेका संस्कृततिरका स्नातकोत्तर कक्षा (आचार्य तहका कक्षाहरू) 'सबै विषयको स्नातकोत्तर तहको पढाइ एकै ठाउँमा केन्द्रीय महाविद्यालयमा मात्र चलाउने' भन्ने त्रिभुवन-विश्वविद्यालयको त्यस समयको नीति अनुसार २०२२ कात्तिकदेखि केन्द्रीय महाविद्यालयमा सारिएका थिए। त्रिभुवन-विश्वविद्यालयअन्तर्गत छुट्टै संस्कृत-अध्ययन-संस्थानको व्यवस्था भएपछि २०३० साउनमा संस्कृततर्फका स्नातकोत्तर तहका कक्षाहरू प्रदर्शनीमार्गमा रहेको वाल्मीकि-विद्यापीठका नवनिर्मित भवनमा सारिएका थिए। त्यसै समय उहाँ पनि वाल्मीकिविद्यापीठमा सरुवा हुनुभयो। उहाँले उपप्राध्यापकबाट २०३७ संवत् वैशाखमा सहप्राध्यापक तहमा पदोन्नति पाउनुभयो। २०४३ संवत् मङ्सिरमा संस्कृत-विश्वविद्यालयको स्थापना भएकाले त्रिभुवन-विश्वविद्यालयको संस्कृत-अध्ययन-संस्थान संस्कृत-विश्वविद्यालयमा परिणत भयो र दवाडी गुरु पनि संस्कृत-विश्वविद्यालयमा आउनुभयो। कार्यनिवृत्त हुने समयभन्दा केही अगाडि मात्र २०५१ मा प्राध्यापक तहमा पदोन्नति पाउनुभयो।

दवाडी गुरुको संस्कृतशिक्षा प्रति दृढ निष्ठा र वेद, स्मृति र पुराणले बताएको परम्परागत वैदिक सनातन वर्णाश्रमधर्ममा अगाध आस्था थियो। संस्कृत पढ्नु पर्छ, परम्परागत शिखा-सूत्र स्नान-सन्ध्या भक्ष्याभक्ष्य इत्यादि विषयका ब्राह्मणाचारको पालना गर्नुपर्छ, विदेश म्लेच्छदेश जानु हुँदैन इत्यादि शास्त्रीय नियमहरूको अनुसरण गर्नुपर्छ भन्ने उहाँको दृढ धारणा थियो। म्लेच्छदेश गएपछि प्रायश्चित्त गरेपछि स्वकर्ममा सम्म अधिकार हुने भए पनि ब्राह्मणको गुरुत्व, पुरोहितत्व र वेदाध्यापकत्व भने प्राप्त हुँदैन भन्ने शास्त्रीय मान्यता छ। दवाडी गुरु आफ्ना सन्ततिले पनि धार्मिक शास्त्रीय नियमहरूको पालना गरुन् भन्ने चाहनुहुन्थ्यो। शिखाधारणलाई महत्त्व दिनुपर्छ भन्ने गुरुको उपदेश हुन्थ्यो। प्रदोषव्रतका दिन उहाँ ब्राह्मणहरूको शास्त्रीय धर्मानुकूल परिधान धोती लगाएर नै विद्यापीठ आउनुहुन्थ्यो। उहाँ खानपानका नियममा

कट्टर हुनुहुन्थ्यो । २०३९ चैतमा भएको विराट्-हिन्दु-सम्मेलनमा नेपालबाट भाग लिन जाने टोलीमा परेर मेरा पिताजी र दवाडी गुरु सँगै चेन्नई (मद्रास) जाँदा दवाडी गुरुले आफैँ नियमपूर्वक खाना बनाउनुभएको कुरा मेरा पिताजीले गर्नुभएको मलाई सम्झना छ । दवाडी गुरुलाई देख्ता र भेट्ता जसले पनि 'सादा जीवन उच्च विचार' भन्ने सिद्धान्तमा उहाँको विश्वास रहेको कुरा अवगत गर्थ्यो । उहाँले वाराणसीमा रहँदा पनि सनातन धर्मको परम्परागत वर्णाश्रममर्यादाको पालनाका पक्षमा समाजमा गएर लडभिड गर्ने समेतका कार्य गर्नुभएको रहेछ । अङ्ग्रेजी भाषाको ज्ञान लिई परीक्षा समेत उत्तीर्ण गरेर पनि उहाँ आफू आजीवन संस्कृतकै अध्ययनअध्यापनमा समर्पित हुनुभयो । उहाँले आफ्ना सन्ततिलाई पनि संस्कृतशिक्षामै लगाउनु भयो । अङ्ग्रेजी स्कूलबाट ७ कक्षा उत्तीर्ण कनिष्ठपुत्रलाई गुरुले ८ कक्षामा संस्कृत-माध्यमिक-विद्यालयमा प्रवेश गराउन चाहँदा त्यस कुरामा घरमा सबैको सहमति बनाउन आवश्यक हुँदा मेरा पिताजीलाई आफ्ना आवासमा आमन्त्रण गरी यस विषयमा प्रेरणा दिन अनुरोध गर्नुभएको रहेछ । त्यस वेला मेरा पिताजी उहाँकामा जानुभएको अलिअलि सम्झना अहिले पनि मलाई छ । उहाँले प्रशस्त संस्कृतग्रन्थहरूको सङ्ग्रह पनि गर्नुभएको थियो र अध्ययन गर्न चाहने जिज्ञासुहरूलाई उपलब्ध पनि गराउनुहुन्थ्यो । उहाँले सनातनधर्मका कतिपय विषयहरूको आधुनिक समयमा पश्चिममा विकसित भएको विज्ञानका 'सापेक्षतावाद' इत्यादि सिद्धान्तहरूका आधारमा समेत व्याख्या र पुष्टि गर्नुहुन्थ्यो । यस प्रकार लेखिएका लेख प्रकाशित पनि छन् । वि.सं. २०३६।२।२७ मा विद्यावारिधि (पिएच्.डि.) शोधकार्यका निम्ति पञ्जीकरण गर्दा पनि उहाँले आफ्नो आस्थाको विषयसँग मिल्ने गरी 'वेदप्राच्यदर्शनधर्मकर्मसिद्धान्तः : एकमध्ययनम्' शीर्षक छान्नुभएको थियो । यसै विषयमा अनुसन्धानप्रबन्ध लेखी २०४२ मा विद्यावारिधि उपाधि पनि पाउनुभयो ।

वि.सं. २०११ मा नेपाल देशभर छरिएर रहेका संस्कृत पढाइ हुने २३३ विद्यालयहरूमा संस्कृत पढाउन बन्द गर्ने तात्कालिक शासकका कामबाट संस्कृतशिक्षामाथि ठुलो कुठाराघात भएको थियो । पछि वि.सं. २०२८ मा बनेको नयाँ शिक्षा योजनाले पनि नेपालका शिक्षा प्रणालीमा धेरै परिवर्तन गर्‍यो र

परम्परादेखि सञ्चालन हुँदै आएको संस्कृतशिक्षाको पठन-पाठनमा धेरै आघात पाऱ्यो । प्रवेशिका परीक्षा (एस्.एल्.सि.) मा रहेको ५० पूर्णाङ्कको अनिवार्य संस्कृत पनि हटायो । संस्कृत-माध्यमिक-विद्यालयमा तल्ला कक्षामा संस्कृत पढ्न नपाइने, ८ कक्षाबाट मात्र संस्कृत पढ्न पाइने व्यवस्था गऱ्यो । १ देखि ८ कक्षासम्मको पढाइ चलेका ३४ वटा संस्कृतविद्यालयहरूमा संस्कृतशिक्षा बन्द भयो । १-८ कक्षा चल्ने संस्कृतविद्यालयहरू १-७ कक्षा चल्ने अङ्ग्रेजीविद्यालयमा परिणत भए । संस्कृतविद्यालयहरूमा पनि तल्ला कक्षामा संस्कृत पढ्न नपाइने हुँदा संस्कृतको जग दुर्बल भयो । यसले संस्कृतशिक्षालाई धेरै अहित गऱ्यो । यस प्रकारको दुष्प्रभावबाट संस्कृत शिक्षालाई जोगाउने उद्देश्यले संस्कृतप्रेमीहरूका सक्रियतामा २०२८ पुसमा नेपाल-संस्कृत-परिषद् खोलियो । यस परिषद्को कार्यसमितिका अध्यक्ष वाल्मीकि-संस्कृत-महाविद्यालयका प्राध्यापक जुननाथशर्मा पण्डित र सचिव पिताजी शिवराज आचार्य कौण्डिन्न्यायन हुनुहुन्थ्यो । त्यस वेला पिताजी कीर्तिपुरमा रहेको त्रिभुवन विश्वविद्यालय केन्द्रीय विद्यापीठको आचार्यविभागमा कार्यरत हुनुहुन्थ्यो । यस परिषद्का उपाध्यक्षमा मुकुन्दनाथ भट्टराई, कोषाध्यक्षमा ऋषिराम पोखरेल तथा सदस्यहरूमा तेज:केशरिशर्मा, विष्णुप्रसाद न्यौपाने, विष्णुप्रसाद ज्ञवाली, जीवनराज वाग्ले इत्यादि हुनुहुन्थ्यो । दुर्गाप्रसाद दवाडी गुरु पनि नेपाल-संस्कृत-परिषद्को यस पहिलो कार्यसमितिको सदस्य हुनुहुन्थ्यो र परिषद्का क्रियाकलापमा सक्रिय हुनुहुन्थ्यो । नेपाल-संस्कृत-परिषद्ले नेपालमा संस्कृतशिक्षाको विकास, विस्तार र सुदृढीकरणका निम्ति जनसमक्ष आह्वान गरेको थियो । संस्कृतपरिषद्ले ४ कक्षादेखि नै १०० पूर्णाङ्कको संस्कृत पढ्न पाइने व्यवस्था गर्न माग गरेको थियो । त्यस वेला २०२८।९।१६ मितिमा 'नेपाल-संस्कृत-परिषद्को कार्यसमिति र त्यसको आह्वान' शीर्षकको एक पुस्तिका प्रकाशित भएको थियो । नयाँ शिक्षा योजनामा संस्कृतका गुरुहरूको असहमति र विरोध बढ्दै गयो । नयाँ शिक्षा योजनाको संस्कृत प्रतिको नीतिमा असहमत हुने र संस्कृतका पक्षमा आवाज उठाउने वाल्मीकि-संस्कृत-महाविद्यालयका तात्कालिक प्रधानाचार्य रामनाथ आचार्य र उपप्रधानाचार्य रामचन्द्र पौडेलले पद छोड्नु परेको इतिहास छ ।

नेपाल-संस्कृत-परिषद्‌को प्रथम अधिवेशन २०३० जेठ ५ मा काठमाण्डुमा सम्पन्न भएको थियो । यस अधिवेशनमा १० अञ्चलबाट ३६ जना प्रतिनिधिहरूको सहभागिता भएको थियो । अधिवेशनमा गण्डकी अञ्चलको प्रतिनिधित्व गर्ने ५ जना अञ्चलप्रतिनिधिहरूमा दवाडी गुरु पनि हुनुहुन्थ्यो ।

संस्कृतपरिषद्‌ले संस्कृतका पक्षमा विभिन्न समयमा आबाज उठाउँदै गयो । यसै परिप्रेक्ष्यमा २०३८ मा भएको नयाँ शिक्षा योजनाको मध्यावधि-मूल्याङ्कनमा ६ र ७ कक्षामा निर्धारित पूर्वव्यावसायिक विषयको सट्टा संस्कृत-माध्यमिक-विद्यालयका विद्यार्थीले संस्कृत विषय नै पढ्न पाउने भन्ने व्यवस्था हुन सक्यो । व्यावसायिक विषयमा कर्मकाण्डको समावेश भयो ।

वि.सं. २०४१ मा उत्तरमध्यमा तहमा अध्ययन गर्न वाल्मीकिविद्यापीठमा प्रविष्ट भएपछि यस लेखकले संस्कृतपरिषद् र विद्वत्‌सभाका केही गतिविधि देख्ने र कतिपयमा आफैँ पनि संलग्न हुने अवसर पाएको थियो ।

नेपाल-संस्कृत-परिषद्‌ले २०४४ फागुन २२ गते संस्कृतशिक्षा-प्रेमि-सम्मेलनको आयोजना गरेको थियो । त्यो सम्मेलन सम्पन्न गर्न नेपाल-संस्कृत-परिषद्‌का सचिवका रूपमा दवाडी गुरु सक्रिय हुनुहुन्थ्यो । यसमा संस्कृतको पाठ्यक्रम परिष्कृत गरी सन्तुलित र सर्वजनोपयोगी बनाउनु पर्ने, त्यस समय रहेका २६ संस्कृत माध्यमिक विद्यालयका सङ्ख्यामा वृद्धि गर्नुपर्ने इत्यादि कुरामा सहभागीहरूको जोड रहेको थियो । सम्मेलनमा प्रस्तुत विषयोपस्थापन-वक्तव्य र सहभागीहरूबाट आएका प्रमुख टिप्पणीहरूको सारांश संस्कृतमा 'नेपाले संस्कृतशिक्षाया विकासस्यावश्यकता मार्गश्च' भन्ने पुस्तिकामा प्रकाशित भयो । नेपालीमा पनि 'नेपालमा संस्कृतशिक्षाको विकासको आवश्यकता र मार्ग' भन्ने पुस्तिका प्रकाशित भएको थियो । २०४६ फागुन १३ गते नेपाल-संस्कृत-परिषद्‌ले संस्कृत-माध्यमिक-शिक्षा-पाठ्यक्रम-विचार-गोष्ठीको आयोजना वाल्मीकि-विद्यापीठको सभाकक्षमा गरेको थियो । यस्ता सम्मेलन र गोष्ठी सम्पन्न गर्ने कार्यमा त्यस समयका संस्कृतका विद्यार्थी हामीहरू पनि विभिन्न रूपमा संलग्न हुन्थ्यौँ । पत्रपत्रिकामा समाचार छपाउने र प्रचार-प्रसार गर्ने कार्यमा पनि लाग्थ्यौँ ।

संस्कृत-माध्यमिक-विद्यालयका पाठचक्रममा सुधार गर्ने नेपाल-संस्कृत-परिषद्ले धेरै लडभिडको कार्य पनि गरेको इतिहास छ। संस्कृत विद्यालयहरूको सङ्ख्या बढाउने कार्यमा पनि यो परिषद् क्रियाशील रहेको थियो । त्यसैको फलस्वरूप सरकारको राष्ट्रिय-शिक्षा-समिति वर्षमा दुईवटा संस्कृतमाध्यमिक विद्यालयलाई स्वीकृति दिने नीति नै बनाउन पनि बाध्य भएको थियो । नेपाल-संस्कृत-परिषद्ले २०४१।८।१४ मितिमा संस्कृतशिक्षाका लाभहरू देखाई 'संस्कृत-माध्यमिक-विद्यालय खोल्न र चलाउन आह्वान' शीर्षक पत्री प्रकाशित गरेर प्रचारित गरेको थियो । यसै बिच २०४१ संवत्मा मेरो जन्मस्थल तनहुँ चुँदीमा पिताजी शिवराज आचार्य कौण्डिन्न्यायनका सक्रियतामा र स्थानीय संस्कृतशिक्षाप्रेमीहरूका सहभागितामा भानु-संस्कृत-माध्यमिक-विद्यालयका कक्षाहरूको सञ्चालनको आरम्भ भएको थियो । पहिले १-८ कक्षा चल्ने गरेको तर नयाँ शिक्षायोजनाले गर्दा २०३० देखि संस्कृतको पढाइ हुन छाडेको तर नाममा संस्कृत भन्ने चाहिँ रहिरहेको १-७ कक्षा चल्ने भानु-संस्कृत-निम्नमाध्यमिक विद्यालयलाई उन्नत गरी संस्कृतका ८-१० कक्षाको पढाइ क्रमशः चलाइएको थियो । त्यसको केही वर्षमा भानु-संस्कृत-माध्यमिक-विद्यालयले सरकारी स्वीकृति पाएको थियो । यसै विद्यालयका आधारमा पछि त्यहाँ भानु-संस्कृत-विद्यापीठ पनि खुलेको थियो ।

दुर्गाप्रसाद दवाडी गुरुले शाही उच्च शिक्षा आयोगको संस्कृत-टोलीको सदस्य भएर पनि काम गर्नुभएको थियो । आयोगले २०४० साउनमा प्रतिवेदन बुझाएको थियो । यसमा संस्कृतविश्वविद्यालयको स्थापनाको पनि सिफारिस गरिएको थियो । उहाँले २०४९।१।१ मा 'संस्कृत नै किन?' भन्ने पुस्तिका प्रकाशित गरी संस्कृत भाषाको महत्त्व र उपयोगिता देखाउनुका साथै संस्कृतलाई शिक्षामा अनिवार्य गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । संस्कृतलाई शिक्षामा अनिवार्य गर्नुपर्छ भन्ने एक पत्र प्रधानमन्त्रीलाई पठाउन सबैसँग अनुरोध पनि गर्नुभएको थियो । भाषण गर्ने अवसर पाउँदा संस्कृतका पक्षमा बोल्ने र संस्कृतक्षेत्रमा भएका विकृति र विसङ्गतिको आलोचना गर्ने प्रवृत्ति हुँदा पछिपछि उहाँलाई बोल्ने अवसर दिन अधिकारीहरूले गाह्रो मान्ने गरेको पनि पाइएको थियो ।

संस्कृत पढाउने गुरुहरूबाट नेपाली समाजमा आवश्यक पर्ने धार्मिक विषयमा निर्णय दिने र समाजमा देखिने अशास्त्रीय क्रियाकलापका विरोधमा आबाज उठाउने कार्य पनि हुने गरेको इतिहास पाइन्छ । वि.सं. २०३९ मा सामाजिक सेवा समन्वय समितिले इस्कोन भन्ने विदेशी संस्थालाई धार्मिक क्षेत्रमा संलग्न हुन अनुमति दिने प्रक्रिया चलायो । वर्णाश्रमबाह्य व्यक्तिहरू (गोराहरू) हिन्दुसमाजमा गुरु हुन खोजेको विडम्बनापूर्ण स्थितिमा वर्णाश्रममर्यादाका पक्षमा जनचेतनाको पनि आवश्यकता देखिएको थियो । उक्त प्रकारको वर्णाश्रममर्यादाविरुद्ध कामको विरोधमा वक्तव्यहरू निस्किए । त्यस समय पहिला २६ जना र पछि ४४ जना विद्वान्‌हरू र तदनुयायीहरूको वक्तव्य निस्किएको थियो । यसरी विरोध भएपछि सो कार्य रोकियो । यसै परिप्रेक्ष्यमा एउटा समितिको आवश्यकता अनुभव गरी वि.सं. २०४० भदौ २२ गते तात्कालिक बडागुरुज्यू जुननाथशर्मा पण्डित (धर्मशास्त्राचार्य, मीमांसाचार्य) का संरक्षकत्वमा विद्वत्सभाको गठन भएको इतिहास छ । त्यस सभाको २०४० कात्तिक १० मा भएको बैठकले सचिव पदमा वरण गरेपछि दुर्गाप्रसाद दवाडी गुरु विद्वत्सभाको सचिव हुनुभयो । गुरु पं.बुद्धिसागर पराजुली (मीमांसाचार्य) सभापति र लोकनाथ ढकाल (प्राचीनन्यायाचार्य) उपसभापति हुनुभयो । सदस्यमा चाहिँ सोमनाथ पौडेल (वेदाचार्य), राधाकृष्ण अधिकारी (धर्मशास्त्राचार्य), दामोदर कोइराला (वेदाचार्य), मधुसूदन रिसाल (दर्शनाचार्य) इत्यादि हुनुहुन्थ्यो । हाम्रा पिताजी पनि सदस्य हुनुहुन्थ्यो । वि.सं. २०४० देखि २ वर्षसम्म दवाडी गुरु विद्वत्सभाको सचिवका पदमा रहेर विद्वत्सभाका सन्देश प्रकाशित गर्न र प्रचार गर्न सक्रिय हुनुभयो । 'वैदिक सनातन धर्मको अनुपालन गर्दा विशेष ध्यान दिन पर्ने कुराहरू' शीर्षक विद्वत्सभाको पहिलो सन्देश २०४०।७।१३ मितिमा प्रकाशित भयो । २०४२।९।१५ मा प्रकाशित 'ब्राह्मणत्वको पालन र संरक्षण गर्न आह्वान' शीर्षक विद्वत्सभाको चौथो सन्देशले वर्तमान परिवेशमा ब्राह्मणहरूले आचारविचारको पालना कसरी गर्ने भन्ने सम्बन्धमा मार्गनिर्देश गरेको छ । विद्वत्सभामा २०४२।८।२० देखि हाम्रा पिताजी शिवराज आचार्य कौण्डिन्न्यायन सचिव हुनुभयो भने दुर्गाप्रसाद दवाडी गुरु सदस्यमा बस्नुभयो । विद्वत्सभाका गतिविधिमा कहिलेकाहीँ हामी पनि सहभागी हुन्थ्यौँ ।

कुनै वेला दवाडी गुरुका ज्येष्ठपुत्र विश्वनाथ दवाडीजी र राधाकृष्ण अधिकारी गुरुका ज्येष्ठपुत्र शान्तिकृष्ण अधिकारीजी सँगै विद्वत्सभाका सन्देश र वक्तव्यका प्रचारमा हिँडेको सम्झना पनि मलाई छ । २०४७ सम्म विद्वत्सभा सक्रिय रह्यो । यस अवधिमा विद्वत्सभाबाट धार्मिक विषयमा ७ वटा सन्देशहरू निस्किएका थिए र तिनले सम्बद्ध क्षेत्रका जागरण ल्याएका थिए । सभासमक्ष उपस्थापित जिज्ञासाहरूका समाधानका निम्ति थुप्रै धर्मशास्त्रीय निर्णयहरू पनि विद्वत्सभाबाट भए ।

दुर्गाप्रसाद दवाडी गुरुको उत्तरार्धको जीवन पनि अन्तिमसम्म नै सक्रियतापूर्ण रह्यो । केही दिनको मात्र अस्वस्थतापछि २०६९ पुस २५ गते काठमाण्डुमा नश्वर पाञ्चभौतिक शरीर त्याग गरी उहाँ कीर्तिशेष हुनुभयो ।

संस्कृतशिक्षाका क्षेत्रमा आजीवन सक्रिय वैदिक सनातन वर्णाश्रमधर्मका कट्टर अनुयायी दवाडी गुरुले जिउनुभएको निष्ठापूर्ण जीवनले संस्कृतशिक्षाको विकासका निम्ति र शास्त्रीय आचारविचारको पालनाका निम्ति सन्ततिहरूलाई र सनातनधर्मानुयायी अरु सबैलाई पनि प्रेरणा दिइरहेको छ ।

◆◆

आदरणीय दवाडी गुरुप्रति सश्रद्धा केही शब्द

प्रा. पुरुषोत्तम दाहाल

सरल जीवन, नैतिक जीवन र विद्वत्ताका त्रिवेणी दुर्गाप्रसाद दवाडी गुरु सबैका आँखामा सम्मानित हुनुहुन्छ । उहाँमा स्वतन्त्रताप्रति उत्तिकै लगाव थियो । मैले वाल्मीकि विद्यापीठमा विद्यार्थी अवस्थादेखि नै गुरुलाई चिनेको थिएँ । चिटिक्क ढाका टोपी, निधारभरी चन्दन र विगुत, कहिले भोटो, कहिले कोट, कुर्ता र धोती चप्पल वा कपडाका जुत्ता गुरुका पहिरन हुन्थे । विस्तारै र अलि अड्किएर बोल्ने गुरु स्वभावका कारण कहिल्यै पनि ठूलो स्वरमा बोलेको कमसेकम मैले सुनेको थिइनँ । हातमा सानो झोला उहाँसँग निरन्तर हुन्थ्यो जसमा केही पुस्तक वा अरु केही आवश्यक सामग्री हुन्थे होलान् । एकजना मानिसले आफ्नो युवावयमा नै यतिका विधि शिक्षा आर्जन गर्न सक्छ र उपाधि लिन सक्छ भनेर कमसेकम हामी जस्तो सामान्य मानिसका लागि अकल्पनीय हो । त्यसमा पनि संस्कृत साहित्य, दर्शन र धर्मका विषयमा उपाधि लिन खोज्नु त असम्भव कल्पना जस्तै हो । तर कास्कीको कास्कीकोटको एक सामान्य ब्राह्मण परिवारमा जन्मेर, हुर्केर, घरमा नै शिक्षा दीक्षा प्राप्त गरी एक चरण पार गरेपछि त्यति धेरै उपाधि लिनसक्नु आश्चर्यको विषय हो । तर दवाडी गुरुमा त यो सम्भव भयो । घरमा नै साधारण शिक्षा पाएपछि उहाँ वनारस जानुभयो र त्यहीँ उहाँले उच्चशिक्षा आचार्य नव्यव्याकरण, आगमाचार्य, शांकरवेदान्ताचार्य, सर्वदर्शनाचार्य, एम.ए. हिन्दी, एम्.ए. संस्कृतको अध्ययनपश्चात् उपाधि प्राप्त गर्नुभयो । शास्त्रीसम्मको अध्ययन वनारसमा नै भएको देखिन्छ । तर पीएच्.डी (विद्यावारिधि) भने उहाँले नेपालको त्रिभुवन विश्वविद्यालयबाट गर्नुभएको थियो ।

गुरुले शिष्य पाएपछि अन्यत्र लाग्नु भएन । सरकारी जागिर भन्दा पनि उहाँ शिक्षा क्षेत्रमा नै आनन्दित हुनुभयो । पहिले सत्र वर्षसम्म विभिन्न तहमा अध्यापन गरेपछि उहाँ नेपाल आउनुभयो र प्राध्यापकबाट पद निवृत्त हुनुभयो ।

वाल्मीकि विद्यापीठ त्यस समय त्रिविअन्तर्गत थियो त्यसैको उपप्राध्यापकमा आरम्भ गरी नेपाल संस्कृत विश्वविद्यालय भएपछि पनि उहाँको योगदान निरन्तर रह्यो । गुरुले आफ्नो जीवनकालमा अनेक पुरस्कार तथा सम्मान प्राप्त गर्नुभयो । धेरै विद्यार्थीहरूलाई विद्यावारिधि गराउनुभयो । नेपालको शिक्षानीति बारे योगदान दिनुभयो । दवाडी गुरुबाट के सिक्ने ? मलाई यो प्रश्न बढी महत्त्वको लाग्छ । मानिसहरूमा प्रायः द्वैध चरित्र पाइन्छ । दर्शनको अध्ययन गर्छन्, धर्मका कुरा गर्छन्, संस्कारका कुरा गर्छन् । कुरा गर्नेहरू परोपदेशे पाण्डित्यम् अधिक लाग्छन् । उनीहरूका आचरण, व्यवहार, कुनै पनि पक्ष उनीहरूले भनेजस्तो, देखाए जस्तो हुँदैन । पाखण्डका प्रतिमूर्तिहरूले दिने त्यस्ता वाणी र देखाउने चरित्रको कुनै अर्थ र महत्त्व हुँदैन । मैले धेरै त्यसता ढोंगीहरू देखे भेटेको छु । करीब पचास वर्ष भयो म राजधानी खाल्डो भित्र आएको, कक्षा ६ देखि नै मैले यहाँको र त्यो पनि संस्कृत क्षेत्रका अनेक विद्वान्, विदुषीहरूलाई चिनेको छु । उनीहरूका आनीवानीबारे परिचित छु । दानका कुरा गर्छन्, सम्पत्ति माथिको लोभ हदसम्म हुन्छ, परमार्थ र नश्वर जीवनका कुरा गर्नेहरू नै सबैभन्दा बढी लुब्ध देखिन्छन् । नैतिकताको राग उराल्नेहरू त कति अनैतिक भेटिन्छन् भन्न कठिन हुन्छ । जीवन र जगत्लाई माया र भ्रम मान्नेहरूले सन्तान दरसन्तानका लागि थुपारेको सम्पत्तिको कुनै हिसाब छैन । जीवनप्रतिको मोहव्याप्त हुनेहरू नै आदर्श र उपदेशका पोकाहरू बोकी रहेका भेटिन्छन् । सबै त्यस्ता नहोलान् अपवाद धेरै छन् । ती अपवादमध्ये दुर्गा दवाडी गुरु पनि एक हुनुहुन्छ । उहाँमा लोभ, छलकपट, ईर्ष्या, अहंकारभाव मैले कहिल्यै अनुभव गरिनँ । जस्तो शिक्षा थियो उहाँमा आचरण पनि त्यस्तै सरल देखिन्थ्यो ।

म विद्यार्थी कालमा नेपाल विद्यार्थी संघमा आबद्ध भएर काम गर्थे । त्यही समयमा पत्रकारितामा संलग्न भएँ । वाल्मीकिमा पढ्दा विद्यार्थी युनियनको सभापति भएँ । त्यसबेला धेरै आदरणीय गुरुहरूको सहानुभूति र सहयोग मैले पाएको थिएँ । हाम्रा धेरै सन्दर्भहरूमा गुरुहरूको व्यापक सहानुभूति रहनेगर्थ्यो । केही त फरक थिए । कोही अलि बढी दरवार निकट थिए, कोही हाम्रा विरुद्ध अरुलाई उकास्ने काम गर्दथे । लोकतान्त्रिक आन्दोलनका पक्षमा सहानुभूति

राख्ने सहयोग गर्ने गुरुहरू कमै भए पनि प्रतिबद्ध गुरुहरू हुनुहुन्थ्यो । सदा उत्प्रेरणा दिने काम उहाँहरूको थियो । कतिपय त दिवंगत भइसक्नुभयो । कुनै समयमा सन्दर्भ पारेर लेख्नु उचित हुने छ । हामीलाई ढाडस दिने, सदा लोकतान्त्रिक आन्दोलनमा लाग्दा सहानुभूति दिने गुरुहरूमध्ये दवाडी गुरु पनि एक हुनुहुन्थ्यो । उहाँले सदा स्वतन्त्रताको कुरा गर्नुभयो, परिवर्तनका कुरा गर्नुभयो । परिवर्तनमा विश्वास गर्दा उहाँ पूर्वीय दर्शन, सिद्धान्त र व्यवहारप्रतिको निष्ठामा कहिल्यै चुक्नुभएन । यस्तो एक सरल, साधु, शिक्षासेवी विद्वान् गुरुप्रति स-सम्मान श्रद्धा अर्पण गर्दछु । श्रद्धा अर्पण गर्ने यो अवसरका लागि गुरुभाइ विश्वनाथ सहित सबैलाई धन्यवाद दिन्छु ।

बू.न.पा १० कपननारायण चोक २०७७।५।४।

◆◆

प्रा.डा. दुर्गाप्रसाद दवाडीज्यूको बारेमा मेरो अनुभव

रामप्रसाद दाहाल

प्रत्येक प्राणीको जन्मपछि मृत्यु पनि साथसाथै आएको हुन्छ तर फरक यत्ति छ कोही पुनः जन्मने गरी जन्म भएर आएका हुन्छन् त कसैको जन्म अन्तिम पटक भएको हुन्छ। पूज्य गुरु मलाई लाग्दछ फेरि जन्मनु नपर्ने गरी जन्मनु भएको हो कि ! उहाँ कीर्तिपुरमा विश्वविद्यालयको क्वार्टरमा बस्दा करिब २०५२/५३ सालतिर होला क्वार्टरमा दर्शन गर्न जाँदा उहाँको व्यवहार हेर्दा आफूलाई सामान्य विद्वान्भन्दा उच्च कोटीको भावना भएको अनुभव भयो। त्यसपछि उहाँसँग वेद पढ्ने क्रममा बढी सम्पर्क हुँदा अझ गहिरो अनुभव भयो। ती सबै यहाँ कोरेर सकिँदैन। जे भए पनि निचोढमा उहाँमा हाम्रो धर्म र संस्कृति प्रति दृढ विश्वास थियो। उहाँ भगवान् पशुपतिनाथ नै मेरो गुरु हो भन्नुहुन्थ्यो। फलस्वरूप आफ्ना दुई सुपुत्रहरूको नाम पशुपति र विश्वनाथ राख्नुभएको हुनसक्छ। उहाँ प्रदोष तिथिमा काठमाडौंमा भए पशुपतिको दर्शन, पूजा तथा साँझमा रुद्री पाठ, शिव पूजा नगरी भोजन नगर्ने उहाँको कठोर व्रत थियो। फलस्वरूप उहाँको प्रिय तिथि शरीर पनि प्रदोषकै दिनमा छुटेको छ। शरीर छुट्नुभन्दा अगाडिको प्रदोषको दिनमा पनि आफ्नो नियमित प्रदोषको दर्शन पूजनमा बाधा परेन। २०६२/६३ को जनआन्दोलनका बेला एक दिन सरकारले चक्रपथभित्र निषेधाज्ञा जारी गरेको थियो। त्यस बेलामा परेको प्रदोषको दिन आज गुरु पशुपति आउन सक्नुहुन्न भन्ठानेर म पशुपति पुगेको थिएँ। तर मभन्दा अगाडि नै गुरु आइपुग्नु भएछ। मलाई आश्चर्य लागेर सोधेँ। गुरुबाट जवाफ आयो- "पशुपतिको कृपा पाएपछि केही दुःख हुँदैन।" उहाँ प्रत्येक शिवरात्रिमा जतिसुकै वृद्ध भए पनि शरीरको कुनै चिन्ता नगरी रात्रिमा पशुपतिमा बस्नुहुन्थ्यो। बागमतीमा जतिसुकै बाहिरी दृष्टिबाट गन्धा देखे पनि

उहाँका दृष्टिमा ती गंगा हुन्, गंगा कहिल्यै पनि अपवित्र हुँदिनन् भनेर स्नान गरिरहनु हुन्थ्यो । त्यस्तो पानीले स्नान गर्दा पनि उहाँलाई फोहोर खटिरा केही आएन स्वस्थ नै रहनुभयो । यी सबै कुरा देख्दा बासुकीमा ५० औं वर्ष तपस्या गरेर ब्रह्मलीन श्याम चेतन बाबाले गुरुलाई **"ओ ऋषि है उसका दर्शन करना पडेगा"** भनेर भन्नुहुन्थ्यो । अतः आदरणीय गुरुज्यूबाट अहिलेको समाजलाई आफ्नो धर्म र संस्कृति तथा आफ्ना मर्यादाप्रति कति निष्ठावान् हुनुपर्दछ भन्ने कुराको बाटो फराकिलो पार्नुभएको छ भन्ने मैले अनुभव गरेको छु ।

◆◆

वैदिक सनातन परम्पराका आदर्श पुरुष प्रा. डा. दुर्गाप्रसाद दवाडी

प्रा. पद्मप्रसाद भट्टराई
वाल्मीकि विद्यापीठ

देवभूमि नेपाल आमाको काखमा जन्मिएका स्मरणीय, संस्कृत वाङ्मयका प्रौढ, वैदुष्य वैभवशाली विद्वान्हरूमध्ये वैदिक सनातन परम्परका महनीय उपासक, वेद प्रामाण्यवादी दर्शनलगायत समग्र दर्शन वाङ्मयका आधिकारिक विद्वान् सनातन धर्मका आदर्श पुरुष प्रा. दुर्गाप्रसाद दवाडी वशिष्ठकुलका कुलदीप नै हुनुहुन्थ्यो । भगवान् भूतभावनका नित्यसेवक, नित्य-नैमित्तिककर्मका रहस्यज्ञ, सात्विक आहार-विहारमा अतिशय निष्ठा मात्र होइन, त्यसको मनोयोगका साथ परिपालना गर्ने श्रद्धेय दवाडी गुरुका आचार, विचार, संस्कार, व्यवहार, स्वाध्याय, तपोमय जीवन लगायतका दिनचर्याहरू सर्वथा अनुसरणीय, अनुकरणीय र श्लाघनीय थिए । यी उत्तरवर्ती समाजका लागि आदर्श र उत्प्रेरक भएर रहेका छन् ।

जब विद्यानगरी काशीमा म शास्त्रीमा अध्ययन गरिरहेको थिएँ, त्यस बेलादेखि उहाँसँग मेरो परिचय भएको थियो । यहाँलाई देख्नासाथ मलाई यस्तो अनुभव भयो कि म कुनै तपस्वी निर्मल आत्मा सज्जन पुरुषको दर्शन गरिरहेको छु । त्यसैले दवाडी गुरुज्यूलाई सम्झनासाथ वाल्मीकि रामायणको एउटा श्लोक मेरो स्मृतिपटलमा स्वतः स्फुरित हुन्छ-

रमणीयं प्रसन्नाम्बु, सन्मनुष्यमनो यथा (श्रीमद्वाल्मीकीयरामायण, बालकाण्ड, द्वितीय सर्ग, श्लोक ५) महर्षि वाल्मीकिद्वारा आफ्ना शिष्य, भारद्वाजलाई तमसा नदीको जलीय निर्मलताको वर्णन गर्ने क्रममा यो श्लोक उद्धृत गरिएको हो । उपमा अलङ्कारले युक्त यस श्लोकमा भनिएको छ- हे भारद्वाज जसरी सज्जन मनुष्यको मन निर्मल हुन्छ, त्यस्तै तमसाको यो जल

पनि निर्मल छ । यस्ता श्रद्धेय दवाडी गुरुले मलाई पहिलो भेटमा काशीको कुनै परीक्षा केन्द्रको प्राङ्गणमा सोध्नुभएको थियो- तपाईं कुन विषयको अध्ययन गर्नुहुन्छ ? त्यस अवसरमा मैले विचार गरेँ पक्का पनि यहाँ संस्कृतज्ञ हुनुहुन्छ ।

काशीमा अध्ययन गर्दा प्राय:स्वभाव पनि के थियो भने संस्कृत भाषा जान्ने वा बुझ्ने व्यक्तिहरूसँग म संस्कृतमा नै व्यवहार गर्ने । त्यसैले मैले आफ्नो परिचय दिँदै भने- अहमीदानीं नव्यन्यायविषयमधिकृत्य शास्त्रिक क्षायामधीयनोऽस्मि अत्र भवन्तः कुतः समायाताः सन्तीति ।

यो मेरो परिचायक वाक्य सुनेर हाँस्तै गद्‌गद् भएर 'भवन्तस्तु विद्वांसः सन्ति' भनी अगाडि नेपाली भाषामा आफ्नु परिचय दिँदै म काठमाडौंबाट आएको हुँ फेरि संस्कृतमा नै भन्नुभयो- 'अहं वाल्मीकिविद्यापीठे सर्वदर्शनविषयस्य अध्यापकोऽस्मि ।' यसक्रममा उहाँसँग धेरै कुराहरू भए, उहाँले हार्दिकतापूर्वक धेरै प्रेरणा दिएर मलाई उत्साहित गर्नुभएको थियो । त्यो आजसम्म मेरो मानसपटलमा अमिट छाप भएरहेको छ ।

धेरै कार्यक्रम तथा विचार-गोष्ठीलगायत विभिन्न समारोहमा श्रद्धेय गुरुका साथमा रहेर प्राज्ञिक क्रियाकलाप तथा धार्मिक अनुष्ठानका क्रममा कार्य गर्दा दवाडी गुरुज्यूबाट प्रशस्त सकरात्मक मार्गदर्शन तथा प्रेरणाहरू मलाई प्राप्त भएका छन् । सबैको कल्याण चाहने कायेन वाचा, मनसा, कर्मणा कुनैपनि रूपले कसैको अनिष्ट नसोच्ने, नगर्ने यस्ता उदात्त गुणका धनी, सादा र सात्विक वेशभूषामा परम विश्वास राख्ने तदनुकूल जीवन-पद्धतिका अनुसरणकर्ता आर्ष परम्पराका अप्रकम्प्य स्तम्भ नै हुनुहुन्थ्यो दवाडी गुरुज्यू । यो मेरो उहाँसँगको सत्सङ्गबाट प्राप्त यथार्थ अनुभव हो । सबै प्राच्यदर्शनमा राम्रो गति, व्युत्पत्ति र दृष्टि हुनुभएका विद्वान्‌दवाडी गुरुज्यूको वेद, धर्मशास्त्र पुराण कर्मकाण्ड आदि शास्त्रीय वाङ्मयमा समेत विषयगत आधिकारिकता त्यति नै उल्लेखनीय र विश्वसनीय थियो । अब उहाँसँग गरेको एउटा ऐतिहासिक तीर्थयात्राको सुन्दर प्रसङ्गलाई जोड्न चाहन्छु । हरिद्वारको पूर्ण-कुम्भको दर्शन गर्न गुरुआमासहित गुरुदेवसित पारिवारिक तीर्थयात्रा गर्ने अवसर मलाई प्राप्त भएको थियो । त्यसमा मेरी धर्मपत्नी, पुत्र लगायत केही

हाम्रा अत्यन्त निकटतम हितैषीजनहरू हुनुहुन्थ्यो । त्यसबेला यात्राका क्रममा उहाँका दिनचर्याहरूको हामी सबै यस यात्राका सहभागीहरूले अनुभव गर्न पाएका थियौं । बाहिर सम्भव भएसम्म फल पनि ग्रहण नगर्ने, कथं कदाचित् लिए पनि जुत्ता खोलेर कुनै शुद्ध ठाउँमा बसेर आफ्ना वरिपरि जति व्यक्तिहरू हुनुहुन्छ उहाँहरू सबैलाई नम्रतापूर्वक आग्रह गर्दै दिएर जति अवशिष्ट हुन्छ, त्यति नै लिएर सन्तुष्ट हुने, यस्ता आदर्श पुरुष दवाडी गुरुजीको व्यवहार तथा सदाचारलाई देखेर हामी सबै सहयात्रीहरू प्रभावित भएका थियौं । यतिमात्र नभएर कसैलाई दुःख दिन नचाहने आफ्नू कार्य आफैं गर्ने, प्रातः कालमा उठेर सन्ध्यावन्दन आदि नित्यकर्महरू स्वरूपानुरूप गर्ने उहाँका आदर्शपूर्ण दैनिकी र स्वभावबाट सबै यात्रीहरू खुसी हुँदै आजको युगमा पनि यस्ता सनातन धर्मका प्रतिपालक सदाचारनिष्ठ तपस्वी मनीषी गुरु हुनुहुँदोरहेछ भनेर मुक्तकण्ठले प्रशंसा गरेको मलाई अहिले जस्तो लाग्दछ। यसरी काठमाडौँबाट प्रारम्भ भएको यो यात्रा हरिद्वार हृषिकेश वृन्दावन हुँदै पुनः काठमाडौं आएर पूरा भएको थियो ।

आचारका सम्बन्धमा मनुको यो वचन सर्वथा स्मरणीय र ग्रहणीय छ-

आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च ।

तस्मादस्मिन् सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः ॥

(मनुस्मृतिः, अध्याय-१, श्लोक १०८)

अर्थात श्रुति (वेद) तथा स्मृतिमा बताइएको आचार नै परम धर्म हो । यसकारण आत्मज्ञानी यस्तो आचरणमा सदा युक्त होस् । यी सबै लक्षणहरू दवाडी गुरुज्यूमा वस्तुगत रूपमा नै देखिन्थे । यसरी आचरणलाई नै सर्वोत्कृष्ट धर्मका रूपमा स्वीकार गर्ने प्रा. दवाडी गुरुज्यूको व्यक्तित्वमा नकारात्मकताको झलक कहिल्यै पनि देखिएन । कुनै पनि चिन्तन वा विचारमा सर्वथा सकारात्मक दृष्टि राख्ने उहाँको मौलिक स्वभाव थियो । राष्ट्रवादी चिन्तन राजा, राजमुकुट, राजसंस्था हाम्रा राष्ट्रिय गौरव हुन् । उनीहरूबाट नै नेपालको राष्ट्रियता सुरक्षित हुनसक्छ भन्दै उहाँले राजसंस्था र हिन्दू राष्ट्रका पक्षमा आफ्ना विचारहरू सभा-गोष्ठी वा सार्वजनिक कार्यक्रममा गौरवका साथ प्रस्तुत गर्नुहुन्थ्यो । नेपालमा पूर्णतया राजतन्त्र हटेर त्यसको उग्र विरोध

भइरहेको असहज स्थितिमा पनि प्रा. डा. दवाडी गुरुज्यू आफ्नो सैद्धान्तिक अडानबाट अलिकति पनि विचलित हुनुभएन। उहाँको नाति कमलेश दवाडीको उपनयन संस्कारलगायत विभिन्न प्रसंगमा धेरै चोटी प्रा. दवाडी गुरुज्यूको घरमा जाने अवसर मलाई प्राप्त भएको थियो। आफ्ना घरमा आएका अतिथिहरूको अत्यन्त आदर गर्ने, आएका अतिथिलाई भोजन वा जलपान नगराई बिदा नगर्ने दवाडी गुरुज्यूको स्वभाव थियो। यसबाट प्रभावित भएर मलाई एकदिन जसरी हुन्छ गुरुज्यूलाई आफ्नो घरमा ल्याउने प्रबल इच्छा थियो र उहाँले पनि आउने उत्कट इच्छा प्रकट गर्नुभएको थियो। तर मेरो दुर्भाग्यले हो वा अरू कुनै कारणले हो यो मुहूर्त आउन सकेन। फलतः मेरो घरमा आउने मुहूर्त नआइकनै उहाँले यस संसारबाट सदाका लागि बिदा लिनुभयो अर्थात् ब्रह्मलीन हुनुभयो। यस घटनालाई लिएर मैले जीवनको सबैभन्दा दुःखद विषयका रूपमा अनुभव गरेको छु। त्यस्तै मसँग बारम्बार उहाँले पद्मप्रसादज्यू तपाईंसित एकचोटी काशीको यात्रा गर्ने इच्छा छ भन्नुभएको थियो। मैले भनेको थिएँ- गुरुज्यू सम्भव भयो भने यसपाली शिवरात्रीका अवसरमा काशीको यात्रा गर्ने कार्यक्रम बनाउला। तर के गर्ने विधिको विडम्बना त्यही वर्ष उहाँको अकस्मात् निधन भयो, जसका कारण श्रद्धेय गुरुज्यूको यो इच्छा पनि मैले पूरा गर्न सकिनँ। यसरी यस्ता महनीय पुरुष दवाडीज्यूका प्रति मैले गर्न चाहेका दुइटा कुराहरू पूरा हुन नसकेकोमा मलाई धेरै दुःख लागेको छ। त्यसैले यो सेवा गर्न मलाई जुरेको रहेनछ भन्ने मैले ठानें। अथवा कार्यमात्रका प्रति ईश्वरको इच्छा कारण हुन्छ भन्ने नैयायिकहरू वा अरू आस्तिक दर्शनहरूको पनि मत छ। म न्यायको विद्यार्थी भएको हुँदा यसमा ईश्वरको इच्छा रहेनछ। त्यस कारण यो कार्य नभएको होला भन्ने निष्कर्षमा पुगें। अब मैले चाहेर पनि ब्रह्मलीन श्रद्धेय गुरुज्यूका इच्छालाई पूर्ण गर्न सक्दिनँ। त्यसैले मैले आफ्ना मनोभावनाहरू यी शब्दद्वारा अभिव्यक्त गरेको हुँ। काशीका वेदान्त, न्याय, व्याकरण, मीमांसा आदि शास्त्रीय विषयका प्रौढ वैदुष्यका धनी प्रो. सुधांशु शेखर शास्त्री, प्रो. रामप्रसाद त्रिपाठी, प्रो. रामयतन शुक्ल, प्रो राधेश्यामधर द्विवेदीलगायतका काशीका उच्चकोटिका विद्वान्हरू नेपाल के दुर्गाप्रसाद दवाडी जी अच्छे विद्वान् तथा सदाचारी ब्राह्मण थे। बाद मे वे नेपाल चले गए। अभि

नेपाल मे किस जगह पर रहतें हैं भन्दै अत्यन्त आदरका साथ काशीमा मसित भेट हुँदा स्मरण गर्नु हुन्थ्यो । यसबाट स्पष्ट हुन्छ प्रा. डा. दुर्गाप्रसाद दवाडी नेपालका मात्र सुप्रसिद्ध संस्कृत वाङ्मयका प्रौढ पाण्डित्य परम्पराका सुप्रसिद्ध विद्वान् नभएर भारतको विद्यानगरी काशीमा समेत उहाँको प्रौढ वैदुष्य अत्यन्त आलोकित र सम्मानित थियो । यसरी दवाडी गुरुज्यूले आफ्ना विद्यावैभव र सदाचारबाट ठूलाठूला स्थापित विद्वत् समुदायलाई समेत प्रभावित र आकृष्ट पार्न सफल हुनुभएको वस्तुस्थितिलाई कदापि विस्मरण गर्न सकिँदैन । यो हामी नेपालीहरूका लागि गौरवको विषय हो ।

त्यस्तै अर्को एउटा सन्दर्भलाई पनि यहाँ जोड्न चाहन्छु भारतको अयोध्या नगरीमा प्रसिद्ध नेपाली मठ छ, जसको नाम हो श्रीतोताद्रि मठ, सप्तसागर, तुलसीनगर, अयोध्या । यस मठका मठाधीश विद्याविनयसम्पन्न, वेद, व्याकरण, विशिष्टाद्वैत वेदान्त, वाल्मीकि रामायण तथा श्रीमद्भागवत् पुराणका प्रामाणिक विद्वान् तथा प्रचारक, परम साधु, आर्ष परम्पराका महनीय उपासक, साधु-सन्त तथा विद्वज्जनका सम्मानकर्ता, गोसेवक, आबाल ब्रह्मचारी, अनन्त- श्री विभूषित श्री बालकृष्णाचार्य स्वामीज्यू हुनुहुन्छ, उहाँको आश्रममा बसेर अहिले म 'शतपथब्राह्मणम्' को स्वाध्यायन गरिरहेको छु । यस कारण वहाँ मेरा वन्दनीय आचार्य पनि हुनुहुन्छ । दवाडी गुरुज्यू पनि अयोध्या गएका अवसरमा यही आश्रममा बस्नु हुँदोरहेछ । त्यसैले अध्ययन गर्ने क्रममा त्यहाँ गएका अवसरमा स्वामीजीले मलाई सोध्नुभयो- दुर्गाप्रसाद दवाडी गुरुजीको हालखबर के छ, यहाँ कुशलै हुनुहुन्छ ? स्वामीज्यूलाई दवाडी गुरुज्यू दिवंगत भएको जानकारी रहेनछ । त्यसपछि मैले दवाडी गुरुज्यू ता दिवंगत भइसक्नुभयो भनें । त्यो सुनेर स्वामीज्यू आश्चर्य प्रकट गर्दै हो र ! भन्नुभयो । अत्यन्त दुःखित भएर बालकृष्ण आचार्य स्वामीज्यूले भन्नुभयो- दवाडी गुरुज्यू शास्त्रका मर्मज्ञ, सदाचारसम्पन्न, नैष्ठिक, अत्यन्त ऋजु स्वभावका ऋषि-कल्प विद्वान् हुनुहुन्थ्यो, जब उहाँ यहाँ आउनुहुन्थ्यो मलाई धेरै खुसी लाग्दथ्यो । उहाँका दिनचर्याहरू अत्यन्त स्तुत्य थिए, प्रत्येक दिन सरयूस्नान स्नान गर्ने, देवतर्पण, ऋषि-तर्पण पितृतर्पण आदि सबै नित्य नैमित्तिक कर्महरू गर्ने, श्रद्धेय, सदाचारी, त्रिकालस्मरणीय, पुण्यश्लोक विद्वान् ब्राह्मण दिवंगत हुनु भएछ

मलाई थाहा नै थिएन भनेर भावविभोर हुनुभयो । यसरी उच्चकोटिका सन्त विद्वान्द्वारा दवाडी गुरुज्यूको वैदुष्य तथा सदाचारसम्पन्नताको प्रशंसा सुन्दा म आफू गौरवान्वित भएको अनुभव गरेँ । अनि फेरि अगाडि भन्नुभयो- काठमाडौँ गएका बेला आफूलाई उहाँले आफ्नो घरमा लगेर स्वागत सत्कार समेत गरेको स्मरण गर्दै उहाँको घरमा पनि म पुगेको छु । यतिमात्र नभएर उहाँका अर्का भाइ वेद, वेदान्त, दिव्य प्रबन्ध, आगमशास्त्रका उच्चकोटिका पारंगत विद्वान् तथा संस्कृत, नेपाली, हिन्दी, तमिललगायत अनेकौँ भाषामा लेख्न तथा प्रवचन गर्न सक्ने प्राच्य-विद्या-वैभवका महनीय साधक श्रीकृष्णआचार्यज्यू हुनुहुन्छ । उहाँको पनि दवाडी गुरुज्यूसँग राम्रो परिचय रहेछ । त्यसैले जहाँ-जहाँ जब-जब उहाँसँग मेरो भेट हुन्थ्यो तब-तब उहाँले मसँग दवाडी गुरुज्यू कहाँ हुनुहुन्छ, उहाँको स्वास्थ्य ता ठीक छ भनेर सोध्नुहुन्थ्यो । अनि दवाडी गुरुज्यूको वैदुष्य तथा सदाचारको मुक्तकण्ठले प्रशंसा गर्दै अत्यन्त आदरकासाथ प्रशंसा गर्नुहुन्थ्यो । यसरी प्रा. दुर्गाप्रसाद दवाडी गुरुज्यूको लोकोत्तर वैदुष्य, सदाचार सम्पन्नता, वैदिक सनातन परम्परा-परायणता, जस्ता सद्‌गुणहरू उच्चकोटिका विद्या, वैभवशाली महापुरुषहरूद्वारा प्रशंसित र अभिनन्दिन थिए, छन् र भइर हेछन् । त्यसैले यस्ता महनीय गुणहरूले दवाडी गुरुज्यूलाई अजरअमर बनाएका छन् र उत्तरकालिक समाज र सनातन धर्मानुरागीहरूका लागि उत्प्रेरक तथा मार्गदर्शक भएर रहेका छन् ।

त्रिभुवन विश्वविद्यालय तथा नेपाल संस्कृत विश्वविद्यालय (महेन्द्र संस्कृत विश्वविद्यालय) मा शास्त्रीय विषयअन्तर्गत सर्वदर्शन, वेदान्त, तन्त्रजस्ता विषयहरूको अध्यापन गरेर तपोमय तथा स्वाध्यायमय जीवन यापन गर्नुहुने प्रा. दवाडी गुरुलाई संस्कृत जगत्‌मा नचिन्ने व्यक्तिहरू सायदै होलान् । प्रायः संस्कृतका विद्वान्, प्राच्य धर्म-संस्कृतिका अनुरागी, वैदिक सनातन धर्मका प्रेमीहरूले उहाँलाई राम्ररी चिन्दछन् र अतिशय श्रद्धाका साथ महनीय तपस्वी साधकका रूपमा उहाँको संस्मरण गर्दछन् । विश्वविद्यालयअन्तर्गत दर्शन विभाग प्रमुख, प्राज्ञिक परिषदको सदस्य, विभिन्न विषय समितिमा संयोजक तथा सदस्यका रूपमा समेत रहेर पाठ्यक्रम निर्माण, प्राज्ञिक परामर्श, शास्त्रीय विषयका शोधार्थीहरूको अनुसन्धान निर्देशक, विशेषज्ञ आदि प्रज्ञाप्रधान

कार्य गरेर संस्कृत वाङ्मयको समुन्नयनमा उल्लेखनीय योगदान गर्नुहुने प्रा. दुर्गाप्रसाद दवाडी गुरुज्यू आज भौतिक रूपमा हाम्रा बीचमा नभएतापनि उहाँमा विद्यमान संस्कृत विद्याप्रतिको निष्ठा, सदाचारसम्पन्नता, शास्त्रीय वैदुष्य, सच्चरित्र, प्राज्ञिक कृत्यलगायत रमणीय र अभिनन्दनीय गुणहरू छन्। ती सबै सनातन धर्मावलम्बी र संस्कृत वाङ्मयका उपासकहरूका लागि प्रेरणादायी अमूल्य निधिका रूपमा अजर अमर भएर रहनेछन्। यस्ता शुद्धान्तःकरण परम श्रद्धेय गुरुज्यूप्रति आफ्ना उद्‌गारहरू व्यक्त गर्न पाएकोमा मैले आफूलाई सौभाग्यशाली ठानेको छु।

अन्तमा गुरुज्यूकी धर्मपत्नी श्रद्धेया गुरुमातामा सादर अभिवादन समर्पण गर्दै यो स्मृतिग्रन्थ प्रकाशन गर्न संलग्न उहाँका पुत्रद्वय समाजसेवी सहप्रा. विश्वनाथ दवाडीज्यू, उप-प्राध्यापक पशुपति दवाडीज्यू, पौत्र मेधावी मेरा शिष्य कमलेश दवाडीलगायत सम्पूर्ण परिवारजनमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु। दैवी स्वस्तिरस्तु नः। सर्वेभ्यः स्वस्ति।

◆◆

एउटा विद्वान्‌को सम्झनामा शब्द-पुष्पाञ्जली

डा. बद्री पोखेल

१. अहिलेको कर्तव्य

आदरणीय गुरु दुर्गाप्रसाद दवाडीको निधन भएको पाँच वर्ष पुरा भएको छ। मैले उहाँबाट सिकेका ज्ञान यहाँ उल्लेख गर्न सकिने कुरा भएन। उहाँको पार्थिव शरीर फेरि देख्न सकिने पनि होइन। त्यसैले यसवेला दुइटाकुरा मनमा आउनु लौकिक मर्यादाको परिपोषक हो भन्ने ठानेको छु -

१. गीताका निम्न पंक्तिहरू

देहिनोऽस्मिन् यथा देहे कौमारं यौवनं जरा
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति - (गीता २/१३)
जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च
तस्मादपरिहार्येर्थे न त्वं शोचितुमर्हसि - (गीता २/२७)

२. उहाँबाट प्राप्त ज्ञानको माध्यमबाट संसारलाई हेर्नु र आफ्नो जीवनचर्यालाई समाजोपयोगी वनाउनु।

आदरणीय गुरुको निधन भए पछि उसैबेला मैले छोरा विश्वनाथ र पशुपतिलाई गुरुको सम्झनामा स्मृतिग्रन्थ प्रकाशित गर्न प्रोत्साहित गरेको थिएँ। त्यसपछि पनि गुरुआमा कै अगाडि सम्झाएँ। मेरा कुराले गुरुआमा आफ्ना पतिलाई सम्झाउने एउटा अर्को स्रोत प्राप्त हुने आशाले केही प्रफुल्ल देखिनुहुन्थ्यो। विद्वान् गुरुका पितृभक्त छोराहरूले अवश्य सो काम गर्ने छन् भन्नेमा म विश्वस्त थिएँ। आज समय आएछ। छोरा विश्वनाथले मलाई लेख लेखिदिन भन्नुभयो। विश्वनाथका छोरा आदरणीय गुरुका नाति कमलेशले घरैमा आएर चिठी दिँदा म पनि अत्यन्त खुसी भएँ।

मैले गुरुबाट थोरै भए पनि सर्वदर्शनको ज्ञान प्राप्त गरेको छु। स्मृति,

नीतिशास्त्र, धर्मशास्त्र, पुराण र गुरुहरूको सङ्गतले गुरुको आदर गर्नुपर्ने कुरा सिकेको हुँदा मैले सिकेका शास्त्रीय वचन अनुसार गुरुको उपादेयता र महत्त्वलाई कोट्याउने प्रयास गरेको छु । गुरुको अर्थ धेरै छन् –माननीय, उपदेशकर्ता, मार्गदर्शक, जागरण कर्ता, विद्यादाता, गायत्री मन्त्रदाता, आचार्य, सन्त, पीठाधीश आदि सम्बोधनहरू गुरु शब्दकै पर्यायवाची मानिन्छन् । गृ शब्दे, गृ गरणे आदि धातुबाट निष्पन्न हुने गुरु शब्दको अर्थ नेपाल प्रज्ञाप्रतिष्ठानको वृहत् नेपाली शब्दकोष अनुसार ग्रन्थ रचयिता, ज्ञानदाता, सदाचारी, मर्यादावोधी, परा–अपरा विद्या वताउन सक्ने, स्तुति गर्न योग्य व्यक्तित्वका रूपमा उल्लेखित छ । अहंकार नभएको, समदर्शी, वाचक, उपदेष्टा, सत् असत्को पारखीलाई गुरु भन्नुपर्ने भाव अरु शब्दकोशहरूले पनि दर्शाएका छन् । आदरणीय गुरु दुर्गाप्रसाद दवाडीलाई सत्वयुगमा भएका गुरुहरूको परिभाषा र विशिष्ट विचार सुन्दा यस युगका उल्लेखित गुण भएका गुरुको रूपमा देख्न सकिने विश्वास मलाई भएको थियो ।

आजभोलिका गुरुहरू गुरु शब्दको महत्त्व नबुझेर पनि होला प्राध्यापक, शिक्षक, प्रशिक्षक आदि भनिन रुचाउँछन् । समयको प्रभावले होला क्याम्पस–स्कुलहरूमा नेपाली र केही मात्रामा संस्कृत पढाउनेहरूलाई, उमेर पाको भएकालाई, दौरासुरुवाल टोपी लाउनेहरूलाई गुरु भनिएको सुनिन्छ । यसैगरी समाजमा कर्मकाण्ड गर्नेहरू, ग्रहदशा हेरिदिनेहरू, पुरोहित्याई गर्नेहरू गुरु शब्दले सम्बोधन गरिन्छन् । कसै कसैले त गुरुलाई पण्डित वाजे, टपरे, डढेको चामल आदि समेत भनेर होच्याउने गरेको पनि सुनिन्छ ।

मान्छे जन्मन्छन् र मर्छन्, यो प्रकृतिको नियम हो । यसरी जन्मने र मर्नेमध्ये जसको अस्तित्व धरातलमा हुन्छ, तिनको सोच, काम, त्याग, सहयोग र सद्भावका आधारमा जीवनत्वको गणना हुन्छ । त्यसैले भनिन्छ असल मान्छे नामबाट कहिल्यै मर्दैन र शरीरबाट एकपटक मर्छ तर खराब मान्छे जिउँदै मरेको हुन्छ, बारम्बार मर्छ र सधै मर्छ । यसैले सधैं बाँच्ने हो भने सधैं असल काम गर्नुपर्छ ।

मान्छे असल वा खराब बन्ने कुरा आफ्नै कर्म, सोच र व्यवहारमा भर पर्दछ । जसले यसै संसारमा जन्मेर पनि समाजका लागि केही गर्नुपर्छ भन्ने सोच राख्दछ र आफ्नो चिन्तन, व्यवहार त्यसै अनुसार समर्पण गर्दछ, त्यो व्यक्ति महान् हुन्छ, अजर हुन्छ र अमर हुन्छ । उसले अति विशिष्ट मानव वा दैवी विचारको मानवको रूपमा सधैं सम्मानित हुनपाउँछ । जात वा भौगोलिक सीमाको कुनै परवाह हुँदैन । चार किसिमका मान्छेको वर्गीकरण गर्दा यस्ता मानव समाजमा बिरलै जन्मिन्छन् । बिरलै हुन्छन्, धेरै हुने भए त यो संसार रामराज्य नै हुन्थ्यो होला ।

समाज र राष्ट्रका लागि केही गर्न नसके पनि आफ्नो र परिवारको हित चिताएर समाजमा योगदान पुऱ्याउने दोस्रो वर्गका व्यक्तित्व हुन्छन् । तेस्रो किसिमका मानव अरुको उपकारमा लाग्न नसके पनि अपकार वा अहित गर्दैनन् । चौथो किसिमका मानव पनि धर्तीमा पाइन्छन्, जो अरुका लागि केही गर्ने कुरा त सोच्तै नसोचौं, आफ्नै लागि पनि केही गर्दैनन् । बरु चोरी , डकैती गर्ने, दुर्व्यसनमा लाग्ने, असभ्य र अश्लील बोल्ने, अर्काको चित्त दुखाउने जस्ता काम गरेर चरम निकृष्टताको परिचय दिइरहेका हुन्छन् ।

जन्मने र मर्ने चक्रमा सबैले घुम्नुपर्ने नैसर्गिक सत्यबाट कोही पनि बच्न सक्तैन । माथि उल्लिखित चारै किसिमका मान्छेको लागि नैसर्गिक सत्य र अपरिहार्य चक्र समानरूपले लागू हुन्छ । तर समाजमा सधैं सम्भिरहने र मृत्युपश्चात् दुई थोपा आँसु वा उसका जीवनकालका सुकृतिहरू सम्भेर शब्द–श्रद्धाञ्जलि अर्पण गर्न योग्य व्यक्तित्वलाई नै अजर र त्यागी मानेर विशिष्ट व्यक्तित्वको दर्जामा राख्ने गरिन्छ । यसरी विशिष्ट दर्जा पाउने व्यक्तित्व हुन्-प्राध्यापक डा. स्वर्गीय दुर्गाप्रसाद दवाडी ।

अहिले म यी हरफहरू लेख्दै गर्दा आदरणीय गुरु दुर्गाप्रसाद दवाडीलाई संभन्छु । मेरो भित्री मनले भन्छ - उहाँ त आचार्य गुरुदेव नै हुनुहुन्थ्यो । सवैलाई सिकाउन खोज्ने, सिकाए वापत्त कुनै सुविधा सहुलियतको अपेक्षा नगर्ने, धर्माचरण, सदाचार, शास्त्रीय नियमको पालनागर्ने - यी गुणहरू र

विशेषतालाई विश्लेषण गर्दा उहाँ अद्वितीय नै हुनुहुन्थ्यो । तर अहिले म गुरुहरूको भनाइमा एकथरि र व्यवहारमा अर्कै आचरण देख्तछु – कलुषित, मर्यादाभञ्जक, आसक्त, लोभी, भोगी, ईर्ष्यालु, अंग्रेजीमा 'रेन्ट् सिकिङ' शब्द प्रयोग हुने गुरुहरूको साम्राज्य देख्तछु । यो देख्ता र आदरणीय गुरु दुर्गाप्रसाद दवाडीलाई सम्झदा गुरु शब्दको अर्थ पतित र सङ्कुचित भएको ठान्छु । गाडी चलाउने गुरुजी र डस्टर चलाउने गुरुजीलाई समानताको आँखाले हेर्ने परिस्थिति र युगमा दुर्गाप्रसाद एक्ला वृहस्पति थिए भन्ने कुरा म वुझ्दछु ।

गुरुको ब्रह्मलीन अवस्थामा सशरीर उपस्थित हुन नपाएको असन्तुष्टिले गर्दा म उहाँको अवसान पछिको १३ दिने क्रिया कर्म सम्पन्न गरेको ठाँउ पोखराकै घरमा पुगें । भाइहरू विश्वनाथ, पशुपति र आमालाई भेटें । गुरु प्रतिको आदर भावलाई व्यक्त गर्ने इच्छा अनुसार गुरुको संझनामा एउटा स्मृतिलेख लेखेर अन्नपूर्ण पोष्ट दैनिकमा १३ औं दिनको दिन २०६९/१०/८/२ मा प्रकाशित पनि गरें । अलिकति भए पनि गुरु प्रति श्रद्धापुष्प समर्पण गर्न पाएकोमा घाउमा मलम लगाउन पाएको अनुभव गरें ।

गुरूप्रतिका अनुभवहरू पनि मेरो स्मृति पटलमा ताजै छन् । एकपटकको घटना हो - गुरुले चाबहिलको मेरो वासस्थानमा नवरात्रमा देवीभागवत नवाह वाचन गर्नुभएको थियो । बिहान सधैं गुरु गौरीघाटस्थित वागमतीमा नुहाउन जानुहुन्थ्यो । वाग्मती प्रदूषित छन् । घरमै धारामा नुहाउदा राम्रो होला, नभए जिउमा खटिरा आउला भनेर मर्यादापूर्वक निषेधात्मक अर्थमा गुरुलाई रोक्न खोजे पनि गुरु मान्नुहुन्नथ्यो । ज्यादै मैलो र ढल नै बगेको देखेमा किनारमा वालुवा खोस्रिएर पानी निकालेर पनि नुहाएर मात्र आउनुहुन्थ्यो । गुरुको यो शरीरशुद्धिप्रतिको निष्ठा, वागमतीप्रतिको विश्वास देख्ता म पौराणिक कथामा ध्रुवले भित्ताबाट भगवान् पैदा हुने विश्वास बोकेअनुसार विश्वास पूरा भएको सम्झन्थे र अरुले गुरुलाई अव्यावहारिक हुनुहुंदोरहेछ भनेर टिप्पणी गरेपनि उहाँहरूका बीचमा सोच र दृढताको अन्तराल भएको ठान्थे ।

नवाहपछि पनि गुरु घरमा आइरहनुहुन्थ्यो । त्रयोदशीका दिन प्रायः पशुपति

दर्शन गर्ने गर्नुभएका गुरु स्वर्गीय मेरी आमा खोद कुमारीको प्रगाढ धार्मिक आस्थालाई देखेर आशीर्वाद दिन आउनु हुन्थ्यो । साइकल चढेर पनि पशुपति दर्शन गर्न र प्रदर्शनीमार्गस्थित वाल्मीकि क्याम्पसमा पढाउन आउनुहुन्थ्यो । प्रायः त्यस्ता पवित्र दिनहरूमा उहाँ धोती फेरेरै आवत जावत गर्नु हुन्थ्यो । एकपटक तीर्थयात्रा गर्दा सुन्तला खान पनि जुत्ता फुकालेको, आचमन गरेको र बसयात्रा गर्दा बिहानको सन्ध्या गर्दा गर्दै विलम्ब हुनजादा बस छुटेको र अलिक पर पुगिसकेको बसलाई अर्को साधनको मद्दत लिएर विशेष अनुरोध गरी रोक्न लगाएको जस्ता स्मरणले अहिले मेरा आँखा रसाउँछन्, मन भक्कानिन्छ ।

दोस्रो, उहाँबाट जे ज्ञान लिन सक्नुपर्थ्यो लिन नसकेकोमा पीडावोध गरेको छु, ठगिएको अनुभव भएको छ । मैले गुरुसँग पढेकै मात्र कुरा गर्ने हो भने आचार्य कक्षामा मात्र हो । त्यसवेला मैले तत्कालीन परिस्थितिलाई मात्र हेरेछु । आचार्य (सर्वदर्शन) र एम ए (अर्थशास्त्र) मैले सँगै पढेका डिग्री थिए । आचार्यको तीन वर्ष र एमएको दुईवर्ष कक्षा हुन्थ्यो । जे सुकै विषयमा यो तह पुरा गरे पनि १ वर्ष राष्ट्रिय विकास सेवा भने गर्नैपर्ने हुन्थ्यो । त्यसले गर्दा आचार्य पूरा गर्न न्यूनतम ४ वर्ष र एम ए पूरा गर्न ३ वर्ष लाग्थ्यो । दुवै त्रिभुवन विश्वविद्यालयका डिग्री थिए । संस्कृत विश्वविद्यालय छुट्टै थिएन । आचार्यको कक्षा भृकुटीमण्डपस्थित वाल्मीकि क्याम्पसमा हुन्थ्यो भने एमएको कक्षा कीर्तिपुरको केन्द्रीय क्याम्पसमा । तत्कालीन परिस्थिति अनुसार एम. ए. को महत्त्व आजीविकासँग जोडेर हेर्दा तुलनात्मक रूपमा बढी सुनिश्चित भएकाले मैले पनि दुवैतिर बलजफ्ती कक्षा भ्याए पनि प्राथमिकता एम ए लाई नै दिएको थिएँ । दवाडीजस्ता गुरुबाट पढ्न पाएको आचार्यलाई दोस्रो प्राथमिकतामा राखेको थिएँ । दिनभरि क्याम्पसका कक्षा लिएर वेलुका छात्रावासमा रहदा पनि अर्थशास्त्र पढ्नमै समय खर्चन्थे । सर्वदर्शन संग्रह र दार्शनिक ग्रन्थहरू कमै पढ्थें । यद्यपि अध्ययनकालमा मेरो अलि वढी नै मेहेनत गर्ने बानीले गर्दा गुरुले पढाएको विषय पनि केही न केही हेरेकै हुन्थें । आचार्यतर्फ जेनतेन परीक्षा उत्तीर्ण हुन सक्ने अवस्था मात्र बनाउने गरेको थिएं । गुरुसंग भएको अनन्त ज्ञानको वर्षालाई मेरो दिमागी खेतमा पूर्ण सिंचित गर्न पाउदैनथें ।

यस्तै कालक्रम चलिरहयो । १ वर्षे राष्ट्रिय विकास सेवा पनि सम्पन्न भयो । यसैबीच तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठानमा योजना अधिकृतमा नियुक्ति पाएँ भने त्यसै बीचमा लोकसेवा आयोगको परीक्षा पास गरेर मालपोत अधिकृतको रूपमा जाजरकोट रवाना भएं । यसले गर्दा एम. ए. को कक्षा पुरा भयो तर आचार्य भने वांकी रहयो । मेरो आचार्य पुरा नभएको चिन्ता मलाईभन्दा अझ बढी आदरणीय गुरु दुर्गाप्रसादलाई भएछ । एक वर्ष त्यसै त्यतै बित्यो । म जाजरकोटमै थिएँ । अहिले जस्तो आवागमन सरल र सुगम थिएन । काठमाडौं आइरहन सम्भव भएन । तर मैले पुस्तक पढ्न र लेख्न छोडिन । जाजरकोटमा आकलझुकल मेरी श्रीमती उर्मिला पनि जाने गर्थिन् । मैले गुरुकै आशिर्वचन, उहाँका सहयोगी स्वभाव र म प्रतिको चिन्तालाई वुझेर श्रीमती घर फर्कदा लेख्तै पठाउदै गर्न थालें । श्रीमतीलाई हल्कारा बनाएँ । यसो गर्दै जादा मलाई आचार्य पुरा गराउने गुरुको धोको, मैले आचार्य गरिदिए हुन्थ्यो भन्ने श्रीमतीको इच्छा र आचार्य पनि पूरा गर्न पाए दुईटा माष्टर डिग्री हुन्थ्यो भन्ने आफ्नो सुषुप्त इच्छा र मलाई आचार्य गराउने पिताजीको इच्छा पनि पूरा भए । म प्रथम श्रेणीमा प्रथम भएँ । यसमा सवैभन्दा बढी सहयोग, सद्भाव र प्रेरणा मैले आदरणीय गुरुबाटै पाएको हुँ । पछि दर्शनमा पिएच डी पनि गर्नुपर्छ भनेर हौस्याइरहनु हुन्थ्यो तर अर्थशास्त्रमा पिएचडी गर्न पुगेकाले म त्यता लागिन । यसरी डिग्री भने पूरा गरें तर, गुरुबाट लिन सकिने शास्त्रीय वौद्धिकताबाट भने वञ्चित हुन पुगें । अहिले मलाई पछुतो भएको छ ।

तेस्रो, कीर्तिपुरमा विशेषगरी गुरुपूर्णिमामा, दशैंमा गुरुकहाँ म वेला वेलामा गइरहन्थें । प्रायः गुरुलाई स्वाध्यायमै लागेको देख्थें । एकपटक म र मेरी श्रीमती दशैंमा गुरुको हातबाट टीका लगाइ माग्न गएका थियौं । गुरुसंग वसेर फोटो खिच्न मन लाग्यो । मैले प्रस्ताव गरें । श्रीमतीले झन् उत्साह देखाइन् । त्यसवेला गुरुआमाले भन्नुभयो -धेरैले फोटा खिचेर लैजान्छन्, कहाँ लैजान्छन्, हामीलाई दिदैनन् । गुरुआमाको अलिकति असहिष्णुता देखिने बोली सुन्दा र गुरुको निस्पृह भाव देख्ता यो सवै भगवान्‌कै खटनको संयोग हो भन्ने लाग्यो । हामीले फोटा खिच्यौं र विश्वविद्यालय खुलेको दोस्रो दिनमा मलाई पिएच. डी.

को भाइवा लिन जानुपर्ने मौका पारेर गुरुसँग हामी दुईजना र चारैजना बसेका २-२ प्रति बनाएर १-१ प्रति फोटो दिएँ । गुरुआमा निकै खुसी हुनुभयो । गुरुमा कुनै भिन्नता थिएन । गुरुको गम्भीरता, शालीनता, समता, निस्पृहभाव देख्ने र अनुभव गर्ने अर्को अवसर पाएको प्रतीत भयो ।

व्याकरण, शांकरवेदान्त, सर्वदर्शन, आगमतन्त्र, ४ वटा विषयमा आचार्य गर्नुभएका विद्वान् प्राध्यापक दवाडीले 'प्राच्यदर्शनधर्मकर्मसिद्धान्तम्' विषयमा विद्यावारिधि गर्नुभएको थियो । आफूले अध्ययन गरेका हरेक विषयमा उत्तिकै पकड र दक्खल राख्ने प्राध्यापक दवाडीको दैनिकी, जीवन गाथा र व्यवहार देखेपछि मैले दुइटा विषयमा डिग्री गरेको गर्व गर्ल्यामगुर्लुम हुन्थ्यो । उहाँका अगाडि जति-जति बौद्धिक चिन्तन र प्रसंगहरू आउँथे विभिन्न दर्शनका शास्त्रीय वचनहरूको प्रमाणसाथ सम्बोधन र समाधान हुन्थे ।

आदरणीय गुरु प्राध्यापक दुर्गाप्रसाद दवाडीको विद्वता, शालीनता, नम्रता र शिष्टताका विषयमा जति पनि उदाहरण दिन सकिन्छ । किनकि उहाँको बौद्धिक सामर्थ्य र स्वभावै त्यस्तै थियो । उहाँको विद्वत्ता र निष्ठापूर्ण जीवनका केही अनुभूतिमा यहाँ उल्लेख गर्नसकिएका छन् ।

एकपटक प्राध्यापक दुर्गाप्रसादसँग मानसरोवर यात्रा गर्ने सल्लाह भयो । अतिनिष्ठा र दर्शनमा डुबुल्की मार्ने गुरुसँगको यात्राका दुई पलहरू स्मृति पटलमा आए, पहिलो, त्यस्तो गुरुसँग धार्मिक यात्रा गर्दा यात्रा सरल हुन्छ र यात्राको वास्तविकता बोधहुन्छ । दोस्रो, झन्डै २० दिनको यात्रामा उहाँको नियममा हिंड्नुपर्दा खानपान र व्यवहारमा कष्ट अनुभव हुने आशंका । किनभने गुरु स्वयंपाक्य (आफैं वा आफ्नी पत्नीले पकाएको मात्र खाने) जस्तै हुनुहुन्थ्यो । काठमाडौंबाट महेन्द्रनगर, धार्चुला हुँदै दार्चुलाबाट सुरुभएको मानसरोवर यात्राले तिब्बतको ताक्लाकोटसम्म पुगेर चार दिन विश्राम गरेको थियो । त्यो पनि एकजना यात्री (मेरी श्रीमती) बिरामी परेको कारणले । गुरुले लिनुभएको जडीबुटी औषधि अदुवा, मरिच नै त्यसबेलाका यात्राका सर्वौषधि थिए । औषधिभन्दा पनि महत्वपूर्ण चीज माया, उत्साह, आँट र विश्वास दिनुहुन्थ्यो

उहाँ । दार्चुलाबाट सात दिनमा ताक्लाकोट पैदल, त्यहाँबाट ७० किमिको मानसरोवर र ३० किमिको कैलाश पर्वतको फेदीसम्मको यात्रा टोयोटा कारले गराएको थियो । फर्कदा हामीले हुम्लाको सिमीकोट आउने बाटो रोज्यौं, त्यो ६ दिनको पैदलयात्रा थियो । गुरुको कृपा, कुनै कष्ट र अनिष्ट नभईकन सिमीकोटबाट हवाईजहाजबाट नेपालगन्ज हुँदै काठमाडौं आइपुगेका थियौं । लिपु (दार्चुला) र यारी (हुम्ला) का लेकमा हिँड्दाहिँड्दै अक्सिजनको कमीले मान्छे लडेका र मरेका देख्तै र अत्यन्त दुरुह कर्णाली नदी र नदी किनारका रुखमुनि र अक्कर वासमा गुरुले पकाएको खाना खाएको स्मृति आजीवन मेटिन्न । गुरुले भन्नुभएका कथा र सुनाउनुभएका अनुभवले हामी बाँच्नेहरू आल्हादित भइरहेका छौं ।

दोस्रो अविस्मरणीय अनुभूतिमा विद्वान् गुरुले पुराण (देवी भागवत) सुनाउँदाको प्रसंगसँग सम्बन्धित छ । पुराण सुनाउने तरिका व्यक्तिपिच्छे फरक हुनु स्वाभाविकै हुन्छ । दुईचार अध्याय पाठ गरेर अलिकति अर्थ सुनाउनेदेखि नाचगानबजानमा ध्यान दिनेसम्मका पुराणका प्रक्रिया आजभोलि व्यापक पाइन्छ । तर दवाडी गुरुको पुराणवाचन अलि फरक किसिमको भएकोले श्रोताहरू विशिष्ट तरिकाले आनन्द लिन्थे । बिहान ७ बजे पुराण सुरु भइसक्ने र बीचमा आधा घन्टा मध्याह्न छोडेपछि साँझ ६ बजेसम्म पाठ र अर्थमा समय दिनुपर्दा आधुनिक पुराण वाचनसँग गुरुको पूरा पाठ र सबै अर्थ लगाउनुपर्ने पौराणिक निष्ठा कसैकसैबाट आलोचनाको पक्ष बन्ने गरेको तथ्य स्मृतिपटलमा ताजै छ ।

विद्वान् प्राध्यापक दुर्गाप्रसाद आज हामीसामु नभए पनि उहाँले अवलम्बन गर्नुभएका निष्ठाकर्म र शास्त्रीय वचनको अनुशीलन हामी हिन्दुत्वको परिधिभित्र रहेकाहरूलाई प्रसाद र आशीर्वाद भएको छ । कास्कीकोटमा जन्मिएर बनारसमा विद्या बटुले पनि काठमाडौंलाई कर्मक्षेत्र बनाउनुभएका आदरणीय गुरुकहाँ संस्कृत वाङ्मय, दर्शन, कर्मकाण्डलगायत धेरै क्षेत्रको गाँठो फुकाउन पाइन्थ्यो । त्यो अवसर अब रहेन । तर पनि विद्वान् गुरुका दुई छोरा विश्वनाथ र पशुपति दवाडी संस्कृत क्षेत्रमै समर्पित भएकोले थोरै भए पनि गुरुको अनुपस्थितिमा

मलम लागेको अनुभूति हुन्छ । शास्त्रीय वचनको अनुशीलन हामी हिन्दुत्वको परिधिभित्र रहेकाहरूलाई प्रसाद र आशीर्वाद भएको छ । अहिले पनि उहाँ स्वर्गमा वसेर मैले पढे नपढेको हेरिरहनु भएको विश्वास गरेको छु ।

विद्वान् प्राध्यापक दुर्गाप्रसाद दवाडी आज हामीसामु नभए पनि उहाँले अवलम्बन गर्नुभएका निष्ठाकर्म र उहाँबाट पाएको शिक्षाबाट म मात्र होइन समस्त आर्यसभ्यताका अनुयायी, सनातन धर्मसंस्कृतिका अनुशीलनकर्ताहरू सधैं ऋणी छौं ।

विद्वान् गुरु दुर्गाप्रसाद दवाडीको आत्माले शान्ति पाओस्, उहाँको स्वर्गवास होस्, मुक्ति मिलोस् । यिनै शब्दपुष्पका साथमा अतीतका हार्दिकताको स्मरणलाई इङ्गित गर्ने निम्न कविता-पुष्पले श्रद्धाञ्जलि अर्पण गर्दछु ।

रूपको रसको स्वाद दिलमा जति वस्तछ
मुक्तिको मार्गमा काँढा हुँदैन वुझ्नुपर्दछ
गुरूको शिष्यमाथिको प्रेम हार्दिकता सबै
गुरूमाथि म अर्पन्छु सके जत्ति मनै सबै

badripp@gmail.com

◆◆

मातृशक्तिका सम्मानकर्ता आचारसम्पन्न गुरुदेव

रमा भट्टराई

'आचार:प्रथमो धर्म:' भनेझैँ आचार विचारलाई नै प्रथम धर्म मानेर स्वीकार गर्नुहुने गुरु श्री दुर्गाप्रसाद दवाडी अत्यन्त सरल स्वभावका 'सादा जीवन उच्च विचार' लाई प्रश्रय दिनुहुने महान् विद्वान् हुनुहुन्थ्यो ।

गुरुको दर्शन मैले २०४६ सालमा वाल्मीकि विद्यापीठमा पाएकी थिएँ । प्राय: सधैँ साइकल चलाएर हिँड्नुहुने विद्वान् गुरुलाई मैले नमस्कार गरेपछि उहाँले मेरो परिचय माग्नुभयो । मैले आफ्नो परिचय दिएपछि सधैँ भेट हुनासाथ हतार-हतार आफैँ नमस्कार गर्ने गुरुदेवलाई मैले एक दिन भनेँ-'गुरु म विद्यार्थी, हजुर यस्तो विद्वान् आदरणीय गुरुले पहिले नै नमस्कार गर्नु यो मर्यादाअनुरूप भएन, कृपया यस्तो कार्य नगर्नुहोस् । मलाई साह्रै अप्ठ्यारो लागिरहेको छ गुरुदेव !' भनेपछि उहाँले भन्नुभयो-'हजुर मातृशक्ति गुरुआमा, नारीहरूलाई त साक्षात् उमा, पार्वती, लक्ष्मीमाताको रूपमा देख्छु । त्यसैले मैले नै पहिला नमस्कार गर्नु विपरीत छैन, यसमा हजुरले केही अप्ठ्यारो मान्नु पर्दैन' भनेर जहाँ जहिले भेट भए पनि झुकेर प्रसन्न हुँदै मलाई नै नमस्कार गर्नु हुन्थ्यो ।

कसैको कहिले पनि अहित हुने काम नगर्ने नरम स्वभाव, परोपकारिताको भावनाले ओतप्रोत गुरु वाल्मीकि विद्यापीठमा घमण्डरहित, अर्काको निन्दा चियोचर्चो नगर्ने, कसैको व्यर्थ कुरा काटेर समय त्यसै नबिताउने, रिसराग रहित, नचाहिने उछाल्ने पछार्ने पक्षविपक्षका कुरामा मौन बसिदिने सज्जन महापुरुषका रूपमा मैले गुरुदेवलाई देखेकी छु । किनभने गुरुको स्वभाव वास्तवमा यो श्लोकसँग घटेको जस्तो मलाई लाग्दछ ।

गर्वं नोद्वहते न निन्दति परान्नो भाषते निष्ठुरम्
श्रुत्वा केनचिदप्रियं च सहते क्रोधञ्च नालम्बते
श्रुत्वा काव्यमलक्षणं परकृतं सन्तिष्ठते मूकवत्
दोषाँश्च्छादयते स्वयं न कुरुते ह्येतत्सतां लक्षणम् ।

अर्थात घमण्ड नगर्ने,कसैको निन्दा नगर्ने, अरू कसैलाई कठोर नबोल्ने, कसैद्वारा गरिएको अप्रिय कुरालाई सुनेर त्यसको प्रतिवाद नगर्ने अर्थात् सहन गर्ने, आफूले सहने क्रोध नगर्ने, अर्कालें रचना गरेको काव्यगत लक्षण नमिलेको काव्यको श्रवण गरेर जान्दाजान्दै पनि मूकवत् रहने, कसैका दोषहरूको वास्ता नगर्ने अर्थात् यस्ता दोषहरूलाई छोडिदिने, आफूले पनि कुनै त्यस्तो कर्म नगर्ने यी सज्जनका लक्षणहरू हुन् । यी लक्षणहरू पूर्णतया दवाडी गुरुदेवमा घट्दथे ।

बीचमा म पनि वाल्मीकि विद्यापीठमा घर गृहस्थी बालबच्चाको सुसारमा व्यस्त भएकाले पढ्न जान पाइन । केही वर्ष बाहिर दाङतिर बसियो । धेरै वर्षको अन्तरालपछि भगवत्कृपाले गुरुदेव दम्पत्तिको साथमा यात्रा गर्ने सौभाग्य मलाई प्राप्त भयो । यो सौभाग्य वाल्मीकि विद्यापीठमा कार्यरत उहाँका जेठाछोरा सहप्रा. श्री विश्नाथ दवाडीज्यूले हामीसँग बुबाआमालाई २०६७ सालमा हरिद्वारको पूर्णकुम्भमा पठाएर दिनुभयो । पठाउने बेलामा भन्नुभएको थियो । 'बुबाआमा वृद्ध हुनुहुन्छ हजुरहरूलाई दुःख हुन्छ होला, फेरि कहीँ कसैले बनाएको भोजन खानुहुन्न, आफैँ पकाएर खाने भएकाले चुलो भाँडाहरू आफैँ बोक्नुपर्छ । उहाँहरूलाई जाने इच्छा उत्कट भयो । आफू जान पनि अहिले अनुकूल छैन । केही कार्य परेको भएपछि त बुबा पनि धेरै खुसी हुनुभएको छ ।'

यसरी उहाँले सबै कुरा भनिसकेपछि सुरुमा मलाई पनि हो त नि बुढाबुढीहरू भारी बोकेर भोकभोकै कसरी यात्रा गर्नुहोला ! के हो के हो ! जस्तो भएको थियो तर उहाँहरू त पूर्ण प्रेरणाका पात्र, सबैका मार्गदर्शक हुनुहुँदोरहेछ । यात्राका क्रममा दुःख भन्ने कुनै ठाउँमा पनि अनुभव भएन, साह्रै फुर्तिलो समयमा नै सबै छिटोछिटो आफ्ना कार्यहरू गर्ने देख्दाखेरि गुरुआमालाई धेरै कष्ट भएजस्तो मलाई लाग्दथ्यो तर यसो हेर्दा गुरु आफू पनि लागेर सबै व्यवस्था मिलाउनुहुन्थ्यो । जहाँ गए पनि आफ्नो आफ्नो आवश्यक भाँडा, स्टोप सम्पूर्ण सामान बोकेर गुरुदेव यात्रा गर्नुहुँदोरहेछ । पानीको व्यवस्था भएर बस्ने ठाउँ भएपछि जुत्ता, चप्पल खोलेर पलेटी कसेर बसेर मात्र फल, पानी खानुहुन्थ्यो । केटाकेटीहरूको ख्याल गर्नुहुन्थ्यो । आफ्नो काम आफैँ गर्नुपर्दछ, अरूलाई दुःख दिनु हुँदैन भन्ने भाव पूर्णरूपमा उहाँमा पाइन्थ्यो । यात्राको क्रममा मेरो छोराले 'गुरुआमा हजुर हिँड्नुहोस्' भनेर पोको बोकिदिने गर्दथ्यो ।

गुरु पछाडि-पछाडि गुरुआमालाई पनि कराउँदै र बाबुलाई पनि बोलाउँदै 'बाबु ! बाबु ! दिनुहोस् हजुर नबोक्नुहोस्' आफैँ बोक्नुपर्दछ' तीर्थयात्राको महिमालाई बताउनुहुन्थ्यो ।

भगवान् श्रीहरिको कृपामा भर परेर आफूले गर्नुपर्ने कर्म कदापि जस्तोसुकै परिस्थितिमा पनि नत्याग्ने गुरुदेवको बानी थियो । यात्राका अवसरमा पनि आफ्ना दैनिक गर्नुपर्ने नियमहरू अलिकति पनि छोडेको देखिएन । गाडीमा बसेका बेलामा त फल पानी समेत लिनुभएन । आफू पनि नलिने र गुरुआमालाई समेत लिन दिनुहुन्नथ्यो । 'पथि शूद्रवदाचरेत्' भन्ने वचनअनुसार लामो यात्रामा हामी फल पानी आफैँले बोकेर घरमा नै पखालेर भगवान्लाई अर्पण गरेर लिएर हिँडेको मात्रै खाने गरेका थियौँ । वृद्ध गुरुले त त्यो पनि हुँदैन, यात्रामा त यात्रा मात्र गर्ने कहाँ खानेकुरा भनेर खाँदै खानु भएन ।

बाटोमा नै स्नानको समय भयो भने यसो कतै धारा छ भने त्यहीँ स्नान गरिहाल्ने नदी गंगाजी भेट्नुभयो भने त झन् खुसी भएर फुरुक्क पर्नुहुन्थ्यो । 'त्यहाँ त फोहोर छ गुरुदेव !' भन्यो भने त्यो फोहोर मानिसहरूले गरेका हुन्, गंगाजी त पवित्र हुनुहुन्छ । उहाँको प्रतापले त्यो फोहोरले केही असर गर्दैन, त्यो पनि गंगाजीको संसर्गले अब पवित्र बनिसक्यो भनेर चुप्लुङ्ग चुप्लुङ्ग स्नान गरेर सन्ध्यावन्दन समयमा नै गरिहाल्नुहुन्थ्यो । हामी सबै अचम्मसित हेरिरहथ्यौँ ।

कुनै पनि वस्तुमा दोष नहेरेर गुण मात्र हेर्ने गुरुको स्वभाव साह्रै उत्तम थियो । गाडी चढ्ने अवसरमा पनि 'बुढो मान्छे गुरु हजुर पहिले चढ्नुहोस्' भनेर कसैले भन्यो भने अलिअलि रिसाएजस्तो गरेर म बूढो भए पनि केही छैन पहिले मातृशक्ति जतिलाई चढाऊँ अनि बच्चाहरू चढौँ' भनेर त्यसपछि मात्र आफू चढ्नु हुन्थ्यो । हामी १६ जना थियौँ । त्यसमा ७ जना मातृशक्ति गुरुका भाषामा (महिला) ७ जना पुरुष २ जना केटा बाबुहरू धेरै नै आनन्दको अविस्मरणीय यात्रा भएको थियो । गुरुदेवलाई पद्मप्रसाद गुरुसँग फेरि त्यसरी नै काशी जाने इच्छा थियो । त्यतिखेर वृन्दावनसम्म त गयौँ तर भगवत्कृपा हामीलाई गुरुसँग फेरि काशी जाने सुअवसर भने प्राप्त हुन सकेन । गुरुलाई यात्राको थकान भने कहिले पनि भएन । अलिकति पनि अल्छी भने गर्दै नगर्ने

त्यस्ता महान् कर्मठ गुरुको सन्निधि ठूलो शिक्षाप्रद, प्रेरणादायी र अविस्मरणीय बन्न पुग्यो । सबैका लागि शिक्षाप्रद रहेको उहाँको जीवन, दिनचर्या, व्यवहार, उदाहरणीय छ ।

संसारमा मानिसहरू हरेक प्रकृतिका हुन्छन् तर सबैसँग त्यस्तो अद्भूत क्षमता शक्ति तेज ज्ञान कदापि हुँदैन । कसै कसैलाई देख्ने बित्तिकै अत्यन्त श्रद्धा जाग्ने, भेट हुँदा पनि आनन्दको अनुभूति हुने खुसी लाग्ने हुन्छ । त्यस्तो गुरुदेव पनि भेट हुनेबित्तिकै परम् श्रद्धा र अत्यन्त आदरका पात्र खुसी लाग्ने यस्ता महापुरुषको सङ्गत त अहो ! धेरै भाग्यवश मात्र पाइन्छ भन्ने प्रकृतिका हुनुहुन्थ्यो ।

उज्जल व्यक्तित्वका धनी मातृशक्तिका उपासक कर्मनिष्ठ, दयालु, परोपकारी जागरुक, निष्कपट, सर्वगुणसम्पन्न गुरुदेवका सन्ततिहरू पनि एउटा बत्तीबाट अर्को बत्ती बाल्दा उस्तै बले झैं उहाँका छोराहरू पनि साह्रै सज्जन विद्वान् हुनुहुन्छ । जेठा छोरा काठमाडौं वाल्मीकि विद्यापीठमा सह-प्राध्यापक विश्वनाथ दवाडी, पोखरा बिन्दबासिनी विद्यापीठमा उप-प्राध्यापक पशुपति दवाडी कार्यरत हुनुहुन्छ। पशुपतिज्यू र म त २०४७सालतिर वाल्मीकि विद्यापीठमा सँगै अध्ययन गर्दथ्यौं र सबै नातिनातिनाहरू अवश्य सज्जन हुनुहुन्छ होला, मेरो परिचय छैन तर जेठो नाति कमलेश दवाडी त पद्मप्रसाद गुरुसँग पढ्न आउने क्रममा धेरै पटक र गुरुले टाइप गराउने क्रममा हाम्रो घरमानै रात्रिमा पनि बस्नु भएकाले गर्दा धेरै परिचित हुन पाइयो ।ठ्याक्कै गुरुदेव हजुरबाको अधिकांश स्वभाव, गुण, आचार, विचार, निष्ठा देखेर म छक्क परेकी छु र धेरै खुसी लागेको छ । आफ्नो हजुरबुबाले सानु अवस्थामा अध्ययन गराएको रटाएको संस्कृत शिक्षा, अमरकोश, रुद्री, व्याकरण, न्याय, वेद कसरी जान्ने बनौं भन्ने बनौं भन्ने चिन्तामा परेर इन्जिनियर शिक्षा हासिल गरिसक्नुभएका नाति अहिले कस्सिएर संस्कृतको विद्वान् बन्नका लागि अध्ययनका क्रममै भारतसमेत पुगेर राम्रो अध्यापन गराउन सक्ने गुरुहरूको खोजी गर्दै पढ्दै हुनुहुन्छ । यो हामी सबै यही सम्पूर्ण संस्कृत जगत्का प्रेमीहरूलाई धेरै खुसीको विषय हो । सबैतिर विदेशी आधुनिकता छाएको अवसरमा यस्तो कलिकालमा पनि यसरी युवाशक्ति पनि उत्साहका साथ

संस्कृतको अध्ययनको खोजी गरीगरी प्रामाणिक विद्वान् तयार हुँदैछन् भने ठूलो गर्वको विषय हो ।

यस्तो राम्रो परिवार उत्तम, कर्मनिष्ठ आचार-विचार सम्पन्न सन्तान तयार गर्ने गुरुकी धर्मपत्नी गुरुआमा पनि धर्मपरायण नारीहरूमा हुनुपर्ने सम्पूर्ण गुणहरूले युक्ता, आज्ञाकारी, जस्तोसुकै कठोर परिस्थितिसँग पनि जुध्न सक्ने उदाहरणीय हुनुहुन्छ । गुरुदेवले जेजे गर्नुहुन्थ्यो सहचारी भएर कुनै कुरा पनि उल्लंघन नगरिकन सँगै गर्नुहुन्थ्यो । नारीको शरीर केही कमजोर भएतापनि एक छिन गाह्रो भयो भनेर पल्टिनु भएको छ पनि तुरुन्तै आफूलाई सम्हालेर उठेर सबै काम गर्नुहुन्थ्यो । पृथ्वी स्वरूपा माताजीको सहनशीलता र पतिव्रतको प्रभावले सम्पूर्ण परिवार संस्कारसम्पन्न र आफ्नो कर्तव्यपरायण भएर राम्रोसँग समाज, राष्ट्रको अगाडि पनि राम्रो छवि राखेर आफ्ना बुबाआमाको राम्रो कीर्तिमान राख्ने स्तुत्य कार्य गर्नुभएको छ । उहाँहरू सम्पूर्ण परिवार धन्यवादको पात्र हुनुहुन्छ। आफ्नो आचारसम्पन्न विशिष्ट विद्वान बुबाको स्मृति गन्थ प्रकाशन गरेर सम्पूर्ण नेपालीहरूले आदर्शको रूपमा लिएर धर्म-संस्कृतिको रक्षा गर्दै जीवनलाई कर्तव्यपरायण, धर्मपरायण, सदाचारी बन्ने प्रेरणा प्राप्त गरून् किनभने यस्ता आचारसम्पन्न महापुरूषहरूको सत्कर्मले नै पृथ्वीमाता खुसी भएर टिकेकी हुन्छिन् भन्दै आदरणीय मातृशक्तिका उपासक गुरुदेवप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

◆◆

महर्षि प्रा.डा. दुर्गाप्रसाद दवाडी

डा. प्रेमराज न्यौपाने

प्रारम्भ

असन्तो नाऽभ्यर्थ्याः सुहृदपि याच्चः कृष धनः ।
प्रिया न्याय्या वृतिर्मलिनमसुभङ्गेऽप्यसुकरम् ॥
विपद्य'च्चैः स्थयं पदमनु विधेयं च महतां ।
सतां केनोद्दिष्टं विषममसिधाराव्रतमिदम् ॥२८॥

महापुरुषको जीवन अरुका लागि पनि कल्याणदायक बन्दछ । तपसीहरूको तपसाधनाबाट प्रज्ज्वलित प्रकाश अरुलाई पनि प्राप्त हुन्छ । पूर्व जीवनका कठिन साधनाबाट महापुरुषहरूमा सत्यता, क्षमाशीलता, धैर्यता, सहिष्णुता, विवेकशीलता, साहासिकता आदि दिव्य गुणहरू प्राप्त हुन्छन् । जन्म जन्मको पुण्य र साधनाबाट मात्रै दिव्य गुणहरू प्राप्त हुन्छन् । तप साधनाबिना पुरुष उपकारी, गुणी बन्न सक्दैन । सत् पुरुषहरू दिन चाहन्छन्, लिन चाहँदैनन् । आफूसँग भएको वस्तुबाट सन्तुष्ट बन्छन् । अरूको सम्पत्तिको लोभ, लालच गर्दैनन् । प्राणको सङ्कट आइपरे पनि पाप कार्य गर्दैनन् । यस्तै सद्गुण भरिएको हुनुहुन्थ्यो महान् तपस्वी प्रा. डा. दुर्गाप्रसाद दवाडी । उहाँजस्तो गुणी, उपकारी, धर्मनिष्ट, सदाचारी व्यक्ति पाउन दुर्लभ छ । उहाँको सम्पूर्ण जीवन तपस्यामय थियो ।

आदर्श घर परिवार

माता मधी दवाडी र पिता सेतु दवाडीको पुत्र-रत्नको रूपमा १९८५ साल माघ ४ गते कास्कीकोटमा प्रा. डा. दुर्गाप्रसाद दवाडीज्यूको वि. सं. २०६९ पौष २५ गते देहावसान भएको हो । उहाँको पृष्ठभूमि अत्यन्त आदर्श छ । घर परिवारमा उच्च कोटिको आचार उच्च कोटिको संस्कार गुरुले निर्माण गर्नु भएको थियो । गुरुको आदर्श र सदाचार घरपरिवारले पनि निरन्तरता

दिएको छ । जेठा छोरा विश्वनाथ दवाडी, पशुपति बुहारीहरू, विजया, श्रीधर, छोरीहरू गङ्गा, सुशीलामा पनि गुरुको आदर्श संस्कारको प्रभावले नित्य कर्मपूजा अर्चनालाई निरन्तरता दिनुभएको छ । गुरुआमा नित्यकर्म भगवत् चिन्तनमा नै समर्पित हुनु घरपरिवार सबैमा उच्चकोटीको संस्कार स्थापित भएको छ ।

संस्कृत भाषाप्रतिको अनन्य श्रद्धा

संस्कृत भाषाप्रति गुरुको अनन्य श्रद्धा थियो । संस्कृत भाषा सवै भाषाको जननी हो । संस्कृत भाषाबाट अन्य भाषा जन्मेका हुन् । ज्योतिषमा नौ अंकहरू प्रतिपादन भएका छन् । नौ अंकहरू नव ग्रहहरूका प्रतीक हुन् । गणितमा नौ अंकहरू छन् । ज्यातिष संस्कृतकै शाखा हो । गुरुकुलमा पढ्दा विद्यार्थी अवस्थादेखि नै दुर्गा गुरुको संस्कृत भाषाप्रति अनन्य श्रद्धा थियो । गुरुकुलमा बसेर पढेका विद्यार्थीहरूलाई खाद्यान्नको अभाव हुन्छ। कतै लिन जाँदा जंगलको बीचमा रात परेछ र घनघोर जंगल थियो । बस्ने पाटी, घर, गोठ केही थिएन । जमिनमा बस्दा जंगली जनावरको डर हुनाले उहाँ रुखमा चढ्नुभएछ। रुखमा बस्न त्यति सजिलो हुँदैन । निदायो भने तल भुइँमा खसिन्छ । नजिकै नजिकैको हाँगामा दुवै जना बस्नुभएछ र एक जनाले अर्कालाई डोरीले हाँगामा बाँध्नुभएछ । हाँगामा टाँसेर बाँधेपछि खस्ने डर भएन । यसरी रात बिताउनु भएछ । अर्को दिन धनी मानिसको घरमा पुगेर बोक्न सक्ने जति खाद्यान्नहरू लिएर गई संस्कृत पढ्ने विद्यार्थीहरूलाई खाने व्यवस्था मिलाउनु भएछ । संस्कृत भाषाप्रति उहाँको बाल्यकालदेखि नै अनन्य श्रद्धा थियो । भाषाको उत्थानमा उहाँले बाल्यकालदेखि नै विशेष योगदान गर्दै आउनुभएको थियो ।

मन्त्री राधाकृष्ण मैनाली वाल्मीकि विद्यापीठको कार्यक्रममा प्रमुख अतिथिको रूपमा आउनुभएको थियो । उहाँ शिक्षा मन्त्री भएको बेला गुरु दवाडीले संस्कृत भाषालाई सबै कक्षाहरूमा अनिवार्य गराउनुपर्दछ भन्ने प्रस्ताव लिएर जानुभएको थियो । यो प्रस्तावलाई तत्कालीन शिक्षामन्त्री राधाकृष्ण मैनालीले अस्वीकार गर्नुभएको थियो । यो कुरा गुरु दुर्गाप्रसाद दवाडीले उहाँको उपस्थितिमा निर्भीकतापूर्वक प्रकाश पारिदिनुभयो । गुरु संस्कृत शिक्षाप्रति अत्यन्तै सङ्कल्पित हुनुहुन्थ्यो । सत्य कुरा प्रकाश पार्न त्यति कै निडर हुनुहुन्थ्यो ।

सबै डराए तर उहाँ डराउनुभएन । नासाको अनुसन्धानबाट संस्कृत भाषा सबै भाषाभन्दा उच्चकोटीको भाषा हो भन्ने कुरा थाहा भएको छ । अन्तरिक्षमा, अंग्रेजी, स्पेनी, जर्मनी, जापानी आदि विविध भाषाहरूको प्रयोग गरेर हेरियो । उपकरणले प्रेषित सन्देशहरू सबै बुझिने खालका संस्कृतमा थिए । यसरी संस्कृत भाषा उच्च कोटीको भाषा रहेछ भन्ने प्रमाणित भएको छ । यही भाषाको उत्थानमा गुरु दत्तचित्त भएर लागिरहनु हुन्थ्यो । प्रज्ञा प्रतिष्ठानबाट पनि संस्कृत भाषाको उत्थानको लागि बेला बखतमा गुरुसँग लेखरचना लिने, पुस्तक प्रकाशनका लागि सहकार्य गर्ने चलन थियो ।

प्रभावशाली व्यक्तित्व

दया, माया र करुणाले भरिएको गुरुको उज्यालो मुहार देखेपछि कता-कता खुसी आनन्दको सञ्चार हुन थाल्थ्यो । लेखन कार्यको प्रारम्भ गर्नुपूर्व सरस्वती र गुरुको मनमनै ध्यान गर्न थालेपछि शक्तिको सञ्चार भएजस्तो आभास हुन्थ्यो । राग, द्वेष, छलकपट, ठगी, बेइमानी नभएको सच्चाइ र माया-ममता, ज्ञान विवेकले भरिएको गुरुको व्यक्तित्व निकै आकर्षक र प्रभावशाली देखिन्थ्यो । गलामा रुद्राक्षको माला, निधारमा श्रीखण्डको टीकाले गुरुको व्यक्तित्वलाई अझै प्रकाशित बनाउँथे । दौरा सुरुवाल कोट टोपीको पहिरनमा गुरु झन् प्रभावशाली देखिनुहुन्थ्यो ।

धार्मिक व्यक्तित्व

एकादशी, प्रदोष, मंगलबार गुरुका विशेष व्रतका दिनहरू हुन् । प्रदोषको दिनमा गुरु साइकल चढेर गई भगवान् पशुपतिनाथको दर्शन गरी जल चढाएर फर्कनुहुन्थ्यो । बेलुकाको पूजा आरतीपछि मात्र जल भोजन लिनुहुन्थ्यो । दिनमा निराहार बस्नुहुन्थ्यो । उहाँ शिवका अनन्य भक्त हुनुहुन्थ्यो । कस्तै विघ्नै बाधा आइपरे पनि उहाँ आफ्नो धर्म निष्ठालाई छोड्नु हुँदैनथ्यो । नित्य स्नान, जप, पाञ्चायन पूजन रुद्री, चण्डी वेद पाठ उहाँका नित्य कर्महरू नै हुन् । उहाँ धर्म निष्ठाका महान् तपस्वी हुनुहुन्थ्यो । धार्मिक कुराहरूको निर्णय गर्न राजदरबारबाट पनि उहाँसँग परामर्श हुन्थ्यो । एक पटक स्नान गरेर त्रिशूली नदीको किनारमा ढुङ्गामाथि बसेर गुरु जप गर्न थाल्नुभयो । हामीहरू माथि

आयौं। धेरै बेरसम्म नआएकाले हेर्न जाँदा त नदी बढेर किनारसम्म आइसकेको, गुरु पानीको बीच ढुङ्गामाथि बसेर जप गरी राख्नुभएको रहेछ। हत्तपत्त गरेर पानीमा पसी हात समाएपछि गुरु पाखामा आउनुभयो। गुरु नित्यकर्ममा धर्ममा अडिग रहनुहुन्थ्यो। युरोप, अमेरिका आदि विदेशी मुलुकमा जान मानिसहरू संस्कृतका विद्वानहरू पनि तँछाड-मछाड गर्छन्। संस्कृत भाषाप्रति विश्व जगत्मा नै आकर्षण बढेको छ। पश्चिमी जगत् संस्कृतका विद्वान्हरूबाट केही जान्न-सिक्न लालायित छ। पश्चिमी जगत् गुरुलाई स्वागत गर्न चाहन्थ्यो तर गुरु आफ्ना नित्यकर्ममा पूजा अर्चनामा विघ्न पर्दछ भनेर बाहिरी मुलुकहरूमा जान चाहनुहुन्थ्यो। गुरु कति पवित्र हुनुहुन्थ्यो भनी साध्य छैन।

दान गर्ने स्वभाव

ठूलो रकम धेरै धनसम्पत्ति दान दिनेलाई दानवीर भन्ने चलन छ। धनसम्पत्ति दान गरेर मानिसहरू आफ्नो कीर्ति फैल्याउन चाहन्छन्। पैसाले किन्न नपाइने अमूल्य धन गुरुले दान गर्ने गर्नुहुन्थ्यो। त्यो हो विद्यारूपी धन। शास्त्रमा विद्यालाई सबैभन्दा उच्चकोटी धन भनेर मानिएको छ।

विद्या नाम नरस्य रूपमधिकं प्रच्छन्नगुप्तं धनं
विद्या भोगकरी यशः सुखकरी विद्यागुरूणां गुरुः।
विद्या बन्धुजनो विदेश गमने विद्या परं दैवतं
विद्या राजसुपूज्यते नाही धनं विद्याविहीनं पशुः॥ <u>(नीतिशतक)</u>

विद्या यस्तो गुप्त धन हो जसले अनेक प्रकारका भोग-विलास, सुखसयल दिन्छ, विदेश जाँदा बन्धुबान्धव जसरी साथ दिन्छ विद्वान् राजाहरूबाट पनि पूजित हुन्छ, धनी पूजित हुँदैन भनेर उल्लेख गरिएको छ। विद्यारूपी धनको यसरी पनि व्याख्या गरिएको छ।

नचौरैं हार्यं नच राजहार्या
नभातृभाज्यं न च भारकारी
व्ययेकृते वर्धत एव नित्यं
विद्या धनं सर्वधनम् प्रधानम्।

सम्पत्ति चोरले चोर्न सक्छ । विद्यारूपी धन कसैले चोर्न सक्दैन । राजाले हरण गर्न सक्दैन । दाजुभाइमा भागबण्डा गर्नुपर्दैन । जति ज्ञान आर्जन गरे पनि बोक्न गह्रौं पनि हुँदैन । सम्पत्ति अरूलाई बाँड्दा सकिँदै जान्छ तर विद्यारूपी धन जति बाँड्यो त्यति बढ्दै जान्छ । यसैले सबै धनहरूभन्दा विद्यारूपी धन नै सर्वश्रेष्ठ हो भनेर शास्त्रमा पनि उल्लेख गरिएको छ । यस्तो अनमोल मणिजस्तो विद्यारूपी धन गुरुले दान दिने गर्नुहुन्थ्यो ।

गुरु भन्नुहुन्थ्यो- मानवले सदा दान गर्नुपर्दछ । वस्तुहरूको दानजस्तै ज्ञानको दान पनि ठूलो दान हो । विद्यारूपी धन त करोडौं रुपियाँ खर्च गरेर पनि किन्न पाइँदैन तर यस्तो अमूल्य धन गुरुबिना मूल्य विद्यार्थीहरूलाई दिने गर्नुहुन्थ्यो । गुरु दिनुहुन्थ्यो लिनुहुन्नथ्यो । धनले ज्ञान आर्जन हुँदैन तर ज्ञानले सम्पूर्ण कुराहरू आर्जन हुन्छन् ।

'स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते' यस्तो सर्वत्र पूजित हुने अनमोल ज्ञान गुरुले दिनुहुन्थ्यो । गुरु ज्ञान दिन जान्नुहुन्थ्यो । कसैसँगै पनि कुनै वस्तु, धन सम्पत्ति, सामान, खाद्यान्न, लत्ताकपडा, केही पनि लिनुहुन्नथ्यो । गुरुको भक्ति सेवा गर्न मन लाग्दथ्यो तर गुरुले कुनै अवसर दिनुहुन्नथ्यो । कसैले केही दिन खोज्यो भने अस्वीकार गर्नुहुन्थ्यो । कसैले हातबाट केही लिनुहुन्नथ्यो ।

देवघाट पावन वाटिकामा श्रावणी गर्न जाँदा मलाई बसको भाडा तिर्ने अवसर मिल्यो तर पछि गुरुले त्यो रकम मलाई फिर्ता गरिछाड्नुभयो । पाँच पैसा पनि उहाँ कसैको लिनुहुन्नथ्यो । ग्रहणको समयमा सबै देवघाट काली नदी तटमा स्नान गरेर बसिरहेका थियौं । गुरुलाई देखेर एक जना मानिस टीका लगाएर पैसा दिन तम्सिएर आयो । हात गुरुको निधार नजिकै पुऱ्यायो । गुरुले यति साह्रै हप्काउनुभयो । त्यो मानिस डरले थरर भएर दस हात पर गयो । कोही कसैले पनि गुरुलाई केही दिन सक्दैनथ्यो । उहाँसँग लिन भने सक्थ्यो ।

८४ पूजन

गुरु ८४ वर्ष पार भएपछि ८४ पूजनको आयोजना भयो । म पनि यो पूनित अवसरमा पोखरा पुगेको थिएँ । गुरु, गुरुआमा दुवैले संयुक्त रूपमा भव्य

पूजन गर्नुभएको थियो । पाहुनाहरूलाई भोजन गराउने, दान दक्षिणा दिने भव्य तयारी थियो । गुरुप्रति श्रद्धा राख्नेहरू, आफन्तहरू, भाइबन्धुहरू, इष्टमित्रहरू सबैको गरिमामय उपस्थिति थियो । यस्ता पूज्यगुरुलाई सबै सम्मान गर्न चाहन्थे । खादा, दोसल्ला ओडाएर गुरुप्रति श्रद्धा प्रकट गर्न चाहन्थे । उपहारहरू दिएर गुरुप्रति अनन्य श्रद्धा जाहेर गर्न चाहन्थे तर गुरुले सबै श्रद्धालुका चाहना अधुरै राखिदिनुभयो । कसैले लगेको उपहार लिनुभएन । कसैले लगेको खादा, दोसल्ला ओड्नुभएन । सबैलाई हिस्स पारिदिनुभयो । बरु सबैलाई दानदक्षिणा दिनुभयो । मुठी-मुठी भरी सिक्काहरू लिएर हातमा थमाइदिनुभयो । कहिले पैसाको वर्षा गराउनुभयो । सबैलाई फलफूल भोजनले तृप्त गराउनुभयो । ८४ पूजनको दिनमा पनि दिनुभयो । कसैसँग केही लिनुभएन । सबैलाई आशीर्वाद दिनुभयो । अरूबाट धनसम्पत्ति लिन, मानसम्मान लिन मानिस लालायित हुन्छन् तर गुरु कसैबाट सम्मान पनि चाहनुहुन्नथ्यो । धनसम्पत्ति पैसाको त कुरै छाडौं ।

यस्तो तपस्वी गुरु भगवान् पूजनका सामग्रीहरू पाउनुभयो भने रमाउनुहुन्थ्यो । म गुरुलाई गंगाजल र बेलपत्र लगिदिन्थेँ । गंगाजल बेलपत्र पाएपछि गुरु खुसी हुनुहुन्थ्यो । कहीँ तीर्थ व्रत गर्न जाँदा अरूको पैसा आफूलाई आउँछ कि भनेर गुरु एकदम होसियार हुनुहुन्थ्यो । समाजमा मानिसहरू अरूको लिन, ठगी गर्न अनेक प्रयत्नहरू गर्दछन् तर गुरु अरूको सम्पत्तिमा, वस्तुमा पटक्कै लोभ गर्नुहुन्नथ्यो । कस्तो तपस्वी हुनुहुन्थ्यो गुरु । कति उत्कृष्ट तपस्या थियो उहाँको ।

कवि शिरोमणिले रुखले गरेको तपको वर्णन गर्नुभएको छ । गुरुको जीवन पनि यस्तै कल्पवृक्षको जस्तै तपस्यामय थियो । वृक्षहरू फूलहरू दिन्छन्, फल दिन्छन्, छहारी दिन्छन्, ओत दिन्छन् । यति मात्र हैन प्राणीको जीवन रक्षा गर्ने प्राणवायु अक्सिजन दिन्छन् । हाँगा काट्नेलाई फल फलाएर खान दिन्छन् । बदला लिँदैनन् । गुरुको जीवन पनि यस्तै कल्पवृक्ष जस्तै उपकारी थियो ।

प्राणीमा दया गर्ने स्वभाव

गुरुसँग संगत भएपछि धेरै कुरा सिक्ने अवसर मैले पाएको छु ।

धेरै समय गुरुको साथमा बिताउने अवसर मिलेको छ मलाई । घर परिवार छोराजस्तै गरेर माया गर्नुहुन्थ्यो । म परिवारको सदस्यजस्तै बनेको थिएँ । गुरुआमा पनि मलाई त्यतिकै माया गर्नुहुन्थ्यो । भान्सामा पाकेको वस्तु फलफूल नास्ता दिनुहुन्थ्यो । गुरुसँग गुरुआमासँग केही कुरा गर्न मलाई धक लाग्दैनथ्यो । अध्ययनकै क्रममा एक दिन दक्षिणतर्फको झ्याल खुल्ला थियो । सूर्यका किरणहरू कोठामा प्रवेश गरिरहेका थिए । कोठा न्यानो भएको थियो । त्यही बेलामा यौटा लामखुट्टे झ्यालबाट प्रवेश गर्‍यो र गुरुको खुट्टामा गएर बस्यो । केही कुराले लामखुट्टेलाई हानेर लामखुट्टेलाई मार्ने विचार गरेँ मैले । हान्दा गुरुलाई लाग्छ के गर्ने के गर्ने भयो । लामखुट्टे उडेर मतिर आयो । मैले लामखुट्टेलाई हान्न लागेको गुरुले देख्नुभयो । नहान्नुहोस् हुँदैन भन्नुभयो । म रोकिएँ । त्यो आफैँ जान्छ छोड्नुहोस् भन्नुभयो । सबैको जिउने अधिकार छ । भरसक साना प्राणीलाई मार्न हुँदैन भन्नुभयो । गुरु कति संवेदनशील हुनुहुन्थ्यो । सानो लामखुट्टेप्रति गुरुको महानता कति विशाल थियो । प्राणीमाथि कस्तो दया ! मानवले प्राणी मात्र होइन, मानवलाई नै पनि मार्ने, हिंसा गर्ने गरेका छन् । तर गुरुले साना प्राणीलाई पनि दया गर्नुपर्छ भन्ने पाठ सिकाउनु भएको छ । यो सम्पूर्ण मानवहरूले पालना गर्नुपर्ने, सिक्नुपर्ने पाठ हो । कुरो सानो तर मर्म ठूलो ! यो कुरालाई समाजले पालना गर्‍यो भने हत्याहिंसाको श्रृङ्खला रोकिन सक्नेछ । जसरी घरपरिवारका सदस्यहरूमा मायाममता सद्भाव हुन्छ, त्यसै गरी सम्पूर्ण प्राणीहरूमा मायाममता गर्नुपर्छ भन्ने पाठ गुरुले सिकाउनुभयो र गुरु घरपरिवारको मात्र नभई सम्पूर्ण मानव प्राणीको अभिभावक हुनुहुन्थ्यो ।

बोटबिरुवा वनस्पतिमा दया

श्रावणी गर्नका लागि दवाडी गुरु अवतार, विश्वनाथ, कमलेश, रामहरि, भीष्म गुरु, म ७-८ जना भएर अघिल्लो दिनमा देवघाट पावन वाटिका गएर बसेका थियौँ । दवाडी गुरु आउनुहुन्छ भन्ने थाहा पाएर देवघाट रेडियोबाट श्रावणीको प्रत्यक्ष प्रसारण गर्न पत्रकार पनि आउँदै हुनुहुन्थ्यो । त्रिशूली नदीमा झर्ने ठाउँमा झाडीहरू बसेका थिए । झाडी पन्छाएपछि मात्र नदीमा पुग्न सकिन्थ्यो । मैले सबै फाँडेर सजिलो बाटो बनाउन लागेको थिएँ । गुरुले भन्नुभयो बाटोमा

पर्ने एकदुई वटा मात्र काट्नुहोस् । अरू नकाट्नुहोस् भनेर मलाई रोक्नुभयो । आवश्यक पर्नेभन्दा बढी काट्नुहुँदैन भन्नुभयो । एकदुई वटा काटेपछि नदीमा झर्ने बाटो खुल्यो । सबै झाडी फाँड्नु परेन । आफूलाई चाहिनेभन्दा बढी काट्नुहुँदैन, यिनीहरूको पनि जीवन छ । वनस्पति जगत्को महत्व त्यतिकै ठूलो छ । झाडी फाँड्ने कुरा सानो कुरा हो तर गुरुले दिएको शिक्षा विशाल कुरा हो । गुरुको हृदय कति विशाल थियो भन्ने कुरा यहाँ प्रष्ट हुन्छ । उहाँ प्राणी मात्रको हैन बोटबिरुवाहरूको पनि अभिभावक हुनुहुन्थ्यो । मन्त्री, प्रधानमन्त्री, राष्ट्रपतिलाई हामी ठूलो मानिस भन्ने ठान्दछौँ । पदले मात्र मानिस ठूलो हुँदैन । स्वभावले मान्छे ठूलो हुन्छ । यसैले मुनामदनमा महाकविले भन्नुभएको छ -'मानिस ठूलो दिलले हुन्छ दिल हुन्छ, जातले हुँदैन ।' के नेपाल सानो छ भन्ने निबन्धमा नेपालको महत्व प्रकाश पार्ने क्रममा महाकविले भन्नुभएको छ - 'नेपालभन्दा चीन ठूलो छ भन्नु मान्छेभन्दा हात्ती ठूलो छ भनेजस्तै कुरा हो ।' कहाँको ज्ञान कहाँ हात्तीको ज्ञान तुलनै हुन सक्दैन । ठूलो सानोको मापन गर्ने शरीरको आकारबाट मात्र होइन । मापन गर्ने कसी भिन्नै छ । कविले भन्नुभएको छ संसार देख्ने आँखाको नानी सानो हुन्छ तर नानीको महत्व ठूलो छ । निधारमा लगाउने टीका सानो हुन्छ । टीकाले अनुहारलाई प्रज्ज्वलित बनाउँछ । त्यस्तै देख्दा साना गुणैगुण भरिएको मानवहरू नै ठूला मानवहरू हुन् । गुरुजस्तो पवित्र हृदय भएको मानिस मैले मेरो जीवनमा अरू देखेको छैन । बाहिरी सम्पदाले मापन गर्ने होइन । महानताको मापन भित्री सम्पदाले गर्नुपर्दछ । सत्यता, निष्ठाबाट महानताको मापन गर्न सकिन्छ । गुरु सबैका निम्ति अनुकरणीय हुनुहुन्थ्यो । गुरुजस्तै ज्ञान सबै मानवमा हुने हो भने संसार नै रूपान्तरण हुनेछ ।

पञ्चायन मन्दिर निर्माणमा गुरुको योगदान

पाञ्चायन मन्दिरको शिलान्यास गरिदिन गुरुलाई अनुरोध गरेपछि गुरुआमा दुवै जना पावनवटिका जानुभयो । शिलान्यास कार्य सम्पन्न भयो । गुरुले नै मन्दिर निर्माणका लागि रु. १५०० दिनुभयो । गोपाल कुँवर, पूर्ण कुँवरले गिट्टी बालुवा निःशुल्क उपलब्ध गराउनुभयो । ओमकुमार श्रेष्ठले रु. १००० दिनुभयो । धर्मात्मा एक जना गुरुङ्सेनीले रु. ५००० दिनुभयो । डा.

रोशनले रु १०,००० दिनुभयो । ज्याला, डण्डी, ईट्टा, सिमेन्टका लागि ७०,००० मैले व्यवस्था गरेँ । यसरी गुरुले शिलान्यास गर्नुभएको मन्दिर निर्माण कार्यले पूर्णता पायो ।

सिद्धेश्वर शिवलिङ्गको स्थापनामा सहभागिता

शिवका अनन्य भक्त गुरुलाई शिवलिङ्ग स्थापनाको पावन कार्यमा पाल्नुहुन अनुरोध गरेको थिएँ । प्राणप्रतिष्ठा गर्ने क्रममा भगवानलाई जलाधिवासमा राखिएको थियो । जलबाट बाहिर झिक्न लाग्दा गुरु टुप्लुक्क आइपुग्नुभयो । गुरु पुगेपछि भगवान्लाई सबैले बोकेर मन्दिर बन्ने स्थानको नजिकमा लगेर राखियो । धान्यादिवास, फलादिवास आदि पूर्ण भएपछि भगवान् स्थापना गर्ने क्रममा पूजा-अर्चना सिध्याएर अन्तिम पुष्पाञ्जलि अर्पण गर्नका लागि गुरु-गुरुआमा हामी सबै मन्दिरतर्फ लाग्यौं । घरबाट ४०-५० कदम हिँडेपछि विना बादल आकाशबाट वर्षा हुन थाल्यो । आकाशमा वादल कतै थिएन । घाम लागिरहेको थियो । मन्दिर निर्माण हुन लागेको स्थानको वरिपरि मात्र गज्जबको वर्षा हुन थाल्यो । मन्दिर पुगेपछि पूजा अर्चना भयो । गुरुले शिव महिम्न स्तोत्रको स्तुतिगान गर्न थाल्नुभयो । गुरुको अनन्य भक्ति र सत्यनिष्ठामा भगवान् शिव द्रवित हुनुभयो । जलको वर्षा गर्न थाल्नुभयो । जलको वर्षा भइनै रह्यो । घाम लागिनै रह्यो । शिव मन्दिरको प्रवेशद्वारसँग इन्द्रधनुष लागेर प्रकृति र पुरुषको संवाद भयो । नदीको दुई किनारबाट उठेर इन्द्रधनुषको अपूर्व स्वागतद्वार बन्यो । त्रिशूली गङ्गा पूर्ण कलशजस्तो बनेर किनारसम्म जलले भरिभराउ भएर आइन् । श्रद्धालु भक्तहरूमा अपार हर्ष भरिएर आयो । हर्षाश्रुको वर्षा हुन थाल्यो । यो अपूर्व क्षणमा भगवान् शिवका अनन्य भक्त दुर्गाप्रसाद दवाडी भक्तिभावपूर्वक भगवान् शिवको स्तुतिगान गर्न थाल्नुभयो । भक्तको अनन्य भक्ति देखेर भगवान् शिव द्रवित भई साकार रूपमा प्रकट हुनुभयो । गुरुसँग भगवान् शिवको भक्ति गर्ने खुसी पार्ने अनुपम शक्ति थियो ।

गुरुसँग अपूर्व भेट

गुरु दुर्गाप्रसाद दवाडी यो देशको नै सपूत हुनुहुन्थ्यो । यस्तो महापुरुषसँग भेट हुन पाउनु मेरो पनि सौभाग्य हो । उहाँसँग भेट भएपछि मेरो जीवन नै

रूपान्तरण हुन पुग्यो । विद्यावारिधि गर्ने उत्कट अभिलाषा छँदा छँदै संयोग जुर्न नसकेको बेलामा गुरुसँगको भेट 'ढुङ्गा खोज्दा देवता मिले' जस्तो भयो । गुरु दुर्गाप्रसाद दवाडीज्यूसँगको भेटले मेरो ज्ञान विज्ञानको ढोका खुल्यो । गुरुसँगको भेट जीवनको अनमोल क्षण बन्न पुग्यो । गुरुको सङ्गतले ज्ञानविज्ञानको द्वार मात्र खुलेको हैन, ज्ञानको सागरमा नै प्रवेश गरायो । सरकारी सेवामा रुमलिएको स्वार्थी साँघुरो परिवेशबाट फराकिलो प्राज्ञिक क्षितिजमा प्रवेश गर्न पाउँदा ममा अपार खुसी र आनन्दको सञ्चार हुन थाल्यो ।

शोधकार्य गर्ने स्वीकृति प्राप्त भएपछि ४-५ वटा शोधको सम्भाव्य शीर्षकहरू लेख्न लगाउनु भयो । तिनीहरूमध्ये विशेष मनपर्ने शीर्षक छान्न लगाउनुभयो । उहाँले पनि शीर्षकमा परिमार्जन गरिदिनुभयो । 'मनोवृत्ति र सिद्धिको दार्शनिक विश्लेषण' भन्ने शीर्षक छान्न लगाउनु भयो । शोध निर्देशकमा गुरु आफैँ बस्नुभयो । कार्यतालिका बनाउन, पुस्तक सङ्कलन गर्न, थेसिस लेख्न गुरुले नै सिकाउनु भयो । सानातिना कुरादेखि शास्त्रका ठूला कुराहरू मलाई सिकाएर ठूलो गुन मलाई लगाउनु भएको छ । मेरो सानो दृष्टिकोणलाई फराकिलो पारिदिनुभयो । म अङ्ग्रेजी पढेको विद्यार्थी संस्कृतको ज्ञान पनि गराउने विषयका गम्भीरताको पनि साथसाथै बोध गराएर म अल्पज्ञलाई सफल विद्यार्थी बनाउनु गुरुको नै देन हो । गुरु कृपा नभएको भए म अध्ययनमा सफल हुन सक्ने थिइनँ । गुरुसँगको सान्निध्य प्राप्त हुनु नै मेरो ठूलो सौभाग्य हो । विज्ञानको कुरा आफैँ लेखे तापनि शास्त्रका कुरा गुरुको निर्देशनमा नै प्रभावकारी र ओजस्वी बन्दथे । कहिलेकाहीँ त गुरु आफैँ फोन गरेर मलाई बोलाउनुहुन्थ्यो । गुरुले नै मलाई शास्त्रका गहिराइमा प्रवेश गराउनुभएको हो । शास्त्रका ठूला कुरा मात्र होइन, सानातिना कुरा पनि मलाई गुरुले नै सिकाउनुभएको थियो । कापीमा लेख्दा सच्याउनुपर्ने, काट्नुपर्ने भएकाले लेख फोहोर हुने र लुज पेपरमा लेख्दा काँटछाँट गर्न सजिलो हुने हुनाले लुज पेपरमा थेसिस लेख्न लगाउनुभयो । आमाले बालकलाई तातेताते गरेर हिँड्न सिकाए जसरी मलाई गुरुले धेरै कुराहरू सिकाउनुभयो । ममा सुषुप्त अवस्थामा रहेको ज्ञानको ज्योति प्रज्ज्वलित गराएर मलाई परिपक्व बनाइदिनुभयो ।

अमृत भरिएको घडा

अमृत जति पान गरे पनि तृप्ति नमिलेजस्तै गुरुको सान्निध्यमा बसिरहौं जस्तो लाग्थ्यो । गुरुसँग बस्दाको अमृत पान गरे जस्तो आनन्दायक हुन्थ्यो । डर, त्रास, भय केही हुन्नथ्यो । दिन बितेको पत्तै हुँदैनथ्यो । काव्यको रसमा डुबेजस्तो आनन्ददायी क्षण अरू कुनै क्षण हुँदैन । गुरु आफ्ना शिष्यलाई काव्यको मधुर रसमा डुबुल्की लगाई दिनुहुन्थ्यो । काव्यरसको मदले हामी मस्त हुन्थ्यौं ।

पुष्पदन्त गर्न्धवले भगवान् शिवको महिमाको वर्णन गर्ने क्रममा भनेका छन्- ब्रह्मा, विष्णु जस्ताले पनि आफ्नो-आफ्नो शक्तिअनुरूप भगवान्को स्तुति गर्दछन् भने म पनि आफ्नो क्षमताअनुरूप भगवन्को स्तुति गर्न लागेको छु तर भगवान्को महिमाको पार लाग्दैन भनेर उल्लेख गरेका छन् । त्यस्तै महान् तपस्वी गुरु दुर्गाप्रसाद दवाडीको जति वर्णन गरे पनि थोरै हुन्छ । उहाँका सत्चरित्रहरूको, आचरणहरूको निष्ठाको, सेवाको, परोपकारको, आदर्श जीवनको वर्णन गरेर सकिँदैन । छोटो लेखमा उहाँका सत्कार्यहरूको उल्लेख गर्न सम्भव छैन । त्यसैले मानिसहरू उहाँलाई कलियुगका ऋषिमुनि भनेर भन्ने गर्थे । उहाँमा दुर्गुणहरू थिएनन् । अर्थात् अमृत भरिएको घडा हुनुहुन्थ्यो । जो समीपमा पुग्दथ्यो, उसले अमृतको आस्वादन गर्न पाउँथ्यो । मानव मनमा हुने क्षमताहरू, सम्भावनाहरू र मनबाट हुने उपलब्धिहरूको बारेमा अध्ययन-अनुसन्धान गर्ने उत्कट अभिलाषा ममा थियो । तापनि विषयलाई कसरी लिएर जाने ? कस्तो आकार दिने भन्ने ज्ञान ममा थिएन । मेरा कुरा सुनेपछि गुरुले दर्शनका माध्यमबाट यो विषयलाई प्रकाश पार्न सकिन्छ । तपाईं लेख तयार पार्नुहोस् भन्नुभयो । मलाई **'के खोज्छस् काना आँखा'** भनेझैं भयो । ठाउँ-ठाउँमा गुरुले परिमार्जन गरी शास्त्रका कुराहरू थप्न लगाउनुभयो । लेख राम्रो बन्यो । शोधप्रस्तावका रूपमा यही लेख प्रस्तुत भयो ।

गुरुको पुस्तकालयमा वेदान्तका, वेद, उपनिषद, पुराण, साहित्य, व्याकरण, विज्ञान, ज्योतिष, वास्तुशास्त्र, मनोविज्ञान, गीता, महाभारत तथा अन्य विविध विधाका ठूल्ठूला पुस्तकहरू छन् । पुस्तकमा कुनै कुरा कहाँ छ

खोज्न कठिन हुन्छ तर गुरुमा पुस्तकको सबै ज्ञान हुनाले फलानो पुस्तकको फलानो ठाउँमा यो कुरा छ, हेर्नुहोस् भन्नुहुन्थ्यो । उहाँ ज्ञानको सागर नै हुनुहुन्थ्यो । धेरै विषयको अध्ययन हुनाले गुरुमा शास्त्रज्ञानको अपार भण्डार थियो । उहाँप्रति अपार श्रद्धा जागेर आउँथ्यो । गर्मीले आत्तिएका बेला शीतल वर्षा हुँदा जुन आनन्द प्राप्त हुन्छ, त्यस्तै आनन्द गुरुको मुखारविन्दबाट प्रवाहित काव्य सरिता सुन्दा हुन्थ्यो ।

मनसि वचसि काये पुण्यपीयूषपूर्णास् ।
त्रिभुवनमुपकारश्रेणिभिः प्रीणयन्तः ॥
परगुणपरमाणून् पर्वतीकृत्य नित्यं ।
निजहृदि विकसन्तः सन्ति सन्तः कियन्तः ॥७९॥

संसारमा यस्ता महापुरुष दुर्लभ हुन्छन् जसको तनमा, मनमा, वचनमा अमृत भरिएको हुन्छ । जसले तीनै लोकलाई अमृतरूपी वाणीले तृप्त गर्छन् । अरूका साना गुणलाई पनि ठूला ठान्दछन् र अरूमा भएका गुणहरूलाई बढाउन प्रकाशित गर्न मद्दत गर्छन् । तन, मन, वचनले अरूलाई कष्ट नपुऱ्याउने त्यस्ता महापुरुषहरू धर्तीमा थोरै जन्मन्छन् । त्यस्ता मानिसहरू अरूलाई सुख दिन प्रयत्न गरिरहन्छन् । आफूमा भएको अमृत अरूलाई दिन चाहन्छन् । यस्ता महापुरुषहरूमा अरूमा प्रेरणा दिने कला हुन्छ । वाणीमा मधुरता हुन्छ । पापात्माहरूलाई पनि स्नेह गर्ने कला हुन्छ । पापात्माका कल्मषहरूलाई पनि पखाल्न सक्ने सामर्थ्य हुन्छ भनेर शास्त्रमा पुण्यात्माहरूको वर्णन गरिएको छ । गुरु त्यस्तै पुण्यात्मा हुनुहुन्थ्यो । यस्तो पुण्यात्मा महान् तपस्वी गुरुको आत्माको मुक्ति र चिरशान्तिको कामना ।

◆◆

धर्मका प्रतिमूर्ति दवाडी ठूलाबा

डा. शान्तिकृष्ण अधिकारी

प्रा.डा. दुर्गाप्रसाद दवाडी संस्कृत शिक्षा क्षेत्रमा संलग्न आजसम्मका मानिसहरूका निमित्त परिचित नाम हो। परिचित मात्र होइन, दवाडी गुरु भन्ने बित्तिकै सबैले शिर झुकाएर आदर गर्ने, सम्मान व्यक्त गर्ने र श्रद्धाभावका साथ स्मरण गर्ने व्यक्तित्व हो। सेवाका हिसाबले सर्वदर्शन विषयको प्राध्यापक भए तापनि दवाडी गुरु संस्कृतका अधिकांश विषयको जानकार व्यक्ति हुनुहुन्थ्यो भने चार पाँच विषयका अतुलनीय विद्वान् नै हुनुहुन्थ्यो। संस्कृत मात्र नभएर अंग्रेजी विषयको पनि दखल उहाँमा थियो। नेपाल संस्कृत विश्वविद्यालयमा सबैभन्दा अलग पहिचान बनाएर उहाँ सेवानिवृत्त हुनुभएको थियो भने विद्वान् कस्तो हुन्छ भनेर खोज्नु पर्‍यो भने दवाडी गुरुलाई देखाउँदा छर्लङ्ग हुने गर्दथ्यो।

दवाडी गुरु अरुहरूका लागि दवाडी गुरु हुनुहुन्थ्यो भने मेरा लागि र मेरा दिदीबहिनी र भाइका लागि ठूलाबा। हाम्रो रगतको नाता केही पनि थिएन तर मेरा बा र उहाँको संगत, आत्मीयता र घुलमिलले नै हाम्रो नाता कायम गरिदिएको थियो। सबैकी गुरुआमा हाम्रा निम्ती ठूलीआमा हुनहुन्छ भने उहाँका छोरीहरू गङ्गा र सुशीला आजसम्म पनि त्यसैकारणले हाम्रा घरैका दिदी समान छन्। छोरा विश्वनाथ मेरा दाइ र पशुपति भाइका रूपमा सम्बन्धित बनेका छन्। ठूलाबाका सन्ततिहरूले पनि मेरा बालाई सानाबा र आमालाई स्यानिआँ भन्ने गर्दछन्। विश्वनाथ दाइहरूले भनेको मैले कुनै कुरा नमान्ने वा मैले अनुरोध गरेको विश्वनाथ दाइ या पशुपति भाइले आनाकानी गर्ने वातावरण कहिल्यै बनेको छैन र हाम्रा बाहरूले बनाइदिएको यो सम्बन्ध शायद पछिसम्म नै यस्तै रहने छ।

उहाँहरूसंगको सम्बन्ध आजको होइन। पहिला मेरा बाको र ठूलाबाको

आवास त्रिपुरेश्वरमा अहिले वर्ल्ड ट्रेड सेण्टर भएको ठाउँमा थियो । त्रिभुवन विश्वविद्यालयले उपलब्ध गराएको त्यही आवासमा मेरो जन्म भएको थियो । म जन्मिँदा मेरी आमालाई ठूलीआमाले सम्पूर्ण सहयोग गर्नुभएको कुरा मेरी आमाले अहिले पनि सुनाउने गर्नुहुन्छ । म २०२६ को असारमा जन्मिएँ र म जन्मिएको चार महिनापछि पशुपति जन्मिएको हो । त्यतिबेला ठूलीआमाको दूध नआएर पशुपतिले मेरै आमाको दूध खान परेको थियो भन्ने पनि आमाले बताउनु हुन्छ । म जन्मिदा त्यतिबेला आवासमा रहेका धेरै प्राध्यापकहरू खुसी हुनुभएको र त्यसमा सर्वाधिक रमाउने ठूलाबा नै हुनुहुन्थ्यो भन्ने पनि सुन्ने गरेको छु ।

दवाडी ठूलाबा धर्मका प्रतिमूर्ति नै मान्नुपर्दछ । उहाँलाई नजिकबाट चिन्ने जो कसैले पनि उहाँको धर्मप्रतिको निष्ठाका बारेमा प्रशंसा नै गर्दछ । श्रुति र स्मृतिले बताएका आचार र व्यवहारलाई पूर्णतः अवलम्बन गरेर इहलोक परित्याग गर्ने समकालीन व्यक्तित्वहरूमा उहाँ नै सबैभन्दा अगला हुनुहुन्थ्यो भन्दा अत्युक्ति हुँदैन । जस्तोसुकै कठिन अवस्थामा पनि स्वधर्म परित्याग नगर्ने धर्माधिकारी हुनुहुन्थ्यो दवाडी ठूलाबा । मलाई लाग्दछ, अरुले घिउमा पकाएका मिठाई जस्ता परिकारहरू शुद्ध मान्दै खाने गरेको भए तापनि ठूलाबाले नचाखीकनै आफ्नो जीवन समापन गर्नुभयो । उहाँ जत्तिको शुद्ध ब्राह्मण अब यो लोकले पाउँछ कि पाउँदैन यसै भन्न सकिन्न जस्तो लाग्दछ ।

एकादशीका दिन र प्रदोष भनिएका दिनहरूमा उहाँ नित्य पशुपति दर्शनका लागि जाने गर्नुहुन्थ्यो । पशुपति जाँदा सेतो धोती लगाएर जानुहुन्थ्यो र गोडामा चप्पल पनि हुन्थेन । साइकल चलाएर हिंड्नु हुन्थ्यो र त्यही भेषमा वाल्मीकि विद्यापीठमा पढाउन आउनु हुन्थ्यो । अरु दिनमा भने दौरा सुरुवाल र कोट अनि कपडाका जुत्तामा नै देखिनु हुन्थ्यो । उहाँ कीर्तिपुरमा विश्वविद्यालयको आवासमा बसुञ्जेल वागमती नदीमा नित्यस्नान गर्नुहुन्थ्यो । नदी स्नानमा उहाँको यति विश्वास थियो कि ढल मिसिएर वागमती कालै भइसक्दा पनि नुहाउन छाड्नु भएन । त्यस्तो नदीमा नुहाउँदा समेत उहाँको धर्मप्रतिको अगाध

आस्थाले होला उहाँलाई चिलाउने आदि चर्मरोगहरूले छुन सकेनन् । पछि अति नै भइसकेपछि भने गृहस्नानमै चित्त बुझाउन थाल्नुभएको थियो ।

विद्यार्थीसंग बोल्दा पनि अति नरम, प्राध्यापक तथा कर्मचारीहरूसँगको व्यवहारका बारेमा त कुरै गर्न परेन । उहाँले प्रदर्शन गरेका व्यवहारबाट अबुझहरूलाई दवाडी गुरु सामान्य मान्छे लाग्दथ्यो होला । केही पनि नजाने जस्तो । वास्तविकता भने नितान्त फरक । संस्कृतका जुनसुकै विधाका ज्ञानका बारेमा छलफल चलाए पनि गहन विचार दिन सक्ने । ज्ञान, आचार र व्यवहार तीनवटै पक्षबाट अत्यन्त शिखर पुरुष । सामान्य जानकारी राख्नेहरू घमण्डले त्यसै फुलेको देखिन्छ तर 'फलेको वृक्षको हाँगो ननुहेको कहाँ छ र' भन्ने पंक्ति उहाँकै निमित्त लेखिएको हो भन्दा पनि हुने ।

संस्कृतको विकास बिना नेपालको विकास सम्भव छैन भन्ने मान्यता उहाँले राख्नुहुन्थ्यो । उहाँका विचारहरू सँधै यसैका वरिपरि नै घुमिरहेका हुन्थे । त्यसैले उहाँले आफ्ना चारै सन्ततिलाई संस्कृतकै ज्ञान दिलाउनु भयो । दुई पुत्र विश्वनाथ र पशुपति त नेपाल संस्कृत विश्वविद्यालयमा मीमांसाको सहप्राध्यापक र ज्योतिषको उपप्राध्यापकका रूपमा कार्यरत नै छन् । त्यसैगरी संस्कृतमै आफ्ना अधिकांश सन्ततिलाई संलग्न गराउनेमा शिवराज कौण्डिन्यायन गुरु पनि हुनुहुन्थ्यो । उहाँहरूकै सरसंगतमा रहेका मेरा पिताले पनि मलाई धर्मशास्त्रमा आचार्यसम्मको अध्ययन गर्ने प्रेरणा दिनुभयो भने मेरा भाइ र बहिनीले पनि संस्कृतको भाषा प्रशिक्षण कक्षा उत्तीर्ण गरेका थिए ।

ठूलाबाले मलाई र मेरा परिवारका सबैलाई अत्यन्तै माया गर्नुहुन्थ्यो । मेरा बाको निधनमा अत्यन्त दुःखित हुनेहरूमा ठूलाबा नै हुनुहुन्थ्यो । मेरो उन्नति प्रगतिमा विश्वनाथ दाइ र पशुपति भाइले उन्नति गरे सरह नै मानेर रमाउने गर्नुहुन्थ्यो । उहाँलाई हाम्रो घरको आधारका रूपमा समेत मैले लिने गरेको थिएँ । तर के गर्नु सँधै प्रदोष व्रत लिने ठूलाबा वि.सं. २०६९ पौष २५ गते प्रदोषकै दिनमा परमधामको यात्रा गर्नुभयो । उहाँको धर्मप्रतिको अगाध आस्था र ईश्वरको उहाँप्रतिको कृपा पनि यसैबाट पुष्टि भए जस्तो लाग्दछ ।

ठूलाबाको शरीर फलामले बनेको हो कि जस्तो लाग्दथ्यो । उहाँ बिरामी हुनुभएको कहिल्यै सुनिएन । १५ दिन अधिको प्रदोष व्रतका दिनमा संस्कृत शिक्षाकै सेवा गर्न साइकल चढेर नेपाल संस्कृत विश्वविद्यालयको सम्पर्क कार्यालय जानुभएका ठूलाबा करिब चार दिन मात्रै अस्वस्थ भएर अर्को प्रदोषमा नश्वर शरीर छाडेर जानु भयो । मलाई लाग्दछ, ठूलाबाले मोक्ष नै प्राप्त गर्नुभएको छ, यदि स्वर्गमा हुनुहुन्छ भने पनि ठूलाबाको दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दछु । साथैं धर्माधिकारीका रूपमा अमर रहनु पर्ने ठूलाबा आदरणीय दुर्गाप्रसाद दवाडीलाई यो लोकमा सुदूर भविष्यसम्म जीवन्त राख्ने प्रयासस्वरूप स्मृतिग्रन्थ प्रकाशन गर्ने सुपुत्रहरू र यसमा पूर्णतः साथ दिने पुत्रवधुहरूलाई हृदयतः धन्यवाद ज्ञापन गर्दछु ।

◆◆

सनातन धर्मको परिपालनमा स्व. दुर्गाप्रसाद दवाडीको योगदान

सह प्रा. चतुर्भुज पौडेल

ब्रह्मलीन दुर्गाप्रसाद दवाडी गुरुज्यूको स्मृतिमा ग्रन्थ प्रकाशन हुने समाचारले दुर्जनको मरण भए पनि सज्जनको स्मरण भै रहन्छ भन्ने उक्तिलाई सार्थक तुल्याएको छ। उहाँको स्मृतिमा शब्द पुष्पको श्रद्धाञ्जलि अर्पण गर्न पाउँदा ज्यादै नै प्रसन्नता अनुभव भएको छ। संस्कृत, संस्कृति सभ्यता र राष्ट्रियताका पृष्ठपोषक गुरुज्यू कामनाले, भयले, लोभले प्राणै गएता पनि वैदिक सनातन धर्मलाई छोड्नु हुँदैन भन्ने धारणा राख्नुहुन्थ्यो र सम्पर्कमा आउने भक्तसाधकहरूलाई पनि यही मार्गमा दृढ गराउनुहुन्थ्यो। वैदिक सनातन धर्मका उहाँ दृढस्तम्भ नै हुनुहुन्थ्यो।

गृहस्थ भएर पनि मुक्त हुने साधन सनातन धर्मको परिपालन नै हो। परमार्थमा दृढ निष्ठा राख्ने, धर्मको विपरीत आचरण नगर्ने, नित्य, नैमित्तिक कर्महरू निष्कामनापूर्वक सम्पन्न गर्ने, न्यायपूर्वक आर्जित द्रव्यको सदुपयोग गर्ने, देवकर्म यज्ञादि र पितृकर्म श्राद्धादिमा श्रद्धासाथ अग्रसर रहने, तत्त्वज्ञानमा निष्ठा राख्ने विचारशील गृहस्थ पनि मुक्त हुन्छन् भन्ने शास्त्रोक्तिहरू स्वर्गीय गुरुजीमा पूर्णतः प्रतिफलित भएका छन्।

"न्यायागतधन तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः। श्राद्धकृत् सत्यवादी च गृहस्थोऽपि विमुच्यते॥" यस्ता शास्त्रीय सूक्तिहरू दवाडी गुरुज्यूमा सार्थक भएका छन्। 'योऽर्थे शुचिःस शुचिः' अर्थात् अर्थका विषयमा जो शुद्ध हुन्छ त्यही नै शुद्धता हो भन्ने उहाँको दृढ धारणा थियो र पालना गर्नु हुन्थ्यो, देवकर्म, पितृकर्म अतिथि सत्कारमा उहाँ सदा अग्रसर हुनुहुन्थ्यो। स्नान, ध्यान, पूजापाठ, भजनभोजनको विधि विधानमा उहाँ सदा नै सजग रहनुहुन्थ्यो। उहाँको सारा क्रियाकलाप शास्त्रीय विधि अनुसार नै हुन्थे र गृहस्थबाट नै मोक्ष लाभ गर्ने बाटो-

'यथाप्तितुष्टोऽनृतरागवर्जितः स्वधर्मनिष्ठोऽतिथिपूजक शुचिः। जितेन्द्रियो वृद्धजनानुगः क्षमी विचारशीलश्च गृहेऽपि मुच्यते॥' उहाँले अवलम्बन गर्नु भएको थियो। बनारस (काशी नगरी) बाट नव्यव्याकरणाचार्य, आगम, शाङ्कर वेदान्त,

सर्वदर्शन आदि विषयमा आचार्य र विद्यावारिधि समेत गर्नुभएकोले उहाँको दार्शनिक चिन्तन (स्वरूप चिन्तन) अति गहन र पारदर्शी अनुभव हुन्थ्यो । उहाँले आफ्नो विषयमा विद्यावारिधि गरी विद्यापीठमा दर्शन विषयको विभागाध्यक्ष भै सकुशल कार्य निर्वाह गर्नुभयो । उहाँ संस्कृत शिक्षाका प्रति सदा जागरुक हुनुहुन्थ्यो अतः विद्या हराए कास्की जानु भन्ने उक्तिलाई सार्थक तुल्याउन पोखरा नगरीमा विन्दुवासिनी संस्कृत विद्यापीठ स्थापनामा उहाँको संलग्नता उल्लेखनीय छ । संस्कृत शिक्षाको विकासबाट नै वैदिक सनातन धर्मको संरक्षण संवर्धन हुन्छ भन्ने उहाँको अटल विश्वास थियो । संस्कृत शिक्षालाई प्रोत्साहित गर्न विद्यापीठका साथसाथै आफ्नै निजी घरमा समेत बोलाएर पठनपाठन गराउनु हुन्थ्यो । विद्यादान, स्वाध्याय, व्रतोपवास शास्त्रानुसन्धान, यज्ञानुष्ठान, स्वरूप चिन्तन, पूजापाठ आदि दिनचर्या उहाँका परमार्थ (मोक्ष) का साधनका रूपमा निष्कामनापूर्वक सम्पन्न भै रहन्थे । 'एतावता ते धन्या भुवि परमार्थनिश्चितेहा' "उपकारकृतिं न विस्मरेत्" जीवन्मुक्त प्रायः यस्ता महापुरुष धन्य हुन् ।

ब्रह्मलीन विद्यावारिधि दवाडी गुरुज्यूको प्रेरणापद व्यक्तित्व अति नै प्रशंसनीय थियो । आफ्नो स्वार्थलाई पनि उपेक्षा गरेर अरूको लक्ष्य सिद्धिमा समर्पित उहाँ सत्पुरुष नै हुनुहुन्थ्यो । कर्णालीको डोल्पाजस्तो दुर्गममा, माध्यमिक विद्यालयको शिक्षक मलाई प्रेरणा गरी 'नेपाल संस्कृत विश्वविद्यालय' मा प्राध्यापन गर्न अभिप्रेरित गर्ने र पोखरा (कास्की)मा संस्कृत विद्यापीठ स्थापनाको पहल गरी त्यस्मा तन्मयताका साथ लाग्ने प्रेरणा पनि उहाँबाटै प्राप्त भएको थियो । संस्कृत शिक्षाबाटै सनातन धर्मको सम्वर्धन र संरक्षण हुन्छ भन्ने धारणा राख्नुहुन्थ्यो । प्रेरणास्वरूप आधुनिक शिक्षामा लागेका मेरा जेष्ठ सुपत्र श्री जगदीश पौडेललाई पनि मैले संस्कृत पढ्न सल्लाह दिएँ । 'उसले पोखराबाट मध्यमा पास गरी प्रतिष्पर्धाबाट तीनधारा छात्रावासमा आफ्नो नाम दर्ता गरी शास्त्री स्नातक पढ्दा 'सर्वदर्शन' विषयको प्राध्यापन गुरुबाटै भएको हो । पछि आचार्य (स्नातकोत्तर) मा पढ्दापढ्दै उहाँ दवाडी गुरुज्यू सेवानिवृत्त भए तापनि आफ्नो आवासमा नै बोलाएर पढाउनुहुन्थ्यो, यसरी मजस्ता अनेकन शिक्षकहरूलाई र जगदीशजस्ता असंख्य शिक्षार्थीहरूलाई प्रेरणा गरी सनातन शिक्षा (धर्म) तर्फ लगाउने गुरुमा हार्दिक शब्द श्रद्धाञ्जलि प्रदान गर्दछु । उहाँको उपकारको प्रति कृतज्ञताको श्रद्धाञ्जलि अर्पण गर्दछु । महापुरुषको संस्करणबाट आफ्नो लेखनीलाई शुद्ध गर्दछु ।

◆◆

प्रा.दुर्गाप्रसाद दवाडी मेरो स्मृतिमा

डा. नवराज कट्टेल

१. विषयप्रवेश

धर्तीमा मानिसहरू अनादिकालदेखि निरन्तर जन्मिरहेका छन् र बिलाइरहेका छन् । धेरै मानिसहरूको यहाँ कुनै गणना हुँदैन । नाम र कीर्ति रहँदैन । आफ्नै घरपरिवारमा पनि तीन पुस्ता पछि संझने कोही हुँदैन । कतिपयको वंश विनाश पनि हुन्छ । कतिपय जाति लोप भएर गएका पनि हुन्छन् । तै पनि नदीको प्रवाहजस्तै सृष्टिको पनि अनन्त प्रवाह रहेको छ । हर प्राणीमा सिसृक्षा रहेको हुन्छ । 'एकोऽहं बहुःस्याम्' को बीज सम्पूर्ण चराचर जगत्मा परिरहेको देखिन्छ । अनेक हन्डर खाएर पनि मानिस जीवत रहन चाहन्छ र फैलिन चाहन्छ, यो प्रकृतिप्रदत्त गुण र स्वभाव हो । मानिस सत्, चित् र आनन्दको मूलबाट सृष्टिमा आएकाले बाँचिरहन चाहन्छ, अस्तित्व स्थापित गरिरहन चाहन्छ । चित्‌बाट चेतना मानिसमा रहेकै छ, चेतनाको अंश, स्वरूप, अवस्था, श्रेणी आदिमा भिन्नता हुन सक्ला तै पनि 'चित्‌तत्त्व' सम्पूर्ण प्राणीमा रहेकै हुन्छ । चित्‌तत्त्वको उच्च बीज मानिसमा छ । त्यो बीजलाई साधनाबाट कत्तिको जगाउन सकिन्छ त्यो मानिसकै हातमा छ । चित्‌लाई जगाउन सकेका मानिस नै धर्तीमा चिरञ्जीवी बन्न सक्छन्, कीर्तिले, कर्मले, सुयशले । यस्तै साधकमध्ये हुनुहुन्थ्यो दुर्गाप्रसाद दवाडी ।

२. साधकहरू आफूलाई चिनाउँदैनन्

साधकहरू आफूलाई चिनाउँदैनन् । आफूलाई चिनाउन खोज्नेहरू वास्तविक साधक हुँदैनन् । ती आफ्नो सामान्य साधनालाई बेच्न चाहन्छन् । वास्तविक साधक गोप्य रहन्छ, साधना पनि गोप्य राख्छ । बाहिर ऊ मूकवत्, वधिरवत्, भिक्षुवत् देखिन्छ । वास्तविक साधक मानिसले नचिनून् भनी प्रयास गर्छ, प्रचार भएमा साधनामा विघ्न पर्छ, व्रत भग्न हुन्छ, यात्रा टुङ्गिन्छ, रामरमितामा भुलिन्छ । शास्त्रहरूमा अष्टसिद्धिको चर्चा गरिएको पाइन्छ ।

सही साधक अष्टसिद्धिलाई अस्वीकार गरेर अगाडि बढ्छ । दुनियाँको निन्दा, स्तुति, मान, अपमान, स्मृति, कीर्ति आदि सही साधकले शून्य ठान्दछ । प्रायः सबैजसो कीर्तिहरू समयसापेक्ष, समाजसापेक्ष, जातिसापेक्ष, युगसापेक्ष हुने गर्दछन् । जस्तो नेपाल निर्माण गर्ने बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्ती नेपाल भन्ने देशले मनाउन नसक्ने भयो, मनाएमा लज्जा हुने, विरोध खप्नुपर्ने भयो । पटक पटकका प्रधानमन्त्रीले नेपाल निर्माणकर्ताको जन्मजयन्ती मनाउन सकिँदैन भनिदिए । दर्जनौं ठाउँका राजारानीका शालिक तोडिएकै हुन् र तोड्ने नेपाली नै हुन् । कीर्ति के रहेछ त ! प्रजातान्त्रिक नेपालका अगुवा वी.पी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई सबै विस्मृतिको गर्तमा गैसके । कीर्ति भ्रम रहेछ । व्यर्थको लालसा रहेछ । तर पनि कीर्ति राख्नुपर्छ, त्यसबाट भविष्यले प्रेरणा प्राप्त गर्दछ ।

साधकहरू आफूलाई चिनउँदैनन् । त्यस्ता अनन्यतम साधकहरूमध्ये गृहस्थ साधक हुनुहुन्थ्यो दुर्गाप्रसाद दवाडी । न उहाँलाई मानको आवश्यकता थियो, न पदको लालसा थियो, न प्रमाद न पाण्डित्यको अहङ्कार । कस्तो साधारण जीवन तर मर्यादापालक ।

३. डा. दुर्गाप्रसाद दवाडी गुरुवरसँग मेरो चिनजान

डा. दुर्गाप्रसाद दवाडी गुरुवरसँग मेरो चिनजान भएको २०३९ सालपछि हो । म एस.एल.सी परीक्षा उत्तीर्ण भएर क्याम्पसमा पढ्न थाले पछि मैले उहाँलाई देखेको हुँ । दौरासुरवाल, कोट, टोपी, जुत्ता लगाएर हिडने गर्नुहुन्थ्यो । वेल वेलामा कमेज वा दौरा धोतीमा पनि उहाँ क्याम्पसमा देखिनुहुन्थ्यो । कहिले सार्वजनिक यातायात र कहिले साइकलमा यात्रा गर्नुहुन्थ्यो । विशिष्ट व्यक्तित्व तर साधारण वेशभूषा । मलाई यसमा निकै आश्चर्य लागिरहेको थियो क्याम्पसमा चर्चामा रहेका प्रा. विद्यानाथ, प्रा. विदुरप्रसाद, प्रा.बाबुराम, शिवराज, राधाकृष्ण अधिकारी आदि विद्वान्हरूले विनयपूर्वक विभिन्न प्रश्न गर्ने गरेको देखेको छु । शास्त्रीय समस्यामा गुरुको मुख ताक्ने गरेको पाएको छु । खाइलाग्दा प्राध्यापकहरू एउटा सामान्य अतिसामान्य देखिने दवाडी गुरुसंग विनयपूर्वक प्रश्न गर्दै उत्तरको अपेक्षा गरिरहेका देखिन्थे । म रनभुल्लमा पर्थें । मैले उहाँलाई राम्रोसंग चिन्न सकेको थिइन । पछि केही बुझ्दै जान थालें, तर उहाँमा रहेको वैदुष्यबाट मैलै खासै लाभ लिन सकिन, मेरै कारणले ।

४. गुरुसँगको दाङ यात्रा

म स्वतन्त्र विद्यार्थी युनियन वाल्मीकि विद्यापीठको सचिवमा २०४० वैशाखमा निर्वाचित भएको थिएँ । सोही वर्ष जेठमा दाङमा एउटा गोष्ठी भएको थियो । प्रा. शिवहरि मरहट्टा सहायक डीन र क्याम्पसप्रमुख हुनुहुन्थ्यो । मैले पनि गोष्ठीमा भाग लिन जाने कुरा गरें, स्वीकार भयो । गते मलाई अहिले याद छैन । हामीले बेलुकाको यात्रा गरेका थियौं । बस रिजर्व गरिएको थियो । नारायण घाटमा चियानास्ताका लागि रोकिएको थियो दुवाडी गुरु हराउनुभयो । बस हिड्न हतार भइसक्यो, गुरु लापता । उहाँको स्वभाव थाहा पाउने कसैले भन्नुभयो उहँ पक्कै पनि नारायणीमा नुहाउन जानुभएको हुनुपर्छ । नभन्दै दवाडी गुरु भिजेको अधोवस्त्र निचार्दै आउनुभयो र यात्रा अगाडि बढ्यो । हाम्रो बस अर्को दिन बिहान बुटवलमा रोकिएको थियो र सबैरै सबै गुरुहरूले तिनउ नदीमा नुहाएको, स्नान, सन्ध्या, पूजापाठ गरेको दृश्य हेर्न लायकको थियो । अहिलेको जस्तो हात हातमा मोबाइल हुने भए म त्यसलाई अवश्य आफ्नो क्यामरामा कैद गर्थें होला । मसंग क्यामरा पनि थिएन तर मेरो मनको क्यानभासमा अहिले पनि उत्तिकै ताजा छ । त्यहाँ दुर्गाप्र.दवाडी, विद्यानाथ उपाध्याय, ऋषिराम पोखेल, बाबुराम पोखेल, माधव भट्टराई, वेणमाधव ढकाल, सीताराम ढकाल, विश्वनाथ पोखेल, तेजकेशरी शर्मा, शिवहरि मरहट्टा आदि र केही कर्मचारीसहित ३०।३५ जना हुनुहुन्थ्यो । स्नान, सन्ध्य, पूजापाठ सकेपछि बुटवल बजारमा मिठाइ दोकानमा जेरी र पुरी खाजाको व्यवस्था थियो । हाम्रो यात्रा अगाडि बढ्यो । भालुबाङमा पनि गुरु हराउनुभएको जस्तो लाग्छ । उहाँ रापती नदीमा नुहाउन जानुभएको थियो । गुरुलाई नदी देख्नै नहुने, नुहाइहाल्नुपर्ने ।

त्यतिबेला पुल बनेको थिएन । नदीमा बस हुल्नुपर्ने हुन्थ्यो, सामान्य मार्गभन्दा केही माथि गएर हाम्रो बस पनि राप्तीमा छिर्‍यो । केही बाढी आएको थियो । धेरैको सातो गएको थियो । बस कुन कुन बाटो गयो म भन्न सक्तिन । सामान्यतया गाउँ नभएको खेत भएको कच्ची बाटोमा बस फस्यो र कसै गर्दा पनि त्यो बस उत्रन सकेन, हामी सबै रातभर त्यहीँ अड्कियौं । भोलिपल्ट दाङबाट ट्याक्टर आएर तान्दा बल्ल बस गौंडामा उक्लिन सफल भयो र हामी ११। १२ बजेतिर डिनको कार्यालय दाङमा पुग्यौं । त्यहाँ खानाको राम्रो प्रबन्ध

थियो । धोती फेरेर ब्राह्मणहरूले खाना बनाएका थिए । सबैले धोती फेरेर पिर्कामा, काठका ठेउकामा बसेर मन्त्रोच्चरणपूर्वक खाना खायौं । त्यो दृश्य पनि हेर्न लायकको थियो । जुत्ता नलगाई खाना नरुच्ने अहिलेको समयमा त्यो दृश्य स्मरणीय रहेको छ । गुरुले के कसरी खानुभयो म भन्न सक्तिन । उहाँ स्वयंपाक्य भएकाले के भयो मलाई याद भएन । त्यहाँ तीनदिने कार्यक्रम रहेको थियो, नाटक, नृत्यहरू देखाउने पनि कार्यक्रम रहेको थियो । उद्घाटन सत्र सकेर भोलिपल्ट म नेपागन्ज प्रस्थान गरेको थिएँ । फर्कंदा पनि गुरु बाटामा हराउनुभएको चर्चा सुनेको थिएँ, उहाँ हराउनुभएको होइन, नदीमा नुहाउन जानुभएको रहेछ । यो उहाँको गङ्गामाता प्रतिको प्रगाढ निष्ठा हो, विश्वास हो, नदीप्रतिको भक्ति हो । शरीर र मनशुद्धिको प्रयोग हो ।

५. नेपाल संस्कृत परिषद्मा सदस्यसचिव र गुरुको कार्य

राजगुरु जुनानाथ पण्डितको अध्यक्षतामा नेपाल संस्कृत परिषद् गठान भएको थियो । त्यो कहिले कसरी गठन भयो मलाई थाहा भएन । त्यस समितिमा को को थिए त्यो पनि मलाई थाहा भएन । शिवराज आचार्य हुनुहुन्थ्यो कि जस्तो लाग्छ समितिमा । तर केही विषयमा म पनि जोडिएको थिएँ । नेपाल वेदविद्याश्रमको पाठ्यक्रमलाई नेपाल सरकारले मान्यता दिएको थिएन । विद्यार्थीहरू मान्यता नभएकाले केही वर्षपछि छोड्दै रानीपोखरी संस्कृत माविमा वा भारततिर जानथालेका थिए । त्यसैले मान्यताका लागि ०४०।४१ सालमा ६ महिनसम्मको हड्ताल भएको थियो । त्यस समस्याको समाधान गर्न वेदविद्याश्रमका विद्यार्थीहरूले प्रयत्न गरेका थिए भने बाहिरबाट पनि सहयोग भइरहेको थियो । वाल्मीकिविद्यापीठमा स्ववियूको सचिवको नाताले यस समस्याको समाधान होस् भनेर म पनि सक्रिय रहेको थिएँ । यस विषयमा पटक पटक मन्त्रालयमा कुरा भएको थियो, राजगुरु जुनानाथ पण्डितको सहयोगले गर्दा नेपाल संस्कृत परिषद्ले पास गरेको पाठ्यक्रमलाई मन्त्रालयले मान्यता दिने निर्णय गर्यो भने परिषद्ले पनि पाठ्यक्रम बनाएर पठायो र त्यो स्वीकृत भयो । त्यसपछि २०४२ सालमा श्रीराम अधिकारी, केशव अधिकारी लगायतका विद्यार्थीहरूले एस.एल.सी दिएर ०४३।०४४ वाल्मीकि विद्यापीठमा भर्ना भई पढेका थिए र हाल श्रीराम अधिकारी सहप्राध्यापक हुनुहुन्छ भने केशव

अधिकारी सोही विद्यालयमा प्र.अ हुनुहुन्छ र अनेक विद्यार्थीहरू विभिन्न तहमा पढिरहेका छन् भने विभिन्न संस्थामा काम गरिरहेका छन् । यस्तो निर्णयमा दुर्गा गुरुको महनीय भूमिका रहेको मैले ठानेको छु । यस सफलतामा मेरो पनि सानोतिनो भूमिका रहेको अनुभव गरेको छु ।

६. जयतु संस्कृतम् सँग गुरुको सम्बन्ध

जयतु संस्कृतम् संस्था २०५५ सालदेखि सक्रिय रहेको छ । यसले हालसम्म २२/२३ वटा पुस्तकहरू प्रकाशित गरिसकेको छ। १४ जना विद्वान्हरू जयतु संस्कृतम् पुरस्कारबाट पुरस्कृत भैसक्नुभएको छ । ७ जना विद्वान्हरू जयतु संस्कृतम् सम्मानबाट विभूषित भइसक्नुभएको छ। संस्कृतका नाटकहरू प्रकाशित हुँदैछन् । संस्कृत लोकभाषा अभियान चलिरहेको छ । रेडियो नेपाल, नेपाल टेलिभिज, गोरखापत्रमा संस्कृतका समाचारहरू आउन थालेका छन् । मातृभाषा समूहमा नेपाल सरकारले १ देखि ८ सम्मको पाठ्यक्रम स्वीकृत गरेको छ। यी कार्यहरूमा गुरुको विमर्शात्मक भूमिका रहेको थियो । ०६६।०६७ तिर प्रा विद्यानाथ उपाध्याय जयतु संस्कृतम् संस्थाको अध्यक्ष चुनिनुभयो । उहाँले १० दर्शनशास्त्रको नेपालीमा अनुवाद गरेर छपाउने योजना बनाउनुभयो। त्यस योजनामा दुर्गाप्रसाद दवाडी गुरुलाई योगसूत्रको अनुवाद गर्न दिने निर्णय भई पत्राचार गरिएको थियो र गुरुले पनि स्वीकार गर्नुभएको थियो। गरुले ४५।५० पेज लेखेर संस्थालाई दिनुभएको थियो तर सबै अनुवाद पूरा हुन सकेन । त्यो पण्डुलिपि संस्थासँग रहेको छ । पछि कसैबाट अनुवाद गराएर सो गुरुले लेख्नुभएको अंश भूमिकामा राखेर छपाउने सोच संस्थाले बनाएको छ। यसरी दवाडी गुरुको र जयतु संस्कृतम्को सम्बन्ध रहेको थियो ।

◆◆

हिन्दूधर्म र दर्शनका सच्चा अनुयायी प्रा.डा. "दुर्गा गुरु"

अग्निधर पौडेल
पोखरा-५

"बाबु सके सबैको भलो गर्नु, नसके कसैप्रति कुभलो नचिताउनू" यो भनाइ र आशीर्वादको वाणी २०३७ सालमा म महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा अध्यायन गराउन जाने क्रममा मैले मेरो आदरणीय गुरुबाट आशीर्वाद लिन वहाँको क्वार्टरमा जाँदा दिनुभएको हो। मलाई सबैभन्दा मनपर्ने र मेरो श्रद्धाको केन्द्रबिन्दु वहाँ हुनुहुन्थ्यो आफ्नो धार्मिक र नैतिक आस्था र विश्वासमा अडिग र समर्पित व्यक्तित्व। मैले हृदयबाट नै श्रद्धा र आदर गर्ने व्यक्तित्व हुनुभएको कारणले आशीर्वाद लिन गएको थिएँ। (उहाँ आफ्नो हिन्दुधर्म र दर्शनमा अटल विश्वास राख्ने व्यक्तित्व हुनुभएकोले उहाँप्रति मेरो सधैं अगाधै विश्वास र आस्था रहेको थियो त्यसैले आशीर्वाद लिन गएको हुँ।)

त्यस्तै २०३६ सालमा कीर्तिपुरको केन्द्रीय क्याम्पसको राजनीतिशास्त्र विभागको तत्कालीन विभागीय प्रमुख डा. लोकराज बराल सरबाट मैले एउटा सहयोग लिनु पर्ने अवस्थामा हुँदा त्यहीबेला एक दिन दुर्गा गुरुसँग सहयोगको अपेक्षा साथ याचना गर्न गुरुको क्वार्टरमा जाँदा मलाई भन्नुभयो कि, "दुर्गा गुरुले मलाई यो कामको लागि पठाउनु भयो र आएको हूँ। तिम्रो काम भने हुन्छ फरक पर्दैन" भन्नुभयो। हामी दुईजना गफ गर्दै बराल सरको गेटमा रोकिएका मात्र के थियौं बराल सर व्यस्त अध्ययन र लेखनमा हुँदाहुँदै पनि हामीतर्फ ध्यान आकर्षण भयो र जुरुक्कै उठेर चप्पल पनि नलगाईकन गेटमा सरासर आउनु भयो र गेट खोलेर दुर्गा गुरुको हात समाएर लगी गलैंचामा बसाल्नुभयो। म आश्चर्यचकित भएँ। गुरुलाई मेरो घरमा नै दर्शन पाउने अवसर कसरी मिल्यो भनी प्रश्न गर्नुभयो। दुर्गा गुरुले हामी त्यहाँ जानुपर्ने कारण सबै बताउनु भएपछि बराल सरले भन्नुभयो कि यो कुरा मलाई केन्द्रीय

क्याम्पस कीर्तिपुरमै भनेको भए हुन्थ्यो नि । किन कष्ट गर्नुभयो होला ? हुन त मैले घरमै गुरुको दर्शन गर्ने सुअवसर प्राप्त गरें । एकाध घण्टा श्रद्धेय दुवै गुरुको बीच भलाकुसारी भयो । दुर्गा गुरुले चिया नलिने हुँदा दुध र मैले चिया लियौं । लोकराज सरले मलाई कीर्तिपुरमा गएपछि सम्भाउनु है बाबु भन्नुभयो अनि हामी गुरुचेला फर्कियौं । प्रा.डा. लोकराज बरालपछि भारतको राजदूत पनि हुनुभयो ।

त्यस्तै अर्को बिर्सनै नसकिने क्षण थियो २०३६ सालमा । भारतका तत्कालीन प्रधानमन्त्री बि मोरारजी देशाईं र परराष्ट्रमन्त्री अटल विहारी वाजपेयी नेपालको भ्रमणमा रत्नपार्कको स्टेडीयममा भाषण गर्ने कार्यक्रम रहेको हुँदा गुरु र म भाषण सुन्न गएका थियौं । मैले पत्रपत्रिका मार्फत् मोरारजी देशाईंले आफ्नो जिमाद आफै खानु हुन्छ रे भन्ने थाहा पाएको थिएँ । हामी भाषण सुन्न जाँदा मोरारजी देशाईंको हातमा कमन्डलु लिनुभएको देखेपछि मैले गुरुसँग जिज्ञासा राखें कि पिसाब फेरेर खानका लागि बन्दोबस्तीका सामान कमण्डलु लिनुभयो होला होइन र गुरु ? भने मेरो जिज्ञासामा गुरुले भन्नुभयो सबै पिसाब होइन उठ्ने बित्तिकैको बिहानको पहिलो पिसाब खानुहुन्छ किनकि त्यस्ले विषादी ब्याक्टेरीया मारिदिने हुनाले उहाँले खानु हुन्छ तर हामी भने खान सक्दैनौं भनी मेरो कौतुहलता मेटाउनु भयो । मोरारजी देशाई र अटल विहारी वाजपेयीको भाषण सुनिसकेपछि हामी कीर्तिपुर फर्कने क्रममा मैले बाटोमा स्याउ र सुन्तला किनेर खानको लागि गुरुलाई अनुरोध गरें । गुरुको जवाफ आयो "बाबु, हात धुने पानी चाहियो, फलफूल धुनुपर्‍यो, फेरि छहारीमा नबसी म खाँदिन भन्नुभएपछि फलफूल खाने समय कीर्तिपुरमा गुरुको क्वार्टरमा पुगेपछि मात्रै सम्भव भयो ।

प्रायः जसो बिदाको दिनमा म गुरुको क्वार्टरमा जाने गर्दथें । त्यहाँ जाँदा गुरु र गुरुआमाले ज्यादै माया गर्नु हुन्थ्यो भने भाइ र बहिनीहरूले मलाई आदर र माया गर्थे । एकदिनको कुरा हो मैले गुरुलाई अनुरोध गरें की तपाई वर्षेनी परीक्षा दिन किन भारत गइरहनु हुन्छ बरु यही नेपालबाटै पि.एच्.डि. गर्नुहोस् तपाईसँग ज्ञानभण्डार आफैंभित्र मात्रै सीमित नराखी-सोको उजागरको लागि पुस्तकहरू लेख्नुहोस् । उहाँले भन्नुभयो परीक्षा छ भनेपछि पुस्तक

पढिन्छ- थप ज्ञान हुन्छ । अझ उदाहरण दिँदै भन्नुभयो भारतका महान् सहिद जो नेपालका गंगालाल जस्तै २१/२२ वर्षको उमेर नडराई हाँसी हाँसी कलिलो उमेरमा सहिद भएका थिए । भगतसिंहलाई फाँसीमा चढाउने समेत नजिकिँदै थियो तर पनि भगतसिंह कारागारभित्रै एकाग्र भएर पुस्तक पढिरहनुभएको थियो । फाँसी दिने पदाधिकारी कारागारमा जम्मा भएका थिए । अब २/४ घण्टामै फाँसीमा चढ्ने बेलामा के पढिरहेको होला ? पढ्न बन्द गरेर कपडा लगाऊ भन्दा तपाईहरू नआतिनु होस् भनेछन्, हामी किन आत्तिने तपाईं पो फाँसी जाने मानिस हाँस्दै फलफूल खाँदै पुस्तक पढिरहनु भएको छ । भगत सिंहको यो आचरणले उपस्थित सबै आश्चर्यचकित बनाएको थियो । तर भगत सिंहको त्यो क्षणले युगौँयुगसम्मका पुस्तालाई उपदेश भएको छ । गुरुले भन्नुभयो बाबु अध्ययन गरेर पुस्तालाई उपदेश दिएको छ । गुरुले भन्नुभयो बाबु अध्ययन गरेर कसैलाई हानि हुँदैन । मैले फेरि प्रश्न गरेँ कि हजुरले ६/७ विषयमा डिग्री गरी सक्नुभएको छ, तपाईसँग ज्ञानको भण्डार छ सो भण्डार पुस्तक मार्फत् अभिव्यक्त भयो भने सबैले अध्ययन गरेर ज्ञान हासिल गर्ने मौका पाउँछन् । सबैको सङ्गति हुन्छ र अब पि.एच्.डि. पनि गर्नुहोस् भन्दा बाबु तिम्रो अर्ति मलाई राम्रो लाग्यो अब त्यतैतर्फ लाग्छु भन्नुभयो र पछि पुस्तक लेख रचना पनि लेख्नुभयो, पि.एच्.डि. पनि गर्नुभयो । त्यसपछि गुरुसँग भेट हुँदा ज्यादै खुसी हुनु भयो तर म आँफैलाई भने हीनताबोध भयो किनकि मैले पि.एच्.डि.का साथै पूर्वाधार तयार गरी केवल लेखनकार्य मात्रै बाँकी रहेको समयमा मैले आफ्नो कामकर्तव्य पूरा गरिन ।

त्यस्तै अर्को विर्सनै नसकिने र पत्याउनै नसकिने अवस्था मेरो घरपरिवारमा पर्न गएको छ । मेरो २ दाजु र म ३ दाजुभाइ थियौँ । हामीहरूको सन्तानमा जेठा दाजु र मेरो छोरीहरूको जन्म भएको थियो तर छोराहरूको जन्म भएको थिएन भने माहिला दाज्यूको सन्तान भएका थिएनन् । उहाँले धेरै धर्मकर्म, तीर्थव्रत गर्नुभयो, डाक्टरी उपचार गर्दा समेत जापजन्म भएको थिएन । २०३५ सालको कुरा हो माहिला दाज्यूले हरिवंश पुराण लगाउने अठोटका साथ हामीहरूसँग हरिवंश पुराण लगाउने प्रस्ताव गर्दै तिमीहरू पनि सामेल होऔँ भन्दा त्यो वेलामा म स्नातकोतर तहमा अध्ययन गर्दै थिए । मैले दाज्यूलाई भने तपाईंले धर्म, कर्म, तीर्थ, व्रत गर्नुभयो, डाक्टरी जाँचसमेत

भएको छ, अब पुराणमा खर्च गर्नुभन्दा सोमा खर्च गरिने रकम कुनै स्कुलका कोश राखी ब्याजले गरिब तथा जेहन्दार विद्यार्थीले पढ्ने मौका पाउँछन्। दाजुले, मेरो सन्तान भएनन्, अब मैले सम्पत्ति धर्म गरेर सक्छु अनि जोगी हुन्छु तिमीहरू मान या नमान भनेपछि हामी पनि हरिवंश पुराण लगाउने कुरामा सहमत भयौँ र पुराणको वाचकको रूपमा दुर्गा गुरु र उपवाचकको रूपमा पण्डित दशरथ पौडेल (जो कवि मुकुन्दशरण उपाध्यायका पिता) निधो गरी पुराणको सुरुवात गऱ्यौँ। पुराण अवधिभर बडो निष्ठा र सभक्ति श्रवण भयो। पुराण लगाउँदा गुरुले भन्नुभएको थियो १/२ वर्ष भित्रै माहिला बाबुको छोरा नै जन्मन्छ। पुराण सकिएको एकाध वर्षमा ठूला दाज्यू र मेरो छोरा सन्तान भए तर माहिला दाजुको भने भएन। गुरुको मसँग भेट हुँदा एउटै शब्द बोल्नुहुन्थ्यो दाजुको छोरा भयो ? सधैं मेरो उत्तर हुन्थ्यो नाई। २/४ वर्ष पछिको कुरा हो। एक दिन गुरुले अब कम खर्चिलो हरिवंश पुराण लगाउँ किनकि हाम्रो हिन्दूधर्म असफल छैन। कतै त्रुटि भयो र हो कि ? म दक्षिणा लिन्न अर्को पुराण लगाऊँ हुन्न र बाबु ! भन्नुभयो। म अक्क न बक्क भएँ। किंकर्तव्यविमूढ पनि भएँ। बाबु तिम्रो दाइको छोरा नै हुन्छ धैर्य गर भन्नुभएको १ वर्षपछि छोरा जन्मियो "विष्णु"। अहिले २ वटा नाति पनि भएका छन्। पछि गुरुलाई भेट हुँदा म खुसी हुँदै गौरवको साथ दाजुको सन्तान भएको कुरा बताउँदा गुरुले भन्नुभयो अब त बाबुले पत्यायौँ हिन्दुधर्म असफल रहेनछ, वैज्ञानिक रहेछ। अहिले म गुरुका अर्ति, वाणीं र भविष्य-वाणी सम्झिरहेको छु। पुराण लगाउने अवधिभर भगवान्, भूत, बोक्सी आदिको बारेमा गुरुले संसारमा दृष्य र अदृष्य प्राणी छन् भगवान्, भूत छन् किनकि भगवान्ले सृजना गरेका मानवले त हामीले कल्पना नै गर्न नसक्ने चिजको आविष्कार गरेका छन् भने साक्षात् सृष्टिकर्ताले के गर्न सक्छन् के गर्न सक्दैनन् ? भन्ने तर्क गर्नु अल्पज्ञान हो कि भन्ने लाग्छ। त्यसैले हाम्रो धर्मको महत्ता अतिशय छ भनेर गुरुले ज्ञान दिनुभएको हो।

◆◆

संस्मरणको आलोकमा स्व. प्रा.डा. दुर्गाप्रसाद दवाडी

पूर्णप्रसाद अधिकारी

'विद्या हराए काशी/कास्की जानू, न्याय नपाए गोर्खा जानू' भन्ने लोकोक्तिका बीच मेरो मानसपटलमा दवाडी गुरु जीवन्त हुनुहुन्छ । कास्की जिल्लाको कास्कीकोट गा.वि.स. पोखरीमाथि जन्मिनुभएका गुरुको थर दवाडी र वाशिष्ठ थियो । मेरा पिताजी र दवाडी गुरु समकालीन हुनुहुन्थ्यो । १९८५ साल माघ ४ मा जन्मिएर २०६९ पुस २५ मा ब्रह्मलीन हुनुभएका दवाडी गुरु यो वंशकै रत्न मानिनुहुन्थ्यो । आफ्ना चार दाजुभाइमध्ये ठूलो कान्छो पुत्रका रूपमा जन्म लिनुभएका गुरुलाई सेतु दवाडीले जो पिताश्री हुनुहुन्थ्यो, नौ वर्षकै उमेरमा वाराणसीमा पुऱ्याएपछि संस्कृत शिक्षाको विशिष्ट विद्वान्का रूपमा पछि स्थापित हुनुभयो । म आफू पनि त्यसै ठाउँमा जन्मेर हुर्के-बढेका कारण त्यस मातृभूमिको अगाध आस्था छ । मेरी हजुरआमाको निधन पश्चात् मेरा ठूला बाबा कृष्णप्रसाद र पिताश्री बलराम तथा माहिली आमा कुशी अधिकारी प्रथम वार्षिक पुण्यतिथिका रूपमा वाराणसी काशी पुग्नुभयो । एक जना गाउँका ठूलाबडा सामन्त पनि साथमा थिए रे । मणिकर्णिका घाटमा भएभरका रुपियाँ कपडा उसको जिम्मा लगाएर नजिकै नदीमा नुहाउन जानुभएछ । एउटा चटकेले नदीमा डुंगा डुब्यो भन्ने भ्रम पारेछ र भए भरका लत्ताकपडा लगेछ । गुरुले नै कास्की आइपुग्ने सबैको बाटोखर्च व्यवस्थापन गरी पठाउनुभएछ । बाबाहरू डाको छोडेर रुनु भएछ । तपाइंहरू नरुनुहोस् जीवनमा यस्तो हुन्छ । मेरा बाबा श्रीमती सबै कास्कीकोटमा छन् । घर पुगेपछि मेरो सापटी रुपियाँ बाबालाई दिनुहोला । ६ महिनाभित्र ब्याज तिर्नु पर्दैन भनेर त्यस दुःखद् घडीमा दुर्गाप्रसाद दवाडी गुरुले हाम्रो परिवारमा लगाएको गुन अविस्मरणीय छ । म सानै थिएँ । त्यति कुरा बुझ्दैनथें तर पढाइप्रतिको लगाव मेरो बढी नै थियो भन्ने कुरा पिताजी बारम्बार भन्नुहुन्थ्यो । निकै हन्डर खाएपछि गुरुपुत्र भूमिप्रसाद तिमल्सिनाज्यूको आत्मीय सहयोगबाट २०३१ साल कार्तिकमा

हरिद्वार पुगेपछि मेरो शैक्षिक यात्राका चरण सुरु भयो । शास्त्रीसम्म पढेपछि म मास्टरी गर्न कास्कीको दुर्गम गाउँ तीखेढुङ्गा डाङसिङ गा. वि. स. मा पुगेको थिएँ । छेउका घरे पौडेल माइलाले पुत्रोत्प्राप्तिका निमित्त लगाइएको हरिवंश पुराणको वाचक व्यासको रूपमा दवाडी गुरुले हरिवंश पुराण भन्नुभयो । त्यसकै पुण्यको प्रतिफल स्वरूप माइला दाइलाई पुत्र प्राप्ति भयो । आज छेउका घरे माइला दाइ गइसके तर गुरुको व्यास वचनको आशीर्वादबाट जन्मेको छोराको विवाह भइकन पनि वंशवृक्षको निरन्तरता छ । दवाडी गुरुसँगको संस्मरणात्मक पहेलीहरू अनेकौं छन् । २०३६ सालको मङ्सिर जस्तो लाग्दछ। सिमल्चौर कली सुवेदीको भर्भराउँदो उमेरमा जेठो छोराको हृदयघातबाट निधन भएपछि त्यसकै वार्षिकीको अवसरमा दवाडी गुरुले कली सुवेदीको घरमा श्रीमद्भागवत् वाचन गर्नुभयो । एक दिनका लागि पूर्णकालीन श्रोता म पनि थिएँ । सात्विकता, पवित्रता, मृदुभाषिता, सरलपन, सहयोगी भावना, ईश्वरीय निष्ठा गुरुका अनुकरणीय गुण थिए । समय शिक्षा र जीवन पद्धतिबारे पश्चिमी र पूर्वीय चिन्तनको विवेचना गर्दै पश्चिमाहरूले भन्ने गरेको 'आई ह्याब नो टाइम टु हैण्ड अप' गुरुको वाणी मेरो संस्मरणमा अद्यापि जीवन्त छ । मलाई काठमाडौँ आएर संस्कृतमा आचार्य र नेपालीमा एम. ए. गर्ने उत्प्रेरणाको सूत्रधार पनि दवाडी गुरु हुनुहुन्थ्यो । जीवनका अनेकौं कालखण्डमा मेरा पिताजीको समवयस्क उमेर दौँतरी भएका कारण म पनि श्रद्धा राख्थ्यैं । आज दिवंगत भएको सात वर्ष बितिसके पनि गुरुप्रतिको श्रद्धामा कमी आएको छैन र आउने पनि छैन । २०३९ सालको पुसमा काठमाडौँ गएपछि गुरुको विषय सर्वदर्शनको चेलाका रूपमा धनपति र म वाल्मीकि संस्कृत विद्यापीठमा आचार्य र नेपालीमा एम. ए. गर्ने अभिलाषाका साथ त्रि. वि कीर्तिपुरमा पढ्न थाल्यौं। पूर्ववत् गुरुहरू नेपाली विषय र समकालीन साथीहरू सरह कीर्तिपुरको डिग्री र वाल्मीकिको छात्रावास वा छात्रवृत्ति खाने चरित्र मेरो पनि रह्यो । प्राध्यापक आवास गृह वाग्मती किनारमा गुरुका परिवारको बसोबास थियो । २ छोरा र २ छोरी गुरुका सन्तान थिए भने गुरुकी आमा बाल्यकालमै बिते पनि पिताजीको वयोवृद्ध उमेरका बीच सेवा, सम्मान र श्रद्धा अनुकरणीय थियो । २०४१ सालमा पोखरामा कान्छी छोरीको विवाहमा जाँदा एक हप्तासम्म धनपति र मलाई

घर कुर्ने जिम्मा दिनुभयो । वयोवृद्ध पिताजीको ७ दिनसम्म सेवा पनि गऱ्यौं । २०४१ सालको भाद्रजस्तो लाग्दछ । गुरुका पिताश्री सेतु दवाडीको ९३ वर्षको उमेरमा निधन भयो । कीर्तिपुरमा गुरुका शुभचिन्तकहरू सबै सागर यात्राका रूपमा कीर्तिपुरदेखि आर्यघाटसम्म सेतु दवाडीलाई काँधमा बोकेर पुऱ्यायौं । हामीहरूका जुत्ता, चप्पल थिए तर दवाडी गुरु खाली खुट्टामा हुनुहुन्थ्यो । आरम्भदेखि अन्त्यसम्म पैतालातर्फको काँध वहाँले अरूलाई दिनुभएन । हामी आलोपालो गरौं भन्दा पिताजीलाई भोलि म आफूले बोक्दछु भनेर पाउँदिन । त्यस कारण घरको आँगनदेखि आर्यघाटसम्म गुरु आफूले मात्र एकतर्फी बोक्नुभयो । अर्कोतर्फ हामी सबैले आलोपालो गऱ्यौं । संस्कार सकिएपछि कीर्तिपुर आयौं । दोस्रो दिन गुरुको सपरिवार पितृभूमि कास्कीकोट पुगेर सबै परिवारका साथ सम्पूर्ण क्रियाकर्म सकियो । १३ औं दिनका दिन १३ वटा नै गाईदान गर्नुभयो । एकातिरको नाताले ज्वाइँ पर्ने हुंदा एउटा गाईदान म आफूले पनि पाएँ । पछि फर्केर काठमाडौं गएपछि सागरयात्रीहरूलाई बोलाएर दक्षिणासहित भोजन व्यवस्था गर्नुभयो । एक वर्षसम्म पिताजीको शोक सन्तप्त सेतो कपडामा आशौच वरण गर्नुभयो । २०४० सालमा नाताले नाति पेशाले प्राध्यापन गर्ने डा. राजाराम सुवेदीले ट्याङ्लाफाँटमा घडेरी किनेपछि गुरुले पनि त्यही एरियामा किनेर पछि घर बनाउनुभयो । यसै बीचमा वाल्मीकिको पढाइ निमित्त मात्र हो कीर्तिपुरको पढाइ जीवनयापनको साधन हो भन्ने हाम्रो मानसिकतालाई मायालु, स्नेही र आत्मीय व्यवहार गर्ने गुरुको सहयोगी चरित्रलाई जतिसुकै प्रशंसा गरे पनि थोरै हुन्छ । एस.एल.सी. देखि विद्यावारिधिसम्मको शिक्षा प्राप्त प्रा.डा. दुर्गाप्रसाद दवाडी गुरु साँच्चै दुर्गामाताको प्रसाद हुनुहुन्थ्यो । २०४२ सालपछि म जागिरको खोजीमा चितवन भरतपुर आएँ । २०४५ सालमा हाल बसेको ठाउँमा घडेरी किने । दवाडी गुरु र राजाराम सुवेदीले पनि यसै ठाउँमा किन्ने प्रयास गर्दा परिस्थितिले मिलेन । हाकिम चोकमा गएर लिनुभयो । समान रुपियाँ लगानी गरेर पनि आफन्तको कुटिल र कपटीपूर्ण व्यवहारको सिकार दवाडी गुरु बन्नुभयो । वहाँको सरलपनलाई धेरैले बलत्कार गरे तर आफूले कहिल्यै प्रतिवाद गर्नुभएन । २०४६ सालमा भरतपुर घडेरी मिलान विवादमा ३/४ दिनसम्म पङ्क्तिकारका घरमा रहँदा मेरो घरमा फलाम र

स्टिलका भाँडा बर्तन मात्र थिए । काँस वा चरेसका भाँडा बर्तन उपयोग गर्न दिनुभएको सुझाव कति दूरदर्शी रहेछ म आज बुझ्दै छु । त्यसपछिका दिनमा पनि म काठमाडौँ जाँदा गुरुको घरमा अपवादकै रूपमा भए पनि पुग्थेँ । २०६० सालमा जेठो भानिज अवतारको वैवाहिक टीकोटालोको निमन्त्रणा आयो । पिताजी र म काठमाडौँ गयौँ तर हाम्रो यात्रा जानका लागि जानु मात्र रह्यो । अगाडि नै टीकोटालो भइसकेछ । पिताजी भन्नुहुन्थ्यो दवाडी गुरुको ऋण म कहिल्यै तिरेर सकिनँ । समयले परिस्थितिले गुरु यस क्षेत्रकै प्रकाण्ड व्यक्तित्व हुनुहुन्छ । वहाँको घरमा जाँदा कहिल्यै पनि रित्तो हात नजानू भनेर बारम्बार भन्नुहुन्थ्यो । कतिपय समयमा घरमा बनाएको कुराउनी लिएर जान्थेँ । म आफू कनिका सुदामा भए पनि कृष्णको जस्तो गुरुको व्यवहार आज पनि मेरो मानसपटलमा अविस्मरणीय नै छ । २०६६ मा मेरो पुस्तक प्रकाशित भएपछि गुरुमा पनि एक प्रति समर्पित गरेँ । जहिले भेट भएपनि मन, वचन र कर्मले संस्कृत भाषाको ज्ञान-सागरलाई प्राथमिकता दिनुहुन्थ्यो । गुरुको अवसान भएको पाचौँ दिन एकजना बस्ताकोटी दाइले कपाल खौरिएको देखेँ। आपसी संवादपछि दुर्गाप्रसाद गुरु जानुभयो । म शिष्य छोरा हुँ । त्यसो भएर कपाल खौरिएको भनेपछि पोखरा कान्छो छोरा पशुपति दवाडीको घरमा १३ दिनसम्मको कर्म गर्न बस्नुभएको रहेछ । थाहा पाएको भोलिपल्ट नै भेटी लिएर पोखरा पुगी समवेदना लेखेर श्रद्धाञ्जलि अर्पण गरेँ । आज ७ वर्षको अन्तरालपछि सुपुत्र विश्वनाथ दवाडीज्यूले मेरा घरसम्म आएर पिताजीका नाममा स्मृतिग्रन्थ प्रकाशनार्थ सूचना गर्नुभयो । परिणामस्वरूप स्वर्गीय गुरुको चिर शान्तिको कामना गर्दै स्व. दवाडी गुरुको सामु भक्तिको कामना साथ गुरुका प्रतिको संस्मरणजन्य श्रद्धाञ्जलि स्वरूपका शब्दपुष्प अर्पण गर्दछु ।

हरि ॐ तत्सत !
चितवन

◆◆

ऋषिकल्प गुरु दुर्गाप्रसाद दवाडी

हरिप्रसाद पाण्डेय
अवकाश प्राप्त सह प्रशासक
अनुसन्धान केन्द्र

अस्थायी रूपमा वन मन्त्रालय अन्तर्गत वसोवास कार्यालय नेपालगञ्जमा कार्यरत थिए म। २०३५ साल जेठ १५ गतेदेखि त्रि.वि. संस्कृत अध्ययन संस्थान वाल्मीकि विद्यापीठमा स्थायी रूपमा कार्यारम्भ गरेँ। त्यतिखेर म कुनै गुरुहरूलाई पनि दिन्थेँ। पछि गुरुहरूको परिचय र पढाउने विषय थाहा पाउँदै गएँ, परीक्षा शाखामा काम गर्ने भएकोले। वाल्मीकि विद्यापीठमा पठाउने गुरुहरू प्रायः सबै सादा जीवन उच्च विचारका हुनुहुन्थ्यो। कुनै गुरुहरूसँग पनि राम्रो उठबस थिएन मेरो। २०४३ साल मंसिर २५ गते महेन्द्र संस्कृत विश्व विद्यालयको स्थापना भयो। २०४३ साल पौष २७ गते विश्वविद्यालयका पदाधिकारीहरू उपकुलपति, शिक्षाध्यक्ष र कुलसचिवको नियुक्ति भयो। पौष २८ गतेबाट महेन्द्र संस्कृत विश्वविद्यालयमा काजमा खटिएँ म।

समय आफ्नै गतिमा एकनासले अघिबढीरहँदा चेतनशील प्राणीलाई पत्तै हुँदैनथ्यो। जब म सम्पर्क कार्यालयको शाखा प्रमुखको हैसियतले काम गर्न थालेँ, त्यसपछि गुरुहरूसँग नजिकिने मौका मिल्यो। २०५८ सालमा पिता तोयनाथ पाण्डेयको स्मृतिग्रन्थ प्रकाशित गर्ने सोच आयो मनमा अनि वाल्मीकि विद्यापीठका गुरुहरूलाई मौखिक निवेदन गरेँ। सबै गुरुहरूको सहयोगले २०५९ साल गुरुपूर्णिमाको दिनमा वाल्मीकि विद्यापीठमा स्वामी प्रपन्नाचार्यबाट लोकार्पण भएको थियो। आदरणीय प्रा.डा. दुर्गाप्रसाद दवाडी गुरुले स्व. तोयनाथ पाण्डेयका बारेमा सारगर्भित मन्तव्य व्यक्त गर्नु भएको थियो। अनुसन्धान केन्द्रको स्थापनापछि जब म त्यस केन्द्रमा कार्यरत हुन थालेँ, त्यसपछि आदरणीय दवाडी गुरुसँग समय समयमा भेट गर्ने मौका मिल्यो, अनुसन्धानको सिलसिलामा। अनुसन्धानको विषयमा कुनै किसिमको समस्या आयो भने उहाँलाई दुःख दिन पुग्थेँ। म दैनिक

पशुपतिनाथको दर्शन गर्न जाने भएको हुनाले अनुसन्धान केन्द्र वसन्तपुरमा आउनु भएको बेला मेरो कार्यकक्षमा आई शिवका बारेमा ज्ञान दिनु हुन्थ्यो।

एक दिन आफ्नै कार्यकक्षामा बसेर अनुसन्धानसम्बन्धी काम गर्दै थिएँ। आदरणीय ऋषिकल्प दुर्गाप्रसाद दवाडी गुरु पाल्नुभो। मैले आदरका साथ बसेको ठाउँबाट उठेर प्रणाम गरें। उहाँले हातै समाएर बसाउनु भयो मलाई। मेरा साहित्यका तीन चारवटा पुस्तक उहाँलाई चढाएँ। उहाँ अति खुसी हुनुभयो।

"तपाईं साहित्यका पुस्तक लेख्न कतिखेर भ्याउनुहुन्छ, हरिजी ?"

"बेलुका तीन चार घण्टा समय दिने गरेको छु।"

"विश्वविद्यालयका कर्मचारीहरूमध्ये कार्यलयमा सधैं व्यस्त रहने तपाईंलाई मात्र देख्छु। यस्तो जोस र जाँगर तपाईलाई कहाँबाट पैदा हुन्छ ?"

"हजुरहरूको आशीर्वादले" भनें मैले।

"त्यो त छँदैछ तपाई सधैं पशुपतिनाथको दर्शनमा जाने भएकोले भोले बाबाको आशीर्वाद हो यो। दैनिक घरमा पाठ गर्नुहोला भनेर "चाक्षुषोपनिषद्" पेज ३, ४, ५, ६ को दुई पाना फोटोकपी दिनुभयो। म माथि गुरुको स्नेह देखेर मेरा आँखा रसिला भए।

नरपति दवाडीका पनाति, देवीभक्तका नाति, सेतु दवाडीका सरस्वतीका वरद पुत्र दुर्गाप्रसाद दवाडीको कास्कीको कास्कीकोट गाविस-५ मा १९८५ साल माघ ४ गतेका दिन आगमन भएको हो। प्रारम्भिक शिक्षा पिता सेतु दवाडी बाटै प्राप्त गर्नु भएको थियो। उहाँले एस.एल.सी. देखि संस्कृतमा एम.ए. सम्म भारतबाट गर्नुभयो। नव्यव्याकरणाचार्य काशी राजकीय संस्कृत विश्वविद्यालय वाराणसीबाट गर्नुभयो भने आगमाचार्य, शङ्करवेदान्ताचार्य, सर्वदर्शनाचार्य वाराणसेय संस्कृत विश्वविद्यालय वनारसबाट गर्नुभयो। १७ वर्ष भारतको वनारसमा सेवा गरेपछि २०२५ सालमा आफ्नै देश नेपालमा सेवा गर्ने इच्छा भएर आयो उहाँलाई। त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक पदमा नियुक्त भएर अध्यापन कार्य प्रारम्भ गर्नुभयो। चार शास्त्रीय विषयमा आचार्य, दुई विषयमा एम.ए. गरिसक्नुभएको मानिसमा लेशमात्र पनि विद्वत्ताको अभिमान थिएन।

उहाँ सादा जीवन र उच्च विचारका अभियन्ता हुनुहुन्थ्यो भने पनि हुन्छ।

एक जना महाराजगञ्ज अस्पतालका चिकित्सकले विद्यावारिधिको लागि फारम मर्नु भएको पाइयो। वेदमा नाक, कान, घाँटीको प्रयोजन वा पुराणमा नाक, कान, घाँटी चिकित्सा, यस्तै के विषय थियो अहिले यकिन भएन। चिकित्सकले पेश गर्नु भएको (प्रपोजल) शोध प्रस्ताव स्तरीय थियो। दुवै परीक्षकबाट पास भएर आयो। विद्यावारिधिमा दर्ता पनि भयो। उहाँलाई निर्देशक पाउन कठिन भयो, त्यस विषयको ज्ञान भएको। सहयोगका लागि मेरोमा आउनुभयो शोधार्थी चिकित्सक। त्यसै दिन आदरणीय दवाडी गुरुलाई अनुसन्धानको काम विशेषले बोलाइएको थियो। मैले गुरुलाई शोधार्थी चिकित्सकको समस्याबारे सम्पूर्ण कुरा भनें।

"चिकित्सकको विद्यावारिधिको विषयलाई आवश्यक पर्ने सामग्री पुराणमा प्रशस्त पाइन्छन्। हरिजी ! तपाईले भनेपछि उहाँको निर्देशक भएर सहयोग गर्न तयार छु" भन्नुभयो दवाडी गुरुले। म अत्यन्त हर्षित भएँ शोधार्थी चिकित्सकको समस्याको समाधान भएकोमा। उहाँ अत्यन्त सरल, कोमल हृदय, सबैको उन्नति होस्, कसैको दिल दुखाउने वाक्यको प्रयोग नै नगर्ने त्यस किसिमको स्वभाव थियो। उहाँ कीर्तिपुरबाट साइकलमा नै कार्यालय आउने जाने गर्नुहुन्थ्यो। बाहिर फेर केही नखाने, पानीसम्म पनि पिउनु भएको देखिन मैले। जतिखेर पनि शास्त्रीय चिन्तनमा नै देखिनु हुन्थ्यो। व्याकरण, वेदान्त, सर्वदर्शन आदि शास्त्रीय विषमा शंका निवारणका लागि प्रश्न सोधि हाल्यो भने सटिक उत्तर दिएर प्रश्नकर्ताको शंका निवारण गरिदिनु हुन्थ्यो।

वेद विषयमा विद्यावारिधि गर्ने एक जना शोधार्थीको उहाँ निर्देशक हुनुहुन्थ्यो। शोधार्थीले कार्य पूरा गरी शोध प्रबन्ध बुझाउनु भयो। मूल्यांकन प्रक्रिया अगाडि बढाइयो। दुई परीक्षकबाट केही परिमार्जन गर्नुपर्ने विवरण सहितको राय लिखित रूपमा आयो। वेदका शोधार्थीलाई बोलाएर शोध प्रवन्ध परिमार्जनका लागि लिखित विवरणसहित शोध प्रवन्ध फिर्ता दिइयो। शोधार्थीले शोध प्रवन्ध परिमार्जन गर्नुको सट्टा वरिष्ठ गुरुहरूबाट दबाब दिन लगाउने काम गर्नुभयो। उहाँको शोध प्रवन्धको विशेषज्ञले त खुलेरै लिखित रूपमा उक्त शोध प्रवन्धलाई विद्यावारिधिको उपाधि दिनु उचित हुन्छ भनेर दिनुभयो। परिमार्जन गरेर नल्याएसम्म वाक्परीक्षाको बैठक राख्न नसकिने कुरा कार्यालयले उहाँलाई २-३ पटकै भन्यो। शोधार्थीले त्यसलाई समेत वास्ता नगरी एक दिन उहाँले शोध निर्देशक प्रा.डा. दुर्गा प्रसाद दवाडी गुरुलाई

साथैमा लिएर मेरो कार्यकक्षमा आउनु भो। सदाझैं आदर साथ उठेर प्रणाम गरें। उहाँ बसिसकेपछि अनि म बसेँ।

"तपाईंको लागि अध्ययन गर्न यो पुस्तिका ल्याएको हुँ" भनेर।

"महायज्ञ एक संक्षिप्त परिचय" नामक आफैले लेख्नु भएको पुस्तिका दिनुभयो। आवरणमा नै शिव परिवारको तस्विर भएको पुस्तिका लिएर ढोगें। पुस्तिका देख्नेबित्तिकै आदरणीय गुरुको सम्झना आइहाल्छ।

"उहाँको विद्यावारिधिको मौखिक परीक्षा हुन किन ढिलो भएको हो हरिजी ?" शोधार्थीलाई संकेत गर्दै सोध्नुभो। भएको सबै यथार्थ कुरा भनें।

"सबै तपाईंको हातमा छ। तपाईंले चाहनुभयो भने मौखिक परीक्षाको लागि बैठक बस्न सक्छ।"

"हजुरजस्तो ऋषिकल्प आदरणीय गुरुलाई किन अल्मल्याउन चाहन्थें" भन्दै शोधार्थीलाई तल गएर बस्ने संकेत गरे "गुरुसँग एकछिन गोप्य काम छ" भनेर। शोधार्थी गइसकेपछि गुरुलाई गोप्य, परिमार्जनका लागि लेखिएको विवरण देखाएँ। उहाँले सबै पढ्नुभयो एकैछिनमा भन्नुभयो "ठिकै लेखेको छ, यति त परिमार्जन गर्नुपर्‍यो नि। म उसलाई परिमार्जन गर भन्छु। परिमार्जन गरेर ल्याएपछि छिटो मौखिक परीक्षा गराई दिनुहोला"

"परिमार्जित शोध प्रबन्ध प्राप्त हुने बित्तिकै मौखिक परीक्षाको प्रक्रिया अगाडि बढाउने छु" मैले भनें।

"यही आशा गरेको छु तपाईंबाट"

"हजुरले चिन्ता लिइबक्सनु पर्दैन। आज्ञा शिरोपर हुनेछ"

मैले भनेपछि आदरणीय ऋषिकल्प दुर्गाप्रसाद दवाडी गुरु मुसुक्क हाँसेर मेरो कार्य कक्षबाट बाहिरिनु भयो।

उहाँको शोधार्थीले २०७० साल पौष २२ गतेसम्म परिमार्जित शोध प्रबन्ध बुझाउनु भएको थिएन।

बेला बेलामा आदरणीय दवाडी गुरुको सम्झना भइरहन्छ जब उहाँले स्नेहका साथ दिनु भएको पुस्तकमा मेरो नजर पर्छ। त्यस्ता ऋषिकल्प आदरणीय स्वर्गवासी दवाडी गुरुमा शतशः श्रद्धान्जलि अर्पण गर्दछु।

◆◆

मेरो सम्झनामा दवाडी हजुरबा !

अवतार सुवेदी

२०३८ सालमा बुबाको सरुवा बाग्लुङबाट काठमाडौं कीर्तिपुरमा भयो । दिनको करिब २ बजेको हुँदा हो, म सम्झन्छु रत्नपार्कमा कीर्तिपुर जाने मिनीबसमा बुबा र म चढ्यौं । त्यो समयमा रत्नपार्कबाट पश्चिम लागेर वीर अस्पतालको अगाडिबाट शहीदगेटतिर आइन्थ्यो । अहिलेको जस्तो पूरा सैनिक मञ्च र टुँडिखेललाई परिक्रमा गर्नु पर्दैनथ्यो । हामी वीर अस्पताल, त्रिपुरेश्वर, कालीमाटी हुँदै बल्खुबाट त्रि. वि. गेट पुगेर ओर्लियौं । लेबोरेटरी स्कुलको बाहिरी बाटो हुँदै हामी त्रि. वि. आवासगृह पुग्यौं । ४ 'ख' नम्बरको क्वार्टरमा गएपछि ठूलो बैठककोठामा हामी बस्यौं । "नमस्कार हजुरआमा" बुबाले प्रणाम गरेपछि दवाडी हजुरआमाले नमस्कार फर्काउनुभयो । बुबा र दवाडी हजुरआमाका आपसी कुराहरू अहिले सम्झनामा छैनन् । बेलुका म त्यहीँ बसेँ । बिजुलीले बल्ने हिटर मैले देखेको थिइनँ । सुरुङजस्तो लामो गल्लीको पल्लो छेउमा भान्साकोठाको भित्रपट्टि गोलो माटोको भाँडोभित्र रातो तारको फनफनी बेरेको गुजुल्टो नै भुङ्ग्रो जस्तै रातो देखिन्थ्यो । बिजुली हिटर देखेर म दङ्ग परेको थिएँ । सुरुका दिनमा दवाडी गुरुबालाई म त्यति सम्झिन्नँ तर दौरासुरुवाल, ढाकाटोपीमा साइकल डोहोऱ्याउँदै आउनुभएको सम्झिन्छु । बुबाले डेरा खोज्न थाल्नुभयो । हामी तीन-चार दिनसम्म त्यही क्वाटरमै बस्यौं । डेरा कीर्तिपुर नयाँ नयाँ बजारमा थियो । सडकमै जोडिएको घर, माथिल्लो तल्लामा । बेला-बेलामा म हजुरबाको क्वाटरमा आउँथैं । क्वाटरमा नजिकैको लेबोरेटरी मा. वि. मा मेरो भर्नाका लागि बुबा र हजुरबा मलाई लिएर प्रधानाध्यापक भरतकुमार प्रधानलाई भेट्न उहाँकै कार्यकक्षमा जानुभयो । म अहिले पनि सम्झन्छु, मेरो हातमा घडी थियो, कटराइजको कलेजी रङको काँधसम्म फिता भएको पेन्ट थियो । ढाका टोपीमा म चिटिक्क परेको थिएँ । दवाडी हजुरबालाई साथ लिएर गएपछि मैले भर्ना नपाउने कुरै थिएन । कक्षा पाँचमा म लेबोरेटरी मा. वि. मा भर्ना भएँ ।

बिहान खाना खाएपछि अहिलेको क्रिकेट रङ्गशालाको बीचबाट हिँड्दै स्कुल आउँथैं। कहिले आयुर्वेद क्याम्पस भएको ठाउँभन्दा दक्षिणतिर कीर्तिपुरबाट ठाडो गोरेटो आउँथैं। कहिलेकाहीँ जाँगर चल्दा तीनकुने, स्मृति भवन हुँदै त्रि. वि. गेट भएर विद्यालय जान्थैं। दिनहरू रमाइला थिए। निस्फिकी जिन्दगी थियो। बेलुका विद्यालय छुट्टी भएपछि बेला-बेलामा हजुरबाको क्वार्टर '४ बी' मा जान्थैं। कहिले चिया मकै, कहिले रोटी तरकारी आदि खाजा दिनुहुन्थ्यो हजुरआमाले।

बुबाले कीर्तिपुरमा डेरा खोज्दै गर्दा तीन-चार दिनसम्म हजुरबाकै क्वार्टरमा सहारा लिएर बस्दा मैले हजुरबाको दैनिकी नजिकबाट पहिलोपल्ट देखेको थिएँ। झिसमिसेमै हजुरबा बाग्मती स्नान गर्न जानुहुन्थ्यो। करिब आठ बजेतिर क्वार्टरमा आइपुगेपछि माझको कोठामा पूजा गरिसकेपछि हस्तचालन सहितको सस्वर वेदपाठ गर्नुहुन्थ्यो। साथमा छोराहरू विश्वनाथ र पशुपति पनि हजुरबासँगै वेद पढेको देख्थैं। सुशीला दिदी, विश्वनाथ र पशुपति गरेर हजुरबा हजुरआमाका तीन सन्तति साथमा हुनुहुन्थ्यो। बिहानको भोजन भएपछि करिब ११ बजेतिर साइकलमा चढेर हजुरबुबा सहरतिर जानुहुन्थ्यो र बेलुका साँझ पर्ने बेलाा क्वार्टरमा फर्कनुहुन्थ्यो।

जनै पूर्णिमाको पूजा विशेष सम्झन लायकको हुन्थ्यो। म काठमाडौँ आएको पहिलो वर्षको जनै पूर्णिमाको पूजा विशेष सम्झन लायकको रह्यो। म काठमाडौँ जाँदा बैठककोठामा धुमधामसँग जनै मन्त्रने काम हुँदै थियो। त्यस बेला केके पूजा भैरहेथ्यो म बुझ्दैनथैं। दिउँसोको तीन बजेसम्म पूजा भएपछि बल्ल मन्तरेको जनै र रक्षावन्धन लगाउने समय भएको थियो। यो मेरा लागि अचम्म र उदेकलाग्दो पूजा थियो। हजुरआमाले दिनुभएको तात्तातो क्वाटी भात खाएर हामी बाबुछोरा डेरामा आएका थियौँ।

बाल्यकालमा हजुरबुबासँगका सम्झने क्षणहरू सायद यत्ति नै हुन् जस्तो लाग्छ। हामी कीर्तिपुरको माथिल्लो डेराबाट तल्लो बिजुली पसलको अगाडिको घरका छिँडीकोठामा सऱ्यौँ। त्यहाँबाट फेरि माथिल्लो तलामा आएपछि बुबा कान्ति छात्राबासको वार्डेन हुनुभयो। कीर्तिपुरबाट हामी छात्राबास नजिकैको क्वार्टरमा सऱ्यौँ। केही समयसम्म क्वाटरको बासपछि टेकुसी कुमारी क्लबनजिकै

डाइरेक्टर शम्भुमानसिंह डंगोलको घरमा सऱ्यौं । तराईका काठका फलेकै फलेकले बनाएको एकतले सत्तलजस्तो घर थियो हामी बस्ने डेरा । त्यहाँ आएपछि बुबाले मलाई हजुबासँग वेद पढ्न क्वार्टरमा पठाउनुभयो । हजुरबाले छोराहरू विश्वनाथ र पशुपतिलाई सारस्वरसहित वेद पढाइ सकेपछि पशुपति गुरुले मलाई वेद पढाउन सुरु गर्नुभयो । शुक्ल यजुर्वेदको 'इषेत्वा' मन्त्र वाचन गर्न मलाई हम्मेहम्मे पऱ्यो । साथमा हस्तचालन विधि पनि हुन्थ्यो । यसरी गुरुकूल पद्धतिअनुसार हजुरबावाट विश्वनाथ गुरु र पशुपति गुरुले वेद पढ्नुहुन्थ्यो । पशुपति गुरुले मलाई पढाउनुहुन्थ्यो । विहान सबेरै नुहाएर सन्ध्यावन्दन गरेपछि म क्वार्टरमा आउँथें र पशुपति गुरुसँग वेद पढ्थें ।

एकदिन हजुरबाले मलाई वेदका विषयमा बताउनुभएको कुरा अहिले पनि झल्झली सम्झना आउँछ । "श्रीखण्डको भारी वोकेको गधालाई आफूले कति महत्त्वपूर्ण र महँगो कुरा वोकेको छु भन्ने थाहा नभएजस्तै वेद पढेर मात्रै, घोकेर मात्रै केही हुँदैन । यसको महत्त्व बुझ्नुपर्छ । वेदको अर्थ बुझ्न कौमुदी पढ्नुपर्छ । त्यसैले अब बावुले "लघु सिद्धान्त कौमुदी पढ्ने है !" मैले हुन्छ भनेपछि द्वितीयाको तिथी पारेर हजुरबाले मलाई "नत्वा सरस्वतीं देवीं शुद्धां गुण्यां करोम्यहम्" पढाउन सुरु गर्नुभयो । गुरुकूलीय शैलीद्वारा हजुरबासँग मैले लघुकौमुदी पढ्न सुरु गरें । संज्ञा प्रकरण छिचोलेर अच् सन्धि पढ्दै गर्दा व्याकरण पढाइको निरन्तरता दिन सकिनँ ।

दुई डुंगामा खुट्टा राखेको परिणाम थियो जस्तो लाग्छ अहिले । यता आधुनिक पढाइ चल्दै थियो ल्याब स्कुलमा । म त्यत्ति लगनशील नभएर होला, हजुरबासँग कौमुदीलाई अगाडि वढाउन सकिनँ ।

हजुरबासँग लघुकौमुदी नछिचोले पनि संगत भने बढ्दै गयो । २०५० साल वाल्मीकि विद्यापीठ प्रदर्शनी मार्गमा भाषा प्रशिक्षणको माध्यमद्वारा प्रवेश पाइने प्रावधान भएको कुरा हजुरबाबाटै चाल पाएँ । एस.एल.सी. को प्रमाणपत्र पेस गरेपछि भाषा प्रशिक्षणमा संलग्न भएर उत्तर मध्यमामा प्रवेश मिल्यो । हजुरबासँग संगत हुँदै जाँदा आध्यात्मिक चेतना पनि बढ्दै गयो ।

बेलाबेलामा हजुरबाले अर्तिबुद्धि पनि दिनुहुन्थ्यो । बाह्मणको जन्म साना पुण्यले पाइँदैन । त्यसैले यसको सदुपयोग गर्नुपर्छ भन्नुहुन्थ्यो । एकपटक हजुरबा-

हजुरआमा विश्वनाथ गुरु र पशुपति गुरुसँग साथ लागेर स्वर्गद्वारी जाने अवसर मिलेथ्यो । बाटामा हजुरबासित हुने कुराकानी र संगत जीवनभरि सम्झिन लायकका छन् । दाङ घोराहीबाट हामी पाँच जना सबेरै हिंडेका थियौं । दिनभरि सकी नसकी हिंड्दा पनि साँझमा स्वर्गद्वारी पुग्न सकिएन । स्वर्गद्वारीभन्दा थोरै तलको गाईगोठमा बास बसिएछ । भोलिपल्ट उठेर सन्ध्योपासना सकेपछि हामी स्वर्गद्वारीतिर लाग्यौं । स्वर्गद्वारी अति रमणीय गाउँ रहेछ । शिवमन्दिरमा हामी सबैले सामुहिक रुद्री पनि गर्‍यौं । स्वर्गद्वारी महाप्रभुको सिंहमर्मरको मूर्तिको दर्शन पनि गर्‍यौं । दुई दिन स्वर्गद्वारी बसेपछि हामी फेरि दाङ फिर्ता आयौं ।

अर्कोपल्ट दसैं नवदुर्गामा व्याकरणाचार्य गुरु हरिप्रसाद आचार्यको साथमा हजुरबा, हजुरआमा, विश्वनाथ गुरु र म सल्यानकोट भगवती गयौं । म विश्वनाथ गुरु भोलिपल्टै फर्कियौं भने हजुरबा, हजुरआमा, हरिप्रसाद गुरुसँगै बस्नुभो । नवदुर्गाभर बस्ने योजना उहाँहरूको थियो ।

भीष्म गुरुको प्रेरणाले एकपल्ट हजुरबा हजुरआमासँग अरुणाचलको परशुराम जाने भाग्यले जुरायो । यो पटक ठूलो झोल्भो बसको व्यवस्था थियो । ३८ जनाको क्षमता भएको त्यो बसमा यात्रु नपुगेर हामीलाई प्रस्ताव आएको थियो । यो यात्रामा श्याम सुवेदी पनि संलग्न हुनुहुन्थ्यो । हजुरबासँग काशी जाने ठूलो धोको थियो तर भाग्यले जुराएन तर जति ठाउँमा हजुरबासित साथमा हिंड्न पाइयो सदा प्रेरणा मिलिरह्यो ।

मलाई हजुरबाप्रति अति श्रद्धा उर्लेर आउँथ्यो । प्राचीन ऋषिमुनिहरूको झल्को हजुरबामा पाउँथें । अत्यन्त सरल स्वभाव । सरलताले नै हजुरबाले सबैको हृदय जित्नुभएको थियो । यति सरल हुँदाहँदै आफ्नो आचार नियममा भने उहाँ अत्यन्त होसियार हुनुहुन्थ्यो । घरमा आएका मानिसका कुराहरू उहाँ अत्यन्त चाख लिएर सुन्नुहुन्थ्यो । प्रत्येक व्यक्तिलाई महत्व दिने स्वभाव थियो ।

म उत्तरमध्यमा पढ्दादेखि नै हजुरबाले मलाई श्राद्ध पढ्न लगाउनुहुन्थ्यो । हजुरबाबाटै मैले अटुट रूपमा कौपिन लगाउने प्रेरणा पाएँ । आफू अल्छी भएर हो वा भाग्यमा नभएर हो, हजुरबाबाट मैले उहाँको ज्ञान त लिन सकिनँ तर कौपिन धारण गर्ने र शिखा पाल्ने बानी चाहिँ ग्रहण गरें । हजुरबाबाट जीवनभरका लागि सिकेको अर्को कुरा हो श्रावणी स्नान र यज्ञोपवितमन्त्रणा ।

सुरुसुरुमा हामी सुन्दरीघाट नजिकैको सुन्दरी घाटमा महास्नान गर्थ्यौं । हजुरबा ट्याङ्ला घरमा नसरेसम्म सुन्दरी घाटमै महास्नानले निरन्तरता पाइरह्यो । वर्ष जति घर्किंदै जान्थ्यो, बागमती झनझन दुर्गन्धित हुँदै थिइन् । तर, हजुरबाको श्रद्धाले हामीलाई पनि त्यहाँ स्नान गर्न कुनै दिगिमग लाग्दैनथ्यो । माधवशरण उपाध्याय गुरु, भीष्म गुरुलगायत विश्वनाथ गुरु पशुपति गुरु म र पछिपछि उपेन्द्र काका पनि त्यस महास्नानमा संलग्न हुन थाल्नुभएको थियो । माथि ट्याङ्लाफाँटमा सरेपछि चाहिँ हामी दुईचार वर्ष बल्खुखोलाको सिरान नैकाप भञ्ज्याङनेरको गल्छीमा नुहाउन गयौं । कहिले चाहिँ टौदहभन्दा माथि दूध पोखरीको पानी बगेर आउने गल्छीमा गयौं । टौदहमा चाहिँ डुबुल्की मार्न दिइँदो रहेनछ । त्यहाँ पनि फोहोर हुन थालेपछि पछिल्ला वर्षहरूमा गोदावरी नौधारा पोखरीमा र गोदावरी कुण्डमा डुबुल्की मार्न जान थाल्यौं । हजुरबासँग अन्तिम महास्नान गोदावरीमै भयो । डा. इन्जिनियर प्रेम न्यौपानेसमेत हाम्रा साथमा महास्नानका लागि आउने गर्नुहुन्थ्यो । एकदुई पटक त हामी सबै प्रेम न्यौपाने सरको आग्रहमा उहाँको जुगेडीस्थित घरमा पनि गयौं र नारायणी नदीमा महास्नान गऱ्यौं ।

महास्नानपछि घरमा आएर दियो, कलश, गणेश स्थापना पूजापछि सूर्योपस्थान मन्त्रण गर्दा ठ्याक्कै ३-४ बज्ने । हजुरबासित व्यावसायिकतामा लाग्ने काम हुँदैनथ्यो । विशुद्ध जनैपूर्णिमालाई व्यावसायिक रूपमा प्रयोग गर्ने ब्राह्मणहरू हाम्रो महास्नानमा सम्मिलित हुने कुरै भएन ।

यो संसारमा मैले अत्यन्त श्रद्धा गर्ने, भित्रैबाट श्रद्धा लागेर आउने मेरा लागि कोही थियो त केवल दवाडी हजुरबा । श्राद्धमा म पुरोहित भएर उहाँकहाँ जाँदा मेरा पाउ पखालेर चरणोदक लिँदा कस्तो अप्ठ्यारो लाग्थ्यो । श्राद्ध पढ्दै गर्दा कुनै नबुझेमा म सोध्ने गर्दथें, हजुरबाले छर्लङ्ग्याउनु हुन्थ्यो ।

जीवनका अन्तिमतिर हजुरबा बिरामी भएर सिटिजन हस्पिटल नयाँ बानेश्वरमा भर्ना हुनुभएको थियो । जीवनमा कहिल्यै सन्ध्योपासनामा त्रुटि नगर्ने हजुरबाले त्यहाँ चाहिँ सन्यस्त लिएझैं समस्त शास्त्रहरू भट्याउँदै हुनुहुन्थ्यो । केही कुरा सोध्दा चासो दिएर उत्तर दिने नत्र आफैंमा मग्न भएर जीवनभरि आर्जन गरेका शास्त्रलाई उहाँ पुनरावृत्ति गर्दै हुनुहुन्थ्यो ।

हजुरबा शिवजीका अनन्य भक्त हुनुहुन्थ्यो । प्रत्येक प्रदोष व्रतमा पशुपति दर्शन गर्ने र शिवजीलाई जल चढाउने उहाँको अटुट व्रत थियो । प्रदोष व्रतको एकाबिहानै विश्वनाथ गुरुको फोन आयो । फोन उठाएँ । उताबाट आवाज आयो-"अब पिताजी रहनुभएन ।"

यो अपरिमित समयको कुन कालखण्डमा मान्छे यस धरामा ओर्लन्छ, कति समय व्यतीत गर्छ अनि फेरि कहाँ जान्छ ? यो प्रश्न सदा अनुत्तरित नै छ । कवि शिरोमणि लेखनाथ पौड्यालको 'वुद्धि विनोलबाट शब्ल सापटी लिएर हेर्दा पनि यहीं प्रश्न दोहोरिइरहन्छ,' ।

"कहाँ थियो बास अघि म को थएँ ?
कसो गरी यो पिंजडा लिँदो भएँ ?
कहाँ छ जानु कुन साथ लीकन ?
तँलाई मालुम् छ कि यो कुरा मन ?

जन्म र मरण आफ्नो इच्छाले नहुने रहेछ तर जहाँसँमम जीवनयापनको सवाद छ, सयलाई कसरी उपयोगगर्ने भन्ने कुरा चाहिँ व्यक्तिको आफ्नो हातमा छ । यही जीवनयापनको शैली वा ढले मानिसले आफ्नो जीवन सफल पार्ने वा असफल पार्ने भन्ने कुराको निधो गर्दोरहेछ ! जीवनमा के कस्ता कुरा गर्दा यसको सदुपयोग हुने हो अथपा दुरूपयोग हुने हो यो व्यक्तिको सोचाइ र व्यवहारमा भर पर्छ । तर हाम्रो सनातन मान्यता अनुसार जीवनको पूर्ण सदुपयोग भनेको सत्यको पालन गर्दै परोपकार गर्नु हो । "परोपकाराय इदं शरीरं ।" प्राध्यापक दुर्गाप्रसाद दवाडी आफ्नो जीवनलाई पूर्ण सदुपयोग गरेर जानुभयो, आफ्ना जीवनलाई सन्ततिलाई मात्र नभएर सम्पूर्ण मानवजगतलाई नै जिउने कसरी हो ?" भन्ने प्रश्नको उत्तर । दिए जानुभयो । दवाडी गुरुले शिव सायुज्य प्राप्त गर्नुभएको छ उहाँबाट हामी सबैले शिवको कल्याणको बाटोमा हिँड्ने प्रेरणा पाइरहौं । हरिः ॐ तत्सत् !

◆◆

सन्त जीवन र उच्च व्यक्तित्व

नारायण मरासिनी

आफ्नो सम्पूर्ण जीवन शैक्षिक क्षेत्रमा व्यतीत गर्नुहुने प्रा. डा. दुर्गाप्रसाद दवाडी अत्यन्त अध्ययनशील हुनुहुन्थ्यो । उहाँको बाहिरी आवरण हेर्दा अत्यन्त सादा-सन्त र सौम्य स्वभावको तर भित्री रूपमा गुणैगुणले भरिएको नरिवल समान हुनुहुन्थ्यो । बाह्य आडम्बर र भित्री अभिमान भएका विद्वान् धेरै हुन्छन् । वास्तविक विद्वान् र सन्तपुरुष एकदमै दुर्लभ हुन्छन् र मानिसले प्राप्त गरेको निर्मल ज्ञान जो मोक्षको साधन हो, भगवान्को भक्तिले रहित छ भने त्यसले कुनै शोभा दिँदैन ।

"नैष्कर्म्यमप्यच्युत भाववर्जितं
न शोभते ज्ञानमलं निरञ्जनम् ॥भागवत्॥१।५।१२

केवल चिन्तनपरक ज्ञान र सकाम कर्मबाट कसैलाई सिद्धि प्राप्त हुन सक्दैन । सकाम कर्म सदैव कष्टकारक हुन्छ । तर, त्यस्तो कर्म भगवद्भक्तिका अधीनमा छ भने त्यो चाहिँ लाभप्रद हुन सक्छ । श्रीवेदव्यासले ब्रह्मसूत्रलगायत विभिन्न वैदिक साहित्य, पुराण-उप-पुराणहरू रचना गरेर पनि सन्तुष्ट हुन नसकेपछि अन्तमा भक्तिरसयुक्त श्रीमद्भागवत् रचना गरी शान्ति प्राप्त गर्नुभयो । त्यस्तै मनुष्यले आफूले प्राप्त गरेको ज्ञानराशिलाई पनि भक्तिसरबाट आप्लावित गर्न सकेमात्र आफ्नो जीवन सार्थक बन्न सक्छ । वस्तुतः भगवान्देखि अतिरिक्त कुनै पदार्थको अस्तित्व छैन । केवल किताबी ज्ञान र शाब्दिक प्रकाण्डताले भौतिक जगत्मा केही प्रसिद्धि प्राप्त गर्न त सकिएला तर जीवनको परम् लक्ष्य प्राप्त हुन सक्दैन । उक्त कुरालाई डा. दुर्गाप्रसाद दवाडीले मनन गरी आफ्नो दैनिक जीवनमा प्रायः अनुशरण गर्नुभएको थियो । उहाँ श्रुति, स्मृति-पुराणहरूमा वर्णन गरिएअनुसारका परम् भक्त विद्वान् (ज्ञानी) हुनुहुन्थ्यो । उहाँको आचार-विचार, यम-नियम, धर्मशास्त्रले निर्दिष्ट गरिएअनुरूपको थियो । नित्य वागमती स्नान, सन्ध्या पाञ्चायन पूजा, वेद, चण्डी, भागवत्, रामायण गीतापाठ, तर्पण,

वलिवैश्वदेव, योगासन आदि नित्यकर्मका साथै विभिन्न व्रत, उपासना एवं अनुष्ठानहरू उहाँको जीवनका अभिन्न अङ्ग थिए । निर्जला एकादशी व्रतमा पानीसमेत नलिई उपवास बसी भोलिपल्ट पर्ने प्रदोषव्रत अत्यन्त निष्ठापूर्वक लिनुहुन्थ्यो । आफ्ना यी यम नियमहरूमा उहाँ अत्यन्त कट्टर हुनुहुन्थ्यो । वास्तवमा उहाँले वेद, वेदाङ्ग, पुराण, उपनिषद् एवं विभिन्न धर्मग्रन्थहरूको अध्ययनबाट प्राप्त ज्ञानराशिलाई आफ्नो दैनिक व्यवहारमा उतार्नुभएको थियो। उहाँ समदृष्टि, सरल-शान्त चित्त र स्नेही स्वभावका सन्त पुरुष हुनुहुन्थ्यो । उहाँले आफ्ना छोरा नातिहरूलाई समेत सोही किसिमको शिक्षा एवं संस्कार प्रदान गर्नुभएको थियो । फलस्वरूप उहाँका तेस्रो पुस्तासम्मका सन्ततिले पनि सोही किसिमको आचार विचारमा रही अविचलित रूपमा उहाँले देखाएको मार्ग अवलम्बन गरेको पाइएको छ ।

म उहाँका घरमा बारम्बार गइरहन्थेँ । जहिले जाँदा पनि उहाँ आफ्नो कोठाको भुइँभरि किताब फिँजाएर अध्ययन, अनुसन्धान एवं लेखनमा तल्लीन रहेको पाउँथेँ । उहाँले कहिल्यै पनि समय खेर फालेको देखिएन । या त धार्मिक कार्य अनुष्ठान आदिमै समय बिताउनुहुन्थ्यो या अध्ययन-अध्यापन, लेखन तथा अनुसन्धानमा । हुन पनि नीतिशास्त्रमा भनिएको छ -

"काव्यशास्त्र विनोदेन कालो गच्छति धीमताम् ।"

उहाँको अधिकांश जीवन अध्ययन-अध्यापनमा बितेको पाइन्छ । उहाँ नव्य व्याकरण, आगम, शांकर वेदान्त, सर्वदर्शन र अंग्रेजी तथा हिन्दी विषयका धुरन्धर विद्वान् हुनुहुन्थ्यो । यी विषयहरूमा उहाँले भारतका विभिन्न विश्वविद्यालयहरूबाट उच्च स्तरीय औपचारिक डिग्री हासिल गर्नुका साथै त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधिसमेत गर्नुभएको थियो ।

म जागिरका सिलसिलामा पोखरामा २०५८।५९मा कार्यरत रहँदा एक जना रेग्मी थरका कर्मचारीले श्रीमद्भागवत सप्ताह लगाए । त्यसमा मलाई कथा सुन्ने निमन्त्रणा थियो । म एक दिन अनुकूल मिलाएरु कथा सुन्न पुगेँ । व्यासासन (कथावाचक) मा डा. दुर्गाप्रसाद दवाडी नै हुनुहुँदोरहेछ । उहाँले श्रीमद्भागवतको पञ्चमस्कन्धमा वर्णित भारत

वर्षको बारेमा प्रवचन दिई रहनुभएको थियो-

यस भारत वर्षका मलय, मैनाक, देवगिरी, ऋष्यमूक, महेन्द्र, द्रोण, चित्रकूट, गोवर्धन, विन्ध्य आदि हजारौँ पर्वतका तटप्रान्तबाट निस्कने कावेरी, वेणी, पयस्विनी, तुङ्गभद्रा, कृष्णा, गोदावरी, नर्मदा, सिन्धु, कौशिकी, मन्दाकिनी, यमुना, सरस्वती, सरयू आदि अनेकौँ पवित्र नदीहरू छन् । यस भारतवर्षमा मनुष्यको जीवन लिएर जन्मिएका हामी परम सौभाग्यशाली छौँ । देवताहरू पनि भारतवर्षमा जन्मेका मनुष्यको ईर्ष्या गर्दै महिमा यसरी गाउँछन्-

"अहो अमीषां किमकारि शोभनं
प्रसन्न उषां स्विदुत स्वयं हरिः
यैर्जन्म लब्धं नृषु भारिताजिरे
मुकुन्द सेवौपयिकं स्पृहा हि नः ॥ भागवत् ।५।१९।२१

अहा ! जुन जीवहरूले भारतवर्षमा भगवान्को सेवा गर्न योग्य मनुष्यजीवन प्राप्त गरेका छन् । उनीहरूले के यस्तो पुण्य गरे ? अथवा यिनीहरूमाथि स्वयं श्रीहरि नै प्रसन्न हुनु भएर पो हो कि ? यी मनुष्यहरू कति सौभाग्यशाली रहेछन् ? यो परम् सौभाग्यका लागि त हामी पनि ईर्ष्या गर्छौं ।

हामीले ठूला-ठूला कठिन यज्ञ, तप, व्रत, दान आदि गरेर यो तुच्छ स्वर्ग प्राप्त गर्‍यौँ । यहाँ त अधिक इन्द्रिय भोगको कारण स्मृतिशक्ति नष्ट भई भगवान् नारायणको चरणकमलको स्मृति नै हामीहरूमा रहँदैन । हामीहरूको एक-एक कल्पको आयु हुन्छ तर पनि निरर्थक छ । त्यो आयु सकिएपछि फेरि समयचक्रमा फर्कनु पर्छ । परन्तु भारतवर्षमा छोटो आयु लिएर भए पनि जन्मनु श्रेयस्कर छ किनकि यहाँका बुद्धिमान् पुरुष एकै क्षणमा आफ्नो शरीरले गरेको सम्पूर्ण कर्म भगवान्मा अर्पण गरेर उहाँको अभयपद प्राप्त गर्न सक्दछन् ।

अनिर्वचनीय परमात्मा भगवान् वासुदेवमा अनन्य एवं अहैतुक भक्ति नै मोक्षपद प्राप्त गर्नु हो । यस कलिकालमा भक्तिमार्ग नै श्रेयस्कर छ । यो भक्तिभाव तब मात्र प्राप्त हुन्छ जब अविद्यारूपी हृदयका ग्रन्थि काटिएपछि भगवान्का प्रेमी भक्तहरूको सङ्गत पाइन्छ । यसरी उहाँले स्वर्गको तुच्छता, भारतवर्षको महिमा एवं अनन्य भक्तिभावको रहस्य सरल शब्दमा एक साथ खोलिदिनुभएको थियो । यो प्रसङ्ग सकिएपछि मैले पनि अरू प्रसङ्गहरूमा केही गहन दार्शनिक विवेचन सुन्ने मौका पाएँ अनि मैले आजका प्रचलित भागवतका प्रवक्ताहरूलाई सम्झिएँ । कहाँ उहाँको गम्भीर दार्शनिक प्रवचन,

कहाँ सतही रूपमा गरिएका मनोरञ्जनात्मक कथावाचन । बीच-बीचमा गाइने भ्याउरे लयका भजनहरूमा नचाई नचाई लट्ठ पारेर नगद वर्षा गराउने, माइकबाट नाम फुकाउने, सम्मान गर्ने र गरिने क्रियाकलाप त्यहाँ थिएन । बुझ्नेहरू दार्शनिक प्रवचनमा निमग्न थिए । नबुझ्नेहरू भने नाचगान गर्न नपाएर हाइहाइ गर्दै थिए ।

उहाँले प्रारम्भिक शिक्षा पिताबाट घरमै प्राप्त गर्नु भए तापनि माध्यमिक स्तरदेखि नै भारतमा गएर उच्च शिक्षा प्राप्त गर्नुभएको थियो । उहाँ सानैदेखि तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो । खेलकुद र अन्य कार्यमा भन्दा उहाँको रुचि किताबहरू सङ्कलन गर्ने र अध्ययन गर्नेमा रहन्थ्यो । उहाँले भारतको बनारसमा १७ वर्षसम्म अध्यापन कार्य गर्नुभयो । त्यसपछि नेपाल आई २०२५ सालदेखि त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापकको पदबाट अध्यापन सुरु गरी प्राध्यापकसम्म हुनु भई दर्शन विषयको विभागीय अध्यक्षमा रहेर सेवा गर्नुभयो । उहाँ अध्ययनका क्रममा अत्यन्त मेधावी छात्र रहेको कारण आफ्नो विषयमा उत्कृष्ट अङ्क ल्याई विभिन्न पदक र विभूषण पनि प्राप्त गर्नुभएको थियो । उहाँले विद्यावारिधि गर्ने छात्रहरूको शोधनिर्देशक र शोध विशेषज्ञ भई कार्य गर्नुभएको थियो ।

◆◆

धर्मशास्त्रका मर्मज्ञ एवं आचारनिष्ठ प्रा. डा. दुर्गाप्रसाद दवाडी

वासुदेव मरासिनी
का.म.न.पा. ४
धुम्रवाराही, काठमाडौं

वेदस्मृति सदाचारः स्वस्य चाप्रियमात्मनः
एन च्चतुर्विथं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥ मनुस्मृति २/१२

(सम्पूर्ण वेदशास्त्र, सम्पूर्ण स्मृतिशास्त्र, सदाचार र आत्मप्रियता यी चार धर्मका साक्षात् लक्षण हुन् ।)

अनादिकालदेखि नै मनुष्यको राम्रो एवं व्यवस्थित जीवनको लागि आचार सम्बन्धी नियमहरूको निर्माणको आवश्यकता महसुस गरेर त्रिकालदर्शी, ऋषिहरूले आचार संहिता बनाए । सबै वर्गको कल्याणको लागि केहि कर्तव्य (कर्म) निर्धारण गरिदिए । यहि श्रुतिस्मृतिमा विद्यमान गरिएको आचार-विचार-व्यवहार नै वास्तविक धर्म हो । यसरी बनाइएको धर्मको पालना गर्नु हामी सबैको कर्तव्य हो । संस्कृत विद्यामा पारंगत भएर पनि माथि बताइए अनुरूप व्यवहार-आचरणमा समेत रहने विद्वान् पाउन मुस्किल जस्तो भैसकेको छ । श्रुति-स्मृतिमा विद्यमान गरिएको आचार, विचार-व्यवहारमा किञ्चिन मात्रामा पनि विचलित नभई आचरणमा रहने संस्कृत विद्यामा पारंगत एक मेधावी कुशाग्रबुद्धि, विद्वान् दुर्गाप्रसाद दवाडीको बारेमा केहि सम्झना कोर्ने मनसायले अग्रसर भएको छु ।

भारत वनारसबाट व्याकरणमा शास्त्री र अङ्ग्रेजीमा बी.ए. गरी २०३० साल चैत्र महिनामा म काठमाडौं आएँ । बी.एल. गर्ने मनसायले ल क्याम्सबाट मूटकोर्ट गरी बी.एल. को प्राइवेट फर्म भरें । संस्कृतमा इतिहास पुराणमा आचार्य गर्ने विचार गरी वाल्मीकि विद्यापीठमा गएँ । इतिहास पुराणका विभागाध्यक्ष प्रा.डा. बाबुराम पोखरेल र सोही विषयका प्राध्यापक डा.विष्णुप्रसाद ज्ञवाली

हुनुहुँदो रहेछ। म विद्यापीठमा जाँदा संयोगले उहाँहरू दुवै जना एउटै कोठामा बस्नुभएको रहेछ। उहाँ दुवैजना मेरा पिता एवं पितामहका शिष्य हुनुहुन्थ्यो। त्यसैले मैले आफ्नो परिचय दिइरहन परेन । हामीहरू बीच भलाकुसारीको साथै मेरो अध्ययनको विषयमा कुराकानी हुँदै थियो । यसै समयमा लवेदा सुरुवाल, कोट, टोपी एवं कपडाका साधारण जुत्ता लगाएका व्यक्ति हामी बसेको कोठामा पस्नुभयो। गुरुहरूको आपसमा नमस्कार चल्यो। म चुपचाप बसिरहेँ। बाबुराम गुरुले उहाँ प्राध्यापक डा. दुर्गाप्रसाद दवाडीज्यू भनि परिचय गराईदिनु भयो। मैले नमस्कार टक्र्याएँ। महापण्डित दधिरामको नाति वासुदेव मरासिनी भनि मेरो पनि परिचय गराई दिनुभयो बाबुराम पोखरेलज्यूले । त्यसपछि गुरु दुर्गाप्रसादज्यू मतर्फ फर्केर भन्न थाल्नुभयो- "महापण्डित दधिराम गुरु शशिधर स्वामी जस्ता महान् योगीका कुलमा जन्मेकाले योग उहाँको कुल क्रमागत नै भए पनि शशिधर र लक्ष्मीनारायण पछिका महान् योगीका रूपमा उहाँका सबै शिष्यहरूले स्वीकार गरेका छन् र उहाँको ग्रन्थहरूबाट पनि त्यो कुरा सिद्ध हुन्छ। दधिराम गुरुको सम्बन्धमा डा. टीकाराम पन्थीले लेख्नु भएको छ- "तत्र भवान दधिरामः कर्ममूर्तिर्ज्ञानमूर्तिस्तपोमूर्तिउचासीत्" टीकाराम जस्तो व्यक्तिले लेख्नुभएको हुंदा यसलाई प्रमाण मान्नैपर्छ भनि धेरै अन्य उदाहरण सहित उपदेश दिँदै तपाईंले पनि आफ्नो कुल अनुरूप संस्कृतको उच्च अध्ययन र आचार-विचार छोड्नु हुँदैन भन्ने जस्ता धेरै उपदेश दिनुभयो । पहिलो एवं छोटो भेटमा मेरा वंशजको परिचय एवं श्रुतिस्मृतिका उदाहरण सहित उपदेश दिँदा निम्न श्लोकले भनेजस्तो व्यक्ति हुनुपर्छ भन्ने महसुस गरे ।

नानृग्वेदविनीतस्य नायजुवेर्दधारिण ।
नासामवेदविदुषः शक्यमेवं विभाषितुम् ॥ वा.स. ०४/३/२८

(जसले ऋग्वेदको शिक्षा पाएको हुँदैन, जसले यजुर्वेदको अभ्यास गरेको हुँदैन तथा जो सामवेदको विद्वान् हुँदैन त्यो यसप्रकार सुन्दर भाषामा कुरा गर्न सक्दैन ।)

उहाँको मृदुवचन, श्रुतिस्मृतिका वचनसहित मलाई संस्कृत अध्ययनलाई निरन्तरता दिन र कर्मनिष्ठ रहन अभिप्रेरित गर्नुहुँदैन उहाँ अवश्य ठूलो विद्वान् मात्र नभई स्वयं पनि अत्याचारनिष्ठ व्यक्ति हुनुहुँदो रहेछ भन्ने त्यो छोटो एवं

पहिलो भलाकुसारीमा पनि मैले महसुस गरेँ ।

म वाल्मीकि विद्यापीठमा भर्ना भई आचार्य पढ्ने भएकोले क्याम्पसमा प्रायः सधैँ भेट हुन्थ्यो । उहाँको विषयसँग मेरो विषय नमिल्ने हुँदा नमस्कार आदान-प्रदान र कुशलमंगल बोहक अरू कुराकानी हुने मौका मिलेको थिएन । आचार्य प्रथम वर्षको परीक्षा दिएपछि म सरकारी सेवामा प्रवेश गरेँ । मेरो पढाइ पनि बिचमै छुट्यो । दवाडी गुरुको र मेरो पेशा बसाई सबै फरक परेकोले उहाँसँग धेरै वर्ष भेट भएन ।

२०५३ सालमा मेरो जेठो दाजु शूलपाणिकी छोरी विजया र दुर्गाप्रसादका जेठा सुपुत्र विश्वनाथसँग वैवाहिक सम्बन्धको कुराकानी चल्यो । वैवाहिक सम्बन्धको भूमिका पनि मैले नै अदा गर्नुपर्ने भयो र गर्दै गएँ । फलस्वरूप दुवै जना प्रणयसूत्रमा बाँधिने भए । धार्मिक एवं हाम्रो रीतिरिवाजअनुरूप वाग्दान गर्ने परम्परा छ । रातोपुल स्थित मेरै घरबाट वाग्दान भयो । वरका पिता दुर्गाप्रसाद दवाडी लगायत धेरै विद्वान्‌हरूको आगमन भएको थियो । वाग्दान कार्यक्रम पश्चात् जलपानको कार्यक्रम शुरुभयो । संस्कृतका विद्वान्‌हरूको आगमन हुने भएकोले फूल र "घृतः पक्वान्नं पयः पक्वान्नं" मात्रको व्यवस्था थियो । तर पनि दुर्गाप्रसाद, धर्मशास्त्रका प्राध्यापक डा. राधाकृष्ण आदि ३/३ जना विद्वान्‌हरू कपडा उतारी सेतो धोती मात्र लगाई भान्सामा पिर्कामा बसी जलपान गर्नुभयो । यसै बेला दुर्गाप्रसादज्यूले वाल्मीकि विद्यापीठमा पहिलो भेटमा मलाई उपदेश दिएको सम्झना गरेर विचार गरेँ दवाडीज्यू आचार-विचार-व्यवहारमा आचारनिष्ठ भएको कारण नै दधिरामज्यूको नाम लिँदा उहाँप्रति श्रद्धा भक्ति राखि मलाई पनि आचारनिष्ठ रहन उपदेश दिनुभएको रहेछ । भन्ने कुरा छर्लङ्ग भयो । यस्तो कर्मयोगी श्रेष्ठ आचरण भएका व्यक्ति भेटाउन मुस्किल पर्छ भनि उहाँ प्रति अझ धेरै श्रद्धा बढ्दै गयो ।

दुर्गाप्रसादज्यू हामीहरू चिरपरिचित मात्र नभई एक आपसमा सम्धी भयौं । त्यसैले समय-समयमा भेटघाट एवं आपसी कुराकानी पनि हुनु स्वभाविकै थियो । दवाडीज्यूको दैनिकी र उहाँको क्रियाकलाप सम्बन्धमा विशेष जान्ने मौका पाएँ । उहाँ संस्कृत वाङ्मयका विशिष्ट विद्वान् हुनुहुन्थ्यो । उहाँले वेदान्ताचार्य,

नव्यव्याकरणाचार्य, शाङ्करवेदान्ताार्य, दर्शनाचार्य एवं विद्यावारिधि (पि.एच.डी) गर्नुभएको थियो । साथै बी.ए. (अंग्रेजी) एम.ए (हिन्दी) र एम.ए. (संस्कृतिमा) गर्नुभएको रहेछ । उहाँले भारत वनारसमा १५/१६ वर्ष अध्यापन गरी नेपाल आई त्रि.वि.सेवामा उप-प्राध्यापकमा प्रवेश गरी-वाल्मीकि विद्यापीठमा लामो समयसम्म अध्यापन गरि मिमांसा विषयको विभागाध्यक्षसमेत रहि काम गर्नु भएको थियो । उहाँले अध्यापन कार्यको साथसाथै सेवाअवधिमा र अवकाश पश्चात् पनि विद्यावारिधि गर्ने विभिन्न छात्रछात्राहरूको निर्देशक रहि गाइड गर्ने कार्य पनि गर्दै आउनुभएको थियो । उहाँले तन्त्रविषय, दर्शन मिमांसा र अन्य धार्मिक विषयमा अनुसन्धानात्मक कृतिहरू एवं लेखहरू प्रकाशित गर्नुभएको छ ।

मैले पनि केहि समय वाल्मीकि विद्यापीठमा अध्ययन गरेको र उहाँ पनि त्यही विद्यापीठमा प्रोफेसर रहनु भएको हुँदा मैले बुझेअनुसार दुर्गाप्रसादज्यू आफ्नो विषयमा ज्यादै योग्य, निष्ठावान्, शिक्षाप्रेमी सत्पुरुष भनी सबैले प्रशंसा एवं मान्ने व्यक्ति हुनुहुन्थ्यो । उहाँले अध्यापन कार्य अत्यन्त निष्ठाका साथ प्रेमपूर्वक गर्ने गर्नुहुन्थ्यो । उहाँको अध्यापन शैली अत्यन्त सरल र सुन्दर थियो। विषयवस्तुलाई राम्रोसँग व्याख्या एवं विश्लेषण गरेर पढाउनु हुन्थ्यो । उहाँको सरल स्वभाव र पढाउँदा व्याख्या एवं विश्लेषणात्मक शैलीको कारण विद्यार्थीका बीचमा लोकप्रिय एवं श्रद्धेय गुरु हुनुहुन्थ्यो । सेवाबाट अवकाश पश्चात् पनि उहाँको घरमा जाँदा जिज्ञासु विद्यार्थीहरूलाई पढाउने र गाइड गर्ने जस्ता कार्य गरिरहेको पाइन्थ्यो । त्यसैले उहाँले आफ्नो सम्पूर्ण जीवन विद्यादानमा व्यतित गर्नुभयो ।

भेषभूषामा उहाँदौरा सुरुवाल, कोट, टोपी अथवा कमिज, सुरुवाल, टोपी, र निधारमा तिलक धारण गरेर हिँड्नु हुन्थ्यो । उहाँ सरल स्वभाव सादा जीवन र उच्च विचारमा धनी नित्य सदा शान्त, प्रसन्नचित्त रहने चिन्तनशील, स्वाध्यायनशील, आचारनिष्ठ गुरु हुनुहुन्थ्यो । उहाँको सरलता एवं मृदुभाषिता र आकृतिवाटै उहाँ सादाजीवन र उच्चविचारका धनी हुनुहुन्छ भन्ने लाग्दथ्यो। श्रुति-स्मृति र धर्मशास्त्रको ज्ञानभएर मात्र धार्मिक व्यक्ति भन्न मिल्दैन । श्रुति-स्मृति एवं धर्मशास्त्रले निर्दिष्ट गरेबमोजिम आफ्नो जीवनचर्या र आचरण पनि

सँगसँगै हिँडाउन सक्ने व्यक्तिनै वास्तविक धार्मिक व्यक्ति हो । दुर्गाप्रसादज्यू साहित्य, वेदान्त र उपनिषद्, पुराण, धर्मशास्त्र आदि सबै शास्त्रको अध्ययन अनुशीलन गरी पारङ्गत विद्वान् हुनुका साथै श्रुति-स्मृति र धर्मशास्त्रले निर्दिष्ट गरे बमोजिमका आचारनिष्ट विद्वान् हुनुहुन्थ्यो । उहाँको दैनिकी र जीवनीले पनि यसको पुष्टि गरेको छ ।

उहाँको जीवनचर्या हेर्ने हो भने उहाँलाई ऋषितुल्य भन्न अत्युक्ति हुने छैन । उहाँ त्रि.वि. कीर्तिपुरको प्राध्यापक क्वाटरमा बस्नुहुन्थ्यो । धेरैपछि कीर्तिपुरको सन्निकट ट्याङ्लाफाँटमा घरबनाई बस्नुभयो । बिहान नित्य वाग्मती स्नान गर्नुहुन्थ्यो । काठमाडौँमा पुष माघमा निकै चीसो हुने हुँदा स्कूल कलेजको पनि मीन पचासको छुट्टि दिने चलन थियो । मीन पचासमा पनि दवाडीज्यू वाग्मती स्नान अटुटरूपले गर्दै जानुभयो । प्रजातन्त्रको उदय पश्चात् वाग्मती प्रदुषित भई किनारामा जाँदा समेत दुर्गन्ध आउँथ्यो तर पनि उहाँले वाग्मती, स्नान गर्न छोड्नु भएन । उहाँको विचार थियो वाग्मतीको पवित्रता सँग मेरो सम्बन्ध छ । दुर्गन्धसँग होइन । धेरैपछि लोकाचारको लागि छोड्नुभयो । बिहान ३/४ घण्टा पूजा, पाठ, तर्पण, बलिवैश्वदेव आदिमा बिताउनुहुन्थ्यो । त्यस्तै बेलुकी पनि १/२ घण्टा सन्ध्यावन्दनमा व्यतित गर्नुहुन्थ्यो । प्रत्येक त्रयोदशीका दिन पानी पनि नपिएर प्रदोष व्रत बसि कीर्तिपुरदेखि पशुपतिसम्म ठाउँ-ठाउँमा गणेश, हनुमान, देवी देवताको दर्शन गर्दै बेलुका मात्र घर पुग्ने चलन थियो । उहाँको यो क्रम आजीवन अर्थात् अन्तिम समयसम्म निरन्तर चलिरह्यो । त्यस्तै एकादशी, एवं धार्मिक पर्वहरूमा व्रत बस्ने गर्नुहुन्थ्यो । खानपान र धार्मिक कट्टरता उहाँमा धेरै थियो । मैले मेरो छोरा सन्तोषको विवाहमा सम्धीज्यूलाई जन्तजान निम्त्याएँ । उहाँ आउनुभयो र सँगै जन्ति गयौँ । गुणराज खनालकी नातिनीसँग वैवाहिक सम्बन्ध हुने हुँदा निज खनालको घरमा जन्ति गएका थियौँ । गुणराज प्रत्यक्ष श्रीरामका दर्शन पाएका र अत्यन्त सात्विक एवं सत्चरित्रवान् व्यक्तिको रूपमा चिनिने व्यक्ति हुन् । उहाँको कान्छो छोरा पनि आफ्नो पिता जस्तै सात्विक परिवार मानिनुहुन्छ । त्यसैले त्यो घरमा गुरुहरूलाई बनाएको भोजन पनि अत्यन्त सात्विक एवं शुद्ध थियो । अन्य गुरुहरूले भोजन गर्नुभयो । दुर्गाप्रसादज्यूले केहि लिनुभएन । सबैले भोजन लिन

आग्रह गरेपछि एउटा सुकमेल लिएर सबैको चित्त बुझाइदिनुभयो। खानपानमा उहाँको कट्टरता बढिनै थियो।

दुर्गाप्रसादज्यू सबै शास्त्रको विशाल ज्ञानभण्डार भएको व्यक्ति हुनुहुन्थ्यो। शास्त्रीय विषयहरू धर्मसिन्धु, निर्णयसिन्धु, धर्मशास्त्र आदि ग्रन्थहरू कण्ठै थिए। उहाँले चिन्तनशील, स्वाध्यानशील, जिज्ञासु व्यक्तिहरूका शङ्का जिज्ञासा र प्रश्नहरू अत्यन्त सरलतापूर्वक तिनको समाधान गरिदिने गर्नुहुन्थ्यो। कसैप्रति भेदभाव नराखी समदृष्टि, समान व्यवहार, गर्नुहुन्थ्यो। कसैले शास्त्रीय जिज्ञासा राख्यो भने सामान्यतया पुस्तक नहेरी कण्ठै भनिदिनुहुन्थ्यो। धार्मिक शंका, जिज्ञासा एवं समस्या परे मैले पनि उहाँसँगै सोध्ने गरेको थिएँ। उहाँ दिवंगत हुनु भएपछि उहाँले जस्तो सजिलोसँग जिज्ञासा मेटाइदिने र धार्मिक समस्याहरूको चित्तबुझ्दो समाधान गरिदिने विद्वान् मैले भेट्टाउन सकेको छैन। किनभने शास्त्रीयज्ञान र सोअनुरूप आचरणमा पनि रहने विद्वान् भएको हुँदा उहाँले दिएको समाधान धार्मिक एवं व्यवहार दुवैसँग मेलखाने हुन्थ्यो। म र मेरो परिवार भारतको उत्तराखण्ड स्थित चारधाम तीर्थजाने विचार गरी दुर्गाप्रसादज्यू समक्ष राखें। उहाँले आफैले कलम र कापी दिई लेख्न भन्नुभयो। उहाँले भन्दै गर्नुभयो मैले लेख्दै गरें। दर्शन गर्नुपर्ने, श्राद्ध गर्नुपर्ने ठाउँ एवं विधि आदि डेढपेज लेखाउनु भएको थियो। तीर्थजाने क्रममा त्यो टिपोट लिएर गएको थिएँ र मिलेसम्म टिपोट अनुरूप गरें। तीर्थ जाँदा तीर्थमा पाइने पुस्तिकाहरू संकलन गरी ल्याएको थिएँ। पछि फुर्सदमा हेर्दा पुस्तिकामा उल्लेख भएका कुराहरू र श्लोकहरू दवाडीज्यूले टिपाउनु भएका कुरासँग काटीकुटी मिलेको पाएँ। शास्त्रीय एवं कार्य सम्बन्धी विषयमा उहाँ विशेषज्ञको रूपमा गनिनुहुन्थ्यो।

साहित्य, वेदान्त, पुराण, धर्मशास्त्र, मिंमासा आदि अनेक विषयका प्रकाण्ड विद्वान्, वैदिक धर्मका उपासक दुर्गाप्रसाद दवाडीज्यूले आजीवन नियमीत रूपले धार्मिक निष्ठाका साथ आचरण र उपासना गर्दै जानुभयो। पाश्चात्य सभ्यताको विशेष प्रभाव बढ्दै गइरहेको अहिलेको अवस्थामा पनि आफ्ना छोराहरूलाई संस्कृत पढाएर संस्कृतमा विद्वान् बनाउनुभएको छ। उहाँका छोराछोरीहरू विद्वान्, सदाचारी, सौम्य एवं स्वभावशीलको रूपमा परिचित

हुनुहुन्छ । उहाँका दुवै पुत्ररत्न संस्कृत अध्यापनमा संलग्न हुनुहुन्छ । उहाँका पौत्र कमलेश अत्यन्त मेहनती र मेधावी छन् । उनले सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक गर्नुका साथसाथै संस्कृतमा ज्योतिष विषय लिई शास्त्री प्रथम श्रेणीमा उत्तीर्ण गरेका छन् । ज्योतिष विषयको राम्रो ज्ञान गर्नुका साथै बाहिर होटलहरूमा नखाने र शुद्ध वस्त्रधारण गरी शुद्ध शाकाहारी खाना खाने गर्दछन् । आफ्ना पितामहले सिकाएको आचरणमा रहने गरेका छन् । नातिनी मनीषाले पनि एम.बी.बि.एस. पढ्दैछन् । यसरी उहाँले हाम्रो धर्म, संस्कृत र संस्कृतको जर्गेना गर्न हरसमय हरतरफ, हरसम्भव प्रयास गर्नुभएको देखिन्छ । यस्ता धर्ममूर्तिको योगदान, अनुकरणीय, अनुसरणीय छ। उहाँको योगदानलाई समेटेर उहाँका परिवारजनबाट स्मृतिग्रन्थ प्रकाशित गर्न लागिएकोमा खुशी व्यक्त गर्दछु । उहाँसँग सम्पर्क र सम्बन्ध पत्राचार मैले जाने बुझेका सम्झनाहरू २/४ हरफमा उल्लेख गरी आदर्शपुरुष एवं सम्धीज्यूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । अस्तु ।

◆◆

संस्कृत वाङ्मयका अविश्रान्त साधक

मोदनाथ खनाल

पूर्वीय अथवा संस्कृत दर्शनका अथक साधक स्वर्गीय दुर्गाप्रसाद दवाडीको नाम बजारमा खासै प्रख्यात छैन । तर वहाँको ज्ञानभण्डारको बारेमा थाह पाउनेहरू वहाँलाई सम्झँदैमा नतमस्तक हुन्छन् । वहाँ एक ज्ञान साधक मात्रै होइन चरित्र, सरलता, एवं सज्जनताका प्रतिमूर्ति पनि हुनुहुन्थ्यो । लोभ, ईर्ष्या, डाह, प्रतिशोध, क्रोध एवं वासनाबाट खासै प्रभावित नहुनुभएका एक दयालु विद्वान् खोज्नुपर्दा वहाँलाई बुझ्नेले सजिलै वहाँलाई नै सम्झनछन् । वहाँमा सरलता, सरसता, दया, साधना, एवं सद्भावना खँदिलो थियो । कि त पढ्ने कि त पढाउँने वहांको आनन्द प्राप्त गर्ने माध्यम थियो ।

मैले नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा उत्तरमध्यमा तह संस्कृत साहित्य मूल विषय लिएर पूरा गरेको थिएँ । तर शास्त्री तहमा अध्ययन गर्दा मैले आफ्नो मूल बिषय साहित्यबाट सर्वदर्शनमा विषयान्तर गरें । सर्वदर्शन विषयमा पढ्ने विद्यार्थी खासै हुँदैन थिए । मलाई मेरा आदरणीय अग्रज प्रा.डा. स्थानेश्वर तिमल्सिनाले सर्वदर्शन विषयका बारेमा गहिरोसँग बताउनु भएको थियो । जसका कारण मलाई पनि दर्शन पढ्ने रुचि बढ्यो । जब म सर्वदर्शन विषयमा भर्ना भएँ अनि मैले यस विषयका गुरुहरूको खोजी गरें । खोज्दै जाँदा मलाई स्थानेश्वर दाइले नै गुरु दुर्गाप्रसाद दवाडीसँग भेट गराइ दिनु भयो ।

जब मैले सर्वदर्शन विषय पढ्ने विद्यार्थी भनेर आफ्नो परिचय दिएँ गुरु अति नै खुशी हुनु भयो । वहाँले धमाधम सर्वदर्शनको विषयगत जानकारी दिन थाल्नु भयो । मलाई गुरुसँग भेटाएर स्थानेश्वर दाइ फर्किसक्नु भएको थियो । म त गुरुसँग परिचयमात्र गर्छु भनेर गएको थिएँ तर गुरुले त्यहि दिन मलाई डेढ घण्टा पढाउनु भयो । सुरूमा गुरुसँग भेट्दा मलाई त्यति पत्यार लागेको थिएन । पुराना लुगा, झुस्स दाह्री, अलि चाउरिएको अनुहार, पातलो शरीर, यसो हेर्दा

प्रोफेसर जस्तो व्यक्तित्व मैले देखिन । यस्तो मान्छेले के पढाउनु होला र जस्तो मनमा लाग्यो । पढाउन थालेपछि पनि केहि दिन त्यति प्रभावित भइन । म फेरी ने.वि.संघको सक्रिय कार्यकर्ता पनि थिएँ । विद्यापीठको नेतृत्वतहमा पुगीसकेको थिएँ । राजनीतिले गर्दा म हरेक दिन कक्षामा उपस्थित हुन्नथिएँ । गुरुले म कता छु भन्दै खोज्दै सोध्दै हिँड्नु हुन्थ्यो । फेला पारे पछि पढ्न अउनुस् बाबु भनेर बोलाउनु हुन्थ्यो । गुरुले नै खोजी खोजी पढ्न बोलाएपछि म गुरुको पछि लाग्थें । अति प्रेम भावका साथ उहाँले पढाउनु हुन्थ्यो । मलाई पट्यार लाग्थ्यो, किन भने थोरैमा दुई घण्टा त उहाँ अविच्छिन्न पढाउनु हुन्थ्यो । संस्कृत दर्शन जस्तो क्लिष्ट विषय २, ३ घण्टासम्म अविच्छिन्न पढ्नु पर्दा केहि समय गाह्रो भयो । पछि गुरुले नै सोध्नु भयो, बाबु तपाईंलाई पढाएको समय लामो लागेको छ ? मैले तुरून्त उत्तर दिएँ - हो गुरु । एक घण्टाभन्दा बढी नपढौं भनें । अनि गुरुले बिचमा एक घण्टा ग्याप राखेर पढाउन थाल्नु भयो । कसरी विद्यार्थीलाई पढ्न सहज हुन्छ वहाँ त्यसै गर्नुहुन्थ्यो । वहाँसँग एउटा पुरानो साइकल थियो । कीर्तिपुरको प्राध्यापक आवासगृहमा बस्नुहुन्थ्यो । त्यहाँदेखि त्यही पुरानो साइकल चलाएर विद्यापीठ आउने जाने गर्नुहुन्थ्यो । सुरूमा त्यस्तो बुढो मान्छे साइकल चलाएर अएको देख्दा मलाई अचम्म लागेको थियो । तर पछि बुझ्दै गएँ, सक्कली मानिसहरू यस्तै सरल हुन्छन् ।

जोसँग अनावश्यक तृष्णा छैन, अहंकार छैन, पाखण्ड छैन, त्यस्ता मान्छेका लागि कोहि शत्रु पनि हुँदैनन् । कुनै तनाब पनि हुँदैन, असन्तुष्टी केहि हुँदैन, वहाँमा सधैं सन्तोषको आभा देखिन्थ्यो । अझ पढाउन लाग्दा वहाँ धेरै खुशी र आत्मलीन बन्नु हुन्थ्यो । एकदिन विषय भन्दा बाहिर रहेर मैले करिब आधा घण्टा जति गुरुसँग कुरा गरें । गुरुले आफुलाई सबैभन्दा आनन्द प्राप्त हुने क्षण भनेकै विद्यार्थीलाइ पढाउँदा हो भन्नुभयो । यो कुराले मलाई गहिरोसँग छोयो । त्यसपछि म सकेसम्म वहाँको कक्षामा नियमित हुन थालें । जति नियमित हुँदै गएँ त्यति नै वहाँको विद्वताबाट म द्रबित हुँदै गएँ । वहाँको विद्याप्रेम र विद्यादानको अभिलाषाबाट अझै प्रेरित भएँ । वास्तवमा उहाँमा एक गुरु व्यक्तित्व देखें । अति नै दयालु हृदय पाएँ । विद्यार्थी भनेपछि हुरूक्कै हुने चरित्र पाएँ । मैले मेरो विद्यार्थी कालभरीमा वहाँसँगको विद्यार्थी प्रेमबाट जति द्रवित अरू कोहिसँग

पनि हुन सकिन । यद्यपि विद्यारम्भदेखि अन्तिम सम्मका सबै गुरुहरूप्रति मेरो असीम श्रद्धा छ र वहाँहरूप्रति अति नै कृतार्थ छु । गुरुले म शास्त्री तहमा पढ्दै गर्दा आचार्य तहमा विद्यार्थीहरूलाई पढाउदा पनि मलाई आएर कक्षामा बस्न भन्नुहुन्थ्यो, पछि सजिलो हुन्छ आउनुस् बाबु बस्नुस् भन्नुहुन्थ्यो । अनि आचार्य तहमा पढ्दै गरेका साथीहरू पनि मलाई पढाउँदै गरेको कक्षामा आएर बस्नु हुन्थ्यो । सबै विद्यार्थीलाई छोराछोरी जत्तिकै माया गर्ने र विद्यादानका लागि अति ईच्छुक हुनुहुन्थ्यो । परीक्षाको समय नजिक आएपछि हामीलाई भन्दा गुरुलाई नै बढी चिन्ता हुन्थ्यो । गुरुले हामीलाई आफ्नै निवासमा बोलाउनु हुन्थ्यो । आफ्ना शिष्यको पढाइ सम्बन्धी हरेक कदममा वहाँको चासो हुन्थ्यो । पढाइमा चाहिने सहयोग जति बेला पनि दिन तयार बन्नु हुन्थ्यो ।

संस्कृत दर्शन झट्ट हेर्दा क्लिष्ट छ तर पढ्दै र बुझ्दै गएपछि यो दर्शनले जीवनको जटिलतालाई सरलीकृत मार्गमा डोऱ्याउने काम गर्ने रहेछ । जो व्यक्ति संस्कृत दर्शनबाट अभिषिक्त छ उसको जीवन अति सरल र परोपकारी हुनेरहेछ। जसरी नरिवलको जटा भित्र सुकोमल गुदि र तरलता हुन्छ त्यसरी नै अति क्लिष्ट दर्शनको आवरण भित्र ज्ञान र आनन्दको रसिलो जीवन लुकेको हुनेरहेछ । डा. दुर्गाप्रसाद दवाडी त्यहि क्लिष्ट दर्शनको ज्ञानामृतबाट अभिषिक्त एक सरल र सुकोमल व्यक्तित्व हुनुहुन्थ्यो ।

मैले गुरुबाट सुरुमा सरदर्शन संग्रह पढ्न थालें । गुरुले सर्वदर्शन संग्रहमा सबै दर्शनको परिचय छ। पहिला यो राम्रोसँग बुझेपछि अरु ग्रन्थहरू पढ्न सजिलो हुन्छ भनेर वहाँले सो ग्रन्थ पढाउँ न थाल्नु भयो । सर्वदर्शन संग्रहमा सबै आस्तिक तथा नास्तिक दर्शनहरूको पक्ष विपक्षमा रमाइलो वाद प्रतिवाद छ। विशेष गरेर बौद्ध र वेदान्त दर्शनको वाद प्रतिवाद निकै रोचक छ। अनिश्वरवादी चार्वाक् दर्शनको पक्ष पनि निकै बुद्धिविलाशदायक छ। गुरुले जब दर्शनको दिग्दर्शन दिन थाल्नुहुन्थ्यो वहाँ आँखा चिम्लिएर व्याख्या गर्नुहुन्थ्यो। आचार्य तहमा पुगेपछि केहि दिन मलाई ब्रह्मसूत्रशाङ्करभाष्य बुझ्न निकै कठिन भयो । त्यसैगरी खण्डनखण्डखाद्यम् ग्रन्थ पनि केहि समय गाह्रो भयो, तर गुरुले यति धेरै मेहेनत गर्नुभयो कि, मलाई पछि बिस्तारै सहज हुँदै गयो ।

एउटा अनौठो विषय यहाँ उल्लेख गर्न मन लाग्यो । दवाडी गुरुलाई औपचारिक रूपमा प्राध्यापक बन्न धेरै समय लाग्यो । एउटा कक्षा पनि पढाउन नसक्ने र सकेर पनि नपढाउनेहरू सबै प्राध्यापक भइहाल्थे । उनीहरूसँग न कुनै अनुसन्धानमूलक लेख थियो न त कुनै किताव । केवल चाकडीका भरमा कतिले प्राध्यापक पद पाए तर दवाडी गुरु जोसँग ज्ञानको असीम गंगा बगिरहेको थियो वहाँले प्राध्यापक हुन धेरै समय लाग्यो । तथापि वहाँ स्वयम् एक पूर्वीय शास्त्रका अग्रगण्य साधक हुनुहुन्थ्यो ।

◆◆

मेरो अनुभवमा दुर्गाप्रसाद दवाडी

नीलकण्ठ भट्टराई
(वाल्मीकि विद्यापीठ)

'स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते' यो भनाइ आजको होइन, धेरै पहिलेदेखि सबैले भन्ने गर्दछन् । वास्तवमा यो यथार्थ हो । महाकवि कालिदासलाई हेरौँ । उनी इसापूर्व या पछि वास्तविक तिथि मिति किटान नभएपनि इसाकै अगि या पछिका हुन् । त्यो समयदेखि वर्तमानसम्म कालिदासको नाम त्यत्तिकै प्रख्यात छ । उनको मूर्खतालाई पनि उजागर गर्दै उदाहरण बनेको छ ।

राजा भोजको नाम त्यसै समयमा लुप्त हुन्थ्यो होला, त्यही समयका अन्य राजाहरूका नाम क्रमशः हराउँदै गएका उदाहरणहरू छँदैछन् । तर भोज राजाको नाम भने कालिदासको नामसँगै जोडिएर आइरहेको हामीले पाउँछौ ।

कालीदासलाई साहित्य विषयकाले मात्रै होइन सबै विषयका विद्वानूहरूले जान्दछन् । त्यति नै सम्मान र श्रद्धाका साथ हेर्दछन् । त्यस्तै व्यास, भारवी र वाल्मीकि आदि पनि छन् । यो उनीहरूको बौद्धिक र साहित्यिक प्रतिभाकै परिणाम हो । हुन त उनीहरूले संस्कृत भाषा र विषयमा आफ्नो बौद्धिक चमत्कार देखाएका थिए तर पनि धेरै देशका विभिन्न भाषा र साहित्यमा सम्मान पूर्वक उदाहरण बन्न पुगेका छन् ।

त्यस्तै नरपति दवाडी र सुभद्रा दवाडीका पनाति, देवीभक्त दवाडी र खगी दवाडीका नाति, अनि सेतु दवाडी र मधी दवाडीको छोराका रूपमा वि.सं. १९८५ साल माघ ४ गते गण्डकी अञ्चलको कास्कीकोट गा.वि.स ५ मा जन्मनुभएका प्रा.डा.दुर्गाप्रसाद दवाडीको प्रसिद्धी नेपालमा भएको हामीले पाउँछौं । उहाँको व्रतबन्ध १९९३ सालमा ८ वर्षको उमेरमा वैदिक विधिअनुसार भएको र प्राथमिक शिक्षा घरैमा बुबाबाट भएको हो भन्नेकुरा लिखित रूपमा पनि आएको छ र मसँग पनि यो कुरा कुनै प्रसङ्गमा उहाँले बताउनुभएको थियो । त्यो समयमा उपनयन नभैकिन वेद, रुद्री अध्ययन गर्नु नहुने ? भनेर मैले प्रश्न गर्दा उहाँले भन्नुभएको थियो- "उपनयन नभएको मानिसलाई द्विज भनिँदैन द्विज नभएको व्यक्तिलाई

ब्राह्मण भनिँदैन। त्यस्ता व्यक्ति संस्कृत हुँदैनन्, असंस्कृत हुन्छन्, असंस्कृतलाई वेद अध्ययन गर्न हाम्रो धर्म परम्पराले निषेध गरेको छ।" यस्ता मेरा विभिन्न कुराहरू समय सन्दर्भमा उहाँसँग हुन्थे। जुनसुकै विषयका कुरा सोधे पनि उहाँबाट जवाफ आउँदैन कि : भन्नु पर्दैनथ्यो, सप्रमाण जवाफ पाइन्थ्यो।

घरको प्राथमिक शिक्षा पछि उच्चमाध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश भारतबाट एस्.एल.सी उत्तीर्ण गर्नुभयो। क्रमशः आगरा विश्वविद्यालय आगरा भारतबाट स्नातक गर्नुभयो। त्यसैगरी 'गवर्मेण्ट संस्कृत कलेज बनारस' बाट शास्त्री र काशी राजकीय संस्कृत विश्वविद्यालयबाट, वाराणसीबाट नव्य व्याकरण विषयमा आचार्य अनि वारणसेय संस्कृत विश्वविद्यालय, वनारसबाट आगमाचार्य, शाङ्कर वेदान्ताचार्य, सर्व दर्शनाचार्य भएको कुरा उहाँका प्रमाणपत्रहरूले नै बताएका छन्। त्यसैगरी आगरा विश्वविद्यालय आगरा भारतबाट हिन्दी र संस्कृत विषयमा एम.ए. गर्नुभयो र त्रि.वि.बाट 'वेदप्राच्य दर्शन धर्मकर्म सिद्धान्त एकमध्ययनम्' विषयमा विद्यावारिधि गर्नुभयो।

'अन्नपूर्णगुरुकूलब्रह्मचर्याश्रम' वाराणसीमा शिक्षक भएर ७ वर्षसम्म अध्यापन गर्नुभयो। त्यसैगरी नेपाल संस्कृत महाविद्यालय मङ्गलगौरी वाराणसीमा १० वर्षसम्म प्राध्यापन गर्नुभएको कुरा पनि प्रमाणित छ। त्यसपछि २०२५ सालदेखि त्रिभुवन विश्वविद्यालय नेपालमा उप-प्राध्यापक पदमा नियुक्त भई प्राध्यापन गर्न थाल्नु भयो। क्रमशः सह-प्राध्यापक र प्राध्यापक भई वाल्मीकि विद्यापीठ काठमाडौँमा कार्यरत हुँदै २०५२ मा अनिवार्य अवकाश हुनुभयो। त्यसपछि २०६९ पुस २५ गते इहलीला समाप्त गरेर ब्रह्ममा लीन हुनुभयो।

उहाँले गरेका बौद्धिक, सामाजिक, शैक्षिक, साहित्यिक र प्रशासनिक उपलब्धीहरू हाम्रा सामुन्नेमा छन्। 'शरीर विचार' भन्ने हिन्दी भाषामा लेखिएको एउटा महत्त्वपूर्ण कृति हो। त्यस्तै सूचना तथा सञ्चार मन्त्रालयबाट २०४४ सालमा प्रकाशित 'भगवान् पशुपतिनाथको स्वरूप तथा महिमा भन्ने अर्को महत्त्वपूर्ण धार्मिक कृति पनि छ।

त्यस्तै अनुसन्धानात्मक लेखहरूमा 'तन्त्र विषये किञ्चित्, दर्शन समीक्षा, धर्ममा प्रमाण के ? राम्रो विग्रह धर्म, रामलीला रहस्य, अवतारवाद र विकासवाद एक विवेचना, देवनागरी वर्णमालाको वैज्ञानिकता, सनातन धर्म र सापेक्षवाद, जन्म र मृत्यु एक तात्त्विक विवेचना, नेपालमा शक्तिको उपासना, प्रत्यभिज्ञा एक

विवेचना आदि पनि प्रकाशित भएका छन् । यी लेखहरूले महत्त्वपूर्ण गरिमा बोकेका छन् । यसरी संस्कृत, हिन्दी, अङ्ग्रेजी र नेपाली भाषालाई लिएर त्यहाँका विभिन्न विधामा दक्षता प्राप्ति गर्नु उहाँको बौद्धिकताको परिचय हो ।

दवाडी गुरुसँग मेरो बारम्बार भेट भैरहन्थ्यो । म हरिदेव मिश्रको चेलो भएर स्नातकोत्तर तहमा पढ्दथेँ । त्यही नाताले उहाँले मलाई भन्ने गर्नुहुन्थ्यो 'हरिदेव मिश्रसँग धेरै ज्ञान छ, त्यो लिएर मात्र जानुहोला' । तर मैले भने अनुसार लिन सकिनँ, मलाई अहिले धेरै पछुतो लागेको छ । अब पछुतो सिवाय अरु केही छैन ।

दवाडी गुरु अर्काको प्रतिष्ठामा आँच आउने जस्ता कुरा गर्नुहुन्थ्यो । आफू खानपीनमा, लवाइमा ब्रह्मकर्म आदिमा परम्पराको परिधीभित्रै रहनुभयो ।

दवाडी गुरु कीर्तिपुरको प्राध्यापक निवासमा बस्नुहुन्थ्यो । एक दिन कीर्तिपुरबाट साँझ बस चढेर गुरु रामचन्द्र झा र म रत्नपार्कतिर आउँदै थियौँ । विश्वविद्यालय प्रवेशद्वारमा पुगेपछि दवाडी गुरु पनि त्यही बसमा चढ्नुभयो, अनि रामचन्द्र गुरु र दवाडी गुरुको संस्कृत भाषामा कुराकानी हुनथाल्यो । सर्वप्रथम वर्तमान परिवेशका कुरा भए । अनि क्रमशः धर्मदर्शनका कुरा भए । त्यस बसमा बसेका सबै यात्रुहरू उहाँहरूका गफ सुन्नमा ध्यानाकृष्ट भए । गाडी गुड्दै रत्नपार्कतिर आयो । त्यो क्षण सबैलाई ध्यानाकृष्ट भएकोले रमाइलो क्षण भएको थियो । सबैका केन्द्रविन्दु उहाँहरू नै हुनुभयो । संस्कृत नजान्नेहरूले पनि गफ गरेका कुरा केही मात्रामा बुझे । उनीहरूको आकृति र भावना बुझ्दा संस्कृत भाषाप्रति धेरै यात्रु मोहित भएको बुझिएको थियो ।

उहाँको विद्यावारिधिको अन्तर्वार्ता लिन भारतबाट विद्वान्हरू आउनुभएको थियो । उहाँलाई खान बस्न र मन्दिर घुमाउन मेरै जिम्मामा आएको थियो । म त्यो बेलामा पुरानो बानेश्वरमा डेरा गरेर बस्थेँ । नजिकै मेरो काकाको घर थियो । खाने बस्ने व्यवस्था त्यहीँ गरेको थिएँ । उहाँ धेरै खुसी हुनुभयो । भोलिपल्ट दिउँसो अन्तुर्वार्ता थियो । अन्तर्वार्ता सुन्नेहरूले भन्थे परीक्षक भन्दा परीक्षार्थी बढी जानकार भएको बुझियो । त्यस अन्तर्वार्तामा प्रा.डा हरिदेव मिश्र पनि हुनुहुन्थ्यो । उहाँलाई पनि त्यस्तै लागेछ, मसँग कुरा गर्नुहुन्थ्यो ।

यी सबै मैले जानेका, बुझेका र सुनेका कुरा हुन् । उहाँप्रति मेरा शब्द श्रद्धा यत्ति अर्पण गरेर बिट मार्दछु । अस्तु !

स्वर्गीय प्रा. डा. दुर्गाप्रसाद दवाडी केही संस्मरण

ध्रुवमणि ज्ञवाली
कीर्तिपुर काठमाडौं

प्रा.डा.दुर्गाप्रसाद दवाडीज्यूसँग मेरो चिनजान वि. स. २०३२ सालतिर भएको हो । हाम्रो डेरा काठमाडौंको ॐवहाल भन्ने ठाउँमा थियो र उहाँ सपरिवार नै सुन्दरीघाटस्थित त्रिभुवन विश्वविद्यालयको प्राध्यापक क्वाटरमा बस्नुहुन्थ्यो । मेरा पिताज्यू प्रा.डा. विष्णुप्रसाद ज्ञवाली र उहाँ दुवै वाल्मीकि विद्यापीठमा प्राध्यापन गर्ने हुँदा उहाँहरू २०३० सालदेखि नै जीवनयात्राका अत्यन्त घनिष्ठ सहयात्री हुनुहुन्थ्यो । मेरा पिताज्यूको उहाँसँग साथी, सल्लाहकार एवं अभिभावक सबै प्रकारको सम्बन्ध थियो । मेरा पिताज्यूले 'पुराणेषु नेपालविषयकं विवेचनात्मकमध्ययनम्' विषयको शोधप्रबन्ध तयार गरी विद्यावारिधि गर्ने क्रममा गुरु वाल्मीकि विद्यापीठको मीमांसा सर्वदर्शन विभागाध्यक्ष रही उहाँको मार्गनिर्देशनमा नै पिताज्यूले विद्यावारिधिको उपाधि प्राप्त गर्नुभएको थियो ।

गुरु दुर्गाप्रसाद दवाडीज्यू र मेरा पिताबीच विचार, भावना र दृष्टिकोण मिल्ने भएर नै उहाँहरू जीवनको उत्तरार्द्धमा सँगै बस्ने विचारले काठमाडौं कीर्तिपुर ट्याङ्लाफाँटमा एक रोपनी जग्गाको एउटा खेत घडेरीका लागि किन्नुभएको थियो । वि.सं. २०४७ सालमा पिताज्यूले घर बनाएपछि त्यसको केही वर्षपछि गुरुले पनि त्यहाँ घर बनाउनुभयो र हामीहरू एकै छेउमा बस्न थालका थियौं । किनेको एक रोपनी जग्गा नक्सामा कित्ताकाट गरी आधाआधा थियो तर व्यवहारमा साँध सीमाना छुट्याइएको थिएन । हामीहरू चिउराका लागि ताइचिन धान रोपी बाली भित्र्याउँदा आधाआधा गर्ने गर्थ्यौं । मेरा पिताज्यूले घर बनाउने क्रममा साँधसीमाना छुट्याउन मलाई गुरु दुर्गाप्रसाद दवाडीलाई बोलाउन पठाउनु भई म सुन्दरीघाटस्थित प्राध्यापक क्वाटरमा गई उहाँलाई खबर गर्दा ध्रुवबाबु तिमीहरूले छुट्याए भैहाल्छ म आइरहनुपर्देन भन्नुभयो र

आउनुभएन। मेरा मामा ई. घनश्याम गौतमले जग्गा नापजाँच गरी आधाआधा छुट्याइदिनु भएको थियो। सोही साँधसीमाना यथावत् कायम छ। गुरुले पछि पनि कहिल्यै प्राविधिक ल्याई नापजाँच गर्नुभएन । उहाँले मानिसमाथि गर्ने विश्वास यो हदसम्म रहेको थियो।

मेरा पिताज्यू र दुर्गाप्रसाद दवाडी गुरु यौटै उमेर समूहका भएकाले वहाँहरू बिच साथीभाइको व्यवहार रहे पनि एकले अर्कोप्रति राख्ने श्रद्धा र स्नेहको भावना सदैव रहिरहन्थ्यो। पिताज्यूको स्वर्गवास पश्चात् गुरुले नै पितृमोक्षका लागि पुराण वाचन सात दिनसम्म गरिदिनुभएको थियो। गुरुज्यूले कहिल्यै कसैको आलोचना गरेको मैले सुनिनँ र थाहा पाइनँ। गुरुका ज्येष्ठ पुत्र विश्वनाथ भाइले मसँग कुराकानी हुँदा बा कडा हुनुहुन्छ भन्ने गर्नुहुन्थ्यो तर मलाई कहिल्यै त्यस्तो लागेन। गुरुलाई सधैँ शान्त, सौम्य एवं सक्रिय रहेको मैले पाएँ। खाली बसेको वा गफ गरेर बसेको मैले कहिल्यै देखिनँ। घरको एउटा कोठाभरि विभिन्न संस्कृतका पुस्तकहरू राखी पुस्तकालय बनाउनुभएको थियो र म जहिल्यै जाँदा पनि उहाँलाई अध्ययन नै गरिरहेको अवस्थामा देख्थैं। मेरो मन मस्तिष्कमा उहाँको व्यक्तित्वको गहिरो प्रभाव परेको थियो। उहाँ गम्भीर, सौम्य, शालीन एवं प्रभावशाली व्यक्तित्वका धनी हुनुहुन्थ्यो र अत्यन्त स्वाभिमानी, साहसी एवं मृदुभाषी स्वभावका हुनुहुन्थ्यो । थोरै बोल्ने, बोलेका कुरा स्पष्ट र अकाट्य सत्य हुन्थे। म विज्ञान र कानुन पढेको संस्कृत अध्ययन नै नगरेको व्यक्तिले उहाँका सम्पूर्ण कुरा बुझ्न सक्ने क्षमता ममा नभए तापनि मैले उहाँलाई वैदिक सनातन धर्म संस्कृति, मीमांसा, दर्शन आदि संस्कृत विधाका विविध विषयमा राम्रो ज्ञाता रहेको पाएँ। सबैसँग सम्पर्क र सम्पर्क बढाउन सक्ने क्षमता भएका सबैका हितैषी, मिलनसार, विश्वविद्यालय र समाजमा राम्रो मान-प्रतिष्ठा, ख्यातिप्राप्त व्यक्ति हुनुहुन्थ्यो। यी गुण र विशेषताहरूमध्ये केही पैतृक विरासतमा प्राप्त भएका र केही आफ्नै निजी कर्म गुण विशेषण र स्वभावका कारण पनि उक्त वैशिष्ट्य उहाँमा रहेको थियो। बाँचुन्जेलसम्म कहिल्यै पनि आलस्य नगरी "चरैवेती चरैवेती" भन्ने शास्त्रीय उक्ति चरितार्थ गर्दै गुरुले अत्यन्त सक्रिय जीवन बिताउनुभएको थियो।

मैले विज्ञान पढ्ने क्रममा भौतिकशास्त्रमा एक वर्ष परीक्षामा असफल

भई बिहान-बेलुका घरमै पढ्ने र दिउँसो सीताराम मावि रामकोट डाँडा पौवामा गणित विषय शिक्षण गर्ने गरेको थिएँ । सो कुरा थाहा पाउनुभएका गुरु दुर्गाप्रसाद दुवाडीज्यूले "बाबु ध्रुव, अरू सबै जे खाए पनि जीवनमा हरेस कहिल्यै नखानू" भन्नुभएको कुरा मेरो मानसपटलमा सधैँ रहिरहेको छ र गुरुको त्यही उपदेशले मलाई सदैव प्रेरणा दिइरहन्छ । कच्चा उमेरमा गुरुले पढाएको कुरा चाँडै बुझिन्छ । अलिकति परिश्रम गरे पनि कण्ठस्थ हुन्छ । सानामा कण्ठस्थ भएको कुरा पछिसम्म वज्रलेप हुन्छ । अलि उमेर छिप्पिएपछि पढ्दा गुरुले भनेका कुरा एकै पटकमा बुझिँदैन । त्यसलाई धेरैबेर घोकेपछि मात्र कण्ठ हुन्छ । घोकन्ती विद्या धावन्ती खेती भन्ने कुराहरू लगायत दानले दरिद्रताको नाश हुन्छ तथा शील (सच्चरित्रता) ले दुःखको नाश हुन्छ, बुद्धिमत्ताले अज्ञानताको नाश हुन्छ तथा सद्विचारमा दृढ रहेमा भयको नाश हुन्छ भन्ने कुरा मैले गुरुबाट ज्ञान पाएका विषय हुन् । एक पटकको कुरा हो जनै पूर्णिमामा सुन्दरीघाटस्थित वागमती नदीमा स्नान तर्पण गर्ने सल्लाह भई गुरुज्यू उहाँका छोराहरू, मेरा पिताजी म र मेरा भाइहरू त्यहाँ जाँदा वागमती नदी अत्यन्त धमिलो देखेर मेरो मनले त्यहाँ स्नान गर्न नमानी नजिकै ढुङ्गे धारासमेत हुँदा मैले 'गुरु नदी धमिलो रहेछ, ढुङ्गे धारामा स्नान तर्पण गर्दा हुँदैन र !' भनी सोधनी गर्दा गुरुले 'पानीको महत्त्व होइन, नदीको महत्त्व हो' भन्नुभयो । पितासमानका गुरुसँग थप विवाद गर्न मनले मानेन र नदीमै स्नान तर्पण गरी फर्कियौँ ।

आफ्नो आत्मोन्नति, स्तरोन्नति एवं सुखानुभूतिको लागि विभिन्न विषयको गहन अध्ययन, अनुशीलन र चिन्तन-मनन गरी विशेष ज्ञान आर्जन गर्न सकेमा मात्र मनुष्य जीवन सार्थक भएको मानिन्छ र यस्तो व्यक्तित्व मैले दुर्गाप्रसाद दवाडी गुरुज्यूलाई मानेको छु ।

केही दिनअघि श्रद्धेय गुरुको ज्येष्ठ सुपुत्र श्री विश्वनाथ दवाडी भाइ हाम्रो घरमा आउनुभयो र गुरुका बारेमा स्मृतिग्रन्थ प्रकाशन गर्न लागेको हुँदा गुरुका बारेमा केही लेखिदिनुहोस् न भनी भन्नुभयो । गुरुका सम्बन्धमा पूर्णज्ञान मलाई नभएको मेरो लेखन कलासमेत सन्तोषजनक नभएको जानकारी गराउँदा दाइलाई जे लाग्छ त्यही लेखिदिनुहोस् न भन्नुभयो । गुरुको योग्य कर्महरूको

व्याख्या गुरुका सम्बन्धमा जानिफकार व्यक्तिहरूबाट स्मृतिग्रन्थका पानाहरूमा सदा अमर हुने र पछिका पिँढीहरूले समेत श्रद्धाका साथ संरक्षण र मनन गर्ने सच्चा पितृभाव भाइ विश्वनाथमा देख्दा मन हर्षले विभोर भयो । जबजब म उहाँको कीर्तिपुरस्थित घरमा पुग्छु गुरु अब यो धर्तीमा हुनुहुन्न र उहाँसँग भेट हुँदैन भन्ने कुरा यो मनले मान्न गाह्रो हुन्छ । 'ध्रुव बाबु सन्चै छौ ?' भन्दै गुरु टुप्लुक्क आइपुग्नुहुन्छ कि जस्तो लाग्छ ।

गुरुका सम्बन्धमा मेरा हरफहरू भावनात्मक नभएर सत्यमा आधारित छन् । मेरा शब्दहरू वहाँको पछाडि श्रद्धा मात्र नभएर यथार्थ हुन् । जीवनको उत्तरार्द्धमा समेत साइकल चलाई हिँडडुल गर्नु भएको र पछि जिउ कुप्रिएर हँसियाजस्तो हुँदा समेत सक्रिय रूपमा हिँडडुल गर्नुभएको गुरुको झल्को मन-मस्तिष्कमा आइरहन्छ । उहाँका शब्द वाक्य र भनाइ सधैँ सुनिरहुँ लाग्ने हुन्थे । उहाँको अर्ती उपदेश र शिक्षालाई हुबहु ग्रहण गर्न सकेको भए जीवन कति सार्थक हुँदो हो जस्तो लाग्छ । विज्ञान पढे पनि इन्जिनियर बन्न नसकेको म प्राइवेट बी.एल. परीक्षाको तयारी गर्दै थिएँ । मेरा पिताजी सँगै वाल्मीकि विद्यापीठबाट हाम्रो घरमा गुरुसँगै आउनुभएको थियो । मैले कानुन पढ्न लागको जानकारी पाइ गुरुले कवि भर्तृहरिको कथन सुनाउनुभयो ।

निन्दन्तु नीतिनिपुणा यदिवास्तुवन्तु ।
लक्ष्मीः समाविशतु गच्छतु वा यथेष्टम् ॥
अद्यैव वा मरणमस्तु युगान्तरेवा ॥
न्यायात् पथः प्रविचलन्ति पदं न धीराः ।१।

यसको अर्थ निन्दा गरोस् वा प्रशंसा, लक्ष्मी आऊन् वा जाऊन्, आजै मर्नु परोस् वा कालान्तरमा यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी न्यायकर्ताहरू न्यायको बारोबार हिँडिरहन्छन् । कत्ति पनि विचलित हुँदैनन् भन्ने हो भनी बताउनुभएको थियो । म सरकारी सेवामा रहँदा वा अवकासपछि पनि गुरुबाट जानकारी प्राप्त भएको उक्त कुरा मेरो मन मस्तिष्कमा सधैँ रहेको छ । सधैँ सत्य शुद्ध र आत्मा बोल्ने आदरणीय गुरुले धेरै विषयमा धेरै कुराको जानकारी राख्नुभएको Encyclopedia जस्तै लाग्नुहुन्थ्यो मलाई र उहाँलाई स्मरण गर्दा मेरो मन-मस्तिष्कमा विशेष आनन्दको अनुभूति भएर आउँछ । गुरु

साँच्चिकै ऋषिमन भएका व्यक्तित्व लाग्थ्यो । मलाई र काम, क्रोध, लोभ, मोह, मायाले उहाँलाई कहिल्यै छुन सकेन ।

कानुनमा जबजब डी.एन.ए. को प्रसङ्ग आउँछ तबतब म गुरु र उहाँका सन्ततिहरूलाई सम्झन पुग्छु । कारण के भने अर्घाखाँची खिदिमका महापण्डित दधिराम मरासिनीका सन्तति विजया मरासिनीसँग गुरुको ज्येष्ठ सुपुत्र विश्वनाथको विवाह भई निजहरूबाट छोरा कमलेश र छोरी मनीषाको जायजन्म भएकोमा गुरुको नाति कमलेश दवाडीले पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट छात्रावृत्तिमा बी. ई. उत्तीर्ण गरी वाल्मीकि विद्यापीठबाट संस्कृत पढी आचार्य तह उत्तीर्ण गर्नुभएको साथै नातिनी मनीषाले छात्रावृत्तिमै एम. बी.बी.एस. अध्ययन गर्दै हुनुहुन्छ । गुरुका ज्येष्ठ सुपुत्र विश्वनाथ वाल्मीकि विद्यापीठमा प्राध्यापन गर्ने र कान्छा सुपुत्र पोखरामा प्राध्यापन गर्ने गर्नुहुन्छ र गुरुको कान्छा सुपुत्र पशुपतिकी छोरी गुरुकी नातिनीले समेत छात्रावृत्तिमै एम.बी.बी.एस अध्ययन गर्दै हुनुहुन्छ । वंशाणुगत जिनको प्रसङ्ग आउँदा गुण सम्भव एवं विद्वतासमेत गुरुका सन्ततिहरूमा चरितार्थ भएको म देख्दछु ।

हाम्रो हिन्दु-शास्त्रले आफ्ना कर्मअनुसार सूक्ष्म शरीरले मोक्ष प्राप्त गर्ने, स्वर्गलोक वा पितृलोक जाने वा अर्को जन्म लिने आदि विभिन्न सम्भावना बताउँछ । गीता भन्छ-"मानिसले पुरानो लुगा फेरेझैँ अजर आत्माले शरीर फेर्दछ ।" मृत्युपछि के हुन्छ भन्नेमा संसारमा सर्वमान्य कुनै एउटा सुनिश्चित मत भने छैन, न दर्शनमा न विज्ञानमा । बुद्ध दर्शनले व्यक्तिगत शाश्वत आत्माको अस्तित्व एवं पुनर्जन्म नै मान्दैन, यद्यपि केही मतमा कार्य कारणको श्रृङ्खलामा (पूर्व कर्मका आधारमा) एक प्रकारको निरन्तरता स्वीकार गर्दछ । मृत्युपछि कुनै तत्त्व बाँकी रहँदैन, सबै शून्य हुन्छ भन्ने कुरा मान्न हाम्रो संस्कारले दिँदैन । यदि पूर्वीय दर्शन मिथ्या छैन भने स्वर्गलोकमा दुई मित्र गुरुज्यू मेरा पिताज्यू फेरि साथै हुनुहोला । जेसुकै यथार्थ भए पनि इहलौकिक देह छोडिसकेपछि उहाँहरूको गन्तव्य जहाँ छ सुखमय होस्, आनन्दमय होस् र आत्माले शान्ति पाओस् । ईश्वरसँग पनि मेरो यही प्रार्थना छ । अस्तु परिपूर्णम् ।

◆◆

शिक्षाका पारसमणि डा. दुर्गाप्रसाद दवाडी

बलराम पोखरेल
प्राध्यापन, कालिका पब्लिक कलेज
पोखरा

पारसमणि भनेको त्यस्तो चिज हो, जो छेउमा पुग्छ त्यो पनि पारसमणि बन्छ। त्यस्तै डा. दुर्गाप्रसाद दवाडीको सानिध्यमा जो पुग्थे उहाँ एउटा वाक्य बोल्नुहुन्थ्यो- "कति पढ्यौ ?" अगाडि बढ्नुपर्छ, पढ्नुपर्छ। सात्विक जीवन बाँच्नुपर्छ। धर्म-संस्कृति, रीतिरिवाजको रक्षा गर्नुपर्छ।

धर्मो रक्षति रक्षितः। हामीले सत्य धर्मको रक्षा गर्‍यौं भने धर्मले हाम्रो रक्षा गर्छ। हामीले धर्म फाल्यौं भने हामीलाई धर्मले फाल्छ। हामीलाई धर्मले फालेमा कुकृत्यतर्फ लाग्छौं। दुर्व्यसनीतर्फ लाग्छौं। अहंवादी बन्छौं। काम, क्रोध, लोभ, मोह ईर्ष्या, मात, घृणा, हेला, अपमानजस्ता कुराहरूले धर्मको स्थान लिन्छन् र हामी बर्बाद बन्छौं। बर्बादीबाट बच्नका लागि हामी सत्यवत् धर्म प्रचारकृ सिद्धान्त अपनाउनुपर्छ भन्ने अर्ति दिनुहुन्थ्यो दुर्गाप्रसाद दवाडी।

हजुरबा साह्रै सन्त, निष्ठावान् गृहस्थी धर्ममा रहेर पनि एक गुप्त योगीको जीवन बिताउनुभएको थियो। उहाँको वचनमा सिद्धि थियो। वाणीमा मधुरता थियो। व्यवहारमा कञ्चनता थियो। त्यागमा उहाँ महात्यागी हुनुहुन्थ्यो। उहाँको सफलता सत्यता अनि विद्वता एउटा लटरम्म फलेको वृक्ष जस्तै थियो। प्रश्नका झटारोले हान्दा उहाँ सहज र सरल व्यावहारिक उत्तरले प्रभावित पार्नुहुन्थ्यो।

उहाँको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको पढ्नुपर्छ, ज्ञानको ज्योति मस्तिष्कमा जति तेजिलो बाल्न सकियो त्यति सूक्ष्म कुरा र टाढाटाढाका कुरा देख्न सकिन्छ। मानिसले मस्तिष्कमा ज्ञानको प्रज्ज्वलित दीपक जलाउनुपर्छ। जुन दीपकले जीवनभर उज्यालो दिन्छ जीवनपश्चात् गन्तव्यमा पुर्‍याउँछ र भवसागरबाट पार तर्न सकिन्छ। हाम्रो जीवनको गन्तव्य भनेको मोक्ष प्राप्त

गर्नु हो । मोक्ष प्राप्त गर्न यसका परमात्माका अंश हामी परमात्माको पूर्णतामा आफूलाई पुऱ्याएर सफलता प्राप्त गर्नु हो ।

खानपान आहार, विहार, मैथुन यी क्रिया सबै प्राणीले गर्छन् । मानिस त्यहाँबाट माथि उठेर म को हुँ ?, कहाँबाट आएँ ?, जानु छ कहाँ ? अघि कहाँ थिएँ ?लानु छ के ?, जाने कता हो ? यी प्रश्नको गम्भीर उत्तर डा. दुर्गाप्रसाद दवाडी सरलताका साथ दिनुहुन्थ्यो ।

उहाँ भन्नुहुन्थ्यो- हामी ईश्वरका सन्तान हौँ । यो शरीर ईश्वर बस्ने मन्दिर हो । यो मन्दिरको रक्षा गर्दै शरीरभित्र विराजमान ईश्वरको सम्मान गर्नुपर्छ । शरीरभित्रको ईश्वरको सम्मन गर्नु भनेको हाम्रो शरीरलाई सकारात्मक ऊर्जा दिने खाना, सकारात्मक ऊर्जा दिने चिन्तन, सकारात्मक ऊर्जा दिने विद्या, सकारात्मक ऊर्जा दिने पैसा, सकारात्मक ऊर्जा दिने परिवार, सकारात्मक ऊर्जा दिने परिवार र सकारात्मक ऊर्जा दिने सरकार बनाउनका लागि हामी प्रयत्नशील बन्नुपर्छ । हामी यी कुरा यस जीवनमा सबै नसकूँला तर यात्रा गर्न थालेपछि कुनै न कुनै दिन पक्कै पनि यात्रा पूरा होला । यात्रा गरौँ यात्रा गर्न छोडेर मनलाई विषयवस्तुतिर भड्काउनुहुन्न भने देववाणी डा. दुर्गाप्रसाद दवाडी आफ्नो सानिध्यमा आएका मानिसहरूलाई दिनुहुन्थ्यो ।

दुर्गाप्रसाद दवाडीको जीवन १९९३ मा व्रतबन्ध गरेपछि एउटा योगसाधनाको जीवनको आरम्भ भएको पाइन्छ । जीवनको मध्यावस्था र उत्तरार्धतिर उक्त योगसाधनाको बीजारोपण पूर्ण रूपले फैलिँदै रगत, कोष-कोषमा बगेको पाइन्छ । बाहिरबाट फट्ट हेर्दा गृहस्थी जीवन व्यतीत गर्ने देखिनुहुन्थ्यो । कर्ममा विश्वास गरी आफूले आर्जन गरेर खानुपर्छ । बिना आर्जन, बिना दानको खाना पचाउन गाह्रो हुन्छ भन्ने एउटा आदर्शपथ प्रदर्शक दवाडी ४२ वर्षको लामो क्षण औपचारिक रूपमा शिक्षा प्रदान गर्दै बिताउनुभयो । अनौपचारिक रूपमा शिक्षा प्रदान गर्दै बिताउनुभयो । अनौपचारिक रूपमा दवाडीले आफ्नो वंश नजिक परेका र अर्ति उपदेश माग्नेलाई शिक्षाको वरदान दिनुभयो । दवाडीको सानिध्यमा पुगेका कूल कुटुम्ब लगायतका छरछिमेक तथा आफन्तजन, आस्थाजन सबैलाई दवाडीले पढ्ने प्रेरणा र इलममा लाग्ने आफ्नो पारिवारिक सफल जीवन जीउने प्रेराणा प्रदान गर्नुभयो ।

दुर्गाप्रसाद दवाडीको सानिध्य मैले भौतिक रूपमा धेरै पाउन नसके

पनि भावनात्मक रूपमा मैले निकै गहिरो सानिध्य पाएँ । मलाई लाग्छ- उहाँ कलियुगका प्रत्यक्ष एक सिद्ध पुरुष अथवा ऋषि हुनुहुन्थ्यो । उहाँले जीवन-जगत्का धेरै कुराहरू पत्ता लगाएर समाजलाई अर्पण गरी आदर्श जीवन चरित्र प्रस्तुत गरी अरूका लागि प्रेरणाको स्रोत हुनुहुन्थ्यो ।

तरङ्गिँदै जाँदा उहाँका असल गुणको वर्णन गर्न मैले शब्द नै पाउन्न मलाई जीवनको आदर्श प्रदान गर्ने डा. दुर्गाप्रसाद दवाडीबाट मैले प्राप्त गरेका अनौपचारिक रूपमा महत्त्वपूर्ण शिक्षाहरू धेरै छन् । आफ्नो ज्ञानलाई मानव, पशुपन्छी, वनस्पति आदि अनादि सत्ताका कृतिहरूलाई बाँड्न र सेवा प्रदान गर्न सक्नुपर्छ । हामी आज शरीरका साथमा छौँ । भोलि शरीरबाट बिदा भएपछि एक सार्वभौम सनातन शरीरको आवश्यकता पर्छ । बाह्यजगत्मा प्रवेश गर्नुपर्छ । अहम् र महत्वाकाङ्क्षाको प्रकट गर्नु भौतिक रूपमा आफूलाई ठान्नु रूप होइन ।

यो आन्तरिक परिवर्तन र ठोसका विनाशको जीवन हो । वास्तविकता भनेको आन्तरिक ऐश्वर्यको झरना स्थिर गतिशील भएर प्रकट सार्वभौम, सनातन, जीवन्त एकाइ जीवनको लक्ष्य र गन्तव्य हो । यो शरीरको उपयोग गरेर हामी अनादि सत्ताको प्रसादका रूपमा यो शरीरलाई लिनुपर्छ । शरीर दिव्य र पवित्र मन्दिर हो । यो शरीर प्राप्त गर्न देवता तपस्या गर्छन् र शरीर प्राप्त गरेर मोक्षमार्गमा पुग्नका लागि उनीहरू इच्छुक हुन्छन् ।

हामीले देवताको भन्दा पनि महान् शरीर प्राप्त गरेका छौँ । तेत्तीस कोटी देवता नै शरीरमा निवास गरेका हुन्छन् । आ-आफ्ना ठाउँबाट जुन शक्ति शरीर ध्यान दिनुपर्ने हो, त्यो दिइरहेका हुन्छन् । तबसम्म दिइरहन्छन् जबसम्म हामीले यो शरीरको रक्षा गर्दछौँ । शरीररूपी मन्दिर ढलेपछि देवता पनि त्यहाँबाट निस्कन्छन् । हाम्रो शरीरमा भित्रको काम देवताले गरेका हुन्छन् भने नकरात्मक ऊर्जा भर्ने दानवको पनि त्यतिकै बास शरीरमा हुन्छ। देवदानवको युद्ध शरीरमा हुन्छ । देवताले जिते हाम्रो शरीरको ऊर्जाले हरेक वस्तुलाई सकारात्मक किसिमले सोच्ने र चिन्तन गर्ने बल प्रदान हुन्छ र खाना सात्विक मन पर्छ । खानाले शरीरको मन्दिर र देवताको पूजा गर्नुपर्छ भने शरीरअनुकूलको भोजनको इच्छा हुन्छ । वस्तु, व्यक्ति, वनस्पति, जीव जताबाट पनि सकारात्मक सोच र चिन्तन मात्र प्राप्त हुन्छ । दैविक, प्राकृतिक, कृत्रिम

हरेक घटनालाई सकारात्मक चिन्तनले हेर्ने दृष्टिकोण बन्छ । शरीरमा देव र दानवको युद्ध भइरहन्छ । यो कलियुग त झन् देवताको भन्दा दानवको युग हो । देवताले हाम्रा शरीरबाट हारे भने हाम्रो शरीरमा दानवी-शक्ति बढ्छ । खाना तापसी सुख्खा मांसहार पीरो भुटेको तारेको अन्य मस्ताना पेय पदार्थ, भोज, मोजमस्ती, हाँसोठट्टा, मजाक, यौनेच्छा, द्युतक्रीडा, शोषण, अत्याचार जस्ता कुराहरूले जिते भने मान्नुहोस् त्यति बेला तपाईको शरीरमा देवताको हार र दानवको जित भएको हुन्छ । महत्वाकाङ्क्षा बढ्छ । संसारले आफूलाई मानोस् भन्ने प्रवृत्ति बढ्छ । यही प्रवृत्तिका कारण देव र दानव युद्धमा दानवले देवतालाई दु:ख दिन्छ । यसले गर्दा शरीरमा विभिन्न रोग लाग्नु, डरलाग्दा क्यान्सर, प्रेसर, कोलस्टोरजस्ता रोगमा दानवले हाम्रो शरीरको सिकार गर्छन् ।

हामीले जे खान्छौं त्यहीअनुसार हाम्रो चिन्तन बढ्छ । सात्विक खानाले सात्विक चिन्तन र सात्विक चिन्तनले सात्विक सुन्दर, आकर्षक शरीर बन्छ । पवित्र वस्तु सबैको हितकर र सबैको प्रिय बन्छ । त्यसबाट सकारात्मक ऊर्जा निस्कन्छ । उक्त निस्किएको सकारात्मक ऊर्जाले प्रकृति र ब्रह्माण्डमै सकारात्मक ऊर्जा थपिन्छ । तामसी खानाले तामसी विचार अहंपन उत्पन्न हुन्छ, जसले गर्दा चिन्तन राजसी अथवा 'म राजा हूँ' मेरा लागि सबै गर्न सक्छ । मलाई हिजो कसैको सहायता मिलेन । आज म सबै आफैं गर्ने भएँ । मलाई कसैको मतलव छैन । आश पनि छैन । कसैको आश पुऱ्याउनु पनि पर्दैन भन्ने चिन्तनले घेरेको हुन्छ । जसले गर्दा मानवत्व परोपकारको भावनाको अन्त्य हुन्छ । सर्वेसर्वा आफैंलाई ठान्ने बानीको विकास हुन्छ । यस्तो बानीले गर्दा समाजले केही पाउँदैन । न त उसलाई समाजले नै रुचाउँछन् ।

तेस्रो खाना मांसाहार, सुक्का, रक्सी तथा यौन पिपासुजन्य बन्छ । यस्तो आहार बीटलाग्दो हुन्छ । त्यस्ताको न त कुनै विश्वास हुन्छ । त्यस्ता व्यक्ति वास्तवमा विष भरिएका सर्पजस्ता महाराक्षस हुन् । जसले आफूलाई त सिध्याएका हुन्छन् नै अरूलाई पनि नष्ट गर्छन् त्यस्ता व्यक्तिका पीडा न त धर्ती सहन गर्न सक्छिन् न त प्रकृति सहन गर्न सक्छिन् । मानव, वनस्पति र जीवन यस्ता प्रवृत्ति भएका मानिससँग भयभित त्रसित रहन्छिन् । यो प्रवृत्तिको उत्तरोत्तर प्रगति हुनुभनेको महाप्रलयको संकेत हो । यो प्रवृत्तिलाई ब्रह्माण्डले धान्न नसकेपछि हरेक देवताले आफ्नो-आफ्नो कर्तव्य पूरा गर्न सक्दैनन् र महाप्रलय हुन्छ ।

◆◆

जस्तो खाना त्यस्तै मन हुने भएकाले सात्विक खाना खाऔँ। सकारात्मक चिन्तन राखौँ। सत्यको पथमा हिँडौँ भन्ने सन्देश डा. दुर्गाप्रसाद दवाडी आफ्नो सानिध्यमा रहेका मानिसहरूलाई दिनुहुन्थ्यो । नेपाल भनेको शिवभूमि एवं ऋषिमहर्षिहरूको साधना-स्थल हो । यो माटोमा पाशुपत योगको जन्म र विकास भएको हो । परम् पवित्र हिमवत् खण्ड हो । हामी सांसारिक गृहस्थ धर्ममा रहँदारहँदै पनि योगी बनौँ। मानव धर्म सबैमा बाँडौँ। समाजलाई पतन हुनबाट जोगाऔँ। सत्य सङ्कल्प लिएर हिँडौँ। ज्ञान, विज्ञान र साधना सबैले मानौँ।

डा.दुर्गाप्रसाद दवाडी भन्नुहुन्थ्यो- त्रियोगको दिव्यपथबाट हरेक मानवलाई धार्मिक-मार्गतर्फ प्रेरित गर्न सकिन्छ।

शरीर रहस्यहरूको केन्द्र हो। शरीरलाई प्रेम र सम्मान अनि हिफाजत गर्नुपर्छ। यो शरीर हाम्रो मूल ढोका हो। अनादि सत्तासम्म पुग्नका लागि यो शरीर नै एउटा माध्यम हो। यसका माध्यमबाट नै हामी मानव जीवन लक्ष्यभूत गन्तव्यमा पुग्न सक्छौँ। शरीर त देवालय हो। योभन्दा परम् पवित्रस्थल अरू केही हुँदैन। यसलाई दूषित हुनबाट बचायौँ भने मात्र हामीले हाम्रो र समाजको कल्याण गर्न सक्छौँ। स्वधर्मको यात्रा गर्नलाई यो शरीर दूषित हुनबाट हामीले जोगाउनुपर्छ। शरीरको योग र साधनाका माध्यमबाट हामीले जीवनका सम्पूर्ण रहस्यहरूलाई स्थूल शरीरको स्वस्थताका साथ दिव्य शरीरको अनादि सत्ताको विराट स्वरूपको दर्शन गरी मोक्ष प्राप्त गर्न सक्छौँ। हाम्रो चिन्तन पनि यही हो। हामीले मानव जीवन भगवान्सँग प्रार्थना गरी मागेका पनि त्यसकै लागि हो। यो साधनामा लाग्नुपर्छ। एकैजीवनमा नसकिएला तर यात्रा सुरु गरेपछि कुनै न कुनै जीवनमा यात्राले विश्राम लेला।

दुर्गाप्रसाद दवाडी भन्नुहुन्थ्यो विश्वब्रह्माण्ड र यसमा हुने दैनन्दिनका गतिविधिहरू मानव, पशुपन्छी, कीरा वनस्पति तथा पञ्चमहाभूत आदिको अन्तर्सम्बन्धनै हाम्रो शरीर हो । यही अन्तर्सम्बन्धबाट हाम्रो शरीरको रक्षा भएको छ । परम् पवित्र-स्थल विश्व हो, जहाँबाट पञ्चमहाभूत सञ्चालित हुन्छ। शरीररूपी सुन्दर देवालयको सुन्दर उद्यान यही पञ्चमहाभूतबाटै बनेको छ। विश्वरूपी उद्यानबाट हामीले सत्यम्, शिवम् र सुन्दरम्को यात्रा गर्दछौँ। यस्तो सत्यम्, शिवम् र सुन्दरम्को यात्रा गर्ने रङ्गमञ्चको अंश हाम्रो शरीर पनि हो।

प्राकृतिका रूपमा यसलाई जति पवित्र राख्न सकियो त्यति नै हाम्रो शरीर स्वस्थ र सुन्दर बन्छ। शरीरको योगका माध्यमबाट हामीले ऊर्जा प्राप्त गरेर विश्वयोगमा पुग्नुपर्छ। विश्वयोगमा पुग्नु भनेको हामीले योगका माध्यमबाट ब्रह्माण्डमा रहेका पञ्चमहाभूतप्रतिको पवित्रता र स्वच्छताको चिन्तन गर्दै उनीहरूको हिफाजतमा ध्यान दिनुको साथै भावनात्मक सकारात्मक ऊर्जा प्रदान गर्नु हो। हामीभित्र योगका माध्यमबाट विश्वयोगका साधना हुनुपर्छ। विश्वयोगका साधनाबाट विश्वरूपलाई चिन्न र त्यहाँका रहस्यमय कुराको प्रकटीकरण हाम्रो चिन्तनमा विकास हुन्छ। त्यसैले मूर्त रूप हामीमा अव्यक्त वाणीको रूपबाट काम गरेको हुन्छ भन्ने महान् विचार दुर्गाप्रसाद दवाडीमा थिए।

जगदीश्वर, जगत् र जीवनको मूल स्रोत अनादि सत्ता हो। दृश्य सत्ताको सम्पूर्ण कुरा यसैबाट जन्मिए, यसैबाट सञ्चालित र विकसित छन्। मृत्यु वा विश्व ब्रह्माण्डको विघटनपछि सबै यसमा नै विलय हुन्छन्। विश्व ब्रह्माण्डमा जेजति रचना र सिर्जनाहरू छन् त्यसमा अनादि सत्ताको पूर्ण उपस्थिति छ। अनादि सत्तालाई हरेक धर्ममार्गीहरूले आफ्ना-आफ्नै नाम दिएका छन्। नाम फरक होलान् तर गन्तव्य एउटै हो। शैवहरूले शिव, वेदान्तहरूले ब्रह्म, साङ्ख्यहरूले पुरुष तथा चैतन्य भने कैवल्यले ज्योति वा आत्मा भने ताओले अस्तित्व, बुद्धले प्रकृति, क्रिस्चियनहरूले यशु वा मुस्लिमले खुदा सबैले अनादि सत्यलाई आ-आफ्ना योग र साधनाका माध्यमबाट गन्तव्यमा पुगेर नामकरण गरेका छन्। शरीर साधन हो भने साध्य तत्त्वमा पुग्नका लागि आ-आफ्नै किसिमले गन्तव्य-स्थल चयन गरेका छन्। बाटो फरक होला, नाम फरक होला, चिन्तन फरक होला तर गन्तव्य सबैको एउटै हो।

यसरी मानव शरीरको सूक्ष्म अध्ययन, प्रकृतिको सूक्ष्म अध्ययन, विश्व ब्रह्माण्डको सूक्ष्म अध्ययन गरी स्थूल, विराट् गन्तव्यसम्म पुग्न र सकारात्मक ऊर्जा आध्यात्मिक ऊर्जा, भौतिक र परमार्थिक ऊर्जा प्रदान गर्ने गृहस्थी धर्म रहेर पनि तापनि ऋषिको साधना प्रदान गर्ने दुर्गाप्रसाद दवाडीको विद्वता, साधना र ज्ञानको प्रवाह नै एउटा पवित्र आकाशगङ्गा हो, जहाँ अनगिन्ती लाखौंलाख ताराहरू प्रकाशपुञ्ज भएर फैलिएका हुन्। त्यस्तै आध्यात्मिक ऊर्जा दुर्गाप्रसाद दवाडीमा थियो र सानिध्यमा पुगेकाहरूलाई आत्मिक भावनाले बाड्नुहुन्थ्यो। ओम शान्ति ! ओम शान्ति !! ओम शान्ति !!!

◆◆

स्व. प्रा. डा. दुर्गाप्रसाद दवाडी र दामोदर कुण्ड

प्रेमराज अधिकारी

स्व. प्रा.डा. दुर्गाप्रसाद दवाडीको जन्मस्थल साविक कास्कीकोट गा. वि.स. कोटमुनि हाल पोखरा-२४ उहाँ बाबु सेतु पाध्या दवाडी र आमा मधी दवाडीको काखबाट चौथो पुत्र सन्तानको रूपमा जन्मनुभएको हो । उहाँका बाबु, बाजे, जिजुबाजे र मावलीतर्फका अग्रजहरू सबै सुसंस्कृत र सभ्य भएको कुरा बुझिएको थियो र छ पनि । यसको प्रभाव होला डा. दुर्गाप्रसादको शैक्षिक चेतना पनि जन्मजात नै मान्न सकिन्छ । त्यस समयको शिक्षाको पठनपाठन संस्कृत भाषामा नै हुन्थ्यो । हाम्रो देशमा विद्वान्हरूको कमी भएकाले भारतको बनारस नै जानु पर्दथ्यो र उहाँ पनि उतै लाग्नु भएछ। उहाँलाई बनारसको अन्नपूर्णऋषिकुलब्रह्मचर्याश्रममा शिक्षा आर्जन गर्ने मौका मिलेछ। यही विद्यालयबाट शिक्षा हासिल गरी त्यसैमा अध्यापक भई पठनपाठन गराउनुभएछ। अध्यापनकै क्रममा वेदान्त आचार्य, व्याकरणाचार्य, आगमाचार्य, संस्कृतमा एम.ए., हिन्दीमा एम.ए. र दर्शनशास्त्रमा विद्यावारिधि (पी.एच.डी.) को उपाधि हासिल गर्नुभएको रहेछ। त्यसपछि **'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी'** भन्ने आदर्श-पुरुष रामचन्द्रले लक्ष्मणलाई भनेको वाक्य सम्झना भएर नै होला, आफ्नो देशमा सेवा गर्ने विचार लिई २०२५ सालमा काठमाडौँ आउनु भएको हो ।

२०२५ सालदेखि त्रि. वि. अन्तर्गतको वाल्मीकि विद्यापीठ (महेन्द्र संस्कृत विश्वविद्यालय) मा अध्यापन कार्यमा लामो समयसम्म कार्यरत रहनुभयो । यसै समयमा आध्यात्मिक धार्मिक संघ संस्थाको संस्थापक तथा सल्लाहकार भई काम गरेवापत उहाँको योगदानको कदर स्वरूप सम्मान-पत्र र कदर-पत्रबाट सुशोभित हुनुभएको छ । उहाँका प्रकाशित कृतिहरूमा (क) भगवान् पशुपतिनाथको स्वरूप तथा महिमा (ख) दर्शन समीक्षा (ग) धर्ममा प्रमाणको सुरभि (घ) श्रीराम विशेषाङ्क (ङ) अवतारवाद र विकासवादको विवेचना (च)

सनातन धर्म र सापेक्षवाद (छ) जन्म र मृत्यु एक तात्विक विवेचना आदि धेरै छन् ।

उहाँको जीवनको अधिकांश समय काठमाडौँमै व्यतीत भयो । काठमाडौँमा रहँदा उहाँको दैनिकी प्रतिदिन बिहान सबेरै उठी खाली खुट्टाले पैदल यात्रा गरी पशुपति जाने बागमतीमा चुर्लुम्म डुबी नुहाउने र पशुपतिनाथको पाँचमुखे मूर्तिको दर्शन गरी फर्कने । यो क्रम सेवाकाल र सेवा निवृत्त हुंदा पनि निरन्तर रहेको देखिन्थ्यो । उहाँ सधैँ नित्य तथा नैमित्य कर्ममा व्यस्त रहनुहुन्थ्यो । कर्मकाण्डको हिसाबले विचार गर्ने हो भने उहाँ यो शताब्दीको ऋषि वशिष्ट नै हुनुहुन्थ्यो । उहाँ सरल प्रकृति र गहन विचारका धनी वाङ्मय-साधक, उपासकका साथै शान्ति र सरलभावका पुञ्ज, गंगाजल जस्तै निर्मल मानिनुहुन्थ्यो ।

भारतका अधिकांश तीर्थस्थलको दर्शन गरिसक्नु भएका स्व. प्रा.डा. दुर्गाप्रसाद दवाडीलाई आफ्नै देशभित्रको महत्त्वपूर्ण तीर्थस्थल दामोदरकुण्डको दर्शन गर्ने विचार भएछ र पोखरामा बसोबास गर्ने आफ्नो दाजुका छोरा पं. ईश्वरीप्रसाद दवाडीलाई दामोदरकुण्ड जाने बन्दोबस्त मिलाउने खबर गर्नुभएछ। यो कुरा ईश्वरीप्रसादबाट मैले थाहा पाएँ । मेरै पनि धेरै अघिदेखि त्यही विचार थिएँ । कार्यक्रमको तय भयो । स्व. प्रा.डा. दुर्गाप्रसाद दवाडी, उहाँका छोरा विश्वनाथ, पं. ईश्वरीप्रसाद दवाडी, उहाँका श्रीमतीद्वय केशर र विष्णुकुमारी दवाडी र म पङ्क्तिकार प्रेमराज अधिकारी, श्रीमती गोमा अधिकारीसमेत ७ जनाको टिम बन्यो । २०६१ साल जेठ ३१ गते पोखरा जोमसोमको उडानबाट नै हाम्रो यात्रा सुरु भयो । यही हो दामोदरकुण्डको यात्राको पहिलो दिन जोमसोम एयरपोर्ट नगिचै कृष्ण गण्डकी बगिरहेकी थिइन् । प्रा.डा. दुर्गाप्रसाद कपडा खोली नदीमा प्रवेश गरी तीन पटक डुबुल्की लगाउनुभयो । हामीले सेचन मात्र गर्न सक्यौं । त्यसपछि अघि बढेर कागवेनी पुग्यौं । कागवेनीमा पनि दुर्गाप्रसादको नुहाउने तरिका उस्तै रह्यो । चिसो (जाडो) को पर्बाह नै गर्नुभएन । त्यस दिन ताङ्बे गाउँमा बास बस्यौं । भोलिपल्ट घुम्सा, मुस्ताङगेट, चैले हुँदै समरमा बास बस्न पुग्यौं । बास स्कुलमा नै भयो । अर्को दिन हामी घमी पुग्यौं । दाजु दुर्गालाई लेक लाग्यो । बिरामी पर्नुभयो । लेक नलाग्ने औषधि

खुवाइयो। ईश्वरीय कृपा भोलिपल्ट सञ्चो भयो र बासबस्न यारागाउँ पुग्यौं। दामोदरकुण्ड जाने बाटोको अन्तिम गाउँ यारा हो। योभन्दा अगाडि कुनै गाउँ छैन। यारामा पनि हाम्रो बास स्कुलमा नै भयो। दुर्गा दाइ नदीतर्फ लाग्नुभयो। हामीहरू सबै जान सकेनौं। उहाँका छोरा विश्वनाथलाई साथ दिन पठायौं।

हामी बास बस्न ठाँटीस्कुलमा हामी पुग्नुअघि नै १६ जना भारतीय प्रोफेसरहरूको ग्रुप बास बसेको रहेछ। उनीहरूको भनाइअनुसार दामोदर कुण्ड दुई ठाउँमा रहेछ। तल र माथिमध्ये अधिकांश तीर्थालुहरू तलै नुहाएर फर्किंदा रहेछन्। मुख्य दामोदर कुण्ड भनेको माथि हो भन्ने बुझियो र माथि जाने निधो गऱ्यौं। ४ दिनका लागि ७ सात वटा घोडा, ३ तीन जना सयस गरी चार दिनको खाने खर्चको बन्दोबस्त गरी दामोदर कुण्डतर्फ अघि बढियो। त्यस रातको बास ओडारमा नै भयो। भोलिपल्ट औंसी परेकाले कुण्डमा नुहाएर मात्र खाना खाने भनी बाटो लाग्यौं। अपरान्ह ४ बजे कुण्ड पुग्यौ। पहेँलो, नीलो र सेतो कुण्डमा नुहाई खानाका बन्दोबस्त गरी खाई थोत्रो भत्किएको पार्टीको एउटा कुनामा रात बितायौं।

यात्रामा भेट भएका भारतीय प्रोफेसरहरूको भनाइ अनुसार माथिल्लो सक्कली कुण्डमा स्नान गर्ने विचारले हामी ७ जना माथि लाग्यौं। दिनको एक बजेतिर तीर्थस्थल (गन्तव्य स्थल) पुग्यौं। जमीनको प्रकृति तलको भन्दा विल्कुलै फरक थियो। जमिन चिराचिरा भएको हिउँले खाएको ढुङ्गा तर स्नान गर्ने कुण्ड भने पहेँलो, नीलो र सेतो ज्यादै आकर्षक। प्रफुल्लित मनले स्नान गऱ्यौं। ज्यादै आनन्द भयो। भारतीय प्रोफेसरहरूको टोलीलाई धन्यवाद दियौं र फर्कियौं। हाम्रो यात्रा सजिलोतर्फ लाग्यो। तीर्थयात्राको १५ दिनको अवधिमा उहाँसँग भएका कुराको केही अंश पनि यहाँ उल्लेख गर्न अनुमति चाहन्छु।

पोखरा जोमसोमको जहाजबाट ओर्लेपछि तुरुन्तै कपडा खोली कालीगण्डकीमा उहाँले ३ चोटी डुबुल्की लगाउनुभयो। त्यसै गरी कागबेनीमा पनि त्यसै गरी डुबुल्की लगाउनुभयो। त्यस बेला बास बसेको ठाउँमा मैले उहाँलाई भने- "हिमाली क्षेत्रको चिसोपानीमा नुहाउँदा बिरामी पो परिने हो कि ?" यसो भन्दा उहाँको जवाफ यस्तो थियो-"त्यसो होइन, हिमाली क्षेत्र सबै

तीर्थस्थल नै हुन्, तीर्थस्थलका जलले कसैलाई हानि गर्दैन। हितकर नै हुन्छ।" हजार काम छोडेर पनि नुहाउनुपर्दछ । एक सय काम छोडेर खानुपर्दछ । जसको सेवनले हानि हुँदैन । जल प्राणीहरूको प्राण हो । जलबिना प्राणीहरूको प्राण रहन सक्दैन । जल जीवन हो । जल नभई यज्ञ, यज्ञादि पनि हुँदैन । उहाँले १५ दिनको यात्रामा करिव ४५ पटक जति नुहाउनुभएको होला । जल हाम्रो संस्कार हो । उहाँका अनुसार अहिले धर्म, संस्कार, संस्कृतिको प्रायः लोप हुँदै गएको छ । २०२८ सालको शिक्षा पछि नैतिकताको विनाश भएको छ । पाठ्यक्रममा नैतिक शिक्षाको व्यवस्था नै छैन । अहिलेको शिक्षा जीविकापरक शिक्षा हो । शिक्षा भनेको जीवनपरक हुनुपर्दछ । जीवनपरक शिक्षाले भूतलाई तार्ने, वर्तमानलाई सिगार्ने र भविष्यलाई मार्गदर्शन गर्ने गर्दछ । अहिलेको शिक्षा प्रणालीले केवल पेट भर्ने काम मात्र गर्दछ । परलोक छ, यसको व्याख्या गर्नुपर्छ भन्नेको सङ्ख्या घटेको छ । परलोक छैन भन्नेको सङ्ख्या बढेको छ । अहिले हाम्रो देशमा जनताको कल्याण गर्ने कुनै सिद्धान्त छैन ।" सबै जना गंगा गए गंगा दास, यमुना भए यमुना दास भएका छन् । अर्को एउटा जस्तो छ, उस्तै हुनुपर्ने, उसले भनेको मान्नैपर्ने नमाने जेसुकै पनि हुनसक्ने स्थिति छ ।

परमात्माको विधिविधान र उहाँको सृष्टि विचित्रको छ । यो धर्तीमा जन्मलिने सबैले आफ्नो मानी आएको शरीर छोड्नै पर्दोरहेछ । त्रेतायुगका आदर्श पुरुष रामचन्द्र पनि रहनुभएन । द्वापर युगका श्रीकृष्ण पनि रहनुभएन । पौराणिककालका महापुरुषहरू पनि रहनुभएन । यस युगका हिन्दू, धर्म, संस्कृतिका हिमायती सोमनाथ सिग्देल, कुलचन्द्र गौतम, हेमराज पाण्डे, नयनराज पन्त, योगी नरहरिनाथ आदि जसरी जानुभयो, त्यसैगरी सदाचार र निष्ठाका प्रतिमूर्ति संस्कृतका प्रकाण्ड विद्वान् स्व.प्रा.डा. दुर्गाप्रसाद दवाडीको पनि उस्तै गति भयो । अस्तु ।

◆◆

दवाडी गुरुप्रति शब्द पुष्प

डा. यमनाथ तिमिल्सिना

दुर्गाप्रसाद दवाडी नेपालकै संस्कृत वाङ्मयका उज्ज्वल नक्षत्र हुन् । सनातन धर्म, वेदान्त दर्शन, वैदिक संस्कृति, ब्राह्मण, संस्कार जस्ता गहन विषयका ज्ञाता दवाडी साधा जीवन, उच्च विचार प्रतिमूर्ति मानिन्छन् । तन र मनलाई सधैं पवित्र राख्नुपर्छ भन्ने मान्यता बोकेका दवाडी सिद्धान्त र व्यवहारमा एकरूपता कायम गर्न सक्षम रहे । शिक्षण पेशामा करिब चार दशक बिताएका दवाडीले कहिल्यै आफूलाई कमजोर देखाएनन् । गुरुका पनि गुरु बनेर आफूले आर्जन गरेको ज्ञान शिष्यहरूमा स्थानान्तरण गरे । वैदिक संस्कृति र मानव संस्कारको बारेमा उनीसँग नसोध्ने समकालीन विद्वान् कोही थिएन भनिन्छ । यो नै उनले जीवनमा आएको, आर्जेको मान र शान थियो ।यो मान र शान भौतिक वस्तुसँग तुलनीय हुँदैन । नेपाली समाजमा ख्याति कमाएका प्रकाण्ड विद्वान्हरूले पनि दवाडी कीर्तिपुरमा रहँदा यिनैलाई गुरु मानी कार्य गर्ने गरेको तथ्य हामीले सुन्दै आएका छौं । शिक्षक-विद्यार्थी उनीसँग जिज्ञासा राख्न जाँदा 'समय छैन, भोलि आउनू' भनेर कहिल्यै भनेनन् । आफूले जानेको ज्ञान बाँड्न पाउँदा दवाडी गुरु सबैभन्दा खुशी हुन्थे यस कुराको अनुभूति मैले पनि गरेको छु ।

सेतु दवाडी र मधी दवाडीका चौथो सन्तानका रूपमा विसं १९८५ माघ ४ गते कास्कीकोटमुनि दवाडी बस्तीमा दुर्गाप्रसाद दवाडीको जन्म भएको हो । घरमा आफ्ना पिताजीबाट बाह्रखरी सिक्दै चण्डी, रुद्री, कौमुदी आदिको सामान्य अध्ययन गरी व्रतबन्ध कर्म गरेर ९ वर्षको कलिलो उमेरमै दवाडी पढ्नका लागि बनारस गए । बनारसमा बाँच्ने आधार आफैंले खोज्दै मिहिनेत गरेर गुरुहरूलाई समेत सकारात्मक प्रभाव पारी पढाइलाई अगाडि बढाए । गुरुले दिएको पाठ समयभित्रै कण्ठ गरेर बुझाउन कहिल्यै पछि परेनन् । ठीक-ठीक समयमा ठीक तह उत्तीर्ण गर्दै दवाडीले औपचारिक शिक्षाको तह पास गर्दै गरे । पढाइलाई रुचिको विषय बनाउने दवाडीले अगरा विश्वविद्यालयबाट संस्कृत र हिन्दी विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरे भने वेद दर्शन धर्मकर्म

सिद्धान्त विषयमा त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरे । आफूले प्राप्त गरेको ज्ञान अन्नपूर्ण गुरुकुल, ब्रह्मचर्य आश्रम बनारस, नेपाल संस्कृत महाविद्यालय वाल्मीकि विद्यापीठ काठमाडौँ जस्ता शैक्षिक संस्थामा प्राध्यापन पेसा गरी विद्यार्थीहरूलाई ज्ञान प्रदान गरे । प्राध्यापन पेसामा रहँदा आदर्शको रूपमा सधैँ सम्मानित हुने मौका पाएका दवाडी कसैका पनि अप्रिय बनेनन् । शिक्षण पेसामा रहँदा कसैले कहिल्यै उनलाई औँला ठड्याएनन् । बरू कुनै विषयमा समस्या आए समाधान खोज्न दवाडीकै शरणमा पुग्दथे । आफू बिरामी हुँदा समेत दवाडीले सोध्न आउनेलाई विमुख फर्काएनन् । सकी नसकी समस्या हल गरेर मात्रै पठाउँथे, यो मानव दवाडीमा अन्तर्निहित दैवी गुण नै थियो ।

पातलो शरीर ख्याउटेगाला, मझौला कद भएका, दौरा सुरुवाल र ढाका टोपी लगाइ काँधमा एउटा रुमाल राखी जमिनतिर शिर झुकाई हिँड्नु दवाडीको परिचय बनेको थियो । कीर्तिपुर बस्दा प्रत्येक दिन बागमती नदीमा स्नान, जप, तप, ध्यान गरेर मात्र भोजन गर्ने यिनको बानी थियो । बिरामी हुँदा तथा जाडोको समयमा पनि यिनी बागमतीमा नडुबी अरु कर्म गर्दैनथे । धार्मिक आस्थाले गर्दा बागमतीको फोहोर पानीले पनि उनलाई दूषित बनाएन । पोखरामा बस्दा पनि प्रत्येक दिन सेती नदीमा स्नान गरेर मात्र अन्य कर्म गर्दथे । झरी बादल जुनसुकै मौसममा पनि बिहानको झिसमिसेमा उठी हातमा एउटा जलपात्र लिई सानो खास्टो ओडी घर र नदी अनि नदी र घर गर्दथे । अलि टाढाबाट पनि उनी दुर्गाप्रसाद दवाडी हुन् भनेर अड्कल गर्न सकिन्थ्यो । बोली पिच्छे श्रीराम् नारायण उच्चारण गर्ने दवाडी आध्यात्मिक क्षेत्रका कर्मनिष्ठ व्यक्ति थिए । आफ्नो संस्कार र संस्कृतिमा रमाउने दवाडी व्यक्तिगत स्वतन्त्रताको वकालत गर्दथे । शान्ति, नागरिक अधिकार, वैधानिक राज्य, सुशासन र राजनीति स्थायित्वमा विश्वास गर्ने दवाडी अनुजहरूलाई राजनीति सम्हालेर राष्ट्र र नागरिकलाई सुख र सुबिधा उपलब्ध गराउनुपर्छ भन्ने मान्यता राख्थे । प्रजातन्त्रका पक्षमा उभिए पनि आफू राजनीतिमा समेल हुन चाहँदैनथे । यी कुरा मैले उनको सङ्गतबाट थाहा पाएको हुँ । कहिल्यै केही नढाट्ने र मनमा लागेका कुरा बोल्ने दवाडीको बानी थियो । कुनै व्यक्ति आग्रही भएर वा बुझपचाएर गलत कुरा गर्‍यो भने यिनी रिस खिच्न नसकेर रिसाउँथे पनि तर त्यो रिस एक छिनमा हटेर जान्थ्यो ।

म काठमाडौँ पढ्न जाँदा पहिलो पटक दवाडी गुरुसँग मेरो भेट भएको हो । काठमाडौँमा पढेलेखेका घरतिरका मान्छेको खोजी गर्ने क्रममा मैले

प्राध्यापक आवासमा दवाडी गुरुलाई भेटेँ । यही क्रममा मैले बल्खुमा राजाराम सुवेदीलाई पनि भेटेँ । दुवै जना विद्वान्‌लाई पढ्ने रहर बोकेर आएको तर आर्थिक अवस्थामा कमजोर धाएको यथार्थ कुरा सुनाएँ । त्यस बेला दुवै जनाले जनाले 'आत्मविश्वास लिएर पढ, पैसाले रोकिन्न' भनी मलाई ढाडस दिए । दवाडीले आफू पनि मुख र मुठी लिएर बनारस गएको र त्यहीँ सङ्घर्ष गरी पढेको प्रेरित कुरा सुनाए । घर नछोडेको भए गाउँमा किसान बन्थेँ । घर छोडेकाले प्राध्यापक भएँ भनी दवाडीले आफ्नो दृष्टान्त देखाउँदै पढाइ पूरा गर्नुपर्ने कुरामा जोड दिए । दवाडीको कल्याणकारी मार्गनिर्देशनले मभित्र इच्छाशक्ति जागृत भयो । नभन्दै मैले पनि नेपाली विषय प्रथम श्रेणीमा उत्तीर्ण गरेँ । अहिले म जे छु त्यसमा दवाडी गुरुको सकारात्मक सहयोग सहयोग छ । त्यसै गरी मैले विद्यावारिधि गर्दा पनि दवाडी गुरुको सकारात्मक सहयोग छ । त्यसै गरी मैले विद्यावारिधि गर्दा दवाडी गुरुको सहयोग लिएको छु । 'नेपाली अभिलेखीय शब्दको अध्ययन' शीर्षकमा अनुसन्धान गर्दा कतिपय संस्कृत शब्दको अध्ययन गर्नुपऱ्यो । मलाई संस्कृत भाषा राम्ररी आउँदैन । मैले मेरा शोध निर्देशक माधवप्रसाद पोखरेललाई आफ्ना कमजोरीहरू सुनाएँ । संस्कृत नआए पनि दुर्गाप्रसाद दवाडीसँग छलफल गरेर लेख्छु भने । दवाडी गुरुको नाम सुन्नासाथ पोखरेल सरले नेपालका सबैभन्दा विद्वान् उनै छन् । उनीसँग सोधे त नहुने कुरै भएन भनेर मेरो प्रस्तावलाई मान्नुभयो । त्यसपछि मैले दवाडी गुरुलाई कहिले काठमाडौँमा त कहिले पोखरामा भेटी आवश्यक सुझाव लिएँ । मैले नजानेको कुरा सोधेर बुझेँ दवाडी गुरुले पारिवारिक वातावरणमा मलाई सिकाए । मैले पनि सिक्दै गएँ । मेरो शोधकार्य पनि पूरा भयो । मैले विद्यावारिधि उपाधि प्राप्त गरेँ । दवाडी गुरुको यो गुन म कहिल्यै भुल्ने छैन । दवाडीले मजस्ता धेरैलाई उत्प्रेरकको काम गरेका छन् । असल मान्छे सबैको भलो चाहन्छन् । दवाडी यस्तै यस्तै मान्छे थिए ।

यसरी कास्कीकोटमुनि (पुराना कास्की) जन्मेर बनारसमा उच्च शिक्षा ग्रहण गर्दै कर्मथलो काठमाडौँ बनाएका दुर्गाप्रसाद दवाडी साँच्चै अनुकरणीय व्यक्तित्व थिएँ । शास्त्रको ज्ञान दवाडीमा जति त्यस बेलामा अन्य विद्वान्‌मा थिएन भनेर यिनका समकालीनहरूले कुरा गरेको पनि मैले सुनेको छु । दरबारमा कुनै यज्ञ वा अनुष्ठानको आयोजना भयो भने दरबारका गुरु, बडागुरुज्यूहरूले पनि दवाडीलाई नसोधी केही गर्दैनथे रे । दरबार पनि जाने, ज्ञान पनि दिने तर

दरबारसँग व्यक्तिगत सम्बन्ध नबढाउने यिनको आदत रहेछ। राजालाई मान्ने तर दरबारीयाले गरेको काम मन नपराउने बानीले गर्दा यसो भएको हो भन्ने पनि मैले सुनें। कहिलेकाहीँ म छुट्टी भएको समय पारेर यिनको आवासमा जान्थैं। दरबार, पूजा पद्धति, प्रजातन्त्र, नेतृत्व नेपालको शिक्षा नीति आदि विषयमा गहन छलफल गर्दथ्यौं। म त्यतिखेर नेपाल विद्यार्थी सङ्घमा आबद्ध थिएँ। मैले दवाडी गुरुलाई आफ्ना सबै कुरा बताउँथें। मेरा कुरा सुनेपछि मुसुमुसु हाँस्दै यिनले तिमी लागेको मार्ग उचित छ, लाग भन्थे तर म हिँडेको राजनीतिक बाटो एउटै रहेछ भन्ने थाहा पाएँ। गुरुको दुई छोरा विश्वनाथ र पशुपति पनि बाबुले रोजेको प्राध्यापन पेसामा संलग्न छन्। उनीहरू पनि आ-आफ्ना विषयमा क्षमताअनुसार लागेकै छन्।

ग्रामीण किसानको छोरा भएर जन्मेका दुर्गाप्रसाद दवाडी आफ्नै पौरखले नेपाल संस्कृत विश्वविद्यालयको प्राध्यापक बन्न पुगे। भौतिक सम्पत्तिमा रमाउनेहरूलाई प्राध्यापक भनेको केही नहुन सक्छ वा सामान्य शिक्षकजस्तो लाग्न सक्छ तर सानो पढाइले प्राध्यापक बन्न सकिन्न। यो कुरा यही पेसामा लागेका व्यक्तिले मात्र महसुस गर्न सक्छ। धेरै विषयको गहन अध्ययन, अनुसन्धान, लेख-रचनाको प्रकाशन अनि पूर्वीय धर्म संस्कृतिलाई व्यवहारमा दुरुस्त उतार्ने बानी, भागवतवाचन तथा परिआउँदाको पुरेत्याइँ कर्मकाण्डमा क्षमता, सरल स्वभाव, सादा जीवन प्रा.डा. दुर्गाप्रसाद दवाडीका पहिचान हुन्। छलकपट, ईर्ष्या, कुलत केही नभएका सबैको सधैं राम्रो मात्र चिताउने र कसैका आँखामा पनि नबिझाउने व्यक्तित्वका धनी दवाडीको ८४ वर्षका उमेरमा देहावसान हुन पुग्यो। यिनको शरीर यहाँ नरहे पनि यिनले टेकेको भूमि यहीँ छ। यिनले लेखेका कृति र त्यहाँ व्यक्त विचार यहीँ छन्। दवाडी गुरुले दिएको मार्गनिर्देशन मेरा कानमा ताजै छन् भने गुरुका पैतालाका डोबहरू मेरा नजरमा देखिँदै छन्। हामी दवाडी गुरुलाई कहिल्यै भुल्न सक्दैनौं। गुरुलाई भुल्नु भनेकै आफूलाई भुल्नु हो। दवाडी गुरुको स्मृतिमा परिवारजनले जुन कार्य गर्दै छ, यो पितृभक्तिको नमुना हो भन्ने मलाई लागेको छ।

अन्त्यमा, दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। मलाई दुई शब्द लेख्ने अवसर दिएकामा प्रकाशक तथा सम्पादकहरूलाई धन्यवाद दिन चाहन्छु। दवाडी गुरुको सङ्गत गर्ने मौका मिलेकोमा गर्व गर्दै उहाँप्रति शब्दपुष्प अर्पण गर्दछु। अस्तु !

श्री

महापुरुषको सम्झना

छाया देवी दवाडी

१. जन्म र वाल्यकालः-

पिताजी अग्निधर र माता चन्द्रकलाको पाँचौ सन्तानको रूपमा मेरो जन्म भएको हो । मेरा पिताजी अग्निधर गुहाटी कालीगुडीमा पण्डित काम गर्नुहुन्थ्यो । गुहाटी कालीगुडीमा नै मेरो जन्म भएको हो । हामी छोरी मात्र जन्मिएकोले म दुई वर्ष हुँदा मेरा मातापिताले मलाई लिएर हरिवंश पुराण लगाउन चैनपुर कास्कीकोटमा आउनुभयो । हरिवंश पुराण लगाएपछि भाइ गंगाधरको जन्म भयो । भाइको जन्मपछि फेरि तीन बहिनीहरूको जन्म भयो। आठ दिदीबहिनीहरू र भाइ गरी हामी नौ सन्तानहरू चैनपुर कास्कीकोटमा नै हुर्किएका हौं । पण्डित हुनाले गाऊँमा पिताजीको ठूलो नाम थियो । पण्डितका छोराछोरी भनेर हामीलाई पनि गाऊँमा सबैले माया गर्थे । आदर्श घर परिवारमा जन्मे हुर्केको मेरो बाल्यकाल रमाइलो थियो । हामी सबै घरको खेतबारीको काम गर्थ्यौं ।

२. वैवाहिक सम्बन्धः-

पुराना दिनमा कन्याको सानै उमेरमा विवाह गर्ने चलन थियो । सेतु दवाडीका छोरा दुर्गाप्रसाद दवाडीसँग मेरो विवाह गर्नुपर्‍यो भन्ने प्रस्ताव साईली आमाले सेतु दवाडीसँग राख्नु भएछ । सेतु दवाडी पनि ठूला पण्डित हुनुहुन्थ्यो । मेरा पिताजी पनि पण्डितमा कहलिएको हुनुहुन्थ्यो । पण्डितकी छोरी दिन्छन् भने हामी खुशीसित विवाह गर्न तयार छौं भनेर ससुरा सेतु दवाडीले भन्नुभएछ । सेतु दवाडीको ठूलो कूलमा जान पाईने प्रस्ताव पिताजीलाई पनि मन पर्‍यो । काशी गएर उच्च शिक्षा हाँसिल गरी पण्डित भैसकेका सुयोग्य युवकलाई कन्या दिन पाउँदा मातापिता सबै राजी खुशी हुनुभयो । यसरी हाम्रो वैवाहिक सम्बन्ध गाँसिएको हो । त्यति बेला म १२ वर्षकी थिएँ । गुरु २२ वर्षको

हुनुहुन्थ्यो । उहाँले आचार्यसम्म अध्ययन गरी सक्नु भएको थियो ।

३. पठन पाठन :-

गाऊँघरमा त्यतिबेला पढ्ने चलन थिएन । कोही कोही पण्डितका छोराहरू काशी गएर पढ्थे । छोरी मान्छेले बाहिर गएर पढ्ने चलन थिएन । मेरा पिताजी पण्डित हुनाले मैले अक्षर चिन्ने सौभाग्य पाएँ । पिताजीले भाइ गंगाधरलाई पढाउन लाग्नुहुन्थ्यो । उ पढ्न मान्दैनथ्यो । भाइ पढन् नमान्ने हुनाले मलाई पनि सँगै राखी दुवैजनालाई पढाउन थाल्नुहुन्थ्यो । मैले लेख्ने पढ्ने गरेपछि भाइ पनि पढ्न थाल्दथ्यो । हामी काठको पाटिमा रातोमाटो राखेर छेस्काले लेखेर पढ्थ्यौं । यसरी भाइ सँगसँगै मैले पनि अक्षर चिन्ने पढ्ने अवसर पाएँ । सुयोग्य विद्वान् पण्डितसँग वैवाहिक सम्बन्ध गाँसिदिएपछि मेरो ज्ञान अझै फराकिलो हुँदै गयो । मैले सोधेका कुराहरू जिज्ञासाहरू गुरुले खुब राम्ररी बताइदिनुहुन्थ्यो । सुयोग्य पतिसँग सम्बन्ध भएकोले मेरो जीवन धन्य बनेको हो ।

सुयोग्य सन्ततिहरू :-

हाम्रा चार सन्तान मध्ये गंगा २०१९ शुशिला २१ सालमा, विश्वनाथ २३ सालमा र पशुपति २६ सालमा जन्मिएका हुन् । गङ्गा कास्कीकोटमा जन्मिएकी हुन् । हामी घर परिवार कास्कीकोटमा बस्थ्यौं । गुरु काशीमा नै अध्ययन गर्दै पढाउँदै हुनुहुन्थ्यो । कान्छो छोरा पशुपति त्रिपुरेश्वर क्वाटरमा बस्दा जन्मिएका हुन् । हाम्रा केटाकेटी घरपरिवार सबैमा धार्मिक निष्ठा छ । नित्य पूजा आरती जप पाठ गर्ने चलन छ । घर परिवार सदाचारको पाठ गुरुले नै सिकाउनुभएको हो ।

खानपान :-

गुरुलाई गुड खुब मन पर्दथ्यो । गुडलाई सर्वत बनाएर खाने गर्नुहुन्थ्यो । गुड मन पराउने हुनाले गुरु पनि गुणैगुणले भरिएको हुनुहुन्थ्यो । रहरको दाल गुरुलाई असाध्यै मन पर्दथ्यो । म सधैं गुरुलाई रहरको दाल नै दिने गर्दथें । उहाँ खानासँग रोटी पनि खान मन पराउनुहुन्थ्यो । उहाँलाई प्रसन्न गराउन म सधैं नै खानाको साथमा रोटी पनि बनाइदिने गर्दथें । घरमा जे जस्तो पाक्छ.

गुरु खुसी भएर खानुहुन्थ्यो । गुरुलाई भन्दा अतिथिको सत्कारमा मैले विशेष ध्यान दिनुपर्दथ्यो । अतिथिको सत्कार भएन भने, खानपानमा कुनै त्रुटी भयो भने, पढ्न आउने विद्यार्थीहरूलाई खानपान गराउन सकिएन भने गुरु रिसाउनु हुन्थ्यो । गुरुको भन्दा पनि अतिथिको सत्कारमा खुब होसियार हुनु पर्दथ्यो । आफ्नो खानपान भन्दा अतिथिको खानपानमा सेवा सत्कारमा गुरु बढ्ता ध्यान दिनुहुन्थ्यो ।

नित्यकर्महरू :-

नित्य स्नानपछि सफा धोती धारण गरी जप पाठ गर्ने गर्नुहुन्थ्यो । म पूजाको सामाग्री तयार पारी दिन्थे । प्रत्येक दिन पूजा आरती गरेपछि मात्र भोजन लिनुहुन्थ्यो । बिहान उठेपछि पूजा पाठको नित्यकर्म गर्न गुरुलाई ४-५ घण्टा लाग्दथ्यो । नित्यकर्म सकिएपछि मात्र भोजन गर्नुहुन्थ्यो । प्रदोषको दिनभरी निराहार बस्नुहुन्थ्यो । आफै साइकल चलाएर पशुपतिनाथको दर्शन गर्न जानुहुन्थ्यो । बेलुका साँझको पूजा आरती पछि मात्र गुरु जल भोजन ग्रहण गर्नुहुन्थ्यो । एकादशी, मंगलबार पनि गुरुका व्रतका दिनहरू हुन् । व्रत, जप, तपमा गुरु अत्यन्तै निष्ठावान् हुनुहुन्थ्यो । गृहस्थ जीवनमा बसेतापनि उहाँको जीवन तपोमय थियो ।

तीर्थ व्रत र दान धर्म :-

गुरु तीर्थाटन गर्न मन पराउनुहुन्थ्यो । उहाँले मानसरोवर, कैलास, दामोदर कुण्ड, गोसाईकुण्ड, वद्री, केदारुनाथ, मुक्तिनाथ आदि सबै तीर्थाटन गर्नु भएको छ । धेरै तीर्थहरूमा म पनि उहाँको साथमा जाने सौभाग्य पाएकी छु । मेरो जीवन पनि उहाँले नै धन्य बनाइदिनुभएको छ । केटाकेटी हुर्काउने क्रममा म कुनै कुनै तीर्थहरूमा उहाँसँग जान पाएकी छैन । कैलासको मानसरोवर दामोदर कुण्डको यात्रामा म उहाँसँग जान पाइनँ । भारतका धेरै तीर्थहरूमा उहाँले मलाई पनि सँगै लिएर जानुभएको थियो । वृन्दावन, मथुरा, गोकुल, तिरूपती, रामेश्वर, जगन्नाथ, द्वारका, गंगासागर आदि तीर्थहरूमा मलाई पनि सँगै लगि दिएर उहाँले मेरो बढाइदिनुभएको छ । बेलाबेलामा घरमा धार्मिक अनुष्ठानहरू गर्ने चलन थियो । उहाँ दान गर्न पाएपछि अत्यन्त खुसी हुनुहुन्थ्यो । तीर्थ गर्न जाँदा उहाँले औषधी पनि लिएर जाने गर्नुहुन्थ्यो ।

तीर्थयात्रामा कोही बिरामी भयो भने औषधी दिएर सहयोग गर्नुहुन्थ्यो । उहाँ धेरै उपकारी र धर्मात्मा हुनुहुन्थ्यो । प्रत्येक वर्ष दशैँको नवमीको दिनमा नौ कन्याको पूजा गर्ने दक्षिणा दिने चलन थियो । यो पूजामा म पनि सहभागी हुन्थेँ ।

सुयोग्य पण्डित :-

सप्ताह, नवाह, एकाह आदि विविध धार्मिक अनुष्ठानहरूमा गुरुलाई भक्तहरूले बोलाउने गर्दथे । धेरैजसो अनुष्ठानहरूमा गुरुको साथमा म पनि जान्थेँ । गुरुलाई शुद्ध सात्विक खानाको प्रबन्ध मैले मिलाई दिन्थेँ । यस्ता धार्मिक अनुष्ठानहरूमा कहीँ दम्पती पूज्ने चलन हुन्थ्यो । म पनि गुरुको साथमा सम्मानित हुन्थेँ । मलाई गुरुको आदर्श स्वभाव, आदर्श चरित्र सम्झदा निकै गौरव लाग्दछ । गुरुमा विशेष प्रकारको शक्ति थियो । उहाँले हरिवंश पुराण वाचन गरिदिएपछि सन्तान नहुनेहरूका पनि सन्तान भएका थुप्रै घटनाहरू छन् । अग्निधरका पनि सन्तान भएनन् । डाक्टरसँग दुवैले परीक्षण गराए । सन्तान हुने सम्भावना छैन भनेका थिए । अग्निधरले हरिवंश लगाउन गुरुलाई बोलाए । हरिवंश लगाएपछि अग्निधरकी श्रीमतीले छोरा पाइन् । सन्तान नहुनेहरूलाई गुरुले हरिवंश पुराण लगाई दिएर धेरैलाई सन्तान सुख दिलाई दिनुभएको छ । पुराण वाचन गर्न गुरु असाध्यै सिपालु हुनुहुन्थ्यो । शिवपुराण र अन्य सबै पुराणहरू वाचन गर्न गुरु अत्यन्तै कुशल हुनुहुन्थ्यो । यसैले गुरुलाई धार्मिक अनुष्ठानहरूमा वाचन गर्न बोलावट हुने गर्दथ्यो ।

पठन पाठन र बाल्यकाल :-

सेतु दवाडीका पाँचभाइ छोराहरूमध्ये दुर्गाप्रसाद दवाडी काँइला भाइ हुनुहुन्थ्यो । पण्डित सेतु दवाडीले छोराहरूलाई घरमा नै पढाउने गर्नुहुन्थ्यो । दाइहरूलाई पढाउन लागेको बेला गुरु दुर्गाप्रसाद आँगनमा खेल्न थाल्नुहुन्थ्यो । पिता सेतु दवाडी छोरालाई पढाएपछि पाठ जाने कि जानेन्, बुझे कि बुझेनन् भनेर पुनः दोहोऱ्याएर सोध्न थाल्नुहुन्थ्यो । दाइहरू सोधेको कुरा भन्न सक्नुहुन्नथ्यो । उहाँहरू गुरु जस्तो प्रतिभाशाली हुनुहुन्नथ्यो, दाजुहरूले उत्तर दिन नसकेका कुराहरू दुर्गाप्रसादले फटाफट उत्तर दिनुहुन्थ्यो । जसलाई पढाएको छ उसले भन्न नसक्ने पढाउँदै नपढाएको बालकले सुनेका भरमा

सोधेको प्रश्नको जवाफ दिने ! कस्तो अचम्म यस्तो देखेर यो छोरा असाध्यै प्रतिभाशाली छ यसलाई पढाउनुपर्छ भन्ने पिता सेतुलाई लाग्यो । उहाँले बालक दुर्गाप्रसादलाई काशीमा फुपूकोमा छोडिदिनुभयो ।

सानी आमासँग बसेर पढ्ने क्रममा ऋषिकुल ब्रह्मचर्याश्रमको विषयमा जानकारी पाउनुभएछ । यो विद्यालयमा मध्यमासम्मको पढाई हुने रहेछ । विद्यालयमा नै बस्ने खाने व्यवस्था पनि रहेछ । मसँग सल्लाह गरेर गुरु ऋषिकूल आश्रममा गएर अध्ययन गर्न थाल्नुभएछ । यस विद्यालयमा पढ्दा गुरुले सबैको लागि उपकारी काम गर्नु भएको छ । एकजना धनी मानिसले विद्यार्थीहरूलाई खर्च दिने कुरा गरे । तपाईहरूले सकेजति ल्याउनुहोस् भने । गुरु र एकजना साथी भएर ती धनी मानिसको घर जानुभयो बीच बाटोमा रात पऱ्यो । रात्रीको समयमा जंगलमा बास पऱ्यो । दुवैजना रुखमा चढेर एउटाले अर्कोलाई रूखको हाँगामा बाँधेर राख्नुभयो बिहानै उज्यालो भएपछि गन्तव्य तर्फ लाग्नुभयो ।

प्रतिभाशाली विद्यार्थी :-

बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि भएका दुर्गाप्रसादको प्रतिभा देखेर गुरुहरू प्रभावित हुनुभयो । धेरै विद्यार्थी थिए । तर उहाँ जस्तो प्रखर विद्यार्थी अरू थिएनन् । गुरुहरू सबैले उहाँलाई माया गर्न थाल्नु भयो । अरू साथीहरू पाठ बुझाउन सक्दैनथे । गुरु पाठ बुझाउनु हुन्थ्यो । सोधेका कुरा राम्ररी भन्नुहुन्थ्यो । अरू साथीहरूलाई पनि सिकाई दिनुहुन्थ्यो । पढ्न नजान्ने साथीहरूले उहाँलाई तँ पनि पाठ नबुझा हामीले भनेको मानिनस् भने तँलाई हामी ठीक पार्नेछौं भनेर धम्की दिएछन् । गुरुले मलाई तर्साएका होलान् भन्ने ठानेर गुरुहरूले सोधेका कुराहरू बताउनु भएछ । रिस र डाहाले चूर भएका साथीहरूले उहाँलाई अग्लो वरण्डाबाट धकेलिदिएछन् । उहाँलाई घाउ चोट लाग्यो अगाडिका दाँत भाँचिए । केहीदिन पछि गुरु पुनः विद्यालय जान थाल्नुभयो । प्रतिभावान् भएकाले गुरुले ठूलो सास्ती भोग्नु परेको थियो ।

गुरु यो विद्यालय छोडेर अर्को महाविद्यालयमा जानु भयो । विद्यालय टाडा थियो । ३ घण्टा हिँड्नु पर्दथ्यो । विहान ३ घण्टा हिँडेर जाने बेलुका ३ घण्टा हिँडेर आउने गर्दा निकै थकाई लाग्दथ्यो । भोक लाग्दथ्यो । किनेर

खान साथमा पैसा हुँदैनथ्यो । भोक लागेको बेला कलिला पात, फूल मिचेर खाने गर्नुहुन्थ्यो । संयोगबस एकजना धर्मात्मासँग गुरुको भेट भयो । तिनले मन्दिरमा पूजा गर्न लगाए । दैनिक एक रूपयाँ र खाना पनि त्यही दिन थाले । यसपछि गुरुलाई अध्ययन गर्न सजिलो भयो । वहाँले उनको छोरालाई पढाउन थाल्नुभयो । वैद्यले उनको छोरालाई पनि अध्यापन गर्न लगाए । अध्यापन वापत पनि रु. एक प्रतिदिन दिन थाले । पुस्तक किन्न, कापी किन्न, लुगा कपडा किन्न र अरू दैनिक खर्च गर्न गुरुलाई प्रशस्त पुग्ने भयो । यस्ता संघषँ गरेर गुरुले विद्या आर्जन गर्नु भएको थियो । यस्ता संघर्षहरू गर्दै पढ्नु भएका गुरुको प्राइभेट आइ.ए. परीक्षामा विषय लाग्यो । पुनः परीक्षा दिनुपर्ने भयो । यही समयमा उहाँले सरकारी नोकरी गर्नका लागि आवेदन दिनुभयो । उहाँ अधिकृतमा सफल हुनुभयो । केही समय अधिकृत पदको सरकारी नोकरीमा बसेपछि यो पेशामा बसिराख्न उहाँलाई मन लागेन । त्यहाँ गङ्गा नुहाउन पाइएन भनेर उहाँले जागिर छोडेर पुनः काशी फर्कनु भयो । वनारसमा आएर पुनः अध्ययन गर्न थाल्नुभयो । प्रधानाध्यापकको नियुक्ति पाउनुभयो । विद्यालय टाढा हुनाले साइकल किन्नुभयो र साइकलमा जाने आउने गर्न थाल्नुभयो ।

परोपकारी व्यक्तित्व :-

विद्यालयको हेड मास्टरमा नियुक्ति भएपछि साना मसिना र गाऊँका धेरैलाई त्यही बनारस बोलाउनु भयो । सबैलाई खाने बस्ने व्यवस्था मिलाईदिनुभयो । गाउँका सबैलाई आफ्नै परिवार जस्तो गरेर पाल्नुभयो । पढ्ने अवसर जुटाई दिनुभयो र योग्य बनाईदिनुभयो । गुरु अरूको सेवा गर्न पाएपछि खुसी हुनुहुन्थ्यो ।

विद्यालयको हेडमास्टर भएको बेला मलाई पनि बनारस बोलाउनुभयो । तीजको बेला थियो । गंगा छोरी सानी १८ महिनाकी थिइन् । म गंगालाई लिएर बनारस पुगेँ । मैले खाना पकाउने भान्साको काम गर्ने गरेपछि गुरुलाई सजिलो भयो । घरमा पनि विद्यार्थीहरू पढ्न आउथे । गुरु सबैको प्यारो हुनुहुन्थ्यो । पूजाबाट आएको सामाग्रीले सबैलाई खान पुग्थ्यो । गुरुहरू र विद्यार्थीहरू पनि गुरुलाई केही न केही लिएर आउने गर्नुहुन्थ्यो । त्यहाँ गुरुको निकै ठूलो प्रभाव थियो । सबैले गुरुलाई असाध्य माया गर्नुहुन्थ्यो ।

दैवी घटनाहरू :-

गुरुको भगवान्प्रति अनन्य श्रद्धा र भक्ति थियो । यस्तै भक्तिभावना भएका लक्ष्मीप्रसाद भन्ने एकजना साथी थिए । दुईजना भएर शिवरात्रीमा काशीको पुरा परिक्रमा गर्ने र सम्पूर्ण मन्दिरहरूको दर्शन गर्ने गर्नुहुन्थ्यो । बेलुका सात बजे प्रारम्भ गरेको यो भक्ति यात्रा बिहान सात बजे पुरा हुन्थ्यो । छेउछाउका चल्ति नभएका मन्दिरहरूमा जान खतरा हुन्थ्यो । ठगहरू चोरहरू बसेर रात्रीमा लुटपाट पनि गर्थे । एक पटक लक्ष्मीप्रसादलाई विशेष काम पऱ्यो । उहाँ आउन सक्नुभएन । गुरु एक्लै रात्रीको समयमा जाने आँट गर्न सक्नु भएन । तर गुरुको मनले मानेन उहाँ एक्लै भए पनि रातभरी मन्दिर हरूको दर्शन गर्छु भन्ने अठोट गरी निस्कनुभयो र मन्दिरहरू दर्शन गर्न प्रारम्भ गर्नुभयो । असीघाटमा पुगेपछि एकजना धोती लाएको मानिस भेटिए । उनी गुरु जुन मन्दिरमा जानुहुन्छ । त्यही त्यही मन्दिरमा अघिपछि अघिपछि गरेर हिंड्न थाले । गुरुलाई यी सज्जन देखेपछि अलि साहारा भयो । तर कुराकानी वार्ता केही हुन सकेको थिएन । विश्वनाथको मन्दिरमा आईपुगेपछि ल अब जाऊ है ! भनेर ती सज्जन अलप भए । भगवान् विश्वनाथले नै गुरुलाई संरक्षकत्व प्रदान गर्नुभएको थियो भन्ने अनुमान गरिएको छ यस घटनामा ।

त्रिभुवन विश्वविद्यालय प्रवेश :-

त्रि.वि.ले प्राध्यापकहरू भर्ना सम्बन्धि सूचना निकालेको थियो । गुरुले पनि फाराम भर्नुभयो र परीक्षा दिनुभयो । परीक्षामा गुरु उत्तीर्ण हुनुभयो । अब नेपालमा नै गुरुको जागिर हुने भयो भनेर मलाई हर्ष लाग्यो । काशीको सबै मिलाएर नेपाल आउनका लागि गुरु प्रस्थान गर्नुभयो । बाटामा डाँकाहरूसँग भेट भयो लुट्नको लागि गुरुलाई पिटपाट गर्न थाले । गुरुले भगवान् विश्वनाथको सम्झना गर्नुभयो । तुरुन्तै लामो लौरी लिएको एक मानिस आइपुगे । ती मानिसलाई देख्ने बित्तिकै डाँकाहरू भागाभाग गरे । यसरी पटक पटक गुरुलाई भगवान् विश्वनाथको अपूर्व कृपा भएको छ ।

कास्की पोखरामा गृह निर्माण :-

म सदा गुरुको आदर सत्कार गर्थें । जे भन्नुहुन्थ्यो त्यही आज्ञा शिरोपर

गर्थौं। तर मलाई अब नेपालमै बस्नुपर्छ र आफ्नो बस्ने आवास बनाउन पर्छ भन्ने लाग्यो। गुरुसँग सल्लाह गऱ्यो भने यो कुरा मान्नुहुने छैन भन्ने लाग्यो। यसर्थ म आफै यो काम गर्नुपर्छ भन्ने अठोट गरेँ। केटाकेटीको पठनपाठनको लागि र गुरुको स्वास्थ्यका लागि नेपालमा नै बस्नु उपयुक्त हुने छ भन्ने ठानेँ। गुरुको शरीर भरी खटिरा आउने, पेट दुख्ने रोग थियो। बस्ने आधार र गुरुको नोकरी पनि नेपालमा भैहाल्यो। मैले उहाँसँग सल्लाह नगरी एक्लै आँट गरेर पोखरामा घर बनाएँ। मसँग केही पैसा थियो। केही पैसा सरसापट खोजमेल गरेँ। घर तयार भयो। घर बनाएको देखेपछि गुरु रिसाउनु हुन्छ कि भन्ने डर लागेको थियो तर मेरो आँट साहस देखेर गुरु खुसी हुनुभयो, धन्यवाद दिनुभयो। यसरी हाम्रो जीवनको यात्रा अगाडि बढ्दै गयो।

त्रि.वि.मा गुरुको भूमिका :-

नियुक्ति पश्चात् गुरुलाई संस्कृत दर्शन अध्यापनको जिम्मेवारी प्राप्त भयो। गुरु अध्यापनमा अत्यन्तै कुशल हुनुहुन्थ्यो। सबै उहाँसित प्रभावित भए। हामी क्षेत्रपाटीमा बस्थ्यौँ। गुरुलाई त्रिपुरेश्वरमा क्वाटर दिने निर्णय भयो। हामी क्वाटरमा सऱ्यौँ। कान्छा छोरा पशुपति यही त्रिपुरेश्वरमा जन्मिएका हुन्।

त्रिपुरेश्वर क्वाटरमा बस्दा गुरुको विद्वता देखेर पशुपतिका भट्ट गुरुसँग पढ्न आउनुहुन्थ्यो। बेलाबेलामा योगी नरहरिनाथ पनि क्वाटरमा आउनुहुन्थ्यो। गुरुसँग शास्त्रका कुराहरू गर्नुहुन्थ्यो। राधाकृष्ण, बाबुराम, वासुदेव त्रिपाठी, चूडामणि बन्धु, मजपुरिया आदि गुरुसँग भेट गर्ने राय सल्लाह लिने गर्नुहुन्थ्यो। बेलाबेलामा विद्यार्थीहरू पनि गुरुसँग पढ्न आउँथे। राजदरबारबाट पनि बेलाबखतमा बोलावट हुन्थ्यो। धर्म संस्कृतिका कुरामा गुरुसँग परामर्श लिने चलन थियो।

कीर्तिपुरमा बीस क्वाटरहरू थिए। टाडा छ भनेर कोही पनि बस्न मन गर्दैनथे। चूडामणि वन्धु, मजपुरिया, बाबुराम पोखेल, वासुदेव त्रिपाठी, आदि सबै गुरुलाई कीर्तिपुर क्वाटरमा सर्न आग्रह गरियो। हामी क्वाटरमा बस्दा धेरै विद्यार्थीहरू पढ्न आउँथे। गाउँबाट कोही बिरामी भएर, कोही अफिसको काम गर्न, कोही पशुपति दर्शन गर्न आउँथे। पाहुनाहरूको भीड लाग्दथ्यो। गुरु पाहुनाहरूलाई खानपान गराउने खर्च दिने बाटा खर्च दिने गर्नुहुन्थ्यो।

त्रि.वि क्वाटरमा बस्दा बस्दै ट्याङ्गलामा घर बनायौँ । यही घरमा केटाकेटी परिवार बस्न थाल्यौँ । गुरुले आफूले पनि धेरै अध्ययन गर्नुभयो । ६ विषयमा स्नात्तकोत्तर गर्नुभयो । सर्वदर्शनमा विद्यावारिधि गर्नुभयो । अत्यन्तै मृदुभाषी अत्यन्तै परोपकारी स्वभाव हुनाले गुरुसँग धेरै विद्यार्थीहरू पढ्न आउँथे । एकै दिनमा ३-४ जनालाई छुट्टाछुट्टै अध्यापन गराउने गाईड गर्ने गर्नुहुन्थ्यो । म विद्यार्थीहरूलाई पनि चिया नास्ता दिएर विद्यार्थीहरूको सेवा गर्थें । गुरुसँग सहयात्रा गर्दा मैले पनि धेरैसँग परिचय हुने सेवा गर्ने अवसर पाएँ । यस्तो महान् सन्त महान् तपस्वी गुरुसँग सहयात्रा गर्न पाउनु मेरो पनि पूर्वजन्मको पुण्यको फल हो भन्ने लाग्दछ । गुरु परलोक भएपनि गुरुका अमृत वाणीहरू, गुरुका कार्यहरू, गुरुका मार्गनिर्देशनहरू पालना गर्न मन लाग्छ । तिनै वाक्यहरूले आफूलाई मार्ग निर्देशन गरेजस्तो लाग्दछ । महान् तपस्वीगुरुको आत्माको चीर शान्तिको कामना गर्दछु ।

◆◆

वसिष्ठ कुलका तपस्वी स्व. प्रा. डा. दुर्गाप्रसाद दवाडी

ईश्वरीप्रसाद दवाडी

परिवर्तनशील संसार यस्तै हुँदोरहेछ । कसैलाई पनि प्रकृतिले छोड्दो रहेनछ । त्यस्तै स्वर्गीय प्रा.डा. दुर्गाप्रसाद दवाडी पनि २०६९ साल पौष २५ गते ब्रम्हलीन हुनुभयो ।

उहाँको जन्म १९८५ साल माघ महिनामा कास्कीकोटमा बाबु सेतु र आमा मधीका कोखबाट चौथो छोराका रूपमा भएको हो । उहाँको समयमा नेपालमा पठनपाठनको चलन निकै कम र गाह्रो थियो । त्यसैले उहाँलाई बाबुले पठनपाठनका लागि १९९४ सालमा काशी लगेर आफ्नी दिदीका साथमा छाडिदिनुभयो । दिदी काशी बास बस्न जानुभएको थियो । दिदीले केहीदिन आफ्नो साथमा राखी अन्नपूर्णाऋषिकूलब्रह्मचर्य आश्रममा पठनपाठनको निमित्त राखिदिनुभयो पठनपाठनमा साह्रै तेज भएको हुँदा चाँडै नै परीक्षा पास गर्दै जानुभएछ । उहाँ वेदान्त, व्याकरण, आगम, सर्वदर्शनमा आचार्य, संस्कृत रहिन्दीमा एम. ए., सर्वदर्शनमा विद्यावारिधि, साहित्यमा रत्न गरी नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापक भई अन्तिमसम्म काम गर्नुभयो ।

उहाँ यति धार्मिक हुनुहुन्थ्यो कि त्यस विषयमा हामीजस्ता अल्प बुद्धि भएकाले लेखाजोखा गर्न सक्दैनौ । उहाँ कुनै तीर्थस्थल नपुगेको ठाउँ नै छैन । काशी, गया, प्रयाग, अयोध्या, अमरनाथ, परशुराम कुण्ड, गंगासागर, जगन्नाथ, रामेश्वर, कन्याकुमारी, द्वारिका भेटद्वारिका हुँदै बद्रीनाथ, मानसरोवर, मुक्तिनाथ, दामोदर कुण्ड आदि तीर्थस्थलको यात्राका साथै यज्ञयज्ञादि कति गर्नुभयो त्यसको लेखाजोखा छैन । आफूले गरेको कामको मैले यसो गरे भनेर कहिले देखाउनुहुन्नथ्यो । वर्षमा पर्ने सबै व्रत-उपवास बस्नुहुन्थ्यो । हामी सनातन धर्मावलम्बी हौं भन्नुहुन्थ्यो । त्यसै भएको हुनाले हामी स्मार्ती हौं ।

सबै देवीदेवताको आराधना गर्ने भएको हुनाले एकादशीमा स्मार्ती एकादशी, त्रयोदशीमा शिव प्रदोषव्रत पूर्णिमामा पूर्णिमाको ब्रत सबै उपवास बस्नुपर्छ भन्नुहुन्थ्यो र बस्नुहुन्थ्यो। वैष्णवानाम् एकादशी जसले वैवणव दीक्षा लिएको छ, त्यसले मात्र उपासना गर्ने हो किनकि उनीहरूले ईश्वर भनेको एक विष्णु मात्र हुन् भनी मान्ने भएकाले वैष्णवानां एकादशी मान्दै आएका हुन् भन्नुहुन्थ्यो।

उहाँ विहान ३ बजे उठ्नुहुन्थ्यो। आफ्नो नित्यकर्म ८, ९ बजेसम्म गर्नुहुन्थ्यो। आफ्नो कर्म वलिवैश्वदेव नगरी खानु हुन्नथ्यो। आफ्नो कर्म गर्न नपाए ७ दिनसम्म भए पनि खानुहुन्नथ्यो।

एक समयको कुरा हो, राजा वीरेन्द्रबाट उहाँलाई बडागुरुज्यूको याचना भयो तर उहाँ मान्नुभएन। किन मान्नु भएन भने हामीले प्रश्न गर्‍यौं। उहाँले हामीलाई यस्तो उत्तर दिनुभयो कि राजाको वरिपरि उनले भनेको बेलामा उपस्थित हुनुपर्दछ। मेरो नित्यकर्म सबै छुट्छ। आफ्नो सन्ततितिर ध्यान दिन समय मिल्दैन र सन्तति पनि जस्तो हुनुपर्ने हो त्यस्ता हुँदैनन्। त्यसैले मैले उक्त प्रस्तावलाई मानिन। हुन पनि अहिले उहाँका सन्तान हेर्ने हो भने बडा कर्मठ छन्। यो सबै उहाँको देन हो।

यस्ता तपस्वी पुरुष हाम्रो वंश कुलमा उत्पत्ति भएर समस्त कुल उद्धार गरेर आफ्ना स्वजनलाई पनि शिक्षित बनाएर जिन्दगीमा कसैको कुभलो नगरी सबैको उत्थान गर्दै म लगायत सबैलाई ऋण बोकाएर स्वर्गारोहण हुनुभयो। उहाँको म सधैंभरि ऋणी छु। यस्ता हाम्रा कुलै उद्धार गर्ने तपस्वी महात्मा सदा हाम्रा हृदयमा बास बसी हामीलाई सदा प्रेरणा उत्पत्ति रहिरहनेछ। उहाँले मलाई दिनुभएका उपदेशहरू अविस्मरणीय पथ-प्रदर्शक छन् र भगवान् मलाई सदा उहाँकै अनुयायीतिर प्रेरणा गरून्।
अस्तु।

◆◆

गुरुको सम्झना

पूर्णभद्र उपाध्याय
चितवन

विद्वत्वर पुरुषको स्मृतिमा २/४ शब्दबाट आदर गर्नु हाम्रो परम् कर्तव्य हो । शास्त्रले भन्दछ-

गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुदेवो महेश्वरः ।
गुरु साक्षात् परब्रह्म तस्मै श्री गुरुवे नमः ॥

यसर्थ गुरुवर आचार्य दुर्गाप्रसाद दवाडी पूर्व रजस्थल गा.वि.स. कोटमुनि हाल लेखनाथ महानगरपालिका अन्तर्गत वडा नं. २४ निवासी पं सेतु उपाध्याय दवाडीका चतुर्थ पुत्ररत्न हुनुहुन्छ। पिता सेतु उपाध्यायले उहाँलाई सानै उमेरमा वाराणसी फुपूसँग लगेर छोड्नुभएको थियो । उहाँको अध्ययन काशीमै भएको हो । हुने बिरुवाको चिल्लो पात भनेझैँ दुर्गा गुरु तीक्ष्ण बुद्धिका हुनुहुन्थ्यो । उहाँको अध्ययन वाराणसीको अन्नपूर्णाऋषिकुलब्रह्मचर्याश्रममा भएको हो । पछि त्यही विद्यालयको शिवपुर वाराणसी भन्ने ठाउँमा सर्नुभयो । त्यो ठाउँ ब्रह्मचर्याश्रममा ब्रह्मचर्यत्व नियम नै पालना गरेर अध्ययन गर्नुपर्थ्यो । शिवपुर अन्नपूर्ण आश्रममा प्रातः सन्ध्योपासना बगैँचाको बिचमा स-साना चौकाहरूमा बसी गर्नुपर्दथ्यो । हरियाली आम्रवृक्षले ढकमक्क भएको प्राकृत सौन्दर्यले भरिभराउ भएको मनोहर ठाउँ थियो । त्यस विद्यालयमा दक्ष गुरुहरू मुरलीधर आदि गुरुबाट शिक्षा ग्रहण गर्नुभएको थियो। वेदाध्यायन, गुरुसेवा, नित्य, नैमित्य कर्म गर्न पनि सिकाइन्थ्यो रे । त्यहाँबाटै सिकेका कार्यहरू उहाँका जिन्दगी चल्दै रहे । **'यन्नवे भाजने लग्न संस्कारो नान्याथा भवेत्'** नयाँ भाँडामा लागेको दाग पछिसम्म टल्किँदै जान्छ भनेझैँ वहाँ मृदुभाषी, दयाको भावना, परोपकार कर्म, आतिथ्य सेवा, सत्कार्य विशेष गुण थिए । उहाँको दया, दाक्षिण्य आफु सेकेन्डरी हाइस्कूल अध्यापनको वेतनबाट हामीजस्ता तारानाथ दवाडी, प्रेमनाथ दवाडी, ईश्वरी दवाडी, पूर्णभद्र तिमल्सिना, गंगाधर तिमल्सिना, कृष्णप्रसाद तिमल्सिना, मोतीलाल बराल आदिलाई सहयोग पुऱ्याउनुहुन्थ्यो । प्रातःकालमा

कुनै मन्दिरमा पूजा, ध्यान गर्दा लगाएको प्रसाद लड्डु पेडा आफूले मात्र नखाई हामी बसेका छात्राबासमा ल्याएर सानु बालकलाई माया गरेर दिएजस्तै हामी सबैलाई दिई भागबण्डा गरेर आफूले खानुहुन्थ्यो । उहाँ हरेक पक्षको द्वादशी वा त्रयोदशीमा पर्ने प्रदोष व्रत उपासना गर्नुहुन्थ्यो । विद्यालयबाट ४ बजे आएपछि भागिरथी स्नान, विश्वनाथ दर्शन एक आवृत्ति रुद्री जलधारा साइकल यात्रा २ कोष जति टाढा गएर शिवोपरि गर्नुहुन्थ्यो । त्यस दिन रात्रिमा घृत पक्वान्न पुरी, परबर आलुको तरकारी, खाना, प्रसाद बन्दथ्यो । त्यो खाना हामी सबैलाई अति मीठो लाग्दथ्यो, हामी सबैले त्यो त्यो दिनको प्रतीक्षा गर्दथ्यौं । हामी सबैलाई उहाँको आएको खर्चले नपुगेर हामीमध्ये म पूर्णभद्र तिम्सिना, कृष्णप्रसाद तिम्सिना सहर भागिरथी गंगाको तट मीराघाट नयाँ विश्वनाथ मन्दिरको नगिच कस्तूरी मल विद्यालयमा उत्तरमध्यमा प्रथम खण्ड र कृष्ण पूर्वमध्यमा अध्ययनका लागि स्थानान्तरण गर्‍यौं । हामी विदाका दिन अध्ययन गर्न गुरु भएको ठाउँमा जाँदा छोरी घरबाट माइत गएजस्तो अनुभूति हामीलाई हुन्थ्यो । उहाँमा हामी प्रतिको माया र ममता अतुलनीय थियो । यसैगरी सम्पूर्ण मध्यमा अध्ययन गर्दा कविराचौर आदर्श महाविद्यालयबाट पनि हामी गुरु समीप जान्थ्यौं । विद्यार्थीप्रति उहाँको माया अपार थियो । उहाँ दुर्गा गुरु, वेदान्तचार्य, व्याकरणाचार्य, दर्शनाचार्य, हिन्दीमा रत्न आदि उपाधिले विभूषित हुनुहुन्थ्यो ।

गुरु वाराणसीबाट नेपालको त्रिभुवन विश्वविद्यालय काठमाण्डुमा दर्शन विषयको अध्यापन गराउन नियुक्ति हुनुभयो । काष्ठमण्डप विश्वविद्यालयबाट हामीहरू गंगाधर तिमल्सिना, पूर्णभद्र तिमल्सिना, मोतीलाल पराजुली उहाँकै प्रेरणाले नेपाली एम.ए. उत्तीर्ण गरेका हौं । हामीजस्ता कति कति विद्यार्थीहरूलाई पी.एच.डी. गराउनुभयो । उहाँको गुणगान सबैले गर्दछन् । उहाँ हरेकको लेख शुद्धाशुद्धि गर्नुहुन्थ्यो । गुरु दवाडी कास्की जिल्लाकै प्रखर धुरन्धर विद्वान् हुनुहुन्छ । उहाँलाई सबैले विद्वान्का रूपमा चिन्दछन् । गुरुवर दुर्गा पितृभक्ति र बन्धुवान्धव आफ्नो कर्तव्य पूरा गर्नुहुन्थ्यो । आफ्ना पिताजी पं सेतूपाध्याको इच्छानुकूल धान्यपर्व, पुराणहरू लगाई दिनुभएको थियो । पिता र बहिनी माकुरीलाई तीर्थाटन गंगासागर जगन्नाथपुरी, रामेश्वर द्वारिका आदि ४ धाम गराई दिनु भएको थियो । पितृ उद्धार चन्द्रकान्तको उद्धारको लागि चितवन

गंगानगरमा आई श्रीमद्भागवत सप्ताह यज्ञ सम्पन्न भएको थियो।

सनातन हिन्दु धर्मावलम्बी गुरुको धर्मप्रति धेरै विश्वास थियो। पुत्रपुत्री सन्तानको कल्याणार्थ जप, पाठ पनि गर्नुहुन्थ्यो। जेठा ज्वाइँ सूर्यप्रसाद लामिछाने राजनीतिक कारणबाट कारावासमा रहँदा 'मम जामाता कारागार विमुक्त्यर्थं' भनेर जप ध्यान गरेको म जान्दछु। उहाँकै तपस्या वरदान काशी विश्वनाथ, पशुपतिनाथका कृपा सक्षम हुन् भनी २ छोराहरूमा १ छोराको नाम विश्वनाथ र कान्छा छोराको नाम पशुपति राख्नुभएको छ। दुवै छोरा विश्वनाथ मीमांसाचार्य वाल्मीकि क्याम्पसमा सहप्राध्यापक र उपप्राध्यापक पशुपति दवाडी विन्ध्यवासीनी संस्कृत विद्यापीठ कास्की पोखरामा ज्योतिषाचार्य भएर अध्यापन कार्य गर्नुहुन्छ। छोरी २ गंगा लामिछाने र सुशीला आचार्य दुवै विदुषी हुनुहुन्छ। उहाँका चारै सन्तान विद्वान् र विदुषी छन्

यसरी सबै छोराछोरी नातिनातिनाहरूलाई सबै सक्षम पार्नुभई आफ्ना खुट्टामा उभिन सक्ने बनाउनुभएको छ। उहाँको तपस्या यस्तो थियो-

ब्रह्ममुहूर्तमा उठेर प्रातःस्तुति आदि गर्दै काठमाण्डु वागमतीमा हेमन्त, शिशिरका समयमा स्नान गरेर प्राध्यापक निवासमा आउँदा उहाँ पैतालामा उहाँकै धर्मपत्नी छायादेवी दवाडीले भकभकी पाकेको पानी पैतालामा खन्याउँदा पोलेको थाहा हुँदैनथ्यो। यति कठ्याङ्ग्रिँदा पनि पत्ता नै नपाइकन तपस्या जप तर्पण गर्नुहुन्थ्यो। उहाँ धर्मका तपस्वी हुनुहुन्थ्यो। धर्मशास्त्रीय पत्रपत्रिका सम्पादन गरेर धर्म प्रचारमा सहयोग पुऱ्याउनुहुन्थ्यो। अब यस्ता महान् व्यक्ति पाउन कठिन छ। उहाँका घरको १ कोठा हरेक विषयमा प्राचीन, आधुनिक सबै प्रकारको पुस्तकालय नै बनाएर छोड्नुभएको छ। पुराण, उपपुराण जस्ता ग्रन्थमा उहाँले ठूलो रुचि रहेको थियो। त्यस्ता महापुरुष हामी सबैलाई टुहुरा पारेर मिति २०६९ मा परमधाम प्राप्त गर्नुभयो।

गुरु दुर्गाप्रसाद उपाध्यायका स्मृतिमा जानी-नजानी २/४ शब्द लेख्न पाउँदा म चितवन भरतपुर महानगरपालिका १४, पटीहानी निवासी पूर्णभद्र उपाध्याय तिमल्सिना अहोभाग्य सम्झन्छु।

◆◆

श्रोत्रिय ब्रह्मनिष्ठ गुरु

गंगाधर तिमिल्सिना
पूर्व क्याम्पस प्रमुख
भदौरे ५, कास्की, हाल लेखनाथ न. पा. २३

यस संसारमा मानवहरूको जन्मनु-मर्नु प्रकृतिसिद्ध नियम हो। विधिको विधान हो। मनुष्यको मात्र नभई सम्पूर्ण जीवजन्तुमा हुने प्रमुख नियम हो। दैविक प्रक्रिया हो तापनि मानिसहरू अरू प्राणीभन्दा चैतन्य र आनन्दमय स्वरूप केही फरक पाइन्छ। विकास पनि संसर्ग र शिक्षाले धेरै फरक पार्दछ।

मनुष्यको बाहिरी शरीरमा शिर, नाक, कान, नाक, आँखा, मुख, गाला, औंला, हातगोडा उस्तै भए पनि भित्री सूक्ष्म रूपमा गुण एवं स्वभाव भिन्न-भिन्न हुन्छन्। त्यही भित्री अवधारणाले मात्र वास्तविक मानव स्वभावको पहिचान गर्दछ। यसरी नै चित्त, मन, बुद्धि, विवेकको स्वरूप पनि फरक-फरक हुन्छन्। मूर्ख, अल्पज्ञ, बुद्धिमान्, प्राज्ञ प्रभृति स्वभावका स्तरहरू रहन्छन्।

बुद्धिमान् मानिसको पहिचानका लागि शास्त्रहरूमा अनेकौं भनाइहरू पाइन्छन्।

१. 'श्रोत्रिय ब्रह्मनिष्ठम्' वेदसार बुझी त्यो अनुसार निस्वार्थ कार्य गर्नेलाई विद्वान् भनिन्छ।

२. 'आत्मवत् सर्वभुतेषु यः पश्यति, सः पण्डितः' सम्पूर्ण चराचर प्राणीलाई आफ्नो आत्माजस्तो मान्ने मानिसलाई पण्डित भनिन्छ।

३. 'महान् आत्मा यस्य सः महात्माः' ठूलो वा विशाल आत्मा हुने धन, सम्पत्ति विषय, वासना, काम, क्रोध, मोह, लोभादिलाई छाडी उदार दिल हुने नै महात्मा मानिन्छ।

४. 'सन्सरतीति सन्सार' संसारको विषय वासना राम्रो बुझेर व्यवहार गर्नेलाई विद्वान् भनिन्छ।

५. तम रज गुणलाई छोडी सत्व गुणलाई आत्मसात गर्नु नै विद्वता हो ।
६. धेरै उपाधिहरू र डाक्टर पद प्राप्त गर्नेलाई विद्वान् भनिन्छ ।
७. कुनै अनुसन्धान गरी नयाँ आविष्कार गर्ने व्यक्तिलाई विद्वान् भनिन्छ ।
८. 'बसुधैव कुटुम्बकम्' विश्वमण्डलका प्राणीलाई आफ्ना वन्धु मान्ने मान्छेलाई विवेकवान् वा विद्वान् मानिन्छ ।
९. चारै वेद र अष्टादश पुराणलाई निस्वार्थ व्याख्या गर्ने वा सार बुझाउनेलाई विद्वान् भनिन्छ । पूजारत हुनेलाई ज्ञानी भनिन्छ ।
१०. ब्रतबन्धादि यज्ञ गराउने षड् वेदाङ्गको अध्ययन गराउनेलाई विद्वान् भनिन्छ ।
११. 'सदसद् विवेकिनी बुद्धि पण्डा पण्डा सञ्जात यस्येति पण्डितः' सत्य असत्य वस्तुलाई विवेकपूर्वक पढेर काम गर्ने गराउनेलाई पण्डित भनिन्छ ।
१२. स्थूललाई छोडेर सूक्ष्ममा प्रवेश गर्नु र जडलाई छोडेर चैतन्य आत्मालाई साक्षात् पार्नु नै विद्वता हो ।

यसप्रकार विद्वान् वा बुद्धिमान्का धेरै परिभाषा पाइन्छन् । सबै परिभाषा सबैमा पाइँदैन तर पनि केही मानवमा सबै परिभाषा मिल्ने पाइँदारहेछन् । यो विशेष पुरुषको लक्षण हो । नेपाल देशको कास्की जिल्ला पुरानो कास्कीकोटमुनि बस्ने पिता सेतु दवाडीले ८ वर्षमा उपनयन गरी चौथो छोरो दुर्गाप्रसाद दवाडीलाई ठूलो वर्णमाला चण्डी, रुद्रीजस्ता सामान्य नैतिक शास्त्रहरूको ज्ञान गराएर ९ वर्षमा भारतको काशी वनारसमा लगेर काँशीबास हरिभजन गर्ने फुपू पर्नेसँग पढाइदिनु भनी छोड्नुभयो । ५ छोरा, २ छोरीका बाबु भएका सेतु दवाडीको आत्मबललाई मान्नै पर्दछ, किनभने नौतुनासम्म पैदल हिँडेर जानुपर्ने हिजोआज जस्तो सञ्चारको माध्यम र यातायात नभएको अवस्थामा पनि यत्रो आँट गर्नु कठिन कुरा थियो । यति कठिन यात्रा सफल गरी छोरालाई छाडी कास्की घर आउनु अरू विशेषता हो ।

फुपूले अन्नपूर्णा आश्रममा भर्ना गरेपछि पूरा ब्रह्मचर्य रूपमा बस्नु पर्दथ्यो । कौमुदी, अमरकोष, रघुवंश स्तोत्रावलीसमेतका ग्रन्थलाई कण्ठस्थ गरी गुरुलाई बुझाउनुपर्ने ३०/४० मिनेट बिहान बेलुका पूजापाठ आरती गर्नुपर्ने, गुरु र महन्तको आज्ञाबिना बाहिर जान नमिल्ने माछामासु, लसुनप्याज हिंग

मसुरादि पदार्थ खान नपाइने, बिहान बेलुका गायत्री जप्नुपर्ने, गुरुले दिएको पाठ कण्ठस्थ गरी बुझाउनु पर्ने, भोजन र वर्षमा २ जोडा पोसाक दिने व्यवस्था थियो ।

यी नियमहरूलाई पालना गरी कास्कीको चल्तीभन्दा छुट्टै परिवेशमा त्यो अन्नपूर्ण आश्रम वारणसीमा रहनुपर्ने हुँदा त्यहीअनुसारको जीवनशैली बन्यो । त्यस्तै अरू धेरै विद्यार्थीहरू पनि रहन्थे र देश, भाषा चल्ती भिन्न भए पनि गुरु आज्ञा पालना गर्ने तथा प्रतिदिन पाठ गुरुलाई बुझाउनुपर्ने हुँदा गुरुको सामीप्यमा दुर्गाप्रसाद रहनुभएछ । यसरी आश्रमको नियमअनुसार त्यही २ वर्षमा नै प्रथम परीक्षामा समुत्तीर्ण हुनुभएछ । एवं रीतले अध्ययन गर्दै जाँदा शिक्षाको ओज र तेज बढ्दै गएछ । अन्य साथीहरू भने कोही फेल हुने कोही निम्न अङ्क ल्याएर पढ्ने हुँदा गुरुहरूले 'तिमीहरू' पनि दवाडीका झैं पाठ पढ्नुपर्छ भन्दा अल्छी साथीहरूले डाह गरेछन् । यसै कारण अन्नपूर्णा आश्रमको तीन तलामाथिबाट घचेडी दिएछन् ।

सञ्चार माध्यम नभएबाट घरतिर जानु भएन । तर हात नजानिँदो बाङ्गो भयो । पूर्वकार्य र पढाइ निरन्तर क्रमशः अघि बढ्यो । नव्यव्याकरण, वेदान्त, दर्शन, आगमन आचार्य उत्तीर्ण गर्नुभयो । सहयोग गर्ने सिलसिलामा धनीले आश्रमलाई चामल, गहुँ, दाल, चिनी दिनका लागि बोलाए । ती वस्तु लिन १ गुरु मुरलीधर पाण्डे उनी समेत बोरा लिई गएछन् । गाडी छोडेपछि ठूलो वनभित्र पैदल लागेछन् । ठूलो घना जङ्गलभित्र गएपछि बाटो भुलेर रात परेछ । अन्दवा कुन्दरवा परेछ । दुवै जना रुखको चोकमा बस्नुभएछ । निद्रा लागेमा खसिन्छ भनी बोराका डोरीले शरीरमा बाँधी बसेछन् । गुरु भन्नुहुन्थ्यो रे हामीमध्ये कोही पनि तल खसी बाघभालुले खाएमा वा खसी झरेमा तल नझर्नु हरि..हरि भन्नू, रातभरि शिव..शिव भन्दै रोई अन्दाजी रातको ११ बजे दुई वटा बाघ आएर बुटा तल घुमेछन् । दुवै जना नै त्रासको भारी बोकेर त्यही बुटामा रहिरहेछन् । उचाइमा हुँदा सबै सुरक्षित रहेछन् । भोलिपल्ट घाम आएपछि बुटाबाट ओर्ली एकेक वटा लौरी टेकी प्रस्थान गरेछन् । वन्य जनावरको डर छँदै छ । बाटो फेला पर्दैन । पानी पाइँदैन । दोस्रो दिन घाम अस्ताउने बेलामा

एक गौपाको घर फेला परेछ । त्यसैको घर गाँसबास मिलेछ । तेस्रो दिनमा सम्बन्धित धनीको घर पुगी ससम्मान र गोरुगाडामा चामल, गहुँ, दाल, चना लिएर आश्रममा फर्कनु भएछ । यस्तै जीवनमा परेका अन्य घटना पनि भन्ने गर्नुहुन्थ्यो ।

कास्कीको घरमा आई २००७ मा चैनपुर निवासी अग्निधर तिमिल्सिनाकी छोरी छाँयादेवी तिमल्सिनालाई वैवाहिक सम्वन्धमा गाँस्नुभयो । दुई छोरी दुई छोराका सुजन्म भयो ।

क्रमशः हिन्दी र संस्कृतमा एम. ए. वेदान्त दर्शन आगममा आचार्य एवं पी. एच. डी. समेत उपाधि प्राप्त गर्नुभयो । उहाँमा अन्य धेरै ग्रन्थहरूको स्वाध्ययन थियो ।

सेवातर्फ भने नेपाली महाविद्यालय गौरी, अन्नपूर्णागुरुकुलआश्रम, संस्कृत महाविद्यालय, शिवपुर, भारत, वाराणसी, इण्टर कलेजसमेत पढाउनुभयो । नेपालमा पनि २०२५।३।१२ गते त्रि.वि.को आचार्य स्तरमा र यसैका आङ्गिक क्याम्पसमा तथा ने.सं. वि. मा समेत अध्ययन गराउँदै उप प्र. बाट प्राध्यापकसम्म वर्ष सेवा गर्नुभयो । सर्वदर्शन एवं पूर्व मीमांशा विभागीय साथै दर्शन विषयमा त्रि.वि.को विभाग अध्यक्ष रहनु भएको थियो । अनुसन्धान निर्देशक विद्यावारिधिको विशिष्ट निर्देशक रहनुभएको थियो ।

पुरस्कार र पदक, भ्रमण

१. एम. ए. प्रथम श्रेणी महेन्द्र विद्याभूषण प्राप्त
२. विद्यावारिधि प्रथम श्रेणी महेन्द्रभूषण प्राप्त
३. आगम आचार्य सर्वप्रथम, कर्णसिंह स्वर्ण पदक प्राप्त
४. श्री ५ को सरकार र राष्ट्रिय शिक्षा समिति शिक्षा दिवस २०४७ मा पुरस्कार, विराट हिन्दू सम्मेलन मद्रास, सनातन धर्म सम्मेलन इस्लामाबाद राजस्थान काशी गया, काशी बद्री केदार, कन्याकुमारीसम्म श्री ५ को प्रतिनिधित्व गर्नुभएको थियो ।

प्रकाशित कृतिहरू तथा अनुसन्धान कार्य एवं सामाजिक कार्यमा

संलग्नता कार्यहरू प्रशस्त मात्रामा छन् । यस सम्बन्धमा विद्वान्हरूले उल्लेख गरिसक्नु भएको छ ।

सामाजिक सेवा सम्बन्धमा नेपाल संस्कृत परिषद्का तर्फबाट भारतमा हुने गोष्ठीहरूमा प्रतिनिधित्व गर्नु भएको थियो । साथै नेपाल सरकार एवं त्रि.वि. को तर्फबाट पनि धेरै ठाउँमा सहभागिता र प्रतिनिधित्व गर्नुभएको थियो । यसरी कार्य गर्दै जाँदा कास्कीकोट कालिका मन्दिर सुधारदेखि वनारससम्म नयाँ विश्वनाथ स्थापना गर्ने सन्दर्भमा हिन्दूत्वको प्रतिनिधित्व गर्दा कारागार बाससम्म भोग्नु परेको थियो ।

धर्मको निमित्त सात्विक रूपले देखेका र सुनेका तीर्थहरूमा नेपाल तथा भारतका सबैमा जानु भएको थियो । जे जति कार्यहरू हुन्थे अति सात्विक, नियमपूर्ण, विधिपूर्ण हुन्थे । शतरुद्री, अन्नदान (धान्यदान), चौरासी पूजा, पितृ उद्धार कार्य, देव पूजादि कार्य अनुकरणीय हुन्थे । सात्विक मानवहरूको आत्मस्फुरण हुन्थ्यो । यो विशेष विशेषता थियों ।

गणेश, सूर्य, देवी, शिव, विष्णु पितृ इन्द्रादिदेव, ग्रहादिदेव, मातृकादिदेव समेतमा अति सात्विक भावपूर्ण कार्य गर्नुहुन्थ्यो । अझ शिव, गंगा गुरु मातृप्रति भाव विभोर भएर सात्विक श्रद्धा सुमन अर्पण गर्नुहुन्थ्यो ।

हुन त यस विश्व मण्डलमा विद्वान्, ज्ञानी, धार्मिक, सामाजिक, त्यागी, परोपकारी मानवहरू प्रशस्त पाइन्छन् तर उहाँ जस्ता सात्विक कर्तव्यनिष्ठ कार्य गर्ने मनुष्यहरू दुर्लभै छन् । यो उहाँको दोस्रो विशेषता हो ।

आर्तप्रति अति नै संरक्षण, संपोषण गर्नुहुन्थ्यो । अन्य मान्यजन साधु, सज्जन महात्मा ज्ञानी विद्वान् धार्मिकप्रति अत्यधिक मर्यादा राख्नुहुन्थ्यो । शौचाचार कर्ममा र तन्त्र, मन्त्र, जप कार्य गर्दा भावपूर्ण तथा विधिपूर्वक गर्नुहुन्थ्यो ।

यस मानव संसारमा मानिसका सात्विकी, राजसी, तामसी गरी तीन प्रकारका गुणहरू हुन्छन् । यी तीनै गुणले आ-आफ्ना कार्य गर्दछन् ।

क) सात्विक् गुण हुनेहरू आफू आफ्नो देश र विश्व नै 'तत्वमसी ब्रह्म'

जीवात्म नै ब्रह्म हो । आत्म सबैको समान हो एक हो । सबै प्राणीको आत्ममा ब्रह्म छ । पक्षपात गर्न हुँदैन भन्ने अवधारणा हुन्छ । शान्त स्वभाव ईश्वर र मान्यजनप्रति श्रद्धासुमन मीतवाची, संयमी आहार विहार भएका हुन्छन् । दीर्घजीवी र दूरदर्शी सत्कर्ममा विश्वास गर्ने हुन्छन् ।

ख) रजगुण हुनेहरू ईर्ष्यालु प्रतिस्पर्धी, आफू अघि बढ्ने अर्कालाई नीच देखाउने अन्तरात्मामा डाह रहिरहने, अवसरवादी अहंकारी स्वभाव भएका हुन्छन् । अल्प आँट भएका हुन्छन् । मध्यम स्वभाव, विचार, आयु भएका हुन्छन् ।

ग) तमगुण भएका मानिसहरू सदैव आफू मपाइँ, म नै सबै हुँ, अरू कोही हुँदैन । घमण्डी, अभिमानी, स्वार्थी, क्रोधी, लोभी, विषयभोगी, परनिन्दक, असत्यवाची, धर्मछाडा र आहार विहारमा छाडा हुन्छन् । छोटो विचार, छोटो आयु हुन्छ ।

यो प्रकृतिको नियम हो ईश्वरीय विधि हो । कर्मअनुसारको बुद्धि, कर्म र धर्म अनुसार फल हुन्छ । त्यही भोग्नुपर्छ ।

प्रा.डा.दुर्गाप्रसाद दवाडी सत्वगुणले परिपूर्ण हुनुहुन्थ्यो । सर्वत्र सत्वगुणको नै व्यवहार हुन्थ्यो । जीवनभरि नै सात्विकी व्यवहार गरेर नै बिताउनुभयो । उहाँ सात्विकी खाना सदैव गंगास्नान, लघुशंकासमेतको शुद्धता र निष्ठतामा अत्यन्त ध्यान दिनुहुन्थ्यो । 'आचारः परमो धर्मः' भन्नुहुन्थ्यो र गर्नुहुन्थ्यो ।

प्रा.डा.दुर्गाप्रसाद दवाडीका शिष्यहरूमा पूर्व मध्यमादेखि आचार्य, पी. एच.डी. सम्मका शिष्य प्रशिष्यहरू प्रशस्तै छन् । सबैको विवरण दिन सुलभ छैन तापनि भारत काँशी छँदा वेदमा आचार्य शंकर मिश्र, देवेन्द्र त्रिपाठी, राजेन्द्र पाँडे, गंगाधर पाण्डे, तारानाथ, प्रेमनाथ, ईश्वरी, ठाकुर दवाडी, जय प्रकाश बास्तोला, पूर्णभद्र तिमिल्सिना, कृष्ण तिमिल्सिना, लेखक समितिका विद्यार्थीहरूलाई पढाउने सहयोग गर्ने, संरक्षण गर्ने समेत कार्य गरी पढाउनु भएको थियो । त्यस्तै नेपालमा त्रि.वि., म.सं.वि.मा पढाउँदा ध्रुवराज वाग्ले (सी. डी.ओ.) रेवती विलास, दामोदर पौडेलसमेतका विद्यार्थीहरू पूर्वमध्यमादेखि आचार्य, पी.एच.डी. सम्मका साहित्य, व्याकरण, दर्शन, वेदान्त, आगम, हिन्दी,

नेपालीमा बडो उदारता र भावपूर्ण श्रद्धाका साथ पढाउनुहुन्थ्यो । यस प्रकार उहाँका विद्यार्थी वर्ग प्रशस्तै छन् । हाल पनि उच्च पदमा छन् । 'यथा राजा तथा प्रजा' भनेजस्तै सुशील कर्तव्यनिष्ठ सत्मार्गी देखिन्छन् । यसरी सिंहावलोकन गर्दा दुर्गाप्रसाद गुरुले सबै शिक्षा धार्मिक, सामाजिक, गृहस्थी, व्यावहारिक, परोपकारी चौतर्फी क्षेत्रमा नै पूर्ण सफलता हासिल गर्नुभएको थियो ।

अहिलेको आधुनिक बेलामा यस प्रकारका व्यक्तिहरू पाउन कठिन छ । उहाँको विषयमा कसौटी लगाउँदा नेपालको नमुना विद्वान् हुनुहुन्थ्यो । उहाँका सत्य र तथ्य चरित्र, कार्य अनुकरणीय, स्मरणीय छन् । यसरी नेपालका विद्वान् हरूको कोटीमा मूल्याङ्कन गर्दा उहाँ सर्वप्रथम पङ्क्तिमा पर्नुहुन्छ । उहाँप्रति उच्च कोटीको सद्भावना रहेको छ, रहिरहने छ । यस्ता प्रकारका व्यक्तिलाई नेपाल सरकारले पनि उच्च मूल्याङ्कन गरी मर्यादा दिनुपर्छ ।

◆◆

युगरेखाको मापनमा एक मनीषी

सूर्यप्रकाश शर्मा

व्यक्तिगत जीवनको इतिहासका बत्तीस साल फागुन २४ गते दवाडी परिवारसँग हाम्रो परिवार जोडिएको अविस्मरणीय दिन बन्यो । यो दिनमा उहाँकी तेह्र वर्षकी छोरी र १८ वर्षको म प्रणयसूत्रमा बाँधिएका थियौं । उहाँलाई सम्झनासाथ चलचित्रका अविरल गतिवान् दृश्यावली जस्तै स्मरणहरू मानसपटलमा दोहोरिन थाल्छन्, नदीको छाल जस्तै गरी ती आइरहन्छन् र कहाँबाट सुरु गरौं भन्ने मन द्विविधामा पर्न थाल्छ ।

उहाँ आफ्नो आस्थाबाट रत्तिभर दायाँ बायाँ नगर्ने मान्छे हुनुहुंदोरहेछ । उहाँकी छोरी र म दुवै औसी तिथिमा जन्मेका हुनाले पनि यो सम्बन्ध गाँसिन पुगेको हो । मेरा मावली हजुरबा ज्योतिषी हुनुहुन्थ्यो । सासु आमा चिना देखाउन त्यहीँ जानुभएछ । 'तपाईंका नातिसँग यो कन्याको वैवाहिक सम्बन्ध कस्तो होला?' भनेर सोध्नासाथ हजुरबाले चिना फलिदिनुभयो अरे ! ममा फलित ज्योतिषशास्त्रको ज्ञान छैन । विवाहका लागि हाम्रो पारिवारिक स्तर, मेरो शैक्षिक तीक्ष्ण र यो बिहेका लागि उहाँहरूलाई प्रेरित गर्ने मेरा विद्यालय गुरुको प्रयत्न प्रधान तत्त्व रहेको हुँदा हाम्रो विवाह सम्पन्न भयो ।

गधा पच्चीसे भित्रको उरन्ठेउलो उमेरमा लागदोरहेछ - "मभन्दा सुन्दर दुनियाँमा को होला ?' 'मभन्दा जान्ने अरू को होला ?' म वरिष्ठ छु र सबैभन्दा ठूलो चुनौती के छ त्यसको सामना गर्नसक्छु ।' म शारीरिक सुन्दरता र पढाइमा त अग्रस्थानमा थिएँ नै, मलाई चुनौतिको सामना गर्ने सोचाइले त्यसबेला निकै प्रेरित गरेछ । त्यो चुनौती भनेको 'राजतन्त्र' थियो । त्यति बेलाको समयमा राजनीतिमा सक्रिय हुने भनेका तीक्ष्ण बुद्धिका विद्यार्थीहरू हुन्थे । अहिलेजस्तो फेलौरा र द्रव्य पिचासहरू हुँदैनथे । म त्यति बेला प्रतिबन्धित कम्युनिस्ट

पार्टीसँग जोडिएको थिएँ र सक्रिय थिएँ। बिहे गरेको ठीक दुई महिना अर्थात ३३ साल वैशाख २४ गते म गिरफ्तार भएँ। मसँगै गिरफ्तारीमा परेका अधिकांश विद्यार्थीहरू जो अहिले राज्य सञ्चालनका मियो बनेका छन्। तिनीहरूको नाम लिएर म यो आलेखलाई प्रदूषित पार्न चाहन्नँ। पारिवारिक रूपमा असोचनीय र अकल्पनीय बज्रपात हुँदा पनि बुबाको धैर्यतामा कुनै विचलन थिएन। म उहाँको अनुहारको पीडालाई पढ्न सक्थेँ तर उहाँले कसैलाई दोष दिनुभएन। यो सबै भाग्य र कर्मको खेल हो भनेर मन बुझाउनुभयो। कट्टर राजतन्त्रवादी दुर्गाप्रसाद दवाडी र कट्टर गणतन्त्रवादी उहाँको 'ज्वाइँ नारायण' यो योग अनौठो संयोग थियो। तर त्यस बेलाका हाम्रा विपरीत ध्रुवीय विचारले आपसी सम्बन्ध, स्नेह र सम्मानमा एक रति पनि कमी आएन। उहाँको परिस्कृत अनुभवले आजको अवस्था त्यतिबेलै देख्नुभएको थियो भने मैले आफ्नो नाक अगाडि मात्र देखेको थिएँ। चुनौती देखेको थिएँ र त्यो चुनौतीसँग सामना गरेर त्यसलाई जित्न चाहन्थेँ। मेरो कुहिनाले पहरासँग जोरी खोजेकै थियो। यहाँ नेर सम्झन्छु- एउटा सफल सगरमाथा आरोही वृद्धलाई पत्रकारले सोधे- 'तपाईंले किन यस्तो जोखिम मोल्नुभएको ?' उनको जवाफ थियो- 'किनकि त्यो सर्वोच्च शिखर त्यहाँ छ।' राजतन्त्रका विरुद्ध बोल्नु, लेख्नु र सङ्केत गर्नुसम्म पनि निषिद्ध छ। झन् त्यसका विरुद्ध दल बनाउनु र हतियार उठाएर संघर्ष गर्नु भनेको त मृत्युलाई चुनौती छ र त्यो चुनौती सामना गर्न मेरो अन्तरमनले भनिरहेको थियो- 'किनकि यो राजतन्त्र त्यहाँ छ। राजतन्त्रले मेरो कर्कलो बारी फाँड्न आएको पनि थिएन, न त गणतन्त्रले मेरो घरमा सुनको गजुर नै उठाइदिएको छ।

बुबाले मलाई नम्रतापूर्वक विविध उदाहरणहरू दिएर सम्झाउनुभयो- "दोस्रो विश्वयुद्धताक मेरो उरन्ठेउलो उमेरमा म पनि भारतीय सेनामा भर्ती हुन लाममा बसेको थिएँ। भाग्यले गर्दा छनौटमा परिन।" म पनि ३ दिन जेल बसेको छु काशीमा। तत्कालीन भारतीय गृहमन्त्री जगजीवनराम आएर विश्वनाथ मन्दिरमा पूजा गरे। मूर्ति स्पर्श गरे। स्वामी करपात्रीजी महाराजको नेतृत्वमा हामीले विरोध गरेर नारा लगायौँ-"जग्गु चमार हाय ! हाय !!" अनि

गिरफ्तारीमा परियो । यसरी उहाँले उमेरजन्य उरन्ठेउलोपन र जेल पर्दा हीनताबोध नगर्न यी दुवैका बारेमा रोचक किसिमले शिक्षा दिनुभयो ।

आस्था भनेको मेरो विचारमा एउटा नसा नै रहेछ । जब शरीरका नसा-नसामा नसा मिल्छ र सल्बलाउन थाल्छ । त्यसलाई दुनियाँको कुनै पनि शक्तिले यसलाई रोक्न सक्दोरहेनछ । यो नसा कुनै अम्मल वा लागु पदार्थभन्दा पनि चर्को हुँदोरहेछ । जब मान्छेमा यो नशा ग्रहण इच्छाशून्य हुन्छ । त्यसपछि जीवित रहँदैन । उसले आत्महत्या गर्छ या मरण हुन्छ । यो नशा जीजिविषाको हुन सक्छ । आस्थाको हुनसक्छ । आफ्नै साँघुरो परिवेशभित्रको काम, क्रोध, लोभ या मोहको हुन सक्दछ । त्यस बेला बा र ममा यौटा समानता मैले देखेँ । हामी दुवैमा आस्थाको नशा शरीरको कणकणमा चढेको थियो । यद्यपि त्यो नसाको प्रकृति फरक थियो । बाको आफ्नो आस्थाप्रतिको अविचल नशा चाहिँ मेरो मेरा लागि लोभलाग्दो चुनौति थियो । उहाँ आस्थाको सगरमाथामा हुनुहुन्थ्यो भने म आफ्नो आस्थाको ढिस्कोमा उभिएर आफ्नो निधारमा हातको पाली बनाएर त्यो सगरमाथालाई हेरिरहन्थेँ र मनमनै भन्थेँ- "हेर त केटा इहलोकको लालसबिना जीर्णकाय एउटा सतिसाल कसरी युग विपरीत विषम आँधी बेहरीलाई सामना गरिरहेको छ, तैपनि आफ्नो आस्थामा अडिइरन उहाँबाट सिक् है !"

म तत्कालीन राज्यसत्ताको बागी विद्रोही थिएँ । सत्ताको तीक्ष्ण खोजी सूचीमा परेको थिएँ । सत्ताको तीक्ष्ण खोजी सूचीमा परेको थिएँ र भेटिनासाथ प्राण हरण हुने वा संयोगवश प्राण हरण नभए आजीवन काराबास हुने निश्चित थियो तापनि पारिवारिक निकटताको लालसाले यदाकदा लुकिछिपी बाको निवासमा टुपुल्किन्थेँ । बाले मलाई कहिल्यै पनि मप्रतिको उहाँको सम्मान एक रौँ बराबर पनि कमी हुन दिनुभएन । सामान्य गृहस्थी भए ती ससुराबाले भन्ने थिए- "मेरी छोरीको जिन्दगी त अलपत्र पार्‍यौ नि ज्वाइँ !" उहाँको म सधैँ '**ज्वाइँ नारायण**' नै रहिरहेँ र मेरा लागि उहाँ उत्तिकै सम्माननीय आस्थाको मानक धरोहर रहिरनुभयो । हरेक पटक बाको घरबाट उज्यालो नहुँदै म आफ्नो पथमा अलप हुन निस्कँदा मभित्र एउटा थप ऊर्जा र शक्ति सञ्चार भइरहेको महसुस गर्थें, सायद यो उहाँको आशीर्वाद थियो ।

उहाँ दर्शनशास्त्रको विद्वान् हुनुहुन्थ्यो । विशद् ज्ञानभण्डारको सिंह स्वरूप हुनुहुन्थ्यो र म सिंहको डमरुले जस्तो उहाँका ज्ञानचक्षुलाई पञ्जाले खुतुर-खुतुर गिजोली रहन्थेँ । बाको घरमा भेट भएपछि समय पाउनासाथ हामी जमेर बहस गर्थ्यौं अनि अहिले सम्झँदा पनि रमाइलो लाग्छ; भान्साबाट सासूआमाले भन्नुहुन्थ्यो- "आइयु आक्कलझुक्कल आउने ज्वाइँसँग पनि कति गलफत्ती गर्ने होला, याँ खाना सेलाइसक्यो !"

तपाइँको न्यायदर्शनले पदार्थ भनेको पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिक, आत्मा र मनलाई मानेको छ । मेरो विज्ञानले पदार्थको ठोस, तरल र ग्यास अवस्थालाई मानेको छ। आकाश, तेज, काल र दिक्को बारेमा अल्बर्ट आइन्स्टाइनको **सापेक्षतावादको सिद्धान्त** पर्याप्त छ ,, आत्मा र मन त भावनात्मक कुरा मात्र हुन् र भावना पदार्थ हुन सक्दैन- मभित्रको भौतिकवादले उहाँसँग जिरह गर्थ्यो। बरु मेरो आस्थाको भौतिकवाद वनस्पति दर्शन (चारवाक दर्शन) निकट छ जसले पृथ्वी, जल, तेज र वायुलाई मात्र पदार्थ मानेको छ ।

म भन्थेँ- पदार्थले चेतनाको निर्धारण गर्छ। चारवाकले पनि त भनेका छन्, जसरी अन्नमा मर्चा आदिको सम्मिश्रणबाट नशायुक्त तत्व मदिरा उत्पन्न हुन्छ, त्यसै गरी पृथ्वी, जल, तेज र वायुको सम्मिश्रणबाट चेतना उत्पन्न हुन्छ । बाले चारवाक दर्शनको उत्पत्ति कसरी असुरहरूलाई मोहमा भुलाउन उत्पत्ति भएको हो भन्ने इतिहासदेखि त्यसका सम्पूर्ण अवयवहरूको विश्लेषण गरिदिनुहुन्थ्यो र भित्रभित्रै लाभान्वित हुन्थेँ ।

बाले मलाई पूर्वीय दर्शनका बारेमा धैर्यतापूर्वक विशद् व्याख्या गरिदिनुहुन्थो। दर्शनका दुई शाखा आस्तिक र नास्तिक दर्शन हुन्छन्। आस्तिक दर्शनअन्तर्गत न्याय, वैशेषिक, साङ्ख्य, पतञ्जलि योग, पूर्व मीमांसा र वेदान्त गरी छ शाखा छन् भने नास्तिक दर्शनअन्तर्गत योगाचार, माध्यमिक, वैभाषिक, सौत्रान्तिक (बौद्ध) जैन र चारवाक गरी छ शाखा छन् ।

आहा ! मैले मान्दै गरेका मेरा गुरु कार्ल मार्क्सले हेगेलको द्वन्द्ववाद र लुडविग फायरबाखको भौतिकवादलाई कलमी गरेर बनाएको द्वन्द्वात्मक

भौतिकवाद त यी सबै दर्शनको पुच्छारको थेग्रान पो रहेछन् । हत्तेरिका !! दुई सय वर्ष अगाडि ती मार्क्स बूढाले पूर्वीय दर्शन अध्ययन गर्न पाएको भए कत्रो दर्शन प्रतिपादन गर्थे होला ?? अनि पूर्वीय सभ्यताका आलोचनाहरूकै मान्यताअनुसार पनि कम्तीमा पाँच हजार वर्ष पहिले हाम्रा पुर्खाले विकसित गरेको ज्ञानभण्डार विकास गरी सक्दा त्यो पाँच हजार वर्ष पहिला पशिचमाहरू त मान्छे हुन् कि वनमान्छे (चिम्पान्जी) छुट्याउनै नसकिने अवस्थामा पो थिए त !

ज्ञानको अथाह सागर मेरा ससुरा बाको दैविक रूप अब प्राप्त नभए पनि त्यो जाज्वल्यमान प्रकाश बनेर छरिएको छ । तर युगरेखाको फिताले नाप्न खोज्दा उहाँ कतै नभेटिन सक्नुहुन्छ किनकि आत्मप्रचारप्रतिको मोह शून्य राखेर आफ्नै आस्थामा निमग्न रहने मनीषी यो धर्तीमा अब विरलै जन्मिनेछन् । अस्तु ।

◆◆

गणेशजीको पैसा

गंगादेवी शर्मा

हामी त्रिपुरेश्वरमा बस्थौं । त्यति बेला सानो भाइ जन्मेको थियो । म कुपन्डोल (थापाथली) सरकारी स्कुलमा १ कक्षामा पढ्थे । त्रिपुरेश्वरमा भगवान् गणेशको मन्दिर थियो । यो मन्दिर स्कुल जाँदा बाटोमा पर्थ्यो । म सँगै राधाकृष्ण गुरुका छोरीहरू पनि त्यही पढ्थे । हामी सबैले मन्दिर दर्शन गरेर पढ्न जान्थ्यौं । गणेशको मूर्तिमा पाँच दश पैसा चढाएका हुन्थ्यो । त्यो समयमा ती पैसा सकभर लिदैनथे । मलाई पनि ती पैसा टिप्न डर लाग्थ्यो । एक दिन त किन किन मलाई ती पैसा लिन मन लाग्यो र लिए । अलि पर पुगेपछि मैले फरक्क फर्केर पछाडि हेरैं । मैले त्यो पैसा लिएको त कसैले देखेका थिएनन् तर कता कता भगवानले हेरिरहेको जस्तो लाग्यो । त्यो समयमा दश पैसाको भुटेको भटमास, चना, बकुल्ला र केराउ धेरै नै आउथ्यो । भोक लागेका बेला स्कुलमा टन्न पेट भरिने गरि खाजा हुन्थ्यो । मैले त्यही सम्झेर पैसा लिएर हिंडे । स्कुलमा खाजा खाने समय भयो । खाजा किन्न पसल गएँ तर किन्न सकिन किनभने मैले त्यति बेला बाले भनेको सम्झिएँ- "छोरी कसैले नदेखे पनि भगवान्ले त जहाँ पनि देख्नु हुन्छ यसरी चढाएका केहि पनि लिनु हुँदैन पाप लाग्छ" यो झलक्क सम्झिए र केही नलिइकन म कक्षामा आए । भोक त लागेकै थियो । तर मनले खाजा किन्न मानेन छुट्टी भएर घर फर्किदा मैले त्यो पैसा त्यही मन्दिरमा राखिदिएँ ।

म बासँग धेरै सँगै हिड्थैं । बाले मलाई मन्दिरहरू दर्शन गर्न जाँदा प्रायः जसो लिएर हिड्नु हुन्थो । त्रिपुरेश्वरबाट हिंड्दै हामी भद्रकाली, महाकाली हुँदै रानीपोखरीतिरका गणेश मन्दिर दर्शन गर्दै यताका अरु मन्दिर दर्शन गर्दै हिंडेर नै पशुपतिनाथ पुग्थ्यौं । पहिला गौरीघाटका हनुमान र गौरीघाटको दर्शन गरेर किरातेश्वर महादेव, उत्तर वाहिनी वागमती, गुहेश्वरी, गोरक्षनाथ राम मन्दिर कलकी देवता ब्रह्मनालको दर्शन गरेर पशुपतिनाथ दर्शन गर्न पुग्थ्यौं । पशुपतिनाथको

चारैतिर दर्शन गरेर बा पाठ गर्न बस्नुहुन्थ्यो । मलाई "ॐ नमः शिवाय" भन्दै बस छोरी भन्नुहुन्थ्यो । केटाकेटी बेला न हो एकछिन भन्थे अनि बाँदरहरू हेरेर बस्न थाल्थेँ । पाठ गर्दा गर्दै मध्याह्न हुन्थ्यो । त्यतिबेला मध्याह्नमा बागमतीको जल शिवजीलाई चढाउने चलन थियो । जल चढाउने कार्य केही खास ब्राह्मणहरूले मात्र पाउँथे क्यारे । त्यसमा बाले पनि चढाउन पाउनु हुन्थ्यो । "विनाभी" भन्दै ब्राह्मणहरूले बागमतीको जल ग्राग्रीका ग्राग्री ल्याउँथे, त्यो जल कसैले छुनु हुँदैनथ्यो । जल चढाएर मन्दिरको चन्दन लिएपछि हामी घर फर्किन्थ्यौँ । मलाई धेरै भोक लागेको हुन्थ्यो । बाले मिश्री नरिवल किनेर धारामा पुगेर मलाई खान दिनुहुन्थ्यो । तर आफू केही खानुहुँदैन थियो, घरमै आएर आमाले पकाएर राखेको खानुहुन्थ्यो ।

हामी त्यतिबेला त्रिपुरेश्वर डेरामा बस्थ्यौँ, बाले त्रिभुवन विश्वविद्यालयमा संस्कृत पढाउनु हुन्थ्यो । कीर्तिपुरमा विश्वविद्यालयले क्वाटर दिएपछि हामी त्यतै सऱ्यौँ । म सानै भएर होला त्रिपुरेश्वरमा आएका पाहुना त त्यति सम्झिन्न तर कीर्तिपुरमा आएपछि धेरै पाहुनाहरू आउनुहुन्थ्यो, कोही कास्कीबाट कोही चितवनबाट, मंसिरको बालाचतुर्दशी र फाल्गुनको शिवरात्रीमा त ३०-४० जना पाहुना आउनुहुन्थ्यो । आमाले पुराना कपडाको डस्ना (थाङ्ना) बनाएर राख्नुहुन्थ्यो । आमाको हातमा धेरै नै सीप र जाँगर थियो, हरेक कुराको सारै जतन गर्नुहुन्थ्यो । सबै पाहुनालाई खाने र बस्ने व्यवस्था बाआमाले मिलेर गर्नुहुन्थ्यो । त्यस समयमा हाम्रो आर्थिक अवस्था कमजोर नै थियो, बाको जागिर बाहेक आम्दानीको अरु बाटो केही थिएन, समय निकै कष्टकर थियो । त्यसबेला ल्याबोरेटरी स्कुलमा रु पन्ध्र रूपैयाँमा पढ्न पाइन्थ्यो तर फिस तिर्न सक्ने अवस्था नभएकाले हामी जावलाखेलको सरकारी स्कुलमा पढ्थ्यौँ । मठ मन्दिरको दर्शन गर्न मात्रै हैन अरु कामले पनि इष्टमित्रहरू हाम्रो घरमा धेरै नै आउँथे । कोही मुद्दा मामिलाको कामले भने कोही अस्पताल उपचार गराउनका लागि । त्यस समयमा सबैसँग पैसा कमै नै हुन्थ्यो क्यारे जो जे कामले आए पनि बाले सँगै लिएर हिँड्नु हुन्थ्यो । उपचारको खर्च होस् या अड्डा अदालतको खर्चदेखि मन्दिर दर्शन गर्ने सबै खर्च बाले नै गर्नुहुन्थ्यो । अझ आवत जावत गर्ने खर्चसमेत बाले नै दिनुहुन्थ्यो । हाम्रो

बुढो हजुरबुबा हुनुहुन्थ्यो वहाँ कास्कीमा फुपूसँग बस्नुहुन्थ्यो । पछि हजुरबुबाको आँखाको अप्रेशन गर्नुपर्ने भयो । पहिलो अप्रेसन त त्रिपुरेश्वर बस्दै भएको हो । दोस्रो पटक अप्रेसन गर्दा त हामी कीर्तिपुर सरिसकेका थियौँ । दुई पटकको उपचार त राम्रो भयो र हजुरबुबाले राम्रोसँग आँखा देख्नुभयो । तेस्रो पटकमा भने उमेर धेरै भएको भएर होला एउटा आँखा नै बन्द भयो । खर्च त कति भयो भयो दुःख पनि उति नै भयो तर बाले हरेस भने मान्नु भएन ।

संस्कृत शिक्षामा बाको सारै नै लगाव थियो । बाले संस्कृतमा धेरै विषयमा अनुसन्धानकार्य गर्नुभएको थियो । छोराछोरी सबैलाई शिक्षित बनाउनु पर्छ भनेर हामी सबैलाई पढ्नमा विशेष जोड गर्नुहुन्थ्यो । म सम्झन्छु मलाई कखरा नै नपढाई अमरकोशका श्लोक कण्ठ पार्न लगाउनुहुन्थ्यो । मलाई बाह्रखरी त आमाले सिकाउनु भएको हो । सरकारी स्कुलबाट झिकेर पछि मलाई रानीपोखरी संस्कृत स्कुलमा भर्ना गरिदिनु भयो । पछि मसहित भाइबहिनीहरू पनि त्यही संस्कृत स्कुलमा नै पढ्यौँ । पछि बनारसमा गएर पनि हामी चारै जनाले संस्कृतको जाँच दियौँ । त्यसबेला भने मेरो र बहिनीको विवाह भइसकेको थियो । सबै खर्च आँफै गरेर पनि बाले हामीलाई शिक्षित बनाउनु भयो । म वहाँले भनेको सम्झन्छू : छोरी विद्या यस्तो चिज हो यो दिएर पनि सकिँदैन, चोरेर पनि चोरिँदैन, हराएर पनि जाँदेन, डडेर खरानी पनि हुँदैन जति लिन सक्यो उति लिनु पर्छ भारी हुँदैन ।

यही भएर होला बासँग अध्ययन गर्न धेरै विद्यार्थीहरू आउँथे । कोही केही विषयमा लेख लेख्न र केही थेसिस लेख्न । आफू पनि धर्मशास्त्रका लेखहरू लेख्नुहुन्थ्यो । गोरखापत्र र अरु पत्रपत्रिकामा बाका लेखहरू प्रकाशित हुन्थे । बाले लेख नेपाली संस्कृत र हिन्दी भाषामा लेख्नुहुन्थ्यो । अंग्रेजीमा पनि बालाई राम्रो ज्ञान थियो । त्रिलोकचन्द्र यजपुरियाले अंग्रेजीमा लेख लेख्नुहुन्थ्यो त्यस लेखको शुद्धीकरण बालाई हेर्न लगाउनु भएको थियो । अध्ययन गर्न वा लेखहरू लेख्न जे गर्न आउने व्यक्तिहरूलाई केही खाना खुवाएर नै पठाउनुहुन्थ्यो, भोकै कसैलाई पनि जान दिनुहुँदैन थियो । सबै अतमा सन्तुष्ट बनाउनु पर्छ भन्ने वहाँको मान्यता थियो ।

संस्कार संस्कृतिका र विद्याका धरोहर हाम्रो पिताजी को जति प्रशंसा गरे पनि अधुरो हुन्छ होला । मैले जीवनमा जे जति जानैं पिता जी कै योगदान हो । मैले जीवनमा धेरै कुरा बाबाट सिकैं । यही कुराले जीवनमा बाँच्न सिकाएको छ । धेरै कुरा त मैले बाको अनुसरण गर्न सकेकी छैन तै पनि साह्रै कठिन समयमा पनि उहाँको कुराले मलाई साहस दिन्छ । अहिले त बा हाम्रो सामु हुनुहुँदैन तर पनि साथमै हुनुहुन्छ जस्तो लाग्छ । जति बालाई सम्झिन्छु त्यति पश्चाताप लाग्छ किनकि बाको अन्तिम समयमा पनि मैले बोली सुन्न पाइनँ । यो कुराले सँधै नै मलाई धेरै नरमाइलो लाग्छ । जे जस्तो भए पनि बाको आशीर्वाद हाम्रो साथमा छ, यसले सँधै बाटो देखाउने छ । म वहाँलाई कोटी कोटी नमन गर्दछु ।

◆◆

श्री दुर्गाप्रसाद दवाडीको सङ्क्षिप्त संस्मरण

श्री गुरुवे नमः

भीष्मप्रसाद पौडेल

ब्रह्मानन्दं परमसुखदं केवलंज्ञानमूर्ति
द्वन्द्वातीतं गगनसदृशं तत्वमस्यादि लक्ष्यणम् ।
एकं नित्यं विमलमचलं सर्वदा साक्षीभूतं
यावातीतं त्रिगुणरहितं सद्‌गुरु तं नमामि ।

प्रातःस्मरणीय गुरु दुर्गाप्रसाद दवाडीज्यू सँगको औपचारिक सम्पर्क २०३२ साल श्रावणदेखि लगातार थियो । मेरो नियुक्ति संस्कृत अध्ययन संस्थानको केन्द्रीय कार्यालय बेल्झुण्डी दाङबाट वाल्मीकि विद्यापीठमै सरुवा गरिएको र त्यसैअन्तर्गत अध्ययन संस्थानको पाठ्यक्रमसम्बन्धी कार्यक्रम विषय समिति, विद्या परिषद्, समेत सञ्चालन हुँदै आएकाले मलाई पाठ्क्रम शाखाको काम दिइएको थियो । विषय समिति विद्या परिषदका बैठकहरू वाल्मीकि विद्यापीठमै हुन्थे । पाठ्यक्रम पनि यहीँ निर्माण हुने गरेको थियो । दवाडी गुरु दर्शन विभागको अध्यक्ष र विषय समितिको अध्यक्ष हुनुहुने हुँदा उहाँले नै पाठ्यक्रम निर्माण गरी आफ्नो सिफारिससहित विषय समितिमा प्रस्तुत गर्नुहुन्थ्यो । पाठ्यक्रम शाखामा म काम गर्दथेँ । त्यसकारण गुरुसँग दैनिक सम्पर्क गर्ने गरेको थिएँ । विभागाध्यक्ष र विषय समितिको सदस्य गुरु भएकाले पहिलेदेखि नै पूर्ण परिचित थिएँ । गुरुको विद्वता र स्वभाव पनि पूर्ण रूपमा थाहा पाउने मौका मलाई मिलेको थियो । अतः आफ्ना दुःख-सुख बताउन मलाई कुनै समस्या दिएन । गुरुको बहुमुखी प्रतिभा थियो । गुरुबाट धेरैले आफ्ना किसिमका फाइदा भनौं वा स्वार्थ पूरा गर्ने गरेका थिए । उहाँले कतिपय अनुसन्धाताका कृति दिनरात लागेर तयार पारिदिनुभएको थियो । गुरुको कुनै पनि विषयमा अज्ञानता थिएन । समय पनि थिएन तर पनि आफ्नो बेफुर्सदी पन्छाएर सबैको काम गरिदिनुहुन्थ्यो । त्यसै कारणले गुरुसँग आफ्नो समस्या जोसुकैले सहजै प्रस्तुत गर्दथे । सोहीकारण मैले पनि अवसरको उपयोग

गरेर प्रशस्तै फाइदा लिएको थिएँ । गुरु मान्नुमा चाहिँ यहाँ कतिपय मुख्य कुरा उल्लेख गर्दछु -

१. वेद गुरुमुखबाट अध्ययन नगरेका व्यक्तिले वेद पाठ गर्न हुँदैन भन्ने सुनेको हुँदा मैले गुरुसँग अनुरोध गरेँ । गुरुले मलाई घरैमा बोलाए चालीस अध्याय 'शुक्ल यजुर्वेद संहिता' पढेर सुनाउनुभयो । अन्त्यमा उहाँले मलाई वेद मन्त्र पनि सुनाउनुभयो । त्यसपछि उहाँलाई मैले विधिपूर्वक गुरु मानेर २०३६ सालदेखि प्रत्येक वर्ष गुरु पूर्णिमाका दिन गुरुपूजा गर्ने गरेको थिएँ । त्यसभन्दा पहिले नै २०३३/३४ सालदेखि नै प्रत्येक वर्ष ऋषितर्पणी पूर्णिमामा गुरुले भनेको स्थानमा भेला भएर गणस्नान गर्ने र यज्ञोपवीत पूजन, धारण तथा रक्षा बन्धन गर्ने गर्दै आएका थियौँ । गुरुले पहिले नै सम्मिलनको स्थान निर्धारण गरी बोलाउने गर्नुभएको थियो । जुन परम्परा अहिले पनि गुरुपुत्रहरूले कायमै राख्दै आउनुभएको छ ।

२. गुरुले मलाई अनन्त निर्माणको ज्ञान प्रदान गर्दै आउनुभएको छ । ग्रन्थी निर्माण विधि, दोहक सङ्ख्या तथा परिमाण विधि ज्ञान यहाँ कमै व्यक्तिलाई हुने गरेको बुझिएको छ ।

३. २०३५ सालतिर हुनुपर्छ गुरुसँग हरिद्वारमा कुम्भस्नानका लागि गएका थियौँ । त्यहीँ जाँदा जुन रिजर्व गाडी थियो उनीहरूकै साथमा हामी पनि थियौँ । हामी जुन कैम्पमा बसेका थियौँ त्यो कुनै सम्प्रदाय विशेषको थियो । त्यस सम्प्रदायले गुरुलाई आकर्षित गर्न चाहेको थियो । विचार विमर्शका निमित्त आकर्षित गरे पनि गुरुले आफ्नो आस्था स्वच्छ, सनातन वैदिक धर्मप्रति प्रकट गरेकाले सो सम्प्रदायमा समावेशका निम्ति आग्रह गर्न सकेनन् । हरिद्वारको कुम्भ समापन भएपछि हामी वृन्दावन, मथुरा हुँदै नैमिषारण्यको यात्रा समापन गरी आएका थियौँ । गुरुको पशुपतिनाथमा ठूलो आस्था र श्रद्धा थियो । गुरु प्रत्येक त्रयोदशीका दिन पशुपतिमा जानुहुन्थ्यो । त्रयोदशीको उपवास पनि बस्नुहुन्थ्यो । आजीवन यो व्रतोपासना गुरुले गर्नुभयो ।

४. गुरुसँग विछोड हुने समयमा बिर्सनै नसकिने दैविक लीला भनौँ अथवा घटना भनौँ घट्न गयो । हामी अत्यन्त दुःखदायी भए पनि गुरुको पवित्र आत्माले चीर शान्ति पाएको होला भन्ने आशा गरेका छौँ । यो दुःखदायी घटना पनि यहाँ उल्लेख गर्नु उपयुक्त ठान्दछु ।

२०६९ साल पौष २५ गते गुरुकै प्रेरणा र कार्यक्रमअनुसार माघे सङ्क्रान्तिमा प्रयागराजमा पूर्ण कुम्भ स्नान गर्न काशी हुँदै कुम्भमेला भरी त्यहीँ स्नान गरी बिताउने कार्यक्रम निर्धारण गरिएको थियो । प्रस्थानको समय निश्चित गर्न भनी हामी २२ गतेका दिन गुरुसँग सम्पर्क गर्दा गुरुलाई बिसन्चो भएकाले निजामती अस्पताल बानेश्वरमा भर्ना गरी राखिएको समाचार थाहा पाएर हामी उहाँलाई भेट्न अस्पतालमै गयौँ । त्यहाँ गुरुसँग वातचित गर्दा सामान्य बिरामी सरह गुरुले तपाइँहरू जाँदै गर्नुहोस् । हामी २/४ दिनपछि आउँछौँ भन्नुभयो । पौष २५ गते बिहान प्रस्थान गर्नुपूर्व फोनद्वारा जानकारी राख्न खोज्दा त्योभन्दा पहिले नै गुरु परमधाम भइसक्नुभएको खबर पायौँ । हाम्रो भाग्यमा यही लेखेको थियो । 'लिखितमपि ललाटे प्रोज्झितं: समर्थ: क: ।' हामीलाई फेरि भेट्न जुरेको थिएन ।

पूर्व सल्लाह र तयारी अनुसार हामी गयौँ । गुरुले त्यहाँ बस्दा लाग्ने खर्चको सङ्केत गर्नुभएको थियो । हामी प्रयाग गयौँ । गुरुका स्मृति मात्र बाँकी रहे । त्यसपछिको प्रेरक व्यक्ति गुमायौँ । यो अवश्यंभावी थियो । नीतिकारको भनाइ छ - **'अवश्यं भाविनो भावा भवन्ति भवता अपि'** ।

खुसीको कुरा के छ भने आफूले कोरेको गोरेटो गुरुका सन्ततिले छोड्नुभएको छैन । त्यो सदाचार र सत्मार्ग अविछिन्न रहिरहेमा हामी गुरुका अनुयायीलाई पनि खुसी लाग्नेछ। साथै गुरुआमाको धैर्य सम्झेर हामीलाई अति प्रसन्नता पनि भएको छ। गुरुले सम्झे सरह नै भएको थियो । आफ्ना विषयमा पनि गुरुआमाको सोचाइ छ- आफूले पनि सजिलैसँग नश्वर देह छोड्न पाए हुने थियो किनकि यो अनित्य हो नि

न जायते म्रियते वा विपश्चिन्नायं
कुतश्चिन्न बभूव कश्चित्
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥ (पनिषद् २।१८)

आखिरमा जति दार्शनिक कुरा गरे पनि हामी र हामीजस्ता सांसारिक व्यक्तिका निम्ति केही न केही काम गर्नै पर्ने हुन्छ । त्यस कारण हामी र हामी जस्ता गुरुप्रति श्रद्धा राख्ने व्यक्तिहरूले गुरुमा भक्तिभाव राखी राख्न वहाँका सङ्कलित कृति र यात्रा संस्मरण एवं संरचना आदिको प्रचार र प्रकाशनमा यथासम्भव सहयोग गर्नु आवश्यक छ ।

◆◆

नातिनीको आँखाबाट हजुरबुबा

शकुन शर्मा

हजुरबुबा मेरा लागि एक उदाहरणीय व्यक्ति हुनुहुन्थ्यो । सँधै किताब अगाडि बस्ने मेरो हजुरबुबा पढेर कहिले थाक्नुहुन्थ्यो जस्तो लाग्दैन थियो मलाई । हजुरबुबा जति बेला पनि पढेको देखेर मैले एकपटक यति धेरै पढ्दा दिक्क लाग्दैन भनेर सोधेको समेत थिएँ । हजुरबुबा भन्नु हुन्थ्यो विद्या सबैभन्दा ठूलो धन हो, यसलाई बोझको रूपमा कहिले नलिनू नातिनी; शिक्षा मान्छेको यस्तो साथी हो, यससँग रमाउन सकियो भने दुःखसुखको साथी हुन्छ । म यिनै किताबसँग हाँस्छु यिनैसँग रुन्छु, भोकप्यास सबै यिनै किताबले बिर्साउँछन् भन्नुहुन्थ्यो । हुन पनि हजुरबुबाको अध्ययन गर्ने कोठा कुनै पुस्तकालय भन्दा कम थिएन । हजुरबुबाको यिनै कुराले मलाई सँधै पढ्न प्रेरित गरिरहन्छ ।

हजुरबुबा आफू मात्र पढ्ने नभई अन्य व्यक्तिहरूलाई पनि पढ्न प्रेरित गर्ने र सहयोग समेत गर्नु हुन्थ्यो । धेरै व्यक्तिहरू हजुरबुबासँग विभिन्न लेख रचना, शोधपत्र जस्ता विषयमा छलफल गर्न आउने र हजुरबुबाले कुनै पनि समयमा उनीहरूलाई सहयोग र सहजीकरण गर्ने गरेको मामाघरको छोटो बसाईमा समेत याद आउँछ । संस्कृत विषयमा विद्यावारीधी गर्नु भएको हजुरबुबाले अन्य विषयहरूमा पनि अध्ययन गर्नु भएको थियो । अंग्रेजी विषयमा स्नातक गर्नु भएको हजुरबुबा आवश्यकताभन्दा अन्य समयमा कहिले अंग्रेजी भाषाको प्रयोग गर्नुहुन्न थियो । अंग्रेजी एक भाषा हो यसको ज्ञान हुनुपर्छ तर आफ्नो भाषा संस्कृति सर्वोपरि हुन्छ भन्नुहुन्थ्यो हजुरबुबा ।

सँधै बिहान ३ बजे उठेर व्यायाम नित्यकर्मसँगै पूजापाठ वाग्मती स्नान गर्ने हजुरबुबा धर्मसंस्कृतिको संरक्षण सम्बर्धन गर्न समेत विशेष योगदान रहेको छ । आफ्नो धर्मसंस्कृति संरक्षण र यसका विषयमा हजुरबुबाको विभिन्न लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा सँधै प्रकाशित भइरहन्थ्यो । धेरै जना गुरुहरूसँग सँधै भलाकुसारी गरिरहने हजुरबुबा आफ्नो धर्म सँस्कृतिको प्रवर्द्धन तथा संरक्षण गर्न

धेरै व्यक्तिहरूलाई संस्कृत विषयको महत्त्व, यसमा भएका ज्ञान र दर्शनहरूको अथाह सागर रहेकाले संस्कृत अध्ययनका लागि समेत प्रेरित गरिरहनुहुन्थ्यो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाभन्दा दानवीर हजुरबुबा दीन दुःखी गरिब असहाय र आफन्तहरूलाई सहयोग गर्दा निकै प्रफुल्लित महसुस गर्ने कुरा याद आउँछ । सायद म ५ कक्षामा पढ्दाको कुरा होला, हजुरबुबा चितवन कामले आउनुभएको थियो । हजुरबुबाले सबैलाई पैसा माग्ने बित्तिकै दिने हुनाले मलाई पनि पैसा माग्न मन लाग्यो र किताब किन्ने बाहाना पारेर मैले पनि हजुरबुबासँग पैसा मागेँ र उहाँले तुरुन्तै १००० रूपैया दिनुभयो । त्यतिबेला त म धेरै खुसी भएँ तर पछि भगवान्जस्तो हजुरबुबासँग झुट बोलेकोमा निकै पश्चात्ताप भयो र अबदेखि जीवनमा कहिले झुट नबोल्ने संकल्प समेत गरेकी छु ।

हजुरबुबाले नातिनातिनालाई गरेको मायाले मामाघर सँधै गइरहन मन लाग्थ्यो । हजुरबुबाले मामाघर जाँदा नयाँ कपडा र पैसा दिनुहुन्थ्यो काजु, किसमिस, नरिवल, मिश्री सँधै खान पाउने हुनाले बाल्यकालमा मामाघर जाँदा अत्यन्तै खुसी लाग्थ्यो । महिनामा धेरै व्रत बस्ने हजुरबुबा आफू केही नखाए पनि हामीलाई सँधै मीठो खाने कुराको व्यवस्था गरिदिनुहुन्थ्यो । घरमा आउने पाहुनाहरूलाई केही नखुवाई पठाउनुहुन्थेन ।

हजुरबुबा हामीमाझ नरहेपनि उहाँको आशीर्वादले नै आज सुखी जीवन बिताउन पाइएको छ । उहाँको धर्म त्याग र तपस्याले गर्दा उहाँका सन्तति हामी सबैलाई राम्रो भएको छ । मेरो भगवान् जस्तो हजुरबुबालाई म सँधै कोटि कोटि नमन गर्दछु ।

शकुन शर्मा
नातिनी
जेठी छोरीकी कान्छी छोरी

◆◆

मेरा गुरु मेरा पिताजी

पशुपति दवाडी

पिता धर्मः पिता स्वर्गः पिता हि परमं तप ।
पितरि प्रीतिमापन्ने प्रीयन्ते सर्वदेवताः ॥

मेरा पिता मेरा ब्रह्माण्ड, मेरो धर्म, मेरो जीवन मात्र नभएर मेरा लागि देवता हुनुहुन्थ्यो, आज पनि हुनुहुन्छ र भोलि पनि रहिरहनुहुनेछ । उहाँको सन्तति भनेर चिनिनु नै मेरो पहिचान हो । जन्मदाता, कर्मदाता मात्र नभएर मेरो जीवनमा मैले हासिल गर्न सकेको हरेक कुराको श्रेय म मेरा पिताश्रीप्रति नै समर्पित गर्दछु ।

वि.सं. २०२६ साल कार्तिक महिना, म पहिलो पटक उहाँको काखमा बसेको दिन सो दिनदेखि उहाँको अन्तिम दिनसम्म नै म उहाँको कान्छो छोरा र सबैभन्दा प्रिय छोरो थिएँ । सानोमा म अलिक ढिला बोल्न सुरु गरेको रहेछु । त्यस बेलादेखि नै बुबाले मलाई भगवान्को मठमन्दिरमा लगेर पूजाआजा गराउनु भयो अनि धर्मको महत्त्व सिकाउनुभयो । भगवान्प्रति आस्था राखे कहिल्यै जीवनमा ठक्कर खानुपर्दैन भन्ने कुरा बाल्यकालदेखि नै मेरो मस्तिष्कमा छापिएको थियो । उमेर हुँदै जाँदा कहिलेकाहीँ म प्रश्न गर्थें- ' यो पूजापाठ किन गर्ने ? किन व्रत बस्ने ?' हामीलाई यसले के हुन्छ र पिता जी हाँस्दै यसको प्रतिफल तिमीहरूले अहिले होइन, जति उमेर बित्दै जान्छ, जति जीवनमा उतारचढाउहरू आउँछन्, त्यति नै त्यसको प्रतिफल अनुभूति गर्दै जान्छौँ भन्नुहुन्थ्यो । जुनसुकै अवस्थामा पनि आफ्नो नित्यकर्मबाट विचलित भएन भने भगवान्ले जसरी पनि हात थाप्नुहुनेछ भन्ने मान्यता थियो उहाँको ।

म पढाइमा मध्यम गतिको थिएँ । औपचारिकताका लागि विद्यालय त गइन्थ्यो तर पढाइ-लेखाइको सिलसिला भने घरमै बुबाद्वारा नै सुरु भएको हो । क, ख, रा देखि वेद, गीता, व्याकरण सम्पूर्ण कुरा पढ्न सिकाउनुभयो । सानामा संस्कृतका श्लोकहरू पढेर सुनाउने गर्थें अनि पिताजी खुसी भएर अझै पढाउनुहुन्थ्यो । पढाइप्रति मेरो एकदमै रुचि थियो । हुन पनि घरमा बुबा

जति बेलै किताबमा व्यस्त हुनुहुन्थ्यो । हामी केटाकेटीले पनि त्यही देखेर सिक्ने त हो । कुनै कुरालाई नबुझेसम्म पढाइराख्नुहुन्थ्यो । आफूसँग पढ्न आएका विद्यार्थीलाई त जति पटक पनि पढाइदिनुहुन्थ्यो भने म त उहाँकै छोरो । अन्त्यमा बुझाएरै छोड्नुहुन्थ्यो । पढेर मात्र याद हुँदैन त्यसलाई पटक-पटक लेख्नुपर्छ भन्ने गर्नुहुन्थ्यो । उहाँको त्यो वचन आज पनि सम्झन्छु म र आज पनि पढेका कुरालाई दोहोर्‍याई तेहर्‍याई लेख्दछु अनि आफ्ना छोराछोरीलाई पनि त्यसै गरी नै अभ्यास गराउँछु ।

मैले महेन्द्र माविबाट कक्षा ७ सम्मको शिक्षा हासिल गरेँ । त्यसपछि मेरो अध्ययन कतातिर मोड्ने भन्ने चुनौतीको समय आएको थियो । एकातर्फ माताले समय सापेक्षको शिक्षा दिइएन भने पछि उनीहरूलाई दुःख पर्ने हो कि जागिर नपाउने हुन् कि, अङ्ग्रेजी माध्यमतिर लाने हो कि भन्ने प्रश्न गर्नुहुन्थ्यो भने पिताजीको अङ्ग्रेजी पढाउने सोच भने थिएन । म दोधारमा परेका बेला पिताजीले ईश्वरले नै बाटो देखाउनुहुनेछ भनी पञ्चाङ्ग देवतालाई साक्षी राखी अङ्ग्रेजी विषयलाई मूल मानेर संस्कृत मान्ने कि संस्कृतलाई मूल मानेर अङ्ग्रेजी पढ्ने भनेर छान्न लगाउनुभयो अनि जे छाने पनि त्यसमा आफ्नो तन, मन, धन सम्पूर्ण कुरा लगाएर पढ्नुपर्छ भनेर भन्नुहुन्थ्यो । बुबाकै छोरा, रगतमा पनि संस्कृत नै बगिरहेको हुँदा मेरो रुचि पनि संस्कृतमै थियो । दरबार हाइस्कुल, वाल्मीकि तथा वनारसको सम्पूर्णानन्द संस्कृत विद्यापीठबाट मैले उच्च शिक्षा हासिल गरेँ, पिताजीको मूल विषय दर्शन थियो भने मेरा आफ्नो रुचि भने ज्योतिषतर्फ थियो । उहाँको विषय पढे अझ बढी ज्ञान पाउँछु कि भन्ने लोभले मैले दर्शन अनि आफ्नो रुचिअनुसार फलित ज्योतिष दुवै विषयमा एम.ए. गरेँ । उहाँकै मार्गदर्शन अनुसार फेरि नेपालको त्रिभुवन विश्वविद्यालयबाट नेपाली र संस्कृत विषयमा पनि आचार्य गर्न सफल भएँ ।

यसरी मेरा प्रमाणपत्रहरू प्राप्त गर्नमा विश्वविद्यालयका नियम प्रक्रियाअनुसार मैले प्राप्त गरेको थिएँ भने मलाई हरेक क्षण, हरेक पल पढाउने, लेखाउने, परीक्षाको तयारी गरिदिने सामग्री जुटाइदिने, पढाइको महत्व दर्साइदिने गुरुको पनि महागुरु, पिताका पनि महापिता श्रद्धेय मेरा पिताजी नै हुनुहुन्छ । आज संस्कृतले मेरा जीविका चलेको छ र त्यो संस्कृतको सान मेरो पिताजीकै देन हो ।

किताबका कुरा मात्र नभएर आफ्नो व्यावहारिक जीवनमा उपयुक्त हुने कुराको ज्ञान पनि मलाई पिताजीले नै दिनुभएको हो । त्याग, सरलता, निर्लोभता, कर्तव्यनिष्ठता, सदाशयता व्यक्तिका आफ्ना गुणहरू हुन्, भित्री धन हुन् । आफूले परिश्रम गरी कमाएको पैसा वा वित्त आफ्नो मात्र होइन । परिवारमा बाँडेर, दान गरेर, असहायलाई दिएर बाँकी रहेको धन नै मानवको सर्वोत्तम धन हो भनी हामीहरूलाई कर्तव्यनिष्ठ हुनुका साथै दानपुण्यको बाटोतर्फ पनि लाग्न प्रेरित गर्नुहुन्थ्यो ।

'रूपं रूपं प्रति रूपो बभूव' भन्ने संस्कृत श्लोकलाई बुझाउँदै उहाँ हामी दाजुभाइ, दिदीबहिनीलाई तिमीहरू एउटै कोखबाट जन्म लिए पनि सबैको एउटै रूप अर्थात् एउटै स्वभाव, बानी-व्यहोरा, एउटै लक्ष्य, एउटै जीवनको गन्तव्य हुँदैन । तिमीहरू आफूलाई कस्तो बाटोमा हिँडाउन चाहन्छौं भन्ने कुरो आफ्नै भावनामा भर पर्दछ । आफू कसरी अगाडि बढ्ने भन्ने आ-आफ्नो पाटो हो । दाजुले जे गऱ्यो भाइले त्यसकै अनुकरण वा नक्कल गर्न जरूरी छैन । आफ्नै विवेक बुद्धि क्रियाशीलताले जे सकिन्छ त्यो नै गर्ने हो । जीवनमा अरूको विचार, तर्क सुनेर अविचलित नहुनु त्यसको पछि जीवनमा कदापि पनि नलाग्नु भनेर सम्झाउनु हुन्थ्यो । जीवनको मोडमा कहिल्यै समस्या परेमा म पिताजीका यही अमृतवाणीहरूलाई सम्झन्छु अनि त हरेक कुरा स्वतः आफ्नै ठाउँमा मिल्न आउँदछन् ।

'सन्तोषम् परम् सुखम्' को अर्ती सधैं दिनुहुन्थ्यो । आफूसँग जे छ त्यसैमा सन्तोष गर्नसक्नुपर्छ । भौतिक सुखसयलभन्दा आन्तरिक सुखसयलमा विश्वास गर्नुपर्दछ । सरल जीवनयापन, उच्च विचार र सत्कर्मले नै मानवको उत्थान हुन्छ भन्ने उहाँको मान्यता थियो ।

मेरा पिताजीका कैयौं अनुरणीय गर्न उपयुक्त बानी-व्यहोराहरू थिए । उहाँले बिहान सूर्योदय हुनुभन्दा पहिले नै आफ्नो पञ्चस्नान साथै स्नान सकिसक्नु हुन्थ्यो र आफ्नो नियमित पाठपूजाहरू पनि सकाउनुहुन्थ्यो र बेलुका पनि समयमै सुत्ने गर्नुहुन्थ्यो । यसरी हरेक कार्य समयमा गर्नाले पञ्चधातुले बनेको हाम्रो यो शरीरमा स्वच्छ ऊर्जा प्राप्त गरिन्छ भन्नुहुन्थयो ।

बिहान ३, ४ बजे नै उठेर विभिन्न पुस्तकहरू पढ्ने, धार्मिक, राजनीतिक, दार्शनिक, आस्थासम्बन्धी लेखहरू लेख्नेगर्नुहुन्थ्यो । कहिले कहीं त

त्यही पढ्दापढ्दै सुत्ने अनि बिहान त्यहीँ उठेर फेरि पढ्ने गर्नुहुन्थ्यो । साँच्चै नै किताबका पानाहरू बुबाका सबैभन्दा प्रिय साथीहरू थिए । कुरै कुरामा भन्नुहुन्थ्यो- म यही किताबका पानामा हाँस्छु, यहीँ रमाउँछु, सम्पूर्ण जीवनकाल नै यही किताबका हरफमा बिताउन चाहन्छु । घरमा अरू सामानहरू किन्ने भन्दा त्यति रुचि नदेखाउने प्रवृत्ति भए तापनि किताब किन्ने भनेपछि उहाँ हृदयदेखि नै खुसी भएर किन्ने गर्नुहुन्थ्यो ।

नवरात्रीमा देवीको आरधाना, चण्डी पाठ गर्ने, शिवरात्रीमा नीराहार जाग्राम पशुपतिनाथको मन्दिरमा बस्ने, कृष्णजन्मष्ठमीमा राती १२ बजेसम्म बसेर कृष्णको कथा सुन्ने, एकादशीमा अन्न नखाने जस्ता थुप्रै हिन्दु धर्मका नियमहरू पालना गर्नुका साथै यी सम्बन्धी लेखहरू पनि लेख्ने गर्नुहुन्थ्यो । प्रतिपदाका दिन वेद पढ्न नहुने, द्वितीयाका दिन पाठ प्रारम्भ गरियो भने टुङ्गोमा पुऱ्याउन सकिने, अष्टमीका दिनमा धार्मिक ग्रन्थ अगाडि पढ्न नहुने, त्रयोदशीका दिन व्याकरण पढ्न नहुने उहाँका मान्यता थिए । मानिसले जस्तो खाना खायो उसको स्वास्थ्य, सोच, क्षमता त्यस्तै किसिमको विकास हुन्छ भनेर बुबाले हामीलाई पनि व्रत बस्ने, नियमित कार्यहरू गर्ने, हिन्दू धर्मलाई पालना गर्ने शिक्षा दिनुभयो । उहाँकै देन हो आज म र मेरो परिवार धर्मको बाटोमा लागेका छौँ र यसले गर्दा जीवन सुखी पनि भएको अनुभव गरेका छौँ ।

पिताजीकै आशीर्वाद, तपस्या, दिव्य अर्ती उपदेश, अमृतमय वचन, दूर दृष्टिकै कारणले आज म सामान्य क्षमता भएको व्यक्ति पनि विश्वविद्यालयको उप-प्राध्यापक पदमा नियुक्त भई आफ्नो परिवारलाई सहायता दिन सफल भएको छु । उहाँ जसरी नै कयौँ चेला, विद्यार्थीहरूका लागि पथप्रदर्शक बन्न सकेको छु । 'कर्मणा जायते जन्तु, कर्मणैव विलीयते' अर्थात् सत् कर्मले मानवको उत्पत्ति हुन्छ भने खराब कर्मले विलीन हुन्छ । आफ्नो कर्म गर्नुपर्छ त्यसको फल त अवश्य पाइन्छ । पिताजीले सिकाउनुभएको यही बाटामा आज म उहाँबिना नै चलिरहेको छु । मेरा सन्तानहरूले पनि पढाइमा प्रगति गरिरहेका छन् । मेरो आर्थिक उन्नति पनि भइरहेको छ । आज म आफूलाई सुखी, खुसी र सन्तुष्ट भएको अनुभव गर्दछु । यो खुसी म मेरा पिताजीसँग साट्न नपाउँदा कताकता अपुरो महसुस गर्दछु । हुन त जन्म र मृत्यु जीवनको चक्र नै हो । सबै जना एक दिन विलीन हुनु त छँदै छ तर पनि यो खुसी दुईचार वर्ष बढी पिताजीसँग बाँड्न पाएको भए अझ जीवन पूरा हुने थियो भन्ने इच्छा मनको कुनामा लुकेर बसिरहेको छ ।

◆◆

आदरणीय बुबाप्रति समर्पण

विजया शर्मा दवाडी
(जेठी बुहारी)

बुबा प्रतिभाशाली हुनुहुन्थ्यो, उहाँको स्वभाव सरल थियो उहाँ धर्मप्रति आस्था राख्नुहुन्थ्यो, बुबाको आफ्नो नियम अन्तिम अवस्थासम्म निरन्तर कायम थियो । बुबा सबेरै उठी आफ्नो नित्यकर्म तिर लाग्नुहुन्थ्यो, बिहानको समयमा ध्यान जप, पूजापाठ आदि हुने गर्थ्यो, भागवत् पाठ, वेद पाठ, गीता पाठको पनि आवृत्ति गर्नुहुन्थ्यो । जति बेला पनि भगवान्को नाम जपी रहनुहुन्थ्यो बुबाको जीवन सरल तरिकाले बितेको थियो ।

बुबा संस्कृतका विद्वान् हुनुहुन्थ्यो संस्कृत विषयको धेरै ज्ञान थियो, बुबाले आफ्नो परिवारलाई संस्कृततिर लगाउनुभयो । आफू त्यस क्षेत्रमा लागेको हुनाले आफ्ना नाति नातिनालाई संस्कृत पढ्न प्रेरणा दिनुभएको थियो ।

जन्म घर छोडेर कर्म घर आउनुपर्ने छोरीहरूको संस्कार थियो । यो चलन परम्परादेखि चलिआएको चलन थियो, मेरो माईतीमा पनि हजुरबुबा संस्कृतका विद्वान् हुनुहुन्थ्यो । मेरो परिवार पण्डित हुनाले संस्कारसम्बन्धी कुराहरूको ज्ञान दिनु भएको हुनाले मलाई यस घरमा धेरै नै सजिलो भएको थियो । म यस घरको पहिलो सदस्य थिएँ, त्यसैले गर्दा मलाई बुबाले धेरै माया गर्नुहुन्थ्यो । बुबाले मलाई तिमी भनेर बोलाउनुहुन्थ्यो । बुबाको बोली सारैनै मिठो थियो । बुबाले मलाई ज्ञानगुनका कुराहरू सिकाउनुहुन्थ्यो । उहाँको हाँसो, मिठो बोली मनमा गुन्जिरहन्छ ।

बुबा घरमा बस्दा सेतो धोती र कुर्था पहिरिएर बस्नुहुन्थ्यो । घरमा परपाहुना इष्टमित्र कहिल्यै खाली हुँदैनथे, ईष्टमित्र साथी भाईहरू बुबालाई भेट्न आउँथे, भेट्न आउने पाहुनालाई मिठो बोली वचनले स्वागत सत्कार गर्नुहुन्थ्यो । घरमा आएका इष्टमित्रलाई केही न केही खुवाएर मात्र विदा गर्नुहुन्थ्यो । अरुले खाएमा बुबा अति खुशी हुनुहुन्थ्यो ।

बुबा वाल्मीकि विद्यापीठमा कार्यरत हुनुहुन्थ्यो, बुबालाई क्याम्पसका गुरुहरूले मान्ने गर्थे, गुरुहरूले बुबालाई आदर सम्मान पनि गर्थे ।

बुबाले आफ्ना शिष्यहरूलाई जानेका कुराहरूको ज्ञान दिनुहुन्थ्यो धर्म सम्बन्धी ज्ञान भएको हुनाले गुरुहरू पनि घरमा आई जानकारी लिन चाहन्थे । घरमा आउने विद्यार्थीलाई समय निकालेर आफूले जानेका कुराहरू सिकाउने गर्नुहुन्थ्यो । बुबा पि.एच.डि.को निर्देशक पनि हुनुहुन्थ्यो । पि.एच.डि गर्ने शिष्यहरूलाई जानकारी दिई निर्देश पनि गर्नुहुन्थ्यो । शिष्यहरूलाई आफै बसी सिकाउने गर्नुहुन्थ्यो ।

बुबाले आमालाई लिएर इन्डियाका तीर्थ स्थानहरूमा गई तीर्थ यात्रा पनि गराउनु भएको थियो, नेपालको तीर्थ यात्रामा आमालाई पनि साथमा लिएर जानुभएको थियो । मुक्तिनाथ, गोसाईकुण्ड, दामोदरकुण्ड आदिमा पनि तीर्थ यात्रा गर्नुभएको थियो ।

जनै पूर्णिमाका दिन क्याम्पसका गुरुहरू आई बुबासित श्रावणी नुहाउन सुन्दरीजल, गोदावरी आदि ठाउँमा नुहाउन गई आफ्नो कर्म गरी घरतिर आउनुहुन्थ्यो । घरमा सबै जना जम्मा भएर ऋषितर्पणी पूजाआजा हुने गर्थ्यौं । यो परम्परा अहिले पनि कायम छ । प्रत्येक वर्ष जनैपूर्णिमाका दिन, स्नान र पूजा आजा हुने गर्दछ । पूजा गर्न आउने गुरुहरूलाई भोजन गराएर विदा गर्ने चलन छ । भान्जा तथा ब्राह्मणको हातबाट रक्षा बन्धन बाँध्ने परम्परा चलिराखेको छ ।

बुबा धर्मप्रति आस्था राख्ने हुनाले व्रत बस्ने गर्नुहुन्थ्यो । एकादशी व्रत, प्रदोष व्रत, पूर्णिमा व्रत, मङ्गल चतुर्थी व्रत आदि बस्ने गर्नुहुन्थ्यो । प्रदोष व्रतमा पानी पनि नखाई पशुपतिनाथ दर्शन गरी साँझपख स्नान गरी शिवको पूजा पाठ र आराधना गरी राति मात्रै पानी तथा भोजन ग्रहण गर्ने गर्नुहुन्थ्यो । बुबाले कृष्ण अष्टमी, शिवरात्री, राम नवमीको व्रत बसी पूजा आराधना गर्नुहुन्थ्यो । शिव रात्रीमा बुबाआमा पशुपतिनाथ मन्दिरमा गई जाग्राम बसी बत्ती बाल्ने गर्नुहुन्थ्यो । प्रत्येक वर्ष शिवरात्रीमा बुबाआमा कर्पुटार गई रात्रीमा जागराम बसी, बत्ती बाल्ने गर्नुहुन्थ्यो । बुबा शिवप्रति आस्था राख्ने गर्नुहुन्थ्यो । गणेशको भक्त हुनाले प्रत्येक मंगलबार गणेश मन्दिर गई पूजा आराधना गर्नुहुन्थ्यो ।

आफूले सकुन्जेल बुवाले वाग्मती स्नान गर्न गई आफ्नो नित्यकर्म गरी घरमा आउने गर्नुहुन्थ्यो । बुबा पोखरा गएको बेला गण्डकी नुहाउन जानुहुन्थ्यो, घरमा कहिल्यै नुहाउनु हुँदैनथ्यो । गंगाजी नुहाउनुलाई महत्त्व दिनुहुन्थ्यो । गंगाजी नुहाएमा मोक्ष प्राप्त हुन्छ भन्ने धार्मिक मान्यता रही आएको छ । बुबा सनातन धर्मप्रति आस्था राख्ने गर्नुहुन्थ्यो । उहाँ तीर्थ स्थलहरूमा गई तीर्थ स्नान गर्नुहुन्थ्यो । तीर्थ स्नानको महिमा महत्त्वपूर्ण छ भन्नुहुन्थ्यो ।

बुबाले देखाएको बाटोमा लाग्नुपर्छ, बुबाले सिकाएको ज्ञान गुनका कुराहरू मनमा राख्ने गर्नुपर्छ । बुबाको अर्ति उपदेशका कुराहरू मनमा लिनुपर्छ, उहाँले सबैको भलो चाहानुहुन्थ्यो, कसैको पनि कुभलो नहोस् भन्नुहुन्थ्यो । बुबालाई राजनीति तिर पनि लगाव थियो । यस बारेमा केही कुराहरू गर्नुहुन्थ्यो । बुबा संस्कृत भाषाका मूर्धन्य विद्वान् हुनुहुन्थ्यो । यसैले गर्दा अरु भाषाको पनि अनुभव थियो, बुबा अरु गुरुहरू सित संस्कृत भाषामा बोल्नुहुन्थ्यो संस्कृत भाषा बोल्दा सजिलो तरिकाले बोल्ने गर्नुहुन्थ्यो, घरमा पनि संस्कृत कहिलेकाहीँ बोल्ने गर्नुहुन्थ्यो । बुबाका नियम छोरा, नाति नातीनाहरूले अहिले पनि कायम नै राखेका छन् ।

२०६९ साल वैशाख महिनामा वैदिक विधिअनुसार बुबाको चौरासी पूजा भएको थियो, चौरासी पूजामा सहस्र चन्द्रदर्शन र तुला दान पनि गर्नुभएको थियो । बुबाआमाले एक भागमा सिक्का राखी तुलामा प्रवेश गर्नु भएको थियो । यस पूजामा आफ्ना ईष्टमित्र बन्धु बान्धव जम्मा भई भव्यताका साथ सुसम्पन्न भएको थियो । अरु ईष्टमित्रले चौरासी पूजामा ल्याएका उपहारहरू ग्रहण गर्ने चलन भएपनि बुबाले भने उपहार लिन मान्नु भएन । अरूबाट आएको उपहार लिनुभन्दा आफूले दिएको आशीर्वाद नै महत्त्वपूर्ण मान्नु हुन्थ्यो । चौरासी पूजामा आएका ईष्टमित्रलाई फूल प्रसाद र मुठ्ठी भरी सिक्का पैसा राखी सबै जनालाई दान गर्नु भएको थियो । आफ्नो परिवारका सदस्यहरूलाई पनि आफूले पूजा गरेको सिक्कालाई सुरक्षित गरी राख्नुपर्छ भनेर आशीर्वाद दिनु भएको थियो ।

गाउँबाट विरामीहरू उपचार गर्न काठमाडौं आउँथे । उनीहरूलाई उपचार गर्न आफुले लिएर अस्पताल तिर लाग्नुहुन्थ्यो । आफैले रकम दिई

सहयोग गर्नुहुन्थ्यो । घरमा बिरामीहरू कहिल्यै पनि खाली हुँदैनथे उनीहरूलाई आफूले सकेको सहयोग गर्नुहुन्थ्यो, सरल व्यवहारले गर्दा परपाहुना, विरामीहरू पनि कहिल्यै खाली हुँदैनथे । उहाँलाई सबैप्रति सेवा गर्नुपर्छ भन्ने भावना थियो, बुबा भगवान् रूपी हुनुहुन्थ्यो । उहाँ जस्तो मैले आज कोही पनि भेटाएको छैन, साक्षात् भगवान् रूप हुनुहुन्थ्यो । उहाँले बोलेका वचनहरू मनमा राखी रहनुपर्छ ।

२०६९ साल पुष महिनाको २५ गते द्वादशी तिथिका दिन बुबा यस धर्तीबाट विदा हुनुभएको थियो । एक्लो पारेर जानुभएको थियो । बुबा जाँदा हामीलाई शून्य बनाएर जानुभएको थियो । बुबाको वैकुण्ठवास होस् बुबाको आत्माले शान्ति पाओस् । बुबाप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

◆◆

बुबा समान ससुरा बुबा

श्रीधरी दवाडी

एक महिलाले आफू जन्मिएको, पहिलो पाइला टेकेको, हुर्किएको ठाउँलाई छाडेर अन्तै कता हो कता कोही नचिनेको घरमा जानुपर्ने कस्तो नियम यो संसारको ? अग्निलाई साक्षी राखेर आफूले विवाह गरेका ती श्रीमान् त आफ्ना होलान् तर उनै श्रीमान्का बुबाआमा, दाजुभाइ, दिदीबहिनी के आफ्नो हुन सक्लान् र ? श्रीमान्को परिवारलाई आफ्नो मानेर आदर, सत्कार गर्ने हाम्रो कर्तव्य पूरा गर्ने जिम्मेवारी के ती एक महिलाको मात्र रहन्छ ? श्रीमान्को परिवारले पनि ती महिलालाई आफ्नै परिवारकी सदस्य मानेर उनको हेरचाह, माया, ममता दिनुपर्दछ ?

नेपाली समाजलाई हेर्दा, धेरै समय पहिलेको कुरा होइन, बुहारी भएर घरमा आएपछि उनले आफ्ना श्रीमान्, सासू-ससुरा तथा घरका सबैका लागि खाना बनाउने, लुगा धुने, घरका सम्पूर्ण कार्य गर्ने र अझ खान पनि सबैभन्दा अन्तिममा खाने चलन रहेको पाइन्छ । उनलाई पढाउने, लेखाउने कुरा त परै जाओस् । बुहारी यदि कुनै रोजगारमा आबद्ध छन् भने त्यसलाई छाड्न समेत लगाइन्थ्यो ।

म श्रीधरी गौतम दवाडी यस दवाडी परिवारकी कान्छी बुहारी भने यस सन्दर्भमा आफूलाई सौभाग्यशाली ठान्दछु । आफ्नो जन्मथलो पोखरा लामाचौरलाई छाडेर २०० कि. मि टाढा काठमाडौंमा मेरो विवाह हुन पुगे पनि मैले आफ्नो माइतीलाई सम्झिएर रुने दिन कहिल्यै आएन । आफू सानै छँदा पिताको स्नेह गुमाएकी मैले विवाहपश्चात् पितासमान ससुरा पाउँदा कुनै जन्ममा पक्कै पनि कुनै ठूलै धर्म गरेकी रहेछु जस्तो लाग्दछ । हुन त उहाँ मेरो ससुरा बा हुनुहुन्थ्यो तर आजसम्म पनि मलाई कहिल्यै पनि उहाँलाई ससुरा बुबा भनेर भन्न मन लागेन, सधैं बुबाकै नामले म उहाँलाई सम्बोधन गर्दछु ।

बुबाको पढाइ लेखाइप्रति एकदमै लगाव थियो । अझ संस्कृतप्रति उहाँको छुट्टै प्रेम थियो । आफ्नो परिवारका सदस्यहरू सबैलाई संस्कृत पढाउने उहाँको धोको थियो । म बुहारीलाई समेत संस्कृत पढ्नुपर्छ म सिकाउँछु भनेर जोड गर्नुहुन्थ्यो तर मेरो विधा विज्ञान, गणिततर्फ भएकाले म संस्कृत पढ्न सकिनँ । संस्कृतको मैले ज्ञान लिन नसके पनि आफ्नो संस्कार र दैनिक व्यवहारमा अपनाउने कुराको, मानवमा हुनुपर्ने आचरणका कुराहरू धेरै कुराको ज्ञान मैले बुबाबाट लिएकी छु। उहाँले सिकाएका कुरा आज पनि मेरो स्मृतिपटलमा ताजा छन् र म त्यसलाई सकेसम्म व्यवहारमा उतार्न कोसिस गर्दछु। भगवान्प्रतिको आस्था मानवले मानवप्रति राख्नु पर्ने दयामाया, आफ्नो संस्कृतिको कुरा सबै मैले मेरो बुबाबाट सिकेकी हुँ ।

म संस्कृत पढ्न सकिनँ तर गणितमै आचार्य गर्ने निर्णय गरेँ । यो कुरा सुनेर बुबा अति खुसी हुनुभयो अनि मलाई प्रोत्साहन गर्दै मलाई आवश्यक हुने सम्पूर्ण पुस्तकहरू समेत किनेर दिनुभयो । आज बुबाकै देनस्वरूप मैले गणित विषयमा आचार्य तहको शिक्षा लिन पाएँ ।

घरमा बुबासँग पढ्ने पाहुनाहरू थुप्रै आउने गर्नुहुन्थ्यो। हरेक पाहुनालाई खाजा, चियाको व्यवस्था गर्न लगाउनुहुन्थ्यो । 'अतिथि देवो भवः' भन्ने पङ्क्ति मैले पढेकी थिएँ तर बुबालाई देखेर मैले अतिथिको आदर, सत्कार कसरी गर्नुपर्ने रहेछ भनेर सिकेँ ।

आफ्नो माइती घरमा सबैकी कान्छी भएर दाजु दिदीहरू आमाबुबा सबैको एकदमै माया पाएर हुर्केकी म, चाडबाडमा दसैँ, तीजमा कारणवश माइत जान नपाउँदा, बुबाले मलाई तिमी पनि यही घरकी छोरी नै हौ । यो तिम्रो जन्मघर नभए पनि कर्मघर यही नै हो । यहीँ रमाउनुपर्छ । चाडबाड भनेको अर्को अर्को वर्ष पनि आउँछ । तिमी खल्लो नमान । तिमी यसरी नरमाउँदा हामीलाई पनि नरमाइलो हुन्छ भन्दै सम्झाउनुहुन्थ्यो । साँच्चि नै बोलीमा मात्र होइन, व्यवहारमा पनि हामीलाई गङ्गा, सुशीला दिदीजस्तो छोरीझैँ गर्नुहुन्थ्यो ।

मेरा श्रीमान्‌को जागिरका कारण हामीलाई पोखरा आउनुपर्ने भयो । त्यो बेलामा बुबाले हामीलाई काठमाडौँमै बस्नुपर्छ । यहाँ बसेर नै तिमीहरूको प्रगति हुन्छ । यहाँको जागिर यतै मिलाउला भनेर धेरै सम्झाउनु भएको भयो । समय परिस्थितिले तानेर हामी पोखरातिर सऱ्यौं । आज छोराछोरीको पढाइको सिलसिलामा अहिले काठमाडौँमा नै बढी उपयुक्त हुँदा आज बुबाका शब्दहरू झलझली याद आइरहन्छन् । हाम्रो भएको दुई परिवार पनि टाढा रहनुपर्दा अप्ठ्यारो स्थिति, चाडबाड आउँदा सँगै नहुँदाको अर्को पीडामा पनि बुबाको कर्मथलो काठमाडौँ नै बनाउनुपर्छ भन्ने शब्द सम्झन्छु । उहाँको त्यो दूरदर्शी सोच त्यो बेला चिन्न नसक्दा अहिले पछुताउनु बाहेक कुनै उपाय छैन ।

आज बुबाबाट सिकेका कुरालाई आत्मसात गर्दै धर्मको बाटोमा हामी हिँड्ने गर्दछौं । यस्ता मानवीय, धार्मिक एवम् निष्ठाले भरिपूर्ण हुनुभएका मेरा ससुराबुबाको पुण्यात्माको चिरशान्तिको कामनासहित श्रद्धासुमन अर्पण गर्दछु ।

◆◆

श्री गणेशाय नमः
श्री सरस्वत्यै नमः

हजुरबुबाको सान्निध्य

कमलेश दवाडी

गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षाद् परब्रह्म तस्मै श्रीगुरवे नमः ॥

हजुरबुबाको स्मृतिमा आज केही अक्षर कोर्दा सहसा म भावविभोर भएको छु । म जन्मिएको नै हजुरबुबाले अन्तकाल यावत् लिनुभएको प्रदोष व्रतको दिनमा । भोलिपल्ट बिहान बुबाले हजुरबुबाको चरणस्पर्श गरेर मलाई वहाँको हातमा थमाइदिनु भएको हो रे । साक्षात् पशुपतिनाथको पावनभूमि यस पाशुपतक्षेत्रमा जन्म लिन पाउँदा नपाउँदै हजुरबुबाको छत्रछायाँमा शरण पाउने सुकृत मैले गरेको रहेछु । भगवद्‌महिमा यति विस्तृत र सुमधुर छ तरपनि अल्पमति जीवले खियाउँदा खियाउँदैको डुङ्गाले पाइला मेट्‌दै हिंडेजस्तो आफ्नै स्मृति पनि धूमिल पार्दै लग्दो रहेछ । त्यो शैशवकालीन स्मृति धारण गर्न नदिएर दैवले मलाई फेरि सम्झाई रहेको छ । कि त्यो निश्चित देश, काल र अवस्थाभन्दा पनि पर एउटा आड छ जसले जन्मन पनि नपाई मलाई थामेको हो । मतिको परिणामले ग्रहण गर्नसम्म नसकेका त्यो समयलाई चित्रपटमा कैद गरिएका केही फोटाका माध्यमबाट म फेरि जिउन खोज्छु । पुरानो भएर रङ्ग उडिसकेको फोटोमा म हजुरबुबाको अगाडि छु र मेरो अगाडि कुनै पुस्तक छ । म निहुरिएर किताबका टेढामेढा अक्षरलाई बडो चाख दिएर घोल्लिएको जस्तो देखिन्छ अनि हजुरबुबा पछाडि हाँस्दै हुनुहुन्छ । अद्यापि म तिनै पुस्तकका टेढामेढा अक्षर देखेर घोत्लिरहेको छु र मलाई हेर्दै एउटा दित्य मुस्कान लाग्छ अझै त्यही शैलीमा नै भनिरहेको छ डुङ्गा लिएर समुद्र छिचोल्न खोज्ने यो कहाँ कुन ठाउँ पुगेपछि अनन्त विस्तारको समुद्र र घडामा भरिएको समुद्रलाई एउटै रूपमा चिन्न सक्ला । अक्षरवनमा चाहार्दाचहार्दै श्रान्त भएपछि एउटा गुञ्जन सुनिन्छ-

'शुद्धोसि बुद्धोसि निरञ्जनोसि संसारमायापरिवर्जितोसि ।'

तन्द्राबाट झल्याँस्स ब्युँझन्छु म । बालसुलभ अज्ञानताले केही बिगारेर खिन्नमनस्क भएको ममा यही दिव्य वचनले उत्साह भरेको थियो । महले लट्पटिएको वचनौषधले आजपनि स्मरणमा आउना साथ चित्त निर्मल पार्दछ । हरेक मङ्गलबार कमलादि गणेश, रानीपोखरी छेउका म्रोह्न-हाते गणेश, काष्ठमण्डपका मरु गणेश अनि भद्रकालीका भुँडे गणेशको दर्शन गरेर इष्टकोटको खल्तीबाट मोदक प्रसाद निक्लन्थ्यो । लड्डु खान पाउने निहुँमा म पनि विघ्नहर्ता गणेशजी कहाँ गएको सम्झन्छु हजुरबुबाकै साथमा । साधन थियो द्विचक्रिका । पछाडिको चक्कामा बल दिएर अगाडिको चक्कालाई गति दिने यो यन्त्र हजुरबुबाको प्रिय थियो । काठमाडौँका चोक र गल्ली हुँदै चाहिएको ठाउँ ट्याक्क पुग्नका लागि गणेशजीलाई धान्ने मूषकराज मुसालाई कहाँ के छ र कतिखेर कसरी इष्टवस्तु निर्विघ्न प्राप्त गर्न सकिन्छ भन्ने थाहा हुन्छ रे । अनि फेरि पञ्चतन्त्रको कथा सम्झन्छु । कुनै राजाका पटमूर्ख राजकुमारलाई जति सिकाउन बुझाउन खोजेपनि उनीहरूले विद्या ग्रहण गर्न सकेनछन् । तिनैलाई पञ्चतन्त्रका कथाका माध्यमले बुद्धिमान् बनाइएको थियो रे । त्यसै पञ्चतन्त्रको एउटा कथामा बलवान् सिंह पाशमा परेको थियो । सारा जङ्गलको राजा बलवान् सिंहलाई पनि मित्र बनाएर पाशजालबाट मुक्त गराउने चातुर्य मुसामा नै थियो । अनि मेरो बालमनले सोच्थ्यो राति ढोकामा खस्राकखुस्रुक आवाज निकालेर भित्र छिर्न खोज्ने मुसा गणेशजीलाई खोज्न आएको होला कि सिंहलाई ? कि हजुरबुबाको इष्टकोटमा लड्डु भएको थाहा पाएछ ? म अर्को दिन इष्टकोट छाम्थेँ अनि कहिले त सिक्का लिएर आँफै चकलेट लिन जान्थेँ । यो रुचिको वैचित्र्य त थियो होला पाए लड्डु नपाए चकलेट तर इष्टप्राप्तिको स्थल थियो हजुरबुबाकै इष्टकोट ।

मलाई त हजुरबुबाको माया स्वतः प्राप्त थियो । मैले तोते बोलेको पनि स्मरणमा छैन तर हजुरबुबाले सधैँ प्रातः स्मरण गर्ने स्तुतिहरू सम्झिन्छु । मलाई हजुरबुबाले आफ्नै अङ्कमा राखेर स्वप्नलोक लैजानुहुन्थ्यो । म सपनामा पनि कहिले साइकलमा बसेर घुमेको अनि किताबका दराजहरूमध्यबाट अनौठा आकृतिहरू निक्लेर विचित्र क्रीडा गरेको देख्दथेँ । कहिले त झल्याँस्स पनि ब्युँझन्थे ।

त्यतिबेला पनि हजुरबुबालाई पुस्तकमा तिनै अनौठा अक्षरहरूमा दङ्ग परेको देख्थेँ। मैले सपनामा सिंहको मुख च्यातेको देखेको सायद यिनै कुनै किताबको अंश हुनुपर्दछ। अनि प्रातःकालमा हजुरबुबाले अङ्ग तन्याकतुनुक पारेर विभिन्न आसन गर्नुभएको खाटबाटै नक्कल गर्थें। अहिले हलासन, बद्धपद्मासन अनि नाकले निहुरिएर घुँडा छुने आसन गरेको अझै सम्झन्छु। आदित्यस्य नमस्कारम् अनि के केलाई नमस्कार गरेको, मूलाधारपद्मे स्थिताय श्रीसिद्धिबुद्धिशक्तिसहिताय श्रीगणपतये षट्शतसंख्याकमजपामन्त्रजपमहं निवेदयामि नमः भनेको सम्झन्छु। अनि तत्पश्चात् इनारबाट पानी तानेर फलामको बाल्टीमा भरेर स्नानादि गर्नुहुन्थ्यो। त्यो स्नान गर्ने लोटा पनि म चकचकेले असावधानीले इनारभित्र खसालिदिएको थिएँ। नित्यकर्म, पूजापाठ सिध्याउँदा बिहान ८,९ बजेको हुन्थ्यो अनि ताहुँताहुँ शङ्ख फुक्नुहुन्थ्यो। ताहुँताहुँ बज्नु भनेको मेरालागि नैवेद्यमा चढाएको मिस्री खान पाउने बेला थियो। म र बहिनी शङ्ख बज्नेबित्तिकै पूजास्थलमा पुगिहाल्ने गर्थ्यौं। अनि चरणामृत खाएर कुत्रुककुत्रुक मिस्री चपाउने त हो।

मैले बोल्न कसरी सिकेँ त्यति याद छैन तर अइउण, ऋलृक् भनेको अनि हजुरबुबाले यो त डमरुबाट शिवजीले निकाल्नुभएको भन्नु भएकोले प्रदोषको व्रतका दिन डमरु बजाउँदा म पनि अइउण् ऋलृक् भन्दै आवाज निकाल्थें अनि डमडम डमडम गर्न थाल्थें एकैछिनमा। मैले हजुरबुबासँग राति उच्चारण गर्न सिकेको अइउण् अब शुक्लां ब्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीम् वीणापुस्तकधारिणीमभयदां जाड्यान्धकारापहाम्॥ हस्ते स्फाटिकमालिकां विदधतिं पद्मासने संस्थिताम् वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रयदां शारदाम्॥ को श्लोक उच्चारण गर्न जान्ने बेलामा पुगेको थियो। म अब चौध माहेश्वर सूत्रलाई हजुरबुबासँगै उच्चारण गर्न थाल्थें। सरस्वतीको कृपाले मलाई स्मरण गर्न सानैमा पनि सहज लाग्थ्यो। अब लघुकौमुदीका सूत्र र वृत्ति हजुरबुबासँगै पढ्ने म गर्न थालेँ। अब त पढ्न विद्यालय जाने बेला भएको थियो। स्मरणशक्ति बलियो भएकाले मलाई विद्यालयमा भनेको सुनेकै आधारमा पुग्थ्यो। हजुरबुबासँग पनि कौमुदी सूत्रहरू वृत्तिका साथ याद गर्थें। पञ्चतन्त्रका कथा पनि सुन्थें। जाडोको बेलामा हजुरबुबाले बिहानको सन्ध्या, तर्पण सकेपछि भऱ्याङमाथि फलामको

कराहीमा आगो ताप्नुहुन्थ्यो । म पनि हजुरबुबाआमासँगै आगोमा जान्थेँ, काखमा बस्थेँ अनि कौमुदीका सूत्र, स्तोत्र, अचम्म लाग्ने कथाहरू, विवरणहरू सुन्थेँ ।

हजुरबुबासँग पढ्न आउने विद्यार्थीको सधैँ जमघट हुन्थ्यो । म पनि उनीहरूसँगै बसेर शास्त्रचर्चा सुन्थेँ । सोधेका प्रश्नको सरल र सहज उत्तरहरू स्वाभाविक शैलीमा हजुरबुबाले दिनुहुन्थ्यो । बाबुराम रिजालले कर्मकाण्डको विवेचना गर्दै विद्यावारिधि गर्नुभएको, प्रेमराज न्यौपानेले मनोवृत्तिमा विश्लेषण गर्दै विद्यावारिधि गर्दा म पनि चाख दिएर हेर्थेँ । उहाँहरूलाई अक्षरशः निर्देशन गर्दै दिउँसोका समय व्यतीत भएको हुन्थ्यो । त्यस्तै अरु पनि शोधार्थी, अनुसन्धाता, जिज्ञासुहरूका प्रश्न र तिनको शास्त्रानुसारी समाधान सुन्ने दिव्य सौभाग्य मैले पाएको थिएँ । अलिक ठूलो भएपछि सायद ८,९ वर्षको उमेरतिर तर्कसङ्ग्रह पनि हजुरबुबासँग मैले पढ्न सुरु गरेको हुँ । तत्र गन्धवती पृथिवी, सा द्विविधा नित्यानित्या च । नित्या परमाणुरूपा अनित्या कार्यरूपा । यस्तै यस्तै म विद्यालयमा अरु साथीलाई पनि सुनाउँथे, शिक्षकहरूलाई पनि भन्थेँ । मेरो व्रतबन्ध १० वर्षको हुँदातिर भएको हो । मैले हजुरबुबाबाट गायत्री मन्त्र सुनेको हुँ । अनि व्रतबन्ध पछि त नित्यकर्म के कसरी गर्ने सबै हजुरबुबासँगै सिकेको हुँ । व्रतबन्ध गर्नुभन्दा अगाडि नै संस्कृत श्लोकहरू, सप्तशती चण्डी अनि अमरकोशका श्लोक पढ्न सिकेको थिएँ । अवतार दाइ पनि आइरहनु हुन्थ्यो पढ्नका लागि, कुनै पूजा छ भने ब्राह्मणका रूपमा पनि आउनुहुन्थ्यो । मेरो व्रतबन्ध भइसकेकाले म बिहान हजुरबुबासँग अग्निस्थापनाका एकएक मन्त्र दैनिक पढ्थेँ । यसैगरी रुद्री र वेदको ३० अध्यायसम्म नित्य हजुरबुबासँगै मैले पढेको हुँ । साँझ व्याकरण पढ्थेँ । अलिक कण्ठस्थ भएपछि हजुरबुबासँग मैले लघुकौमुदी अर्थ लगाएरै रूप साध्दै पढ्न थालेँ । मेरो स्मरणले त्यो जटिल प्रक्रिया र सूत्र समातेर भन्दिहाल्थ्यो तर मैले धेरै ध्यान बालगत स्वभावका कारण दिएको थिइन । एकचोटी पुरै लघुकौमुदी मैले पढेको थिएँ तर असजग भएकाले फेरी बिर्सें । मलाई आवृत्ति गर्न मनै लाग्थेन अनि हजुरबुबाले ठाउँठाउँका रूप सोधेर सिकाउनु हुन्थ्यो । रामैः साध्दा ' अतो भिस् ऐस्' सूत्र बिर्सिदा खाएको गाली र सूत्र अझै ताजा छन् । दोस्रापटक पनि कौमुदी पढ्दा म ध्यान नदिएर असावधान हुन्थेँ । त्यो बालसंस्कार अझै

पनि कौमुदीका सूत्र र वृत्ति कण्ठ राखेर बसेको छ, अनि रूपसाधनमा गरेको असावधानी अझै उस्तै नै छ । अमरकोशका प्रथम काण्डका श्लोक अझैपनि अनायासै हजुरबुबाको बोली पक्डेर ध्वनित भइरहेका छन् । 'यत्र यत्र धूमस्तत्र तत्र वह्नि इति साहचर्यनियमो व्याप्ति' अझै तर्कसङ्ग्रहबाट बोलिरहेको छ । अचेल पनि विद्वान् मानिस देख्ने वित्तिकै आफ्नो हजुरबुबाको सरस, सरल र ज्ञानसिक्त सहज स्वभावको व्याप्तिग्रहण गर्न तर्फ दौडिहाल्दछ । एउटा चुच्चो फलामे किल्लामा समवाय, संयुक्तसमवाय, संयुक्तसमवेतसमवाय भन्दै नाना तर्कना गरेको स्मृति ताजै छ । शब्दको भण्डारमा मिल्केर रहेका शब्दहरू यदाकदा फुत्त निक्लदा पनि लाग्छ- 'भैंसके आगे बीन बजाये भैंस बैठ पगुराये ।' हजुरबुबाले ज्ञानपूर्ण वचन बोल्दा पनि भैंसीले बाँसुरी सुनेजस्तो गर्ने मलाई सम्झन्छु । घोटिएर पढ्न मनै नगर्ने मलाई- 'पढ्तव्यं तभि मर्तव्यं, नपढ्तव्यं तभि मर्तव्यं, दन्त खटाखट किं कर्तव्यम्' नै दिव्यवचन हो जस्तो पनि लाग्छ । अनि कहिले इनारमा पानीका थोपाले निरन्तर घातका कारण पारेको डोबजस्तै निरन्तर विद्याभ्यास गर्नुपर्छ भनेर देखाउने सधैं ज्ञानमै रत रहने हजुरबुबाको विद्याभ्यसन नै निरन्तर कर्तव्य हो जस्तो लाग्छ । अनि कहिले कुनै सिद्धभाषामा लेखिएको लेखोटको अर्थ गर्न आएकालाई मायाका पञ्चकञ्चुक भनेर कला, विद्या, काल, राग र नियति भनेर दर्शनको प्राथमिक छाप पारेको याद आउँछ । कहिले भने पाश्चात्य विद्वान्हरूले पनि अत्यन्त प्रशंसा गरेको भनी रसिलो मिजासमा अवतार दाइकै साथमा 'अभिज्ञानशाकुन्तलम्' को वर्णन सम्झिँदै मात्र पनि रागाभिभूत हुन्छु । कठोपनिषद्का नचिकेतालाई आफ्नै बुबाले राम्रो गाई दान नगरेकाले मलाई कहिले कोलाई दान दिनुहुन्छ भन्दा यमलाई दिन्छु भनेका थिए । अनि यमराजको ढोकामा रुँगेर ४-५ दिनपछि संसारका समस्त ऐश्वर्य पनि प्राप्तव्य होइनन् त्यो आत्मा नै सबैभन्दा पाउन योग्य हो भनेको सम्झन्छु । अनि कस्तो होला त आत्मा भन्दा यो पनि होइन, त्यो पनि होइन, हो यो जो होइन भनेर भनिएको हो त्यही नै हो भनेर दर्शनको प्रारम्भिक डुबुल्की लगाएको याद आउँछ । साथीहरूलाई पनि गएर सुनाएको याद आउँछ । उनीहरू, झगडा गरेको अनि लुकामारी खेलेको सम्झन्छु । हजुरबुबाले देख्नुभए त फेरि नराम्रो मान्नुहोला भनेर सजग भएको सम्झन्छु । कहिले कसैका प्रति दुर्वचन वा अपमान

गरेको थाहा नै छैन । कोहीका पनि सामुन्ने उस्तै वात्सल्य र रससिक्त वचन प्रयोग गरेको सम्झन्छु । यसले त हाम्रो अहित गरेको हो भनिएका व्यक्तिको प्रसङ्ग आउँदा समेत वहाँले भनेर परोक्षमा पनि नराम्रो कटु वचन बोलेको उदाहरणका लागि पनि भेटाउन्न । अहिले अझै ज्ञानका थोपा बटुल्न हिंड्दा मरूवातसरीका झोक्काको ठोकाइमा तपिँदा त्यही आड लाग्ने विशाल पीपलको छहारी सम्झन्छु जहाँ बटुवाले आराम पाए, आश्रय पाए, गन्तव्यको झलक पाए, ज्ञानले चुर्लम्म भिजेर महजस्तै मधुर वाणीमा छोडाएर राखिदिएका रत्नहरू टिपेर आफ्नो शिरमा सजाए । यस्ता गुणनिधि साक्षाद् दुस्तरसंसारदुर्गीजितलब्धप्रसाद हजुरबुबाको हरक्षण स्मरण र नमन गर्न पाउनु नै ईश्वरानुग्रह हो । ॐ ।

◆◆

धर्मका प्रतिमूर्ति मेरा हजुरबुबा

आकृति दवाडी

धर्म भनेको के हो ? के भगवान्‌को आराधना गर्नु धर्म हो, व्रत बस्नु धर्म हो ? या ठूलाबडालाई आदर गर्नु दुःखीलाई सहयोग गर्नु धर्म हो ? या आफ्नो काम, कर्तव्य निष्ठासँग पूरा गर्नु धर्म हो ? आखिर के हो त धर्म भनेको ? धर्मको परिभाषा हरेक मानिसहरूको दृष्टिकोणबाट फरक-फरक हुने गर्दछ। मैले भने आफ्नो धर्मको परिभाषा आफ्नै हजुरबुबाको जीवनलाई हेरेर मान्ने गरेकी छु।

हुन त म, उहाँसँग खासै समय व्यतीत गर्न पाइनँ। हजुरबुबा आफ्नो कामले काठमाडौँ बस्नुहुन्थ्यो भने म पोखरामा बस्थेँ। यो सन्दर्भमा म आफूलाई अलिक अभागी ठान्दछु। तर पनि उहाँको जीवनलाई मैले एकदमै नजिकबाट नियाल्न पाएकी छु। कहिलेकाहीँ भेटमा भए पनि उहाँ मलाई थुप्रै ज्ञानगुनका कुराहरू सिकाउनु हुन्थ्यो। उहाँको त्यो माया, स्नेह अनि 'बाबा' भनेर बोलाउने बोली आज पनि मेरो स्मृतिमा ताजै छन्। उहाँले मलाई संस्कृत पढ्नुपर्ने कुरामा निकै जोड गर्नुहुन्थ्यो। हुन पनि हो, हाम्रो परिवारमा हजुरबुबा, मेरो बुबा, ठूलो बुबा, दाइ सबै जना संस्कृतकै विद्वान् हुनुहुन्छ। आफ्नो परिवारले अँगाल्दै आएका कुराहरूलाई निरन्तरता दिने कर्तव्य आउँदो पुस्ताको नै रहन्छ। मैले पनि संस्कृत पढ्न कोसिस नगरेको होइन, उत्तरमध्यमासम्म पढेँ तर त्यसलाई निरन्तरता दिन भने सकिनँ। सायद हजुरबुबासँग बसेर पढ्न पाएको भए अझै अगाडिसम्म पढ्न सक्थेँ कि जस्तो लाग्छ आजभोलि सोच्दा। आफ्नो परिवारको यो बाटोलाई अँगाल्दा म आफ्नो धर्मबाट कतै चुकेँ कि भन्ने भान हुन्छ।

मेरो हजुरबुबा वाल्मीकि विद्यापीठका प्राध्यापक हुनुहुन्थ्यो। उहाँको एउटा नित्य आचरण थियो। बिहानै उठ्नुहुन्थ्यो, जप ध्यान गर्नुहुन्थ्यो, वेद पाठ

गर्नुहुन्थ्यो । यो उहाँको नित्यकर्म थियो, आस्था थियो । मानिसको चोला लिएर जन्मिएपछि बाँच्नका लागि मानिसलाई केही आधार, आस्था विश्वासको खाँचो पर्दछ । हो, त्यही आस्थालाई कायम राख्न उहाँ जप, तप, ध्यान गर्नुहुन्थ्यो र त्यो कामप्रति उहाँको एकतर्फ लगाव थियो । त्यही कर्तव्य निष्ठालाई म धर्म मान्दछु ।

म हजुरबुबासँग धेरै बस्न पाइनँ तर हजुरआमासँग भने म अहिलेसँगै बसिरहेकी छु । हजुरबुबाबाट हामीले सिक्नुपर्ने आत्मसात गर्नुपर्ने कुराहरू आज हजुरआमाले हामीलाई सिकाउनुहुन्छ । हजुरआमाबाट मैले सुनेकी छु । कीर्तिपुरको प्राध्यापक क्वाटरमा बस्दा हजुरबुबासँगै पढाउने सहकर्मीहरू ४ बजेका आफ्ना कक्षाहरू सकिएपछि घर फर्किन्थे तर उहाँ भने घर फर्किंदा बेलुकाको ७/८ त सधैँ बज्थ्यो अरे । त्यति ढिला घर आउनुको कारण यहाँ विद्यालयमै विद्यार्थीहरूलाई कक्षा सकिएपछि पनि पढाएर बस्नुहुन्थ्यो । हरेक विषयको ज्ञान पनि थियो अनि पढाउँदा पनि सम्झाएर बुझाएर पढाउनु हुने हुनाले विद्यार्थीहरू पनि उहाँसँग पढ्न रुचाउँथे । आफूलाई जति अबेला भए पनि, हतार भए पनि आफूसँग पढ्न आउने, आफूसँग सहयोग माग्न आउने मानिसलाई कहिल्यै निराश बनाएर फर्काउनुहुँदैनथ्यो । एकचोटी होइन, दुईचोटी होइन जति पटक भए पनि पढाएर बुझाइदिनुहुन्थ्यो । अझ विद्यालयमा मात्र नभएर आफ्नै घरमा बोलाएर पनि पढाइदिनुहुन्थ्यो । कति जनाका लेखहरू लेखिदिनुभएको छ । कतिको परीक्षाको तयारी गर्न मद्दत गर्नुभएको छ । उहाँको यो सत् कर्मलाई नै म उहाँको जीवनको सबैभन्दा ठूलो धर्म मान्दछु ।

भगवान्प्रति उहाँको ठूलो आस्था थियो । त्यही आस्थाले डोर्‍याएर उहाँलाई थुप्रै धार्मिकस्थल, यात्राहरूमा लागेको छ । उहाँहरू विभिन्न ठाउँहरूमा जाँदा आफ्ना आफन्तलगायत अन्य मानिसहरूसँग मिलेर जानुहुन्थ्यो । हजुरआमाले भन्नुभएको बाटोमा कसैलाई केही कुराको खाँचो पर्‍यो भने चाहे त्यो पैसाको होस् या खानेकुरा होस् या अरू कुनै सहयोग होस्, जसलाई जे कुराको खाँचो पर्छ उहाँ त्यसलाई आफूसँग होस् नहोस् जसरी भए पनि सहयोग गर्नुहुन्थ्यो । यदि केही कारणवश उहाँले सहयोग गर्न सक्नुभएन भने त्यो जति दुःखी उहाँ

आफूलाई कहिल्यै मान्नुहुन्नथ्यो । धार्मिक स्थलमा गएर गरेको पूजा अर्चना त छँदै छ, त्यसमाथि बाटोमा आफ्ना सहयात्रीहरूलाई गरेको सहयोगलाई पनि म उहाँको ठूलो धर्म ठान्दछु। पूजा अर्चना गर्नु भनेको आस्था हो तर सहयोग गर्नु भनेको मानव जातिले गर्न सक्ने सबैभन्दा ठूलो धर्म हो ।

काठमाडौँमा बस्दा आफ्ना आफन्तहरू जो बिरामी भएर आए पनि केही कामले आए पनि या केही काम नै नभई आए पनि जे भएर आए पनि उहाँले सबैलाई खान बस्न, अझ उपचार गर्ने खर्च, फर्किंदा बाटो खर्चसमेत दिएर आफू खाली खुट्टै भए पनि पुऱ्याउन जानुहुन्थ्यो ।

मलाई मेरी माताले भन्नुभएको एक पटक उहाँले लामखुट्टे मार्न लाग्दा त्यसलाई नमार त्यसले तिमीलाई के नै ठूलो हानि पुऱ्याउला र भनेर सम्झाउनुभएको थियो । एउटा सानो लामखुट्टे प्रति त त्यति दया थियो उहाँमा झन् मानिसप्रति त कति थियो होला, म बयानै गर्न सक्दिनँ ।

उहाँको यही सेवाभाव, कर्तव्यनिष्ठा, दयालुपनलाई नै म आफ्नो धर्मको परिभाषा मान्दछु। उहाँको धर्मकै प्रभावले आज हाम्रो परिवारमा कति माया, कति आत्मीयता, कति खुसी छ। मेरा हजुरबुबाले गर्नुभएको धर्मको केवल एक प्रतिशत पनि मैले गर्न सकेँ भने मेरो यो जीवन धन्य हुनेछ ।

◆◆

परिशिष्ट

प्रा.डा. दुर्गाप्रसाद दवाडीका प्रकाशित पुस्तक र लेख रचनाहरू :

१. धर्ममा प्रमाण के ? *सुरभि* त्रि.वि. प्रकाशन, २०२६ ।
२. पुराण गहन अध्ययनको एक क्षेत्र *मर्यादा,* वर्ष १, अङ्क १, २०२५ ।
३. पृथ्वीको आयु *मर्यादा,* वर्ष १, अङ्क ४, २०३२
४. हाम्रो वैदिक राजसंस्था *मर्यादा,* पूर्णाङ्क २०२५
५. आत्माको अस्तित्व *धर्मसन्देश* वर्ष १, अङ्क २, २०३०
६. देवनागरी वर्णमालाको वैज्ञानिकता *धर्मसन्देश* वर्ष ३, अङ्क १, २०३१
७. हाम्रो महान् संस्कृति *धर्मसन्देश* वर्ष २, अङ्क १, २०३०
८. प्राच्य दर्शन र विज्ञान *धर्मसन्देश* वर्ष ३, अङ्क २, २०३१
९. नेपालमा संस्कृतको ह्रासको कारण संस्कृत समीक्षा, २०२८
१०. वैदिक राज्यव्यवस्था र हाम्रो राजसंस्था उद्योग वाणिज्य पत्रिका, २०३१ शुभराज्याभिषेशाङ्क ।
११. सनातन धर्म र सापेक्षवाद *धर्मसन्देश,* वर्ष ४, अङ्क १, २०३२
१२. तन्त्रविषयकिञ्चित् *हैमवती,* २०३२
१३. रामोविग्रहवान् धर्म *सन्मार्ग,* काशी २०४७
१४. रासलीलारहस्य *सन्मार्ग,* काशी २०४८
१५. अवतारवाद र विकासवाद : एक विवेचन *मर्यादा,* २०३४
१६. जन्ममृत्यु एक तात्विक विवेचना *धर्मसन्देश,* २०३४
१७. नेपालमा शक्तिको उपासना *विश्वहिन्दु स्मारिका,* २०४४
१८. महायज्ञ (एक संक्षिप्त परिचय) पुस्तिका, २०५९
१९. कर्मयोग, भक्तियोग र ज्ञानयोग योग तथा प्राकृतिक चिकित्सा विशेषाङ्क
२०. शान्तिदूत, धर्मनिष्ठ दयालु राजा श्री ५ वीरेन्द्र शुभजन्मोत्सव, २०३१
२१. महामनीषि पं. धनञ्जय मरासिनी ज्यूको रघुनाथाष्टकम् : एक अध्ययन *धनञ्जय मरासिनी : स्मृतिग्रन्थ*

२२. श्री ५ वीरेन्द्र धार्मिक आस्था
२३. सामाजिक सदाचार
२४. विभिन्न धर्मका साझा मूल्य मान्यता
२५. परिश्रमी बालक वरदराज
२६. पर्व सुधारमा समस्या *मन्दाकिनी,* २०६५
२७. यज्ञ र देवता *श्रुतिसौरभ,* वर्ष १, अङ्क १, २०६८
२८. नवरात्र र दीपावली महोत्सवको महिमा *किराना,* २०६४
२९. सोह्रश्राद्ध (पितृपक्ष) एक विवेचन *ज्योतिषवाणि,* वर्ष ४, अङ्क ३, २०६७
३०. नेपाली भाषा र संस्कृतिमाथि आपत्ति *ज्योतिषवाणि,* वर्ष ३,अङ्क२, २०६६
३१. स्वस्थानी भगवती वाग्पुष्पाञ्जलि भावभक्ति, २०६३ ।
३२. संस्कृत नै किन ?
३३. वैदिक दर्शनको संक्षिप्त विवेचन *दर्शनावली,* ने.प्र.प. २०६८ ।
३४. शरीर विचार (हिन्दी पुस्तक) ।
३५. स्तवराज (अनुवाद, पुस्तक) २०६८ ।
३६. महिम्नस्तोत्र (अनुवाद, पुस्तक) ।
३७. वैदिक संस्कृतिमा राष्ट्रवाद (पुस्तक) ने.प्र.प. २०७६ । आदि ।

गुरु दुर्गाप्रसाद दवाडीका महत्त्वपूर्ण हस्ताक्षरहरू :

श्री गणेशाय नमः

आदरणीय बहन श्री शैलजी !

पत्रलेखिका सादर अभिवादन। मेरे दिन बीत रहे हैं। ८० वाँ चल रहा है। मुझे एलर्जी की शिकायत है। चलना कष्टकर हो गया है। प्रातः घर से बाहर जाना बन्द है। काशी जाने की इच्छा है, पर वह अब मन में ही रहेगी, ऐसी सम्भावना है। बच्चे अपने अपने कामों में लगे हैं उनको अवकाश नहीं कि मुझे लेकर काशी जायँ। भाग्य में काशीलाभ नहीं लिखा है सम्भवतः। जो हो अपनी करनी तो भोगनी ही है।

मेरी आपसे एक अत्यन्त नम्र प्रार्थना है। आप योग्य हैं, कर्तृत्वशक्ति आपमें है। अभी आधुनिक युग के तीन महापुरुष, मर्यादा पुरुष रहे हैं — स्वामी करपात्रीजी, शास्त्रीजी लालबहादुरजी तथा मेरे गुरुजी आपके पिताजी। स्वामीजी संन्यास आश्रम के आदर्श थे। शास्त्रीजी ब्रह्मचर्य आश्रम आदर्श थे, मेरे गुरुजी गृहस्थ आश्रम के आदर्श थे। गृहस्थधर्म का पालन करते हुए उन्होंने जो आदर्श रखा वह मेरे दृष्टि में कोई रख ही सकता। इसीसे मैं गुरुजी को शास्त्रीजी से भी महत्ता समझता हूँ। रामादपि हितं मन्ये धर्मतो बलवत्तमम्। यह उक्ति भरतजी के लिए कही गई है। भरतजी ने चौदह वर्ष तक राजधर्म पालन करते हुए जिस कठिन व्रत को पालन किया, उसको भगवान राम भी पालन न कर सके। लक्ष्मण शत्रुघ्न भी नहीं। ऐसे ही मेरे गुरुजी का उनकी शिक्षा हमारे जीवन में भरी पड़ी रही। किसी भी कार्य को करते समय मुझे सदा यह बात स्मरण में आती है कि गुरुजी इस कार्य को किस प्रकार करते। मेरे जैसे गुरुजी के हजारों शिष्य होंगे। अब मेरी आपसे प्रार्थना है। गुरुजी मानवता के प्रेमी थे, गान्धीजी शास्त्रीजी भी। आज विश्व मानवता को भूलता जा रहा है। व्यक्तिगत स्वार्थ ही प्रबल होता जा रहा है। अब तो बच्चे बड़े होकर अपने माता पिता को भी भूलते जा रहे हैं। ऐसी अवस्था में इन तीन मानवों ने जो महत्तम कार्य किया है उसका उल्लेख हो जाय तो सम्भवतः कुछ मानव मानवता के प्रेमी बन जायँ। अतः 'आधुनिक युग की तीन आदर्श मानवताप्रेमी मानव" तीन आदर्श पुरुष पर छोटी सी पुस्तिका भी निकल जाय तो मानव की सेवा होगी ऐसी मेरी भावना है। आप इसे कर सकती हैं। यथासम्भव मैं भी मत लिख सकूँगा। जीवन का कोई ठिकाना नहीं है। मेरा तो अब चलाचली का ही समय है। "आधुनिक तीन आदर्श पुरुष" अथवा 'महामानव गुरुजी" के नाम से ही छोटी सी पुस्तिका में उनके अन्यान्य लेखकों

अथवा अनुभव उस पुस्तिकामें समाविष्ट होतो मानवता व मेरा किञ्चित
सेवा होजाती। इसमें मेरी ऐसी बातें उद्धलिखें। इसके लिए मैंने कुछ
द्रव्य प्रेषित किया है। होसका तो और भी कुछ द्रव्य प्रेषित करानेका प्रयत्न
करूंगा क्या आप इस कामको हाथमें लेंगी।

मैं कुछ भूल गया - दोनो बच्चो उनके परिवारको भी
सादर अभिवादन। मैं तो अब भी उन दोनोंको लल्टू मोनू ही समझता हूं।
अब वे बडे आदमी होगए हैं। उनकी निरन्तर वृद्धि हो, उनमें मानवताकी
भावना दृढ रहे यह मेरी मनःकामना है। लाभछी उमा, शारदा, अमिता,
आभा बहनों सादर अभिवादन। गुरुवर गुरुपुत्र वीतरागका सहशाजीका
आदेश है। भास्करजीका समाचार भी देंगी। लाभछी अपना पढुनाजीका
वर्तमान अवस्थामें स्थिति उल्लेख करेंगी।

मैं पत्रकी प्रतीक्षा करता रहूंगा। आशा
मेरी यह विनति स्वीकृत होगी। जो हो भगवान आपको सौभाग्यवती
बनाए रखें, बच्चों का कल्याण हो, वे वृद्धि प्राप्त करें, मानवता प्रेमी बनें।

आपका ही एक अत्यन्त दीन भाई
दुर्गाप्रसाद दवाडी
माघशुक्लपक्ष १२ रविवार २०६८

अथवा बुद्ध अधिक होजानेके कारण विस्मृति होरही है कुछ अतः कुछ और निवेदन करना चाहता हूं। आप भगवान विश्वनाथजीसे
प्रार्थना करदें कि वे अन्तमें मुझे काशी बुलालें। सम्भवतः मेरा भाग्य ऐसा नहीं है कि मैं अपने बलबूते वहां (काशी) आसकूं।
आपकीसी प्रार्थना विश्वनाथजी सुन लेंगे तो कुछ और बल बढ़जायगा। एक बात और, अभी आप कर्मरत हैं तीर्थराजमें वास करना ही
बहुत श्रेष्ठ है, किन्तु कार्यसे निवृत्त अवकाश प्राप्त करनेपर काशीमें आप गुरुजीका स्थान ग्रहण करें यह बहुत ही उचित होगा
योग्य होगा। या गुरुजीकी कुटी। वहीं रहकर गुरुजीके स्थान लोगोंको ज्ञानदान करें। मैं तब तक जीवित नहीं
रहूंगा, किन्तु मेरा पुत्र निश्चय आपसे शिक्षा ग्रहण करेगा। इससे ही उसे धर्ममार्गमें दृढ रहनेकी प्रेरणा भी
प्राप्त होगी।

पत्रका उत्तर देनेकी कृपा करेंगी यह पुनः पुनः प्रार्थना है
आपका ही
दुर्गाप्रसाद (नाउ) दवाडी
२०६८।

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामि गजाननम् ॥

अ) प्रश्न : दुर्गाप्रसाद उपाध्याय दवाडी को दैनिकी पूर्वमा र हाल

दैनिकी आदि लेखो दैनिकी — सूर्योदय भन्दा प्रायः ३ घण्टा पूर्व नै उठ्ने । केही वेर प्रातः स्मरण र केही धार्मिक पुस्तक अध्ययन गर्ने । सूर्योदय भन्दा पूर्व नै स्नान गर्ने प्रायः बानी बसेको । सन्ध्या तर्पण पूजनमा प्रायः ३ घण्टा जती समय । पौत्रलाई वेद पाठ पछि, अध्ययनको निम्ति पौत्र पौत्री गए पछि भोजन । भोजनान्त जाडो महिना घाममा बसेर पत्रिका पढ्ने । केही वेर लेखन पनि लाग्ने, किन्तु लेखेका विषय प्रायः धार्मिक भएकाले प्रकाशनमा न आउने भएका छन् । सायङ्कालमा पौत्र आए पछि उनले पढ्ने इच्छा गरेमा पढाउने, अन्यथा केही समय परिभ्रमणमा जाने । [illegible] गएको वेलामा प्रायः पुस्तकालयमा गएर केही पत्रिका हेर्ने पढ्ने । सायङ्कालमा पुनः सन्ध्या जप, तथा धार्मिक अध्ययन प्रायः १० – ११ बजे तिर सम्म ।

२ पढ्ने बानी कस्तो —

बाल्यावस्थामा काशीमा ऋषिकुल ब्रह्मचर्याश्रम, अन्नपूर्णा मन्दिरमा बस्दा प्रातः कालमा सूर्योदय भन्दा पूर्व नै उठेर गङ्गा स्नान गर्न जानु पर्ने त्यहीँ स्नान सन्ध्या गरेर फर्केर मन्दिरमा आए पछि भगवती अन्नपूर्णा स्तुति उच्चारण गरे पछि आफ्नै वाचस्पति वेद पठन पर्ने ८ बजे सम्म । त्यस पछि ११ बजे सम्म व्याकरण पठन पर्ने १२ बजे तिर भगवत् प्रसाद भोजनको रूपमा पाइने । १ बजे सम्म पढ्ने खेल्ने आफ्ना आराम गर्ने अवधि । २ बजे तिर व्याकरण पढाउने गुरु आउनु हुने र उहाँ व्याकरणको पढाई प्रायः चार साढे चार बजे सम्म । त्यस पछि प्रायः एक घण्टा साढे एक घण्टा समय खेलकूद गर्न पाइने तर खेल्ने ठाउँ न भएकाले प्रायः पाठ घोकेर बस्नु पर्ने । सायङ्कालको वेलामा कमण्डलु आफ्नो [illegible] इनार बाट

पानी झिकेर सन्ध्या गर्नै तथा त्यस मन्दिर मुख्य स्वामीज्यू (महन्तजी)
लाई ढोग गर्न जानु पर्ने। त्यस पछि प्राय एक, साढे एक घण्टा
एउटा मुन्सीजी (कायस्थ शिक्षकले) हिन्दी गणित आदिको
शिक्षा दिने। प्राय रातको आठबजे तिर मन्दिरको आरतीमा सम्मिलित
हुनपर्ने। त्यसमा प्राय एक घण्टा जति समय लाग्ने। त्यस पछि भोजन
(प्रसाद) प्राप्त गरेर पुनः मन्दिरको विनती आएर भगवान भजनमा
अनिवार्य रूपले प्राय एक घण्टा जस्तो बस्न पर्ने। राम मन्दिरको निम्ति
हुने भगवानको नैवेद्य (पूरी तरकारी) को व्यवस्था गरेकोले उहाँले
गराउने भगवान भजनमा अनिवार्य रूपमा सम्मिलित हुनै पर्ने।
त्यस पछि प्रायः १० बजे तिर सुत्ने अवसर पाइने।
यस बीचमा प्रायः दिनको ११ बजे देखि साढे ११ बजेको
बीचमा लाई एउटा ... (रामानुग्रह) नामका बालक ल्याइदिने।
समाचार पत्रको बिक्रयको जिम्मा लिएका हुनाले "पटना" बाट
प्रकाशित हुने "आर्यावर्त" दैनिक ल्याएर राखेको हुन्थ्यो सन्
१९३८, १९३९ को चीन जापानको युद्धको समाचार, जापानले
उनताकाको चीनको राजधानी नानकिङ मा गरेको जापानी सेनाको भयङ्कर
अत्याचार आदि खबर, त्यस पछि युरोपमा हिटलर पोल्याण्ड माथि
आक्रमण गरेको रूसमा त्यसमा सम्मिलित पोल्याण्ड लाई रूस र जर्मनीले
आधा आधा आदि खबर छापिने हुनाले त्यो समाचार पढ्न
चासो बढ्दै गएकोले नियमित केही न केही पढ्ने
बानी बसेको हो। उनताका प्रथम परीक्षा प्रायः हाम्रो
~~हिजो आज~~ अघिको एस.एल.सी साहको परीक्षा फल प्रकाशित
भएको दिनमा त्यहीँको "आज" समाचार पत्रमा "क्रीट
द्वीपमें जर्मन की छतरी फौज उतरी" भन्ने मुख्य शीर्षक भएको
समाचार यद्यपि आज पनि स्मृति छ। क्रीट द्वीप युनानको
एक प्रदेश हो। समाचार पढ्दा पढ्दै युरोप सबै देशको

राजधानी उहाँजस्ताको स्थिति आदिको ज्ञान भएको हो। जर्मनीले रूसमा आक्रमण गरेर त्यसको राजधानी मास्को बाट छ र माइल सम्म पुगेको र त्यहीं बेलामा जाडो (हिउँ खसेको) बेला आएकोले मास्को कब्जा गर्न नसकेको र नेपालियन बोनापार्ट जस्तै जर्मनेली सेना फर्कन परेको समाचार (आज पनि मस्तिष्कमा ताजै छन्।) यसरी तिले नै पढ्ने बानी बसेको हो। निरन्तर पढ्ने पढाउनेमा नै जीवन व्यतीत भएको छ। पढ्दै गएर त्यसै अन्नपूर्णाश्रित ब्रह्मचर्याश्रमको मुख्य स्कूल छोड्दै गएर अध्ययन गरेर मध्यमा र शास्त्री व्याकरण विषयमा उत्तीर्ण गरेर आचार्य परीक्षा काठमाडौं राजकीय संस्कृत महाविद्यालय (आजको वाल्मीकि संस्कृत विश्वविद्यालय) बाट व्याकरण, साङ्ख्य, वेदान्त सर्वदर्शन, आगम लगायत विषयमा आचार्य र प्राइवेट रूपमा हाई स्कूल इन्टर बी.ए. संस्कृतमा र हिन्दीमा एम.ए. पनि आगरा विश्वविद्यालय बाट उत्तीर्ण गरेकोले र यी परीक्षा क्रमशः नै उत्तीर्ण गरेको। प्रायः तीन वर्ष जति स्वयम् अध्ययन तथा आफ्नै जीविका पनि चलाइरहेकोले त्यसै ब्रह्मचर्याश्रम र नेपाली संस्कृत महाविद्यालयमा पनि अध्यापन गर्दा पछि त्रि.वि.वि. मा आचार्य विभागमा सर्वदर्शन विभागमा नियुक्त पाएकोले २०२५ साल देखि क्रमशः २०५५ साल सम्म उपप्राध्यापक, सहप्राध्यापक, र प्राध्यापक रूपमा कार्य गरेर अहिले विश्रामको अवकाश विश्वविद्यालय सेवा बाट विश्रान्ति लिए पनि आफ्ना सन्तान हरूलाई तथा कुनै जिज्ञासु आएमा उनीहरूलाई पनि आफूले जानेको शिक्षा दिंदै जीवन व्यतीत हुने हुनाले पढ्ने र पढाउने बानी बसेको छ भन्नुपर्दछ होला।

३. मनपर्ने विषय — मुख्यतः दर्शन विषयको शिक्षकको रूपमा कार्य गरेकोले दार्शनिक विषय नै मनपर्ने

विषय हुन्। (यहाँ आफ्नो देशमा आएर दर्शन विषयमा पढ्न पाएको हुनाले त्यसमा रुचि अधिक हुनु स्वाभाविक हो) संस्कृतमा साहित्य विषय पाठ पढेकोले संस्कृत साहित्य हिन्दीमा एम.ए. र राजनीति र हिन्दी साहित्यमा "साहित्य रत्न" र "राजनीतिरत्न" परीक्षा पास उत्तीर्ण गरेकोले हिन्दी साहित्य र राजनीतिशास्त्रमा उत्तम परीक्षा उत्तीर्ण गरेकोले हिन्दी र राजनीतिमा आफ्नो रुचि छ। मेरा मन तान्ने विषय यिनै हुन्।

४. समाजमा अन्तर —

एक श्लोक छ कति बलाबलस - "समयले नै बलियो निर्बल बनाउँछ" भन्ने संस्कृतको उक्ति साँचो समाजमा अन्तर आएको छ। पूर्वकालमा मेरो बाल्यावस्थामा, युवावस्थामा समाजमा सर्वत्र शान्ति थियो। छल कपट झूटो को व्यवस्था चल्दैन थियो। गाउँमा लेनदेनको व्यवहार सत्यमा आधारित थियो। व्यापारमा त्यस्तो ठगी थिएन। आजको व्यापार असत्यको भरमा चलेको छ। व्यापारीले ग्राहकको अनुहार हेरेर वस्तुको मूल्य बढाउँछ। सुन्दर केटी छ जान्ने छैन भने त्यो वस्तुको मूल्य बढ्दै हुन्छ, बूढो निर्बल छ भने त्यसको हकमा बढ्दै हुन्छ। एकदाम मूल्य पर्ने वस्तुको मूल्य बेग्लै हुन्छ। "धर्म लुकचरको नाश हो" भन्ने थियो। परलोकको भय हराई सकेको छ यद्यपि मन्दिर जानेको संख्या बढेको छ। मन्दिर जानु पनि देखावटीलाई छन जानेजस्तो छ। दशपाँच दिएर दशलाख पाँचलाख को मोल नस्तो देवता पनि गर्दैनन्। त्यस्तै पूर्वमा जाति थियो भए पनि व्यवस्थामा राजा नहुँदा धर्मको व्यवस्था थियो, अहिले जातिवाद जातिवादले गर्दा ब्राह्मण, क्षत्री, शाही आदिमा त्यो मान छ्यास्सिएको छ न सेवा गर्ने गुरु आदि अब हिन्दुहरूमा जन्म पाउने छैनन्। सामाजिक हक हक व्यवस्था हुन थालेको छ। युवा पिंढी देशमा

५

बस्न न सक्ने र शिक्षितहरू बेलायत, अमेरिका, जापान, जर्मनी, नार्वे, आष्ट्रेलिया आदिमा पलायन गर्न लागेका छन्, भने अर्धशिक्षित, अशिक्षित तथा दक्ष कामदारहरू अरब मलेसिया, इरान, तथा खाडी प्रदेश (अरबप्रदेश) हरूमा पलायन गर्न लागेका छन्। गाउँमा अब केवल वृद्ध शिशुहरू मात्र छन्। खेतबारी बाँझो हुन गएको छ। सबै समक्ष कार पलायनको दृश्य देखिन्छ। वैदेशिक सभ्यताको बाढी नै आएको छ। स्वच्छ अश्लीलताको विचार हुटी सकेको छ। फास्टफुडको चलती चलेको छ। रोग, शोकको बाढी आएको छ। मानव हत्या साधारण नै सकेको छ। अपहरण गरेर फिरौती लिने रोग बढेको छ। अपराधीलाई राजनीति गर्ने दलहरूले प्रश्रय दिने प्रचलन बढेको छ। बन्द हड्ताल आदिले मानवजीवन त्रस्त बन्न गएको छ। र नेपाली भाषाको अवमूल्यन हुन गएको छ। केही वर्ष पूर्व सम्म स्कूलमा नेपालीमा राष्ट्र अनिवार्य थियो अब पनि अंग्रेजीमा दिन पाइन्छ, अंग्रेजीमा मात्रै राख्न पाइने भयो। स्नातक स्तरसम्मको शिक्षा नेपालीमा दिनपर्ने अनिवार्य थियो, अब बोर्डिङ स्कूलहरूले केवल अंग्रेजीमा मात्रै शिक्षा दिने नै सकेको छ। नेपाली भाषालाई राष्ट्रभाषाको मान्यता प्राप्त थियो अब त्यसमा सन्देह नै सकेको छ। संयुक्त परिवारको प्रथा छिडिइ सकेको छ। बूढाबूढीहरूले अब वृद्धाश्रममा आश्रय लिन पर्ने अवस्था आइसकेको छ। नेपालीमा राष्ट्रियताको भावना समाप्त हुँदै गएको छ। अमेरिकाको ग्रीनकार्ड र अष्ट्रेलिया पी.आर. पाइए भने जीवित स्वर्ग जाने टिकट पाइयो भन्ने जस्तो भावना प्रायः सबै नेपालीमा आइसकेको छ। जसरी धार्मिक व्यक्ति प्रति एक चोटी अमेरिका, यूरोप, आष्ट्रेलिया जान पाएको खण्डमा आफू तीर्थयात्रामा गएको जस्तो ठान्न लागेका छन्। म्लेच्छ देशमा जानुहुन्न भन्ने शास्त्रीय निर्देशको उल्लंघन नै सकेको छ।



Friday 24th September 1948.

शुक्रवार २४ सितम्बर सन् १९४८ सम्वत् २००५ आश्विन कृ. ६
रोहिणी नक्षत्र घ. ४८।५४ सूर्योदय ६।० सूर्यास्त ६।०
फ. सन् १३५६ प्र. मस्तू ८ बं. आश्विन ८ ने. असौज ९ गते
جمع ٢٠ ذی القعد ١٣٦٧ ء

५०००

आज शाम के समय मैंने घर के लिये चिठी लिखा जिसमें कि मैंने पूछा है कि अन्ना हुआ भी सर्गवासी होगया था। वह कि मके निबन्ध में है साथ ही यह भी पूछा है कि पहले पत्र में मैं ने जो प्रश्न किया था उस का उत्तर आपने क्यों नहीं दिया। इधर मेरी मनस्थिति बहुत डाँवां डोल होगई है। कालेज में मेरे न रहते हुये भी मेरा नाम कट गया। इधर पंडित जी के लिये भी यह हुआ था कि उन को भी वृत्ति नहीं मिलेगी परन्तु आज ... पंडित जी ने ... विवाद किया जिससे आशा है कि ...



Saturday 25th September 1948.

शनिवार २५ सितम्बर सन् १९४८ सम्वत् २००५ आश्विन कृ. ७
मृगशिरा नक्षत्र घ. ४८।२ सूर्योदय ६।१ सूर्यास्त ५।५९
फ. सन् १३५६ प्र. मस्तू ९ बं. आश्विन ९ ने. असौज १० गते
شنبه ٢١ ذی القعد ١٣٦٧

५०००

आज मैंने घर के लिये जो चिठी लिखा था उसे मुंशी जी के हाथ डाक में छोड़वा दिया। उधर यह हाल होगया कि ... और था टूट गई और इधर यह हाल है कि मन्त्री जी मुझे कुछ भी विशेष तो देने को तैयार नहीं। न मेरे पास कुछ है न अन्य कोई साधन। शास्त्री का विद्यार्थी प्रवेशिका का विद्यार्थी दोनों एक तराजू से तौले जा रहे हैं। और तो और कभी चावल खाने को भी नहीं मिलता। भोजन भी ठीक नहीं। कभी कभी उबका सोचने लगता है कि इससे अच्छा था कि आश्रम से अलग हो जाता।



Thursday 30th September 1948.

गुरुवार ३० सितम्बर सन् १९४८ सम्वत् २००५ आश्वि. कृ. १२
मघा नक्षत्र घ. ३२।१२ सूर्योदय ६।४ सूर्यास्त ५।५६
फ. सन् १३५६ प्र. मस्तू १४ बं. आश्विन १४ ने. असौज १५ गते
پنجشنبه ٢٦ ذی القعد ١٣٦٧

५०००

आज प्रदोष व्रत होने के कारण रात, का भोजन करना तो था नहीं, विचार था कि शहर जा ऊंगा। अभी पढ़ाकर ज्यों ही तैयार हुआ पैदल ही शहर जाने को त्यों तक काशी आते हुये दिखाई पड़े। उन से मैंने हंसी में ही साइकिल मांगा कि शहर जा रहा हूँ कृपया साइकिल दे दें तो बड़ी अच्छी बात हो। उन्होंने साइकिल दे दिया मैं साइकिल से शहर जा पहुंचा। बलदेव भा जी के यहाँ साइकिल रख कर मन्दिर में गया। महन्त जी नहीं थे। पीछे आये तो मैं उनके सामने गया। उन्होंने कहा कि अभी हमने निर्णय सिन्धु खोजा नहीं अतः आज



Friday 1st October 1948.

शुक्रवार १ अक्टूबर सन् १९४८ सम्वत् २००५ आश्विन कृ. १४
पू. फाल्गु. नक्षत्र घ. २७।५६ सूर्योदय ६।५ सूर्यास्त ५।५५
फ. सन् १३५६ प्र. मस्तू १५ बं. आश्विन १५ने. असौज १६गते
جمع ٢٧ ذی القعد ١٣٦٧ ء

५०००

कल शाम को करीब 4 बजे गंगा जी गया और स्नान संध्या किया। फिर वहाँ से विश्वनाथ जी के मन्दिर में आया। बिल्व-पत्र खरीद कर जल चढ़ा कर बिल्व पत्र चढ़ाया। वहीं बैठकर रुद्री पाठ किया। महिम्नस्तुति किया। सूर्य के अस्त हो जाने पर पुनः विश्वनाथ जी को जल व बिल्व पत्र चढ़ाकर मुक्ति मंडप (ज्ञानवापी) में गया। वहाँ से दण्डपाणी ढुण्ढी राज गणेश का दर्शन करते हुये अन्नपूर्णा जी में आकर दर्शन जलार्पण व प्रदक्षिणा किया। इसके बाद इधर आकर महन्त जी से विदा मांग कर बलदेव जी के यहाँ से साइकिल लेकर खिसक आया। पंडित जी ने मेरे लिये भात दाल रखा था। गुड़ भात का भोजन।

भाद्र शु. १० सं २०२० प्रदोषः दिनाङ्क २४.८.६३
मैं पडरौना में हूँ। आने की कथा विचित्र है।
लोकसेवा आयोग से निर्वाचित होने की सूचना
प्राप्त हुई। साथियों, इष्टमित्रों, गुरुजनों
एवं स्वयं विश्वनाथ की आज्ञा हुई "जाओ"।
आज्ञा टल न सका। अब अनीप्सित ही
आना पड़ा। आते ही प्रश्न हंसराज जी सी हुई।
अपने पूर्वाधिकारी को हटाना पड़ा। अवध
बिहारी ओझाजी के स्थान पर नियुक्ति हुई।
मानो मन्थन चलता ही रहा। दो ही दिनों बाद
काशी पुनः गया। साथियों से परामर्श किया।
अनभिलषित को स्वीकार किया। तीन दिनों
में पुनः यहाँ आया। रहने का ठीक नहीं हुआ
था। इस बार सामग्री भी साथ लाया था ४+५ दिन
बाद पुनः ४ दिन का अवकाश (आकस्मिक)
लेकर गया। परीक्षा दिया। अपने विद्यालय
में गया। साथियों से भेंट हुई। पुनः आने का
वादा किया। त्याग देने का मन भी मन निश्चय
भी। १९ अवकाश समाप्त होते ही पुनः यहाँ
आ गया। पहले दो तीन दिन भाटि हंसतियाँ
फिर दो तीन दिन पं. श्रीबदरी प्रसादजी
के यहाँ पश्चात् दिनाङ्क २०.८.६३
भाद्र शुक्ल १ से निश्चित रूप से भाटिहौन
में शिवमन्दिर (माताजी) के यहाँ भोजन तथा
पं. पद्मनारायण जी के यहाँ शयन प्रारम्भ
है। आज २४.८.६३ भा. शु. १० तक इसी प्रकार
कार्य चल रहा है। घर में पिताजी से छुट्टी की
चिट्ठी भेजा हूँ। साथियों से कह रखा है कि
मैं आऊँगा। चिट्ठी आई थी पं. हंसराज जी की
देवनाथ जी की भी शीघ्र आने के लिए। न आने
पर गड़बड़ी की संभावना बताई गई थी। तुरन्त

१० १८ ज्येष्ठ] 31 May [शु० वैशाख १९ १४
३०.८.६३ को गया ३१ को भेंट
नहीं। १ को भेंट हुई तिवारीजी विभागीय
हंसराज जी देवनाथ जी से भेंट हुई।
४ अथवा ५ को उन्होंने आजाने
को कहा। छुट्टी दी किए हुए कार्य
का वेतन लेने के लिए। पुनः ३.९.६३
को पडरौना आया। वेतन मिला था १३५
ही २५ कट गया। अब जाने का प्रश्न है शनि
को अर्थात् ७.९.६३ को। विचार मन्थन
चल ही रहा है। वाराणसी में बूढ़े पण्डित वासुदेव
जी से पूछा था। उन्होंने कहा "बड़ा भाग्य
समय है। अर्थ की प्रधानता है। कभी भी
मत छोड़ो। पीछे होगा वृद्धावस्था में
काशीवास करोगे। पिता के लिए भी चिन्तित

प० १९ ज्येष्ठ] 1 June 1954 [शु० वैशाख व० ३०

[illegible]

होने की आवश्यकता नहीं। उनका पुण्य होगा काशी में देहत्याग होगा ही अन्यथा करोड़ों उपाय से भी संभव नहीं। तुम्हारे सन्तान क्या खाक जियेंगे।" अपना उदाहरण भी सामने रखा कि घर काशी से रहता था पिताजी के देहान्त का समय आया। ४ दिन पहले पिताजी ने कहा "चलो काशी" यहाँ आकर काशीवास हुआ।" आदि आदि।

गुरुजी लाल बिहारी जी दूधनाथजी सभी का यही आदेश था। अन्त में गुरुजी ने अवश्य यह कहा कि अपने हृदय से पूछो वह जो निर्णय दे वह ठीक है (इन्हीं सब बातों में रोहोगर्जु तामको [illegible] से पुनः पडरौना आ गया।

ज्येष्ठ शुक्ल १ बुध

यहाँ साथियों से बातें हुईं। नन्दलाल सिंहजी प्रायः के एक दम विरुद्ध हैं। धर्मराज दुबे ने कहा "चना खाकर भी काशी में रहना। यह दुःख भोगने के लिए आए हो।" आदर्श विद्यालय (मॉडल स्कूल) के प्रधानाध्यापक जी ने आज बताया (६.५.५३) को कि मैं आप से भी कहूँगा। पढ़ाते २७ वर्ष हुए। ४ वर्ष सरकारी सेवा में। कई बार प्रायश्चित्त भी किया रामबहोरी शुक्ल ने पीठ ठोका। लेकिन अन्त में उसे छोड़ना ही पड़ा। वे मुसलमान के साथ बैठकर चाय पानी करते हैं। खैंजा हुआ बाल (मुर्दा) खा लेते हैं। कहते थे कि घरवाले जानते हैं कि मैं अब

पं० २१ ज्येष्ठ] 3 June [शुक्र वै० शु० २

भी मैं खाता हूँ पर किसी को [illegible]। कानून बन चुका है। स्पृश्यास्पृश्य का विचार अपराध है। जेल नहीं जाना है अतः विचार परिवर्तन करना ही होगा। अब रिटायर होने पर प्रायश्चित्त कर लूँगा। कई स्कूल चलाए।" मैंने पूछा उन्हीं स्कूलों में क्यों नहीं रह गए? उन्होंने कहा स्वार्थता आ जाती। मैंने पूछा क्या अन्य स्कूलों में स्थान न मिलता। उनका उत्तर था सातें दस तक पैसा न मिलता। ठीक है भाई! सातें दस तक पैसा चाहते हो तो करो नौकरी सरकारी। यही तो सम्भवतः दो तीन उदाहरणों द्वारा महाराजजी (लालबिहारीजी) एवं दूधनाथजी कह रहे थे।

पं० २२ ज्येष्ठ] 4 June [शु० वै० शु० ४

किन्तु दूसरा पक्ष भी तो है। अभी कुछ दिन पूर्व काशी जाते समय मैंने एक वैद्य युवक को लकवा मारे हुए यहीं पडरौना में देखा था। सरकारी नौकरी में तो कहाँ था, किन्तु लकवा मारने पर तो सरकार खेंच ली। छोड़ना ही पड़ा उसे। तो रोता था बेचारा। था ही ले सहारा था। क्या सरकारी नौकरी उसे बचा सकी। अपने भाग्य में ही दुःख लिखा हो तो टालनेवाला कौन है। और फिर रिटायर होने पर प्रायश्चित्त कैसा? क्षण दो क्षण मास दो मास वर्ष दो वर्ष के लिए प्रायश्चित्त भी हो जीवन भर का कैसा प्रायश्चित्त भाई।


[illegible]] 6 June [[illegible]

कि आप तो प्रायश्चित्त करलेंगे पर आप
के सन्तान? उनके ऊपर तो वह प्रभाव पूरा
पड़ चुका होगा। यही बात तो पं. सुवेदी
जी भी कहते थे। पर उन्हों ने भी तो यही
सलाह दी। या तो हमारा मार्ग असत्य
या मेरा यह मार्ग असत्य। दोनों सत्य
तो हो नहीं सकते। एक दो दिन की बात
नहीं। एक दो व्यक्ति की भी बात नहीं।
यदि सन्तान हुआ तो वंश परम्परा की
बात है। क्या जाने भविष्य में संसार
मे मेरी भी बुद्धि वैसी ही हो जाय।
इतने ही संसर्ग से मैं मे काफी
परिवर्तन हो चुका है। माताजी के
यहाँ भोजन करता हूँ।

प० २४ ज्येष्ठ] 6 June [[illegible]

राघवेन्द्र जी के यहाँ भी परोंठा खा रहा
हूँ यह पतन नहीं तो क्या है? प्रायश्
चित आप कोल मान भी लिया जाय
लेकिन अनन्त काल तक तो चल
नहीं सकता। संकट की स्थिति
सदा के लिए नहीं मानी जा सकती।
यदि दुवे जी का अनुभव सत्य है तो
मैं भी वैसा ही करूँगा ही। अभी
ब्राह्मण के हाथ का खाने में हर्ज नहीं
है तब मुसलमान के हाथ का खाने
में भी हर्ज नहीं होगा। क्या यह
स्थिति मान्य है। क्या भौतिक सुख
ही


[illegible]
[illegible]] 7 June [[illegible]

ही सब कुछ है। यद्यपि [illegible] कि
न करोति पापम्" है किन्तु भगवान तो
कहते हैं मैं अनुचित कहाँ। और
नहि कल्याण कृत् कश्चिद् दुर्गतिं तात
गच्छति के अनुसार यदि मैं इस अधर्म
पथ को त्याग भी दूँ तो दुर्गति तो नहीं ही
होनी चाहिए। यदि कह जाय कि यह अधर्म
मार्ग कैसा तो सीधा सा उत्तर है जो कुछ
भी केवल पैसे के लोभ से भविष्य सुख क्या
होगा इस लोभ से ही मैं यहाँ नहीं आया हूँ
और प्रेय से क्या यह प्रेय मार्ग नहीं
है। मेरा सम्पूर्ण अध्ययन यही कहेगा
कि यह ठीक नहीं। संपूर्ण का

छोड़ देना कहाँ तक ठीक है। बुद्धि
तथा अध्ययन से तो एक को
चुनना है। हृदय तथा बुद्धि को
तौलना है। इतने में भी हृदय का पक्ष
हो सकता है पर अशक्य अथवा
दुःशक्य अवश्य है पतन की
सम्भावना अधिक है अभी से ठीक
ही है। उसमें सम्भव है पर वह
दुःख का मार्ग है। छोड़ना है पर
भ्रम रहता है दुःख उठाना है
दोनों में वास्तविक कौन है? क्या
मैं केवल भावना के वश

तो इस ओर नहीं जा रहा है।
भगवान ने जीविका दी है उसे ठुकराना
रहा है। कितने लोग इसे चाहते हैं
हजार दो हजार खर्च भी करने को
तैयार हैं पर मुझे तो विराग होता ही
। क्या मेरा जीवन इस बात का
द्योतक नहीं कि केवल हृदय ही
प्रबुद्ध नहीं। यदि मैं स्वयं ही
अपने अन्तर्मन को मान्यता
नहीं प्रदान करता तो दूसरा
उस पर कैसे विश्वास करेगा।

१० जून] सूर्योदय ५।९ सूर्यास्त ६।५१
सं० २८ ज्येष्ठ] 10 June [शु० ... शु० ६

गङ्गादशहरा

६—
भगवान मुझे मार्ग दिखाओ।
विश्वनाथ मेरी तुम्हारी कैसी
परीक्षा है। मैं इसमें उत्तीर्ण
हो नहीं सकता। तुम्हीं पार
लगाओ भगवन्।

एकादशीव्रतं सर्वेषाम्

कार्तिक ~~कृष्ण~~ शु० १ सं० २०२४ / ३/११/६७
जीवन के कोई कुछ क्षण कितने महत्व
पूर्ण होते हैं। जब भावनाएँ हृदय में
अँटती नहीं, मन में होता है कि इनको
लिपिबद्ध कर लिया जाय। वे क्षण
तब आते हैं जब या तो पूर्णतः
असम्भावित सफलता प्राप्त होती
हो, अथवा असफलता। कभी
कभी के पृष्ठों में मैंने अपनी
सफलता के उमंगों एवं उद्गीत

स्वागत प्रतिक्रिया [illegible] उल्लेख किया है।
अन्त में मैंने उस स्थान को छोड़ दिया।
यद्यपि भगवान् शंकराचार्य आदेश न ही था
जो हुआ उसके लिए कोई शोक नहीं।
जीवन है, भटक जाने की सम्भावना होती
ही है। कितनी गल्तियाँ होंगी, कोई
सीमा है। सच कहा है To err is human
"भटकना मानव स्वभाव है" भी उतने
अत्यन्त प्रामाणिक है। आज जब मैं
लिखने बैठा हूँ तो कुछ वैसी ही परि
स्थिति है। नारायण पार्क में हूँ, [illegible]
के घर में

पडरौना छोड़कर मैं पछताया था। आज भी
पछता रहा हूँ। उसके बाद आज तक तीन
वर्ष तक पत्नी भी मेरे साथ रही। इस समय
वे घर पर हैं। बड़ी ममता है उनपर। अब
तो मेरे तीन बच्चे भी हैं। उनकी
स्मृति बराबर आती रहती है, वात्सल्य
पूर्ण। पथच्युत सा हो रहा हूँ, लिखना
क्या था लिख क्या रहा हूँ। हाँ तो,
पडरौना छोड़ने के बाद मैंने नौकरी
दौड़ना प्रारम्भ किया। जो तो ही प्रशासनिक
सेवा का विज्ञापन निकला था, आवेदन
किया। भादों में पुनः गया, परीक्षा दे आया।

१६ जून] सूर्योदय ५।१-८ सूर्यास्त ७।५२
पं० १ आषाढ] 16 June [शु० बे० शु १५

अगहन में पुनः जाकर परीक्षा दिया
राजनीति में उत्तीर्ण रहा। पुनः
आवेदन पत्र भरने को पं० राधाकृष्ण
जी को लिखा, भराया। परीक्षा में
पुनः बैठा ज्येष्ठ २०२३ में। पर पुनः
उत्तीर्ण रहा। इसी मध्य लि० वि० वि०
में व्याकरण दर्शन, वेदान्त के लिए
प्राध्यापक पद में आवेदन किया।
जेठ में २०२४ में अन्तर्वार्ता हुई
पुनः असफल रहा। तब तक
पद्म कन्या कालेज में हिन्दी प्राध्या-

पक का विज्ञापन निकला।
पुनः आवेदनार्थ राधाकृष्ण जी को लिखा।
उन्होंने कार्य किया। २०२४/८/२२ में
अन्तर्वार्ता हुई। इसी बीच में गोयनका में
प्रधानाचार्य के पद पर भी अन्तर्वार्ता हुई।
दोनों में असफल रहा। आज ४/११/६७
है जब मैं पुनः लिख रहा हूँ। कल से आज
की परिस्थिति बदल सी गई है। मैं क्या हूँ, क्यों
हूँ समझ नहीं पाता। इस बार मैंने बड़ा
परिश्रम किया था। गुह्येश्वरी के मन्दिर में
नौ दिन तक चण्डी पाठ किया। प्रतिदिन
गौरी घाट पर स्नान किया। सप्तमी के दिन
दक्षिण काली का दर्शन किया। [illegible]


का भी दर्शन किया, पर फल वही रहा। क्या
देव दर्शन का कोई महत्व होता ही नहीं।
क्या पुण्यकार्य कुछ करते नहीं? क्या
कर्म निष्फल है? ऐसा तो हो सकता नहीं।
प्रतिदिन पशुपति को जल चढ़ाता रहा,
मन में था "भाविहुँ मेटि सकहिं त्रिपुरारी"
पर भावी तो होकर रही। रञ्च मात्र टली
नहीं। अब पुनः दर्शन का विज्ञापन
निकला है त्रिभुवन में। राधा कृष्णजी
के उपाधी लिए हैं आवेदन करना या
न करना। मैंने तो लिख कर छोड़ दिया
है। अच्छा है, जो होना है सो हो।
लेकिन कैसा विधि का विचित्र विधान
है। असफलता एक दो नहीं पांच पांच
असफलताऐं एक साथ? मुझे असफलता
मिली थी, २०२८ में। पर ऐसी नहीं
जैसी इसबार मिल रही है। मैं क्या कहूँ
भगवान से भी। मेरा दुष्कृत ही तो फल
पा रहा है। पर भगवन यह तो बताइये कि
मेरा दुष्कृत क्या आप से भी महान है?
क्या वह आपके गौरव को भी धूमिल
कर सकता है।

दुर्गाप्रसाद दवाडीले प्राप्त गरेका शैक्षिक प्रमापत्रहरू



Form D

No. २६३३

Government Sanskrit College Examinations, Benares

तमसो मा ज्योतिर्गमय ।

Roll No. ५३६२

१०. दुर्गाप्रसाद ब्रह्मचारि नामा, १५ षष्ठ्युत्तर १९४ विक्रमाब्द
वर्षे २ मासवयस्क, श्री सेतु उपाध्याय नाम्नः पुत्रः,
श्री भागवत चतुर्वेदि नाम्नो विद्यार्थी, नेपाल
मण्डलान्तर्गत नवकोट निवासी १९५१ वर्षे
प्रथमपरीक्षायां द्वितीय श्रेण्यामुत्तीर्ण इति प्रमाणीकरोति ।

M.A., D.PHIL. (OXON),
REGISTRAR,
Govt. Sanskrit College Examinations,
United Provinces, Benares.

OFFICE OF REGISTRAR SANSKRIT COLLEGE EXAMS. U.P. BENARES DATED BENARES:

The DEC 10 1941 194 .



Form C

OFFICE OF REGISTRAR × SANSKRIT COLLEGE EXAMINATIONS × U.P., BENARES

No. ५३१

Government Sanskrit College Examinations, Banaras

तमसो मा ज्योतिर्गमय ।

Roll No. ६००२

दुर्गाप्रसादउपाध्याय दवाडीनामा. श्री सेतूपाध्याय दवाडी
नाम्नः पुत्रः, नेपाल मण्डलान्तर्गत
कास्की(कोटमनी) निवासी १९४७ वर्षे नव्यव्याकरण
मध्यमपरीक्षायां प्रथम श्रेण्यामुत्तीर्ण इति प्रमाणीकरोति ।

M.A., D.PHIL. (OXON),
REGISTRAR,
Govt. Sanskrit College Examinations,
United Provinces, Banaras.

DATED BANARAS:

The DEC 1947 194 .

क्रम संख्या ७४० श्री विशारद संख्या १८७६५

हिन्दी साहित्य सम्मेलन, प्रयाग

विशारद का उपाधि-पत्र

हिन्दी विश्वविद्यालय की व्यवस्था में संवत २००३ विक्रमाब्द की हिन्दी मध्यमा परीक्षा में [१] हिन्दी साहित्य [२] धर्मशास्त्र [३] संस्कृत विषयों में काशी (उ० प्र०) केन्द्र से द्वितीय श्रेणी में उत्तीर्ण होने के उपलक्ष्य में श्रीयुत सेतुपाध्याय दवाड़ी के आत्मज श्रीयुत दुर्गाप्रसाद उपाध्याय दवाड़ी को हिन्दी-साहित्य-सम्मेलन सहर्ष विशारद नाम की उपाधि और उसके प्रमाण में यह उपाधि-पत्र प्रदान करता है।

विशेष योग्यता ×

ह० [illegible] सम्मेलन के सभापति

पूर्णाङ्क ८००
प्राप्ताङ्क ४१३

ह० [illegible] प्रधान मन्त्री

ह० [illegible] परीक्षा मन्त्री

मिति सौर ५ . ३ संवत २००४

क्रम संख्या ६८८ श्री रत्न संख्या ५५५५६

हिन्दी-साहित्य-सम्मेलन, प्रयाग

साहित्यरत्न का उपाधि-पत्र

हिन्दी विश्वविद्यालय की संवत् २००५ विक्रमाब्द की उत्तमा परीक्षा में

श्रीयुत सेतूपाध्याय दवाड़ी के आत्मज

श्रीयुत दुर्गा प्रसाद उपाध्याय केन्द्र काशी (ट्रे० का०) से

हिंदी साहित्य विषय में द्वितीय श्रेणी में उत्तीर्ण हुए।

अतएव हिन्दी-साहित्य-सम्मेलन सहर्ष

साहित्यरत्न

नाम की उपाधि और उसके प्रमाण में यह उपाधि-पत्र प्रदान करता है।

विशेष योग्यता ×

ह० [signature] सम्मेलन के सभापति

ह० [signature] प्रधान मन्त्री

पूर्णाङ्क ६००
प्राप्ताङ्क ४०५

ह० सन्त प्रसाद टंडन परीक्षा मन्त्री

मिति सौर ३०-५- संवत २००५

संख्या २०६

वाराणसेय संस्कृत विश्वविद्यालयः

प्रस्तोता वाराणसेय संस्कृत विश्वविद्यालय — वाराणसी —

विशिष्टपरीक्षा, १९६३

क्रमाङ्कः ८७४

दुर्गाप्रसाद उपाध्याय दवाड़ी नाम्ना, श्री सेतूपाध्याय दवाड़ी

नाम्नः पुत्रः, पश्चिम ३ नं. नेपाल मण्डलान्तर्गत कास्की कोटमनी

निवासी १९६३ वर्षेऽधोलिखितविषयेषु विशिष्ट उत्तर मध्यमा

परीक्षायामुत्तीर्ण इति प्रमाणीक्रियते।

१— अनिवार्य हिन्दी
२— नेपाली

[illegible]

एम० ए०, एल० टी०, साहित्याचार्यः,

प्रस्तोता।

वाराणसी,
दिनाङ्क : ४ जुलाई, १९६३
२२-८-१९६४ ई०।



फार्म बी (अ) सं० २२२

काशीस्थराजकीयसंस्कृतमहाविद्यालयपरीक्षाः, उत्तरप्रदेशः

शास्त्री परीक्षा, १९५५

तमसो मा ज्योतिर्गमय ।

क्रम-संख्या १७६५

दुर्गाप्रसाद उपाध्याय दवाडी नामा, श्री सेतूपाध्याय दवाडी

नाम्नः पुत्रः, पश्चिम ३ नं० नेपाल मण्डलान्तर्गत कास्की कोटमनी

निवासी राजकीय संस्कृत कालिज काशी विद्यालयच्छात्रः

१९५५ वर्षे अधोलिखितविषयेषु शास्त्रिपरीक्षायां द्वितीयश्रेण्यामुत्तीर्य शास्त्रिपदवीं लब्धवानिति प्रमाणीकरोति :--

१—संस्कृतसाहित्यम्

२—साधारणहिन्दी

३—वेदान्त

४—धर्मशास्त्र

काशी
दिनाङ्कितम् ३१ JAN. 1956

पु० ना० पु०
एम० ए०, व्याकरणाचार्य,
काशीस्थराजकीयसंस्कृतमहाविद्यालय-
परीक्षाध्यक्षः ।

सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयः

श्री दुर्गाप्रसाद उपाध्याय दवाड़ी इति नामा श्री वाराणसीस्थ नेपाली सं. महा विद्यालयस्यच्छात्रः, सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयस्य १९७७ वर्षस्य आचार्य परीक्षायां आगम विषये सर्वतोऽधिकानङ्कानवाप्य कर्ण सिंह सुवर्ण/रजतपदकं प्रापदिति प्रमाणयति।

तिथिः २३ दिसम्बर १९७८ 23/12/78

[illegible]
कुलपतिः

OFFICE OF REGISTRAR
U. P., BENARES
SANSKRIT COLLEGE EXAMINATIONS

No. 74.

Government Sanskrit College Examinations, Banaras

तमसो मा ज्योतिर्गमय

Roll No. 1758.

This is to certify that Durga Prasad Upadhyaya Dawari son of Shri Setupadhyaya Dawari, of × ×, and inhabitant of Kaski, Pokhara, Nepal, obtained the title of **Shastri** in Navya-Vyakarana at the Examination of 1950 and was placed in the Second Division.

दुर्गाप्रसाद उपाध्याय दवाड़ी नामा, श्री सेतूपाध्याय दवाड़ी नाम्नः पुत्रः, × × [illegible]

१९५० वर्षे शास्त्रिपरीक्षायां द्वितीय श्रेण्यामुत्तीर्य नव्य व्याकरण शास्त्रे शास्त्रिपदवीं लब्धवानिति प्रमाणीकरोति।

[illegible]

K. M. Shukla

M. A., Vyakaranacharya,
Registrar,
Government Sanskrit College Examinations,
Uttar Pradesh, Banaras.

Dated Banaras:

The JAN 5 - 1951 195 .

अनुक्रमाङ्क १००७६२

क्रम-संख्या ३७२६१

बोर्ड आफ हाई स्कूल एण्ड इण्टरमीडिएट एजूकेशन, उत्तर प्रदेश

बोर्ड आफ हाई स्कूल एण्ड इण्टरमीडिएट एजूकेशन

उत्तर प्रदेश

इण्टरमीडिएट परीक्षा, १९५६

प्रमाणित किया जाता है कि दुर्गा प्रसाद उपाध्याय दवाड़ी

मार्च/अप्रैल, १९५६ को इण्टरमीडिएट परीक्षा में उदय प्रताप कालेज, वाराणसी केन्द्र से द्वितीय श्रेणी में उत्तीर्ण हुए/हुई और उन्होंने संस्कृत में विशेष योग्यता प्राप्त की।

परीक्षा-विषय—

१ साहित्यिक हिन्दी

२ अंग्रेजी

३ संस्कृत

४ इतिहास (भारतीय)

५ नागरिक शास्त्र

रघुनाथ शरण गौड़

इलाहाबाद :
दिनांक १९ जून, १९५६ ई०।

एम० एस-सी०, एल० टी०,
सेक्रेटरी।
२१-१-१९५७

अनुक्रमांक 354369

9662
क्रम संख्या

बोर्ड ऑफ़ हाई स्कूल एण्ड इण्टरमीडिएट एजूकेशन, उत्तर प्रदेश

बोर्ड ऑफ हाई स्कूल एण्ड इण्टरमीडिएट एजूकेशन
उत्तर प्रदेश

हाई स्कूल परीक्षा, १९५१

प्रमाणित किया जाता है कि दुर्गा प्रसाद उपाध्याय दवाड़ी

मार्च/अप्रैल, १९५१ की हाई स्कूल परीक्षा में

उदय प्रताप इण्टरमीडियेट कालेज

बनारस केन्द्र से द्वितीय श्रेणी में उत्तीर्ण

हुए/हुई और उन्होंने संस्कृत में विशेष योग्यता प्राप्त की।

इनकी जन्म-तिथि ११ जुलाई १९३१ है।

परीक्षा विषय—

१—सामान्य ज्ञान

२—~~प्रारम्भिक हिन्दी~~/उच्च हिन्दी

३ इतिहास

४ अंग्रेज़ी

५ संस्कृत

६ नागरिक-शास्त्र

७ ×

अवनि कुमार सान्याल
(अवनि कुमार सान्याल)
एम० एस-सी०, डी० फिल०,
सेक्रेटरी।

इलाहाबाद:
दिनांक ५ जून, १९५१ ई०


सं० ४१

सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयः

सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालयः

श्रुतम् मे गोपाय

आचार्यपरीक्षा

अनुक्रमाङ्कः २६५१

दुर्गाप्रसाद उपाध्याय दवाडी नामा/नाम्नी, श्री सेतूपाध्याय दवाडी

नाम्नः पुत्रः/पुत्री, १९७७ ई० वर्षेऽस्य विश्वविद्यालयस्य आचार्यपरीक्षां प्रथम

श्रेण्यामुत्तीर्य आगम शास्त्रे आचार्यपदवीं लब्धवान्/लब्धवती

इति प्रमाणीकरोति ।

वाराणसी

कुलपतिः

दिनाङ्कः २६ फरवरी १९७८ ई०



प्रपत्रम्—घ

क्र० १५३

वाराणसेय संस्कृत विश्वविद्यालयः

वाराणसेयसंस्कृतविश्वविद्यालयः
श्रुतं मे गोपाय

आचार्यपरीक्षा

क्रमाङ्कः १३३९

दुर्गाप्रसाद उपाध्याय दवाड़ी नाम्ना, श्री सेतूपाध्याय दवाड़ी

नाम्नः पुत्रः, १९५८ वर्षेऽस्य विश्वविद्यालयस्य आचार्यपरीक्षां द्वितीय श्रेण्यामुत्तीर्य

शाङ्कर वेदान्त शास्त्रे आचार्यपदवीं लब्धवानिति प्रमाणीकरोति ।

आदित्यनाथझा

उपकुलपतिः

वाराणसी

दिनाङ्कः २ फरवरी १९५९ १९

अनुक्रमाङ्क ४४६३

आगरा विश्वविद्यालय

[आगरा यूनीवर्सिटी]

AGRA UNIVERSITY

19 27

तमसो मा ज्योतिर्गमय

बैचलर ऑफ़ आर्ट्स

प्रमाणित किया जाता है कि दुर्गाप्रसाद उपाध्याय दवाड़ी (शिक्षक)

ने इस विश्वविद्यालय से १९५६ की परीक्षा में बैचलर ऑफ़ आर्ट्स की उपाधि द्वितीय श्रेणी में प्राप्त की।

परीक्षा के विषयः साधारण अंग्रेज़ी (General English),

संस्कृत (Sanskrit), हिन्दी (Hindi)

तथा राजनीति विज्ञान (Political Science)

~~परीक्षार्थी ने अनिवार्य हिन्दी में भी सफलता प्राप्त की।~~

परीक्षार्थी को अनिवार्य हिन्दी की योग्यता प्राप्त है।

आगरा विश्वविद्यालय
२१ नवम्बर, १९५६

K. Bhatnagar
वाइस चान्सलर

फार्म बी

सं० २५

काशीस्थराजकीयसंस्कृतमहाविद्यालयपरीक्षाः, उत्तरप्रदेशः

आचार्य परीक्षा, १९५३

तमसो मा ज्योतिर्गमय ।

क्रम-संख्या ७६८

दुर्गा प्रसाद उपाध्याय दवाड़ी नामा, श्री सेतु उपाध्याय दवाड़ी

नाम्नः पुत्रः, गवर्नमेन्ट संस्कृत कालेज, बनारस विद्यालयच्छात्रः

१९५३ वर्षे आचार्यपरीक्षायां द्वितीय श्रेण्यामुत्तीर्य नव्यव्याकरण शास्त्रे

आचार्यपदवीं लब्धवानिति प्रमाणीकरोति ।

काशी

दिनांकितम् FEB 7 1954 १९५

कु० ना० शुक्ल

एम० ए०, व्याकरणाचार्यः,

काशीस्थराजकीयसंस्कृतमहाविद्यालय—

परीक्षाध्यक्षः ।

अनुक्रमाङ्क १२०२

आगरा विश्वविद्यालय

(आगरा यूनीवर्सिटी)

AGRA UNIVERSITY

19 27

तमसो मा ज्योतिर्गमय

मास्टर ऑफ़ आर्ट्स

प्रमाणित किया जाता है कि दुर्गा प्रसाद उपाध्याय दवाड़ी (शिक्षक) ने इस विश्वविद्यालय से १९६१ की परीक्षा में हिन्दी (*Hindi*) विषय लेकर **मास्टर ऑफ़ आर्ट्स** की उपाधि तृतीय श्रेणी में प्राप्त की।

आगरा विश्वविद्यालय
२ दिसम्बर, १९६१

Gupta
वाइस चान्सलर

मवर–प   सं० [illegible]

वाराणसेय संस्कृत विश्वविद्यालयः

आचार्यपरीक्षा

क्रमाङ्कः ११३६

दुर्गाप्रसाद उपाध्याय दवाड़ी नामा, श्री सेतू उपाध्याय दवाड़ी

नाम्नः पुत्रः, १६६२ वर्षेऽस्य विश्वविद्यालयस्य आचार्यपरीक्षां द्वितीय श्रेण्यामुत्तीर्य

दर्शन शास्त्रे आचार्यपदवीं लब्धवानिति प्रमाणीकरोति ।

म. ना. म. [illegible]
उपकुलपतिः

वाराणसी
दिनाङ्कः दि[illegible] १६. १९६३ ई० १९

1984/25

क्रमसंख्या ... ...
प्रवेशसंख्या ... ...

त्रिभुवन विश्वविद्यालय

विद्यावारिधि (Ph. D.)

... ... दर्शन शास्त्र ... ... विषयमा
शोधप्रबन्ध प्रस्तुत गरी *विद्यावारिधि* (पीएच. डी.) उपाधि पाउनयोग्य ठहरिएका
... ... दुर्गा प्रसाद दवाडी ... ... लाई सम्वत् २०४२ (सन् १९८५) मा
विद्यावारिधि (पीएच. ड़ी.) उपाधि प्रदान गरिएको व्यहोरा प्रमाणित गरिएको छ।

... ... दर्शन शास्त्र ... ... विषये
शोधप्रबन्धं प्रस्तूय *विद्यावारिधि* (पीएच. डो.) इत्युपाधिप्राप्तये योग्यः/योग्या
... ... दुर्गा प्रसाद दवाडी ... ... सं २०४२ (ई. १९८५) वर्षे
विद्यावारिधिः (पीएच. डो.) इत्युपाधिना समलङ्कृतः/समलङ्कृता इति प्रमाणयति।

काठमाडौं, नेपाल।
दिनाङ्क ... ... 7 MAY 1993

उपकुलपतिः

श्रीः

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

आगे श्री दुर्गाप्रसाद उपाध्याय दवाडी के यथोचित उप्रान्त वि. सं. २०४२ मा त्रिभुवन विश्वविद्यालयबाट दर्शन शास्त्रमा पिएच. डी. योग्यता प्राप्त गरे बापत तदनुसारको "महेन्द्र विद्याभूषण पदक" लगाउन योग्य ठह्याई सो प्रदान गरिबक्सेका छौं। श्रीसरस्वतीको अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो पदकको मान कायमराखी सर्वाङ्गीण उन्नति गर्न सकोस्।

श्री ५ महाराजाधिराजका हुकुमले,

सम्वाद सचिव, राजदरबार

हाकिम, सह-सचिव

राजकोष सम्पत्ति कोष विभाग, राजदरबार

मितिः- २०५०।११।१२।५

सततप्राच्यदर्शनविद्यासाधकानां सदाचारमूर्तानां भगवत्पशुपति-विश्वनाथप्रियाणां
सविद्यावारिधिकानां प्राध्यापकदुर्गाप्रसादोपाध्यायदवाडीमहाभागानां
करकमलयोर्वाल्मीकिविद्यापीठप्राध्यापकसमित्या समर्पितं

सादरसमभिनन्दनपत्रम्

कास्कीकोटविभूषकाः स्वजनुषा धन्या दवाडीकुले
सौम्याः शीलधनाः प्रफुल्लवदनाः श्रीगण्डकीभूतले ।
दुर्गानुग्रहसम्पदाऽऽप्लुतहृदः श्रीसेतुपुत्राः प्रिया
नेपाले विलसन्ति धर्महृदया दुर्गाप्रसादा वुधाः ।

नव्य-व्याकृति-दर्शनागममुखैर्विद्यामृतैरुज्ज्वलाः
स्वाचारोर्जितधर्मसंस्कृतिकलामुल्लासयन्तोऽमलाः ।
धीरा भारतभूतलाप्तयशसः काशीप्रिया निस्पृहा
विद्याभूषणस्रग्धराः सुवचना ब्रह्मर्षिकल्पा दृढाः ॥

नित्यं गाङ्गजलावगाहमुदिताः पञ्चाङ्गदेवार्चकाः
स्वाध्यायधृतिधूतलौकिकभयाः प्राध्यापका निर्भयाः ।
सत्तीर्थाटनपूतभूमिवलया आचारवन्तोऽनघा
नित्यं पाशुपतव्रताः पदचराः श्रीविश्वनाथप्रियाः ॥

विद्यावारिधिकाज्ज्वलैश्च पदकैः स्वर्णस्वरूपैः शुभै-
स्तैस्तैर्भूषितविग्रहाः समदृशो विद्यानुकूलाग्रहाः
नित्यं वाङ्मयसाधकाः शमधनाः सत्वप्रियाः सुस्थिरा
नेपालेऽत्र जयन्ति ते वुधवरा दुर्गाप्रसादाभिधाः ॥

प्राध्यापकसमूहोऽयं भवदायुष्यवाञ्छकः ।
शब्दपुष्पैःकरोत्यर्चां भवतां करुणाश्रयः

आशंसकाः
वाल्मीकिविद्यापीठप्राध्यापकसमितिस्थाः
वाल्मीकिविद्यापीठभवनम्

दिनाङ्कः : २०५९।४।८
गुरुपूर्णिमा

सचिवः प्रमुखातिथिः अध्यक्षः

सम्मान पत्र

नव्य व्याकरण, दर्शन र आगम शास्त्रमा आचार्य गर्नुभई सर्व दर्शनमा विद्यावारिधि प्राप्त गर्नु भएका दार्शनिक, पौराणिक, सांस्कृतिक आध्यात्मिक क्षेत्रमा विशेष कृतिहरू प्रकाश गर्नु भएका तथा नेपाल र भारतका विभिन्न मठ मन्दिर तीर्थस्थल र मान सरोवर जस्ता पवित्र स्थलको तीर्थ गरी धर्म संस्कृतिमा निष्ठावान् भई सदाचार पालना गर्दै यस आर्यभूमिको उल्लेखनीय सेवा गर्नु भएकोमा मनीषी दुर्गाप्रसाद दवाडीज्यूलाई रू. १०००१।- सहित रुद्रराज पुरस्कार प्रदान गरी सगौरव सम्मान गर्दछौं।

रुद्र एकेडेमी, कालीमाटी
९५ औं जयन्ती
२०५१।११।२६।६

नित्यराज पाण्डे
सचिव

य. दवप्रसाद पन्त
अध्यक्ष

प्रमाणपत्र

त्रिभुवन विश्वविद्यालय संस्कृत अध्ययन संस्थानको आयोजनामा वि. सं. २०४२ आषाढ १६ गते देखि ऐ. २१ गतेसम्म भएको संस्कृतसम्मेलन एवं कार्यशाला गोष्ठीमा सक्रिय रूपले भाग लिई संस्कृतको संरक्षण तथा संवर्धनमा प्रशंसनीय योगदान गर्नुहुने सह- प्राध्यापक श्री दुर्गाप्रसाद दवाडी लाई यो प्रमाणपत्र प्रदान गरिएको छ।

मिति - २०४२ आषाढ २१ गते शुक्रवार

डा० चन्द्रप्रसाद गोर्खाली
प्रमुख अतिथि
शिक्षाध्यक्ष, त्रिभुवन विश्वविद्यालय

तोयनाथ पाण्डेय
डीन
संस्कृत अध्ययन संस्थान

ॐ

"ऐश्वर्यं यत् प्रसादेन सौभाग्यारोग्य संपदः।
शत्रुहानिः परोमोक्षः स्तूयते सा न किं जनैः॥" कीलकस्तोत्रम्।

श्रीमद् देवी भागवत नवाह शाक्तमहायज्ञ साङ्गता समारोहको सुखद उपलक्ष्यमा समर्पण गरिएको :-

अभिनन्दन-पत्र

हिन्दू सनातन धर्मका आधारस्तम्भ स्वरूप धर्मनिष्ठ पूज्यगुरुवर प्रा०डा० श्री दुर्गाप्रसाद दवाडीज्यू! कीर्तिपुर काठमाडौं (नेपाल)।

वि०सं० १९९८ मा नेपाल अधिराज्य अन्तर्गत क्याकीकोट ग्राम निवासी पुण्यकीर्ति श्री सेतुपाध्याय (दवाडी) ज्यू एवं सद्भक्तिमती श्री मधुदेवी दवाडीज्यूबाट जन्म लिनुभै श्री विश्वनाथपुरी काशीमै बस्नुभै आफ्नो सारस्वत सेवामा संलग्न रही तपोमय साधनाबाट दर्शनाचार्य, व्याकरणाचार्य, वेदान्ताचार्य, आगमाचार्य, एम्.ए. हिन्दी साहित्य, एम्.ए. संस्कृत साहित्य, सहित भारतीय दर्शन शास्त्रमा विद्यावारिधि (पी०एच्०डी०) समेतको उपाधि प्राप्त गर्नु हुने विद्वद्वरेण्य महेन्द्र-संस्कृत-विश्वविद्यालयका पूर्व प्राध्यापक प्रा०डा० श्री दुर्गाप्रसाद दवाडीज्यूमा यो अभिनन्दन पत्र समर्पण गर्ने पाएकोमा हामी ललितपुर वागडोल निवासी धर्म प्राण नेपाली जनताहरू सौभाग्यको अनुभव गर्दछौं।

धर्म संस्कृति संरक्षण तथा वातावरण सुधार परिषद्को आह्वानमा वि०सं० २०५६ मार्ग २३ गते शुक्रवारदेखि प्रारंभ भई २०५६ पौष ३ गते सम्म श्री वैष्णवी शक्ति पीठ (श्री विष्णुदेवी मन्दिर) मा सुसम्पन्न भएको "श्रीमद् देवी भागवत नवाह शाक्तमहायज्ञ एवं गायत्री जपानुष्ठान समारोहको" पूर्णाहुति (साङ्गता) का दिन सदावन्दनीय धर्म एवं सरलताका प्रतिमूर्ति, आचारनिष्ठ, समादरणीय, विद्यावारिधि गुरुवर श्री दुर्गाप्रसाद दवाडीज्यूमा उत्तरीय वस्त्र (दोसल्ला) सहित सभक्ति यो अभिनन्दनपत्र समर्पण गर्दछौं।

प्रा० मधुसूदन रिसाल "प्रदीप"
सभापति :- साङ्गतासमारोह :-
नवाह शाक्त महायज्ञ एवं गायत्री जपानुष्ठानकार्यक्रम
वि०सं० २०५६
श्री विष्णुदेवी मन्दिर ल०पु० वागडोल (नरल्ल)।

कृष्णप्रसाद रतनात
अध्यक्ष :-
धर्मसंस्कृतिसंरक्षण
तथा
वातावरण सुधार परिषद्
ललितपुर।

असतोमा सद्गमय तमसोमा ज्योतिर्गमय मृत्योंमा अमृतंगमय

ॐ शान्तिः ॐ शान्तिः ॐ शान्तिः ।।।

दर्ता नं. : १५५/०६५/६६ दर्ता नं. : १५६/०६५/६६

डिल्लि प्रविधि विकाश प्रतिष्ठान/वसुन्धरा सेवा आश्रम

देवघाट-४, कालीमाटी तनहुँ

कदर-पत्र

श्री ......प्रा.डा. दुर्गा प्रसाद दवाडी...... ज्यूले जीवनको अत्यन्त मूल्यवान समय ......शिक्षा क्षेत्र र धर्म शिक्षा...... जस्तो पवित्र सामाजिक उत्थानको कार्यमा समर्पित हुनु भई समाजलाई पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै यो पावन अवसरमा महान व्यक्तित्वलाई सम्मान गर्ने निर्णय गरी यो कदर-पत्र प्रदान गरिएको छ । आउँदा दिनहरूमा पनि समाज राष्ट्रको हित हुने कार्यहरूमा तपाईको योगदान रहनेछ । राष्ट्रले तपाईबाट ठूलो सेवा पाउने आशाका साथ भावी जीवन सामाजिक सेवामा क्रियाशिल बनोस् भन्ने शुभकामना दिन चाहन्छौं । धन्यवाद !

मिति : २०६८/११/१८ गते ।

नरबहादुर खड्का	गोपाल पाठे	डा.प्रेमराज न्यौपाने	
संयोजक	सचिव	अध्यक्ष	प्रमुख अतिथि

श्रीमदभागवत ज्ञानमहायज्ञ समिति

कुलचन्द्र गौतम स्मृति संस्था

स्थापना : २०६४
गैह्रीधारा, काठमाडौं

सम्मान-पत्र

११ जुलाई सन् १९३१ मा पिता श्री पं. श्री सेतूपाध्याय दवाडी र माता मधुमती देवी उपाध्याय दवाडीका पुत्रका रूपमा जन्मनु भएका विद्वान् प्राध्यापक डा. दुर्गाप्रसाद उपाध्याय दवाडी नव्य व्याकरणाचार्य, शाङ्कर वेदान्ताचार्य, दर्शनाचार्य, आगमाचार्य एवं एम्.ए.संस्कृत आदि विषयका लब्ध प्रतिष्ठित विद्वान् हुनुहुन्छ। अनेक भाषाका ज्ञाता, लामो समयसम्म तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयमा सेवा गरी दीर्घसेवा पदकबाट सम्मानित, त्रिभुवन विश्वविद्यालयको संस्कृत केन्द्रीय विभागमा समेत सेवा गर्नुभएका विद्वान् प्रा. डा. दुर्गाप्रसाद दवाडीज्यूलाई कुलचन्द्र गौतम स्मृति संस्थाले सम्मान गर्न पाउँदा आफूलाई गौरवान्वित ठान्दछ। उहाँको सुस्वास्थ्यको कामना गर्दै प्रतिष्ठानद्वारा यो सम्मान-पत्र प्रदान गरिएको छ।

प्रमुख अतिथि	महासचिव	अध्यक्ष
वैरागी काइला	डा. मणीन्द्ररञ्जन वराल	डा.प्रसन्न चन्द्र गौतम
कुलपति, नेपाल प्रज्ञा प्रतिष्ठान		गैह्रीधारा, काठमाडौं

दिनाङ्क : २०६८/८/१७ गते

श्रीदधिराम मरासिनी स्मृति प्रतिष्ठान

रातोपुल, काठमाण्डौं

प्रतिभासम्मान- प्रमाणपत्र

नेपाली र संस्कृत साहित्यका उच्चस्रष्टा, पौरस्त्य विधाका मर्मज्ञ विद्वान् एवं अध्यात्मचिन्तक महापण्डित **श्रीदधिराम मरासिनीको १२४ औं** जन्मजयन्ती समारोहको शुभ-अवसरमा संस्कृतवाङ्मयका विशिष्टविद्वान्, व्याकरण, सर्वदर्शन, वेदान्त, आगमशास्त्र र धर्मसंस्कृतिका विशेषज्ञ, वैदिक सनातन धर्मप्रति निष्ठावान् संस्कृत, नेपाली र हिन्दीका अन्वेषक, दर्शन एवं मीमांसा विभागका पूर्व विभागाध्यक्ष तथा कर्णसिंह स्वर्णपदक, महेन्द्र विद्याभूषण क र ख बाट विभूषित गण्डकी अञ्चल कास्कीकोट गा.वि.स., वडा नं.५, कास्की निवासी **प्राध्यापक डा. श्रीदुर्गाप्रसाद दवाडी**ज्यूलाई उहाँले प्राच्यदर्शन र साहित्यका क्षेत्रमा गर्नुभएको साधना र सेवालाई कदर गर्दै यो **प्रतिभा सम्मान** प्रदान गरिन्छ ।

प्रा. माधवराज गौतम
संयोजक
[illegible]

[illegible]

[illegible]

[illegible]

ॐ

वेदोऽखिलो धर्ममूलम्

धैर्येण सम्मानपरेण सृष्टां द्वयोर्मनोयोगकलाभिरामाम्

गुरुप्रयुक्तामुपयुक्तविद्यां कुर्वन्तु शिष्या विततप्रकाशाम् ॥

कास्कीमण्डलान्तर्गतकास्कीकोट्टाभिजनानां संस्कृताङ्गलप्रमुखविविधभाषारसिकानां
प्राच्यधर्मदर्शनपरायणानां सदाचारमूर्तीनां शिक्षाव्रतिनां मधुमतीसेतूपाध्यायतनुजानां
सविद्यावारिधिकानां प्राध्यापकानामत्रभवतां श्रीमतां श्रीदुर्गाप्रसादोपाध्यायदवाडिमहाभागानां
करकमलयोर्देवपत्तनस्थित-नेपालवेदविद्याश्रमसंस्कृत-माध्यमिक-विद्यालयेन सादरं समर्पितं

सम्मभिनन्दनपत्रम्

शुक्लातीरभवे सदैव सुखदे श्रीकश्यपाधिष्ठिते
कास्कीकोट्ट इति प्रमोदभरिते ग्रामे बुधाऽलङ्कृते ।
पुण्यैः पूर्वतरैर्निजैर्मधुमतीसेतुद्वयादुद्गता
नेपालाख्यभुवीह भान्ति विबुधा दुर्गाप्रसादाभिधाः ॥

दवाडीत्युपाख्याश्च ते सत्क्रियाभिर्जयन्तीह विद्यातपोयोगभाजः ।
अजस्रैश्च येषां शुभैः पादचारैर्धरायां सदा संस्कृतोऽयं समाजः ॥

प्रज्ञानवद्भिर्निगमागमानां पारङ्गतैर्व्याकृतिदर्शनानाम् ।
प्रसूय शिष्यान् वयसोऽर्द्धमेतैः प्रसादिता भूः खलु कोविदैस्तैः ॥

यदीयाश्च शिष्याः प्रशिष्या अनेके शुभैर्दर्शनैर्भान्ति देशे विदेशे ।
तया योगशक्त्याऽऽत्मशक्त्या रमन्तः सदा सन्ति मुक्ता दवाडीति सन्तः ॥

तदाचम्य शुद्धं जलं ये रमन्ते सदा वाग्वतीदेवगङ्गाप्रियास्ते ।
शुभे तीर्थयात्राभियाने प्रसन्नाः सदा शास्त्रलीना दवाडीति धन्याः ॥

अधिष्ठिता ये शरदां त्र्यशीतिं दुर्गाप्रसादा वयसा त्विदानीम् ।
तथाऽपि सन्ध्याव्रतनित्यपाठपूजासुलग्ना इह राजधान्याम् ॥

प्रतिदिनमिह ते लसन्तु नित्यं विमलतरैरधुना सुकीर्तिपूरैः ।
युगयुगजयिनो भवन्तु धीरा विमलतरैश्च कचैः सुधांशुरम्यैः ॥

सुशीलनाहटा	गोपालकिरांती	केशवप्रसादोऽधिकारी
सदस्यसचिवः, पशुपतिक्षेत्रविकासकोषः सभापतिः	माननीयः संस्कृतिमन्त्री प्रमुखातिथिः	प्रधानाध्यापकः

दिनाङ्कः २०६८/०७/२० हरिबोधिनी एकादशी

सर्वेभ्यः कामेभ्यो ज्योतिष्टोमः

नेपाल राष्ट्रिय संस्कृति प्रवर्धन केन्द्र

२०५३ काठमाडौं

प्रशंसापत्रम्

विश्वस्यैकस्मिन् हिन्दुराष्ट्रे नेपालाधिराज्ये परमपावने पाशुपतक्षेत्रे पुण्यनद्याः वाग्वत्याः सन्निधौ श्रीपशुपतिनाथचरणे वेदविद्याश्रमप्राङ्गणे राज्ञो राष्ट्रस्य विश्वस्य च कल्याणकामनया नेपालराष्ट्रियसंस्कृतिप्रवर्धनकेन्द्रस्या ऽयोजनायां २०५६ वैक्रमाब्दस्य वैशाखमासस्य शुक्लाष्टमीमारभ्य त्रयोदशीपर्यन्तं (२०५६ वैशाख १०-१५ दिवसैः) आहिताग्नेः चातुर्मास्ययाजिनस्य सपत्नीकस्य तीर्थराज आचार्यस्य यजमानत्वे वाराणसीस्थस्य साङ्गवेदमहाविद्यालयस्य प्राध्यापकानां घनपाठिनां श्रीमतां लक्ष्मीकान्तदीक्षितमहाभागानामाचार्यत्वे वाराणसेयानां नासिकस्थानां च श्रौतयागविशेषज्ञानां वैदिकप्रवराणां विदुषामृत्विक्त्वे तथा नैपालकानां वैदिकानां विदुषां सदस्यत्वे चमसाध्वर्युत्वे च कात्यायनश्रौतसूत्रानुसारेण विधिवदग्निष्टोममहाक्रतुः सोममहायागः सुसम्पन्नः ।

अस्मिन् यज्ञे सदस्यत्वेन योगदानं कुर्वद्भ्यः श्रीमद्भ्यः डा.दुर्गाप्रसादढवाडीमहाभागेभ्यः ससम्मानमिदं प्रशंसापत्रं समर्पयतः।

श्री१००८स्वामी डा.रामानन्द गिरी
प्रमुखा अतिथयः

दिनाङ्कः २०६५/२/१८

रामचन्द्रशर्मा पौडेलः
अध्यक्षः
नेपालराष्ट्रियसंस्कृतिप्रवर्धनकेन्द्रस्य

ॐ

हर हर महादेव

श्रीगणेशाय नमः धर्मोविश्वस्य जगतः प्रतिष्ठा ॐ नमः शिवाय

श्री महारुद्रयाग महायज्ञ

आचार्य : पण्डित प्रा. डा. दुर्गाप्रसाद दवाडी

- व्यास प्रा. डा. विष्णुप्रसाद झवालीद्वारा दैनिक शिवपुराण पारायण कथा प्रवचन
- दैनिक होम तथा विभिन्न स्तोत्र पाठ

र

अन्य कार्यक्रम

(२०५१ मार्ग २३ गतेदेखि पौष ४ गतेसम्म)

स्थान : काष्ठमण्डप प्राङ्गण

छायाचित्रहरू

गुरु मुरलीधर पाण्डेय



दुर्गाप्रसाद दवाडी



सेतु पाध्याका साथ दुर्गा दम्पत्ति





दुर्गाप्रसाद दवाडी





गुरु दुर्गाप्रसाद दवाडीका पुत्रहरू



गुरु दुर्गाप्रसाद दवाडी

दुर्गाप्रसाद दम्पती

संस्कृत शिक्षाका लागि राजा वीरेन्द्रसँग विन्ति गर्दै



दुर्गाप्रसाद गुरुका चार सन्तान

कृष्णजन्माष्टमी



दीक्षान्तमा गुरु दुर्गाप्रसाद दवाडी



दाजु मुक्तिनाथ दवाडीका साथमा दुर्गाप्रसाद दवाडी



श्रीमतीका साथमा दुर्गाप्रसाद दवाडी



पुत्रवधुका साथ दुर्गाप्रसाद दम्पती

गुरु दुर्गाप्रसाद दवाडी



वेद पाठ गर्दै दुर्गाप्रसाद दवाडी

गुरुपूर्णिमाका दिन गुरु पूजन गर्दै

तीर्थयात्राकाका क्रममा दामोदरकुण्डमा





दामोदरकुण्ड

तीर्थयात्राका क्रममा यारा गाउँमा

मानसरोवर यात्राका क्रममा



मानसरोवरमा पूजन गर्दै



मानसरोवरमा पूजन गर्दै

जेठो नाति कमलेशको अन्नप्राशन

जेठो नाति कमलेशको अन्नप्राशन

चितवन गंगानगरमा सप्ताह

चितवन गंगानगरमा सप्ताह

कास्कीकोटको घर र धान्यपर्व गरेको चौका





चौरासी पूजामा तुलादान

चौरासी पूजा गरेपछि



मानसरोवर तीर्थयात्राका क्रममा



गुरु दुर्गाप्रसाद दवाडी

जेठो नाति कमलेशको व्रतबन्ध

दशैमा टीका ग्रहण गर्दै

दशैंमा टीका ग्रहण गर्दै

२०६७ सालको दशैंमा टीकाग्रहण गरेपछि

२०६७ सालका दशैंमा टीकाग्रहण गरेपछि

यसै पुस्तकबाट..

...उहाँले आफूले जानेको विद्या अरूलाई सिकाउँदा र कतिपय नयाँ कुरा यसै माध्यमबाट आफूले जानिन्छ, सिकिन्छ भन्ने विचार राख्नुहुन्थ्यो । गरेको कार्यमा उत्कृष्टता दिनुपर्छ यसले पछि अरु यसै विषयमा जान खोज्ने जिज्ञासुको जिज्ञासा समाधान हुन्छ । मेरो नाम नभए पनि जसले यो पढ्छ उसले त्यस सम्बन्धमा नयाँ कुरा सिक्न पाउँछ । यसमा मेरो स्वार्थ पनि छ माथि ईश्वरले यो कुरा देखिराखेका छन् । यसको प्रतिफल अन्य कुनै माध्यमबाट पाइन्छ । जसको उपकार गर्‍यो त्यसैबाट आफ्नो पनि उपकारको कल्पना गर्नुहुँदैन । यसको लेखाजोखा राख्ने अर्कै छ । यसमा तिमीहरूको पनि कल्याण लुकेको छ भन्नु हुन्थ्यो । शायद यसरी अरुको कल्याण गर्दा आफ्नो झन् धेरै कल्याण हुन्छ भन्ने मान्यता राख्ने व्यक्ति आजको संसारमा साह्रै दुर्लभ छन् । यसको प्रभाव दुर्गाप्रसादका सन्ततिहरूमा गहिरो रूपमा परेको छ । यस्ता कल्याणकारी व्यक्तित्व विश्वमा थोरै छन् ।

...प्राध्यापक दुर्गाप्रसाद गुरु पूर्वीयदर्शनका मर्मज्ञ मात्र नभएर सैद्धान्तिक ज्ञानलाई सदाचरणमा सहज रूपान्तराण गर्न र गराउनसक्ने पवित्र ज्ञान-गङ्गाका दोभान पनि हुनुहुन्थ्यो । त्यसकारण वहाँ एक पवित्रज्ञान-तीर्थ मात्र नभई सशक्त कर्मयोगी पनि हुनुहुन्थ्यो । "योगः कर्मसु कौशलम्" (गीता) का अनुशीलनकर्ता गुरुको सान्निध्य पाउँनु सबैका लागि विशिष्ट भाग्यको फल हो ।

....नेपालमा संस्कृत शिक्षा अनिवार्य होस् । माथि स्नातकसम्म सबैले संस्कृत पढून् भन्ने सद्अभिप्रायले उहाँ बोल्ने लेख्ने गर्नुहुन्थ्यो । त्यसैले संस्कृत भाषाका पक्षपातीहरू संस्कृतका पक्षमा आफ्ना विचार व्यक्त गराउँदा उहाँलाई नै अघि सार्दथे । उहाँका गोष्ठी कार्यपत्रहरू लेखहरू शास्त्रीय चिन्तनहरू पनि अनेकौं छन् । जो आज पनि सम्बद्ध क्षेत्रमा प्रेरणादायक अभिव्यक्ति बनिरहेका छन् ।

...एकजना मानिसले आफ्नो युवावयमा नै यतिका विधि शिक्षा आर्जन गर्न सक्छ र उपाधि लिन सक्छ भनेर कमसेकम हामी जस्तो सामान्य मानिसका लागि अकल्पनीय हो । त्यसमा पनि संस्कृत साहित्य, दर्शन र धर्मका विषयमा उपाधि लिन खोज्नु त असम्भव कल्पना जस्तै हो । तर कास्कीको कास्कीकोटको एक सामान्य ब्राह्मण परिवारमा जन्मेर, हुर्केर, घरमा नै शिक्षा दीक्षा प्राप्त गरी एक चरण पार गरेपछि त्यति धेरै उपाधि लिनसक्नु आश्चर्यको विषय हो । तर दवाडी गुरुमा त यो सम्भव भयो ।

मुद्रण
सनातन प्रेस
बानेश्वर, काठमाडौ
pressanatan@gmail.com

मूल्य : सश्रद्धा स्मरण